
# सैनामैना दर्पण



प्रकाशक

सैनामैना नगरपालिका

बुद्धनगर, रूपन्देही

# सैनामैना दर्पण

## इतिहास, दर्शन, धर्म, संस्कृति र पर्यटन

### अनुसन्धान तथा लेखन समिति


| | | |
|---|---|---|
| संयोजक | : | झपेन्द्र जी.सी. |
| सदस्य | : | डा. गितु गिरी |
| सदस्य | : | रामप्रसाद भट्टराई |
| सदस्य | : | बमवहादुर थारु |
| सदस्य सचिव | : | केशवराज अर्याल |
| सहयोगीहरू | : | विस्नुप्रसाद अर्याल |
| | : | उत्तम पौडेल |
| | : | राजु प्रसाद चौधरी |
| | : | जोखराज घिमिरे |



प्रकाशक

**सैनामैना नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रूपन्देही

५ नं. प्रदेश, नेपाल

फोन नं.: ०७१-४४०५५३

ई-मेल : sainamainamunicipality@gmail.com

वेबसाईट : www.sainamainamun.gov.np

**प्रमुख संरक्षक** : चित्रबहादुर कार्की
**संरक्षक** : बिना राना मगर

## सम्पादन समिति

संयोजक : झपेन्द्र जी.सी.
सदस्य : कृष्णप्रसाद भण्डारी
सदस्य : डा. गितु गिरी
सदस्य : रामप्रसाद भट्टराई
सदस्य : बमबहादुर थारू
सदस्य : केशवराज अर्याल

# सैनामैना दर्पण

इतिहास, धर्म, दर्शन, संस्कृति र पर्यटन

प्रकाशक : सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रूपन्देही

सम्पर्क नं. : ०७१-४४०५५३

संस्करण : प्रथम, २०७६ आषाढ

सर्वाधिकार : सैनामैना नगरपालिका, रूपन्देही

मुद्रण : ५०० प्रति

कम्प्युटर सज्जा : पारस वर्मा/९८४७२६६७६८

अपेक्षित सहयोग : संस्थागत रू.१,५००।- (एक हजार पाँच सय मात्र)
व्यक्तिगत रू.१,०००।- (एक हजार मात्र)

मुद्रक : आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस
बुटवल-६, पुरानो बसपार्क, फोनः ०७१-५५०२९३
इ-मेल : ideapressbtl@gmail.com

ISBN No. : 978-9937-0-5963-3

**प्रधानमन्त्री**

**काठमाडौं, नेपाल**



# शुभकामना

रूपन्देही जिल्लाको सैनामैना नगरपालिकाले प्राचीन बुद्धकालीन कलाकृति संस्कृतिले सम्पन्न पुरावशेषहरूको खोज अनुसन्धान गरी **सैनामैना दर्पण** प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ । यस सिर्जनशील कार्यमा लाग्न प्रेरित गर्ने सैनामैना नगरपालिका र यस कार्यमा संलग्न हुने विद्वान्हरूलाई म हार्दिक शुभकामना भन्न चाहन्छु ।

नेपाल एउटा साँस्कृतिक, पर्यकटीय र ज्ञान भूमिको रूपमा परिचित महत्त्ववूर्ण प्राचीन देश हो । यस भूमिमा हाम्रा पुर्खाहरूले आफ्नो सीप, प्रबिधि र पसिनालाई भरपूर प्रयोग गरेर आफ्ना सन्ततिको लागि महत्त्वपूर्ण सम्पदा छोडेर गएका छन् । ती सबै सम्पदाको संरक्षण गर्नु र तिनीहरूलाई समृद्धिको रेखा कोर्ने माध्यमका रूपमा प्रयोग गर्नु हामी सबैको दायित्व हो । सैनामैना क्षेत्र बुद्धकालीन दरवार-महल, सयौं देवदेवीहरूको प्रस्तरमूर्ति, प्रस्तरइनार, इँटाका इनार, कलात्मक प्रस्तरसँघारपाटी, प्रस्तर कलाकृतिहरू र बुद्धका स्तूपहरू लगायत पुरावशेषको अनुपम सङ्ग्रहालय नै हो भन्ने मलाई लागेको छ । हामीले यस प्रकारका पौराणिक एवं ऐतिहासिक सम्पदाहरूको संरक्षण गरी तिनीहरू मार्फत आन्तरिक र वाह्य पर्यटक आगमन वृद्धि गर्नका लागि विशेष पहल गर्नु पर्दछ । सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउने तयारी गरेको छ । यस अभियानमा कम्तीमा २० लाख विदेशी पर्यटक नेपाल भित्र्याउने सरकारको लक्ष्य छ । यसका लागि बुद्ध जन्मस्थल लुम्बिनी प्रमुख गन्तव्य स्थल हो । बुद्ध जन्मस्थल आसपास र बुद्धसँग सम्बन्धित क्षेत्र पनि पर्यटकको रोजाइमा पर्दछन् । त्यसकारण यस्ता स्थलहरूको पहिचान र चिनारीका लागि पनि यो ग्रन्थ सान्दर्भिक हुनेछ भन्ने मेरो विश्वास छ ।

**१८ असार, २०७६**

**केपी शर्मा ओली**

# प्रदेश सरकार
## प्रदेश नं. ५
## बुटवल, नेपाल

**मुख्यमन्त्री**

मितिः २०७६/०२/१४



## मन्तव्य

मानव सभ्यता र संस्कृतिको केन्द्र प्राचीन कपिलवस्तु एवं बुद्ध जन्मस्थल लुम्बिनीले नेपाल र नेपालीको अन्तर्राष्ट्रियस्तरमै पहिचान र परिचय दिन सफल छन् । लुम्बिनी क्षेत्रले प्राचीनकालदेखि अहिलेसम्म विशिष्ट महत्त्व राख्दै आएको छ । शुद्धोदनको दरबार तिलौराकोट, बुद्ध जन्मस्थल लुम्बिनी, बुद्धको मावली देवदह र अस्तुधातु रहेको रामग्राम समेतकै समकालीन **अभिन्न अंग सैनामैना** क्षेत्र हो भन्ने कुरा रानीकुवा, ठूलोकुवा, मूर्धनी, बौराहाखोला, पर्रोहापरमेश्वरधाम, राजपुर (बुटवल) लगायत क्षेत्रमा प्राप्त प्रस्तर मूर्ति, प्रस्तर इनार र ईंटाबाट निर्माण भएका भव्य दरवार महल लगायतले प्रष्ट पारिरहेका छन् ।

प्रकृति र पुरूषको समागम र सहकार्यबाट सृष्टि सिर्जना हुन्छ भन्ने साङ्ख्यदर्शनका प्रणेता महर्षि कपिलमुनिको आश्रम कपिलवस्तु, शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी, कनकमुनि बुद्धको जन्मस्थल निग्लिहवा, ऋकुच्छन्द बुद्धको जन्मस्थल गोटीहवा, सारनाथ (ऋषिपत्तन) मा बुद्धद्वारा दीक्षित पञ्च शिष्यहरू कौडिन्य, बप्प, मद्दीप, महानाम र अश्वजित जस्ता बौद्ध भिक्षुहरूको जन्मस्थल कपिलवस्तु नै हुनु, काठमाडौँ उपत्याकामा धर्माकर क्षत्रीलाई राजा बनाई काठमाडौंको प्राचीन किराँत सभ्यताको जगमा नयाँ सभ्यताको शिलान्यास गर्ने काम यतै कपिलवस्तुतिरबाट काठमाण्डौ प्रवेश गरेका मञ्जुश्री बोधिसत्वले गर्नु, सैनामैनामा आश्रम भएका तथा चौथो बद्ध र बोधिसत्वका रूपमा कहलिएका हठयोग साधक पदमपाणिलाई हिन्दूहरूद्वारा नारायण, विष्णु र मत्स्येन्द्रनाथको रूपमा र बौद्धमार्गीहरूद्वारा बोधिसत्वका रूपमा संपूजित हुनुले यो प्रदेशलाई गौरवान्वित गराएको छ। ज्ञानी,ध्यानी, चिन्तक, साधक र दार्शनिकहरूको चिन्तन र साधनाभूमि सैनामैनासमेत हो भन्ने कुरा प्राचीन बुद्धकालीन सभ्यताका पुरावशेषहरू खुल्ला सङ्ग्रहालयका रूपमा ठिङ्ग उभिएर प्राक्इतिहासदेखि वर्तमानसम्मको आफ्नो कायाकैरन प्रस्तुत गरिरहेको प्रत्यक्ष देख्न सकिन्छ । कलाकृति र संस्कृतिले सम्पन्न सैनामैनाको पुरावशेषहरूको मैले अवलोकन गरिसकेको छु । राज्य-राज्य बीचमा हुने अन्तरद्वन्द्व एवं महाभूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक प्रकोप र प्रलयको भुमरीमा परेर कपिलवस्तु, रूपन्देही र उत्कर्षमा पुगेको सैनामैनाको मानव सभ्यता र संस्कृति धराशयी भए पनि प्राप्त पुरावशेषले इतिहासको गाथा गाइरहेका छन् ।

पुर्खाको पौरख नै इतिहास हो, त्यसमा हाम्रो गौरव लुकेको छ। ऐतिहासिक तथा पुरातात्त्विक कला संस्कृतिको अध्ययन अनुसन्धान गर्नु तथा तिनीहरूको संरक्षण र संवर्द्धन गर्नु वर्तमानको दायित्व हो । यति महत्त्वपूर्ण युगीन दायित्वबाट सम्बोधित हुँदै सैनामैना नगरपालिकाले विद्वान् लेखक तथा अनुसन्धाता झपेन्द्र जी.सी, डा. गितु गिरी, रामप्रसाद भट्टराई, बमबहादुर थारू र केशवराज अर्याल समेतबाट गहन अध्ययन, अनुसन्धान र लेखन सम्पन्न गरी **सैनामैना दर्पण** प्रकाशन गर्न थालेकोमा अत्यन्त खुसी लागेको छ।

ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व बोकेको यो ग्रन्थ प्रकाशनले सैनामैनाको साथै नेपालको प्राचीन मानव सभ्यताको जानकारी लिन चाहनेहरूका लागि महत्त्वपूर्ण पठनीय र सङ्ग्रहणीय ग्रन्थ हुने ठानेको छु । लुम्बिनी सङ्ग्रहालय समेतलाई पुरातात्त्विक सामग्रीहरू सापटी दिएर समृद्ध बनाउन सफल सैनामैना नगरपालिका स्वदेशी र विदेशी पर्यटकहरूका लागि र प्राचीन सभ्यताका अध्येताहरूका लागि महत्त्वपूर्ण गन्तव्य स्थल बन्नसक्नेछ भन्ने विश्वास लिएको छु । सैनामैना नगरपालिका र अध्ययन अनुसन्धानमा संलग्न विद्वान् लेखक अनुसन्धाताहरूलाई यो महत्त्वपूर्ण कार्यका लागि बधाइ एवं धन्यवाद व्यक्त गर्दछु।

**शंकर पोखरेल**
**मुख्यमन्त्री**

विष्णुप्रसाद पौडेल
प्रतिनिधिसभा सदस्य
रुपन्देही क्षेत्र नं.-२

Bishnu Prasad Paudel
Member, House of Representatives
Rupandehi - 2



# शुभकामना

सैनामैना नगरपालिका रूपन्देहीले इतिहास, दर्शन, धर्म, संस्कृति र पर्यटन समेटिएको **सैनामैना दर्पण** प्रकाशन गर्न लागेको खबरले मलाई खुशी लागेको छ। मेरो लागि सैनामैना नगरपालिका आफ्नै आँगन र आफ्नै मजेरी हो। आँगन, मजेरी र परिवारको सम्बन्ध कत्तिको घनिष्ट हुन्छ भनेर लामो व्याख्या गर्नुको जरूरत पर्दैन। तर पनि झन्डै २६ सय वर्ष पुरानो बुद्धकालीन इतिहास, प्रस्तरमूर्ति, प्रतिमा, औजार, वास्तुकला आदि यत्रतत्र छरिएर रहेका छन्, ओझेलमा परेका छन् र वेवारिसे अवस्थामा रहिरहेका छन् भन्नुपर्दा आफूलाई कस्तो-कस्तो अनुभूति भइरहेको छ। मानव सभ्यता र संस्कृतिको यति पुरानो र यति महत्त्वपूर्ण पुरातात्त्विक क्षेत्र अब किमार्थ पनि ओझेलमा पर्नु हुँदैन र वेवारिसे हुनु हुँदैन, यस विषयमा हामी प्रष्ट छौं।

सैनामैना नगरपालिका क्षेत्र एउटा विशाल र खुल्ला पुरातात्त्विक सङ्ग्रहालय हो। यसले आफ्नो प्राचीनता र अद्वितीयताको परिचय दिइरहेको छ। प्राचीन मानव सभ्यता र संस्कृतिको सन्दर्भमा यो सैनामैना क्षेत्र गम्भीर अध्ययन अनुसन्धानको विषय बनेको छ। मेरो तर्फबाट र सरकारको तर्फबाट यसको अध्ययन अनुसन्धान र प्रवर्द्धनमा यथोचित प्रयास सदासर्वदा रहिरहने विश्वास दिलाउँछ। ओझेलमा परेको सैनामैना क्षेत्रलाई प्रकाशमा ल्याउन अनुसन्धान, लेखन र सम्पादनमा संलग्न विद्वान्हरू झपेन्द्र जि.सी., डा. गितु गिरी, रामप्रसाद भट्टराई, बमबहादुर थारू र केशवराज अर्याललाई विशेष धन्यवाद दिन चाहन्छु। प्रकाशित **सैनामैना दर्पण** सैनामैनाको मात्र दर्पण नभएर यो दर्पणमा प्राचीन नेपालको इतिहास, कला, संस्कृतिको अद्वितीय अनुहार समेत देख्न सकिने विश्वास लिएको छु। सैनामैना नगरपालिकाले यो ग्रन्थको माध्यमबाट धार्मिक, साँस्कृतिक, पर्यापर्यटनको क्षेत्रमा मनग्य उन्नति प्रगति गर्न सकोस्, हार्दिक शुभकामना !!

मितिः २०७६ असार ५ गते

विष्णुप्रसाद पौडेल

Phone: +977-1-5592558, Mobile No: +977-9851266077, E-mail: bpaudel1959@gmail.com

प्रदेश सरकार
प्रदेश नं. ५
## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, नेपाल

मा. लिला गिरी
मन्त्री



## शुभकामना

ऐतिहासिक, पुरातात्त्विक, साँस्कतिक र धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यकासाथ सैनामैना नगरपालिकाले **सैनामैना दर्पण** प्रकाशित गर्न लागेको खबर पाउँदा खुशी लागेको छ। सैनामैना प्राचीन बुद्धकालीन इतिहास, कला र सँस्कृतिले भरिपूर्ण क्षेत्र हो भन्ने कुरामा हामी सबै विदितै छौं। सेनवंशी राजा तुथाराय सेनले हाल बुटवल उप-महानगरपालिका वडा नं.१२ स्थित चारपाला सामुदायिक वनक्षेत्रभित्र रहेको राजपुरलाई तत्कालीन रिब्दिकोट राज्यको राजधानी कायम गरी यस सैनामैना क्षेत्रमा कला, सँस्कृति र सभ्यताको विकास गरेको इतिहास छ। “समृद्ध सैनामैना र सुखी सैनामैनाबासी” भन्ने नाराका साथ क्रियाशील रहेको सैनामैना नगरपालिकाले ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पर्यापर्यटन प्रवर्द्धन मार्फत् मनग्य आय आर्जन गर्न सक्नेछ भन्ने विश्वाश लिएकोछु।

विभिन्न विद्वानूहरूको अनुसन्धान र लेखनबाट तयार भएको यस सैनामैना दर्पणले सैनामैनाका बारेमा जानकारी हासिल गर्न खोज्ने जोसुकैलाई पनि प्राचीन बुद्धकालीन इतिहास, कला र सँस्कृतिका बारेमा यथेष्ट जानकारी दिई यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ। विविध क्षेत्रसँग अन्तरसम्बन्धित पर्यटन प्रवर्द्धन मार्फत् सैनामैना नगरपालिका तथा सैनामैनाबासीहरू “समृद्ध सैनामैना र सुखी सैनामैनाबासी” भन्ने नारा कार्यान्वयनमा सफल हुनुहोस् भन्ने कामना गर्दछु।

लिला गिरी

**भरत कुमार शाह**
सभापति
सार्वजनिक लेखा समिति
प्रतिनिधि सभा
निर्वाचन क्षेत्र नं.: ५, रूपन्देही
मोबाइल : ९८५७०२२४८४
फोन : ०१-४४९७३३५
राजनैतिक दल : नेपाली कांग्रेस

संघीय संसद, नेपाल
**Federal Parliament, Nepal**

Bharat Kumar Shah
President
Public Account Committee
**House of Representatives**
Constituent No.: 5, Rupandehi
Mobile No.: +977-9857022484
Phone No.: +977-01-4497335
**Political Party : Nepal Congress**



# शुभकामना

सैनामैना नगरपालिका कार्यालय, रूपन्देहीले ऐतिहासिक सैनामैना र सोसँग सम्बन्धित क्षेत्र समेत समेटी **सैनामैना दर्पण** नामक पुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुसी लागेको छ।

सिङ्गो प्रदेश नं. ५ मा नै मानव सभ्यता र संस्कृतिको प्राचीनकाल देखि नै रहँदै आएको थियो भन्ने कुरा बुद्ध जन्मस्थल लुम्बिनी शुद्धोदनको राजधानी तिलौराकोट, बुद्धको मावली रामग्राम जस्ता महत्त्वपूर्ण स्थलले उद्बोध गरिसकेका छन्। महर्षि कपिलको नामबाट बनेको कपिलवस्तु राज्य (देश) कै नामलाई अनुकरण गरेर कपिलवस्तु नामले अहिले पनि हामीलाई अनुप्राणित गरिरहेको छ। त्यस्तै सैनामैना नगर क्षेत्र र आसपासमा पनि प्राचीन दरबार, महल, प्रस्तरमूर्ति, प्रस्तरसँघारपाटी, प्रस्तर र इँट्टाबाट बनेका इनारहरू, बुद्धका स्तूपजन्य आकृतिहरू र सयौं देवदेवीका प्रस्तर मूर्तिहरू र धातु मूर्तिहरूको भण्डार रहेको देखिन्छ। यी सबै महत्त्वपूर्ण पुरावशेषले प्राचीन मानव सभ्यता र सँस्कृतिको ऐतिहासिक झलक प्रस्तुत गरिरहेका छन्। यसैले सैनामैना एउटा महत्त्वपूर्ण अध्ययन अनुसन्धान र गन्तव्य केन्द्र हो भन्ने सङ्केत गरिरहेकोछ। ओझेलमा परेको महत्त्वपूर्ण पुरा सम्पदाको संरक्षण, संवर्द्धन गर्ने उद्देश्यले लेखक तथा इतिहासविद्हरूबाट **सैनामैना दर्पण** तयार गरी प्रकाशन गर्नु प्रशंसनीय कार्य हो।

यस अवसरमा सैनामैनाका विभिन्न ऐतिहासिक एवं सो क्षेत्रसँग सम्बन्धित गतिविधिहरूलाई समेटेर प्रकाशित **सैनामैना दर्पण**ले सैनामैना नगरपालिकाको भविष्यको लागि समेत मार्गदर्शन गर्न एवं पर्यटकीय नमूना नगरपालिकाको विकासमा महत्त्वपूर्ण योगदान हुने अपेक्षाका साथ पूर्ण सफलताको कामना गर्दछु।

मितिः २०७६/०३/०४

माननीय भरत कुमार शाह
सभापति
सार्वजनिक लेखा समिति

# सैनामैना नगरपालिका

बुद्धनगर, रूपन्देही



## नगर प्रमुखको मन्तव्य

सौन्दर्य र वैभवले सम्पन्न ‘कुनै एक राजकुमार कुनै एक अनुपम र रमणीय सहरमा पुग्दा त्यहाँको भव्य सुन्दर दरवारमा रूपयौवनले धपक्कै बलेकी राजकुमारी एउटा आकर्षक कोठाको आलिसान पलङ्गमा बेहोस अवस्थामा सुतिरहेको देखे । आश्चर्यकासाथ उनलाई आफ्नो सुनको छडीले स्पर्श मात्रै गर्दा ब्यूँझिएकी ती राजकुमारीले त्यहाँ एउटा खाइलाग्दो सुन्दर युवालाई उपस्थित देखेर भनेकी थिइन् - तिमी को हौ ? कहाँबाट आयो ? यहाँ नबस गइहाल। बस्यौ भने तिमीलाई क्षणभरमै निलिहाल्ने छन् । यहाँ मेरा पिता पूर्खा र आफन्तजनलाई दुश्मनहरूले उठिबास लाए, हाडखोर-अस्थिपञ्जर चपाए, भव्य दरबार-महल, कलाकृति र सँस्कृतिलाई खण्डहर बनाए । मेरो रूपयौवन सम्पन्नतनको आकर्षणले मात्र मलाई यहाँ राखेका छन्, मेरो हालत पनि कुन दिन के हुने हो केही ठेगान छैन् । ती दुश्मनहरूको संहार गरेर मेरो उद्धार गर्ने तागत कसैमा छैन। मेरो विन्ती छ तिमी यहाँबाट गइहाल। ‘यसखाले दन्त्यकथा मैले विद्यार्थी जीवनमा पढेको थिएँ। कथा लामो थियो। धेरै कुरा बिर्सिएँ। तर दुश्मनहरूले भव्य महल-दरबार ध्वस्त पारी पिता पूर्खा र आफन्तहरूको संहार गरे भन्ने कथाको सारले मलाई जिन्दगी भर चसक्क-चसक्क घोँचिरहने विषय बन्यो।

दन्त्यकथामा वर्णित त्यो कथा प्राचीन सैनामैनाको सुन्दर सहर, भव्य महल र दरवारहरू खण्डहरमा परिणत भएपछि तिनीहरूलाई नै प्रतिबिंबित गर्ने गरी चित्रण गरिएको यथार्थतामा आधारित कथा हो भन्ने लागेको छ। सिङ्गो सैनामैना क्षेत्र अक्षर र लिपिमा नलेखिएको प्राचीन ऐतिहासिक र पुरातात्विक विशाल सङ्ग्रहालय हो भन्ने सजीव प्रमाणका रूपमा दरवार-महलका आकृतिजन्य खण्डहरहरू, इनारहरू एवम् सम्बुद्ध सिद्धार्थका प्रस्तर मूर्तिहरू र धातुमूर्तिहरू, चौथो बुद्धका रूपमा सम्मानित अवलोकितेश्वर/अवलोकेश्वर पद्मपाणि बुद्ध र बोधिसत्वका प्रस्तर मूर्तिहरू र अन्य देवदेवीका प्रस्तर मूर्तिहरूले बताइरहेका छन् । तैपनि यसबारे विस्तृत रूपमा लिपिबद्ध नभैरहेको अवस्थामा सैनामैना नगरपालिकाको आग्रहलाई सहर्ष स्वीकार गरेर शोध-अनुसन्धान कार्यमा जुटिरहनु भएका विद्वान्हरू झपेन्द्र जी.सी., डा. गितु गिरी, रामप्रसाद भट्टराई, थारू कवि बमबहादुर थारू र केशवराज अर्यालको समूहले अत्यन्त परिश्रमका साथ **सैनामैना दर्पण** शीर्षकको शोध-अनुसन्धान ग्रन्थ तयार गर्नु भएको छ। यो ग्रन्थको माध्यमबाट लुम्बिनी, तिलौराकोटको अभिन्न अङ्ग सैनामैनाको प्राचीन र वर्तमानमा रहेको महत्त्व र मूल्य के हो यसबारे नेपाल सरकार, पुरातत्व विभाग र सरोकारवालाका लागि थप अध्ययन अनुसन्धान गर्ने एउटा महत्त्वपूर्ण आधार ग्रन्थ हुनेछ भन्ने लागेको छ। यो ग्रन्थ प्रकाशनबाट यस सैनामैना क्षेत्रको ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, साँस्कृतिक र कलाकृतिको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण सहयोग पुग्ने छ भन्ने नगरपालिकाले विश्वास लिएको छ। शोध-अनुसन्धानकर्ता, विद्वान्हरू र यसमा सहयोग पुऱ्याउने प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद भण्डारी लगायत सम्पूर्ण जनप्रतिनिधिहरू, सङ्घ-संस्थाहरू, सम्पूर्ण कर्मचारीहरू र सम्बद्ध सबैलाई हार्दिक कृतज्ञताका साथ धन्यवाद टक्रयाउँछु।

२० आषाढ, २०७६

**चित्रबहादुर कार्की**
नगर प्रमुख
सैनामैना नगरपालिका

# सैनामैना नगरपालिका

बुद्धनगर, रूपन्देही



## नगर उपप्रमुखको मन्तव्य

या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः।।

मानव सभ्यताको उषाकालदेखि नै महिलाहरूले विद्या, बुद्धि, जुक्ति र शक्तिलाई भरपूर प्रयोग गरेर नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए भन्ने प्रमाण प्रस्तुत देवी प्रार्थना हो । हाम्रै यस लुम्बिनी क्षेत्रमा पनि बुद्धकि आमा महामायादेवीले सामाजिक समन्वयका लागि सैनामैना कि भद्रमहिला मैनासित सैनासम्वन्ध कायम गरेको इतिहासमा लेखिएको छ। यसरी नै झाँसीकि महारानी लक्ष्मीवाईले समुद्रपारबाट उपनिवेश जमाउन आएका अङ्ग्रेजहरूका विरूद्ध युद्ध मोर्चामा रहेर कमाण्डिङ गर्दै यस सैनामैना स्थित प्राचीन दरवारमा केही दिन बसेको गौरवपूर्ण गाथा छ । यसैक्रममा अङ्ग्रेजहरूले आफ्नो लखनऊ दरवारमा लुटपाट मच्च्याई आतङ्कित पारेपछि लखनऊकि महारानी बेगम पनि हाम्रै सैनामैना स्थित प्राचीन बुद्धकालीन दरवारमा केही अवधि शरणागत भएको इतिहास छ । यसले पनि सामाजिक, राजनैतिक र राज्य संचालनमा महिलाको अहम् भूमिका रहेको कुरालाई देखाउँछ भने अर्कोतिर सैनामैनाक्षेत्र प्राचीन कालदेखि नै मानव सभ्यताको केन्द्र रहेको सूचना मिल्दछ। अहिले सैनामैना क्षेत्रमा यत्रतत्र छरिएर रहेका भग्नावशेषहरू प्राचीन बुद्धकालीन सभ्यता र मध्यकालीन सभ्यताका सूचक बनेर रहेको प्रष्टै देखिन्छ । सैनामैना क्षेत्र र यससित नजिकको साइनो राख्ने स्थलहरू प्राचीन कला सँस्कृति र सभ्यताको अध्ययन अनुसन्धान गर्ने एउटा खुल्ला सङग्रहालयको रूपमा अवस्थित छ र दर्शनीय पनि । इतिहास र पुरातत्त्वको खोज अनुसन्धान गर्नेहरूका लागि सैनामैना महत्त्वपूर्ण गन्तव्यस्थल बनेको छ । यसलाई प्रकाशित, प्रचारित गरी सैनामैनाको समृद्धिको रेखा कोर्ने उद्देश्यले **सैनामैना दर्पण** तयार भएको छ । वडो परिश्रमपूर्वक ग्रन्थ तयार गर्नुहुने विद्वानूहरू झपेन्द्र जी.सी, डा. गितु गिरी, रामप्रसाद भट्टराई र बमबहादुर थारू, केशवराज अर्याल र प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद भण्डारी, सबै जनप्रतिनिधिहरू र कर्मचारी स्टाफ समेतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२० आषाढ, २०७६

**बिना राना मगर**
नगर उप-प्रमुख
सैनामैना नगरपालिका

# सैनामैना नगरपालिका

बुद्धनगर, रूपन्देही



## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

म राष्ट्रसेवकको रूपमा निजामती सेवामा प्रवेश गरेपछि विभिन्न पदहरूमा रही धेरै मन्त्रालय, विभाग र कार्यालयको अनुभव प्राप्त गर्ने अवसर प्राप्त भयो । केही जिल्लाको वस्तुस्थिति, जनताको आर्थिक, सामाजिक अवस्था एवं रहन सहनको वारेमा जानकारी लिने अवसर प्राप्त भयो ।

म तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मातहत सरूवा भई मिति २०७४ कार्तिक ६ गतेदेखि यस सैनामैना नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा पदस्थापन भै यस कार्यालयमा कार्य प्रारम्भ गरेँ ।

यस नगरपालिकामा प्रवेश गर्दा सुरूका दिनमा पृथक खालको अनुभूति भयो । यस नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरूको अवलोकन गर्ने क्रममा प्राचीन तथा ऐतिहासिक कला सँस्कृतिका खण्डहरहरूका रूपमा रहेको पुरातात्त्विक सैनामैना क्षेत्रको अध्ययन गर्ने अवसर प्राप्त भयो । यो क्षेत्र त प्राचीन मानव सभ्यताको खुल्ला सङ्ग्रहालय रहेको अनुभूति भयो ।

लुम्बिनी र तिलौराकोटको समकक्षमा रहेको यो सैनामैना क्षेत्र किन र कसरी ओझेलमा पऱ्यो ? यस प्रश्नले हामीलाई घच्घच्याउन थाल्यो । ओझेलमा परेको सैनामैनाको ऐतिहासिक, धार्मिक र साँस्कृतिक धरोहरको यथार्थपरक एउटा भरपर्दो ग्रन्थ तयार गर्न सके इतिहासप्रतिको न्याय र वर्तमानमा साँस्कृतिक संरक्षण र पर्यटन प्रवर्द्धनको एउटा आधारशिला बन्न सक्छ भन्ने लाग्यो ।

नगर प्रमुख चित्रबहादुर कार्कीज्यू, उपप्रमुख बीना रानामगरज्यू र अन्य जनप्रतिनिधिज्यूहरूको पनि मन मस्तिष्कमा यही सपना रहेछ । हाम्रो सपना, उद्देश्य र चाहना एउटै बन्न गयो । त्यसैको परिणामस्वरूप हाम्रो अनुरोधलाई स्वीकार गरी लेखक तथा सँस्कृतिविद् झपेन्द्र जी.सी.को संयोजकत्वमा डा. गितु गिरी, रामप्रसाद भट्टराई, बमबहादुर थारू, अधिकृत केशवराज अर्याल सदस्य सचिव रहेको कार्यदल गठन भई उक्त कार्यदलले धेरै मेहनत र परिश्रम गरी यो अध्ययन अनुसन्धान ग्रन्थ **सैनामैना दर्पण** तयार गर्नु भएको छ, जो तपाईंको हातमा छ ।

यो गहकिलो ग्रन्थ तयार गर्ने विद्वान् लेखकहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथसाथै राष्ट्रसेवक कर्मचारीको हैसियतले ऐतिहासिक महत्त्व बोकेको सैनाामैना नगरपालिकामा सेवारत हुने अवसर पाएकोमा आफ्नो जीवन र कर्मलाई सार्थक पनि ठानेको छु । यो ग्रन्थ सैनामैनाको साँस्कृतिक तथा पर्यटन प्रवर्द्धन गर्न महत्त्वपूर्ण मार्गदर्शक सामग्री हुनेछ, साथै यस क्षेत्रको बारेमा चासो राख्ने अध्ययन, अनुसन्धानकर्ता सबैलाई सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । यो महत्त्वपूर्ण ग्रन्थ तयार गर्ने क्रममा यस सैनामैना क्षेत्र, लुम्बिनी विकास कोष, कपिलवस्तु जिल्लामा रहेका ऐतिहासिक स्थल निग्लिहवा, तिलौराकोट, कुदान लगायतका स्थानमा अध्ययन अवलोकनको क्रममा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण तत्तत् क्षेत्र तथा संस्थाका पदाधिकारी तथा स्थानीय जनता, सैनामैना नगरपालिकाका प्रमुखज्यू, उप-प्रमुखज्यू, समस्त जनप्रतिनिधिज्यूहरू र मेरा सहकर्मी कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

२० आषाढ, २०७६

**कृष्णप्रसाद भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

# अनुसन्धान, लेखन र सम्पादन समितिको मन्तव्य

सैनामैना नगरपालिका रूपन्देहीले २०७५/२/४ गतेको बैठकबाट झपेन्द्र जिसी संयोजक र सदस्यहरू क्रमश डा. गितु गिरी, रामप्रसाद भट्टराई, बमबहादुर थारु र अधिकृत केशवराज अर्याल सचिव रहेको पुरातात्त्विक सम्पदाको संरक्षण समिति गठन गरेको रहेछ। उक्त कुरा २०७५/२/११ को पत्रबाट हामी अवगत भयौँ। उक्त पत्रमा सैनामैना नगरपालिकाको ऐतिहासिक, साँस्कृतिक मूल्य मान्यताहरूको पहिचान, पुरातात्त्विक महत्त्वको क्षेत्रको पहिचान, धार्मिक धरोहर तथा पर्यटकीय महत्वका स्थानहरूको संरक्षण संवर्द्धन र विकास गरी सुखी सैनामैनावासी र समृद्ध सैनामैना बनाउनका लागि अध्ययन अनुसन्धानको माध्यमवाट योगदान गर्न अपेक्षा गरिएको थियो। नगरपालिकाको आग्रहअनुसार हामीले गठित समितिको वैठक बस्यौं। नगरपालिकाले प्रदान गरेको यो जिम्मेवारी र अवसरलाई प्रयोग गर्ने कि नगर्ने ? विचार विमर्श गर्‍यौँ। यो काम अत्यन्त चुनौतीपूर्ण भए पनि अन्ततः यो जिम्मेवारी पूरा गर्ने सन्दर्भमा सर्वसम्मत निष्कर्षमा पुग्यौँ। ऐतिहासिक, पुरातात्त्विक, धार्मिक र पर्यटकीय महत्त्वले भरिपूर्ण यस क्षेत्रको अध्ययन अनुसन्धान ग्रन्थको नाम के राख्ने भनेर बिचार बिमर्श गर्दा अन्ततः **सैनामैना दर्पण** ग्रन्थको नाम जुर्‍यो। अध्ययनको उद्देश्य, सीमा र विषय क्षेत्र निर्धारण गर्‍यौँ। इतिहास, दर्शन, धर्म, संस्कृति र पर्यटन प्रर्बद्धन एकअर्काका परिपूरक भए पनि लेखन सहजताको लागि इतिहास, दर्शन र संस्कृतिमा झपेन्द्र जिसी, पुरातात्त्विक स्थल, कला, वास्तुकला तथा पर्यटन मा डा. गितु गिरी, धार्मिकस्थल तथा प्राकृतिक सम्पदाहरूमा रामप्रसाद भट्टराई, मुसहर संस्कृति र थारु संस्कृतिमा बमवहादुर थारु र भौगोलिक अवस्था र जनसङ्ख्यामा केशवराज अर्याल समेतले निर्धारित विषयमा केन्द्रित हुनेगरी जिम्मेवारी बहन गर्ने समझदारी गर्‍यौँ।

सैनामैना नगरपालिकाका टोलटोल र बस्तीबस्तीमा नै पुगेर स्थलगत अध्ययन अबलोकन गर्‍यौँ। संवन्धित सरोकारवालाको भेला–बैठकका साथै जानकारहरूसँग सम्वाद पनि गर्‍यौँ। सैनामैना क्षेत्रभित्र मात्र होइन ऐतिहासिक कालदेखि नै सैनामैनासंग नजिकको सम्बन्ध राख्ने लुम्बिनी, तिलौराकोट बल्देङगढी, रिब्दीकोट गाउँपालिका, तिनाउ गाउँपालिका, बुटवल क्षेत्र, तानसेन र रिडीका बौद्ध विहारहरू र मुक्तिनाथ लगायतका पुरातात्त्विक र ऐतिहासिक महत्त्वले ओतप्रोत भएका क्षेत्रहरूको स्थलगत अध्ययन अवलोकन गर्न पुग्यौँ।

साङ्ख्य दर्शन, बौद्ध दर्शन र बौद्ध दर्शनको सहजयानबाट अनुप्रमणित रेसुङ्गाका स्वामी शशिधर र जोसमनी सन्त साहित्य र परंपरा, पदमपाणि बुद्ध/मत्स्येन्द्रनाथ, मंजुश्री बोधिसत्व, कनकमणि र क्रर्कुच्छन्द लगायतको यथार्थ अध्ययन गर्ने कोशिश गर्‍यौँ। साथसाथै पदमपाणि/मत्स्येन्द्रनाथ एक व्यक्ति दुई व्यक्तित्वः हिन्दूहरूद्वारा मत्स्येन्द्रनाथका रुपमा र बौद्धहरूद्वारा वोधिसत्वका रुपमा संपूजित आराध्यदेव महासिद्धपुरुस पदमपाणिको विषयमा गहन अध्ययन गरियो। काठमाडौं उपत्याकाको प्राचीन किराँत सभ्यतामा नयाँ मानव सभ्यता र संस्कृति निर्माणमा बौद्ध दर्शन, धर्म र परम्पराले कति गहिरो प्रभाव पारेको रहेछ, यस बारेमा पनि सटीक अध्ययन गर्ने प्रयास गर्‍यौँ। बौद्धदर्शन,र साङ्ख्य दर्शनको महत्त्व र वैशेषिक दर्शनको सम्बन्ध पनि अध्ययन गर्‍यौँ। तिलौराकोट, लुम्बिनी र रामग्रामकै समकक्ष (स्तर) मा रहेको सैनामैनाको प्रस्तरकला, वास्तुकला, मूर्तिकला र भग्नपुरावशेषको पनि अध्ययन गर्‍यौँ। अध्ययन– अवलोकन गर्दै जाँदा सिङ्गो कपिलवस्तु र यो सैनामैना क्षेत्र दर्शन, सभ्यता र संस्कृतिले सुसम्पन्न प्राचीन चिन्तकसाधक र दार्शनिकहरूको साधनाभूमि रहेको स्थलगत अध्ययन अवलोकनले सङ्केत गरेको पाइयो। साङ्ख्य दर्शनका प्रणेता कपिलमुनि, शाक्यमुनी बुद्ध, कनकमणि बुद्ध, कर्कुच्चछन्द बुद्ध पदमपाणि बुद्ध समेतको जन्मूमि, कर्मभूमि चिन्तन र साधना भूमि हुनुले पनि यस क्षेत्रको पहिचान र गौरव वृद्धिमा अद्वितीय योगदान गरेको छ।

सैनामैना क्षेत्रका रानीकुवा, ठूलोकुवा, मूर्धनी, योगदमार (योगीडाँडा), पर्रोहा परमेश्वरधाम, महेरवा–कोटियाथान र मलमलाधाम जस्ता पवित्र स्थलहरूको स्थलगत अध्ययन गर्दा सैनामैना र यस आसपासका क्षेत्र बुद्धकालीन र त्योभन्दा

पूर्वकालको अमर इतिहास र पुरातात्विक कला संस्कृतिले सम्पन्न एउटा खुल्ला तथा विशाल सङ्ग्रहालय हो भन्नेकुराको पुष्ट्याइँ यत्रतत्र छरिएर तथा सतहमुनि पुरिएर रहेका प्रस्तरमूर्ति, प्रस्तर औजार, धातुमूर्ति र धानुकलाहरूले अभिब्यक्त गरिरहेका छन् । यो वर्तमानको यथार्थ अध्ययन हो । यसको थप अध्ययन अनुसन्धान, विश्लेषण र संश्लेषणको खाँचो छ । प्राचीन बुद्धकालीन सभ्यतामा थप इँटा थप्नेकाम खस मल्लकालीन र सेनकालीन सभ्यताले पनि गरेको छ । हाम्रो अध्ययन टोलीले प्राचीन इतिहासको खोजीगर्ने क्रममा धेरै विद्वान् इतिहासवेत्ता, अनुसन्धाता र विश्लेषकहरूको ग्रन्थहरूबाट अमूल्य सारसङ्ग्रह गरेका छौँ । ती समस्त विद्वत्‌गणप्रति हामी कृतज्ञ छौं । वास्तवमा सैनामैना धार्मिक, साँस्कृतिक र ऐतिहासिक पुरातात्विक महत्त्व बोकेको तिलौराकोट र लुम्बिनीकै अभिन्न अंग र नेपालकै अद्वितीय विशाल एवं खुल्ला सङ्ग्रहालय भएकोले प्राचीन शाक्य सभ्यता र मानव सभ्यताको अध्ययनशालाको रूपमा पहिचान स्थापना गरेको छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट समृद्ध नेपाल र सुखी नेपाली निर्माणमा महत्त्वपूर्ण योगदान दिन सक्ने पर्याप्त सम्भाबना छ । व्यवस्थापन पक्ष सुदृढ बनाउँदाका घडीमा पर्यटन प्रबर्द्धनको माध्यमवाट बिदशी मुद्रा आर्जन गर्ने सम्भावनालाई कसैले रोक्न सक्ने छैन ।

अन्त्यमा यो ग्रन्थ तयार गर्न हामीलाई नजिकबाट सल्लाह सुझाव र सहयोग पुऱ्याउनुहुने नगरप्रमुख चित्रबहादुर कार्की, उप–प्रमुख वीना राना मगर, कार्यकारी अधिकृत श्रीकृष्णप्रसाद भण्डारी, सबै वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, सबै वडासदस्यहरू, संघ संस्थाका अध्यक्ष तथा पदाधिकारीहरू, नगर प्रेस संयोजक सहित सम्पूर्ण सञ्चारकर्मीहरू, कम्प्युटर टाइपमा अमूल्य योगदान गर्ने विष्णुप्रसाद अर्याल, सर्वे इन्जिनियर उत्तम पौडेल, अमिन राजु चौधरी, नगरपालिकाका सबै कर्मचारीहरू र नागरिक समाज लगायत सबैलाई कृतज्ञतासहित धन्यवाद टक्र्याउँछौँ । साथसाथै यस ग्रन्थका सन्दर्भमा सबैबाट सकारात्मका प्रतिक्रियाको अपेक्षा गर्दछौ । अस्तु ।

२० आषाढ, २०७६



संयोजक
अनुसन्धान, लेखन तथा सम्पादन समिति

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| सन् | = | इसवीय सम्वत् जनाउने शब्द |
| इ.स. | = | इसवीय सम्वत् |
| इ.पू. | = | इसवीय सम्वत् सुरू हुनु भन्दा पहिले |
| डा. | = | डाक्टर |
| वि.सं. | = | विक्रम सम्वत् |
| अनु. | = | अनुवादक |
| पृ. | = | पृष्ठ |
| प्रका. | = | प्रकाशन |
| सम्पा. | = | सम्पादक |
| जी.सी. | = | घर्ती क्षत्री |
| संस्क. | = | संस्करण |
| गा.पा. | = | गाउँपालिका |
| न.पा. | = | नगरपालिका |

❑❑

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | **परिच्छेद : एक** | |
| | **अध्ययन पद्धति** | |
| १.१. | परिचय | १ |
| १.२. | अध्ययनको उद्देश्य | १ |
| १.३. | पूर्व अध्ययनको समीक्षा | २ |
| १.४. | अध्ययनको औचित्य उपयोगिता र महत्त्व | २ |
| १.५. | अध्ययनको क्षेत्र | २ |
| १.६. | अध्ययन सामग्री सङ्कलन तथा विश्लेषण विधि | ३ |
| | **परिच्छेद : दुई** | |
| | **सैनामैनाको परिचय** | |
| २.१. | विषय प्रवेश | ४ |
| २.२. | भौगोलिक र सामाजिक परिचय | ४ |
| २.३. | जातजाति र भाषाभाषीको विवरण | ५ |
| | २.३.१. जनसङ्ख्या विवरण | ५ |
| | २.३.२. जातिगत विवरण | ५ |
| | २.३.३. भाषाको आधारमा जनसङ्ख्या | ६ |
| २.४. | सैनामैनाको नामकरण र विशेषताका सम्बन्धमा विभिन्न भनाइहरू | ७ |
| | २.४.१. सेनामेनाको पर्यायवाची सैनामैना | ७ |
| | २.४.२. सामगामको पर्यायवाची सैनामैना | ७ |
| | २.४.३. झाँसीको रानीको शरणागत क्षेत्र सैनामैना | ८ |
| | २.४.४. महामाया देवीकी सैनासैनामैनाकी मैना | ८ |
| | २.४.५. सैनामैनामा बुद्धको दरबार | ८ |
| | २.४.६. भग्नावशेषको अभिव्यक्ति तीन सहर | ८ |
| | निष्कर्ष | ९ |
| | **परिच्छेद : तीन** | |
| | **सैनामैना नगरपालिकाको प्रागैतिहासिक र ऐतिहासिक पृष्ठभूमि** | |
| ३.१. | विषय प्रवेश | १० |
| ३.२. | प्रागैतिहासिक इतिवृतान्त | १० |
| ३.३. | साङ्ख्य दर्शन, कपिलमुनि र कपिलवस्तु | ११ |
| ३.४. | सृष्टि संरचनामा साङ्ख्य दर्शनको प्रकृतिवादी दृष्टि र त्यसको महत्त्व | १२ |
| | ३.४.क. साङ्ख्य दर्शनको मूल आधार | १२ |
| | ३.४.ख. साङ्ख्य दर्शनको मूल मर्म | १२ |
| | ३.४.ग. साङ्ख्य दर्शनका मूल संश्लेषणकर्ता र प्रवर्तक महर्षि कपिल | १३ |
| | ३.४.घ. प्रकृति र पुरूषको सम्बन्धमा | १४ |
| | ३.४.ङ. साङ्ख्य दर्शनमाथि लेखाजोखा | १५ |
| | ३.४.च. साङ्ख्य दर्शनको सामाजिक क्षेत्रमा योगदान | १६ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ३.५. | बौद्ध अभियान | १७ |
| | ३.५.१. बौद्ध अभियानका सन्दर्भमा जन्मेका अन्य दार्शनिक विचारहरू | १७ |
| | ३.५.१.क. उच्छेदवादी दार्शनिक सम्प्रदाय | १८ |
| | ३.५.१.ख. अहेतुवादी दार्शनिक सम्प्रदाय | १८ |
| | ३.५.१.ग. पुव्वकतावादी दार्शनिक सम्प्रदाय | १८ |
| | ३.५.१.घ. इस्सरकारणवादी दार्शनिक सम्प्रदाय | १८ |
| | ३.५.१.ङ. खग्विज्जावादी दार्शनिक सम्प्रदाय | १८ |
| | ३.५.२. दर्शन सम्बन्धी तर्क-विर्तक | १८ |
| | ३.५.२.क. दार्शनिक पूरण कस्यप (पूर्ण कस्यप) | १८ |
| | ३.५.२.ख. दार्शनिक मकरणवली पुत्त गोसाल (मस्करी पुत्र गोसाल) | १९ |
| | ३.५.२.ग. अजित केसकम्वली (अजित केशकम्वली) | १९ |
| | ३.५.२.घ. पकुध्य कच्चायन | १९ |
| | ३.५.२.ङ. निगण्ठ नाट्पुत्त (निर्गन्ध ज्ञातपुत्र) | १९ |
| | ३.५.२.च. संचय वेलख्खिपुत्त (सञ्जयवेलष्ठिपुत्र) | १९ |
| | ३.६.१. बौद्ध अभियानका प्रमुख प्रेरणा स्रोत महर्षि कपिल | १९ |
| | ३.६.२. ऋषिमुनि र बुद्धका सम्बन्धमा | २० |
| | ३.६.३. कनकमुनि बुद्ध र निग्लिहवा | २० |
| | ३.६.४. ककुच्छन्द बुद्ध | २२ |
| | निष्कर्ष | २२ |
| | **परिच्छेद : चार** | |
| | **प्राचीन कपिलवस्तु, सिद्धार्थ बुद्ध र सैनामैनाको महत्त्व** | |
| ४.१. | विषय प्रवेश | २३ |
| ४.२. | कर्म र श्रमले निर्मित शाक्य राजवंश | २३ |
| ४.३. | सिद्धार्थको जन्म र कुलवंश | २४ |
| ४.४. | पालन पोषण र शिक्षा दीक्षा | २५ |
| ४.५. | महाअभिनिष्क्रमण | २५ |
| ४.६. | बुद्धत्व प्राप्ति | २६ |
| ४.७. | बुद्धत्व र ध्यान | २७ |
| ४.८. | बुद्धत्वको सार | २७ |
| | ४.८.१. चार आर्य सत्य | २८ |
| | ४.८.२. संबुद्धत्वको प्रसारण र सारनाथ | २८ |
| ४.९. | बुद्ध दर्शन, धर्म र विशेषता | २९ |
| | ४.९.१. अहिंसा | २९ |
| | ४.९.२. अनीश्वरवाद | २९ |
| | ४.९.३. जीवनको गति, शरीर र आत्मा | २९ |
| | ४.९.४. ग्रन्थलाई प्रमाण मान्ने प्रचलन | ३० |
| | ४.९.५. सम्यक् दृष्टि | ३० |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | ४.१०.१. बुद्धको महापरिनिर्वाण र अस्थिधातुको प्रसारण | ३० |
| | ४.१०.२. बुद्धले हालको नेपालको भूभागमा उपदेश दिएका स्थलहरू | ३१ |
| | ४.१०.२.१. कुदान | ३१ |
| | ४.१०.२.२. उपत्यका आगमन | ३१ |
| | ४.१०.२.३. सामगाम नगर क्षेत्र (सैनामैना) | ३२ |
| | ४.१०.२.४. गृद्धकूट पर्वतको उपदेश प्रसङ्ग | ३२ |
| | ४.१०.२.५. दाहसस्कार विधिमा बुद्धको इच्छा | ३२ |
| ४.११. | अस्थि वितरण र स्तुप निर्माण | ३२ |
| ४.१२. | बुद्ध धर्ममा विकसित सम्प्रदायहरू | ३३ |
| | ४.१२.१. हीनयान सम्प्रदाय | ३३ |
| | ४.१२.२. महायान सम्प्रदाय | ३३ |
| | ४.१२.३. बज्रयान सम्प्रदाय | ३३ |
| | ४.१२.४. तन्त्रयान | ३४ |
| ४.१३. | पद्मपाणि/मत्स्येंद्रनाथ र वोधिसत्वहरू | ३४ |
| ४.१४. | बुद्धको सहजयान र रेसुङ्गा आश्रमका शशिधर स्वामी | ३६ |
| | निष्कर्ष | ३७ |
| **परिच्छेद : पाँच** | | |
| **कपिलवस्तुको खोज-अनुसन्धान** | | |
| ५.१. | विषय प्रवेश | ३८ |
| ५.२. | रोहिणीनदीको सिंचाइ कुलोका सम्बन्धमा | ३८ |
| ५.३. | विरूद्धकको विवाह प्रसङ्गले जन्माएको द्वन्द्व | ३८ |
| ५.४. | सम्राट अशोकको आगमन र अशोक स्तम्भ | ३८ |
| ५.५. | चिनियाँ यात्रुहरू आगमन र लेख वृतान्त | ३९ |
| | ५.५.१. कपिलवस्तुको खोजी अभियान | ४० |
| | ५.५.२. अध्ययन अनुसन्धानको प्रारम्भ | ४० |
| | ५.५.३. कपिलवस्तु पहिचानका आधार-पाइलाहरू | ४० |
| ५.६. | सैनामैना क्षेत्रको खोजी अभियान | ४२ |
| ५.७. | कर्णाली प्रदेशको खस शासनकालीन शिलालेख | ४४ |
| ५.८. | सैनामैनाको अवस्था | ४५ |
| ५.९. | खोज अनुसन्धानको आवश्यकता | ४६ |
| | निष्कर्ष | ४७ |
| **परिच्छेद : छ** | | |
| **सेनवंशीय शासनकालको अभ्युदय र महत्त्व** | | |
| ६.१. | विषय प्रवेश | ४८ |
| ६.२. | पाल्पाली सेनराज्यको ऐतिहासिक राजपुर-रिब्दीकोट राज्य | ४८ |
| ६.३. | राजपुर रिब्दीकोट राज्यका सम्बन्धमा विद्वान्हरूको भनाइ | ५९ |
| ६.४. | राजपुर रिब्दीकोटको सेन राज्यको सभ्यता र संस्कृति | ५० |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ६.५. | राजपुर क्षेत्र | ५१ |
| ६.६. | सेन राज्यकालीन सैनामैना क्षेत्रका राजपुर लगायतका पुरहरू | ५२ |
| | ६.६.१. चम्कीपुर | ५२ |
| | ६.६.२. विनायकपुर | ५२ |
| | ६.६.३. नरैनापुर | ५२ |
| | ६.६.४. खोखरपुरवा (खकनपुर) | ५३ |
| | ६.६.५. काशीपुर | ५४ |
| | ६.६.६. विचवापुर (राजापानी) | ५४ |
| | ६.६.७. सैनामैनाका अतिरिक्त पुरहरू | ५५ |
| ६.७. | सनेराज्यको थप उत्थान, विभाजन र निरन्तरता | ५५ |
| | निष्कर्ष | ५६ |
| | **परिच्छेद : सात** | |
| | **सैनामैनाका पुरातात्विक स्थलहरू** | |
| ७.१. | विषय प्रवेश | ५७ |
| ७.२. | मुर्धनी | ५८ |
| ७.३. | रानीकुवा क्षेत्र | ६० |
| ७.४. | ठूलोकुवा क्षेत्र | ६२ |
| ७.५. | बीचटोलको उत्तरी ढिस्को | ६४ |
| ७.६. | जोगीडाँडा (योगडाँडा) | ६५ |
| ७.७. | सानोप्लेट | ६७ |
| ७.८. | ठूलोप्लेट | ६८ |
| ७.९. | बीचटोलको दक्षिणपट्टि ढिस्को | ६९ |
| ७.१०. | महेरवा | ७१ |
| ७.११. | बक्सडडाँडा | ७३ |
| ७.१२. | लखनपारा कोटियामाई क्षेत्र | ७४ |
| ७.१३. | ब्रह्मडाँडा | ७५ |
| ७.१४. | पर्सवाल | ७५ |
| ७.१५. | कर्साघाट | ७७ |
| ७.१६. | पर्रोहाधाम परिशर | ७७ |
| | निष्कर्ष | ७८ |
| | **परिच्छेद : आठ** | |
| | **कला** | |
| ८.१. | विषय प्रवेश | ७९ |
| ८.२. | प्रतिमाहरू | ७९ |
| ८.३. | बुद्ध | ७९ |
| ८.४. | बुद्धको प्रतिमा | ८० |
| ८.५. | पद्मपाणि अवलोकितेश्वर | ८१ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ८.६. | पद्मपाणि अवलोकितेश्वर बोधिसत्व | ८१ |
| ८.७. | पद्मपाणि अवलोकितेश्वर | ८२ |
| ८.८. | अवलोकितेश्वरको प्रतिमा | ८३ |
| ८.९. | रत्नसंभव | ८३ |
| ८.१०. | विष्णु | ८४ |
| ८.११. | विष्णुको प्रतिमा | ८५ |
| ८.१२. | शाक्यसिंह बुद्धको प्रतिमा | ८५ |
| ८.१३. | पुरूष प्रतिमा | ८६ |
| ८.१४. | ध्यानी बुद्ध आकृति | ८६ |
| ८.१५. | वोधिसत्वको प्रतिमा | ८७ |
| ८.१६. | पुरूष मूर्ति | ८७ |
| ८.१७. | पद्मपाणि | ८८ |
| ८.१८. | बुद्धको प्रतिमा | ८८ |
| ८.१९. | युगल प्रतिमा | ८९ |
| ८.२०. | वोधिसत्वका प्रतिमाहरू | ८९ |
| ८.२१. | देवीको प्रतिमा | ९० |
| ८.२२. | स्थानक पुरूष प्रतिमा | ९० |
| ८.२३. | गणेशको प्रतिमा | ९१ |
| ८.२४. | देवी प्रतिमा | ९१ |
| ८.२५. | युगल आकृतिहरू | ९२ |
| ८.२६. | शरीरको तल्लो भाग | ९२ |
| ८.२७. | अवलोकितेश्वरको प्रतिमा | ९३ |
| ८.२८. | त्रिमूर्ति | ९३ |
| ८.२९. | कलात्मक आकृति | ९४ |
| ८.३०. | अष्टदल कमल | ९४ |
| ८.३१. | त्रिबृत्त | ९४ |
| ८.३२. | गणेशको शिरोभाग | ९५ |
| ८.३३. | गणेश प्रतिमा | ९५ |
| ८.३४. | देवी प्रतिमा | ९६ |
| ८.३५. | पुष्पाकृति | ९६ |
| ८.३६. | ऐरेनी देवी | ९७ |
| ८.३७. | कुकुर | ९७ |
| ८.३८. | हात्तीका जोडी | ९८ |
| ८.३९. | युगल मानव प्रतिमा | ९८ |
| ८.४०. | स्त्री आकृति | ९९ |
| ८.४१. | नृत्य आकृति | ९९ |
| ८.४२. | मातृशिशु | ९९ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ८.४३. | पुरूष आकृति | १०० |
| ८.४४. | कमलपुष्पाकृति | १०० |
| ८.४५. | देवीको प्रतिमा | १०१ |
| ८.४६. | स्त्री प्रतिमा | १०१ |
| ८.४७. | दुर्गाको प्रतिमा | १०२ |
| ८.४८. | कलात्मक पत्थर | १०२ |
| ८.४९. | साँढेको टाउको | १०२ |
| ८.५०. | ढाड | १०३ |
| ८.५१. | विष्णुको प्रतिमा | १०३ |
| ८.५२. | महिषमर्दिनी | १०४ |
| ८.५३. | भैरव | १०४ |
| ८.५४. | मुद्रा | १०४ |
| ८.५५. | सुखासन युगल प्रतिमा | १०५ |
| ८.५६. | मध्यकालीन अभिलेख | १०५ |
| | निष्कर्ष | १०६ |
| | **परिच्छेद : नौ** | |
| | **वास्तुकला** | |
| ९.१. | विषय प्रवेश | १०७ |
| ९.२. | धार्मिक वास्तुकला | १०८ |
| ९.३. | बौद्ध वास्तुकला | १०८ |
| ९.४. | मनोलिथिक प्रस्तर स्तम्भ | १०८ |
| ९.५. | स्तूप | ११० |
| ९.६. | विहार | ११२ |
| ९.७. | गन्धकुटी | ११५ |
| ९.८. | इनार (पोखरी) | ११५ |
| ९.९. | लौकिक वास्तुकला | ११८ |
| | निष्कर्ष | १२६ |
| | **परिच्छेद : दश** | |
| | **सैनामैनाका धार्मिक, प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू** | |
| १०.१. | विषय प्रवेश | १२७ |
| १०.२. | पर्रोहापरमेश्वर धाम | १२७ |
| १०.३. | मलमला धाम | १२८ |
| १०.४. | राजापानी सिमसार क्षेत्र | १२९ |
| १०.५. | लामीरह | १३० |
| १०.६. | सैनामैना : पर्यावरणीय तथा साँस्कृतिक सङ्ग्रहालय | १३१ |
| १०.७. | कोटियामाई थान बक्सडडाँडा | १३१ |
| १०.८. | किराँतेश्वर महादेव मन्दिर | १३२ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १०.९. | फूलवारी योगआश्रम क्षेत्र | १३३ |
| १०.१०. | कोटियाथान | १३३ |
| १०.११. | कर्साघाट तीर्थ क्षेत्र | १३४ |
| १०.१२. | कोटियामाई मन्दिर लखनपारा | १३५ |
| १०.१३. | बालउद्यान पार्क | १३६ |
| १०.१४. | थारू होमस्टे (घरघरमा बास घरघरमा गास) | १३६ |
| १०.१५. | भैरवनाथ मन्दिर | १३७ |
| १०.१६. | बोलवम हिलपार्क | १३८ |
| १०.१७. | पर्सवाल चौपारी (चौतारी), डिउहार र कुवा | १३८ |
| १०.१८. | सैनामैना समावेशी पार्क | १३९ |
| १०.१९. | गोरवाल कोटियामाई थान | १४० |
| १०.२०. | दुर्गामन्दिर मूर्गिया | १४० |
| १०.२१. | लुम्बिनी प्रवेशद्वार | १४१ |
| १०.२२. | सालझण्डी पर्यटकीय पार्क | १४२ |
| १०.२३. | रैनादेवी मन्दिर | १४२ |
| १०.२४. | कालमोचन मन्दिर | १४३ |
| १०.२५. | सत्चिन्तन (सच्चिन्तन) सामुदायिक प्रतिष्ठान | १४४ |
| १०.२६. | लुम्बिनी-तिनाउ सामुदायिक पुस्तकालय | १४४ |
| १०.२७. | पद्मपाणि आश्रम र प्राकृतिक चिकित्सा पद्धति | १४५ |
| १०.२८. | नमूना पर्यावरणीय सामुदायिक वन | १४६ |
| १०.२९. | डिउहार मुडहाबाबा | १४७ |
| १०.३०. | मेघाताल | १४७ |
| १०.३१. | दुर्गा मन्दिर | १४८ |
| १०.३२. | बुद्ध विहार | १४९ |
| १०.३३. | बुद्ध-सालिक | १४९ |
| १०.३४. | बुद्धनगर (पकलभेडा वा पखरभेडवा) को डिउहार र कुवा | १५० |
| १०.३५. | दुर्गाभवानी मन्दिर बनकट्टा | १५० |
| १०.३६. | सोरौली कुटी | १५१ |
| १०.३७. | सैनामैनाका चर्चहरू | १५२ |
| | **परिच्छेद : एघार** | |
| | **सैनामैना नगरपालिकासँग निकट सम्बन्ध गाँसिएका महत्त्वपूर्ण स्थलहरू** | |
| ११.१. | विषय प्रवेश | १५४ |
| ११.२. | रिब्दीकोट स्थित सेनकालीन दरवार | १५४ |
| ११.३. | रिब्दीकोट जलेश्वर मन्दिर क्षेत्र | १५५ |
| ११.४. | बल्ढेङगढी पाल्पा | १५५ |
| ११.५. | झिंगामारा (झिंगे माछा), ठूलीउदाङ र झण्डे टापु | १५६ |
| ११.६. | नुवाकोट जितगढी किल्ला | १५७ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ११.७. | पाल्पा माडी रूद्रेश्वर महादेव मन्दिर | १५८ |
| ११.८. | गजेडीताल | १५९ |
| ११.९. | तानसेनका मठमन्दिर, दरवार र बौद्धविहार | १५९ |
| ११.१०. | सैनामैना, हृषीकेश क्षेत्र रिडी र मुक्तिनाथको सम्बन्ध | १६० |
| ११.११. | देवदह रामग्राम | १६३ |
| | **परिच्छेद : बाह्र** | |
| | **सैनामैनाको सभ्यता र संस्कृति** | |
| १२.१. | विषय प्रवेश | १६४ |
| १२.२. | संस्कृतिको परिभाषा | १६४ |
| १२.३. | संस्कृतिका सम्बन्धमा केही मननीय परिभाषाहरू | १६५ |
| १२.४. | संस्कृति र सभ्यता निर्माणमा मानव मात्रको भूमिका | १६६ |
| | १२.४.१. वंशज बृद्धि वा सन्तान उत्पादन संस्कृति | १६६ |
| | १२.४.२. भौतिक संस्कृति | १६६ |
| | १२.४.३. काल्पनिक अभौतिक संस्कृति | १६६ |
| | १२.४.४. श्रम र चेतना निर्मित संस्कृति | १६७ |
| १२.५. | थारू जातिको भाषा, कला र संस्कृति | १६८ |
| | १२.५.१. विषय प्रवेश | १६८ |
| | १२.५.२. सैनामैनामा थारू जाति | १६८ |
| | १२.५.३. थारू जातिबारे विद्वान्हरूको भनाइ | १६८ |
| | १२.५.४. सैनामैना र यस क्षेत्रका प्रमुख थारू थरहरू | १७० |
| | १२.५.५. पारिवारिक बनोट | १७० |
| | १२.५.६. पुरूष र महिलामा कामको बाँडफाँड | १७० |
| | १२.५.७. थारू महिलाको अवस्था बुझाउने शब्दावली | १७१ |
| | १२.५.८. अतिथि सत्कार | १७२ |
| | १२.५.९. केही मुख्य-मुख्य नाता सम्बन्ध | १७३ |
| | १२.५.१०. केही स्थान विशेषका नामहरू | १७३ |
| | १२.५.११. थारू संस्कृति बारे | १७३ |
| | १२.५.११.१ थारू लोकसंस्कृतिको वर्तमान अवस्था | १७४ |
| | १२.५.११.२ थारू लोकसंस्कृतिको विधागत चर्चा | १७४ |
| | १२.५.११.३ वर्ष दिनभित्र गाइने लोकगीत विवरण | १७४ |
| | १२.५.११.४ प्रमुख लोकगीतहरू | १७५ |
| | १२.५.१२. गाउँ-ठाउँबाट बनेका केही शब्दावली | १७९ |
| | १२.५.१३. जातपात वा जीवजनावर जनाउने शब्दावली | १७९ |
| | १२.५.१४. लोककला | १८० |
| | १२.५.१४.१ हस्तकला | १८० |
| | १२.५.१४.२ खान-पान कला | १८१ |
| | १२.५.१४.३ वस्त्र तथा गरगहना | १८४ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | १२.५.१४.४ संस्कार | १८५ |
| | १२.५.१५. थारूहरूको चाडपर्व | १८८ |
| | १२.५.१६. निचोड | १९३ |
| १२.६. | मगर जातिको संस्कार-संस्कृति | १९४ |
| | १२.६.१. विषय प्रवेश | १९४ |
| | १२.६.२. मूलथलो | १९४ |
| | १२.६.३. भाषा | १९४ |
| | १२.६.४. सैनामैनामा मगर समुदायको जनसङ्ख्या | १९५ |
| | १२.६.५. जन्म संस्कार | १९५ |
| | १२.६.६. छैंटी | १९५ |
| | १२.६.७. न्वारन | १९५ |
| | १२.६.८. अन्नप्राशन | १९६ |
| | १२.६.९. छेवर (बालकटाइ) | १९६ |
| | १२.६.१०. विवाह | १९६ |
| | १२.६.११. धर्म | १९७ |
| | १२.६.१२. पहिरन र गरगहना | १९७ |
| | १२.६.१३. चाड पर्व | १९७ |
| | १२.६.१४. नाचगान र नृत्य | १९७ |
| | १२.६.१५. खानपान | १९७ |
| | १२.६.१६. अन्त्येष्ठि संस्कार | १९७ |
| १२.७. | मुसहर-समुदायको जीवन पद्धति | १९८ |
| | १२.७.१. विषय प्रवेश | १९८ |
| | १२.७.२. मुसहर जाति उत्पत्तिबारे केही कुरा | १९८ |
| | १२.७.३. मुसहर बाहुल्य स्थानहरू | १९८ |
| | १२.७.४. मुसहर जातिको विशेषता | १९९ |
| | १२.७.५. लैङ्गिक स्थिति | १९९ |
| | १२.७.६. मुसहर जाति भाषा, खानपान र पहिरन | १९९ |
| | १२.७.७. मुसहर जातिको निर्माण कला | २०० |
| | १२.७.८. मुसहर जातिको संस्कार | २०० |
| | १२.७.९. मुख्य चाडपर्वहरू | २०० |
| | १२.७.१०. लोकसंस्कृति, लोकनृत्य र लोकसाहित्य | २०१ |
| | १२.७.११. जातीय समूहहरू र राष्ट्रिय व्यक्तित्वहरू | २०२ |
| | १२.७.१२. उपसंहार | २०२ |
| १२.८. | खसब्राह्मण संस्कृति | २०४ |
| १२.९. | विविध धर्म संस्कार | २०५ |
| | १२.९.१. हिन्दू | २०५ |
| | १२.९.२. इस्लाम | २०५ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | १२.९.३. बौद्ध धर्म | २०५ |
| | १२.९.४. इसाई धर्म | २०५ |
| | निष्कर्ष | २०५ |
| | **परिच्छेद : तेह्र** | |
| | **सैनामैनाको पर्यटकीय संभावना** | |
| १३.१. | परिचय | २०६ |
| १३.२. | पर्यटकीय पहुँच | २११ |
| १३.३. | विद्यमान अवस्था | २११ |
| १३.४. | नगर क्षेत्रका संभाव्यताहरू | २१२ |
| १३.५. | यातायात | २१३ |
| १३.६. | आवास | २१३ |
| १३.७. | संचार र सूचना | २१३ |
| १३.८. | सञ्जाल | २१३ |
| १३.९. | पर्यटकीय उत्पादनहरू | २१४ |
| १३.१०. | समस्याहरू | २१४ |
| १३.११. | चुनौती | २१४ |
| १३.१२. | अवसर | २१६ |
| १३.१३. | दीर्घकालीन सोच | २१६ |
| १३.१४. | लक्ष्य | २१६ |
| १३.१५. | उद्देश्य | २१६ |
| १३.१६. | रणनीति | २१६ |
| १३.१७. | कार्यनीति | २१६ |
| १३.१८. | संभावना | २१७ |
| | १३.१८.१. तीर्थयात्रीय पर्यटन | २१७ |
| | १३.१८.२. सांस्कृतिक पर्यटन | २१९ |
| | १३.१८.३. प्राकृतिक पर्यटन | २१९ |
| | १३.१८.४. साहसिक पर्यटन | २२० |
| | १३.१८.५. व्यापार पर्यटन | २२० |
| | १३.१८.६. ग्रामीण पर्यटन | २२० |
| | १३.१८.७. खेल पर्यटन | २२० |
| | १३.१८.८. स्वास्थ्य पर्यटन | २२१ |
| | १३.१८.९. कृषि पर्यटन | २२१ |
| | १३.१८.१०. शिक्षा पर्यटन | २२१ |
| | १३.१८.११. पहाडी पर्यटन | २२१ |
| १३.१९. | क्रियाकलापहरू | २२१ |
| | निष्कर्ष | २२२ |

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | **परिच्छेद : चौध** | |
| | **उपसंहार (सारांश, प्राप्ति, सम्भावना र सुझाव)** | |
| १४.१. | विषय प्रवेश | २२४ |
| १४.२. | कपिलवस्तु दर्शनको महत्त्व | २२६ |
| १४.३. | कपिलवस्तु क्षेत्रका चिन्तक, साधक र दार्शनिकहरू | २२६ |
| | १४.३.१. महामुनि कपिल | २२६ |
| | १४.३.२. बौद्ध अभियान | २२७ |
| | १४.३.३. सिद्धार्थ गौतम बुद्ध | २२७ |
| | १४.३.४. पद्मपाणि अवलोकेश्वर | २२८ |
| १४.४. | सारनाथमा बुद्धले प्रथम पटक दीक्षित गरेका वोधिसत्व बारे | २२८ |
| १४.५. | खस मल्ल राजा रिपुबर्द्धन र अशोक स्तम्भ | २२९ |
| १४.६. | शुद्धोदनले निर्माण गरेको मौसम अनुकूलको दरवारहरू | २२९ |
| १४.७. | सैनामैना क्षेत्र एक विशाल पुरातात्विक सङ्ग्रहालय | २२९ |
| १४.८. | सेनकालीन योगदान | २२९ |
| १४.९. | रिडी हृषीकेश र पाल्पाली भैरवहरू | २३० |
| १४.१०. | भृङ्य (भृगु) ऋषि, विपश्यना र भृङ्यतुम्ङ्गेश्वर | २३० |
| १४.११. | बुद्धको सहजयान र रेसुङ्गाका सन्त शशिधर स्वामी | २३० |
| १४.१२. | सैनामैना र रिब्दीकोट जलेश्वर | २३० |
| १४.१३. | शाक्यपुरहरू | २३० |
| १४.१४. | मन्दिरै-मन्दिरको सहर सैनामैना | २३१ |
| १४.१५. | बहुसंस्कृतिको अपूर्व मिलन क्षेत्र सैनामैना | २३१ |
| १४.१६. | सैनामैना, संबुद्ध, पद्मपाणि र मुक्तिनाथ | २३१ |
| १४.१७. | सैनामैना, संबुद्ध, पद्मपाणि र राजधानी काठमाडौं | २३१ |
| १४.१८. | प्राचीन मूर्तिकला र वास्तुकलाको भण्डार सैनामैना | २३२ |
| १४.१९. | पर्यटन प्रवर्द्धनको महत्त्वपूर्ण गन्तव्य स्थल सैनामैना | २३२ |
| १४.२०. | प्रकृतिको वरदान सैनामैनाको पहिचान | २३२ |
| १४.२१. | सल्लाह-सुझाव | २३२ |
| | सन्दर्भ सामग्री सूची | २३४ |


❑❑

## परिच्छेद : एक
# अध्ययन पद्धति

### १.१ परिचय

पाँच नं. प्रदेशको रूपन्देही जिल्ला अन्तर्गत स्थानीय तहमा रहेका १६ पालिकाहरूमध्ये १ उप-महानगरपालिका, ५ नगरपालिका र १० गाउँपालिकाहरू रहेका छन्। २०६२/२०६३ को लोकतान्त्रिक आन्दोलनको सफलतासँगै स्थानीय तह पुनर्संरचनाका क्रममा सैनामैना नगरपालिकाको उदय भएको हो। पर्रोहा, दुधराक्ष र सालझण्डी गा.वि.स.हरूको सम्मिलनबाट निर्माण भएको क्षेत्र ऐतिहासिक र पुरातात्विक महत्त्वको भण्डारलाई साँचेर सैनामैना नगरपालिकाको रुपमा अस्तित्वमा आएको छ। सैनामैनाको पुरातात्विक महत्ता र महत्त्वको विषयमा लेखिएका साहित्यिक रचना र ग्रन्थहरू जति हुनुपर्ने हो त्यति पाइएका छैनन् र जति लेखिनु पर्ने हो त्यति लेखिएका छैनन्। तर पनि प्रकृतिमा खुल्ला पुस्तकका रुपमा यत्रतत्र छरिएर रहेका भग्नावशेषहरूले प्राचीन मानव सभ्यताको महत्त्वपूर्ण केन्द्र सैनामैना थियो भन्ने पर्याप्त सूचना प्रवाह भएको छ। केही विद्वान् अन्वेषकहरूले सैनामैनालाई आफ्नो पुस्तकमा अवश्य नै महत्त्वका साथ स्थान दिएका छन्। पद्मपाणिका प्रस्तर मूर्तिहरूध्यानयोग मुद्रामा प्राप्त हुनुले यो क्षेत्र योग साधना र उच्च सभ्यताको केन्द्र थियो भनेर सहजै अनुमान गर्न सकिन्छ। ५५ हजार ८ सय २२ जनसङ्ख्या रहको यस सैनामैनाको पूर्वमा बुटवल उपमहानगरपालिका, पश्चिमतर्फ कोठी नदी, बाणगंगा नगरपालिका कपिलवस्तु, उत्तरतर्फ चुरे श्रृङ्खलामा अवस्थित तिनाउ गाउँपालिका र रैनादेवी छहरा गाउँपालिका पाल्पा र दक्षिणतर्फ गैडहवा गाउँपालिका, शुद्धोदन गाउँपालिका र कञ्चन गाउँपालिका रहेका छन्। प्रागैतिहासिक र ऐतिहासिक अवशेषहरूको धनी यो नगरपालिका वर्तमानमा इतिहासको खोजी गर्दै ऐतिहासिक महापुरुषहरूको सम्मान र आदर गर्दै वर्तमानमा समृद्ध सैनामैना, समृद्ध सभ्यता र सँस्कृतिको संरक्षण र प्रवर्द्धनमा जुटेको पाइन्छ। पुर्खाको पौरख र इतिहासको गौरवबाट अनुप्राणित हुँदै अग्रगमनको पाइला चाल्न जमर्को गरेको देखिन्छ।

### १.२ अध्ययनको उद्देश्य

सैनामैनाको प्रागैतिहासिक र ऐतिहासिक महत्त्व र महत्ता के हो यसबारे यथार्थ धरातलमा उभिएर वर्तमानसँग जोडेर **सैनामैना दर्पण** तयार गर्नु अध्ययनको प्रमुख उद्देश्य रहेको छ। थप उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

- सैनामैनाको प्राग्ऐतिहासिक र ऐतिहासिक अध्ययनका स्रोत सामग्रीहरूको खोजी गरी सार्वजनिकीकरण गर्नु।
- मानवसम्यताको एउटा महत्त्वपूर्ण केन्द्रको रुपमा प्रतिनिधित्व गरेको ऐतिहासिक गौरवगाथाको उद्घाटित गर्नु।
- कपिलमुनिको साङ्ख्य दर्शन र बुद्ध अभियानको सन्दर्भमा सिद्धार्थ बुद्ध, कनकमणि बुद्ध, क्रकुच्छन्द बुद्ध र पद्मपाणि बुद्धहरूको योगदानका बारेमा चर्चा गर्नु।
- योगसाधनाको प्रकृति, प्रवृत्ति र महत्त्व बारे चर्चा गर्नु।
- उत्कर्षमा पुगेको यस क्षेत्रको मानव सभ्यता कसरी धराशयी भई खण्डहरमा परिणत भए, यस बारे पुरातत्वविद् र अन्वेषकहरूको ध्यानआकर्षण गर्नु।
- पाल्पाली सेनराजा तुथाराय सेनले सन् १३०६ (वि.सं. १३६३) मा स्थापना गरेको रिब्दीकोट राज्यकोहिउँदे राजधानी यसकै वेंसी क्षेत्र राजपुर र वर्षे राजधानी रिब्दीकोटदेखि जितगढी युद्ध र तदुपरान्तका केही प्रवृत्तिहरूको अध्ययन गर्नु।
- कपिलवस्तु र यसभित्रको सैनामैनाको अन्तरसम्बन्ध र व्यापकता बारे अध्ययन गर्नु।

### १.३ पूर्व अध्ययनको समीक्षा

यस सैनामैना क्षेत्रको सामग्रिक अध्ययन गरी भरपर्दो ग्रन्थ तयार भएको छैन। तर पनि केही स्वदेशी र विदेशी विद्वान्हरूले सैनामैनाको महत्त्व र महत्तालाई आफ्नो ग्रन्थमा समेटेकाछन्। डा. विष्णु प्रसाद घिमिरेको पाल्पा राज्यको इतिहास भाग १ र भाग २ मा, डा. गितु गिरीको वृहत् लुम्बिनी क्षेत्रका पर्यटकीय सम्पदामा, झपेन्द्र जी.सी.को कालिका मा.वि.को स्मारिकामा, रामप्रसाद भट्टराईको योग तथा प्राकृतिक चिकित्सा एवं सैनामैनाको साँस्कृतिक सम्पदा कार्यपत्र २४ वैशाख २०७५ मा र पर्सिवाल (लण्डन) समेतले सैनामैनाका बारेमा प्रकाश पारेको देखिन्छ। सैनामैनाको लिखित ग्रन्थको अभाव रहेपनि विना अक्षर र लिपिमा कुँदिएका प्रकृतिमा खुला पुस्तकका रुपमा रहेका प्राचीन भग्नावशेषहरूबाट पर्याप्त सूचना लिन र अध्ययन गर्न सकिने आधारहरू विद्यमान रहेका छन्। पी.सी. मुखर्जीको ए रिपोर्ट अन ए टुर अफ एक्सप्लेरेशन अफ द एष्टिक्विटिज अफ कपिलवस्तु तराई अफ नेपाल, मधुसूदन पाण्डेयको वौद्ध दर्शनको इतिहास, मायाप्रसाद काफ्लेको विश्वको इतिहास, अभय शर्मा र रविप्रसाद गुरागाईको नेपालका दार्शनिकहरू, मोहन वैद्य 'किरण'को हिमाली दर्शन, महाकवि बौद्धाचार्यको अश्वघोष अनुवाद मोदनाथ प्रश्रित वज्रसूची उपनिषद्, बम बहादुर थारुको रूपन्देहीको थारु समाज र सँस्कृति, आचार्य वलदेव उपाध्यायको भारतीय दर्शन की रुपरेखा, झपेन्द्र जी.सी.को हात्तीलेक सेरोफोरो, जनकलाल शर्माको जोसमनी संन्त परम्परा र साहित्य, डा. ऋषि प्रसाद शर्माको नेपाल राष्ट्रिय चाडपर्व, महेश चौधरीको नेपालको तराई तथा यसका भूमिपुत्रहरू, बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रुपरेखा, ए फुहररको एन्टिक्विटिज अफ द बुद्धज् वर्थ प्लेस इन् द नेपालिज तराई पुनर्मुद्रित, पूर्णदास मानन्धरको सैनामैनाका केही पुरातात्त्विक सामग्री, महेशमणि दीक्षितको विदुषी गार्गी आदि स्वदेशी विदेशी लेखक अनुसन्धानधाताका ग्रन्थहरूबाट धेरै जानकारी प्राप्त भएकोछ। स्थिति र आवश्यकता अनुसार लेखक, अनुसन्धानधाताहरूका ग्रन्थ र लेख रचनालाई अध्ययनको आधार बनाइएको छ।

### १.४ अध्ययनको औचित्य, उपयोगिता र महत्त्व

प्रकृतिको उपहार, सुन्दर वनवाटिका र जडिबुटीको भण्डार यस सैनामैना क्षेत्रमा हाम्रा पुर्खाहरूले आफ्नो सीप र प्रविधिको प्रयोग गरेर सुन्दर र उर्वर सामगाम (सैनामैना) गाउँवस्ती र सहर बसाए र एउटा नौलो उत्पादन पद्धति सहित सँस्कृति र सभ्यताको विकास गरे। ती सबै सामग्रीहरूलाई प्रयोग गरेर एउटा भरपर्दो ग्रन्थ तयार गर्न सके यो क्षेत्र प्राचीन मानव सभ्यता र सँस्कृतिको अध्ययन अनुसन्धान गर्ने एउटा आकर्षक **विशाल अध्ययन-अनुसन्धानशाला** हुन सक्ने अनुमान गरिएको छ। यसो भएमा यो क्षेत्रमा ऐतिहासिक, सभ्यता र सँस्कृतिको पर्यटन प्रवर्द्धन गर्ने आधार खडा भई स्वदेशी र विदेशी पर्यटकहरूलाई यस क्षेत्रमा आकर्षित गरेर सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र स्थानीय समुदायका लागि आय आर्जनका साथै आर्थिक समृद्धिको मार्ग प्रशस्त गर्ने र आत्म निर्भर बन्ने आधार तयार हुने देखिन्छ।

### १.५ अध्ययनको क्षेत्र

यस अध्ययनको क्षेत्र विशेष गरी सैनामैना नगरपालिका क्षेत्रका विभिन्न बस्ती बस्तीका महत्त्वपूर्ण भग्नावशेषहरूनै अध्ययनको क्षेत्र हुनेछन्। साथसाथै स्थिति आवश्यकता र विभिन्न स्थानहरूसँगको सम्बन्ध अनुसार सैनामैनासँग जोडिएका तिलौराकोट, लुम्बिनी, निक्लीहवा, गोटीहवा, बुटवल उपमहानगरपालिका, शुद्धोदन गाउपालिका, गैडहवा गाउँपालिका, कञ्चन गाउँपालिका, तिनाउ गाउँपालिका, रिब्दीकोट गाउपालिका, तानसेन नगरपालिका, रैनादेवी छहरा गाउँपालिका, रुरु गाउँपालिका, राजधानी काठमाडौं उपत्यका, मुक्तिनाथ मुस्ताङ लगायत अन्य गाउँपालिका समेत अध्ययनका क्षेत्र हुनेछन्। तुलनात्मक रुपले अध्ययन गर्दा पौराणिक ग्रन्थहरू, मौर्यकालीन, कुषाणकालीन ग्रन्थ र प्राप्त सामग्रीहरूको अध्ययन विश्लेषण समेत हुनेछ।

### १.६ अध्ययन सामग्री सङ्कलन तथा विश्लेषण विधि

विभिन्न विद्वान्हरूले सैनामैनाका सन्दर्भमा लेखेका लेख, रचना र ग्रन्थहरूको सङकलन गरिनेछ । सैनामैनासँग सम्बन्धित अनुभवी पाकापुस्ता, विद्वान् अन्वेषकहरू र स्थानीय जनप्रतिनिधिहरू, राजनीतिककर्मीहरू, संचारकर्मी र सामाजिक अभियान्ताहरूसँग प्रत्यक्ष सम्पर्क गरी सूचना प्राप्त गरिनेछ। यसका साथसाथै रानीवगिया, रानीकुवा, वौराहा खोला, ठूलोकुवा, जोगीडाँडा (योग डाँडा), जोग दमार, ठूलोप्लेट, पर्रोहा बोलबम धाम, मलमला देवी मन्दिर, रिडसिङ-रिब्दीकोट, आदि प्राकृतिक खुला क्षेत्रमा रहेका दरबार, मठ-मन्दिर, प्रस्तरकला, पद्मपाणिका प्रस्तर मूर्तिहरू, इनार, चक्का, शिलालेख जस्ता सामग्रीहरूको प्रत्यक्ष अवलोकन गरी सूचना प्राप्त गरिनेछ। ती सामग्रीहरूको तुलनात्मक अध्ययन विश्लेषण गरेर तथ्य र तर्कका आधारमा पुष्टयाइँ गरिनेछ। साथसाथै विभिन्न जातीय सँस्कृतिहरू मध्ये थारु सँस्कृति, मगर सँस्कृति, खस ब्राह्मण सँस्कृति, मुसहर सँस्कृति आदि समेतको तुलनात्मक अध्ययन विधिबाट यथार्थताको नजिक पुग्ने प्रयत्न हुनेछ।

## परिच्छेद : दुई
# सैनामैनाको परिचय

### २.१ विषय प्रवेश

साङ्ख्य दर्शनका सूत्राधार महामुनि कपिलको नामबाट चिनिने प्राचीन कपिलवस्तु देश अनेकौं चिन्तक, साधक र दार्शनिकहरूको जन्ममूमि, कर्ममूमि र साधनाभूमिकारुपमा सुपरिचित छ । यही गौरवपूर्ण ऐतिहासिक भूमिमा शाक्य कुलमा शान्ति र अहिंसाको दीप प्रज्ज्वल गर्ने एसियाका ताराको नामले विश्वविख्यात सिद्धार्थ गौतम बुद्धको इ.पू. ५६३ मा लुम्बिनीमा जन्म हुनु आफैमा गौरवको विषय हो । पूर्वमा कोलीय गणराज्य पश्चिममा अचिरावती (हालको रापती) दक्षिणमा कोशलराज्य र उत्तरमा हिमालय पर्वत श्रृङ्खलासम्म व्याप्त रहेको भूमि नै प्राचीन कपिलवस्तुदेश थियो । यस गणतन्त्रात्मक राज्यका राजा (निर्वाचित राजा रहने) वा व्यवस्थापक शाक्य वंशीय खलक रहेको इतिहास छ । महायान एवम् वज्रयान सम्प्रदायका हठयोगी (हठयोग साधक) पद्मपाणि अवलोकेश्वर बुद्ध/बोधिसत्वको ध्यानयोग क्षेत्र यही सैनामैना क्षेत्र र विशेष गरी प्राकृतिक चिकित्सा केन्द्र क्षेत्रमा भएको स्थानीय जनसमुदायको विश्वास हुनुले यस क्षेत्रको गौरव बृद्धि हुनु स्वभाविकै हो । हिमालदेखि तराईसम्म विस्तृत शाक्यभूमि वा बुद्धभूमि प्राचीन कपिलवस्तु देश, पछिल्ला दिनमा तराईको सानो भूभागमा कपिलवस्तु जिल्लाका रुपमा साँगुरिन गए पनि कपिलवस्तु शब्दको मूल्य र मान्यता बुद्ध जन्मस्थल लुम्विनी बनेर विश्वलाई सर्वाधिक आकर्षण गर्न सफल भएको छ। प्राचीन गौरवपूर्ण विराशत बोकेको कपिलवस्तु देशको रुपन्देही जिल्लाका १६ स्थानीय पालिकाहरू मध्ये सैनामैना नगरपालिका एक महत्त्वपूर्ण विशेषता र पुरातात्विक सङ्ग्रहालयका रुपमा साँचेर राख्नुले दर्शनीय स्थल पनि बनेको छ। अक्षर र लिपिमा यसको वास्तविक गौरवपूर्ण इतिहास लिपिवद्ध गर्न इतिहासकारहरू चुके पनि सिङ्गो सैनामैना क्षेत्र एउटा प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक धरोहरको रुपमा अवस्थित रहेको छ। जिज्ञासु पाठकहरू र शोध अनुसन्धानधाताहरूलाई मन माफिक अध्ययन गर्ने अवसर प्राप्त छ।

### २.२ भौगोलिक र सामाजिक परिचय

यहाँ रुपन्देही जिल्ला अन्तर्गत रहेको सैनामैनाको सङ्क्षेपमा परिचय प्रस्तुत गरिन्छ । नेपाल देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पछि वैशाख २७, २०७१ मा साविक पर्रोहा गा.वि.स. र दुधराक्ष गा.वि.स. सम्मिलन भई नयाँ स्वरुपमा कायम भएको सैनामैना नगरपालिकाले नेपालको संविधानको नयाँ व्यवस्था अनुरुप स्थानीय तहको पुनर्संरचना गर्ने क्रममा साविक सालझण्डी गा.वि.स. समेतलाई सम्मिलन गराउँदा यसको क्षेत्रफल १६२.१८ वर्ग कि. मा विस्तारित छ। ब्राह्मण, क्षत्री, थारु, मगर, नेवार, सार्की, कामी, दमाई, यादव, मुराउ, हरिजन, पत्थरकट्टा आदि समेतको साझा फूलवारीका रुपमा रहेको यस मनोरम सैनामैनामा २०६८ को राष्ट्रिय जनगणना अनुसार १२३९२ घर कुरियामा ५५ हजार ८२२ जनसङ्ख्या रहेको तथ्याङ्कले देखाउँछ । यो नगरपालिका पाँच नं. प्रदेशको राजधानी बुटवलदेखि पश्चिम, रुपन्देही जिल्लाको सदरमुकाम सिद्धार्थनगर (भैरहवा) देखि उत्तर पश्चिम एवम् बुद्धको जन्मस्थल लुम्बिनीदेखि उत्तर दिशातर्फ मनोहारी, रमणीय चुरे पर्वत श्रङ्खलाको दक्षिणी काखमा अवस्थित छ। विश्वमान चित्रमा २७ डिग्री ३८ मिनेट ३९.५ सेकेण्ड अक्षांश देखि ८३ डिग्री २३ मिनेट ३६.६२ सेकेण्ड पूर्वी देशान्तरसम्म यो नगरपालिका अवस्थित रहेको छ । यसरी नै यस नगरपालिकाको पूर्वमा बुटवल उपमहानगरपालिका पश्चिममा कञ्चन गाउँपालिका र वाणगङ्गा नगरपालिका (कपिलवस्तु), उत्तरमा शीतगङ्गा नगरपालिका अर्घाखाँची), रैनादेवी छहरा गाउँपालिका (पाल्पा) र तिनाउ गाउँपालिका (पाल्पा) र दक्षिणमा शुद्धोदन गाउँपालिका, गैडहवा गाउँपालिका र कञ्चन गाउँपालिका रहेका छन् । पूर्वपश्चिम राजमार्ग सैनामैनाको बिचोबिच भागबाट संचालन भए पछि सहज पहुँच स्थापना हुनुले यो राजमार्ग स्वाभाविक रूपमा समृद्ध सैनामैना र सुखी सैनामैनाबासीको भविष्य निर्माणको भाग्यरेखा बनेको छ।

## २.३. जातजाति र भाषाभाषीको विवरण

यस सैनामैना क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिहरूले बोल्ने भाषा र तिनीहरूको विवरण २०६८ सालको जनगणना अनुसार देहाय बमोजिम रहको छ।

### २.३.१ जनसङ्ख्या विवरण

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | १,७३२ | ३,५३५ | ४,१८३ | ७,७१८ |
| २ | ७६९ | १,५११ | १,९११ | ३,४२२ |
| ३ | ९७४ | १,८४५ | २,२७३ | ४,११८ |
| ४ | १,६४३ | ३,३१९ | ३,९६० | ७,२७९ |
| ५ | १,२४५ | २,८०३ | ३,१५० | ५,९५३ |
| ६ | १२२२ | २४६९ | २९६४ | ५४३३ |
| ७ | ८५७ | १,९१२ | २,२०९ | ४,१२१ |
| ८ | ८७६ | १,८१७ | १,९८८ | ३,८०५ |
| ९ | ७५५ | १४८० | १८४९ | ३३२९ |
| १० | १२६९ | २५२३ | ३०८३ | ५६०६ |
| ११ | १०५० | २३१४ | २७२४ | ५०३८ |
| **जम्मा** | १२,३९२ | २५,५२८ | ३०,२९४ | ५५,८२२ |

स्रोत: तथ्याङ्क कार्यालय

### २.३.२ जातिगत विवरण

| क्रं.सं. | जातजाति | जम्मा | क्रं.सं. | जातजाति | जम्मा |
|---|---|---|---|---|---|
| १ | क्षत्री | ५९२६ | २१ | दुसाद/पासवना/पासी | ६४ |
| २ | ब्रामण पहाडी | १७२७२ | २२ | सोनार | १५ |
| ३ | मगर | १०२१६ | २३ | केवट | ८५ |
| ४ | थारु | १०५७९ | २४ | वानिया | ७३ |
| ५ | तामाङ्ग | ४९ | २५ | कहार | ११ |
| ६ | नेवार | ९४० | २६ | मल्लाह | ६१५ |
| ७ | मुस्लिम | १४८ | २७ | कुमाल | ४४१ |
| ८ | कामी | ४२६३ | २८ | हजाम/ठाकुर | ५९ |
| ९ | यादव | २५९ | २९ | अन्य | १६० |
| १० | राई | ४४ | ३० | हलुवाई | २५ |
| ११ | गुरुङ्ग | ४०५ | ३१ | वादी | ११५ |
| १२ | दमाई/ढोली | १६४६ | ३२ | थकाली | २१ |
| १३ | ठकुरी | ७८४ | ३३ | गाइने | ७२ |
| १४ | सार्की | ७९६ | ३४ | पत्थरकट्टा | १२ |
| १५ | तेली | १२ | ३५ | लोध | १०७ |

| क्र.सं. | जातजाति | जम्मा | क्रं.सं. | जातजाति | जम्मा |
|---|---|---|---|---|---|
| १६ | चमार/हरिजन/राम | ८३ | ३६ | माझी | ३३ |
| १७ | तराई अन्य | १३ | ३७ | कोइरी | ३० |
| १८ | कोम्हार | १४ | ३८ | कुर्मी | १७ |
| १९ | सन्यासी | ३५० | ३९ | सुनुवार | २३ |
| २० | मुसहर | ६९ | | | |

स्रोतः तथ्याङ्क कार्यालय

**२.३.३ भाषाको आधारमा जनसङ्ख्या**

| क्र.सं. | विवरण | जनसङ्ख्या | क्रं.सं. | विवरण | जनसङ्ख्या |
|---|---|---|---|---|---|
| १ | नेपाली | ३९७१८ | ८ | गुरुङ | २१७ |
| २ | थारु | १००३९ | ९ | उर्दु | ३३ |
| ३ | मगर | ३३९० | १० | अवधी | २७४ |
| ४ | भोजपुरी | १०५७ | ११ | राई | ७२ |
| ५ | हिन्दी | ८४ | १२ | अन्य | ११ |
| ६ | नेवार | ६२७ | | **जम्मा** | ५५८२२ |
| ७ | मैथिली | ३०० | | | |

स्रोतः तथ्याङ्क कार्यालय

**वडागत क्षेत्रफल र चार किल्ला विवरण**

| वडा नं. | क्षेत्रफल वर्ग कि.मि. | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|
| १ | १३.४४ | बुटवल उपमहानगरपालिका | वडा नं. २ र ४ | पाल्पाको तिनाउ गाउँपालिका | शुद्धोधन गाउँपालिका |
| २ | १२.७४ | वडा नं. १ | वडा नं. ३ र ४ | पाल्पाको तिनाउ गाउँपालिका | वडा नं. १ र ४ |
| ३ | ८.६५ | वडा नं. २ | वडा नं. ५ | पाल्पाको तिनाउ गाउँपालिका | वडा नं. ४ |
| ४ | ६.७२ | वडा नं. १ र २ | वडा नं. ५ | वडा नं. ३ | शुद्धोधन गाउँपालिका |
| ५ | १६.०४ | वडा नं. ३ र ४ | वडा नं. ६ र ७ | पाल्पाको तिनाउ गाउँपालिका | शुद्धोधन गाउँपालिका |
| ६ | २२.३ | वडा नं. ५ | वडा नं.८ | पाल्पाको तिनाउ गाउँपालिका | वडा नं. ७ |
| ७ | ८.३५ | वडा नं. ५ | वडा नं. ८ र कन्चन गाउँपालिका | वडा नं. ६ | शुद्धोधन र गैडहवा गाउँपालिका |
| ८ | ६.५४ | वडा नं. ६ र ७ | वडा नं. ९ | पाल्पाको रैनादेवी छहरा गाउँपालिका | कन्चन गाउँपालिका |

| वडा नं. | क्षेत्रफल वर्ग कि.मि. | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|
| ९ | २१.४४ | वडा नं. ८ र ७ | वडा नं. १० र ११ | पाल्पाको रैनादेवी छहरा गाउँपालिका | वडा नं. ११ र कन्चन गाउँपालिका |
| १० | २५ | वडा नं. ९ | कपिलवस्तुको वाणगंगा नगरपालिका | पाल्पाको रैनादेवी छहरा गाउँपालिका र अर्घाखाँचीको शीतगङ्गा नगरपालिका | वडा नं. १० र कन्चन गाउँपालिका |
| ११ | २०.९६ | वडा नं. ९ | कन्चन गाउँपालिका | वडा नं. ९ र १० | कन्चन गाउँपालिका |

## २.४ सैनामैनाको नामकरण र विशेषताकासम्बन्धमा विभिन्न भनाइहरू

### २.४.१ **सेनामेनाको पर्यायवाची सैनामैना**

इतिहासको गौरवपूर्ण गाथा बोकेको सैनामैना शब्दको व्युत्पत्ति कसरी भयो भन्ने सन्दर्भमा विभिन्न इतिहासकारहरूले आ(आफ्ना मत प्रकट गरेका छन्। डा. घिमिरेले लेख्छन् ( सन् १८५७ मा भारतमा सिपाही विद्रोह हुँदा लखनऊकी रानी वेगमको कोठी (ढुकुटी) पनि लुटिँदा आफ्ना सैना (सेना=रक्षक) र मैना (मेना=भरिया) अर्थात् सेनामेना लिई आत्म सुरक्षाका निम्ति नेपालतर्फ प्रवेश गरी उक्त प्राचीन सहरका थोत्राघरमा केही दिन लुकेर बसिन्। पछि त्यहाँ पनि वैरीहरू खोज्दै आएको थाहा पाई उत्तरतर्फ लागेर रिब्दीकोट हुँदै शरणार्थीका रुपमा काठमाडौं पुगेको तथा यस सैनामैना क्षेत्रमा उनी सैनामैना अर्थात् सेनामेनाका साथ लुकेर बसेको हुनाले यस क्षेत्रलाई सैनामैना भनिएको हो । रानीले सो अवसरमा प्रशस्त धन गाडेको अनुमान गरी पाल्पामा हाकिम भई आउने राणा (खड्ग शमशेर) ले खन्न लगाई हेरेका हुन्। खनेका ठाउँ अझै यत्रतत्र देखिन्छन्।[१]

### २.४.२ **सामगामको पर्यायवाची सैनामैना**

डा. गितु गिरी लेख्छन्[२] - दीघनिकाय पासादिक सुत्तका अनुसार सामगाम ग्राम बेधञ्ञ नगरको नजिकै अवस्थित थियो। बुद्ध यहाँ आएको अवस्थामा पावामा महावीरको देहान्त भएकाले सोको खवर चुन्द समणुद्देश्यले आनन्दलाई दिएका थिए। आनन्दले यो खवर बुद्धलाई सुनाए। बुद्धले मज्झिम निकायको सामगाम सुत्तान्तको उपदेश यसै स्थान (सैनामैना) मा दिएका थिए। सामगाममा आकर्षक तथा मनमोहक पुष्करिणीमा पद्मपुष्प फक्रेका तथ्य अङ्गुत्तर निकायमा उल्लेख गरिएको छ। आचार्य बुद्धघोषले यहाँ बढी साम, सामक वा साबाँ (साना गेडा हुने एक खालको अन्न) उत्पादन हुने भएकोले सामगाम नामकरण गरिएको तर्क प्रस्तुत गरेका छन्। यो स्थान पहिचानको सिलसिलामा रुपन्देही जिल्ला पर्रोहा सोरौली गाउँको आवादी पूर्व सेमलारदेखि पश्चिम बौराहा खोलाको शिरदेखि दक्षिण र महेन्द्र राजमार्गको उत्तरपट्टि अवस्थित सैनामैना क्षेत्र प्राचीन सामगाम हुनसक्ने देखिन्छ। यो पुरातात्विक एवं सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थानको रुपमा रहेको छ । प्राचीन शाक्यहरूको कपिलबस्तु राज्यको भौगोलिक क्षेत्रभित्र पर्ने बिभिन्न उत्पादनशील गाउँहरूमध्ये सामगाम नामलाई नै कालन्तरमा सैनामैना भनिएको तथ्य पुरातत्वविद्हरूको छ ।" सैनामैनाको रानीकुवा नजिक सिमसार क्षेत्र रहेको त्यो सिमसार क्षेत्रमा राता र सेता

१. डा.विष्णुप्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास;(भाग १), चितवनः पदमकुमारी घिमिरे, २०६९, पृ. १२८,
२. डा. गितु गिरी, वृहत लुम्बिनी क्षेत्रका पर्यटकीय सम्पदा, प्रकाशक ऐरावती प्रकाशन प्रा.लि., काठमाडौं , २०६९, पृ. ११८-११९

कमलका फूलहरू फुल्ने गरेको र रानीकुवाभन्दा करिब ३०० मिटर दक्षिणको पोखरीमा पनि पर्याप्त सेतो कमल फुल्ने गर्दथे तर मानव बस्तीको विकास भई पोखरी र सिमसार क्षेत्र पुरिन गएपछि कमलका फूल लगायत जैविक विविधता मासिन गएको स्थानीय बासी वर्ष ६२ का पतिराम चालिसेले बताएका छन् । यसबाट पनिपुष्करिणीमा पद्मपुष्प फक्रेको भनिएको स्थान यही सैनामैनाको रानीकुवा सिमसार क्षेत्र भएको निचोडमा पुग्न सकिन्छ।

### २.४.३ झाँसीकी रानीको शरणागत क्षेत्र सैनामैना

यसरी नै झाँसीकी रानी लक्ष्मी वाई (मनुवाई) पनि अङ्ग्रेजहरूको दमन सहन नसकी झाँसीकिल्ला छोडेर आत्म सुरक्षार्थ मुख्य सेनानायक (तात्याटोपे) को सुरक्षा दलवल (सेना र मेना) सहित आएर यसै सैनामैनामा शरण लिएर बसेको हुँदा यस ठाउँको नाम सैनामैना भएको पनि बताइन्छ।[३]

### २.४.४ महामाया देवीकी सैना सैनामैनाकी मैना

शान्तिका अग्रदूत बुद्धकी माता महामाया देवीले यसै सैनामैना क्षेत्रकी मैना नामकी रानीसँग (रानी भनेर सम्मानपूर्वक सम्बोधन गरिने सामगामकी नायिकासँग सैना लगाएको हुँदा यस क्षेत्रको नाम सैनामैना भएको पनि किम्वदन्ती रहेको छ।[४]

### २.४.५ सैनामैनामा बुद्धको दरबार


डा. विष्णु घिमिरेका अनुसार "नेपालमा आउने विदेशी विद्वान् पर्सिवल (लण्डन)ले यस ठाउँलाई स्थानीय मानिसहरू बुद्धको दरवार भन्छन् भनी उल्लेख गरेका छन्"[५] राजा शुद्धोदनले आफ्ना छोरा राजकुमार सिद्धार्थको दिल शान्तिको लागि राज्य भित्रका तीनवटा ठाउँमा तीनवटा दरबार निर्माण गरेको भनी विद्वान्हरूले उल्लेख गर्नुले[६] पनि एउट दरबार यही सैनामैनामा हुन सक्ने सम्भावनालाई देखाउँछ।

### २.४.६ भग्नावशेषको अभिव्यक्ति तीन सहर

डा. विष्णु घिमिरेका अनुसार "सैनामैनालाई ३ सहर सैनामैना"[७] भनिएकोमा त्यहाँको भग्नावशेषको प्रकृतिबाट सैनामैना ३ वटा ब्लकमा रहेको पुष्टि हुन्छ । पूर्व पश्चिम राजमार्गको रानीबगिया र मूर्धनीदेखि पूर्व रानीकुवा भग्नावशेषसम्म एउटा सहर, रानीकुवादेखि पूर्व सिमसार क्षेत्रसमीप बीचटोलदेखि बौराहा खोलासम्म एउटा सहर र बौराहा खोलादेखि पूर्व बुटवल उप-महानगरपालिका वडा नं. १२ को चारपाला सामुदायिक वन क्षेत्रको जोगिडाँडा (योग साधना) ठूलोप्लेटसम्म एउटा सहरसमेत गरी ३ सहर रहेको देखिन्छ।

---

३. डा. गितु गिरी, वृहत लुम्बिनी क्षेत्रका पर्यटकीय सम्पदा, ऐरावती प्रकाशन प्रा.लि., काठमाडौं, २०६९ पृ. ११८-११९
४. डा. गितु गिरी पूर्ववत पृ. ११८-११९
५. डा. विष्णुप्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास;(भाग २), चितवन: चितवन अध्ययन केन्द्र भ.न.पा. २, पृ. १२८
६. डा. दिल बहादुर क्षत्री, प्राचीन तथा पूर्व मध्यकालिक नेपाल; प्रका.निरन्तर प्रकाशन बागबजार काठमाडौं, २०६२, पृ. १०१
७. डा. विष्णु घिमिरे, पाल्पा राज्यको इतिहास भाग २ प्रका. चितवन अध्ययन केन्द्र भ.न.पा. २, चितवन, पृ. १२८



पुरावशेषका अवस्थिति तथा इतिहासविद्हरूको अध्ययन अनुसन्धानमा सैनामैनाको प्राचीन सहर

**निष्कर्ष :** नेपालको संविधानको भावना बमोजिम संरचित सैनामैना नगरपालिका रुपन्देही जिल्लाको एउटा प्राचीन ऐतिहासिक, पुरातात्विक, कलाकृति र संस्कृतिले सम्पन्न महत्त्वपूर्ण नगरपालिका हो । ३९ जातजातिको साझा र सुन्दर फूलबारीका रुपमा रहेको यो नगरपालिकामा ५५,८२२ जनसङ्ख्याले बसोबास गर्दछन् । सेना (अङ्गरक्षक सैनिक जवान), मेना (भरियाहरू), माहामाया देवीले सैना लगाएकी प्राचीन सामगामकी भद्र महिला, साम (एक खालको सानो दाना फल्ने अन्न खेती गरिने ग्राम/गाउँ (गाम) को नामबाट सैनामैना नामकरण भयो भन्ने विभिन्न मत विद्वान्हरूले राख्ने गरेका छन् । कुनै समय झाँसीको रानी र लखनऊकी रानीको शरणागत क्षेत्र सैनामैना बुद्धकालीन तीन शहरको नामले पनि कहलिएको छ । नाम जसरी रहेको किन नहोस्, यसको मुख्य परिचय यहाँका पुरातात्वि प्रस्तरकला, धातुकला, दरबार महल र इनारका आकृतिजन्य पुराअवशेषहरूको अभिव्यक्तिले सैनामैनाको गौरव वृद्धि गरिरहेका छन् ।

## परिच्छेद : तीन

# सैनामैना नगरपालिकाको प्रागैतिहासिक र ऐतिहासिक पृष्ठभूमि

### ३.१ विषय प्रवेश

सैनामैना प्रागैतिहासिक र ऐतिहासिक कालदेखि नै कपिलवस्तु र लुम्बिनीको अभिन्न अङ्ग रहँदै आएको छ। त्यसैले सैनामैनाको इतिहास खोतल्दा कपिलमुनि, कपिलमुनिको साङ्ख्य दर्शन र कपिलवस्तुको व्युत्पत्ति बारे परिचित हुनु प्रथम आवश्यक देखिन्छ। यसका साथै कपिलवस्तुसँग नजिकको सम्बन्ध गाँसिएको शाक्यसभ्यता, कोलीयसभ्यता, बुद्ध र बोधिसत्वहरूर बुद्ध अभियानको पृष्ठभूमि, वैदिक उपनिषद्कालको धार्मिक सँस्कार पद्धति र त्यसै पृष्ठभूमिमा जन्मेको प्राकृतिक भौतिकवादी साङ्ख्य दर्शन र त्यही साङ्ख्य दर्शनको पृष्ठभूमिमा जन्मेको बौद्धदर्शन र बौद्ध अभियान तथा कनकमुनि बुद्ध, ऋकुच्छन्द बुद्ध लगायतको पृष्ठभूमि र तत्कालीन सामाजिक र आर्थिक अवस्थाका अतिरिक्त रामग्राम, सैनामैना (सामगाम) र तिलौराकोट, देवदह, निग्लिहवा जस्ता प्राचीन नगर ग्रामवस्तीहरूको अध्ययन पनि उत्तिकै आवश्यकता रहन्छ।

चुरेपर्वत श्रृङ्खला क्षेत्रको मैदानी भाग भावर प्रदेश र तराई प्रदेशको भूभागमा अवस्थित सैनामैनाको आफ्नो अलग पहिचान र सभ्यता पनि छ। दु:खको कुरा प्राचीन वैभवशाली सभ्यता र संस्कृति धर्तीको सतहमुनि पुरिएर रहेका छन्। खुल्ला आकाशमुनि अक्षर र लिपि विनाका ती साक्षात् ऐतिहासिक विशाल पुस्तकहरू यत्रतत्र छरिएर रहेका छन्। अक्षर र लिपिविनाका ती भग्नावशेषका रुपमा रहेका प्रस्तरकला, काष्ठकला, धातुकला, इँटा र कुँदिएका शिलाहरू, इनारहरू, प्रस्तर मूर्तिहरू अविलम्व पढ्नु पर्ने अवस्था रहेको छ। मानव सभ्यताका ती सामग्रीहरूको संरक्षण गर्नु, तिनीहरूको मूल्य र महत्त्व बारे सार्वजनिक प्रचार र व्यवस्थापन मिलाउनु तथा गौरवपूर्ण इतिहासप्रति जिज्ञासु हुँदै नवसभ्यता र नवसंस्कृति निर्माण गर्नु वर्तमानको दायित्व हो। विश्वका मानव जातिलाई शान्ति र अंहिसाको सन्देश दिन सफल कपिलभूमि अथवा बुद्धभूमिलाई कस्तुरीले आफ्नै वीनाको वासना र त्यसको महत्त्वलाई बुझ्न नसकेर दूरदूर भौंतारिए झैं कतै भौंतारिँदै छौँ। त्यसैले तिलौराकोट, लुम्बिनी, देवदह र रामग्रामकै समकक्ष रहेको प्राचीन सामगाम (सैनामैना) क्षेत्र अध्ययन अनुसन्धान गर्नु इतिहासप्रतिको कर्तव्य निर्वाह समेत हुनेछ। हामी प्रायश: दर्शन, सिद्धान्त, राजनीति, मानव सभ्यता र संस्कृति बारे अध्ययनको श्रीगणेश गर्दा एथेन्स र रोमतिर पुग्दछौँ। थेलिस र दाँते, सुकरात र प्लेटो अनि एरिसटोटलको चर्चा गर्न पुग्दछौँ। हाम्रो अध्ययन शैली यस्तै छ। दक्षिण एसियाली क्षेत्रमा कुन कुन दार्शनिकहरू, चिन्तक र साधकहरू जन्मिए र उनीहरूको दर्शनका क्षेत्रमा, राजनीतिक सिद्धान्त र व्यवहारमा, उत्पादन पद्धति र निर्माण पद्धतिको क्षेत्रमा के कस्ता अभ्यास र प्रयोग भए अलि कमै चर्चा गर्दछौँ। नील नदीको सभ्यता, मिश्रको सभ्यता, सिन्धुघाटीको सभ्यता, मोहन्जोदडो र हरप्पाको सभ्यता चाखपूर्वक अध्ययन गर्दछौं तर आफ्नै हिमाली, पहाडी र तराईको प्राचीन सभ्यताको सन्दर्भमा कम चासो राख्छौं र कम अध्ययन गर्दछौं भन्दा अन्यथा हुने छैन। शोध अनुसन्धानका क्षेत्रमा त हामी धेरै पछाडि छौँ, त्यसको उदाहरणस्वरुप कपिलवस्तु, तिलौराकोट र लुम्बिनीको अध्ययन अनुसन्धान धेरै पछि अर्थात् पाल्पाका गौँडा प्रमुख खड्ग शम्शेर राणा (वि.सं. १८४८-१८५९) भएको बेला मात्र सुरु हुनुले देखाउँछ। बुद्ध दर्शनले एसिया र एसिया बाहिर राम्रो पकड जमाइसक्दा बुद्धकै आँगन र बुद्धकै खेलमैदान सैनामैना समेतको यथार्थपरक ग्रन्थ तयार नहुनुले हामीलाई गिज्याइ रहेको प्रतीत हुन्छ। त्यसैले यहाँ लुम्विनी र तिलौराकोट, रामग्राम र देवदहको पृष्ठभूमिमा उभिएर सैनामैना र सैनामैना आसपासको अध्ययनलाई अगाडि बढाउने प्रयत्न गरिएको छ।

### ३.२ प्रागैतिहासिक इतिवृतान्त

ऋग्वैदिक कालमा प्रकृति पूजक रहेको समाजमा उपनिषद्कालमा आइपुग्दा यागयज्ञादि, हवन, वलिपूजा (गोमेध, अश्वमेध र नरमेध समेत) ले स्थान पायो। धार्मिक अन्धतामा वृद्धि भयो। इहलोक, परलोक, स्वर्ग, नर्क,

आत्मा, परमात्माको काल्पनिक संसार निर्माण गरियो । यो सारा विश्व व्रह्माण्ड, पृथ्वी आकाश र मानव जाति, पशुपन्छी, जलचर, थलचर, नभचर, उभयचरहरू र वोटविरुवा/वनस्पति जगत्को सिर्जना, परमात्मा/प्रभुको अनुकम्पाबाट भएको हो र परमात्मकै इच्छामा परिचालन र विनाश पनि हुन्छ भन्ने खालको दार्शनिक विचारको स्थापना भयो।

सोही दार्शनिक आधारमा साहित्य सिर्जना गर्ने प्रणालीको विकास भयो र ठूलाठूला धार्मिक ग्रन्थहरू सिर्जना भए। त्यही सामाजिक पृष्ठ भूमिबाट सामाजिक सुधार र नव सभ्यता निर्माणका लागि चिन्तक, साधक मनिषिहरूको पनि जन्म भयो। त्यसै क्रममा सामाजिक धार्मिक सुधारको लक्ष्य बोकेर चिन्तन मनन् हुन थाले। त्यसैक्रममा दक्षिण एसियाली क्षेत्रमा साङ्ख्य दर्शन, सिद्धान्त र व्यवहार, चार्वाक दर्शन सिद्धान्त र व्यवहार, लोकायत दर्शन सिद्धान्त र व्यवहार, जैन दर्शन सिद्धान्त र व्यवहार, योग दर्शन सिद्धान्त र व्यवहार, बुद्धदर्शन, सिद्धान्त र व्यवहार एउटा अभियानका रुपमा अगाडि बढ्दै आएको पाइन्छ।

### ३.३ साङ्ख्य दर्शन,कपिलमुनि र कपिलवस्तु

साङ्ख्य दर्शन प्रतिपादन हुनुका पछाडि तत्कालीन समाज नै मूलकारण थियो अथवा तात्कालिक सामाजिक परिपाटी नै मुख्य आधारको रूपमा रहेको पाइन्छ। कपिल भनेको गाई हो। उत्पादन पद्धति कृषि र पशुपालन भएको समाजलाई गोठाला समाज पनि भनिन्छ। गाई राख्ने ठाउँलाई गोठ र गाईपालन गर्नेलाई गोठाला भन्ने शब्दहरूसँग हामी सबै परिचित छौं। पशुहरूमध्ये गाईलाई प्रमुख मानिने हुँदा गाईकै नामबाट हिन्दू आर्यजातिको मूल चिनारी गोत्र बनेको छ। वैदिक संस्कृत भाषामा गो भनेको गाईर त्र भनेको राख्ने ठाउँ भएकोले गाईपालक ऋषिहरूकै नामबाट क्रमशः आत्रेय गोत्र, काश्यप गोत्र, वशिष्ट गोत्र, विश्वामित्र गोत्र, जमादग्नि गोत्र, गौतम गोत्र आदि समेत रहनुले गाईको प्राचीनकालमा ठूलो महत्त्व रहेको प्रमाणित हुन आउँछ। कपिल (गौ) पालन गर्ने रस्तीवस्तीलाई कपिलवस्ती भन्दाभन्दै जनजिब्रोले कपिलवस्तु बनाएको भनी विद्वान् विश्लेषकहरूले अर्थ लगाएका छन्। यसरी नै केही विद्वान् शोधकर्ताहरूले महर्षि कपिलको बसोबास क्षेत्र कपिलवस्तीबाट क्रमशः कपिलवस्तु भएको अर्थ लगाएका छन्। अर्का थरी विद्वान्हरूको मतमा वस्तु भनेको पशुचौपाय भएकोले महर्षि कपिलको पशुपालन क्षेत्रलाई कपिलवस्तु भनिएको भनी सोझो अर्थ लगाएका छन् । जेहोस् इसापूर्व पहिलो शताब्दी पूर्व र छैटौं शताब्दी पश्चात् उत्तरवैदिकाल र उपनिषद् कालमा हिन्दू समाजमा उत्पत्ति भएको चतुर वर्णवाद क्रमशः जातिवादमा परिणत भई जातीय विभेद, छुवाछुत प्रथा, लैङ्गिक विभेद तथा खर्चिला यागयज्ञादि, स्वर्ग र परलोक जस्ता काल्पनिक मान्यताका विरुद्ध धेरै चिन्तक साधक र दार्शनिकहरूको जन्म भएको छ । ती मध्ये महर्षि कपिल यसै कपिलवस्तु क्षेत्रकै कुनै भूभाग लुम्बिनी, तिलौराकोट, निग्लिहवा, गोटीहवा, सैनामैना (सामगाम)को भागीरथी (वाणगंङ्गा नदीकै समीपमै जन्मेको आँकल विद्वान्हरूले गरेका छन् । किनकि नारायणी नदीदेखि पश्चिम अचिरावती (राप्ती) नदीसम्म र उत्तरमा हिमालयसम्म र दक्षिण पश्चिम कोशलराज्य र दक्षिणपूर्वमा मल्लराज्यसम्मको भूभाग कपिलवस्तु भएको विद्वान्हरूले आफ्नो ग्रन्थमा लेखेका छन्। कपिलमुनि पछिका बौद्ध ग्रन्थ र विद्वान्हरूले पनि रोहिरणी नदी पश्चिम शाक्य राज्य भनी लेख्नुले पनि यही कुराको पुष्टि गर्दछ। श्रीमद्भागवत गीतामा कपिल महर्षिको आश्रम सरस्वती नदीको किनार भन्ने उल्लेख छ। वाणी भनेको सरस्वती र वाणगङ्गा नै वाणीगङ्गा वा सरस्वतीगङ्गा वा सरस्वती नदी हो भन्ने विद्वान्हरूको मत रहेको छ। अभय शर्मा र रवि प्रसाद गुरागाईले श्रीमद्भागवतमा उल्लिखित सरस्वती नदी कपिलवस्तुबाट बहने वाणगङ्गा नै हो भनेर ठोकुवा गरेका छन्।[८]

८. अभय शर्मा, रविप्रसाद गुरागाइँ, नेपालका दार्शनिकहरू, नेपाल प्रज्ञाप्रतिष्ठान, २०६९, पृ.७६



विकिपिडिया र कपिलधाम कपिलवस्तुबाट प्राप्त महामुनि कपिलको फोटो तथा प्रतिमा

प्राचीन कपिलवस्तुको कपिलधाममा नेपालका मूर्धन्य साहित्य स्रष्टा र चिन्तक साधकहरूको संझनामा साहित्यधाम बनाइएको छ । यो वहाँहरूप्रतिको सम्मान हो । महर्षिकपिललाई आदिहाविद्वान् र दार्शनिक भनेर विद्वान्‌हरूले प्रशंसा गरेको पाइन्छ । भागवत पुराणमा भगवान्‌को २४ औं अवतार भनेर उल्लेख गरिनुले उनको प्राचीनता र महानताको सङ्केत गर्दछ । स्वामी प्रपन्नाचार्यले नेशनल हेरिटेज राधाकृष्णाश्रम कलकत्ताको एउटा मूर्तिमा कपिल र सिलोन उल्लेख हुनुले उनको व्यापकता, दार्शनिक प्रभाव र महत्त्वलाई सङ्केत गर्दछ भनी उल्लेख गरेका छन् । विद्वान् गणेश अधिकारीले बुटवलबाट प्रकाशित जनसंघर्ष **अङ्क ४२ जेठ २७, २०७५को अङ्कमा साङ्ख्य दर्शन र किराँत कपिलमुनि** शीर्षक लेखमा उपर्युक्त तथ्यहरूको हवला दिँदै लेख प्रकाशित गरेका छन्।

### ३.४ सृष्टि संरचनामा साङ्ख्य दर्शनको प्रकृतिवादी दृष्टि र त्यसको महत्त्व

यस शीर्षकमा साङ्ख्य दर्शनको जन्म र यसको महत्त्व बारे देहाय बमोजिम प्रकाश पारिएको छ।

### ३.४.क. साङ्ख्य दर्शनको मूल आधार

तत्कालीन समाजमा उत्पन्न भएको धार्मिक आडम्बर, जटिल कर्मकाण्डीय पद्धति, अवतारवाद, टुनामुना र झाँक्रीवाद, धर्मका नाउँमा गरिने यज्ञहरूमा नरमेध (मान्छेको बलि) स्वर्ग नर्क जस्ता काल्पनिक संसारको परिकल्पना, वर्णभेद र जातिभेद, लिङ्ग भेद जस्ता विकृति र विकार व्याप्त भए पछि त्यसखाले सामाजिक वन्धनबाट मानव जातिलाई मुक्त गराउनका लागि गुरु वृहस्पति र कपिलमुनिले सृष्टि सिर्जनाका नियमका सम्बन्धमा प्रकृतिवादी अवधारणा प्रस्तुत गर्ने क्रममा साङ्ख्य दर्शनको प्रादुर्भाव भएको देखिन्छ।

### ३.४.ख. साङ्ख्य दर्शनको मूल मर्म

मोहन वैद्य किरणले साङ्ख्यकारिका साङ्ख्यतत्वकौमुदी : पृ. ८५, चौखम्बा विद्याभवन वाराणसी, इ. २००१ लाई उद्धृत गर्दै हिमाली दर्शन पृ. ९० मा मूल प्रकृति अर्थात् प्रकृति नै मूल वा पहिलो हो भनेर उल्लेख गरेका छन्।

**मूलप्रकृतिरविकृतिर्महदाद्याः प्रकृतिविकृतयः सप्त।**
**षोडशकस्तु विकारो न प्रकृतिर्न विकृतिः पुरूषः॥**

साङ्ख्य दर्शन प्राकृतिक भौतिकवादी एवम् अनीश्वरवादी दर्शन हो तर कपिलमुनि पछिका ब्याख्याकारहरूले द्वैतवादी दर्शनका रुपमा ब्याख्या गरेका छन्। यसले सृष्टिको मूल आधार प्रकृतिलाई मानेको छ। प्रकृति र पुरुषको संयोजन र सहकार्यबाट सृष्टिको प्रारम्भ, विकास र विनाश हुने कुरामा जोड दिन्छ। पुरुष भनेको परमात्मा हो भनेर पछिल्ला हिन्दू दार्शनिकहरू र परम्परावादी विद्वान्हरूलेपुरुषको स्थानमा अलौकिक र परमात्मात्मालाई विन्यास गर्ने जमर्को गरेका छन् तर साङ्ख्य दर्शनमा अन्तर्निहित मूलपक्ष र मूल मर्ममाथि विचार गर्दा त्यस्तो कहीँकतै पाईंदैन। तर साङ्ख्य दर्शनको मूल आधार प्रकृति अर्थात् स्वयम् निर्मित पदार्थ (विश्व ब्रह्माण्ड) हो र पदार्थमा हुने आन्तरिक क्रिया(प्रतिक्रियाले वस्तुको स्वरुप निर्धारण गरेको हुन्छ भन्ने देखाउन महर्षि कपिलले सत्व गुण, रजस गुण र तामस गुणको व्याख्या गरेका छन्। रसायन शास्त्रमा परमाणु (वस्तु) निर्माणका आवश्यक पक्षका रुपमा इलेक्ट्रोन (Electron), प्रोटोन (Proton) र न्यूटन (Neutron) को संयोजनबाट पदार्थ निर्माण हुन्छ भनेर व्याख्या गरे झैं महर्षि कपिलले सत्व, रजस र तामसको सहरा लिएका छन्। यसले उनलाई विशुद्ध प्राकृतिक भौतिकवादी सामाजिक दार्शनिकका श्रेणीमा उभ्याएको प्रष्टै देखिन्छ। हेगेल (सन् १७७०-१८३१) ले दिमागमा उत्पन्न हुने विचार, त्यसलाई प्रतिकार गर्न आउँने अर्को विचार र दुवैको क्रियाप्रतिक्रियाबाट निस्कने निचोडलाई वाद, प्रतिवाद र सम्वादका रुपमा प्रस्तुत गरेका थिए। यसरी नै कार्लमाक्स (सन् १८१८-१८८३) ले यसखाले द्वन्द्वको आधार र गुण पदार्थमा रहन्छ भन्ने मान्यताका साथ द्वन्द्वात्मक भौतिकवादी दर्शनको आविष्कार गरेका थिए। द्वन्द्वात्मक भौतिकवादी दर्शनको प्रतिपादन गर्न कार्लमाक्सले हेगेलबाट द्वन्द्ववाद र फायरवाखबाट भौतिकवादी सिद्धान्तलाई विवेचना र संयोजन गरेर द्वन्द्वात्मक भौतिकवादी वैज्ञानिक दर्शनको आविष्कार गरेका थिए। ऊ बेला कार्लमाक्सले महर्षि कपिलको साङ्ख्य दर्शन अध्ययन गर्ने अवसर पाएको भए हाम्रा कपिलको साङ्ख्य दर्शन मार्क्सवादको प्रतिवादन गर्नमा सहयोगी बन्ने थियो भनेर सहजै अनुमान गर्न सकिन्छ। तर कपिलको साङ्ख्य दर्शनको सामाजिक आधार दासयुगीन र सामन्तवादी युगीन समाजको उपज थियो भने मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादको आधार युरोपियन पूँजीवादी समाज नै थियो। साङ्ख्य दर्शन ई.पू. छैटौं शताब्दी सेरोफेरोको भए पनि अहिलेको युगमा पनि सान्दर्भिक देखिन्छ। नजिकको सिद्ध गिद्ध टाढाको गिद्ध सिद्ध वा नजिकको तीर्थ हेला भए झैं कपिलमुनिको साङ्ख्य दर्शनको हालत भएको तितो यथार्थ हामीसँग छ।

### ३.४.ग. साङ्ख्य दर्शनका मूल संश्लेषणकर्ता र प्रवर्तक महर्षि कपिल

धार्मिक अन्धता र अकर्मण्यताको जालो तोडेर समाजलाई अग्रगमनमा लैजान चिन्तक साधकहरूले साङ्ख्य प्रवृत्तिको विचारधाराको प्रवाह उत्तर वैदिककाल इ.पू. छैटौं शताब्दीदेखि प्रारम्भ गर्दै आएका थिए। यसै क्रममा जीवन र जगतको उत्पत्ति र विकास अनि त्यसका चालक नियमहरूको खोजीमा चिन्तक, साधक अन्वेषकहरू लागेका थिए। यसै क्रममा हाम्रो कपिलवस्तुका महर्षि कपिलले सृष्टिको मूल आधार प्रकृति र सहायक पक्ष पुरुष भन्ने मान्यताका साथ साङ्ख्य दर्शनको प्रदिपादन गरेको पाइन्छ।

विद्वान् लेखक वी.एन. लूणिया साङ्ख्य दर्शन बारे यसरी आफ्नो मत प्रकट गर्दछन् - "तत्वलाई साङ्ख्यामा गणना गरिने विषय प्रधान भएकाले यस दर्शनलाई साङ्ख्य दर्शन भनिएको हो। साङ्ख्य दर्शन उपनिषद्मा रहेको आर्दशवादी द्वैतवादी आडम्बरी दर्शनको प्रतिक्रिया स्वरुप उत्पन्न भएको दर्शन हो। साङ्ख्य दर्शनलाई वैज्ञानिक स्वरुप प्रदान गर्ने श्रेय महर्षि कपिललाई  जान्छ। स्मरण रहोस् उनको जन्म गौतम बुद्ध भन्दा पहिले नै भएको थियो। तर इसाभन्दा पहिलेका उनका कुनै पनि ग्रन्थ प्राप्त छैनन्। तेस्रो शताब्दीमा ईश्वर कृष्णले लेखेको साङ्ख्यकारिका नै पहिलो आधिकारिक ग्रन्थ हो। पछिल्ला दिनमा साङ्ख्य दर्शनप्रति धेरै विद्वान् आकर्षित भएर कलम चलाए। आठौं शताब्दीमा गौडपादले साङ्ख्यकारिकामा टिप्पणी लेखेको पाइन्छ। नवौं शताब्दीमा वाचस्पतिले साङ्ख्य कौमुदी लेखे। यसरी नै चौधौं शताब्दीमा साङ्ख्य प्रवचन रचना भएको पाइन्छ। पन्ध्रौं शताब्दीमा अनिरद्धले साङ्ख्य प्रवचनमा आधारित भएर **साङ्ख्य सूत्रवृत्ति** नामक टीका र सोह्रौ शताब्दीमा महादेवले **साङ्ख्य सूत्र वृत्तिसार** लेखेको पाइन्छ।

महर्षि कपिल दार्शनिकहरूमध्ये त्यस्ता दार्शनिक थिए जसले विविध घटनाहरूलाई तर्कसँगत ढङ्गले एकीकृत गरेर साङ्ख्य दर्शनको प्रतिपादनमा महत्त्वपूर्ण योगदान गरे। कपिलले ब्रह्मत्व र ईश्वरत्व (ईश्वरको अस्तित्व) लाई पनि ठाडै अस्वीकार गरे। उनले साङ्ख्य दर्शन पद्धतिलाई पूर्णतः तर्कसंगत र विश्लेषणात्मक बनाउने काम गरे।"[९] उपर्युक्त भनाइबाट के पुष्टि हुन्छ भने उनी अलौकिक र काल्पनिक ब्रह्मत्व र ईश्वरत्वको विपक्षमा थिए। प्रकृति (पदार्थ) लाई सर्वेसर्वा मान्ने विचारले ओतप्रोत थिए।

### ३.४.घ. प्रकृति र पुरुषको सम्बन्धमा

सृष्टिकर्ता ब्रहमा र ईश्वरको अस्तित्वलाई अस्वीकार गर्ने साङ्ख्य दर्शनलाई फेरि कतिपय हिन्दू परम्परावादी दार्शनिकहरूले पुरुष भनेको ईश्वरीय शक्ति हो भनेर व्याख्या गर्ने प्रयत्न पनि गरेका छन् तर साङ्ख्य दर्शनका २४ तत्वहरूले त्यसखाले विचारहरूलाई स्वतः खण्डित् गर्दछन्।

साङ्ख्य दर्शनको प्रादुर्भाव भएको धेरै पछि मात्र लेखिएको महाभारत ग्रन्थमा यसरी लेखिएको छ - **"साङ्ख्य प्रकुर्वेते चैव प्रकृतिं च प्रचसेते। तत्वानि च चतुर्विंशत साङ्ख्यं प्रकृतिं।"** साङ्ख्य दर्शन प्रकृतिमा आधारित छ र प्रकृतिमा २४ तत्वले काम गर्छन्।

महाभारत ग्रन्थमा २४ तत्व लेखिए पनि विद्वान्हरूले २४ तत्वमा पुनः १ तत्व पुरुष (ईश्वरीय शक्ति) थपेर २५ तत्वको उल्लेख गरेका छन्। अचेत प्रकृतिमा सचेत पुरुषको संयोजन, समागम वा सहकार्य भए पछि सृष्टि, सिर्जना, परिचालन र परिणाम प्राप्त हुन्छ। प्रकृतिले तब नयाँ कुराको जन्म दिन्छ। चैतन्यस्वरुप पुरुषका २५ तत्वको रुपमा विभिन्न विद्वान्हरूले व्याख्या गरेका छन्। निरीश नेपालले साङ्ख्य दर्शन एक झलक शीर्षकमा साङ्ख्य दर्शनका २४ तत्वहरू उल्लेख गरेका छन्।[१०] आचार्य वलदेव उपाध्यायले भारतीय दर्शनकी रुपरेखामा तिनै तत्वहरू प्रकृतिसँग साक्षात् सम्पर्क भई नव सिर्जना, आविस्कार निर्माण र उत्पादन भएको भनी २५ तत्वहरू देखाएका छन्।[११] साङ्ख्यकारीका १८ मा ईश्वरकृष्ण लेख्छन् -

*"जन्म-मरण-करणानां प्रतिनियमात् अयुगपतप्रवृत्तेश्च।*
*पुरुष-बहुत्वं सिद्धम् त्रैगुण्यविपर्ययाच्चैव॥"*

यही सिलोकलाई आधारमानी आचार्य वलदेव लेख्छन् - "पुरुष एक छन कि अनेक भन्ने प्रश्नका सन्दर्भमा सांख्याचार्याहरूले ठूल-ठूला आग्रहका साथ व्याख्या गरेका छन्। पुरुष अनेक छन् र यस विषयमा आत्मको एकता मान्ने वेदान्तीहरूबाट उनको मत (साङ्ख्य दर्शनको मत) विल्कुलै भिन्न छ। पुरुष शब्दले देहधारीलाई जनाउँछ। देहधारी जीवमा कारिकामा वर्णन गरे अनुसार विशिष्ट अर्थ पाइन्छ। जुन पदार्थलाई वेदान्त आत्म शब्दको प्रयोग गर्दछन्। त्यसको सङ्केत पुरुष शब्दसित त्यसको अर्थ लगाइएको छैन।"[१२]

वी.एन.लूणियाले प्रकृति र पुरुष बारे आफ्नो मत यसरी अभिव्यक्त गरेका छन् - प्रकृतिमा स्वयम् चेतना हुँदैन। पुरुषको चेतनयुक्त प्रकाश प्रकृतिमा परेपछि बुद्धि, मन र ज्ञानेन्द्रियहरूले ज्ञान प्राप्त गर्ने शक्ति पैदा हुन्छ। पुरुष सदैव प्रकाशस्वरुप हुन्छ र पुरुषको प्रकाश (ज्ञान) पाए पछि प्रकृति आफ्नो विकास गर्न सक्रिय र सशक्त हुन्छ। गुण र

---

९. वी.एन. लूणिया, प्राचीन भारतीय संस्कृति, द्वितीय संस्क., लक्ष्मीनारायण अग्रवाल पुस्तक प्रकाशन, आगरा, सन् १९७९, पृ.३३५-३३९
१०. निरीश नेपाल, दर्शन(दृष्टि, प्रका. नेपाल दर्शन अध्ययन केन्द्र प्रा.लि. डिल्लीबजार काठमाडौं, वर्ष २ अङ्क २ पूर्णाङ्क ४ २०७०, पृ. ५०
११. आचार्य वलदेव उपाध्याय, भारतीय दर्शनकी रुपरेखा, प्रका. चौखम्बा ओरियन्टालिया प्राच्यविद्या तथा दुर्लभ ग्रन्थौं के प्रकाशन एवं विक्रेता वारायासी/दिल्ली पृ.२४७ देखि २७४, सन १९७९
१२. आचार्य वलदेव उपाध्याय, भारतीय दर्शनकी रुपरेखा, प्रका. चौखम्बा ओरियन्टालिया प्राच्यविद्या तथा दुर्लभ ग्रन्थौं के प्रकाशन एवं विक्रेता वारायासी/दिल्ली पृ.२६३ देखि २६५, सन १९७९

क्रियाको सम्बन्ध प्रकृतिसँग हुन्छ । साङ्ख्य दर्शनका अनुसार २५ तत्वहरू जानेर बुझेर प्रयोग गर्दा मुक्ति प्राप्ति हुन्छ।[१३] २५ तत्वहरू केलाई भनिएको छ र तिनीहरूको व्यवहारिक जनजीवनमा के कसरी उपयोग गरिँदै आएको छ, त्यसलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| स्वरुप | सङ्ख्या | तत्वको नाम |
|---|---|---|
| प्रकृति (Nature) सबै तत्वको कारण हो तर प्रकृति स्वयं कसैको कार्य (Action) होइन | १ | मूल कारण भएर पनि प्रकृति अव्यक्त छ । |
| विकृति (Reaction) प्रतिक्रिया कार्य हो तर कसैको कारण होइन । यसको अर्थ प्रकृतिमा अन्तर्निहित गतिशीलता हो । | १६ | ज्ञानेन्द्रिय – ५ (आँखा, कान, नाक, जिब्रो र छाला)<br>कर्मेन्द्रिय – ५ (हात, खुट्टा, मुख, गुदद्वार, लिङ्ग)<br>महाभूत – ५ (पृथ्वी, आकाश, अग्नि, तेज, वायु)<br>मन – १ |
| प्रकृति – विकृति (कारण र कार्य हो) | ७ | महत् तत्व (ज्ञान, विवेक) - १<br>अहङ्कार – १<br>तन्मात्रा – ५ (शब्द तन्मात्रा- स्पर्श तन्मान्त्रा, रुप तन्मात्रा, रस तन्मात्रा, गन्ध तन्मात्रा |
| न कार्य न कारण (गतिहीनता/पुरुष एकलै सबथोक होइन | १ | पुरुष |
| जम्मा तत्व | २५ | |

यसरी प्रकृति र पुरुषको संयोगबाट सृष्टि सिर्जनाको थालनी हुन्छ। पुरुष र पकृतिको सम्मिलनबाट महत् तत्वको जन्म हुन्छ । महत्तत्व भनेको सबैभन्दा महान् तत्व हो, गौरवपूर्ण अवस्था हो । गौरवपूर्ण अवस्थामा पुगेपछि अहङ्कारको जन्म हुन्छ। अहङ्कार भनेको म भन्ने भावना हो। अहङ्कार अर्थात् म भित्र सात्विक, रजस् र तामस् पैदा हुन्छ। सात्विक अन्तर्गत मन हुन्छ, ५ ज्ञानेन्द्रिय र ५ कर्मेन्द्रिय पनि हुन्छन्। ज्ञानेन्द्रिय र कर्मेन्द्रिय भनेका अग्रगमनका आधार हुन्। रजस् तटस्थ रहन्छ। तामस अन्तर्गत ५ तन्मात्रा र ५ महाभूत रहन्छन्। सात्विक र तामसको क्रिया, अन्तरक्रिया र प्रतिक्रियाबाट नयाँ मार्ग प्रशस्त हुन्छ।

### ३.४.ङ. साङ्ख्य दर्शनमाथि लेखाजोखा

इ.पू. छैटौं शताब्दीदेखि इ.पू. पहिलो शताब्दीको अवधिमा प्रतिपादन गरिएको साङ्ख्य दर्शनमाथि सर्सर्ती समीक्षा गर्दा निम्नुसार पाइन्छ। महर्षि कपिलले प्रकृतिलाई सृष्टिको मूल आधार मानेका छन्। उनको दर्शनले जीवन र जगतलाई हेर्ने क्रममा ब्रह्मत्व र ईश्वरत्वलाई ठाडै अस्वीकार गरेको छ। साङ्ख्य दर्शनमा ज्ञानलाई सर्वोपरि स्थान दिइएको छ र ज्ञानकै कारण यज्ञलाई कुनै स्थान दिएको छैन। उनले प्रकृति र पुरुषको सहकार्यबाट उत्पादन र निर्माण हुने कुरातर्फ औंल्याएका छन् । प्राकृतिक भौतिकवादी दर्शनको प्रणेता महर्षि कपिलको२४ तत्वले युक्त साङ्ख्य दर्शनमा २५ तत्वहरू भएको पछिल्ला टीकाकार, मीमंसाकार, शोधकर्ता विद्वान्हरूले उल्लेख गरेका छन्। साङ्ख्य

१३. बी.एन. लूणिया, पूर्ववत्, पृ. ३४६-३४८

दर्शनका सम्बन्धमा कलम चलाउने विद्वान्हरूले साङ्ख्य दर्शनको विवेचना गर्दा कुन मात्राको इमान्दारिता प्रदर्शित गरेका छन् त्यो पनि समीक्षाकै विषय हो । ब्रह्मा र ईश्वरको अस्तित्वलाई अस्वीकार गर्ने महर्षि कपिलले उल्लेख गरेको पुरुष शब्दलाई कताकता आत्मा र परमात्माको पर्यायवाची शब्दका रुपमा जोड्ने कसरत गरेका छन्। आफ्नो निहित दृष्टिकोण राखेर साङ्ख्य दर्शनको अवधारणा हो भन्नुमा इमान्दारिता देखिँदैन । किनकि कपिलले लेखेका ग्रन्थहरू उपलब्ध छैनन् । अन्याय अत्याचारबाट दमित, उत्पीडित मानव जातिलाई नयाँ सामाजिक चेतना दिने उद्देश्यले नै साङ्ख्य दर्शन प्रतिपादन भएको हो । यसैले नै साङ्ख्य दर्शनको प्रतिपादनले महर्षि कपिलको महत्त्व र प्रभाव फैलिएको हो । उनले आफ्नो साङ्ख्य दर्शनका २४ वटा तत्वहरूलाई अगाडि बढाउने क्रममा १ प्रकृति, १ महत्तत्व, १ अहङ्कार, १ मन, ५ तन्मात्रा (शब्द, स्पर्श, रुप, रस, गन्ध), ५ ज्ञानेन्द्रिय (आँखा, कान, नाक, जिब्रो र छाला), ५ कर्मेन्द्रिय (हात, खुट्टा, मुख, गुदद्वार र लिङ्ग), ५ महाभूत (पृथ्वी, आकाश, अग्नि, पानी, वायु) को सहरा लिएका छन्। यसबाट स्पष्टै देखिन्छ हात पाखुरा भनेका निर्माण र सिर्जनाका जीवित हतियार हुन। प्रकृति प्रदत्त पञ्च महाभूत (पृथ्वी, आकाश, अग्नि, हावा, पानी) मा नै ती हात पाखुराले निर्माण गर्दछन्। सोझो अर्थमा हेर्दा पनि पञ्च ज्ञानेन्द्रिय र पञ्च कर्मेन्द्रियहरूको नेतृत्वमा पञ्च महाभूतहरू प्रयोग गरेर भौतिक निर्माण मात्रै होइन नयाँ संस्कृति र सभ्यताको निर्माण हुन्छ। यस मानेमा पुरुष भनेको नरनारी सहित २४ तत्व हुन् भनेर निचोडमा पुग्न सकिन्छ। ब्रह्मा र ईश्वरलाई नमान्ने र परिणामलाई मान्ने महर्षि कपिलले तोरी वा सस्र्युंबाट तेल आउन सक्छ अथवा तोरीमा सस्र्युं मिसाएर पेले पनि तेल आउँछ तर बालुवा पेलेर तेल आउँदैन भन्ने परिणाम (Result) लाई आफ्नो दर्शनको अङ्ग बनाएका छन्। नतिजा कस्तो के निकाल्ने भन्ने स्पष्ट भएर मात्र कामको श्रीगणेश गर्नुपर्ने सङकेत कपिलले गरेका छन् । कारण बिना कार्य हुँदैन भन्ने उनको दार्शनिक आधार हो । कारक प्रकृतिमा पुरुषको सम्पर्क, सहकार्य वा समागम भए पछि कार्य (परिणाम = रिजल्ट) आउँछ भन्ने अभिव्यक्ति सोह्रै आना वैज्ञानिक पनि छ । कपिलका दार्शनिक ग्रन्थहरू कपिल, संहिता, कपिल स्मृति, कपिलकृत भागवतगीता नै हुन भनेर सूचना प्राप्त छ ती ग्रन्थ प्राप्य छैनन् । कपिल संहितामा संस्कारहरू विधि विधान, कपिल स्मृतिमा कलियुगमा ब्राह्मणहरूको अवन्नति (अंधपतन) हुने, श्राद्ध, शुद्धि, दत्तक पुत्र विवाहदान, प्राश्चित जस्ता विषयका नियमहरू र विधिहरू तथा कपिलको भागवत गीतामा साङ्ख्य दर्शनका सम्बन्धमा उल्लेख भएको विभिन्न विद्वानहरूले उल्लेख गरेका छन्।[१४] तर ती सबै ग्रन्थमा उल्लेखित विचारहरू तत्कालीन पम्परावादी वर्गका लागि आँखाको कसिङ्गर सरह भएकोले नै ती सबै ग्रन्थहरू नष्ट भ्रष्ट गरिएकाले प्राप्त हुने कुरै भएन । तर कपिलकृत भागवत गीत चाइनिज/तिब्बती भाषामा अनुदित छ भन्ने सूचना प्राप्त छ। कपिलले आफ्नो अध्ययन र शोध कार्यमा ३ वटा प्रमाणलाई आधार मानेका छन्। प्रत्यक्ष देखेको भोगेकोलाई सोझै स्वीकार गरेका छन् । शब्द प्रमाण (ग्रन्थहरू) लाई पनि अध्ययनको आधार मानेका छन् भने अनुमानलाई पनि आवश्यकता र स्थिति अनुसार विश्वासको आधार बनाएको देखिन्छ। साङ्ख्य दर्शन शिक्षा आर्जन र ज्ञान आर्जनका लागि कुनै वर्ग विशेषको अधिकारको कुरा होइन् शिक्षक र शिक्षार्थी ब्राह्मण नै हुनु पर्ने कुरै आधार छैन। शुद्रहरूले पनि शिक्षा आर्जन गर्न सक्छन्। शिक्षक त्यही हो जसले शिक्षा प्रदान र प्रसारण गर्ने योग्यता राख्दछ।

### ३.४.च. साङ्ख्य दर्शनको सामाजिक क्षेत्रमा योगदान

सृष्टिको मूलकारण प्रकृतिलाई र सृष्टि सिर्जनामा प्रकृति र पुरुष सहित २४ तत्वलाई स्थापित गरेको छ। यसले गर्दा यो विश्व ब्रह्माण्ड, सौर्यजगत्, पृथ्वी, प्राणीजगत, वनस्पति जगत र स्वयं मानव जगत प्रकृतिको देन हो भन्ने दृष्टिकोणलाई अगाडि बढाएको छ।

साङ्ख्य दर्शनमा सृष्टिकर्ताको रुपमा ब्रह्मा र ईश्वरीय तत्वको कुनै स्थान छैन । ज्ञान विवेकलाई स्थान दिइएको छ। साङ्ख्य दर्शनमा यज्ञयागदि र हवनलाई अस्वीकार गरेको देखिन्छ। आध्यात्मवादीको आँखामा साङ्ख्य दर्शन नास्तिक छ। तर त्यसलाई नास्तिक हुनबाट जोगाउन उपनिषद्कालीन पुरुष शब्दलाई ईश्वरको रुपमा प्रस्तुत

१४. अभय शर्मा, रवि प्रसाद गुरागाई, पूर्ववत्, पृ.७७

गर्दै आस्तिक दर्शन अन्तर्गत राखेको पाइन्छ। साङ्ख्य दर्शन तत्कालीन समाजको सबैभन्दा अग्रगामी र व्यवहारिक दर्शन र सिद्धान्त हो भन्ने प्रष्टै देखिन्छ।

साङ्ख्य दर्शन यथास्थितीवादी र परलोकवादी संस्कारका विरुद्धमा स्थापित तत्कालीन समाजको उच्चतम दर्शन र ज्ञान सिद्धान्त हो, जो काल्पनिक र अलौकिक संसारमा विचरण नगरेर यथार्थ भौतिक धरातलमा उभिने जमर्को गरेको छ। आफू जस्तो छ अथवा आफ्नो दर्शन दृष्टिकोण जस्तो छ, साङ्ख्य दर्शन सिद्धान्तलाई पनि त्यही धरातलमा उभ्याउन परम्पारवादी दार्शनिकहरूले प्रयत्न गरेको पाइन्छ। ढाँटेको कुरा काटे मिल्दैन भने झै यो दर्शन प्राकृतिक भौतिकवादको लिकमा हिंडेको छ। साङ्ख्य दर्शनलाई द्वैतवादी अद्वैतवादी भनेर व्याख्या विश्लेषण गर्नु भन्दा पनि साङ्ख्य दर्शनको मूलमर्म जे छ, त्यही अनुसार विश्लेषण गर्नु कपिलमुनिवादी र साङ्ख्य दर्शनवादीहरूको कर्तव्य हुन आउँछ। निचोडमा के भन्न सकिन्छ भने जैन दर्शन र बुद्ध दर्शनलाई जन्म दिनमा कपिलमुनिको साङ्ख्य दर्शन मूल आधार र मार्ग दर्शक बनेको देखिन्छ। यसोभन्दा महर्षि कपिलप्रति न्याय हुनेछ। हाम्रो नेपालको ५ नं. प्रदेश अर्थात् लम्बिनी प्रदेशको कपिलवस्तुमा जन्मेको साङ्ख्य दर्शनबाट अनुप्राणित भएका बुद्धले शान्ति र अंहिसाको दर्शन प्रतिपादन गरेर परलोकको सुख प्राप्तिका लागि नभई इहलोकमै इहलोकका जनताको सुख समृद्धि र शान्तिका लागि प्रकाश दिए त्यो अविस्मणीय छ। यस मानेमा महर्षि कपिललाई बुद्ध अभियानका प्रथम प्रेरणा स्रोतका रुपमा सम्मानित गर्दा अन्यथा हुने छैन। साङ्ख्य दर्शनका टीकाकार र भाष्यकारहरूले ब्रहमा र ईश्वरलाई अस्वीकार गर्ने कपिलको दर्शनमा सृष्टि सिर्जनामा मूल कारकतत्व प्रकृतिलाई मान्दा मान्दै पनि पुरुषलाई ईश्वरीय शक्तिका रुपमा स्थापित गर्ने प्रयत्न गरेका छन्। यो पुरुष कपिलको विचार नभै टीकाकारहरूको विचार भएको देखिन्छ। जे होस महर्षिकपिलको जन्म कपिलवस्तुमा हुनु नेपाल र नेपाली सैनामैना र सैनामैनावासीको लागि गौरवको विषय हो।

### ३.५ बौद्ध अभियान



मायादेवी मन्दिर, लुम्बिनी



योगीडाँडा (योगडाँडा) सैनामैनामा प्राप्त
सिद्धार्थ बुद्धको प्राचीन धातुको मूर्ति

#### ३.५.१ बौद्ध अभियानका सन्दर्भमा जन्मेका अन्य दार्शनिक विचारहरू

वैदिकालमा मानवजाति प्रकृतिक पूजक थिए। पृथ्वी, सूर्य, सविता, वादल, पर्जन्य, वायु, जल, अग्नि आदिबाट मानवजातिले खाना, छाना, नाना, अर्थात दैनिक उपभोग्य सामग्री उपलब्ध गर्दथे। मानवजाति ती प्राकृतिक वस्तुहरूप्रति आभारी हुँदै पूजा आरधाना र प्रार्थना गर्दथे। पूजा आरधाना विधि सरल र सहज थियो। यज्ञ हवन आदि

पनि विना ब्राहमण पुरोहित घर-घरमै एक्लै पनि गरिन्थे। तर पछिल्ला दिनमा क्रमश: यज्ञादि विधि जटिल र खर्चिलो भयो। पेशागत दक्षताको आधारमा गरिएको श्रम विभाजनलाई जातिवादमा परिणत गरिँदा सामाजिक भेदभावमा वृद्धि भयो। शुद्रहरूलाई पशुवत् दासका रुपमा प्रयोग गर्न थालियो। छुवाछुत प्रथालाई सामाजिक मान्यता दिइयो। स्वर्ग नर्कको परिकल्पना गरियो। आत्मा परमात्मा, पूर्वजन्म, पुनर्जन्म, भाग्यजस्ता कुराले समाजमा मान्यता पाए। यज्ञका नाममा अश्वमेध, गोमेध जस्ता पशुवलि प्रथा मात्र प्रारम्भ भएनन् नरमेघ यज्ञ (अलौकिक शक्ति) परमात्मालाई खुसी गराउने नाममा मान्छेकै वलिदिने प्रथाले संस्थागत रुप लियो। आफ्नो सुख ऐश्वर्यका लागि महिला समुदायलाई पनि कडा यज्ञव्रत, उपासना गर्नु पर्ने धार्मिक विधि विधान बनाइए। अवतारवाद, टुनामुनावाद झाँक्रीवाद, यज्ञवाद आदिका धार्मिक विधि विधानले समाजमा स्थान पाए। जसले गर्दा समाजमा असन्तुष्टि मात्र होइन, यसका विरुद्धमा त्यही समाज भित्रबाट धेरै चिन्तक, साधक र दार्शनिकहरूले सामाजिक जीवनलाई सहज सरल र सरस बनाउने उद्देश्यले आफ्ना दार्शनिक विचारहरू अगाडि सारे। समाजमा उत्पन्न हुने ती विचारहरूको दार्शनिक आधारहरू आ-आफ्नै रङ्ग र ढङ्गका थिए। महावोधि जातक ग्रन्थमा ५ दार्शनिक सम्प्रदायभित्र सयौंदार्शनिक र चिन्तकहरू रहेको उल्लेख छ। वी.एन. लूणियाले प्रमुख दार्शनिकहरू र दार्शनिक विचारहरूलाई यसरी प्रस्तुत गरेका छन्।

***३.५.१.क. उच्छेदवादी दार्शनिक सम्प्रदाय***

कर्म (भाग्य) र पुनर्जन्मको सिद्धान्त मिथ्या हो। मृत्युसँगै सबै कुरा नष्ट भएर जान्छन्।

***३.५.१.ख. अहेतुवादी दार्शनिक सम्प्रदाय***

प्रत्येक वस्तुको उत्पत्ति आकस्मिक र अकारण हुन्छ। विश्वका कुनै पनि वस्तुको उत्पत्तिको कुनै कारण (हेतु) छैन।

***३.५.१.ग. पुव्वकतावादी दार्शनिक सम्प्रदाय***

पूर्वजन्मको फल यस जन्ममा भुक्तानी गर्नु पर्छ। यो धारणा भाग्यवादी रहेको छ।

***३.५.१.घ. इस्सरकारणवादी दार्शनिक सम्प्रदाय***

प्रत्येक वस्तुको उत्पत्तिको मूल आधार ईश्वर (परमात्मा) हो।

***३.५.१.ङ. खग्विज्जावादी दार्शनिक सम्प्रदाय***

मानवको लक्ष्य स्वार्थको सिद्धि गर्नु हो।

**३.५.२ दर्शन सम्बन्धी तर्क–विर्तक**

बौद्ध दर्शन प्रतिपादन हुनु भन्दा पहिले सृष्टि जन्म, पुनर्जन्म, आत्मा परमात्मा, शुभ अशुभ यज्ञ, पूजा आरधना, आदिका सन्दर्भमा दार्शनिक वहस छलफल, तर्क(वितर्क हुने गरेको पाइन्छ। ब्रह्मबादी दार्शनिक याज्ञवल्क्य र विदग्ध शाकल्य सम्वादमा तर्कविद् विदग्ध शाकलयको हत्या, याज्ञवल्क र गार्गी सम्वादमा बढी तर्क-वितर्क गरे गार्गीको हालत पनि विदद्ध शाकल्यको जस्तै हुने खतरनाक चुनौती दिएको घटना पनि स्मरणीय छ। यस्ता वहस छलफल र तर्क-वितर्कहरूका सम्बन्धमा ६ तैथिक (तैर्थिक) का रुपमा उल्लेख गरिएको छ।

***३.५.२.क. दार्शनिक पूरण कस्यप (पूर्ण कस्यप)***

यी दार्शनिक ब्राह्मण थिए। नैतिकता र अनैतिकताको कुनै मूल्य छैन। शुभ अशुभ मिथ्या हुन्। हत्या चोरी, डकैती वैमानी नत शुभ कार्य हुन्, नत अशुभ कार्य नै हुन्। पापी र पाप पनि केही होइन। दया, दान, धर्म, जप, तप, सत्य आदि पनि भैतिक कार्य पनि होइन् अनैतिक कार्य र पुण्यकार्य पनि होइनन्।

*३.५.२.ख. दार्शनिक मकरणावली पुत्त गोसाल (मस्करी पुत्र गोसाल)*

आजीविका सम्प्रदायका संस्थापक र प्रवर्तक यो दर्शनले अशोकलाई पनि प्रमाणित गरेको हुँदा गयामा विशेष गुफा बनाएका थिए। कर्म र भाग्यको प्रभावको खण्डन गरेका थिए। प्रत्येक मानव नियतिको अधीनस्थ हुन्छ भन्ने मत राख्दथे। उनी नियति वादीका रुपमा चिनिन्छन्।

*३.५.२.ग. अजित केसकम्वली (अजित केशकम्वली)*

अजित नाम भएपनि मान्छेका रौं (बाल) को कम्बल ओड्ने हुँदा उनलाई अजित केशकम्वली भनेर चिनिन्छ। मानव शरीर पृथ्वी, वायु अग्नि र जलले बनेको हुँदा मृत्युका साथ सबै नष्ट भएर जाने भएकाले धर्म गरेर केही लाभ छैन। शुभाशुभ मिथ्या र व्यर्थ हुन भन्ने उनको दार्शनिक आधार थियो।

*३.५.२.घ. पकुध्घ कच्चायन*

विश्वमा जेजति भौतिक पदार्थ छन्। तिनीहरू नाश हुँदैनन् जे विद्यमान छैनन् तिनीहरू हुने संभावना पनि छैन्। संसार पृथ्वी जल, तेज, वायु सुख दुःख र जीवन अचल र अवध्य छन्। यिनीहरूलाई कसैले नष्ट गर्न सक्दैन। त्यसैले नैतिकता र आध्यत्मकताको कुनै जरुरी छैन।

*३.५.२.ङ. निगण्ठ नाट्पुत्त (निर्गन्ध ज्ञातपुत्र)*

यिनी वर्धमान महावीर हुन्। समस्त वन्धनबाट मुक्ति प्राप्तिलाई उनले निर्गन्ध ठान्दथे। उनले जैन धर्मको प्रतिवादन र प्रचार गरे।

*३.५.२.च. संजय वेलख्खिपुत्त (सञ्जयवेलछिपुत्र)*

उनले प्रत्येक प्रश्नको शङ्कास्पद उत्तर दिन्थे। राम्रो कर्म गर्दैमा राम्रो र नराम्रो कर्म गर्दैमा नराम्रो फल पाइने होइन।[१५]

**३.६.१. बौद्ध अभियानका प्रमुख प्रेरणा स्रोत महर्षि कपिल**

दर्शन, धर्म, समाज संस्कार र राजनीतिमा लाग्दै गरेका ऐजरुहरू, विकार विकृतिहरू, हत्या हिंसा, राज्य राज्य वीचको युद्ध र द्वन्द्व, परलोकवाद र भाग्यवादले समाज आतङ्कित र भयभीत भएका बेला धेरै दार्शनिकहरू र सम्प्रदायहरूले त्यसबाट आ-आफ्ना छरपष्ट मतहरू ल्याउने क्रम जारी थियो। यसै पृष्ठ भूमिमा महर्षि कपिलले सृष्टि सिर्जनामा ब्रह्मा र ईश्वरको कुनै हात नभएको अवधारणा प्रस्तुत गर्दै सृष्टि सिर्जनामा प्रकृतिको मुख्य भूमिका रहनुका साथै त्यो सिर्जनामा २४ तत्वहरूले आन्तरिक रुपमा भूमिका खेल्ने गर्दछन् भन्ने विशुद्ध नवीन दर्शन प्रतिपादन गरे। त्यो दर्शन भनेकै साङ्ख्य दर्शन हो। त्यही दर्शनबाट अनुप्राणित भएर सृष्टि-सिर्जना र तिनीहरूका चालक नियमहरू र मानवजातिलाई दुःखबाट मुक्ति प्राप्ति गर्ने उपायहरूको खोजीको श्रीगणेश गर्ने ढोका खुल्यो र नेपालको कपिलवस्तु क्षेत्रमा बौद्ध अभियान (बुद्धहरू जन्मिने) क्रम सुरु भयो। त्यसैले महर्षि कपिललाई बौद्ध अभियानका प्रमुख वैचारिक प्रेरणा स्रोतको रुपमा लिन सकिन्छ। तर अहिलेसम्म महर्षि कपिल र बुद्ध सम्बन्धी अध्ययन अनुसन्धान गर्ने विद्वान्हरूले महर्षि कपिल र साङ्ख्य दर्शन एवमं बुद्धहरू र बौद्धदर्शनलाई अलग-अलग ढङ्गले अध्ययन गरी ग्रन्थहरू प्रकाशित गरे। बौद्ध दर्शन र साङ्ख्य दर्शनलाई निरपेक्ष ढङ्गले अध्ययन गर्नु त्रुटिपूर्ण मात्रै होइन, घरको जगको महत्त्वलाई विर्सेर घरको अटाली र छानाको वखान गर्नु जस्तै हुने छ। किनिक यस हाम्रो कपिलवस्तु क्षेत्र अर्थात् लुम्बिनी, तिलौराकोट, निग्लिहवा, गोटीहवा, सैनामैना (सामगाम), देवदह, रामग्राम आदि नै ती दार्शनिक चिन्तक र साधकहरूको जन्मथलो र कर्मथलो हो, जहाँ सिद्धार्थ बुद्ध, ककुच्छन्द, बुद्ध, कनकमणि बुद्ध, पद्मपाणि लोकेश्वर बुद्ध आदिको जन्मभूमि/साधनाभूमि भएको विभिन्न विद्वान्हरूले उल्लेख गरेका छन्।

१५.वी.एन.लूणिया, पूर्ववत्, पृ. ३२५-३३९

प्रस्तरकला, प्रस्तर मूर्ति र भग्नावशेषहरूले आ-आफ्ना स्थानमा स्तम्भित भएर प्रमाणित गरिरहेका छन्। स्थलगत भ्रमण गरेर जिज्ञासुहरूले अध्ययन अवलोकन गरे स्पष्ट हुनेछ। आदि महाविद्वान् तत्कालीन दार्शनिकहरूमध्ये सर्वश्रेष्ठ मानिएका महर्षि कपिललाई बुद्धहरूका महागुरुका रुपमा सम्मान गर्नु न्याय सम्मत हुनेछ। साथ-साथै मनिषि कपिलको जन्मथलो हाम्रै नेपालको कपिलवस्तु हुनुले सिङ्गो मानव जगत र विशेष गरी कपिलवस्तुवासी वा ५ नं. प्रदेशवासीहरूलाई गौरवको अनुभूति हुन्छ। आदिमहर्षि कपिलमुनिको जन्मस्थल नेपालको कपिलवस्तु भनेर सबै विद्वान् लेखकहरूले आ-आफ्ना ग्रन्थमा लेखेका छन्। उनको जन्मथलो कपिलवस्तुको कहाँ नेर हो ? कुन भागमा हो यकिन छैन। त्यसबारे शोध अनुसन्धान गरी निचोडमा पुग्न जरुरी छ। चुरे श्रृङ्खलाको फेंदी सैनामैना क्षेत्रमा धेरै प्रस्तर मूर्तिहरू फेला परेका छन्। ती ठाउँहरूमा त्यसखाले प्रस्तर मूर्ति फेला पर्नुले प्रकृतिप्रिय ऋषिहरू मध्ये महर्षि कपिलको जन्मस्थल सैनामैना क्षेत्रको कुनै सुन्दर थुम्को पनि हुन सक्ने संभावनालाई नकार्न सकिदैन।

### ३.६.२. ऋषिमुनि र बुद्धका सम्बन्धमा

सबै ऋषिमुनिहरू बुद्ध होइनन्। बुद्ध भनेका संसारका वास्तविक नियमहरू जानेको बुझेको र तृष्णमुक्त साधक चिन्तक नै हुन्। बुद्धलाई अलौकिक स्वरुपमा नभई लौकिक स्वरुपमा नै देख्न भेट्न सकिन्छ। उपनिषद्काल इ.पू. छैटौं शताब्दीदेखि नै समाज सुधारका क्रममा बौद्ध अभियान सुरु भएको पाइन्छ। बौद्ध अभियान प्रारम्भकर्ताको श्रेय महर्षि कपिललाई नै जान्छ भनेर अध्ययनलाई प्रारम्भ गर्दा बुद्धत्वको सार आउन सक्ने देखिन्छ। पौराणिक बुद्धका रुपमा क्रमशः विपश्वी बुद्ध, शिखि बुद्ध, विश्वभू बुद्ध, काश्यप बुद्ध, क्रकुच्छन्द बुद्ध, कनकमुनि बुद्धको नाम आउँछ। इ.पू. २५० पछि बौद्ध धर्म दर्शनको प्रचार-प्रसारको लागि कपिलवस्तु गोटिहवाबाट काठमाडौं उपत्यकामा आई क्रकुच्छन्द बुद्धले बौद्ध धर्म दर्शनको प्रचार-प्रसार गरेको प्राध्यापक केदारनाथ प्रधानले उल्लेख गरेका छन्।[१६] यसरी नै पछि गुह्येश्वरी र स्वयम्भूको दर्शनका क्रममा शोभावती नगर कपिलवस्तुबाट कनकमुनि बुद्ध (कङ्कमुनि बुद्ध) काठमाडौंमा कङ्केश्वरी मन्दिरमा आई बसेको पाइन्छ। कङ्कमुनिकै नाममाबाट कङ्केश्वरी अजिमा मन्दिर निर्माण भएको र त्यहाँ उनकै नामबाट कङ्क थरका जाति बनेको देखिन्छ। यसैले सिद्धार्थ बुद्ध, क्रकुच्छन्द बुद्ध, कनकमणि बुद्ध र पद्मपाणि लोकेश्वर बुद्ध आदिको नाम क्रमशः आउँछ।[१७] यी बुद्धहरू मध्ये क्रकुच्छन्दु बुद्ध, कनकमुनि (कनकमणि) बुद्ध, सिद्धार्थ बुद्ध र पद्मपाणि लोकेश्वर बुद्ध आदि नेपाल राज्यको लुम्बिनी प्रदेशको कपिलवस्तु क्षेत्रकै भएको विभिन्न विद्वान्हरूले आफ्ना ग्रन्थहरूमा उल्लेख गरेका हुँदा कपिलवस्तु क्षेत्र धेरै दार्शनिक चिन्तक साधक र बुद्ध अभियानको उर्वर थलोको रुपमा रहेको पुष्टि हुन्छ। साथ-साथै यसले अन्य बुद्धहरू पनि यसै क्षेत्रका हुन सक्ने सम्भावनालाई आकर्षित गरेको छ।

### ३.६.३. कनकमुनि बुद्ध र निग्लिहवा

प्राचीन कालमा कपिलवस्तु देश (राज्य) थियो। तिलौराकोट यसको राजधानी मानिएको छ। कनकमुनि बुद्धको जन्मथलोलाई शोभावती भनेर धेरैजसो विद्वान्ले लेखेका छन्। शोभावती नै पछिल्ला दिनमा निग्लिहवा (निगाला आदिले बनाइएको घर) भएको बताइन्छ। महाकल्प नामक ग्रन्थमा उनको वर्ण (रङ्ग) सुन जस्तो पहेँले (सुनौलो) भएकोले कनकमुनि नामकरण भएको उल्लेख छ। इ.पू. २४९ मा आफ्नो राज्याभिषेकको बीसौं वर्षको उपलक्ष्यमा लुम्बिनी कपिलवस्तुको दोस्रो भ्रमणमा आएका मौर्य सम्राट अशोकले खडा गरेको प्रस्तरस्तम्भ अद्यावधि दुई टुक्रा परेको भग्नावस्थामा देख्न सकिन्छ। उक्त स्तम्भमा “ओम मणि पद्मे हुँ” पाली भाषामा लेखिएको पाइन्छ। यसरी नै इ.पू. ४०५ मा लुम्बिनी र कपिलवस्तुको भ्रमणमा आएका चिनिया यात्री फाहियानले शोभावती नगर शोभावती देखि उत्तरपट्टि एक योजन भित्र रहेको उल्लेख गरेका छन् भने इ.पू. ६३६ मा भ्रमण अवलोकन गरेका हुएन साङले त्यहाँबाट ४० लि. उत्तर पट्टिरहेको उल्लेख गरेका छन्। निग्लिहवा देखि अरौराकोटसम्मको उत्खनन् गरे स्पष्ट हुने देखिन्छ। भारतमा पुरातत्व अध्ययन गरिरहेका डा. फूहररले १८९५ ई. मा उत्खनन् र शोधगर्दा अभिलेख र स्तूप समेत फेला

---

१६. प्रा. केदारनाथ प्रधान, नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास, प्रका. पसिना प्रकाशन, स्वयम्भु काठमाडौं, २०५४, पृ. १३८

१७. बालचन्द्र शर्मा नेपालको ऐतिहासिक रुपरेखा प्रका.कृष्ण कुमारी देवी २३/११९, दुध विनायक वाराणसी पृ. ५३-५५

पार्नुले निग्लिहवा र कपिलवस्तु क्षेत्रकै प्राचीनता झल्किन्छ। जेहोस् निःसन्देह कनकमुनि बुद्धको जन्मस्थल यही क्षेत्र हो र नेपाल हो भन्ने विषयमा अव विमति रहेन।[१८] सन् १९९९ इस्ट इन्डिया कम्पनी सरकारले खटाए अनुसार सन् १८९६ देखि पाल्पाली गौंडा प्रमुख खड्ग शमशेरको संयोजनमा पी.सी. मुखर्जीले उत्खनन् गरी यसको प्रमाणिक गरेका हुन्।[१९]



निग्लीहवा, पुरातात्विक स्थल, कपिलवस्तु

१८. डा. दिल बहादुर क्षेत्री, पूर्ववत्, पृ. २७
१९. डा. गितु गिरी वृहत् लुम्बिनी क्षेत्रको पर्यटकीय सम्पदा, प्रका. २०६९ पृ. ७६

### ३.६.४.ऋकुच्छन्द बुद्ध

गोटीहवा क्षेत्र (खेमावती/ क्षेमावती) मा ऋकुच्छन्द बुद्धको जन्म हो भन्ने कुरा पुरातत्वविद्धहरूले अध्ययन अनुसन्धानबाट पुष्टि गरिसकेका छन्। बुद्ध वंशावली अनुसार गोटीहवा (क्षेमावती) कपिलवस्तुमा पर्दछ। सिद्धार्थले ज्ञान प्राप्त गरे पछि इ.पू. ५२४ मा कपिलवस्तु आएको र आफ्नो वाबु शुद्धोदनलाई भेटेको स्थल पनि यही हो। यहाँ अशोक स्तम्भ र कुवा, इँटाका खण्डहर र अन्य पुरावशेषहरू समेत पर्याप्त मात्रामा रहेका छन्। सन् १८९८ मा मेजर वाडेल र पी.सी. मुखर्जीले उत्खनन् गरेर यो कुरा पत्ता लगाएका हुन्। अशोक स्तम्भको जगमा ७.५x८१x२x१० मा कुँदिएको ग्रेनाइट पत्थर रहेको मेजर वाडेलले उत्थानका क्रममा बताएका छन्। यसरी नै ७.६ इन्चको गहिराइ पक्की इँटाबाट निर्मित स्थानमा केही अस्थिथातु र कोइलाका टुक्रा समेत फेला परेका छन्। सन् १९०४ मा उत्खनन गर्ने कार्लाइले अशोक स्तम्भ बारे अरु पुष्ट्याइँ गरेका छन्। सन् १९५४ मा भिक्षु धर्मलोकले उत्खनन् र विश्लेषण गरी अरु भागहरू पनि प्रकाशमा ल्याए पछि ऋकुच्छन्द बुद्ध र गोटीहवा (क्षेमावती) को थप सांस्कृतिक महत्व र प्राचीनता बढेर गएको छ। यहाँको स्तूपको शिरोभाग फुटेको हुँदा स्थानीय वासिन्दाले फुटेश्वर महादेव पनि भन्ने गर्दछन्। तर यसलाई महादेवको मन्दिर मान्न सकिँदैन। निग्लिहवा, गोटीहवा र लुम्बिनीको अशोक स्तम्भ इँटा, प्रस्तर तथा निर्माण प्रविधिको तुलनात्मक अध्ययन अनुसन्धान गर्दा मिल्दोजुल्दो पाइएकोले यसले प्राचीन बौद्ध इतिहासको सङकेत गर्दछ। सन् १९९५ देखि २००१ सम्म नेपाल पुरातत्व विभाग र इटलीको इस्मियो नामक संस्थाको संयुक्त प्रयासमा कपिलवस्तुको विभिन्न स्थलको अध्ययन र कोइलाको रासायनिक परीक्षण गर्दा इसा पूर्व आठौं शताब्दीसम्मको सूचना प्राप्त भएका थिए। यसले पनि ऋकुच्छन्द बुद्ध र कपिलवस्तु सभ्यता कालान्तरमा नेपाली प्राचीन सभ्यताको वोध गर्न सजिलो भएको छ।[२०]



गोटिहवा पुरातात्विकस्थल, कपिलवस्तु

**निष्कर्ष:** प्रकृतिलाई मूलकारण मान्ने महर्षि कपिलको साङ्ख्यदर्शन सिद्धार्थ बुद्धभन्दा पहिलेका दार्शनिक र दर्शनहरू मध्ये सर्वाधिक प्रभावकारी र जीवन्त हुनु नेपालकै गौरवको विषय हो।

---

२०. गितु गिरी पूर्ववत्, पृ.९५-९६

परिच्छेद : चार

# प्राचीन कपिलवस्तु, सिद्धार्थ बुद्ध र सैनामैनाको महत्व

### ४.१ विषय प्रवेश

इ.सा. पूर्व छैटौ शताब्दी अर्थात् उत्तर वैदिककालमा वैदिक धर्म दर्शन र दृष्टिकोणमा उत्पन्न भएका वर्णवाद, जातीयतावाद, भाग्यवाद, आत्मवाद र परमात्मावाद औतारवाद झाँक्रीवाद र टुनामुनावाद यागयज्ञादि र वलि प्रथा जस्ता विषयमा प्रश्नहरू उठ्न थालेका थिए भन्ने कुरा माथि पनि उल्लेख गरिएको छ। तत्कालीन ऋषिमुनिहरू, चिन्तक र दार्शनिकहरूले उपर्युक्त विषयवस्तुमा आधारित भई पक्ष र विपक्षमा तर्कवितर्कहरू गर्न थालेका थिए। व्रह्मवादी चिन्तक याज्ञवल्क्य परंपरावाद र कर्मकाण्डका पक्षमा र महामुनि कपिल सृष्टि सिर्जनाका कारक प्रकृति र पुरुषको अन्तरसम्बन्धको हवाला दिंदै व्रह्मत्व र ईश्वरत्वको विपक्षीमा उभिने क्रम अभियानका साथ अघि बढ्दै थियो। यसै पृष्ठ भूमिमा शुद्धोदनको शाक्य गणराज्य कपिलवस्तुमा दर्जनौं दार्शनिक चिन्तक साधकहरूको जन्म भएको थियो र उनीहरूले सुशासन, शान्ति र समाजमा सुव्यवस्थापन गर्नका लागि आफूलाई समर्पित गरेका थिए। तिनै दार्शनिक, चिन्तक र साधकहरूमध्ये समर्पण भावले लाग्ने व्यक्तित्व थिए महामानव सिद्धार्थ गौतम जो सम्यक् दर्शन-दृष्टि र संयक् व्यवहारले सर्वोच्च श्रेणी अर्हतमा प्रतिष्ठापित भए जसलाई भगवान् शब्दले विश्वभर संवोधन गरिन्छ। उहाँ भगवान् बुद्धको नामले प्रतिष्ठापित हुनुहुन्छ।



कपिलवस्तु सङ्ग्रहालय

### ४.२ कर्म र श्रमले निर्मित शाक्य राजवंश

साकेतका राजा इक्ष्वाकुको जेठीरानीबाट उल्कामुख, करकण्ड, हथिनिक र सिनिपुत्र नामका राजकुमारहरू प्रिया, सुप्रिया आनन्दा, विजिता र विजितसेन राजकुमारीहरू जन्मेका थिए। रानीको अकस्मात् निधन भएपछि राजाले

जयन्ती नामक कन्यासँग विवाह गरे र उनीबाट जयन्तु नामको राजकुमार जन्मिए पछि रानीले राजालाई वशमा पारी जेठी रानीका छोराछोरीहरूलाई देश निकाला गरिए। निष्काशित ती राजकुमार राजकुमारीहरू सुरक्षित वसोवासको खोजीमा उत्तर दिशातिर लागे। घुम्दैफिर्दै हिंडेका राजकुमारराजकुमारीहरू भागीरथी नदी हालको वाणगङ्गा नदीको किनारमा अवस्थित साङ्ख्य दर्शनका प्रणेता महामुनि कपिलको आश्रममा आइपुगे। कपिल ऋषिले उनीहरूलाई आश्रयमात्र दिएनन् ऋषिले राजकुमारराजकुमारीहरूलाई घना शकवृक्षको जङ्गल फँडानी गरी वस्ती वसाउन र वसोवास गर्न सल्लाह दिए। राजकुमार राजकुमारीहरूले अन्ततः त्यस क्षेत्रमा आफ्नो राज्य स्थापित गरे। महामुनि कपिलको सम्मानमा त्यस राज्यको नाम कपिलवस्तु राखे। त्यस राज्यको राजधानी तिलौराकोट कायम गरियो। त्यो युगसम्म युथ विवाह पद्धति (सगोत्रीय विवाह पद्धति) थियो भन्ने कुरा तिनै राजकुमारराजकुमारीको बीचमा विवाह भएको प्रसङ्गले जनाउँछ। स्मरण रहोस् जेठी राजकुमारी प्रिया भने अविवाहित नै रहिन् जसलाई राजमाताको रुपमा संवोधन गरियो। शाक्य थर कसरी निर्माण भयो यस वारे विद्वान्हरूको तीन खालका मत रहेका छन्। कसैले साकेत राज्यबाट आएकाले शाक्य भनिएको र कसैले शकवृक्ष अर्थात् सालवृक्षको जङ्गल फँडानी गरी राज्य स्थापना गरिएकोले शाक्य भएको हो भन्ने तर्क अगाडि सार्ने गरेको पाइन्छ। आफ्ना राजकुमार राजकुमारीहरूको श्रीवृद्धि भएको खवर सुनी राजा इक्ष्वाकुले हर्षित हुँदै "शाक्य वरभो कुमार परम शाक्य वरभो कुमार" भन्ने अभिव्यञ्जना प्रकट गुर्नले पनि शकवट/शकवृक्षबाटै शाक्य बनेको देखिन आउँछ। जसको अर्थ यहाँ साँच्चै सामर्थ्यवान् रहेछौं भन्ने अर्थ लगाइएको छ। उपर्युक्त इतिवृतान्त प्राचीन बौद्धग्रन्थ दिग्ध निकायको अम्वेस्थ सूत्र, सुमगल विलासिनी, अश्वघोषको महाकाव्य सौन्दरानन्द, ललितविस्तर एवम् जातक कथा आदिमा उल्लेख गरेको पाइन्छ।[२१]

यो कपिलवस्तु राज्यको सीमा पूर्वमा रोहिणी नदी, पश्चिममा अचिरावती (राप्ती), दक्षिण पश्चिममा कोशलराज्य, दक्षिण पूर्वमा मल्लराज्य र उत्तरमा हिमालय पर्वत श्रृङ्खलासम्म फैलिएको थियो। दक्षिणतिर पावा, कुशीनगर वैशालीसम्म र अर्को तर्फ सेताव्य, श्रावस्ती, साकेत, कोशम्वीसम्म पनि यो राज्य जोडिएको थियो। रोहिणी नदीपूर्व कोलीय गणराज्य थियो। कपिलवस्तु राज्यमा कपिलवस्तु वाहेक अन्य सहरहरू पनि थिए। चातुमा, खोमदुस्सा, मेतलुम्प, सामगाम (सैनामैना), सासुमार, शिलावती, शकुर,देवदह, लुम्बिनी, वेद्धायान जस्ता अनेक नेगम, जनपद वा नगरहरू थिए। प्रतिमोश्रय नामले त्यस बेला लुम्बिनीलाई चिनिन्थ्यो।

### ४.३ सिद्धार्थको जन्म र कुलवंश

राजा शुद्धोदन शाक्य राजवंशका थिए। उनले कोलीय राजा अन्जनाकि छोरी मायादेवीसँग विवाह गरेका थिए। तत्कालीन अवस्थामा प्रसूति हुन माइतीघरमा जाने सामाजिक प्रचलन रहेको हुँदा मायादेवी आफ्ना सुसारे सोंढिनीका साथ आफ्नो माइतीघर देवदहतर्फको यात्रामा थिइन्। लुम्बिनीवन (प्रतिमोश्रयवन) मा पुग्दा मायादेवीलाई प्रसूति व्यथाले चाँप्यो। सालको वृक्षमुनि सालको हाँगो समाउँदासमाउँदै बालकको जन्म भयो। यो शुभ मूहूर्त वैशाखे पूर्णिमाको दिन थियो। सिद्धार्थ गौतमको आधिकारिक जन्ममिति बारे विभिन्न विद्वान्हरूको फरकफरक मत देखिए पनि इ.पू. ५६३ लाई सिद्धार्थ गौतमको जन्म दिन मानिएको छ। बालक जन्मिए पछि मायादेवी बालकसहित तिलौराकोट दरवारमा फर्किइन्। बुद्धको जन्म बारे किम्बदन्तीहरू पनि छन्। बालक जन्मनुभन्दा पहिले शालवृक्षमा बोधिसत्व प्रकट भई मायादेवीलाई साष्टाङ्ग दण्डवत् गरेको, नवजात बालक ७ पाइला हिंडेको, बालक १० महिनामा जन्मेको, बालक जन्मदा इन्द्र, ब्रह्मा तथा शङ्कर त्यहीं साक्षात् उपस्थित भएको जस्ता अभिव्यक्ति दिएर सिद्धार्थलाई अवतार बनाउन जमर्को गरेको पनि पाइन्छ। दरवारिया परम्परा अनुसार बालकको भविष्य हेर्न ज्योतिषीहरू पनि बोलाइएका थिए। ज्योतिषीहरूले ग्रह-दशा हेरेर बालक गृहस्थी आश्रममा रहे चक्रवर्ती महाराज हुने अन्यथा महासन्यासी वा महर्षि हुने जस्ता भविष्यत् फल बताएको पनि बौद्ध साहित्यमा पाइन्छ। कौडिण्य र कालदेव नामक ज्योतिषीले त महाज्ञानी बुद्ध हुने ठोकुवा गरेको पनि बताइन्छ। बालकको न्वारन पाँचौ दिनमा गरिएको थियो। न्वारनको अवसरमा १०८ जना ब्राह्मणहरू उपस्थित थिए। उपस्थित मध्ये ८ जनामा ७ जनाले यो बालकले गृहस्थ

२१. डा. दिल बहादुर क्षत्री, पूर्ववत्, पृ. ७६-७७

आश्रमलाई पालना गरेमा चक्रवती महाराज बन्ने र प्रव्रज्या लियो भने बुद्ध हुनेछ भनेका थिए। तर तपस्वी ब्राह्मण कालदेव र कौडिन्यले भने बुद्ध हुने घोषणा नै गरेको बताइन्छ।[२२] ज्योतिषी, सन्तमहन्त, साधुहरूको भविष्यवाणीले राजालाई चिन्तित गरायो।

### ४.४ पालन पोषण र शिक्षा दीक्षा

सिद्धार्थ जन्मेको सातै दिनभित्र रानी मायादेवीको मृत्यु भयो। तदुपरान्त राजाले महामायादेवीकै बहिनी प्रजावती गौतमीसँग विवाह गरे। प्रजावती गौतमीले सिद्धार्थलाई मातृवासल्य प्रदान गरिन्। दरवारिया सुख-सयलमा सिद्धार्थ गौतमको लालन-पालन भयो। प्रजावतीले लालन-पालन गरेको हुँदा उनकै थर-गोत्रबाट सिद्धार्थलाई गौतम भनिएको भनाइ पनि छ। फेरि महामुनि कपिलको गौतम गोत्रलाई शाक्यहरूले ग्रहण गरेको पनि धेरै विद्वान्हरूले औंल्याएका छन्।

सिद्धार्थ गौतमलाई शास्त्रीय ज्ञानशिक्षाको समुचित प्रवन्ध दरवारमै गरियो। राजपरिवारले जान्नै पर्ने धनुर्विद्या, मल्लविद्या, घोडसवारी विद्या लगायतमा सिद्धार्थ छोटो समयमै पोख्त भए। यी विद्यामा निपूर्ण भए पनि उनी सानैदेखि दयालु, चिन्तनशील र कोमल स्वभावका थिए। दरवारको केही टाढा रहेको जम्वुवृक्ष/जामुनको रुखमुनि बसेर उनी बरावर एकाग्र चित्तले चिन्तन मनन् गरिरहन्थे। राजकुमारको भावुक र चिन्तनशील स्वभावलाई सांसारिक सुखभोगतिर आकर्षित गर्न राजा शुद्धोदनले तीन ऋतु अनुरुपका ३ वटा भव्य वातावरणीय मनोरम दरवारहरू निर्माण गरिदिएका थिए।[२३] जतिसुकै भौतिक वैभव र सुखसुविधाको प्रवन्ध गरे पनि सिद्धार्थ उदासिन र विरक्त मुद्रामा रहिरहे। अतः उनको मनलाई सांसारिक मोहपाशतर्फ आकर्षित गर्न रामग्राम कोलीय गणराज्यकी अत्यन्त सुन्दरी कन्या यशोधरासँग १६ वर्षको उमेरमा विवाह गरिदिए। १२ वर्षसम्म उनको दाम्पत्य जीवन सामान्य किसिमले वित्दै गयो। तर महान् चिन्तक सिद्धार्थ गौतमलाई यसले खास आकर्षित गर्न सकेन। उनले यस वीचमा बिरामी, सन्यासी, वृद्धमानव र मानव-लाश समेत देखे। जरा, मृत्यु, रोग जस्ता दुःखबाट कसरी पार हुने र पार गराउने उनलाई यिनै चिन्ताले सताउन थाल्यो। यसै वीच तिलौराकोट राजभवन नजिकै आश्रय जमाएर बस्ने एक जना सन्त-सन्यासीसँग उनको आइजाइ वस(उठ बढ्दै गयो। ती ऋषि साङ्ख्य दर्शनका प्रचारक हुनुपर्छ। एक दिन उनको पुत्ररत्नको जन्म भएछ। खुसी हुँदै सेविकाहरूले सिद्धार्थ समक्ष गएर भने पुत्र रत्नको जन्म भयो। यो खबर सुनेर सिद्धार्थको मुखबाट हठात् आवाज निस्कियो - “राहु जातो वन्धनम् जातन्ति”। अर्थात् राहु उत्पन्न भयो वन्धनको जन्म भयो।[२४] यसबाट सिद्धार्थको मनमा पूर्णवैराग्य भरिएको स्पष्ट हुन आउँछ।

### ४.५ महाअभिनिष्क्रमण

आमाकै गर्भदेखि सिद्धार्थ बुद्धथिए र जन्मनासाथ ७ पाइला हिडे जस्ता अभिव्यञ्जना अवतारवादका प्रतिविम्बात्मक उदाहरण हुन्। सिद्धार्थ गौतमले बुद्ध हुन वा बुद्धत्व प्राप्त गर्न ३५ वर्षसम्म कष्टकर रुपमा संसारको अनुभूत, अनुभव र सङ्घर्ष गर्नु परेको अथवा विभिन्न पारमिता पार गर्न परेको इतिहासले देखाउँछ। चिन्तनशील सिद्धार्थले गम्भीर अध्ययन मनन् पश्चात् निवृत्तिमार्ग अवलम्वन गर्ने निधो गरे। इ.पू. ५३४ को मध्यरातमा सिद्धार्थले जरा, मृत्यु र रोगबाट सारा मानव जातिलाई मुक्त गर्ने वा निर्वाण प्राप्त गर्ने गराउने अभीष्ट बोकेर २९ वर्षको खाइलाग्दो उमेरमा नवजात शिशु राहुल, अनुपम सुन्दरी श्रीमती यशोधरा र कपिलवस्तु दरवारको चंचलाश्री सारा वैभवलाई चटक्क परित्याग गरेर दरवारबाट सदासदाका लागि बाहिरिए। यसैलाई महाअभिनिष्क्रमण= महाभिनिष्क्रमण भनिन्छ।

---

२२. मधुसूदन पाण्डेय, पूर्ववत्, पृ. २३
२३. डा. दिल बहादुर क्षेत्री, पूर्ववत्, पृ. १०१
२४. वी एन लुणिया, पूर्ववत्, पृ. ३४७-३५०

### ४.६ बुद्धत्व प्राप्ति

बुद्धत्वको प्राप्ति सानोतिनो मिहिनेतले भएको होइन । सिद्धार्थ कसरी बुद्ध भए वा बुद्धत्व/अर्हत प्राप्त गरे यसवारे गम्भीर अध्ययन मनन् गर्न जरुरी छ । सिद्धार्थमा फुरुरुरुरु बुद्धत्व फुरेको होइन । त्यसको सङ्घर्षपूर्ण जीवनकथा सङ्क्षिप्तमा प्रस्तुत गरिन्छ । दरवारको सेना प्रहरीहरू मस्त निदाएका बेला सिद्धार्थको आदेशले सारथी छन्दक/छन्नले सिद्धार्थलाई रथ चढाएर पूर्व दिशातिर हानिए । रातारात शाक्य, कोलीय र रामग्रामलाई पार गरेर अनोमा नदीसम्म पुगे । सिद्धार्थले त्यहाँ पुगेर रथलाई रोक्न लगाए । रथबाट ओर्लेर आफ्ना वस्त्रआभूषण सबै फुकालेर छन्दकलाई सुम्पिँदै भने - अव तिमी फर्क । बृद्ध, व्याधि र मृत्यु माथि विजय प्राप्त नगरेसम्म म अव कपिलवस्तु फर्कने छैन । अव म प्रव्रज्या गर्छु भन्दै आफ्नै तरवारले केशमुण्डन गरेर, पीताम्वर पहिरेर र हातमा भिक्षापत्र लिएर सिद्धार्थ अघि बढ्न तयार भए । सिद्धार्थको यो गतिविधि देखेर छन्दकले आफू पनि प्रव्रज्या गर्ने प्रस्ताव राख्दा सिद्धार्थले हुँदैन तिमी फर्क म जान्छु भनेर बुद्धले एक्लै आफ्नो बाटो तताए । ज्ञानको खोजीमा राजकुमार सिद्धार्थ खाइनखाइ, घाम, पानी र जाडो नभनी हिँडिरहे । खोला घोला, नदी, जँघार तर्दा कति वेला त धन्नै प्राण पनि खुस्किएको थियो होला । दरवारिया सुख सयलमा हुर्केबढेका राजकुमार असिन-पसिन हुँदै पैदल हिंडदा कस्तो दुःख पीडाको अनुभूति भयो होला । यो जो कोहीले पनि सहजै अनुमान गर्न सक्दछ । यात्राका क्रममा राजकुमार सिद्धार्थले विद्वान् साधु सन्त, कृषक, ज्यामी भरिया व्यापारी व्यवसायी सबैसँग भेट्दै, अवलोकन अध्ययन गर्दै अगाडि बढिरहे । जे जे देख्दै गए जे जे भोग्दै गए, त्यो नै उनको ज्ञानप्राप्तिको अवश्य नै आधार थियो । त्यसवेला मगध राज्य विद्वान् साधक, चिन्तकहरूको गढको रुपमा रहेको थियो । उनी भृङ्ग्य (भृगु) ऋषिको आश्रममा, उद्दक रामपुत्रको आश्रममा, आलारकालामको आश्राममा र यस्तै साधु, सन्त र महन्तको आश्रममा गएर निर्वाणको उपायहरू पत्ता लगाउन कोशिश गरेको पाइन्छ। साङ्ख्या दर्शनका प्रकाण्ड विद्वान् भृङ्ग्य (भृगु) ऋषि र विशेषगरी आलारकालमका आश्रममा ऋषिका ३०० शिष्यहरूसँगै बसेर साङ्ख्य दर्शनको अध्ययन र अभ्यास गरे । यसरी नै वैशेषिक दर्शनका प्रकाण्ड विद्वान् उद्दक रामपुत्रबाट वैशेषिक दर्शनको अध्ययन र अभ्यास गरे । त्यतिवेला मगध राजदरवार जैन धर्म दर्शन (निर्गन्ध महावीर) को प्रचार केन्द्र नै थियो । राजदरबारमै तपस्वी, सन्यासी र भिक्षुहरूले कठोर तपस्या गर्दथे । मकरवली गोसालको आश्रम पनि त्यहीँ थियो ।

यहाँ बसेर सिद्धार्थले ध्यान, योग तथा तपस्या गरेर केही दिन बसे पनि सन्तुष्टि प्राप्त नभएकाले उरुबेला (गया) तर्फ यात्रा प्रारम्भ गरे । मोहनानदी र निरंजना नदीको सङ्गममा अवस्थित सुन्दर उरुबेला बन गुङ्गेश्वरी पर्वत थुम्कामा सिद्धार्थ गौतम पुगे । त्यहाँ कौडिण्य, वप्य, मद्दिप, महानाम र अश्वजित जस्ता बेदविद्याका पारखी पञ्च साधुहरूले तपस्या गरिरहेको देखेपछि सिद्धार्थ पनि तपस्यामा संलग्न भए । अन्न र जल परित्याग गरेर योग र विभिन्न तपस्या गरी रगत र मासु गलेमा आफ्नो बुद्धि शुद्ध हुनेछ भन्ने विश्वासका साथ झण्डै ६ वर्ष तपस्यामा लीन भए । तपस्या मुक्ति प्राप्त हुनेछ भन्ने उनको आशा पनि निराशामा परिणत भयो । अन्नपानी परित्याग गरेर ६ वर्ष तपस्या गर्दा शरीर गलेर अस्थिपञ्चर हुँदा पनि कुनै ज्ञान प्राप्त हुन सकेन । तर सिद्धार्थलाई एउटा ज्ञान प्राप्त भयो अन्नपानी त्यागेर शरीर सुकाएर ज्ञान प्राप्त हुँदैन । तपस्याको मार्ग गलत रहेछ भन्ने निचोडमा पुगे र तपस्या भङ्ग गरे । स्थूल आहार ग्रहण गर्न थाले । विस्तारै उनको शरीर तङ्ग्रिन थाल्यो । सिद्धार्थ तपबाट विचलित र भोगवादी भएको ठहर गरी ती वेद शास्त्रका प्रकाण्ड ५ जना विद्वान् तपस्वीहरूले सिद्धार्थलाई त्यहीँ छोडेर सारनाथ (ऋषिपत्तन) मा गई तपोरत भए । यता सिद्धार्थले उरुबेलाको शान्त शीतल वटवृक्षको मुनि बसेर ज्ञान प्राप्तिका लागि समाधि बस्न थाले । इ.पू. ५२८ को वैशाखे पूर्णिमाका दिन सिद्धार्थ बुद्धमा परिणत हुनु भयो अथवा संबुद्धत्व प्राप्त गर्नु भयो । संबुद्धत्व भनेको जिन्दगीभर देखे भोगेका एवम् अनुभूत, अनुभव, अभ्यास र साधना गरिएका विषयहरू माथि तनमन एकीकृत गरेर प्राप्त हुने ज्ञानको सार सङ्ग्रह हो भनेर बुझिन्छ । बुद्ध स्वयम्ले भन्नु भएको सूक्ति मननीय छ - "मैले एउटा रमणीय स्थान जहाँ वन र नदी दुवै छ, त्यो देखेँ । त्यसको घाट पनि रमणीय नै छ । त्यसलाई ध्यानयोग्य स्थान ठहर गर्दै म त्यहीँ बसेँ र त्यहीँ नै मैले जन्मको दुष्परिणामका बारेमा जानकारी पाएँ । मेरो ज्ञानदर्शन साक्षात्कार बन्यो । मेरो

अस्थिर मन स्थिर भयो। अनि मैले सोचेँ - यही नै अन्तिम जन्म हो, अब पुनर्जन्म हुने छैन।" (मज्झिम निकाय ३४८)[२५]

## ४.७ बुद्धत्व र ध्यान

सैनामैनाको ऐतिहासिक र पुरातात्विक अध्ययनका क्रममा लुम्बिनी र तिलौराकोट क्षेत्रको अध्ययन गर्नु नितान्त आवश्यक छ। किनकि सैनामैना पनि प्राचीन कपिलवस्तु र बुद्धको आँगन हो भनेर मानिएको छ। आज भोलि बुद्ध र ध्यान अत्यन्त लोकप्रिय बन्दै गइरहेको छ। यस बारे विद्वान् भदन्त रेवत बोधि महाअष्थवीर भन्ते (महाराष्ट्र नागपुर) सँग तानसेन टक्सार स्थित आनन्द महा चैत्य विहारमा सम्पर्क गर्‍यौं। उहाँ बौद्धदर्शनका प्रकाण्ड विद्वान् र प्रवक्ता हुनुहुँदोरहेछ। उहाँले भन्नुभयो - राजकुमार सिद्धार्थ २९ वर्षको उमेरमा महाभिनिष्क्रमण भएपछि ज्ञानको खोजीमा साधुसन्त महात्माहरूको सम्पर्कमा पुग्नु भयो। त्यहाँ साङ्ख्य दर्शनका महाज्ञाता भृगु (भृङ्ग्य) ऋषि, आलारकालम र वैशेषिक दर्शनका महाज्ञाता उद्दक रामपुत्र र अन्य ऋषिहरूसँगबाट साङ्ख्य दर्शन, वैशेषिक दर्शन समेतको अभ्यास गर्नु भयो।[२६] उरुबेलाको गुङगेश्वरीमा गएर ६ वर्षसम्म कठोर तपस्या गर्नु भयो। ६ वर्षको कठोर तपस्याबाट सम्बुद्धत्व प्राप्त नभए पछि तपमार्ग गलत रहेछ भन्ने निचोडमा पुग्नु भयो। यस पछि सिद्धार्थले योग साधनाका क्रममा आनापाना/अनुलोम विलोम श्वास प्रश्वास (Inheal Exheal) विधिको अभ्यास गर्नु भयो। एकाग्र चित्तले शरीरको अङ्गप्रत्यङ्ग (पार्टपार्ट)को प्रत्यक्ष एक्सरे अपरेशन गरेर शरीर के हो ? संसार के हो ? दुःखको कारण के हो ? दुःखबाट छुटकारा पाउने उपाय के हो ? अनुलोमका १२ विधि र प्रतिलोमका १२ विधिको माध्यमबाट शरीर र मनको वेदनाको सूक्ष्मातिसूक्ष्म क्रियाप्रतिक्रिया (Action and Reaction) का माध्यमबाट संबुद्धत्व/अर्हत प्राप्त गर्नु भयो। यस खालको साधनलाई विपश्यना ध्यानयोग भनिन्छ। वि को अर्थ विशेष प्रकारले र पश्यनाको अर्थ हेर्नु नै हो। विपश्यना विधिद्वारा सम्वुद्धत्व प्राप्त गर्नु भयो। यो कुनै कसैको आशीर्वाद वा कृपा थिएन। स्वयं आफ्नै प्रयास र परिश्रमले मनको तृष्णा र संवेदनालाई दुखको कारण हो भनेर कार्यकारण अर्थात् कारण नभई कार्य हुँदैन भन्ने सिद्धान्तको आधारमा संवोधित्व प्राप्त गर्नु भयो। यो नै बुद्धत्व हो। यसरी नैं उहाँ बुद्ध बन्नु भयो। संयक् सम्बुद्ध नै बुद्धत्वको निर्माता हो। उहाँ चैत्यमा आसीन हुने अर्हत भैँ सम्मानित हुनु हुन्छ। विपश्यना विधि अत्यन्त प्राचीन विधि हो। यसरी बुद्धले ४ आर्य सत्य, ८ अष्टाङ्गिक मार्ग द्वारा मानवजीवनलाई सुखमय र निर्वाण प्राप्त हुने सिद्धान्तको प्रतिपादन गर्नु भयो। बुद्धको मार्ग मज्झिम मागग (मध्यम मार्ग) हो र तथागत जस्तो विशेष्य (नाम) ले संवोधित हुन थाल्नुभयो। यसरी इ.पू. ५६३ मा लुम्बिनी वनमा जन्मेका बालक राजकुमार पाँचौ दिनमा सिद्धार्थ नामले र ३५ वर्ष पछि इ.पू. ५२८ मा बुद्धमा परिणत हुनुभयो। उहाँ बुद्ध भएर जन्मिनु भयो। बौद्ध संस्कृतिमा जीवनमै बुद्धत्व प्राप्त गर्नु नैं परिनिर्वाण हो। यसरी विपश्यना विधिबाट संवुद्धत्व प्राप्त गरेपछि बुद्धले भन्नु भयो - ***"अब मलाई यो शीतलता प्राप्त भयो, मैले निर्वाण प्राप्त गरेँ। अब मैले यस दुनियाँको अन्धकारमा एउटा सत्य र अहिंसाको नगरा बजाउँनेछु।"***[२७]

शील, समाधि र प्रज्ञा भनेकै विपश्यना हो। स्मरण रहोस् लोप हुँदै गएको यो विपश्यना विधि बर्मामा मात्र सीमित रहन गए पनि यसको आज भोलि विस्तार हुँदै गएको कुरा सत्य नारायण गोयन्काले लेखेका छन्।[२८]

## ४.८ बुद्धत्वको सार

सिद्धार्थले चार आर्यसत्य र निर्वाण प्राप्तिका लागि अष्टङ्गिक मार्ग नै मूल आधार भएको निचोड निकाल्नु भयो अथवा वैशाखे पूर्णिमाका दिन राति नै सिद्धार्थलाई प्रतीत्य(समुत्पादका ज्ञान प्राप्त भयो। बौद्ध वाङ्मयमा यसलाई सम्बोधि भनिएको छ। तदुपरान्त सिद्धार्थ जागृत (Enlightenment) भएको बताइन्छ।

---

२५. मधुसूदन पाण्डेय, पूर्ववत्, पृ. ८-९

२६. अभय शर्मा र रवि प्रसाद गुरागाईं, पूर्ववत्, पृ.७८

२७. देवी प्रसाद चटोपाध्याय - भारतीय दर्शन सरल परिचय, अनु. गोपीरमण उपाध्याय, सन्१९६५ राज कमल प्रकाशन प्रा.लि. दिल्ली पृ.१९२

२८. आचार्य सत्यनारायण गोयन्का, आत्म कथन भाग १, प्रका. विपश्यना विशोधन विन्यास धम्मगिरी इगतपुरी, नाशिक, महाराष्ट्र, सन् २०१३, पृ.८४-९२

**४.८.१ चार आर्य सत्य**

बुद्धको दर्शन दृष्टिकोणमा कारण नभई कार्य हुँदैन भन्ने कुरा स्पष्ट देखिन्छ। यो कुराको प्रमाण नै चार आर्य सत्य हुन्। बौद्ध दर्शन सिद्धान्तको सार यसैबाट अभिव्यक्त हुन्छ। दुःख - संसार दुखले ओतप्रोत छ र सङ्घर्षमय छ। जन्म, मरण, शोक, रोदन अप्रियसँग संयोग, प्रियसँग वियोग, इच्छित वस्तुको अप्राप्ति आदि दुःखका कारण हुन्। दुःख समुदय (दुःखको कारण) (दुःखको कारण तृष्णा हो। तृष्णाले अहङ्कारलाई जन्मदिन्छ। राग, द्वेष इर्ष्या, ममता, नाना प्रकारका स्वार्थ आदिको जन्म हुन्छ। अनावश्यक महत्त्वाकांक्षालाई जन्मदिन्छ। हत्या हिंसा बढाउँछ। युद्ध र झगडालाई जन्माउँछ र बढाउँछ।

दुःख निरोध (दुःखको अन्त्य) - तृष्णको अन्त्य भएमा दुःखको अन्त्य हुन्छ।

दुःख निरोध मार्ग - दुःख हटाउने उपाय पनि छ। वेदका ऋचा पढेर, यज्ञादि गरेर, तपस्या गरेर, पूजापाठ गरेर दुःख हट्न सक्दैन। दुखको अन्त्य गर्ने उपाय अष्टाङ्गिक मार्ग नै हो।

चार आर्य सत्यका आधारमा दुःखबाट मुक्ति प्राप्त गर्ने उपाय आठवटा छन् जसलाई अष्टाङ्गिक मार्ग भनिन्छ।

संयक् दृष्टि (Right Vision)
संयक् सङ्कल्प (Right Determination)
संयक् वचन (Right Speech)
संयक् कर्म (Right Action)
संयक् आजीविका (Right Livlihood)
संयक् व्यायम (Right Effort)
संयक् स्मृति (Right Mindfulness)
संयक् समाधि (Right Meditation)

**४.८.२ संबुद्धत्वको प्रसारण र सारनाथ**

संबुद्धत्व प्राप्ति पछि बुद्धले साङ्ख्य दर्शनका प्रचारक एवम् बुद्धका केही दिनका गुरु आलारकलामलाई सम्झे जसबाट उनी साङ्ख्य दर्शनमा दीक्षित भएका थिए। उनलाई भेटेर उपदेश दिने प्रवल चाहना थियो। तर उनी वितेको एक हप्ता भइसकेको रहेछ। यस पछि उनले उद्दक रामपुत्रको खोजीमा लागे जसबाट उनले वैशेषिक दर्शनको ज्ञान हासिल गरेका थिए। तर अफशोस उनको पनि त्यसै दिन मृत्यु भएको रहेछ। तदुपरान्त बुद्धले उरुबेलामा ६ वर्षसम्म सँगसँगै तपस्या गरेका आचार्यहरू जो कपिलवस्तुकै निवासी थिए क्रमशः कौडिण्य, वप्प, मद्दिय महानाम र अश्वजीत जस्ता आचार्यहरूको खोजीमा लागे। सारनाथ (ऋषिपत्तन) मा उनीहरूसँग भेट भयो। भोगवादी र तपोच्यूतका रुपमा ठानिएका बुद्धलाई देखेर खिल्ली गर्दै पञ्च ऋषिहरूले भने ( "हेर न तपोभ्रष्ट सिद्धार्थ मीठामीठा खाना खाएर कति मोटाए छन्।"

इ.पू. ५२८ मा ती पञ्च भिक्षु आचार्यहरूलाई आफूले बुद्धत्व प्राप्त गरेको वृतान्त बुद्धले विनम्रता पूर्वक यसरी सुनाउनु भयो - "भिक्षुहरूकामसुखमा लिप्त र शारीरिक पीडामा लाग्ने जस्ता दुई चरम पन्थमा लाग्नु हुँदैन। ती दुईका वीचको मार्गलाई मध्यम मार्ग भनिन्छ। त्यही मध्यम मार्गको खोजी मैले गरेको छु जसलाई आर्य अष्टाङ्गिक मार्ग र चार आर्य सत्य भनिन्छ। त्यसै विषयमा मेरो आँखा खुलेको छ। त्यसलाई बुझि सकेपछि मैले अभ्यास गरेको छु।

हेर संसार दुःखले व्याप्त छ। जन्म पनि दुःखै हो। बुढ्यौली पनि दुःखै हो। मरण पनि दुःखै हो। शोक, रोदन, खिन्नता, हैरानी आदि सबै दुःखै हुन्। अप्रियाको संयोग र प्रियाबाट वियोग हुनु पनि दुःखै हो। इच्छा गरेको वस्तु प्राप्त नहुनु पनि दुःखै हो।

दुःखको पनि कारण छन्। ती तृष्णा, काम (भोग) को तृष्ण, मनको तृष्णा र विभवको तृष्णा हुन्। इन्द्रियहरूले तृष्णा पैदा गर्दछन्। आँखाले अर्काको रुप हेरी आसक्ति बढाउँछ। कानले शब्द सुनी रसास्वादमा लिप्त बनाउँछ।

नाकले गन्ध सुँघी त्यसैमा टाँसिइ रहूँ जस्तो गराउँछ। जिब्रोले स्वाद लिएर त्यसै स्वादमा पल्काउँछ। शरीरले स्पर्शद्वारा मोहित गराउँछ। यी पाँच भौतिक सुखमा आसक्त भई विलाशितापूर्ण जीवन विताउँनु भनेको आफैलाई अन्त गर्नु हो।

यिनै तृष्णाको परित्याग गर्न सक्नु नै दुःख निरोध गर्नु हो। तृष्णाको नाश हुनासाथ वस्तु सङग्रहको निरोध हुन्छ। उपादानको निरोधबाट लोकको निरोध हुन्छ। लोकको निरोधबाट जन्मको निरोध हुन्छ। जन्मको निरोधबाट बुढ्यौली, मृत्यु, शोक, दुःख, रोदन, मनको खिन्नता, हैरानी आदि सबै हराउँछन्। यस प्रकार दुःख निरोध हुन्छ। बुद्धको उपदेश सुनेपछि ती सबै साधुहरूले बुद्धबाट प्रव्रज्या ग्रहण गरे।[२९] यसरी बुद्ध र ती ५ जना भिक्षुहरू सम्मिलित सङ्घको स्थापना भयो र उनीहरूले पनि बुद्धका शिक्षालाई प्रसारण गर्न थाले। अष्टाङ्गिक मार्गलाई तीन भागमा बाँडेर अध्ययन र अभ्यास गरिन्छ -

(क) ज्ञान - संयक् दृष्टि र संयक् सङ्कल्प
(ख) शील - संयक् वचन, संयक् कर्म, संयक् आजीविका
(ग) समाधि - संयक् अभ्यास (व्यायाम), संयक् स्मृति, संयक् समाधि।

## ४.९ बौद्धदर्शन, धर्म र विशेषता

बुद्ध कपिलमुनिको साङ्ख्य दर्शनबाट प्रत्यक्ष परोक्ष रुपमा प्रभावित भएको पाइन्छ। बुद्धको दर्शनलाई बौद्ध दर्शन वा बुद्ध धर्म दुवै भनेर बुझ्ने प्रचलन छ। वास्तवमा बौद्ध दर्शन हो। यसले सारतः निर्वाण प्राप्तिको दृष्टिकोण प्रस्तुत गरेको छ। तर पछिल्ला दिनहरूमा बौद्ध दर्शनलाई बौद्ध धर्मका रुपमा पनि चिनिन्छ। यो दर्शन वा धर्म मज्झिम माग्गीय रहेको छ। बुद्धवादले दर्शन, धर्म, योग (विपश्यना) र सङ्घलाई जनाउँछ।

शान्तिका लागि निर्वाण प्राप्ति :( पाली साहित्यमा निव्वाण भनिन्छ। नि को अर्थ विषेध र वाणको अर्थ तृष्णा हो। तृष्णाले मानवलाई सताइरहेको हुन्छ जसरी वाणले सताउँछ। त्यसैले तृष्णारुपी वाणबाट मुक्त हुनु निर्वाण हो। हिन्दू धर्ममा पनि निर्वाणको अर्थ छ। ईश्वर वा परमात्मासँग संयोग हुनुलाई निर्वाण भनेर अर्थ्याइँन्छ तर बौद्ध दर्शनमा निर्वाणको अर्थ कायिक (शारीरिक), मानसिक र सांसारिक तृष्णादेखि विच्छेदन हुनु हो। निर्वाण मृत्यु पछि प्राप्त हुने विषय नभई जीवित छँदै प्राप्ति गर्नु नै हो।

### ४.९.१ अहिंसा

अहिंसा परमो धर्म बुद्ध दर्शनको महत्त्वपूर्ण विशेषता हो। प्राणी मात्रमा दया, माया प्रेम, सद्भावपूर्ण व्यवहार गर्नु अहिंसा हो। नैतिकता सदाचार यसका अभिन्न अङ्ग हुन्।

### ४.९.२ अनीश्वरवाद

बुद्धले ईश्वर वा परमात्मालाई सृष्टिकर्ताका रुपमा स्वीकार गरेका छैनन्। अनादि कालदेखि नै सृष्टि संरचनाको चक्र चलिरहेको छ। त्यसैले यहाँ कर्ताको जरुरी नै छैन्। मानिस नै स्वयं आफ्नो मालिक हो। बुद्धले ईश्वरको अस्तित्वलाई अकथनीय भनेर तर्किएको पाइन्छ।

### ४.९.३ जीवनको गति, शरीर र आत्मा

स्वस्थ शरीर रहेसम्म मात्र आत्म रहन्छ। आत्म शरीरबाट अलग रहेको हुँदैन। बुद्धले यस सन्दर्भमा यसो भन्नु भएको छ - "आत्म कुनै नित्य वस्तु होइन वरु श्वास-प्रश्वासको कारणबाट उत्पन्न भएको एक शक्ति हो जो अन्य वस्तुहरू जस्तै क्षणक्षणमा उत्पन्न र विलीन हुने गर्दछ। जहाँ शरीर त्यहाँ आत्मा यसको अभिव्यक्ति र सार हो।

२९. मधुसूदन पाण्डेय, पूर्ववत्, पृ. ९-१३

**४.९.४ ग्रन्थलाई प्रमाण मान्ने प्रचलन**

आफूलाई धर्मावलम्वी भन्नेहरूले आफ्नो धर्मको ग्रन्थ देखाएर त्यही अनुसार आचारण गर्न र विश्वास गर्न जोड दिन्छन्। व्राह्मणहरूले वेदग्रन्थ प्रस्तुत गरेर प्रमाण भन्दछन्। यसका विपरित चल्नेलाई वेदविरोधी र नास्तिक भन्ने गर्दछन्। बुद्धले वेदलाई पनि प्रमाण नमान्न र अपौरषीय नठान्न भन्नु भएको छ। यसैले बुद्धलाई नास्तिक भनिएको थियो। तर बौद्ध धर्म दर्शनको लोकप्रियता र लोकव्यापीका कारण बुद्धलाई हिन्दूहरूले विष्णुको नवौं अवतारका रुपमा प्रतिष्ठापित गर्न बाध्य भएको देखिन्छ। तर हिन्दू परंपरा अनुसारको आस्तिक षडदर्शनमा बुद्ध दर्शन र धर्मलाई समावेश गरिएको छैन।

**४.९.५ सम्यक् दृष्टि**

बुद्धले वेदमा विश्वास गरेनन्। बुद्धले पेसाव्यवसायमा बाँडिएका मानव जातिलाई ब्राहमण क्षत्रीय, वैश्य र शुद्र भनेर ऊँच नीचको व्यवहार गर्ने प्रचलनको विरोध गरे। नदीहरू समुद्रमा सम्मिलित भए झैं मानव जातिको समाज पनि विशाल समुद्र हो। समुद्रको पानीमा विविधता र भिन्नता नभए झैं जातपात, रङ्ग वर्णका आधारमा कसैलाई पनि नीच ऊँचको व्यवहार गर्न नहुने आफ्नो सिद्धान्त प्रस्तुत गरे।

४.१०.१. बुद्धको महापरिनिर्वाण र अस्थिधातुको प्रसारण

बुद्ध स्वभावैले दिलदार, सहानुभूतिशील, विवेकशील र सबै क्षेत्र र सबै मानव जातिका साझा स्वरुपमा प्रतिष्ठापित थिए। दरवारिया सुख र वैभव, पारिवारिक घेरा, जन्मस्थल, कुल र गोत्रले उनलाई वाधा व्यवधान गर्न सकेन। आफूले आविष्कार गरेको संबुद्धत्व ज्ञान प्रसारणमा बुद्ध ४५ वर्षसम्म लागि रहे। ऋषिपत्तन (सारनाथ) बाट आफ्नो ज्ञान प्रसारण प्रारम्भ गरेका बुद्ध आफ्नो जीवनकालमा तपसिलका प्रमुख स्थलमा पुगेको पाइन्छ। आज भारत भनेर जुन विशाल भूभाग र जनसङ्ख्याको तस्विर हाम्रो नजरमा उपस्थित हुन्छ, बुद्धको जीवनकालमा भारत देश यस्तो अवस्थामा थिएन, खण्डित अवस्थामा नै थियो। तर बुद्ध दर्शन र धर्मले एकीकृत गरेको थियो। सम्बुद्धत्व/अर्हत प्राप्ति पछिदेशना (उपदेश) प्रसारणका सिलसिलामा बुद्ध देहायका स्थानमा पुगेको पाइन्छ।

- जन्मस्थल - इ.पू. ५६३ लुम्विनी कपिलवस्तु नेपाल
- संबुद्धत्व/अर्हत प्राप्ति - इ.पू. ५२८ वोधगया
- पञ्च भिक्षुलाई दीक्षित - इ.पू. ५२८ सारनाथ/ऋषिपतन
- कपिलवस्तु आगमन - इ.पू. ५२७(५२५ नेपाल
- वैशाली - इ.पू. ५२४ मगध भारत
- मङकल पर्वत - इ.पू. ५२३ विहार भारत
- सुसुमार गिरि - इ.पू. ५२१ चुनोर भारत
- कौशम्वी - इ.पू. ५२० भारत
- पारिलेयक - इ.पू. ५१९ मिर्जापुर भारत
- नाला - इ.पू. ५१८ विहार भारत
- वैरञ्जा - इ.पू. ५१७ कन्नौज र मथुराको वीच भारत
- श्रावस्ती - इ.पू. ५१५ गोण्डा
- कपिलवस्तु - इ.पू. ५१४ नेपाल
- आलपी - इ.पू. ५१३ अरवल
- राजगृह - इ.पू. ५११ मगध भारत
- चोलीय पर्वत - इ.पू. ५११ विहार भारत
- चोलीय पर्वत - इ.पू. ५१० विहार भारत
- राजगृह - इ.पू. ५०९ मगध भारत

- श्रावस्ती - इ.पू. ५०८-४८४ गोण्डा भारत
- वैशाली - इ.पू. ४८३ भारत [३०]

### ४.१०.२ बुद्धले नेपालको भूभागमा उपदेश दिएका स्थलहरू

परिभ्रमणका क्रममा स्वयम् तथागत चार पटक नेपालको भ्रमण गरी विभिन्न स्थानमा बौद्ध शिक्षा र दर्शनले शिष्यहरू र जनसमुदायहरूलाई दीक्षित गरेको देखिन्छ।

#### ४.१०.२.१ कुदान

प्राचीन निग्रोधरामाको नामले चिनिने कुदान क्षेत्रमा प्राचीन तीनओटा स्तूपहरू रहेका थिए । यी स्तूपहरू मध्ये एउटा स्तूप राजकुमार राहुल प्रव्रज्या गरेको सन्दर्भमा सारीपुत्रले निर्माण गरेका थिए। यस ऐतिहासिक स्थलमा बुद्धले बुद्धत्व प्राप्त गरेपछि इ.पू. ५२५ मा कपिलवस्तु आएका बखत आफ्ना वावु शुद्धोदन, आफ्नी श्रीमती यशोधरा, कान्छी आमा प्रजावती, छोरा राहुल, परिवारजन र तीन सय शिष्यहरूलाई भेट गरी उपदेश दिएको वताइन्छ। साथै कान्छी आमा प्रजावतीले बुद्धलाई सप्रेम कषाया बस्त्र प्रदान गरेकी थिइन्।[३१]



कुदानको भग्नावशेष

#### ४.१०.२.२. उपत्यका आगमन

इतिहासकार बालचन्द्र शर्माले गौतम बुद्ध नेपालका सातौं किराँती राजा जितेदस्तीको समयमा काठमाडौं उपत्यकामा पुगी पुच्छाग्र चैत्यमा बसेको र उनले १३५० जनाशिष्यलाई दीक्षित गराएको भनी उल्लेख गरेका छन्। तर बुद्ध स्वयम् उपत्यका नआई उनका चेला आनन्द यहाँ आएको मानिन्छ।[३२]

---

३०. मधुसूदन पाण्डेय, बौद्धदर्शनको इतिहास, पृ.१३

३१. Recent joint excavation carried by the department of Archaeology, Lumbini Development trust and durham university of UK (2014-2016 AD)

३२. बालचन्द्र शर्मा, पूर्ववत्, पृ.६५

### ४.१०.२.३ सामगाम नगर क्षेत्र (सैनामैना)

संबुद्ध/तथागतले सैनामैनामा दिएको उपदेशका सन्दर्भमा बौद्ध धर्म दर्शन र संस्कृतिविद् डा. गितु गिरी लेख्छन् ***"दीघ निकाय पासाधिक सुत्तका अनुसार सामगाम बेधजञा नगरको नजिकै अवस्थित थियो। बुद्ध यहाँ आएका अवस्थामा पावामा महावीरको देहान्त भएकोले सोको खवर चुन्द सुमणुद्देश्यले आनन्दलाई दिएका थिए। आनन्दले यो खवर बुद्धलाई सुनाए। बुद्धले मज्झिम निकायको सामगाम सुत्तान्तको उपदेश यसै स्थान (सैनामैना) मा दिएका थिए।"***[३३]

### ४.१०.२.४ गृद्धकूट पर्वतको उपदेश प्रसङ्ग

बुद्धको मावली देवदहभन्दा माथिको चुलीलाई अहिले स्थानीय समुदायले गिद्धे पहाड वा गिद्धेचुली भन्ने गर्दछन्। यो पाल्पाको माथागढी गाउँपालिकामा पर्दछ। सेनकालमा निर्माण भएको यस माथागढी किल्लामा सन् १८१४-१८१६ मा भएको अङ्ग्रेज नेपाल युद्धका वेला प्रतिरक्षात्मक युद्ध लडिएको थियो। यसै गढीको पश्चिम भागमा गिद्धेचुली रहेको छ। यहाँ सम्बुद्ध तथागतले आफ्ना शिष्य र जनसमुदायलाई उपदेश दिएको कुरा धम्मपद गाथा नं. ४०३ मा उल्लेख गरिएको छ। गाथा यस प्रकार छ "गम्भीय पञ्ञं मेधाविं मग्गा मग्गस कोविदं कत्र मत्थंअनुप्पत्तं तं अहं ब्रूमि ब्राह्मनं" रूपन्देही जिल्ला विकास समितिका तत्कालीन स्थानीय विकास अधिकारी एवम् संस्कृतिविद् नारायणप्रसाद ज्ञवालीले गृद्धकूट भनेको यही गिद्धे पहाड हो भन्ने मत राख्दै धम्मपद गाथा नं. ४०३ उपलब्ध गराएका हुन।

### ४.१०.२.५ दाहसंस्कार विधिमा बुद्धको इच्छा

यसरी नै तथागत आफ्नो वावु शुद्धोदनको देहावसान हुँदा र कोशल नरेश विरुद्धकले तिलौराकोट माथि आक्रमण हुँदा उक्त आक्रमण रोक्नको लागि कपिलवस्तु आएको देखिन्छ। इ.पू. ५६३ मा कपिलवस्तु देशको लुम्विनी (मोदश्रय) मा जन्मेका राजकुमार सिद्धार्थले इ.पू. ५४७ मा १६ वर्षको उमेरमा विवाह वन्धनमा आवद्ध भए भने २९ वर्षको उमेरमा पुत्र राहुलको जन्म र राजदरवार त्याग र प्रव्रज्या गरेको र ८० वर्षको उमेरमा इ.पू. ४८३ मा कुशीनगरमा महापरिनिर्वाण गरेको घटनाहरू स्मरणीय रहेका छन्। बुद्धको शारीरिक अवस्था अत्यन्त कमजोर हुँदै गएको अवस्थामा बुद्धका उपस्थाप्य एवम् परम शिष्य आनन्दले स्वयं बुद्धसँग प्रश्न गरे - तपाईको अन्त्येष्टि सँस्कार कसरी गर्ने भन्ने प्रश्नको सन्दर्भमा बुद्ध उत्तर यस्तो रहेको छ - "बुद्धले चक्रवर्तीको देहलाई जसरी समाधिस्थ गरिन्छ त्यसरी नै गर्नू। नूतन वस्त्रआदि पहिऱ्याएर चितामा भष्म गराउनु र भष्म भएपछि चौवाटोमा स्तूप बनाउनू।"

## ४.११ अस्थि वितरण र स्तूप निर्माण

बुद्धको महापरिनिर्वाण पछि विभिन्न देशका राजामहाराजा र सन्तसाधुहरूले अस्थि प्राप्ति र स्वामित्वको दावी गरे। अस्थिका विषयलाई लिएर महाविवाद उत्पन्न हुने देखी त्यसलाई साम्य पार्न ब्राह्मण द्रोणले बुद्ध स्वयं क्षमाशील र साझा हुनु भएकोले अस्थिलाई ८ भागमा विभाजन गरे। द्रोणको भागमा कोइला मात्र परेको थियो। पछि पिप्ली वनका मोरियहरू (मौर्याहरूले) पनि अस्थि माग्न आए पछि द्रोणले पिप्लीवनलाई अस्थिको कोइला दिएर पठाए पछि द्रोणसँग अस्थिको भाँडो मात्र रहयो। यसरी बुद्धको अस्थि १० भागमा विभाजित भयो। जस अनुरुप राजगृह र मगधमा अजातशत्रुले, बैशालीमा लिच्छवीहरूले, कपिलवस्तुमा शाक्यहरूले, रामग्राममा कोलीयहरूले, पावामा मल्लहरूले, अल्लकम्पमा गुलीहरूले, पिप्पलीवनमा मौर्यहरूले, विष्णुद्वीपमा ब्राह्मणहरूले, कुशीनगरमा मल्लहरूले, तुम्वमा ब्राह्मणहरूले दशदिशाका दश स्थानमा स्तूपहरू निर्माण गरे। दशौं स्थानमा अँगारराखी स्तूप निर्माण गरिएकोले त्यसको नाम अँगारस्तूप भयो।[३४]

पाली भाषाको थोपा थुपम् (Thupam) र थुपीकट (Thupikata) बाट कालान्तरमा स्तूप (Stupa) भएको बताइन्छ। मृतकहरूको अस्थि वा भष्म वा विभूतिलाई राखेर श्रद्धापूर्वक बनाइएको ढिस्को वा थुम्को (Relicmound

३३. डा. गितु गिरी, पूर्ववत्, पृ.१०८-१०९
३४. मधुसुदन पाण्डेय, पूर्ववत्, पृ. ६४-६५

Tope) लाई स्तूप भनिन्छ। बुद्धको समयभन्दा पहिलो शताब्दीदेखि नै यस खाले स्तूप बनाउने प्रचलन थियो। यस्ता स्तूपहरूमा मृतकले दैन्दिन प्रयोग गर्ने सामग्रीहरू पनि राखिन्छ। बुद्ध र बुद्धका शिष्यहरूका अस्थिधातु (Corporal Relics) राखेर उनका सम्मानमा पछिल्ला दिनहरूमा धेरै स्तूपहरू बनाइएका छन्। उद्देश्य अनुरुप स्तूपको वर्गीकरण पनि गरिएका छन्। बुद्धका वस्त्रादि राखी बनाइएकालाई परिभोगिका, बुद्धको सम्मान र संस्मणमा बनाइएकालाई उद्देशियका, धर्म प्राप्तिका लागि बनाइएकालाई धर्मिका र यात्रा संस्मणका लागि बनाइएका स्तूपहरूलाई भोटिभ स्तूप भनिएको छ। प्रारम्भिक दिनमा माटो आदिबाट बनाइने यस खालका स्तूपहरू मौर्यकाल (अशोक पछि) शुङ्गकाल र कुषाणकालमा पक्की इँटा गुप्तकालमा अरु विकसित र समृद्ध भयो। बुद्धको आकृति प्रस्तरमा कुँधेर राख्ने र इँटा माटो आदिले स्तूप निर्माण गर्न थालिएको पाइन्छ। बुद्धको महापरिनिर्वाण पश्चात् अशोकले ७ वटा स्तूपहरूबाट अस्थि निकालेर ८४,००० स्तूपहरू र प्रस्तर स्तम्भ समेत जम्बुद्वीप (दक्षिण एसिया क्षेत्र) मा निर्माण गरेको डा. गिरीले उल्लेख गरेका छन्। स्तूपहरू र स्तम्भहरू निर्माण गर्नुको अर्थ इतिहासका घटनावलीलाई दिगो राखी बुद्धदर्शन, बुद्धधर्म रबुद्धसंस्कृतिप्रति सम्मान प्रकट गर्नु नै हो।

### ४.१२ बुद्ध धर्ममा विकसित सम्प्रदायहरू

बुद्धले आफू देवता गन्धर्व, यक्ष र मानिस केही पनि होइन तर बुद्ध हुँ भनेर एक पटक भनेको प्रसङ्ग चर्चित छ। यो प्रसङ्ग बुद्धले कोशल नरेश प्रसेनजीत र खेमा भिक्षुणीको सम्वाद्धमा बताएका थिए। तर बुद्धको देहान्त पश्चात् बुद्धलाई साक्षात् देवता मान्ने वा बोधिसत्वलाई मान्ने अथवा बुद्धलाई मान्ने कि बुद्धतत्वलाई मान्ने जस्ता प्रश्नहरू उठेका थिए।[३५] यसको समाधानको प्रयासस्वरुप इ.पू. २४० मा सम्राट अशोकले प्रयास गरे। तर स्वतः हीनयान सम्प्रदाय र महायान सम्प्रदायमा बुद्धमार्गीहरू विभाजित भए।

#### ४.१२.१ हीनयान सम्प्रदाय

बुद्धका उपदेशहरू र मान्यताहरूलाई जस्ताको तस्तै अभ्यास अनुपालन गर्नु पर्छ र बुद्धको बोलीचालीको भाषा पालीको संरक्षण गर्नु पर्छ, बुद्धको प्रतिमालाई होइन बुद्धत्वमा ध्यान दिनु पर्छ भन्ने थेरवादी (हीनयानीहरू)को मत थियो। हीनयानीहरू आफूलाई थेरावादी भनेर चिनाउँछन्। हीनयान र हीनयानी स्वयं उनीहरूले राखेको नाम होइन। हीनयानीहरू बुद्धलाई सामान्य मान्छे मान्छन् र बुद्धत्वलाई महान् ठान्छन्।

#### ४.१२.२ महायान सम्प्रदाय

महायान भनेको फराकिलो बाटो हो। सबैको मुक्ति/मोक्ष यसको उद्देश्य हो। महायान मतमा बोधिसत्व धारण महत्त्वपूर्ण पक्ष हो। यो सम्प्रदायले बुद्ध र बुद्धत्वलाई समानरुपमा ग्रहण गर्दछ। यो सम्प्रदाय उदार छ, समयानुकूल बौद्ध शिक्षालाई परिमार्जन र परिष्कार गर्न प्रतिबद्ध छ। हीनयान जस्तो अनुदार र कट्टरपन्थी छैनन्। यो सम्प्रदायले बुद्धलाई सामान्य मानिसको रुपमा नबुझी महान् अवतारको रुपमा ग्रहण गर्दछन्। सामान्य मानिसलाई बुद्धत्व ग्रहण गर्ने हक छ। बुद्ध, बोधिसत्व र धम्मकाय (धर्म) लाई त्रिरत्न मानिएको छ। हीनयानीहरूले बुद्ध, धर्म र सङ्घमा जोड दिएका छन्। महायान सम्प्रदायको जन्म र विकासले बौद्ध, साहित्यकला (मूर्तिकला, ललितकला, वास्तुकला, सङ्गीत र नृत्यकला) मा समेत विकास र विस्तारमा ठूलो योगदान गरेको पाइन्छ।

#### ४.१२.३ वज्रयान सम्प्रदाय

थेरवादी सम्प्रदाय जो बुद्धको दर्शन र सिद्धान्तको पक्षपाती हुन्छत्यसलाई उछिनेर जन्मिएको महायान सम्प्रदाय भित्र पुनः वज्रयान, तन्त्रयान, मन्त्रयान, सहजयान, कालचक्रयान सम्प्रदायका रुपमा विकसित र विस्तारित भए। भनिन्छ वज्रयानको विकास नेपाल र तिब्बतमा भयो। नेपालमा वज्रयान सम्प्रदायका बौद्धहरूलाई बज्राचार्य

३५. प्रेम कुमार खत्री, नेपालको धार्मिक मत र सामाजिक संरचना, एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युर्टस २०६०, पृ. ६३

भनिन्छ। बज्रयान नाम बज्र/चिर्को (Thunder Bolt or Dorje in Tibetan) बाट भएको मानिन्छ। तर बज्रयानको बज्र शब्दबाट विशिष्टताको बोध हुन्छ । यसलाई अलौकिक वा भावना साध्य (Supernatural) मानिएको छ र हीरा (Diamond) जस्तै कठोर र अन्तरिक्ष (Space) जस्तै पारदर्शक र अविनाशी (Indestructble) मानिएको छ। बज्रयानले अदृश्य र दृश्य संसारको परिकल्पना गरेको छ । इन्द्रको बज्रले झैं अन्धकाररुपी अशिक्षा र अज्ञानलाई संहार गर्ने विश्वास गरिएको छ । बज्रले शून्यता वा निर्वाणलाई पनि जनाउँछ भनेर अर्थ लगाइएको छ । योगाचार दर्शनबाट बज्रयानको विकास भएको मानिन्छ। बज्रयानी सम्प्रदायले गुरुले दीक्षा दिए झैं वा त्यो भन्दा अझ उच्चकोटिको ज्ञान आलोक अलौकिक वोधिसत्वको मार्गदर्शनमा प्राप्त हुने विश्वास गरिएको हुन्छ।

मध्यकालीन नेपालमा हिन्दू धर्म संस्कृति र बौद्धधर्म संस्कृतिको घुलमिलका कारण धेरै देवदेवीको नामका अगाडि बज्र शब्द राखिएका छन् - बज्रवाराही, बज्रयोगिनी, बज्रभैरव, बज्रसत्व, बज्रपाणि, बज्रेश्वरी, बज्रघातेश्वरीलाई सर्वोच्च स्थान दिइएको छ। बज्रयानमा मन्त्र, जप, तप, ध्यान र पूजालाई विशेष महत्त्व दिइएको छ। यी क्रियाबाट वोधिचित्त र परिनिर्वाण हुन्छ भन्ने बज्रायानीहरूको मतमा बज्रयानको प्रभाव विहार र चैत्यहरूको वास्तुकलामा पनि पऱ्यो । मूर्तिकलाले नयाँ गति प्राप्त गऱ्यो । पौभा चित्रमाण्डलहरू लोकप्रिय भए । मन्त्र अनुसार काम (शरीर), वाक् (बोली) र चित्त (शुद्ध मन) ले निरञ्जन निराकार र अविनाशी, शून्यतामा विलीन हुन सक्नु नै निर्वाण हो भन्ने विश्वास बढ्यो । निर्वाण नै शुन्यता हो । बज्रयानले साधना र प्रज्ञाद्वारा मात्र होइन, गृहस्थ मार्गमा रहेर पनि निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने धारणा राख्दछ।

यस सैनामैनाको प्राकृतिक चिकित्सा केन्द्र बौराहा खोला आसपास चौरासी सिद्धका गुरु पद्मपाणि बोधिसत्वका पर्याप्त भग्न र सग्ला प्रस्तर मूर्तिहरू प्राप्त भएका छन्।

**४.१२.४ तन्त्रयान**

बौद्ध समाजमा तन्त्रयानको ठूलो महत्त्व रहेको छ। तन्त्रयानमा शैव तन्त्रको प्रभाव परेको मानिन्छ। बौद्ध धर्ममा तन्त्रयान कहिले देखि प्रवेश गऱ्यो । तिथिमिति ठयाक्कै यकिन गर्न नसके पनि तन्त्रयान शैव दर्शनबाट सिको गरेको हुन सक्ने देखिन्छ। शुभ्यानको विचारमा इसाको दोस्रो शताब्दीमा तन्त्रयान बौद्ध दर्शनमा प्रवेश गरेको हो। तर कोन्जेले ५०० देखि ६०० इसातिर तन्त्रयानको सुरु भएको औंल्याएका छन् भनी प्रेम खत्रीले लेखेका छन्। सिद्धिले ज्ञान प्राप्त हुने र ज्ञानले निर्वाण प्राप्त हुने तन्त्रयानीको मत रहेको छ। तन्त्रयानको विकास मन्त्र ध्यानको संयोग अथवा मन र तनको एकाग्रता श्वास प्रश्वासको सन्तुलन (विपश्यना विधि) ध्यानयोगबाट विशिष्टता प्राप्त गर्नु नै तन्त्रयानको अभीष्ट हो। महावैरोजनका सूत्र अनुसार मन्त्रले र ध्यानले मानवको अन्तरज्ञानमा प्रभाव पार्छ। मन्त्रका सबै अक्षर र शब्दहरू शुद्ध उच्चारण गर्दा श्वास-प्रश्वासलाई नियन्त्रण र सन्तुलन गर्ने शक्ति प्राप्त हुन्छ। विभिन्न ध्यानमुद्रामा बसेर योगाचार र साङ्खिक दर्शन परम्परामा आधारित योगाचारको अभ्यास गर्दा आरोग्यपनि प्राप्त हुन सक्छ। आजभोलि अत्यन्त लोकप्रिय बनी प्रचलनमा आएको विपश्यना (ध्यान) तन्त्रयानको विकसित रुप हो भन्दा अत्युक्ति हुने छैन । बौद्धधर्म दर्शनको गतिशीलतामा विकसित हुँदै आएको महायान सम्प्रदाय र त्यसकै प्रकाशमा अभ्यास गरिएका बज्रयान, तन्त्रयान, मन्त्रयान, सहजयान, कालचक्रयान स्वरुप धारण गरी तिब्बत, चीन, कोरिया, जापान आदि देशहरूमा बौद्ध धर्म संस्कृति र कलाले आफ्नो विशिष्ट स्थान हासिल गर्न सफल भएको देखिन्छ।

**४.१३ पद्मपाणि/मत्स्येन्द्रनाथ र वोधिसत्वहरू**

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरे पछि बौद्ध दर्शन, धर्म र संस्कार र सँस्कृतिलाई अगाडि बढाउने क्रममा हीनयान, महायान, बज्रयान, तन्त्रयान, मन्त्रयान, कालचक्रयान र सहजयान मतहरू देखा परे । यी मतका पक्षधरहरले बौद्ध दर्शन, धर्म र योगसाधनलाई समयानुकूल परिष्कार गर्दै गए। यस क्रममा समन्तभद्र, बज्रपाणि, रत्नपाणि, पद्मपाणि र विश्वपाणिको नाम अग्रस्थानमा आउँछन्। यीमध्ये पद्मपाणि वोधिसत्वलाई पश्चिम दिशा

अवस्थित रहेको मानिन्छ । पद्मपाणि/मत्स्येन्द्रनाथको बारेमा विद्वान्हरूले भनेका छन् "मत्स्येन्द्रनाथ अथवा मचिन्द्रनाथ (मच्छिन्द्रनाथ) ८४ महासिद्ध पुरूष (बौद्ध धर्म बज्रयान शाखाका योगी) मध्ये एक थिए। उनी गोरखनाथका गुरु थिए र उनीसँग मिलेर हठयोग विद्यालयको स्थापना गरेका थिए। उनले संस्कृतमा हठयोग विद्या विषयमा प्रारम्भिक रचनाहरू मध्येमा कौलजणान निर्णय एकको रचना गरेका थिए । उनलाई कौल परम्परासित सम्बन्धित ज्ञानको चर्चाका लेखक मानिएको छ।[३६] उनी हिन्दू र बौद्ध दुवै समुदायका बीचमा प्रतिष्ठित छन्।[३७] मचिन्द्रनाथ (मच्छिन्द्रनाथ) अर्थात् नाथप्रथाको संस्थापक मानिएको छ। मछिन्द्रनाथलाई सार्वभौम शिक्षणका लागि "विश्वयोगी" भन्ने गरिएको छ ।[३८] "मछिन्द्रनाथलाई हिन्दू धर्मावलम्बीहरूले ऐतिहासिक सन्त गुरु करुणामयको रुपमा पुज्दछन् भने बौद्ध धर्मावलम्बीहरूले, 'पद्मपाणि' (पञ्चबुद्धमध्येका चौथो बुद्ध) का रुपमा पूजा गर्ने गर्दछन् । मच्छेन्द्रनाथ शब्दसँग नेपालका २ वटा अलग अलग सांस्कृतिक महत्त्व जोडिएका छ। रातो मच्छिन्द्रनाथको रथयात्रा, सेतो मच्छिद्रनाथको रथयात्रा र मच्छिन्द्रनाथ रथजात्रा (दोलखा) ।[३९] यस सैनामैना क्षेत्रमा पद्मपाणिबुद्ध वोधिसत्वको ध्यान मुद्रा/योगमुद्रामा रहेका प्रशस्त प्रस्तर मूर्तिहरू यत्रतत्र छरिएर रहेको पाइन्छ।



पद्मपाणि लोकेश्वर (रातो मच्छिन्द्रनाथ) को तस्विर, ललितपुर



सैनामैना वडा नं. १ बौराहा खोलामा प्राप्त पद्मपाणिका प्रस्तर मूर्तिहरू

कतिपय प्रस्तर मूर्तिहरू भूसतहमा फेला परेका छन् भने कतिपय प्रस्तर मूर्तिहरू पृथ्वीको सतह मुनि होलान् । तिनीहरूको खोजी गर्न बाँकी नै छ। केही भेटिएका कलावस्तुहरूको विवरण परिच्छेद आठमा दिइएको छ। पद्मपाणि लोकेश्वरलाई अवलोकेश्वर, बुद्ध, वोधिसत्व, मत्स्येन्द्रनाथ/मच्छिन्द्रनाथ पनि भन्ने गरेको पाइन्छ। कर्णालीको खसराज्यका चल्ल/मल्ल राजाहरू समेतले बौद्ध धर्म र दर्शनप्रति आस्था राख्ने गरेको लुम्बिनी स्थित अशोक स्तभमा रिपुमल्लको शिलालेखले देखाएको छ र सैनामैनाको बौराहा खोलाको पश्चिमपट्टि वि.सं. १३५३ महाराज पुण्यमल्लदेव

३६. लार्सन, जेराल्ड जेम्स, राम शंकर भट्टाचार्य (२००८) (अंग्रेजी में) Yoga: India's Philosophy of Meditation योगः ध्यानका भारतीय दर्शन), (http://books.google.co.in/books?id=p6pURGdBBmIC&pg=PA436), Encyclopedia of Indian Philosophies (भारतीय दर्शन के विश्वकोश)। Vol. XII. दिल्लीः मोतीलाल बंशीदास. पं.४३६. आई.एस.बी.एन. 978-81-208-3349-4 http://books.google.co.in/books? id=p6pURGdBBmlC&Pg=PA436.

३७. An Introduction to Hinduism (हिन्दू धर्मका परिचय), गेवलिन फ्लुड, १९९६, पृ.९८

३८. Tridal, Publication by Shree Pratishtan Tust, Mitmita, पृ.५

३९. स्वतन्त्र विश्वकोष, नेपाली विकिपिडियाबाट

अङ्कित शिलालेख प्राप्त हुनुले शाक्य गणराज्यको अन्त्य पछि पनि यस सैनामैना वौराहा खोला क्षेत्रमा पद्मपाणि वोधिसत्वले बौद्ध धर्म दर्शनलाई अगाडि बढाएको देखिन्छ । साथसाथै ११ औं शताब्दीमा मुहम्मद विन वख्तियारले नालन्दा र विक्रमशिला महाविहारमा आक्रमण गरे पछि धर्म दर्शनको सुरक्षार्थ बौद्ध भिक्षुहरू पाल्पातर्फ आएको कुरा डा.घिमिरेले उल्लेख गरेका छन् । साथ-साथै पाल्पाली सेनराजाहरू आफूहरू धार्मिक सहिष्णु भएकाले बौद्ध संस्कृतिप्रति उदार र आस्थावान रहे । काठमाडौं उपत्यकाको मल्लराज्य माथि आक्रमण गर्न जाँदा मच्छिन्द्रनाथ अर्थात् पद्मपाणिको गलामा पाल्पाली राजा मुकुन्दसेन प्रथमले आफ्नो हार चढाउनुको साथै तथागत (बुद्ध) लाई छत्र चढाउनुले पद्मपाणि वोधिसत्वको महत्त्व र प्रभावलाई जनाउँछ ।[४०] हठयोग विधाका प्रणेता मानिने पद्मपाणि आफ्ना चेला गुरुगोरक्षनाथ (गोरखनाथ) को सहयोगमा योग विद्यापीठ संचालन गरेको गुगलमा उल्लेखित छ ।[४१] यी सबै तथ्यगत आख्यानले पद्मपाणि वोधिसत्वको आश्रमस्थल यही सैनामैना क्षेत्र हो भनेर घोषणा गर्दा अन्यथा हुने छैन । किनकि पाल्पाको केही भाग भनेको तत्कालीन कपिलवस्तु नै हो । यसरी सैनामैना नगरपालिकालाई पद्मपाणि वोधिसत्व नगरपालिका नामकरण गरे पद्मपाणिप्रति न्याय हुने देखिन्छ । शाक्य गणराज्यको अन्त्य भए पनि पद्मपाणि वोधिसत्वले धार्मिक सहिष्णुताका साथ उत्तरतर्फ बौद्ध धर्म दर्शनको प्रसारणमा यसै थलोबाट भूमिका खेलेको देखिन्छ।



बौराहा खोलामा भेटिएको पद्मपाणि लोकेश्वर प्रस्तर मूर्ति



बौराहा खोला पद्मपाणि लोकेश्वर आश्रमको भग्नावशेष

### ४.१४ बुद्धको सहजयान र रेसुङ्गा आश्रमका शशिधर स्वामी

महाप्रभु शशिधर स्वामी (वि.सं. १८०२-१९०६) जोसमनी सन्त सम्प्रदायका छैटौं एवम् यस सम्प्रदायका प्रवर्तक मानिन्छन् । उनी ८४ सिद्ध सम्प्रदायबाट दीक्षित र बुद्ध दर्शनको सहजयानबाट अनुप्राणित थिए । यिनको आश्रम रेसुङ्गामा थियो र जसलाई अद्यावधि देख्न सकिन्छ । महाप्रभु सन्त शशिधर स्वामीका चेला निर्वाणानन्द स्वामीमहाराज (रणबहादुर शाह), स्वर्गद्वारीका महाप्रभु अभयानन्द द्वितीय (जो हंसानन्द गिरीबाट दीक्षित भएको थिए), ज्ञानदिलदास (भोजपुर), साधु कामी (उदय कामी दार्जिलिङ) जस्ता हजारौं चेलाहरू थिए । उनकै ज्ञानप्रवाहमा सामाजिक सुधारका काम र नेपाली भाषा संस्कृतिको प्रचार नेपालभित्र र नेपालबाहिर सिक्किम, भुटान, आसाम र वर्मासम्म भएको पाइन्छ। सामाजिक विभेद, जातीय विभेद, सती प्रथा जस्ता कुरीतिरिवाज रछुवाछुत प्रथा जस्तालाई

४०. डा. विष्णुप्रसाद घिमिरे, पूर्ववत्, पृ. १२५
४१. लार्सन जोराल्ड जेम्स, अनु. रामशङ्कर भट्टचार्य, हठ योग संबन्धी भारतीय दर्शन, विकिपिडियाबाट

अन्त्य गरी पृथ्वीनारायण शाहले भौगोलिक रुपमा एकीकृत गरेको नेपालमा सुदृढ सामाजिक एकताका लागि अभियान चलाएका थिए ।स्वामीमहाराजा रणबहादुर शाहलाई जोसमनी परम्पराले दीक्षित गरी नेपालमा सर्वप्रथम सर्वजातीय सहभोजन गराएका थिए । समाज सुधारका लागि सन्त साहित्यधारासिर्जना,भजनकीर्तनर गायन गर्दै नेपाली संस्कृतिलाई दार्जिलिङ, सिक्किम, भुटान, आसाम मेघालय र वर्मासम्म पुऱ्याएका थिए । हठयोग साधनाको माध्यमबाट तन र मनलाई एकाग्र र सम्यमित गर्ने अभियान सञ्चालन गरेको कुरा जनकलाल शर्माले जोसमुनी सन्त परम्परा र साहित्यमा उल्लेख गरेका छन् ।[४२] हठयोगका महासाधक र प्रणेता पद्मपाणिको आश्रमस्थल यही सैनामैनामा भएको र सिद्धार्थबुद्धको सहजयानबाट र पद्मपाणि बोधिसत्वको योग साधनाबाट जोसमनी सन्तहरू अनुप्राणित भएको प्रष्ट देखिन्छ।






रेसुङ्गका महाप्रभु स्वामी शशिधरको आश्रम र प्रतिमा (साभार पौडेल डिजिटल स्टुडियो)

**निष्कर्ष:** तत्कालीन समाजमा इहलोक र परलोक जस्ता विषयमा हुने दार्शनिक बहसमा महर्षि कपिलले इहलोकको पक्षमा उभिएका छन्। यसै पृष्टभूमिमा साङ्ख्यदर्शन जीवनमुखी दर्शनको रूपमा उभिएको पाइन्छ। साङ्ख्यदर्शनको अभ्यास र अनुशीलन एवम् थप अध्ययन, अनुसन्धान, अभ्यास र प्रयोग गरेर बुद्धले व्यवहारमुखी र जीवनमुखी दर्शन, बिचार, सिद्धान्त र कर्मसंस्कारको प्रतिपादन गरेको देखिन्छ। सारतः जुन दर्शन बौद्धदर्शनका रूपमा विश्वशान्तिका लागि मार्गदर्शक सिद्धान्त र व्यवहार बनेर प्रतिष्ठापित भएको छ। नेपालवासी, कपिलवस्तुवासी र सैनामैनावासीलाई त झनै आत्मगौरवको अनुभूति भएको छ।

४२. जनकलाल शर्मा, जोसमनी परम्परा र साहित्य, साझा प्रकाशन, २०५२, पृ. ४४-४८

## परिच्छेद : पाँच

# कपिलवस्तुको खोज-अनुसन्धान

### ५.१ विषय प्रवेश

बौद्ध दर्शन, धर्म र संस्कृतिको विद्युतीय गतिमा विकास विस्तार र प्रसारण भैरहेको वेला कपिलवस्तु राज्यमा केही आन्तरिक र केही वाह्य सङ्कट र चुनौतिहरू देखा परे जसका कारण कपिलवस्तु राज्य र यस क्षेत्रको पतनको सुरुआत पनि भयो जसलाई देहाय बमोजिम प्रकाश पारिन्छ।

### ५.२ रोहिणीनदीको सिंचाइ कुलोका सम्बन्धमा

यो इसा पूर्व ५०० तिरको कुरा हो, जुन बेला बुद्ध स्वयं जीवित हुनु हुन्थ्यो । रोहिणी नदीको पानीको बाँडफाँडको विषयलाई लिएर शाक्य गणराज्य र कोशलराज्य बीच पहिलेदेखि नै रहेको विवादले थप चुनौतिहरू उत्पन्न भए । यस विवादलाई साम्य पार्न बुद्ध स्वयंले पनि शान्तिपूर्ण प्रयास गरेको बताइन्छ । तर कोशलराजा प्रसेनजीत र शाक्य गणराज्यका वीच रोहिणी नदीको पानीको बाँडफाँडको विषय न युद्ध न समाधानको विषय बनेर झुण्डिरहेको थियो। युद्धको सुरुआत र कपिलवस्तुको पतनको मूलकारण अन्ततः यही बन्न पुग्यो।

### ५.३ विरुद्धकको विवाह प्रसङ्गले जन्माएको द्वन्द्व

भनिएको छ, शाक्यहरूमा आफ्नो कुलवँशको घमण्ड थियो र उनीहरूले आफूलाई कोशल राजपरिवारभन्दा श्रेष्ठ ठान्दथे । प्रसेनजीतले शाक्य गणराज्यको राज कुमारीसँग वैवाहिक सम्बन्ध कायम गर्न चाहे । शाक्यहरूले यो प्रस्तावलाई हुन्न भन्नत सकेनन् साथसाथै राजकुमारीलाई विहेदान गरी दिन पनि चाहेनन् । त्यसैले शाक्यहरूले महानामकी श्रीमती नागमुण्डापट्टिकी छोरी वासमखतिया ठम्याहा राजकुमारीलाई सक्कली राजकुमारीका रुपमा छलकपट गरी विवाह गरिदिएका थिए । वासमखतियाबाट राजकुमार विरुद्धकको जन्म भयो । राजकुमार विरुद्धक आफ्नो मावली कपिलवस्तु आउँदा राजकुमार सरह सम्मानजनक आतिथ्य सत्कार नगरी अपमान गरेको अनुभूत गरे। वैवाहिक सम्बन्ध र रोहिणी नदीको पानीको पुरानो विवादलाई लिएर विरुद्धकले शाक्यहरूको बदला लिने अठोट गरे। कोशल राजकुमार विरुद्धकको सैन्य आक्रमणबाट कपिलवस्तु दरवार ध्वस्त भयो । सारा ठाउँमा आग्जनी गरियो । भनिन्छ ७७००० शाक्य नागरिकहरू त्यस आक्रमणबाट मारिए । अर्को स्रोत गितु गिरीका अनुसार ९९९० शाक्यहरूको हताहत भयो । सगरहवा ताल समीपमानै शाक्यहरूको वध भएको बताइन्छ। यसरी ठूलो सङ्ख्यामा शाक्यहरूको वध हुनुले कपिलवस्तु देशका समस्त नागरिकहरूलाई शाक्य भनिंदो रहेछ भनेर अनुमान लगाउन सकिन्छ । तदुपरान्त कपिलवस्तु देशका नागरिकहरू वा शाक्यहरू यहाँबाट भागा(भाग भई अन्यत्र बसाइ सरेको तथ्यले पनि देखाउँछ। साथसाथै काठमाडौं उपत्यकामा हाल वसोवास गर्ने शाक्य बज्राचार्यहरू यही कपिलवस्तुबाट बसाइ सरेर गएको अनुमान लगाउँदा तथ्य सत्यको नजिक हुने देखिन्छ। तदुपरान्त तिलौराकोट, लुम्बिनी, सामगाम ( सैनामैना), रामग्रामका भव्य महल, दरवार, चैत्य विहार र सभ्यताको चुलीमा पुगेको वैभवशाली कपिलवस्तु क्षेत्र उजाड र जङ्गलीकरण हुन थालेको सहजै अनुमान लगाउन सकिन्छ।

### ५.४ सम्राट अशोकको आगमन र अशोक स्तम्भ

कलिङको युद्धमा हजारौं नरनारीको हत्या र रगतको खोलो बगेको पीडाबाट विरक्त भएपछि राज्य विस्तारको युद्ध-आकाञ्छालाई तिलाञ्जलि दिएर बौद्ध धर्म ग्रहण गरेका मौर्य सम्राट अशोकले बुद्धले महापरिनिर्वाण गरेको करिव अढाई सय वर्ष पछि इ.पू. २४५/४६ मा कपिलवस्तुको अध्ययन भ्रमणमा आए। उनले बुद्धको जन्मस्थल लुम्बिनीमा, कनकमुनि बुद्धको जन्मस्थल निग्लिहवामा र क्रकुच्छन्द बुद्धको निर्वाण स्थल गोटिहवामा प्रस्तरस्तम्भ गाड्न

लगाएका थिए ।[४३] लुम्बिनी र निग्लिहवाको प्रस्तर लेखमा अशोकले आफ्नो राज्याभिषेकको २० औं वर्ष पछि कपिलवस्तुमा आएको भनी पालीभाषाको ब्रह्मी लिपिमा लेखिएको निग्लिहवा स्थित भाँचिएर दुई टुक्रा भएको अशोक स्तम्भको तल्लो भागमा अङ्कित छ - ***"देवानपियन पिय दसिन लाजिन चौडसवस (भिसी) तेन बुधस कोनकमनस थुवे-दुतिय वधिते (विसतिभ) सभसितेन-च अतन-आगच-मोहिइते (सिला थवेच उस) पापिते"।***[४४]

उक्त शिलालेखको अर्थ लगाउने विद्वान्हरूमा मतैक्य नभए पनि निचोडमा यस्तो सार निकालेको पाइन्छ (देवताहरूका प्रिय प्रियदर्शी राजा अशोकले राज्याभिषेकको चौधौं वर्षमा कनकमुनि बुद्धको स्तूप दोब्बर ठूलो बनाउन लगाए र विसौं वर्षमा यहाँ आएर पूजा गरी यो स्तम्भ खडा गर्न लगाए । यसरी नै भाँचिएको स्तम्भको माथिल्लो भागको पहिलो हरफमा ओम् मणि पद्म हुँम र दोस्रो हरफमा श्री रिपुमल्ल चिरम् जयतु १२३४ उल्लेख भएकोले यो मितिमा कर्णाली देशका खसमल्ल राजा समेत यहाँ आएर आफ्नो आगमनको स्मारक अभिलेख राखेको देखिन्छ। यिनै मौर्य सम्राट अशोकले रामग्रामको स्तूप बाहेक ७ वटा स्तूपको उत्खनन् गरी ८४००० स्तूपहरूनिर्माण गरेर बौद्ध धर्मको प्रचार-प्रसारमा जुटेको पाइन्छ।

### ५.५ चिनियाँ यात्रुहरूको आगमन र लेख वृतान्त

बौद्ध दर्शन, धर्म र संस्कार-संस्कृतिको विस्तार चीन, भियतनाम, लाओस, जापान, थाइल्याण्ड, वर्मा, कोरिया लगायतमा भएपनियस पछिका अवधिमा मात्र होइन धेरै वर्षसम्म कपिलवस्तु क्षेत्र विस्मरणको अवस्थामा रह्यो । तर विदेशी अन्वेशषक, इतिहासकार र बौद्ध भिक्षु भन्तेहरूको लागि भने कपिलवस्तु क्षेत्र अत्यन्त चासो र जिज्ञासाको विषय रहन गयो । त्यसैले कपिलवस्तु क्षेत्रमा बौद्धयात्रीहरू अध्ययन अवलोकनका लागि आउने र कपिलवस्तु वारे वृतान्त लेख्ने गरेको पाइन्छ। यसक्रममा पाँचौ शताब्दीमा अर्थात् इ.सं. ४०३ मा फाइयान सहित चिनिया/तिब्बती बौद्ध टोली कपिलवस्तुको स्थलगत अध्ययन गर्ने पहिलो थियो । फाइयानको भ्रमणको २२७ वर्ष पछि २५ डिसेम्बर ६२६ मा चिनियाँ यात्री हु एन साङले कपिलवस्तुको भ्रमण गरेका थिए। उनको लेख स्मरणीय भएकोले यहाँ उल्लेख गरिन्छ (श्रावस्तीबाट दक्षिण पूर्व ५०० लि. (८३.३३ मिल.) हिडेपछि हामी कपिलवस्तु आयौं । यो देशको क्षेत्रफल करिव ४०० लि. विस्तृत छ। यस देशका केही दश नगरहरू (Cites) मरुभूमीकरण भएका छन् र निर्जन अवस्थामा छन्। पूर्णतया भग्नावस्था छ र शुनसान छ। राजदरवार क्षेत्र जाने बाटो पनि छैन र यथार्थमा कति लामो छ भनेर भन्न पनि सकिन्न तर १४ लि. जतिको होला। यस ठाउँबाट पूर्व १ योजनभन्दा कमको हिँडाइ पछि हामी कपिलवस्तु आयौं। यो देशमा सरकार छैन र जनता पनि छैनन्। यो विशाल मरुभूमि जस्तै भएको छ। यहाँ १० जना पूजारीहरू जम्मा हुने ठाउँछ र १० जना मानिसहरूसुत्न मिल्ने ठाउँछ। यस ठाउँमा राजा शुद्धोदनको दरवारको भग्नावशेष मात्र अवस्थित छ। दरवारका टावरहरू खडा नै छन्। जुन विन्दुबाट राजकुमार सिद्धार्थले महाभिनिष्क्रमण गरेका थिए त्यसको पूर्व पट्टिको गेट पनि छ। साथसाथै जहाँ बुद्धले एउटा रोगीलाई देखेर आफ्नो रथ फिर्ता गर्न लगाएका थिए त्यो पनि छ। यहाँबाट करिव ३० लि पूर्वपट्टि जहाँ बुद्धले बुद्धतत्व प्राप्त गरे पछि आफ्नो बाबु शुद्धोदनलाई भेटेका थिए त्यो संरचना (कुदान विहार) पनि छ । त्यसरी नै जहाँ कोशल नरेश विरुद्धकले शाक्यहरूको हत्या गरेका थिए त्यो सरोवर (सगरहवा) पनि विद्यमान छ। भग्न सहरको ५० लि पूर्वपट्टिको लुम्बिनी राज बगैंचा Lumbini Royal Garden वा लुम्बिनी पार्क पनि विद्यमान छ।

तिनीहरू सबै इँटा (Bricks) बाट बनाइएका छन्। दरवारको जग र पर्खाल अहिले पनि बलिया र अग्ला नै छन्। तर धेरै पहिलेदेखि नै यो क्षेत्र निर्जन (Deserted) भएको प्रतीत हुन्छ। गाउँ वस्तीमा केही मानिसहरू भए पनि वेकम्मा भएका छन्। कुनै पनि वस्तीमा पुग्दा कुनै पनि सर्वोच्च शासक छैन। हरेक मौसममा यहाँ आवाद गरिएका जमिनहरू

४३. दिल बहादुर क्षत्री, पूर्ववत्, पृ. ८२-८३
४४. दिल बहादुर क्षत्री, ऐजन, पृ. ९३

उर्वर र उत्पादनशील देखिन्छन् । ग्रामीण जनताको वरव्यवहार राम्रो र विनयशील छ र हावापानी एकनासको छ। दरवार परिसरसँगै १००० लि को कमोवेसीमा सङ्घाराम छन् र करिब ३० जना अनुयायीहरू रहेको एउटा सङ्घाराम अद्यापि छ जसले सम्मतीयको केही अंश अध्ययन गर्दछ। शहरको ५० लि दक्षिणतर्फ हिंडेपछि हामी एउटा पुरानो सहरमा पुग्यौं जहाँ एउटा स्तूप रहेको छ। यो त्यही स्थान थियो जहाँ ककुच्छन्दबुद्धको जन्म ठीक भाद्रकल्पमा भएको थियो । ककुच्छन्दबुद्धको आश्रमस्थलको ३० लि उत्तरपूर्व दिशातर्फ गए पछि हामी एउटा पुरानो राजधानी (अथवा भव्य सहर) रहेको छ, जहाँ एउटा स्तूप पनि छ। यो कनकमुनि बुद्ध जन्मेको स्थल हो । ३० लि दक्षिण पुर्वमा एउटा सानो स्तूप छ। यहाँ एउटा सरोवर (Fountain) छ, जसको पानी ऐना जत्तिकै निर्मल छ। यही जलमा विरामी भएका मानिसहरू यही सरोवर अर्थात् साराकुप (Sara Kup) को पानी पिएर स्वस्थ हुने गर्दछन्। कुवाको करिव ८० वा ९० लि सिधै उत्तर पूर्व हिंडेपछि हामी लुम्बिनी पार्क (La-vi-ni Lumbini Garden) मा आयौं (Beal, 1983 : 13-14)।[४५]

### ५.५.१ कपिलवस्तुको खोजी अभियान

शाक्यराज्यका रुपमा सुपरिचित, सम्मानित र आफ्नै गौरवशाली इतिहासले ओतप्रोत कपिलवस्तु संयक् सम्बुद्धले सबुद्धत्व प्राप्त गरे पछि झनै एक पवित्र ज्ञानस्थल एवम् पवित्र तीर्थस्थलका रुपमा प्रसिद्धिको चुलीमा पुग्न सफल भए पनि लामो समयसम्म क्रमश: ओझेलमा रहन र अस्तित्व विहीन प्राय: अवस्थामा पुग्यो । तैपनि यसको खोज-अनुसन्धान र उत्थानका क्रम पनि धेरै पछि मात्र सुरु भयो । लुम्बिनी, तिलौराकोट, गोटिहवा, निग्लिहवा, अरौराकोट जस्ता केही सीमित क्षेत्रको उत्खनन् र उत्थानका योजनाहरू अगाडि बढे पनि सिङ्गो कपिलवस्तुको समग्र क्षेत्रसँग जोडिएका पुरातात्विक र ऐतिहासिक क्षेत्रहरूको उत्खनन् र अध्ययन हुन बाँकी नै छ।

### ५.५.२ अध्ययन अनुसन्धानको प्रारम्भ

यसका लागि एसियाको इतिहास पुरातत्व, कला, विज्ञान, साहित्य संस्कृतिको अध्ययन अनुसन्धानका लागि सन् १७८४ मा सर विलियम जोन्सले कलकत्तामा शाही एसियाली समाज ९च्यथबा ब्कष्बतष्अ क्यअष्भतथ०को गठन गरे पछि अध्ययन अनुसन्धानको प्रारम्भ हुन्छ। सन् १८३७ मा जोन्सफिलिपले ब्रह्मीलिपि (अक्षर) को रहस्य उद्घाटन गर्न सफल भए।

### ५.५.३ कपिलवस्तु पहिचानका आधार-पाइलाहरू

सर अलेकजेण्डर कनिङघमले चिनियाँ यात्रीहरूको वृतान्तको आधारमा लुम्बिनी, कपिलवस्तु, गोटिहवा, निग्लिहवा, सगरहवा, देवदह, रामग्राम जस्ता ऐतिहासिक स्थलहरूको खोजी भारतको वस्ती जिल्लामा गरेका थिए। उपलब्धि केही हुन सकेन। कनिङधमले Ancient Geography of India नामक पुस्तक सन् १८६३ मा प्रकाशित गरेर श्रावस्तीबाट ८०/९० माइल दक्षिण पूर्वमा कपिलवस्तु पर्छ भन्ने चिनियाँ यात्रीहरूको वृतान्तका आधारमा वस्ती जिल्लाको दक्षिण भागमा कपिलवस्तु नगर हुनुपर्छ भन्ने उल्लेख गरे ।यसरी नै रोहिणी नदी भनेको गोरखपुरमा बहने नदी हो भन्ने आधार बनाइ रोहन नदीको आसपासमा कपिलवस्तु हुन सक्ने अनुमान सन् १८५४ मा प्रो. लासेनले गरे ।सन् १८६३ मा बस्ती र गोरखपुरको २४ कि.मि. पश्चिम दक्षिणमा रहेको भग्नावशेष भुलियाडिह (मनसुर नगर) लाई कपिलवस्तुका रुपमा प्रस्तुत गरे। यी सबै रिपोर्टहरू तथ्य बिहीन थिए भन्ने कुरा पछिल्ला दिनमा गरिएका अध्ययनले खण्डित गर्दछन्।

सन् १८९३ मा बलरामपुरका मेजर जसकरण सिंहले नेपालको तराईमा कपिलवस्तु र लुम्बिनीको शिलालेख आफूले देखेको विवरण प्रकाशमा ल्याए पछि बुद्ध जन्मस्थल लुम्बिनी र शुद्धोदनको दरबार तिलौराकोट अर्थात् कपिलवस्तु क्षेत्रको अध्ययन अनुसन्धानको ढोका खुलेको देखिन्छ। यसले गर्दा अन्वेषकहरूको ध्यानाकृष्ट भएको हो।

४५. दिल बहादुर क्षत्री, पूर्ववत्, पृ. ८३-८५

जसको फलस्वरुप सन् १८९५ मा जर्मनी नागरिक डा.फुहररलाई वेलायती सरकारले जसकरणले देखेको शिलालेख अध्ययन गर्न खटायो। फुहररले उक्त शिलालेख प्राप्त गर्न नसके पनि निग्लिहवामा एक स्तम्भ फेला पारे। उक्त शिलास्तम्भ वास्तवमा अशोकले गाडेको स्तम्भ थियो।

समुद्रपारबाट व्यापार गर्ने निहुँले भारतमा आएका अङ्ग्रेजले भारतलाई आफ्नो उपनिवेश बनाई शासन गरिरहेका थिए। यिनै शासकहरूले अध्ययन र उत्थानमा चासो देखाए। सन् १८९६ डा. फुहररलाई पुरात्विक महत्त्वका क्षेत्र र विषयवस्तुको अध्ययनका लागि नेपाल सरकारको सहयोगार्थ खटायो। तत्कालीन पाल्पा गौंडाका वडाहाकिम खड्ग शमशेरको सहयोग र पहलमा डा. फुहररले डिसेम्बर १८९६ मा फाइनहान र हु एन साङको यात्रा वृतान्त अनुसार स्थलगत अध्ययन गर्दा बुद्ध जन्मस्थल लुम्बिनी स्थित अशोक स्तम्भ पत्ता लाग्यो। यस पछि तिलौराकोट लगायत अन्य क्षेत्रहरू पत्ता लगाउन सहज हुन गयो। तदुपरान्त बुद्धको जन्मस्थल लुम्बिनी र राजधानी कपिलवस्तु पनि नेपालराज्य भित्रकै हुन् भन्ने मान्यता स्थापित भयो। पूर्ववर्ती अध्येताहरूका दावी स्वतः खण्डित भए।

सन् १८९९ मा भारत स्थित वेलायत सरकारले पी.सी. मुखर्जीलाई कपिलवस्तु क्षेत्रमा व्यापक उत्खनन् विश्लेषण र अध्ययन गर्न खटायो। मुखर्जीको व्यापक उत्खनन् र अध्ययनबाट अरौराकोटलाई कनकमुनि बुद्धको मातृभूमि शोभावती, गोटिहवालाई ऋकुच्छन्द बुद्धको जन्मस्थल खेमावती र शाक्यहरूको वध गरिएको सगरहवा (सग्रवा) समेत पत्ता लगाएको निचोड निकाले। लामो समयदेखि पृथ्वीको गर्तमा रहेको कपिलवस्तु पत्ता लागेको ठोस तथ्य सत्यका आधारमा प्रतिवेदन तयार गरे पछि नेपाली जनता, कपिलवस्तुवासी, नेपाल सरकार र बौद्ध धर्म दर्शनमा आस्थावान् बौद्धमार्गीहरू तथा शान्तिकामी विश्वकै मानवजातिकालागि यो उपलब्धि अवश्य नै खुसीको विषय बनेको छ ।

उपर्युक्त निचोडलाई थप स्पष्ट पार्नका लागि सन् १९६२ फेब्रुवरी १२ मा नेपाल सरकार पुरातत्व विभागको आमन्त्रणमा देवलादेवी भारतबाट आइन्। उनले तिलौराकोट र कुदानमा उत्खनन् र अध्ययन गरिन्। विभिन्न वस्तुहरू फेला परे। उनले अग्ला ढिस्कारहरूको उत्खनन् र अध्ययन गर्नतिर लागिन्। उनको अध्ययन तिलौराकोट र लुम्बिनी शुद्धोदनको दरवार र बुद्धको जन्मस्थल होइन भन्ने निचोड निकाल्नमानै केन्द्रित भएको विद्वान्हरूले उल्लेख गरेका छन्। गोटिहवा र निग्लिहवाको सम्बन्धमा पनि उनको भ्रमात्मक रिपोर्ट तयार भयो। उनको रिपोर्ट आग्रहपूर्ण रहेको हुँदा विश्वास गर्ने आधार भएन र यो रिपोर्ट स्वभावैले आम बौद्धिष्टहरू र विश्वसमुदायबाट अस्वीकृत पनि भयो।

सन् १९६७ मा नेपालको पुरातत्व विभाग र जापानको रिशो विश्व विद्यालयको संयुक्त विशेषज्ञ टिमले कपिलवस्तुको विस्तृत उत्खनन् र अध्ययन गऱ्यो। नेपालका तर्फबाट पुरातत्वविद्हरू प्राध्यापक रामनिवास पाण्डे, बाबुकृष्ण रिजाल, तारानन्द मिश्र र जापानको रिशो विश्वविद्यालयका पुरातत्वविद्धहरूको अध्ययन टिमले कपिलवस्तु र लुम्बिनी बारे भ्रमात्मक प्रचारमा जुटेकाहरूलाई उत्खननबाट प्राप्त पुरातात्विक वस्तुहरू प्रस्तुत गरेर मुखैवन्द हुने गरी झापट दिएका छन्। उत्खननबाट नेगमय तथा म्बखर्षबिकबअङ्कित विभिन्न छापाहरू प्राप्त भएका छन्। प्राप्त भएका करिब ३ हजार विभिन्न किसिमका मुद्राहरूको अध्ययन विश्लेषण गरेर यी मुद्राहरू इ.पू. पाँचौ शताब्दी देखि दोस्रो शताब्दीसम्मका मुद्रा हुन् भनी पुरातत्वविद्हरूले प्रमाणित गरेका छन्। चाँदी र तामाका सिक्काहरू उत्तर भारतमा पनि पाइएका छन्। तिलौराकोट क्षेत्रमा साकमाश्य (Sa-kamaysya) अङ्कित माटाका मुद्रा पनि पाइएका छन्। साकमाश्यको अर्थ शाक्यहरूको मुद्रा भन्ने बुझिन्छ। अशोकको ब्रह्मीलिपि अङ्कित मुद्रा इ.पू. दोस्रो शताब्दीका हुन् भनिएको छ। यसबाट इ.पू. दोस्रो शताब्दीसम्म कपिलवस्तुमा शाक्यहरूको राज्य शासनको अस्तित्व रहेको निचोडमा पुग्न सकिन्छ।

जापानी पुरातत्वविद्हरूले दरवारको पश्चिमद्वारबाट प्रवेश गरेर उत्खनन् गर्दा दरवारको कम्पाउण्ड उत्तर-दक्षिण १७०० फिट र पूर्व-पश्चिम १३०० फिट रहेको प्राप्त भयो। दरवारको नजिकै इनारको अवशेष छ। दरवारमा इँटाले बनेको स्नानगार पनि छ। भग्नावशेषबाट दरवारको आकार स्वरुप यकिन गर्न नसकिए पनि

चतुर्शाला शैलीमा रहेको र चारैतिर वरण्डा भएको अनुमान गरिएको छ । यस दरवारलाई शुद्धोदनको दरवार मानिएको छ।

यसरी नै इ.पू. २४५ तिर अशोकले लुम्बिनीमा गाडेका अशोक स्तम्भ, निग्लिहवा र गोटिहवामा गाडेका स्वयं स्तम्भहरूले स्वयंले बुद्ध जन्मस्थल लुम्बिनी, शुद्धोदनको राजधानी तिलौराकोट, ककुच्छन्द बुद्धको निग्लिहवा, कनकमुनि बुद्धको गोटिहवा आश्रमस्थल हो भन्ने कुरा बोलिरहेका छन्। लुम्बिनी, तिलौराकोट, कपिलवस्तु लगायत यस क्षेत्रको विस्तृत अध्ययन गर्न डा. गितु गिरीको वृहत् लुम्बिनी क्षेत्रको पर्यटकीय सम्पदा विषयमा लेखिएको ग्रन्थ र अन्य विद्वान्हरूले प्रकाशित गर्नु भएको खोजमूलक ग्रन्थहरू नै पर्याप्त भएकोले यस सम्बन्धमा बाँकी पुरातात्विक स्थलका व्याख्या गर्न आवश्यक ठानिएन।

### ५.६ सैनामैना क्षेत्रको खोजी अभियान

लुम्बिनी, तिलौराकोट, निग्लिहवा गोटीहवा अरौराकोट कुदान आदिको अध्ययन अनुसन्धान भई बुद्धको जन्मस्थल लुम्बिनी, शुद्धोदनको राजधानी तिलौराकोट र बुद्धको मावली रामग्राम जस्ता स्थानको पहिचान भयो राम्रै भयो, यति हुनु पनि ठूलो उपलब्धि हो। तर प्राचीन ऐतिहासिक र पुरातात्विक विशाल सङ्ग्रहालयको रूपमा रहेको सैनामैना क्षेत्रभित्र रहेका खण्डहरहरू जो लुम्बिनी र तिलौराकोटमा प्राप्त खण्डहरूसँग ठ्याम्मै मिल्दाजुल्दा छन्। यी पुरातात्विक खण्डहरहरूको पर्याप्त अध्ययन अनुसन्धान भएन। सैनामैना क्षेत्रको र यहाँ प्राप्त पुरातात्विक वस्तुहरू बारे प्रकाशित सामग्री निकै कम छन्। पहिलो पल्ट लुम्बिनी र कपिलवस्तुको खोजको प्रसङ्गमा एक शताब्दी पहिले ए फुहरर सैनामैना आएका थिए। सैनामैनालाई उनले कनकमुनि बुद्धको अवसान भएको क्षेत्रको रूपमा मानेका छन्।[४६] इ.सं. १९९९ मा पि.सि.मुखर्जी सैनामैना आएका थिए । उनले सैनामैनालाई मैनपुर सहर मानेका छन् । पि.सि.मुखर्जीले वनकट्टादेखि उत्तरबाट यात्रा प्रारम्भ गरेका थिए। केही समय हिँडेपछि उनी एक भग्नावशेषमा पुगेका थिए त्यहाँ उनले धनको खोजीमा ३ वटा खाल्टा खनेको भेटाएका थिए। ती खाडलहरूमा उनले इँटाको पर्खाल देखेका थिए। त्यहाँ उनले बुद्धको भूमिस्पर्श मुद्राको मूर्ति (जुन अहिले लुम्बिनी सङ्ग्रहालयमा राखिएको छ) देखेका थिए। यो ठाउँ जोगीडाँडा थियो। त्यसको २५ फिट उत्तरमा उनले जैमला देव्या अभिलेखयुक्त प्रस्तर स्तम्भ देखेका थिए र त्यसमा लेखेको अङ्क १२६१ भएको उनले पढेका थिए। यो स्तम्भ पनि लुम्बिनी सङ्ग्रहालयमा राखिएको छ। बुद्धको मूर्ति नजिक हात्तीमाथि सिंह र त्यसमाथि मानिस चढेको मूर्ति देखेका थिए। यो मूर्ति हाल कतै देखिँदैन। उनको १ घण्टाको यात्रा समयमा ठूलोप्लेट, जोगीडाँडा र मूर्धनी पुगेको देखिन्छ। उनले ७' × ७$^{३/४}$" का दुईवटा वर्गाकारका प्वाल देखेको देखेकोउल्लेख गरेका छन्। प्रकृति हेर्दा मूर्धनीको ढिस्कोसँग मिल्दछ।[४७] इ.सं. १९६२ मा देवला मित्रले सैनामैनाको भ्रमण गरिन्। उनले यहाँ प्राप्त माटाका भाँडाहरू र अलङ्कृत इँटाहरू कुदानसँग समकालीन भएको मानेकी छन्।[४८] नवाङ् ख्येत्तरयाव लेग्शे ग्याट्सोले सैनामैनाको नजिक बुद्धको रौँ र नङको स्तूप भएको मानेका छन्। कपिलवस्तुमा विरुद्धकले गरेको पहिलो आक्रमण शाक्यमुनि बुद्ध स्वयम्ले रोकेका थिए। विरुद्धकको दोस्रो आक्रमणमा शाक्य सम्भक एक्लैले विरुद्धकलाई हराइ दिए। शाक्यहरूले उनलाई नगरबाट बहिष्कार गरे। सम्भक बुद्धको शरणमा गए। बुद्धले उनलाई आफ्नो कपालको रौँ र नङ दिए। त्यो लिएर उनले वर्तमान सैनामैनाको नजिक स्तूप बनाएको उल्लेख गरेका छन्।[४९] त्यो स्तूप सैनामैना भग्नावशेषको नजिक पर्ने सोरौलीमा रहेको कुटी हुनसक्ने सम्भावना छ।

---


४६. ए फुहरर, एन्टिक्विटिज अफ द बुद्धज् वर्थ प्लेस इन् द नेपालीज तराई पुर्नमद्रित, दिल्ली इन्डोलोजिकल बुक हाहस, १९७२, पृ. २४ अध्याय २, पृ. २३

४७. पि.सि. मुखर्जी, ए रिपोर्ट अन ए टुर अफ एक्सप्लेरेशन अफ द एष्टिक्विटीज अफ कपिलवस्तु तराइ अफ नेपाल, दिल्ली इण्डोलोजिकल वुक हाउस १९६९, पृ.३९-४० प्लेट एक्स भी

४८. देवला मित्र, एक्सक्याभेसन एट तिलौराकोट एण्ड कोदान एण्ड एक्सप्लोरेसन्स इन द नेपलीज दराई, काठमाडौं डी.ओ.ए. एच एम जी. नेपाल, १९७२, पृ. २२१-२२२

४९. नवाङ् ख्येतरयाव लेग्शे ग्याट्सो, फरचुनेट टु बीहोल्ड, धर्मस्वामी महाराज बुद्ध विहार, लुम्बिनी १९६८, पृ. ६६

विद्वान् पूर्णदास मानन्धरको भनाइमा सैनामैना कुनै समयमा देव मन्दिरहरूको बाहुल्य भएको क्षेत्र थियो । चौधौं शताब्दी पछि यो क्षेत्र उजाडियो । पूर्णदास मानन्धरले, पि सि. मुखर्जीले फेला पारेको स्तम्भको अभिलेखको "जैमाला देव्या" को सम्बन्धलाई मध्यकालीन खस मल्ल राजाहरूसँग गाँसेका छन् । उनको विचारमा खसमल्ल राजपरिवारका केही महिलाहरूको नाम "माला" शब्दमा टुङ्गिन्थ्यो । उनले त्यो स्तम्भ पृथ्वी मल्लको पालाको हुनसक्ने अनुमानगरेका छन् ।[५०] सैनामैनाको पहिलो उत्खनन् गर्ने कार्य पाल्पा गौंडाका वडाहाकिम खड्ग शम्शेरको पालमा भएको थियो । मूर्धनीको ढिस्कोमा प्लस चिन्हको आकारमा उत्खनन् गर्ने कार्य उनैको पालमा भएको डा. विष्णु घिमिरेले उल्लेख गरेका छन् । उत्खनन्मा के के सामग्री फेला परे उल्लेख भएको छैन साथै डा. घिमिरेले विद्वान् पर्सिवल लण्डनलाई उद्धृत गर्दै तीन सहरको सैनामैना र प्राचीन कालमा बुद्धको दरबार भएको उल्लेख गरेका छन् । सेनकालको उदय पनि यही सैनामैनाबाट भएको उनले उल्लेख गरेका छन् ।[५१] यसरी नै डा. घिमिरेले "ओममणि पद्मे हुँ" लेखिएको मध्यकालीन अभिलेख रहेको पनि उल्लेख गरेका छन् ।[५२] संस्कृतिविद डा. गितु गिरीले प्राचीन सामगामलाई नै कालान्तरमा सैनामैना भनिएको उल्लेख गरेका छन् ।[५३] उनले सैनामैनाको विस्तृत अध्ययन अनुसन्धान गरेका छन् । उनको नामबाट धेरै अध्ययन सामग्रीहरू प्रकाशित भएका छन् । विद्वान् सुशील कुमार गौतमले बुटवल नजिकैको पर्रोहा गा.वि.स. स्थित सैनामैना क्षेत्रका पुरावशेषहरूको पुरातात्विक अध्ययन शोधपत्र २०६५ तयार गरेका छन् । उक्त शोधपत्रमा सैनामैनाको भुबनावट, पुरावशेषस्थलहरू, प्राप्त कलावस्तुहरूको विस्तृत विवेचना गरेका छन् । यो शोधपत्र एक पठनीय सामग्री बनेको छ । लुम्बिनीमा राखिएका सैनामैनाका पुरावशेषको विवरण समेत प्रस्तुत गरेका छन् । अब पनि यी खोज अनुसन्धानका आधारमा आधारित भएरै सैनामैनाको थप खोज अनुसन्धान गर्नु आवश्यक छ।



पि.सी. मुखर्जीले तयार गरेको सैनामैनाको नक्सा

५०. पूर्णदास मानन्धर, सैनामैनाका केही पुरातात्विक सामग्री, मधुपर्क, गो.प. संस्थान, वर्ष १९, अङ्क ४, पृ. २०७, भदौं २०४३, पृ.५५
५१. डा. विष्णु प्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास भाग २, पूर्ववत्, पृ. १२८
५२. डा. विष्णु प्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास भाग १, पूर्ववत्, पृ. २६
५३. डा. गितु गिरी, पूर्ववत्, पृ. १०८-१०९

### ५.७ कर्णाली प्रदेशको खस शासनकालीन शिलालेख

इतिहासकारहरूले लेखेकाछन् - पालशासकहरू मध्ये सूर्यकालको समयमा वि.सं. ११५७ तिर नागराजले पालवंशलाई आफ्नो अधीनमा पारी कर्णाली प्रदेशमा आफ्नो राज्य स्थापना गरे। वि.सं. १४६१ मा खस साम्राज्यको विघटन भएपछि सो राज्य अन्तर्गतका सम्पूर्ण स्थानीय शासकहरू स्वतन्त्र भए। यसरी नै गोरखाको आदित्य मल्लको वि.सं. १३७८ को र पुण्य मल्लको वि.सं. १३८५ को ताम्रपत्र अनुसार खस राज्यको प्रभाव त्रिशुली नदीसम्म थियो। रिपु मल्लश्चिरञ्जयतु लुम्बिनीको अशोक स्तम्भमा लेखिनु, पाल्पा राज्यमा खसेयौलीहरू देउराली पोखराथोक मदन पोखरा जस्ता शब्दबाट गाउँठाउँको नामाकरण हुनुले खस साम्राज्यको प्रभुतोलाई जनाउँछ। ( स्रोतः डा. कर्णबहादुर बानियाँ, पाल्पा राज्यको इतिहास र संस्कृति, प्र.का. पुरकोट सेन समाज गुल्मी, २०७०, पृ.४-५) यसरी नै सैनामैना बौराहा खोलाको पश्चिमपट्टी वि.सं. १३५३ को महाराजा धिराज पुण्य मल्लदेव लेखिएको शिलापत्र प्राप्त हुनुले खस साम्राज्यको प्रभाव कर्णालीदेखि सैनामैना हुँदै गोरखासम्म पुगेको देखिन्छ। स्मरण रहोस् एकीकृत र शक्तिशाली खस साम्राज्य भनिए पनि यस राज्यभित्र विभिन्न सामान्त राज्यहरू यस कालमा पनि क्रियाशील रहेको देखिन्छ।



जेहोस् खस राजाहरू हिन्दु धर्म र बौद्ध धर्मप्रति समान आस्था राख्दथे भन्ने कुरा गोरखाको ताघवाइ गुम्बामा आदित्य मल्ल र पुण्य मल्लको ताम्रपत्र लुम्बिनी अशोक स्तम्भमा रिपु मल्लको शिलापत्र र सैनामैनाको बौराहा खोलामा प्राप्त पद्यमपाणिको प्रस्तर मूर्ति र पुण्य मल्ल महाराजा देव उल्लेखित शिलापत्र, ताम्रपत्रहरूले खस साम्राज्य शासनकालको सङ्केत दिन्छ।



### ५.८ सैनामैनाको अवस्था

सैनामैनाको स्थलगत अध्ययन, भ्रमण र अवलोकन गर्दा हालको सैनामैना नगरक्षेत्र भित्र र बुटवल उ.म.न.पा. चारपाला सामुदायिक वन क्षेत्रमा बुद्धकालीन धेरै पुरातात्विक महत्त्व झल्किने दरवार, इनार मूर्तिहरू र स्तूपहरूका भग्नावशेष प्राप्त भएका छन्। सैनामैनाको सोरौली, मूर्धनी, रानीकुवा, बीचटोल, ठूलोकुवा र बुटवल उ.म.न.पा. को योगडाँडा (जोगीडाँडा) ठूलोप्लेट, बौराहा खोला आसपास र दानव नदी आसपास, पर्रोहापरमेश्वर बोलबम धामस्थल र खकनपुर आदिमा प्रशस्त भग्नावशेषहरू यत्रतत्र छरिएका छन्। यस्तै केही थुम्काथुम्कीमा स्तूप जस्ता देखिने माटा र इँटाका ढिस्काहरू छन्। रानीकुवा र विचटोलमा दरवार आकृति भित्र कोठाहरू (Rooms) पनि प्राप्त भएका छन्। सैनामैनाको बौराहा खोला र त्यस आसपासमा धेरै प्रस्तर मूर्तिहरू, कलात्मक वास्तुकलाका अङ्गहरू, इँटाबाट बनेका इनारहरू, प्रस्तरबाट बनेका इनारहरू, पोखरीहरू, सिमसार क्षेत्रका अवशेषहरू प्रशस्त मात्रामा छन्। यी सबै वस्तुस्थितिले सैनामैना राजधानी कपिलवस्तुको अभिन्न अङ्गका रुपमा रहेको सूचना प्रवाहित हुन्छ। साधक चिन्तकहरूको प्रिय ठाउँ भएकाले सैनामैनाको जोगीडाँडा (योगीडाँडा) र योगदमार जस्ता ठाउँहरू पनि पद्मपाणिको आश्रम स्थल हुन सक्ने देखिन्छ। अनुसन्धान र किटानीको प्रतीक्षामा छ यो सैनामैना।




ऐतिहासिक सैनामैना भग्नावशेषका महत्त्वपूर्ण मूर्ती तथा कलावस्तुहरू

### ५.९ खोज अनुसन्धानको आवश्यकता

उरुबेला अर्थात् वोधगयमा सिद्धार्थ ज्ञानको खोजीमा पुग्दा वेद शास्त्रका प्रकाण्ड विद्वान् कौडिण्य, वप्प, मद्दीप, महानाम र अश्वजित जस्ता साधुहरू पनि ज्ञानकै खोजीमा तपस्यारत भएको पाए पछि सिद्धार्थले पनि उनीहरूसँगै त्यसै ठाउँमा बसेर ६ वर्षसम्म तपस्या गरेका थिए। यसरी तपस्या गर्दा शरीर सुकेर अस्थिपञ्जर भए पछि सिद्धार्थले बुद्ध हुनु भन्दा पहिले तपस्या मार्ग गलत रहेछ भनी स्थूल भोजन ग्रहण गर्न थालेका थिए।बुद्धको यो चाला देखेर ती विद्वान् तपस्वीहरूले सिद्धार्थ भोगवादी रहेछन् भन्ने ठानेर सिद्धार्थलाई घृणा गरी त्यसै ठाउँमा सिद्धार्थलाई छोडेर ऋषिपत्तन (सारनाथ) मा गएर तपस्या गर्न थालेका थिए। पछि सिद्धार्थले बुद्धत्व/अर्हत प्राप्त गरे पछि फेरि ऋषिपत्तन (सारनाथ) मै गएर सर्वप्रथम चार आर्यसत्य र अष्टाङ्गिक मार्ग शिक्षाले तिनै पञ्चविद्वान्हरूलाई दीक्षित गरी प्रव्रज्या गराएका थिए। स्मरणीय छ, ती पञ्चभिक्षुहरू वप्प, कौडिल्य, मद्दीप महानाम र अश्वजित कपिलवस्तु देश (नेपाल) कै थिए। तिनीहरू कपिलवस्तु कुन ठाउँ, कुन पुर, वा कुन डिउह (गाउँ) का थिए अहिलेसम्म अनुसन्धान भएको छैन। हुन सक्छ ऋषिप्रिय स्थल सैनामैना भावर प्रदेशतिरकै हुनसक्छन्। यो पनि अध्ययन अनुसन्धानकै विषय हो अथवा उनीहरू कपिलवस्तु जहाँ कहीँका किन नहोऊन्, उनीहरूको पनि पहिचानहुन जरुरी छ।

ह्वेन साङ, फाइयान जस्ता विदेशी यात्रीहरूले कपिलवस्तु देशको राजधानी तिलौराकोट र बुद्ध जन्मस्थल लुम्बिनी जङ्गलीकरण र निर्जन बन्दै गएको वृतान्त लेखेर विश्वलाई जानकारी दिए। अहिले विश्वको ध्यान लुम्बिनी, तिलौराकोट, रामग्राम क्षेत्रमा केन्द्रित छ। यो सकारात्मक र स्वागतयोग्य छ। तर तिलौराकोट लुम्बिनी र रामग्रामको सीमित क्षेत्रमा मात्र केन्द्रित हुँदा सैनामैना जस्ता ऐतिहासिक र पुरातात्वि महत्त्वका अवशेष भग्नावशेषले भरिएका महत्त्वपूर्ण स्थलहरू सरासर ओझेलमा परेका छन्। यसको समुचित अध्ययन, अनुसन्धान र विश्लेषणको अपेक्षा गरिन्छ।

रूप, गुण र सौन्दर्यले सम्पन्न राजकुमारी यशोधरा र सम्पूर्ण ऐश्वर्य र साधन स्रोतले सम्पन्न हुँदाहुँदै पनि राजकुमार सिद्धार्थ एकान्तप्रिय र वैराग्यपूर्ण देखेपछि राजा शुद्धोदनले उनलाई वैराग्यबाट मुक्त गर्न विषम मौसममा पनि तनमन समान रहोस् भन्ने उद्देश्यले राजकुमार सिद्धार्थको लागि त्रिमौसम अनुकूल तीनवटा मनोरम दरवार कपिलवस्तुमा निर्माण गरेको कुरा विद्वान्हरूले लेखेका छन्। ती दरवारहरू तिलौराकोट आसपासमा मात्रै नभएर अलिसुशीतल हावापानी भएको भावर क्षेत्र सैनामैना जस्ता मैदान र थुम्कामा निर्माण गरेको हुनु पर्छ। विद्वान् पर्सिवल (लण्डन) ले सैनामैनामा बुद्धको दरबार भएको कुरा उल्लेख गरेकाले सैनामैना क्षेत्रमा प्राप्त भएका दरवारका भग्नावशेष बुद्धकालीन दरवारको भग्नावशेष पनि हुन सक्ने संभावनालाई नकार्न सकिदैन। चिनियाँ यात्री ह्वेन साङको वर्णनमा १० वटा नगरीहरू खण्डहरका रुपमा जङ्गलमा परिणत भएका छन् भनेर उल्लेख गरिएको छ। ती १० सहर/नगर कहाँ कहाँका हुन् र कहाँ कहाँ छन्, यथार्थ जानकारी भएको छैन। सैनामैना क्षेत्रमा पनि ती सहरहरू अवश्य थिए भनेर खण्डहरका आधारमा भन्न सकिन्छ।

मुक्तिक्षेत्र हिमालदेखि कोशल राज्यसम्म उत्तर दक्षिण फैलिएको प्राचीन कपिलवस्तु देशको तराई र पहाडलाई जोड्ने मुख्य नाका र व्यापारिक केन्द्र समेत सैनामैना क्षेत्र रहेको छ। लुम्बिनी र कपिलवस्तुको खोजीमा आउने चिनियाँ यात्रीहरू फाइयान र ह्वेन साङ समेत सैनामैना र बुटवलको बाटो भएर ओहोर दोहर गरेको पनि बताइन्छ।




लुम्बिनी-सैनामैना-रिब्दीकोट-रिडी-मुक्तिनाथ ऐतिहासिक तथा साँस्कृतिक मार्ग

**निष्कर्ष :-** सैनामैना बुद्धकालीन तीन सहर रहेको क्षेत्र हो र यसलाई सामगाम भनिन्थ्यो भनेर विद्वान्हरूले लेखेका छन्। यसका आधारमा पनि नेपाल सरकार, पुरातत्व विभाग र सरोकारवालाहरूको शोध अनुसन्धान र उत्खनन्तर्फ अविलम्व ध्यानकृष्ट हुन सैनामैना अर्थात् प्राचीन सामगामले अपेक्षा गरेको छ। सैनामैना क्षेत्र प्रागैतिहासिक, ऐतिहासिक, पुरातात्विक र पुराशेषको एउटा सानो बिन्दु हो तर यसभित्र अध्ययनको महासिन्धु प्रवाहित छ। यसभित्र जति गहिरिएर अध्ययन गरिन्छ त्यति नै मात्रामा प्राचीन मानव सभ्यताको मोती प्राप्त हुने निश्चित छ। यसको जिम्मा इतिहास अन्वेषकहरू र पुरातत्वविद्हरूलाई सुम्पिनुमै सार्थकता हुनेछ।

## परिच्छेद : छ
# सेनवंशीय शासनकालको अभ्युदय र महत्त्व

### ६.१ विषय प्रवेश

शाक्य गणराज्य पश्चिम दक्षिणमा कोशल राज्य उत्तरमा हिमालय पर्वत, पूर्वमा कोलीयराज्य, पूर्व दक्षिणमा मल्लराज्य र पश्चिममा अचिरावती (राप्ती नदी) सम्म विस्तृत भएको थियो । यो विषयमा अघिल्ला अध्यायमा सङ्क्षिप्त रुपमा प्रकाश पारिएको छ। त्यसरी नै शाक्य गणराज्यको पतन भए पछि निर्जन र जङ्गलीकरण भएको यस कपिलवस्तु देशलाई पुनः मानववस्तीका रुपमा विकसित गर्ने क्रम सेनवंशीय शासनकाल वि.सं. १३६३-१८६१सम्म सेन राजाहरूको नेतृत्वमा भएको पाइन्छ। त्यसैले सैनामैना र समग्र कपिलवस्तुको अध्ययन गर्दा सेन राज्यकाल र कपिलवस्तुको मध्यकालीन सभ्यता बारे सुसूचित हुन त्यत्तिकै आवश्यकता छ। यस अध्यायमा सेन राज्यको स्थापना र तत्कालीन सैनामैना क्षेत्रको अवस्था बारे सङ्क्षिप्तमा परिचय प्रस्तुत गर्ने प्रयास गरिन्छ।

### ६.२ पाल्पाली सेनराज्यको ऐतिहासिक राजपुर-रिब्दीकोट राज्य

इतिहास प्रसिद्ध पाल्पाली सेनराज्य पूर्वमा टिस्टा (दार्जिलिङ, जल्पाइगुढी, पूर्णिमा), पश्चिममा गढवालसम्म, उत्तरमा हिमालय मुक्तिनाथदेखि दक्षिणमा गङ्गा नदीसम्म विस्तृत भएको बताइन्छ । “नारद स्मृति” (केशर पुस्तकालयमा सुरक्षित हस्त लिखित ग्रन्थ पृ. १-३ सम्म) राजा मुकुन्दसेन प्रथमको नेतृत्वमा विस्तृत भएको उल्लेख छ। पाल्पा राज्यको स्थापना र पाल्पा राज्य नामकरण गर्ने रुद्रसेन भए पनि पाल्पा राज्यको जग बसाल्ने काम भने प्रयागबाट आएका रुद्रसेनका पुर्खा तुथारायसेनले कपिलवस्तुको सैनामैना क्षेत्रबाट नै थालनी गरेका थिए । उनको राजधानी सैनामैना क्षेत्रबाट नै थालनी भएको थियो। उनको राजधानी सैनामैना नगरपालिकाको पूर्वपट्टि रहेको उच्च भाग अर्थात्  बुटवल उपमहानगरपालिकाको वडा नं. १२ चारपाला सामुदायिक वनको राजपुर खोलाको पश्चिमतर्फ रहेको राजपुर गाउँ र त्यस आसपासको क्षेत्र नै सेनराजाहरूको राजधानी थियो । जुन राज्यको भौगोलिक क्षेत्र चम्पापुर भनिने तराईको विशाल भूभाग सहित पाल्पाको रिङसिङकोट (रिब्दीकोटसम्म फैलिएको थियो । इतिहासकारहरूले चम्पारन र स्थानीय जनताले चम्कीपुर भनेर संवोधन गरिने स्थान पनि यहीँ छन्। मौसम अनुसार हिँउदै राजधानी राजपुर र वर्खे राजधानी रिङसिङ्गकोट र रिब्दीकोट बनाएका सेनराजाहरू मध्येकै वंशज रुद्रसेनले वि.सं. १५४९ मा उत्तरतर्फ राज्य विस्तार गरी भैरवस्थान नजिकैको पुर्नाकोट (पुरानोकोट) मा राजधानी सार्नुका साथै सेन राज्यलाई पाल्पा राज्य नामकरण गरेको पाइन्छ। तदुपरान्त सेन राज्यलाई पाल्पा राज्य भनिएको प्रमाणिक इतिहास छ। पाल्पा प्रभासको शिवालय उत्खनन् गर्दा प्राप्त शिलालेखमा यो कुरा उल्लिखित छ।




**पूर्व पश्चिम राजमार्गको राजपुर खोलाको पुल बुटवल उप-महानगरपालिका-१२, राजपुर**



**चारपाला सामुदायिक वनमा अवस्थित सेनकालीन राजपुर दरवारको पुरावशेष अध्ययन गर्दै अनुशन्धान टोली बुटवल-१२, राजपुर परिसरमा**

### ६.३ राजपुर रिब्दीकोट राज्यका सम्बन्धमा विद्वान्हरूको भनाइ

पाल्पाली सेनराज्यको विशेष अनुसन्धाता एवं इतिहासकार डा. विष्णु प्रसाद घिमिरेले लेखेका छन् - "यो वंशलाई राजा रामचन्द्रको वंशज अर्थात् सूर्यवंशीय पनि भनिन्छ । यस वंशमा रत्नसेन नामका राजा भए । यिनले चितौडमा राजधानी बनाएकाले यस वंशलाई चितौड राजवंशीय पनि भनिन थालियो । यिनका छोरा नयन सेनले प्रयागमा राज्य स्थापना गरे । यिनको सन्तानले धेरै पुस्ता शासन गरे पछि तुथा सेनको पालामा मुसलमानहरू (मोहम्मद सिल्जी) ले सन् १३०६ मा आक्रमण गरे । अतः प्रयाग विटुलिएको ठानी आफ्नो जाति, धर्म र संस्कृतिको रक्षार्थ आफ्नो दलवलका साथ उत्तरतर्फ लागी चम्पारन (हालको चम्कीपुर) को राजपुरमा आई राज्य खडा गरे । यो राज्य तराईको ठूलो भाग सहित बुटवलदेखि माथि रिब्दीकोटसम्म फैलिएको थियो । मौसम अनुसार हिउँदे राजधानी राजपुर र वर्खे राजधानी रिब्दीकोट गरी शासन चलाउँथे । राजपुर पहाड र मधेसको एकीकृत राज्य थियो । यही राज्य पछि आएर पाल्पा राज्यको नामले प्रसिद्ध भयो ।"[५४] घिमिरेकै यी भनाइले पनि राजपुर चम्पारनको वा अन्यत्रको चम्पारन नभई यहीँ बुटवल उपमहानगरपालिका वडा नं. १५ को तत्कालीन चम्पारन हालको चम्कीपुर नै हो भन्ने प्रमाणित गर्दछ।

स्मरणीय छ उनै घिमिरेले अगाडि लेखेकाछन् - उनै तुथाराय सेनपछि डिमिकि राव सेन (रिवेलीसेन), उदयराव सेन, उदय चक्र राव सेन, जङ्ग ब्रह्म सेन, धर्मपालसेन, अनेक सिंह सेन, खामराज (रामराज) सेन, चन्द्र सेन, रुद्र सेनले यही राजपुर र रिब्दीकोटलाई राजधानी कायम गरी राज्य गरे। सेन राज्यको झण्डामा माथि सूर्य तल चन्द्र राखिएको थियो। अहिले नेपालको झण्डामा माथि चन्द्र तल सूर्य रहेको छ।

बुटवल र शिवराज बङगालका नवाब आसफुद्यौलासँग कर तिर्ने सर्तमा महादत्त सेनले लिएका थिए भनेर नेपाल अङग्रेज युद्धको विशेष कारण बनाउने साम्राज्यवादी अङ्ग्रेज सरकार र उनैकाइतिहास लेखक फ्रेन्सिस बुचानन हेमिल्टनले समेत राजपुर भावर क्षेत्र बुटवल आसपासमा सेनहरूको राज्य भएको स्वीकार्न पुग्छन। तर राजपुर क्षेत्रमा र रिब्दीकोट क्षेत्रमा रुद्र सेनका प्रयासले स्थापना गरेको सेन राज्यलाई अरु नै सेनहरूको राज्य हो भन्ने गराउन तुथाराय सेनले मकवानपुरमा किल्ला खडा गरेको उल्लेख गर्दै राजपुर रिब्दीकोट राज्यको संस्थापकबाट तुथा सेनलाई उछिट्टयाउन कसरत गरेको पाइन्छ। हेमल्टिन लेख्छन् - चितौरका सिसौदिया वंशीय क्षत्रीय राजा चित्रसेनका वंशज जीलराय र अलीरायले नेपालको भावर प्रदेशका राजा कर्मसिंहलाई हटाएर आफै राजा भए उनका छोरा तुलासेनले मकवानपुरमा किल्ला बनाए।[५५] भन्ने उल्लेख हुनु ढाँटेको कुरा काटे मिल्दैन भन्ने उखानसित ठ्याक्कै मिल्दछ।

रिब्दीकोट वा रिङ्सिङ्कोटमा किल्ला बनाएको भनेको भए मिल्थ्यो । यस भित्र रिब्दीकोट राजपुर राज्यलाई बाइपास गर्ने षडयन्त्र रहेको देखिन्छ। तर तिनै हेमिल्टनले(पृथ्वीपालका भाइ समरसेनबाट प्राप्त वंशावली प्रकाशित गरेका छन् र त्यहाँ उल्लेखित कुराले राजपुर रिब्दीकोट तुथा सेनको राज्य र राजधानी हो भन्ने पुष्टि गरेको देखिन्छ। प्रयागबाट धपिएका तुथाराय सेनले बुटवलको आसपास क्षेत्रमा अधिकार गरे र पछि राजपुर राजधानी भएको चम्पारन राज्य पनि कब्जा गरे। त्यसपछि बुटवल र पाल्पा बीचको रिसियाङ (मसियाङ) क्षेत्र पनि कब्जा गरे। उनका छोराले रिब्दीकोटमा अधिकार जमाए। पछि उनकै वंशजका रुद्रसेनले पाल्पा राज्य स्थापना गरे। यसो भन्नु सत्य तथ्य संगत र न्याय संगत हुन्छ। ढाँटेको कुरा काटे मिल्दैन भन्ने कुरा वंशावलीले नै प्रमाणित गरेको छ। यसरी नै डा. विष्णुप्रसाद घिमिरेले लेखेका छन् - उनीहरू चितौरबाट प्रस्थान गर्नु पर्ने कारण मुसलमानी आक्रमण भएको कतिपय वंशावलीमा देखाएका छन्। भवदत्तले भने शालिनी राज्यको गद्दीमा रत्नसेनका छोरा नागसेन राजा भई बसेका बखत तीर्थराजले आक्रमण गरेको देखाएका छन् । चितौरमा मुम्मद (खिल्जी) को आक्रमण वि.सं. १३६३ (इ.सं. १३०६) भएको देखिन्छ। यो आक्रमण भएको दुई सय वर्ष पछि मात्र पाल्पा राज्यको स्थापना रुद्रसेनले गरेको देखिन्छ। डा.

---

५४. विष्णु प्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास भाग २, पूर्ववत्, पृ. १-२

५५. हेमिल्टन एन एकाउन्ट अफ दि किङडन अफ नेपाल एडिन वर्ग कन्स्टेवल एण्ड कम्पनी न्यू दिल्ली मंजुश्री पब्लिसिङ हाउसद्वारा पुन मुद्रित १९७१ इस्वी पृ. १२९-१३१

घिमिरेद्वारा प्रस्तुत यी अनुच्छेदमा उल्लिखित विषयवस्तु तथ्य सत्यमा आधारित छन् भन्ने कुरा किन पनि सत्य छ भने पाल्पा प्रभासमा प्राप्त शिलालेखमा पाल्पा राज्यको स्थापना वि.सं. १५४९ मा रुद्रसेनले गरेको उल्लिखित छ।[५६]

उपर्युक्त आख्यानबाट राजपुर सेनहरूको प्रथम हिँउदे राजधानी हो, जुन राज्यको विस्तार भावर प्रदेश र विशाल तराईको सम्मो मैदानी भागसम्म हुनुका साथै पहाडतिर रिब्दीकोट र रिङ्सिङ्कोटसम्म भएको थियो । स्मरणरहोस् सैनामैना र रिब्दीकोट रिङ्सिङ्कोटसँग सीमा मात्र जोडिएको होइन सैनामैनादेखि दक्षिण कोशौं परसम्म सेनराज्य फैलिएको थियो । तुथाराय सेनका वंशज रुद्रसेनले राज्य विस्तार गरी पाल्पा पुरानोकोट (पुनाकोट) मा राजधानी कायम गरेका थिए । उनकै सन्तति गन्धर्व सेन (वि.सं. १७५०-१८०९) ले पश्चिमतर्फको मगरराज्य वल्ढेङगढीलाई पाल्पा राज्यमा विलय गरेको देखिन्छ। स्मरण रहोस् हेमिल्टनले रिसियाङ वा मसियाङ भनेको स्थान मस्याम हुनुपर्छ । मस्याङ भनेको झिलङ्गी हो । सारमा सैनामैना नगरपालिकाकै अभिन्न अङ्ग राजपुर राजधानी बनाएर तुथाराय सेनले संस्थापन गरेको राजपुर रिब्दीकोट राज्य शाक्य गणराज्यको पतन भएको झण्डै १५ सय वर्ष पछि कपिलवस्तुमा स्थापना भएको ऐतिहासिक राज्य थियो।

## ६.४ राजपुर रिब्दीकोटको सेन राज्यको सभ्यता र संस्कृति

सन् १३०६ (वि.सं. १३६३) मा प्रयागमा मुसलमान (मुहम्मद खिल्जी) ले आक्रमण गरी कब्जा गरे पछि आफ्नो जाति, धर्म संस्कृति र सम्मानको रक्षार्थ प्रयागबाट उत्तरतर्फ लागी राजपुर राजधानी बनाएका तुथारायसेन र उनका उत्तराधिकारी शासकहरूमा स्वभावैले हिन्दू धर्म संस्कृति प्रति गहिरो आस्था र विश्वास थियो। उनीहरू शिव, विष्णु र भवानीका उपासक भएको अभिव्यक्ति उनीहरूद्वारा निर्मित र संरक्षित प्रस्तरकला, वास्तुकला र पछिल्ला उत्तराधिकारीहरूका स्याहामोहर र मुद्राहरूले हामीलाई सूचित गर्दछन् । साथसाथै उनीहरू बौद्ध धर्म सँस्कृतिप्रति पनि उदार र सहिष्णु रहेको कुरा राजा मणिमुकुन्द सेन (प्रथम) ले राज्य विस्तारका क्रममा काठमाडौंमा आक्रमणका लागि प्रस्थान गर्नु पूर्व मत्स्येन्द्रनाथलाई आफ्नो हारको माला र तथागतलाई छत्र चढाउनुले पनि उनीहरू बौद्ध धर्म सँस्कृतिप्रति अत्यन्त श्रद्धा र विश्वास राख्दथे भन्ने पुष्टि गर्दछ। यसरी नै वर्खे राजधानी रिब्दीकोट जलेश्वरमा हिन्दू तथा बौद्ध लगायत सबैले पूजा आराधना गर्ने जलेश्वरको मन्दिरमा आशिष मुद्रामा रहेको प्रस्तर मूर्ति स्थापना गरी आफ्नो इष्ट देवताको रुपमा प्रतिष्ठापित गर्नुले पनि यही कुराको पुष्टि गर्दछ। मूषिकआलिङ्गन गरेको आशिष मुद्रामा रहेको मूर्तिलाई बुद्धको मूर्ति भनेर मानिएकोछ । राजा मुकुन्द सेन (प्रथम) बौद्ध धर्मप्रति उदार र भक्तिभाव रहेकै कारण उनले आक्रमणको लागि प्रस्थान गर्नु पूर्व आफ्नो पुर्ख्यौली थलो सैनामैना र जलेश्वरमा अवस्थित बुद्ध ( तथागत) र बोधिसत्वमा छत्र र हारमाला समर्पण गरेको हुनुपर्दछ।[५७] ती बुद्ध वा वोधिसत्व यसै सैनामैना क्षेत्रमा प्रभाव जमाएका पद्मपाणि/मत्स्येन्द्रनाथ कै भएको कुरा सत्यताको नजिक देखिन्छ । हाल रिब्दीकोट स्थित जलेश्वर मन्दिरमा अहोरात्र शिवधुनि लगाउने गरिन्छ। लुम्बिनीको अशोक स्तम्भमा सम्राट अशोकले कुँदाएको अभिलेखभन्दा माथि "श्रीरिपुमल्लश्चिरञ्जयतु" समेत लेखिएकोले शाक्य गणराज्यको पतन पछि सेन शासनकालको उदय हुनुभन्दा पूर्व कर्णाली देशको खस राज्य अन्तर्गत सिङ्गो पाल्पा र कपिलवस्तु राज्य रहेको देखिन्छ। तर खस सभ्यताको ठोस आधार प्रमाण यो भन्दा बढी नदेखिएकाले कपिलवस्तु देश र सैनामैना क्षेत्रमा भग्न अवशेषका रुपमा पाइने प्रस्तर सँगारपाटी, शिव, विष्णु र भगवती (भवानी) र वोधिसत्वका प्रस्तर मूर्तिहरू, दरवार भवनका इँटा र झिँगटीहरू सहितका कलाकौशल र सभ्यताका प्रमाणहरू सेन शासनकालमा केही मात्रामा संरक्षित भएको देखिन्छ। प्राचीन कालदेखि कलाकौशलको सङ्ग्रहालयका रुपमा रहेको सैनामैना क्षेत्रमा सेन शासकहरू तुथाराय सेन र उनका उत्तराधिकारीहरूले थप विकसित र समृद्ध बनाउनमा महत्त्वपूर्ण योगदान गरेको देखिन्छ । यहाँ सङ्क्षिप्तमा सैनामैनामा केन्द्रित भई केही परिचय गराउने प्रयत्न गरिन्छ।

---

५६. डा.विष्णुप्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास भाग १, पूर्ववत्, पृ. २९
५७. डा.विष्णु प्रसाद घिमिरे, ऐजन ऐजन, पृ. १२५

### ६.५ राजपुर क्षेत्र

बुटवल उपमहानगरपालिका वडा नं. १२ को चारपाला सामुदायिक वन क्षेत्रमा वि.सं. १३६३ मा तुथारायले राज्य स्थापना गर्नुका साथै राजपुरमा राजधानी कायम गरे। सैनामैना क्षेत्र यति नै हो भनेर यकिन गर्न नसके पनि तत्कालीन चम्पारन वा चम्कीपुर क्षेत्र दक्षिणतर्फ मर्चवार-खुर्दलोटनसम्म, उत्तरतर्फ रिङ्सिङ्कोट (फेक) र रिब्दीकोटसम्म भएको इतिहासकारहरूले उल्लेख गरेका छन्। हिउँदे राजधानी राजपुर कायम गरेका तुथारायले वर्खे राजधानी रिङ्सिङ्कोट र रिब्दीकोट क्रमशः कायमगरेको रिङ्सिङ्कोटको भग्नावशेष र रिब्दीकोट दरबारको भग्नावशेषले देखाउँछन्। तुथाराय सेनदेखि उनको १० औं पुस्ता रुद्रसेन समेतको हिउँदे राजधानी राजपुर कायम गरेका सेना राजाहरूले यस राज्य अन्तर्गत विभिन्न मठ मन्दिर, घाट तीर्थस्थल निर्माण गरे। राज्य सानै भए पनि यस बौद्ध क्षेत्रमा विकसित भएको प्रस्तरकला, धातुकला र वास्तुकलालाई अरु उन्नत बनाउने काम गरे। रुद्रसेनका छोरा मुकुन्दसेन (प्रथम) ले पाल्पा राज्यको रिडीमा स्थापना गरेको हृषीकेश मन्दिरमा राखिएका प्रस्तरमूर्तिहरू हृषीकेश, गङगा, गणेश गायत्री र सरस्वतीका प्रस्तरमूतिहरू,पाल्पा भैरव मन्दिरमा रहेको कालभैरवको प्रस्तरमूर्ति, अमरगंज तानसेनको वटुकभैरव मूर्ति, प्रभासको शिवालयको प्रस्तर मूर्ति र शिलापत्र, नुवाकोटको प्रस्तर भैरव मूर्ति आदि यसै राजपुरमा निर्माण गरी तत्तत् स्थानहरूमा प्रतिष्ठापित गरेको देखिन्छ। किनकि यो क्षेत्र प्रस्तरकला निर्माणको स्रोतकेन्द्र हो भन्ने कुरा यहाँ भग्न अवस्थामा र साङ्ग अवस्थामा वेवारिस रहेका विभिन्न प्रस्तर मूर्तिहरूले देखाउँछन्। तर इतिहासकारहरूले उपर्युक्त प्रस्तर-मूर्तिहरूलाई काठमाडौंबाट मुकुन्दसेनले लुटेर ल्याएको, हृषीकेश मन्दिरमा रहेको हृषीकेश मूर्तिलाई कालीगण्डकीमा मुकुन्दसेनले स्नान गर्न जाँदा प्राप्त गरेको जस्ता किम्बदन्ती र कथाकुथुङ्गो जोडेका छन्। सैनासैनामा रहेका अघोषित तर विद्यमान विशाल प्रस्तरकला र धातुकलाका सङ्ग्रहालयले भने यी कुरालाई ठाडैखण्डित गरिरहेका छन्। दानव नदी, बौराह खोला र राजपुर खोलाको सङ्गमस्थल त्रिवेणी कर्साघाटलाई तुथाराय सेन र उनका उत्तराधिकारीहरूले पवित्रघाटको रुपमा विकास गरेका थिए। यसरी नैधार्मिक प्रवृत्तिका राजा मुकुन्दसेनलाई रिडी क्षेत्र, मुक्तिक्षेत्र, वराहक्षेत्र रदेवघाट क्षेत्रहरूलाई महत्त्वपूर्ण क्षेत्रको रुपमा प्रतिष्ठापित गर्ने प्रेरणा आफ्ना पुर्खाहरूको राजथलो यही राजपुर सैनामैनाले प्रदान गरेको देखिन्छ। एवम् रीतले राजपुरका सेनराजाहरूले यस क्षेत्रमा नरैनापुरको नरेश्वर मन्दिर (बोलबम), पर्रोहा परमेश्वर मन्दिर र रानीकुवा सङ्ग्रहालयमा राखिएका विभिन्न प्रस्तरमूर्तिहरू निर्माण र प्रतिष्ठापन गरे। यसका साथै जनजातिहरूको आराध्य इष्टदेवी भगवती/भवानीका रुपमा दुर्गा मन्दिर र दुर्गाका मूर्तिहरू निर्माण गरेका थिए। शैव, वैष्णव, शाक्त धर्म सम्प्रदायलाई समन्वय गर्ने काम गरेर आफ्नो धार्मिक भावनालाई प्रकट गरेका थिए। बौद्ध धर्म संस्कृति र सम्प्रदायप्रति सहिष्णु सेन राजाहरूले पद्मपाणि वोधिसत्वलाई अग्रस्थानमा राखेका थिए भन्ने कुराको साक्षी उनका उत्तराधिकारी मुकुन्दसेनले मच्छिद्रनाथमा आफ्नो हारमाला र छत्र चढाउनुले प्रमाणित गर्दछ। हाल यस राजपुर क्षेत्रका तराई मधेश क्षेत्रमा विभिन्न पुरहरू रहेका छन्। आफ्नो गाउँवस्तीलाई पुरको संज्ञा दिने सेन वंशीय परंम्परालाई उनका उत्तराधिकारीहरूले विनायकपुर (बुटवल), रुद्रपुर (कञ्चन गा.पा.), रुद्रपुर (पूर्वी नवलपरासी), मुकुन्दपुर वा मकवानपुर (मकवानपुर), विजयपुर (धरान), उदयपुर (चौदण्डी/उदयपुर) आदिको रुपमा नामकरण र विकास गर्नुले राजपुर क्षेत्रमा रहेका अनगिन्ती नामका पुरहरू सेन शासन कालकै निरन्तरता हो भन्ने आधार तयार हुन्छ। यसरी नै आफ्नो राजधानी र राज्यको सुरक्षार्थ नाका-नाकामा विभिन्न गढी/किल्लाहरू निर्माण गर्ने परम्परा सेन शासकहरूमा रहेकोले जितगढी, नुवाकोटगढी, रिब्दीकोटगढी, माथागढी, मुफुङ-कालिकागढी, हाँपुरगढी, रुद्रपुरगढी, वाकुमगढी-पाल्पा-शिवपुरगढी (कपिलवस्तु), सिन्धुलीगढीआदि समेत अद्यावधि रहेको छन्। ती गढीहरू सेन राज्यकालमै निर्माण भएकोमा इतिहासकारहरूको मतैक्य रहेको पाइन्छ। सैनामैना संगै सीमा जोडिएको रैनादेवी छहराको बल्ढेङगढी भने मगर राजाहरूले निर्माण गरेको विद्वानहरूले बताएका छन्। राजा गर्न्धव शेनले बल्ढेङगढीलाई पनि एकीकरण गरेका थिए।

### ६.६ सेन राज्यकालीन सैनामैना क्षेत्रका राजपुर लगायतका पुरहरू

इतिहासका पानाहरू पल्टाएर हेर्दा तथा स्थलगत अवलोकन गर्दा यस सैनामैना क्षेत्रमा राजपुर लगायत विभिन्न नामका डिउहहरूमा अनेक पुरहरू रहेका छन् । ती पुरहरू प्रायशः थारु भाषामा लेखेको पाइन्छ । सन् १८१४-१८१६ मा भएको नेपाल अङ्ग्रेज युद्धका बेला अत्याधुनिक अस्त्रशस्त्रले सुसज्जित अङ्ग्रेज सैन्य शक्तिलाई पाल्पाका तत्कालीन तैनाथवाला कर्णेल उजिर सिंह थापाको नेपाली सेनाले यही जितगढी किल्लामा परास्त गरी उनीहरूलाई लोटन (खुद लोटन) सम्म पुऱ्याएको इतिहास छ। त्यसैले यस्ता पुरहरू अर्थात् नगरहरू कहाँ कहाँ छन्, अझै अध्ययन अवलोकनको खाँचो छ । यहाँ वर्तमान सैनामैना नगरपालिका र बुटवल उपमहानगरपालिका आसपासमा रहेका प्रचलित पुरहरूको बारेमा सङ्क्षेपमा विवरण प्रस्तुत गरिन्छ।

#### ६.६.१ चम्कीपुर

बुटवल उपमहानगरपालिका वडा नं. १५ मा चम्कीपुर गाउँबस्ती छ। यस स्थानमा प्रस्तरबाट निर्मित एउटा प्राचीन इनार रहेको छ। यस चम्कीपुरलाई इतिहासकार डा. विष्णुप्रसाद घिमिरे लगायतले चम्पारन भनेर लेखेका छन्। चम्पारन र कुवेरपुर विहारमा पनि छन्। पाल्पा सेन राज्यको इतिहास लेखन कार्यमा जुटेकाहरूले रिब्दीकोट राजपुरको गाउँवेसीको सम्बन्ध रहेको उल्लेख गर्दागर्दै पनि गाउँ रिब्दीकोट र वेसीका रुपमा भारत विहारको चम्पारन र कुवेरपुरतिर भौतारिन पुगेका छन्। यहीँको रिब्दीकोट गाउँ र राजपुर वेसीको सम्बन्धलाई देख्न नसक्नुले आफैमा खण्डित हुन गएको छ।प्राचीनकालमा यसको नाम चम्पापुर हुँदो हो तर वर्तमानमा चम्कीपुरबाट चम्किएको छ र चिनिन्छ। राजपुरमा राजधानी बनाएका तुथाराय सेनले चम्पारनलाई आफ्नो राज्यमा समावेश गरेको भनेर लेखेका छन्। साथ(साथै चम्पारन सहितको राज्यको हिउँदे राजधानी राजपुर र वर्खे राजधानी रिब्दीकोट भनेर उल्लेख गरेका छन्। तर वर्तमानमा यो क्षेत्र चम्कीपुर भई चम्किएको छ।

#### ६.६.२ विनायकपुर

बुटवल उपमहानगरपालिका वडा नं. १४ सेमलारमा विनायकपुर नामक गाउँवस्ती छ। मुकुन्दसेन (प्रथम) पछि उनका छोरा विनायकसेनले विनायकपुर बुटवल क्षेत्रमा तैनाथी पाएका थिए । पछि आफैले आफैलाई विनायकपुरको राजा घोषणा गरेको इतिहास छ। यहाँ एउटा दरबारको भग्नावशेष पनि छ जसलाई रङ्ग भवन नामले चिनिन्छ। वि.सं. १७२८ भन्दा पहिले नै यो दरवार बनेको डा. विष्णु घिमिरेले लेखेका छन्। यहाँ सेन कालमा निर्माण भएको दरवारलाई रङ्गशाला भनिएको छ।[५८] यहाँ हनुमान, तुलसी, सुकुल ठेकेभैरव, कृष्णेश्वर महादेव, नागदेवता र समयमाई मूर्तिहरू छन्। दसैंमा सेन राजाहरूले नुवाकोटगढी (नयाँकोटगढी) मा भव्य दसैंमेला लगाउँथे।

#### ६.६.३ नरैनापुर

बुटवल भ.न.पा. १६ मा नरैनापुर गाउँबस्तीलाई नरैनापुर भनिन्छ। यहाँ नरेश्वर महादेवको मन्दिर छ। हाल बोलवम प्रचलनमा आए पछि नरेश्वर बोलवम मन्दिर निर्माण गरिएको छ। यहाँ सतीपुर्खे पीपलको रुखमा टाँसिएर रहेका विभिन्न आकृतिका प्रस्तर मूर्तिहरू रहेका छन्। मन्दिरभित्र महादेवको प्राचीन प्रस्तर मूर्ति र मन्दिरको वरिपरि पनि प्रस्तर मूर्ति राखिएका छन्। उक्त महादेव मन्दिर गुम्वज शैलीमा बनेको छ। यस्तै गुम्बज शैलीको शिव मन्दिर पाल्पा प्रभासमा रुद्रसेनले निर्माण गरेको मन्दिर पनि रहेकोले यो नरैनापुर शिवालय मन्दिर सेनकालमा बनेका भन्न सकिने आधार रहेको छ। यसरी नै शिवालयको उत्तरतर्फ रहेको दुर्गा मन्दिरभित्र पनि प्राचीन प्रस्तर देवीको मूर्ति रहेको छ।

---

५८. डा. विष्णु घिमिरे, पाल्पा राज्यको इतिहास भाग २, पूर्ववत्, पृ.८९



नरेश्वर मन्दिर नरैनापुर, बुटवल-१६, सेमलार

**६.६.४ खोखरपुरवा (खकनपुर)**


सैनामैना नगरपालिका वडा नं. २ मा खोखरवा भन्ने गाउँबस्ती रहेको छ । यहाँ प्राचीन काष्ठकलाका भग्नावशेष पनि छन् । यसलाई देवपुर पनि भनिएको छ । यहाँ ब्रह्मबाबाको डिउहार थान पनि छ । डिउहार ब्रह्मबाबाथानले ग्राम देवताको सङ्केत गर्दछ।



पुरिएको काठको इनार, खोखरपुरवा, सैनामैना-३
Longitude (E) = 83.347550, Lattitude (N) = 27.6981130, Height = 103.5m

**६.६.५ काशीपुर**

सैनामैना १ मा काशी गाउँ(वस्ती रहेको छ। यस स्थानमा स्थानीय थारु समुदायले प्राचीन कालदेखि पूजन गर्दै आएको भन्ने आधारमा ब्रह्मबाबाको मन्दिर निर्माण गरेका छन्। यस स्थानमा योगी आकृतिको ध्यान मुद्राको प्रस्तर सालिक, प्रस्तर शङ्ख आदि समेत रहेका छन् । यसको परिच्छेद सातमा चर्चा गरिएको छ । पुष्पद्वीपमा मात्र ब्रह्मबाबाको थान रहेको इतिहासमा उल्लेख छ। यहाँ ब्रह्मबाबाको थान पाइनुले यसको महत्त्वलाई थप बृद्धि गरेको छ।

पत्थर शंख र ब्रह्मबाबाको मूर्ति ब्रह्मबाबा टोल, सैनामैना-१

**६.६.६ विचवापुर (राजापानी)**

विचवापुर राजापानी पूर्व(पश्चिम राजमार्गदेखि दक्षिणमा अवस्थित रहेको थारु गाउँवस्ती हो । यहाँ देव र दानवले अमृत प्राप्तिका लागि समुद्र मन्थन गर्न वासुकी नागलाई नेती मन्दाचल पर्वतलाई मदानी समुद्रलाई ठेकी बनाएर समुद्र मन्थन गरे भन्ने पौराणिक कथनसँग मिल्दोजुल्दो सानो सुन्दर प्राकृतिक थुम्को (Natural Mound) रहेको छ। करिब १ हेक्टर क्षेत्रफल रहेको यस थुम्कामा महेरवा माईको थान रहेको छ। यहाँ एउटा कुवा र कुवासँगै जोडिएको सुरुङ छ। यस सुरुङ भित्र ठूलो गुफा छ भन्ने दावी सैनामैना ११ विचवापुरका स्थानीय थारुहरू मध्ये वल्ली दँगौरिया ९० वर्ष र रामगुलाम पच्छिमा थारु ८० वर्षकाले बताए। महेरवा भनेको एक जातको रातो वर्णको ठूलो साँप हो। स्थानीय थारु समुदायले यहाँका यी महेरवाहरू मानवस्वरुप धारण गरेर चारधाम/तीर्थ यात्रा गर्छन् र फर्के पछि पुनः महेरवा बन्छन् भन्ने विश्वास रहेको छ । यसले मन्दाचल पर्वतलाई मदानी बनाएर समुद्र मन्थन गरेको किम्बदन्तीलाई स्मरण गराउँछ। तर यसलाई विश्वास गर्ने कुनै भरपर्दो आधार भने छैन।



महेरवा मन्दिर, विचवापुर
Longitude (E) = 83.2559760, Lattitude = 27.6759310, Height = 121.3m

**६.६.७ सैनामैनाका अतिरिक्त पुरहरू**

तत्कालीन सेन राज्यकालमा माथि उल्लेखित पुरहरूका अतिरिक्त देहाय बमोजिम पुरहरू रहेको पाइन्छ। बालापुर सैनामैना न.पा. ५, रामापुर सैनामैना न.पा. ८, फच्कापुर सैनामैना न.पा. १०, शङ्करपुर सैनामैना न.पा. ९, चङ्खीपुर सैनामैना न.पा. ९, झिम्पुर सैनामैना न.पा. १०, उजेलापुर बुटवल उप.म.न.पा. १५, रतनपुर बुटवल उप.म.न.पा. १६, मैनापुर बुटवल उप.म.न.पा. १५,पद्मपुर बुटवल उप.म.न.पा. १४, मोतीपुर बुटवल उप.म.न.पा. १८, नगरपुर बुटवल उप.म.न.पा. ११, मनहरापुर बुटवल उप.म.न.पा. १९, हिरापुर शुद्धोदन गा.पा. २, गोपालपुर शुद्धोदन गा.पा. २, भगलापुर शुद्धोदन गा.पा., हसनापुर गैडहवा गा.पा., रुद्रपुर कञ्चन गा.पा., सूर्जपुरा/सूर्यपुरा गैडहवा गा.पा., हाँपुर तिनाउ गा.पा. २, पाल्पा, महापुर तिनाउ गा.पा. २, पाल्पा।

**६.७ सेनराज्यको थप उत्थान, विभाजन र निरन्तरता**

राजपुरमा मुकुन्दसेन प्रथम (वि.सं. १५७५-१६२२) भन्दा १० पुस्ता अघि राज्य स्थापना गर्ने तुथाराय सेनका वंशजहरूले पाल्पा राज्यको विस्तार, कला संस्कृति र सभ्यताको निर्माणमा महत्त्वपूर्ण योगदान दिइरहे। यी मध्ये मुकुन्दसेन प्रथमले पाल्पाली सेन राज्यलाई विस्तार गरी पूर्वमा वराह क्षेत्रको अन्त्य टिस्टा जल्पाइगुढी र पूर्णिमा जिल्लासम्म पश्चिममा रुरु क्षेत्रको अन्त्यसम्म (भनिएको छ कुमाउँ सम्म), उत्तरमा मुक्ति क्षेत्र हिमालयन श्रृङ्खलासम्म र दक्षिणमा हरिहर क्षेत्र गङ्गा नदी सम्म पुऱ्याएको इतिहासमा उल्लिखित छ। तर यो राज्य मुकुन्दसेन प्रथमको शेषपछि विभाजित हुन पुग्यो। अत्यन्त युद्धकौशल र दिग्विजय प्रतापी राजा भए पनि मुकुन्दसेन अत्यन्त धार्मिक प्रवृत्तिका भएकाले उनले आफ्ना छोरा भतिजाहरूलाई पाल्पा राज्य अन्तर्गत विभिन्न स्थानमा तैनाथ गराए र शासनको परिपाटी मिलाए जस अनुरुप माणिक्य सेन पाल्पाका राजा भए। त्यसरी नै विनायक सेनलाई बुटवल/विनायकपुर, भृङ्गीसेनलाई तनहुँ, लोहाङसेनलाई मकवानपुर, रामसेनलाई रिसिङ, कुवेर सेनलाई राजपुर र

खड्गसेनलाई मदरियाको तैनाथी (जिम्मा) दिइएको थियो। तर पछि सबै तैनाथवालाले आफूलाई आ-आफ्नो ठाउँका राजा घोषणा गरे। स्मरण रहोस् मकवानपुर भन्दा पूर्व मुकुन्दसेनको पालामा कुनै शासक नियुक्ति गरिएको थिएन।

यसरी पाल्पाली सेन राज्य पुनः विभाजित हुन पुग्यो। पाल्पाका माणिक्य सेन पछि फिरोज सेन जगदीश सेन, पृथ्वी सेन र त्रिलोक सेन क्रमशः राजा भए तर त्रिलोक सेन निःसन्तान भए। बुटवलमा शासन गर्ने विनायक सेनका सन्ततिहरू वलभद्र सेन, जसु सेन र अमर सेन बाबु पछि क्रमशः राजा बन्दै गए। पाल्पाली राजा त्रिलोक सेन निःसन्तान भएकाले बुटवलमा शासन गर्ने अमर सेनले पाल्पालाई स्वाभाविक रूपमा एकीकरण गरी शासन चलाए। प्रसङ्ग फेरि पनि राजपुरकै उठ्छ। डा. विष्णु घिमिरे बुचानन हेमिल्टनको हवाला दिँदै लेख्छन् - राजपुर अगाडि देखि नै पाल्पाली सेनकै मातहत थियो। मुकुन्द सेनको निधन पछि कुवेर सेन राजपुरको राजा भए र पछि सो क्षेत्र तनहुँमा मिलाइयो भनेर लेखिएको छ। राजपुर भनेको पूर्वतिरको होइन। यो राजपुर भनेको तुथाराय सेनको राजपुर हो जो बुटवलबाट पश्चिम र दक्षिणमा पर्दथ्यो। अवधका नवावले राजपुर हस्तक्षेप गर्न खोज्दा मुकुन्दसेन द्वितीयाले अवधका नवावलाई हराएर पाल्पा राज्यमै कायम गर्न सफल भएका थिए। मुकुन्दसेन द्वितीयको स्याहामोहरमा "बहादुर" शब्द लेखिएको देखिन्छ।[५९] स्मरण रहोस् यो राजपुर पूर्व तराईको नभई तुथाराय सेनको राजपुर हो जो बुटवलसँग पश्चिमबाट जोडिएको छ। यसरी नै मुकुन्दसेन प्रथमको शेष पछि पाल्पा राज्य विभाजित भए पनि पाल्पा राज्यमा राजा भएका माणिक्य सेनका सन्ततीहरू पिरोज सेन, पृथ्वी सेन, त्रिलोक सेन क्रमशः राजा भए। तर, त्रिलोक सेन निसन्तान भएपछि बुटवलमा शासन गर्ने विनायक सेनका सन्ततीहरू अमर सेन (वि.सं. १६९९-१७५०) ले पाल्पा राज्य, सैनामैना-राजपुर समेतलाई एकीकृत गरी बुटवलमा शीतकालीन र पाल्पामा गृष्मकालीन राजधानी कायम गरी शासन सञ्चालन गरेको तथ्यहरूले देखाउन्छन्। वि.सं. १८६१ जेठ २० मा भीमसेन थापाका बाबु सानाकाजी अमर सिंह थापा सहितको सैन्य दलले पाल्पा राज्यमाथि आक्रमण गरी नेपाल राज्यमा विलय नगरुञ्जेल राजपुर अर्थात् तराईको विशाल भूभाग पाल्पा राज्यसँगै सुरक्षित रहयो। त्यसैले पाल्पाली सेनराज्यको पूर्व स्वरुप राजपुर( रिब्दीकोट राज्य पाल्पा राज्यको अभिन्न अङ्गका रुपमा रहँदै आएको छ। यो सबै कुराले सन् १८१४-१८१६ को नेपाल अङ्ग्रेज युद्धको वेला बुटवल र शिवराज अवधको स्वामित्वमा रहेको भन्ने मुख्य तात्कालिक कारण बनाएर नेपालको अस्मिता लुट्न चाहनेहरूलाई कपिलवस्तुको भूभाग, सैनामैना र राजपुरले चोटिलो जवाफ दिइरहेका छन्।

**निष्कर्ष :** सन् १३०६ (वि.सं. १३०६३) मा तुथाराय सेनले सैनामैनाको राजपुरमा शीतकालीन राजधानी र रिव्दीकोटमा गृष्मकालीन राजधानी कायम गरी रिव्दीकोट नामको राज्य सञ्चालन गरेको पाइन्छ। सारमा सन् १३०६ (वि.सं. १३६३) देखि वि.सं. १८६१ जेठ २० सम्म पाल्पा राज्य नेपाल राज्यमा विलय नहुन्जेलसम्म समग्र बुटवलको तराई क्षेत्र, समग्र शिवराज र बुटवलसँगै जोडिएको सैनामैनाको राजपुर समेतको शक्तिशाली पाल्पा राज्यका रूपमा निरन्तरता पाएको तथ्यले पुष्टि गर्छन। बुटवल, शिवराज र सैनामैनाको राजपुर अवधका नवाव आसफुदौलाबाट कर तिर्ने शर्तमा सेन राजाहरूले भोगचलन गरेका थिए भन्ने अंग्रेजहरूको दावी स्वतः खण्डित हुन्छ। बुद्धकालीन सैनामैन क्षेत्र र सिंगो कपिलवस्तु क्षेत्रमा सेन वंशीय शासकहरूले यहाँको सभ्यता र संस्कृतिलाई उन्नत बनाउन धेरै योगदान गरेको देखिन्छ। नेपाल अंग्रेज युद्ध सन् १६१४-१६१६ को घडीमा आइपुग्दा प्राचीन सैनामैना क्षेत्र भग्वनावशेषमा परिणत भइसकेको कुरा यहाँ दोहोऱ्याइरहन पर्दैन।

५९. डा.विष्णु प्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास भाग १, पूर्ववत्, पृ. ४९

## परिच्छेद : सात
# सैनामैनाका पुरातात्विक स्थलहरू

**७.१ विषय प्रवेशः–** संस्कृति मानवीय समूहको परिचायक मात्र नभई भौतिक वस्तुमा प्रतिबिम्बित सभ्यताको मौंन पारखीसमेत हुनाले विभिन्न देवालय, मठ, मन्दिर, विहार, स्तूप, दरवार, पाटी, पौवा, धर्मशाला, आवासीय भवन, नहर, सडकयोजना, कुवा, जलद्रोणी, ढुङ्गेधारा, मूर्ति, गरगहना, भाँडावर्तन, खेलौना आदि वस्तुहरूमा प्रतिबिम्बित भएको हुन्छ। कलावशेष तथा खण्डहरमा समेत विगत मानवको जीवनशैली र पद्धति जीवन्त रहेको हुन्छ। धार्मिक भावनाले प्रेरित भई निमार्ण गरिएका देवालय, मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, पाटीपौवा, धर्मशाला, पोखरी, चौतारी एवं मूर्तिहरूमा समसामयिक नागरिक समाजको जीवनशैली, आस्था तथा परम्परा झल्किएको हुन्छ। यी साधन र स्रोतहरूमा यथार्थ जीवन प्रतिबिम्बित हुने हुनाले पुरातात्विक तथा ऐतिहासिकस्थलहरूको पहिचान गरी भौतिक उन्नति र भावी योजना तर्जुमामा समेत परोक्ष एवं प्रत्यक्ष सघाउँ पुग्दछ। भू-गर्भ तथा भू-सतहमा रहेभएका कलावस्तुहरू सन्तान दरसन्तानको नासो भएकोले यिनको जगेर्ना गर्नु आजको पुस्ताको चुनौति हो।

स्मारक तथा कलावस्तुहरू दिन दुई गुना रात चौगुनाका दरले दिनप्रतिदिन नाश हुँदै गएकोले यिनको संरक्षण गर्नु परेकोछ । आयआर्जन तथा जीवन निर्वाहको लागि यस्ता सम्पदाको दोहन गरी नयाँ पुस्तालाई आकर्षण गर्नसकेमा यिनीप्रतिको मायामोह तथा दीर्घकालीन सोंच स्वाभावैले विकास हुनेछ । फूर्सदको समयलाई मनोरञ्जनात्मक ढङ्गले व्यतीत गर्ने क्रममा यस्ता स्थलहरूको दोहन गरी पर्यटन व्यवसायलाई धुवाँरहित उद्योगको रूपमा सञ्चालन गर्न सकिन्छ। यस परिवेशमा विभिन्न पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरूको महिमा र महत्त्व कालान्तरसम्म रहिरहने हुनाले पुस्ता दरपुस्ताको निम्ति संरक्षण र संवर्द्धन गर्नुपर्ने दायित्व सिर्जना भएको छ। यस्ता पुरास्थलहरूलाई मानव मात्रको सम्पत्ति ठानी यसको उचित संरक्षण एवं संवर्द्धन गर्ने अभिप्रायले संयुक्त राष्ट्र संघको बैज्ञानिक, शैक्षिक तथा सांस्कृतिक संगठनको सन् १९७० मा पेरिसमा सम्पन्न सम्मेलनले यस्ता महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूलाई समेत विश्व सम्पदा सूचिमा समावेश गर्ने निर्णय गऱ्यो। विश्वका सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, प्राकृतिक आदि दृष्टिले महत्त्वपूर्ण स्थल र क्षेत्रहरूलाई सूचिकृत गर्नेक्रममा नेपालका काठमाडौं उपत्यकाभित्र आठवटा र लुम्बिनीसमेत नौवटा पुरातात्विक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थलहरूलाई विश्वसम्पदामा समावेश गरिसकिएको छ। कपिलवस्तु तथा रामग्राम जस्ता पुरातात्विक तथा जीवन्त स्मारक क्षेत्रहरूलाई पनि विश्वसम्पदा सूचीमा समावेश गर्ने पहल गरिदै आएको छ। नेपालले आफ्नो तर्फबाट पनि पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (संशोधन समेत) कार्यान्वयन गरेको छ। कसैले पुरातात्विक महत्त्वका स्मारक तथा कलावस्तुहरू नष्ट गरेमा वा चोरी गरेमा सजायको व्यवस्था यसमा गरिएको छ।

नेपालको संविधान (२०७२) को अनुसूची ७, ८ र ९ मा स्थानीय सरकारले संरक्षण गर्ने प्रावधान राखिएको छ। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७५ ले गाउँपालिका, नगरपालिका तथा प्रदेशसमेतले आ-आफ्नो क्षेत्रमा रहेका स्मारक तथा कलावस्तुको संरक्षण तथा संबर्धन गर्नसक्ने व्यवस्था गरिएको छ। यसको निम्ति क्षेत्रगत ढरुले विशिष्ट ऐनको समेत प्रावधान गरिदै आएको छ। पश्चिम तराई अर्थात् लुम्बिनी, तिलौराकोट, निग्लिहवा, गोटीहवा, सगरहवा, सिसहनिया, अरौराकोट, देवदह तथा रामग्रामसमेतको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्यले लुम्बिनी विकास कोष ऐन, २०४२ (संशोधन समेत) लागु गरिएको छ। यो यस क्षेत्रको निम्ति विशिष्ट कानुन भए पनि एकातिर यहाँका सयौं स्थलहरूलाई ऐनको क्षेत्राधिकार भित्र पारिएको छैन भने अर्कोतिर कार्यान्वयन पक्ष त्यति प्रभावकारी छैन। लुम्बिनी विकास कोषले सबै स्थानहरूलाई समानुपातिक ढङ्गले विकास गर्न एकातिर वजेटको सीमितता रहेको छ भने अर्कोतिर योजनाबद्ध कार्यको पनि अभाव देखिन्छ।

स्वायत्त शासनको अवधारण अनुकूल प्रारम्भ गरिएको स्थानीय निकायहरू जस्तै- नगरपालिका तथा

गाउँपालिकाले आ-आफ्नो क्षेत्राधिकारका देवालय, मठ, मन्दिर, विहार, स्मारक आदिको संरक्षण गर्नुपर्ने व्यवस्था गरिएका छन् । अतः भविष्यका योजनाकार तथा सम्बन्धित आधिकारिक निकायहरूलाई पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक भण्डारको रूपमा रहेका पुरास्थलहरूको रेखदेख, मर्मतसम्भार, पुस्ता दरपुस्ता हस्तान्तरण तथा पर्यटन व्यवसायमा समेत विशेष सघाउ पुऱ्याउने अभिप्रायले यस क्षेत्रका प्राचीन (पुरा) स्थलहरूको वर्तमान अवस्था बारे अध्ययन गर्नुपर्ने भएकोले यस अध्ययनको आवश्यक्ता रह्यो। यहाँका ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक स्थलहरूको अवलोकन तथा तीर्थाटन गर्न आउने पर्यटकहरूले जति राष्ट्रिय आयमा सघाउने गर्दछन् उत्तिनै स्थानीय जनजीवनमा रोजगारका अवसरहरू उपलब्ध गराउने छन् । यसले गरिबी निवारणमा समेत प्रत्यक्षरूपमा सघाउँदै आएको छ । यस क्षेत्रमा अवस्थित सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरूले पनि यसको क्षेत्र विस्तार गर्न सक्दछन् । यी क्षेत्रहरू जति ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक दृष्टिले स्मरणीय छन्, उत्तिकै प्राकृतिक सम्पदाले समेत सुसम्पन्न भएकोले पर्यावरणीय पर्यटन पनि मौंलाउन सक्ने अवस्था विद्यमान छ। यसको प्राचीनता तथा आध्यात्मिक महत्त्व बारे मज्झिमनिकायपालीको सामगामसुत्मा गरिएको छ । जैन तीर्थङ्करको देहान्तपछि कलह भएको प्रसङ्गमा शाक्य प्रदेशमा पर्ने सामगाममा आनन्द र चुन्दलाई तथागतले क्रोध, भक्ष, इर्ष्या, मुर्खता, पापेच र मिथ्यादृष्टिसमेत छ वटा कारणहरूले आपसी विवाद सिर्जना हुने तथ्य बथाएका छन्। मैत्रीयुक्त वातावरणको निम्ति उत्प्रेरित गरिएको छ (Bhikkhu, 2009:104.1) । यस क्षेत्रमा अवस्थित केही पुरातात्वकि महत्त्वका स्थलहरूकको संक्षिप्त परिचय प्रस्तुत गरिन्छ।

### ७.२ मूर्धनी

सैनामैना नगरपालिका बढा नं. १ मा अवस्थित मूर्धनी नामक स्थानमा रहेको प्राचीन ढिस्को पुरातात्विक थलो हो । यहाँ गोलाकारको विशाल ढिस्को रहेकोमा समयको अन्तरालमा अतिक्रमण हँदैजाँदा यसको आकार सानो बन्दैगएको छ । यो जिपिएस Longitude (E) = 83.3722920, Lattitude (N) = 27.690380, Height = 114.7m मा अवस्थित छ। यसको बीचभागमा लम्बाकारको खाडल खनिएको छ। यहाँका जानकार व्यक्तिहरूका अनुसार कोही कसैले यहाँ पुरानापुराना धनसम्पत्ति भेट्ने प्रलोभनले यी खाडल खनिएको हुनसक्ने कुरा बताउने गर्दछन् । यस ढिस्कोमा इँटाका पङ्तिबद्ध सलहरू देखिन्छन् । चारैतिर व्यक्तिगत ढङ्गले अतिक्रमण हुँदै गएकोले भूसतहमा नै विभिन्न आकारप्रकारका इँटाहरू छरिएर रहेको अवस्थामा छन्।



पुरावशेष मूर्धनी ढिस्को सैनामैना-२

यस ढिस्कोको दक्षिणपश्चिमपट्टिको खण्डमा स्थानीय बासिन्दाले जोगी देवताको थान प्रतिष्ठापित गरेका छन्। यहाँको मौलोमा नित्यनैमित्य पूजा गरिन्छ । यसको आसपासमा प्रस्तरका कलावस्तुहरू छरिएर छोपिएर रहेको

अवस्थामा छन् । मूलतः अहिले भने ढुङ्गेधाराका खण्डित पाइप लगायतका वास्तुकलाका विभिन्न अंगहरू फेला परेका छन् । यिनको कलाप्रविधि र परम्परा वारे यथास्थान चर्चा गरिएकोछ ।



पुरावशेष मूर्धनीका इँटाहरू, सैनामैना-२

यसको उत्तरपूर्वको ढिस्कोमा संसारी माईको थान बनाइएको छ । यस थानमा स्थानीय बासिन्दाहरूले विशेष अवसरमा पूजा गर्दछन् । यसको आसपासमा पनि निर्दिष्ट आकारका कलात्मक प्रस्तरका आकृतिहरू छरिएर छोपिएर रहेको अवस्थामा छन् । यसको गर्भभागमा के छ ? भन्ने एकीन हुन सकेको छैन । पश्चिम नेपालको तराईमा अवस्थित अधिकाँश पुरातात्विकस्थलहरूका ढिस्कामा विभिन्न देवदेवीको स्थापना गरी पूजाआजा गर्ने परम्परा अनुकूल नै यहाँको मान्यता रहेको देखिन्छ । तौलिहवाको समयमाई, कुदान, बेलुहवा, बभनी, कुमारबर्ती माई आदि स्थानहरू यसका ज्वलन्त सबुतहरू विद्यमान छन् ।



मूर्धनी पुरावशेषको दक्षिणी भाग

स्थानीय जानकार व्यक्तिहरूले यस थलोमा प्राचीन दरवार रहेको थियो । कालान्तरमा भत्किएपछि यसको बाँकी ढिस्कोमा पूजाआजा गर्नथालिएको बताउने गर्दछन् । विद्यमान भौतिक संरचना तथा उपलब्ध कलावशेषहरूले

यसको पारखीपूर्ण मौनभाषामा आफ्नो अस्तित्व प्रस्तुत गरे पनि यथार्थ बस्तुस्थिति वैज्ञानिक उत्खनन् पश्चात् स्पष्ट हुने छ।

### ७.३ रानीकुवा क्षेत्र

सैनामैना नगरपालिका बडा नं. १ मा पर्ने रानी कुवा क्षेत्र एउटा खुल्ला सङ्ग्रहालयको रूपमा रहेको छ। यसको आसपासमा प्राचीनकालीन विभिन्न खण्डहरहरू रहेका थिए र हुन । दुर्भाग्यवस अहिले यी संरचनाहरूको अस्तित्व प्रायः लुप्त अवस्थामा रह्यो। जलाधार क्षेत्र भएकाले रानी कुवाको अस्तित्व भने बाँच्न पायो। यसको नामकरण वारे पनि विभिन्न भनाइहरू जनजिब्रोमा भेटिन्छन्। सैनामैना क्षेत्रमा प्राचीनकालदेखि नै विभिन्न शासकहरूले आआफ्ना शैली र प्रविधिमा आधारित भवनहरू बनाएका थिए। दरवार वा आवासीय जे जस्ता भवन बने पनि पहाडको पाउ, चुरेमहाभारत पर्वतको ढाड र तराईको सिरानीको रूपमा विद्यमान यसको भौगोलिक तथा वातावरणीय अनुकूलताले घना बसोवास रहेभएको तथ्य स्वभाविक देखिन्छ। पाषाणकालीन मानवको निम्ति पनि अनुकूल वातावरण भएकोले यसकै हाराहारिमा तिनाउ नदीको पश्चिम पाखा, दोभान पाल्पा मानवसम रामापिथेकसको अस्तित्व फेला पारिएको छ।



रानीकुवाको पुरातात्विक भौगोलिक संरचना

यसको सार के हो भने यहाँ मानवीय रस्तीबस्ती भएकैले तत्कालीन परम्परागत प्रविधि र आधारभूत आवश्यकता बमोजिम पानीपिउने कुवाहरू बनाइएका थिए। यस्ता कुवाको सेरोफेरोमा मानव सभ्यता र संस्कृति छिपेको हुन्छ, गर्भमा लुकेको हुन्छ। तसर्थः पुरानापुराना कुवा, इनार वा नहरमा मानवीय सभ्यता, जीवनशैली र पद्धति प्रतिविम्बित हुनेगर्दछ। यस सिलसिलामा यहाँका रानीकुवा, ठूलोकुवा वा बौरा खोलाको बीचमा रहेको कुवा जुनसुकै भए पनि यिनको आफ्नै मौलिक इतिहास छ।

वर्तमान अवस्थामा रहेको अव्वल पानी भएको वा त्यहाँकी रानीले पानी पिउने कुवा जे भएपनि रानीकुवा र यसको आसपासमा प्राप्त कलावस्तुहरूले प्राचीन अस्तित्व देखाएका छन्। एकातिर यसको उपयोगितावादी प्रबृतिको आधारमा उत्तम अस्तित्व विद्यमान रहिआएको छ भने अर्कोतिर ज्यामितिय आकारप्रकारका नीलाकाला पत्थरहरूले

यसको पुरानो अस्तित्व झझल्काउँदै आएका छन्।



पुरावशेषमा रहेको रानीकुवा हिँजोको अवस्था

वर्तमान अवस्थामा भने यस कुवालाई संरक्षण गर्ने अभियानमा कलात्मक र आकर्षित शैलीमा परिवर्तन गरिदैआएको देखिन्छ । तर यसको उपयोगितावादी प्रबृतिलाई मात्र मध्यनजर गरी कामकारबाही संचालन गर्दा पुरातात्विक महत्त्व र गरिमामा आँच आउनसक्ने प्रवल संभावना छ। यसको संरक्षण तथा पुरुत्थान गर्दा पुरातात्विक महत्त्वलाई जगेर्ना गर्न विशेष चनाखो हुनैपर्दछ।




रानीकुवा आजको अवस्था

Longitude (E) = 83.3763080, Lattitude (N) = 27.6906860, Height = 112.4m

यसको पुरातात्विक, ऐतिहासिक तथा धार्मिक महत्त्व र महिमाको जगेर्ना गर्न सबै नागरिक चनाखो हुनुपर्दछ। यसको आसपासमा घना बस्ती विकास हुँदैगएकोले अहिले पुरावशेषहरू छिन्नभिन्न भएका छन् । देवालय र केही

सार्बजनिक जग्गा बाँकी भएको ठाउँमा यहाँको सामान्य पुरानो झल्को देख्नसकिन्छ।



रानीकुवा परिसर
Longitude (E) = 83.3762380, Lattitude (N) = 27.6911050, Height = 112.5m

यहाँको मन्दिरको आसपासमा र रुखमुनि विभिन्न कलावस्तुहरू छरिएको अवस्थामा छन्। यस सार्बजनिक ढिस्कोको गर्भमा के छ भन्ने वारे सतहको अन्वेषणबाट मात्र खासै जानकारी पाउन सहज छैन। यसको आसपासमा मन्दिर बनाई आस्थागत ढंगले जगेर्ना गरिएको हुँदा जिज्ञाशाको करा छ। यसको निराकरण भविष्यमा गरिने उत्खननका चरणहरूले समाधान गर्नेनै छन्।

## ७.४ ठूलोकुवा क्षेत्र

सैनामैना नगरपालिका बडा नं. १ मा पर्ने विभिन्न पुरातात्विक सम्पदाहरूमध्ये ठूलोकुवा जीवन्त स्मारकको रूपमा अवस्थित छ। यसलाई राजाकुवा पनि भनिन्छ। त्यहाँका शासकले पानीपिउने कवा भएकोले यसलाई राजा भनिएको हो भन्ने लोकमान्यता छ। त्यसैगरी मीठो र शद्धपानीको स्रोत भएकाले पनि राजाकुवा भनिएको हनसक्ने देखिन्छ। सुख्खा भूभागको अतिक्रमण भए पनि धार्मिक, लौकिक तथा प्राकृतिक कारणले यसको अस्त्वि जीवन्त छ। यसले एकातिर यस क्षेत्रको घना रस्तीबस्तीको वारेमा जानकारी गराएको छ भने अर्कोतिर यसका निर्माण सामग्री तथा अन्य पुरावस्तुहरूले यसको पुरातात्विक महत्त्व र महिमा वारे विशेष सूचना प्रदान गर्दै आएका छन्।



पुरानो अवस्था

बृत्ताकारको कवा निर्माण गर्दा ज्यामितीय ढाँचामा विशिष्ट प्रविधिको आधारमा कालोनिलो आकारका प्रस्तरहरू उपयोग गरिएका छन्। यसको बीचबीच भागमा कलात्मक इँटाहरूपनि उपयोग गरिएको देखिन्छ। यसको आसपासमा विभिन्न कलावस्तुहरू छरिएर छोपिएर रहेका छन्। खासगरी यसको आसपासमा किसानहरूले खनजोत गर्दा फेला पारेका पुराना सामग्रीहरू यहाँ राखिएको देखिन्छ, जुन तीन दसक अघितिर यत्रतत्र खुल्ला ठाउँमा देखिन्थे। यसको तात्पर्य यसको आसपास पनि एउटा खुल्ला सङ्ग्रहालयको रूपमा रहिआएको छ।



वर्तमान अवस्था

Longitude (E) = 83.3815410, Lattitude (N) = 27.691330, Height = 118.3m

यसको पुरातात्विक महत्त्व र औचित्यको आधारमा मर्मतसम्भार तथा संरक्षण नगर्नाले इतिहासमा आघात पर्दैआएको देखिन्छ। यसको लागि आधिकारिक निकायहरू बेलैमा चनाखो हनपर्दछ।

### ७.५ बीचटोलको उत्तरी ढिस्को

सैनामैना नगरपालिक वडा नं. १ को बीचटोलको उत्तरपूर्वमा अवस्थित ढिस्को पुरातात्विक दृष्टिले महत्त्वपूर्ण खण्डहरको रूपमा रहेको छ। चारैतिरबाट अतिक्रमणमा परेकोले यसको आकार दिनप्रतिदिन सानो बन्दैगएको तथ्य स्थानीय व्यक्तिहरू गुनासो गर्दछन्। वर्तमान अवस्थामा यसको वरिपरि घरघडेरीको निम्ति जग्गालाई प्लटिङ गर्न थालिएको देखिन्छ, जसलाई अहिले स्थानीय नगरपालिकाले रोकेको छ। यसको चारैतिर पुरानो पर्खालको खण्डहर छ। खासगरी यसको उत्तरपट्टिको भागमा गहिरो गरी खन्दा पर्खालको संरचना स्पष्ट ढंगले देख्नसकिने अवस्थामा रहेको छ।



बीचटोलको उत्तरी खण्डहर

Longitude (E) = 83.3799570, Lattitude (N) = 27.6924590, Height = 119.1m

यहाँका इँटाको आकार १० X ७.५ X २ इञ्च रहेको छ। यहाँ इँटाका पङ्तिबद्ध सलहरू रहेका छन्। यसको सामान्य बाहिरी आकार हेर्दा पर्खालको मोटाइ ३ फिट ६ इञ्चको देखिन्छ। त्यसैगरी उत्तरपट्टिको कोठाको आकार १२ फिट ५ इञ्चको छ। ढिस्कोको माथिल्लो भागमा खेती गरिएको छ। कृषकहरूले खनजोत गर्दा बेलामौकामा विभिन्न प्रस्तरका मूर्ति लगायतका कलावस्तुहरू फेला पारेपनि प्रकाशमा ल्याउने गरेको देखिएन। यसको बीचमा त मन्दिर पनि बनाइएको देखिन्छ।



ढिस्को दक्षिणमा फेला परेको विशाल प्रस्तर

यस ढिस्कोको आसपासमा खेती गरिएको जग्गाको बीचबीच भागमा विभिन्न आकारप्रकारमा प्रस्तरखण्डहरू

छरिएर छोपिएर रहेको अवस्था देखिन्छन् । यसको उत्खनन् पश्चातमात्र गर्भभागमा रहेका स्मारक तथा कलावस्तुहरूको स्पष्ट जानकारी हुनेछ।



इँटाको ढिस्को

स्थानीय जानिफकारका अनुसार यहाँ राजदरवार रहेको थियो, यसको खण्डहर हो भन्ने भनाइ छ। यसको वारेमा वैज्ञानिक ढंगले अनुसन्धान पश्चात् स्पष्ट हुने नै छ। स्थानीय सरकारले समयमै यसको संरक्षण गर्न आवश्यक छ।

### ७.६ जोगीडाँडा (योगडाँडा)

प्राचीन कपिलवस्तुका विभिन्न इकाइमध्ये उत्तरपूर्व रोहिणी नदीको पश्चिमक्षेत्रमा पर्ने हालका सेमलार, सैनामैना, बुटवल, कुमारवर्ती माई, पेडरानी, मदरानी आदि स्थानहरूपनि पर्दथे। यहाँको सभ्यता र संस्कृति उर्वर अवस्थामा पुगेको थियो। सेनकालमा पनि यो क्षेत्र बसोवास योग्य थियो। यहाँ विभिन्न स्मारक तथा कलावस्तुहरू सबुतप्रमाणको रूपमा यत्रतत्र छरिएर छोपिएर रहेका छन् । यी विभिन्न स्थानमध्ये बौरा खोलाको पूर्वमा पर्ने जोगीडाँडा एउटा महत्त्वपूर्ण पुरास्थलको रूपमा रहेको छ। यसको भौगोलिक संरचनालाई प्रतिबर्ष नदीले कटान गर्दै आएकोले भूगर्भमा रहेका स्मारक तथा कलावस्तुहरूपनि नष्ट हुँदै आएकाछन्। बेलाबखतमा नदीकटानले उजागर गरेका, बगाएका विभिन्न कलावस्तुहरू फेला पारी सार्वजनिकस्थलहरूमा सुरक्षित गरिएका छन्। यिनको यथास्थान चर्चापरिचर्चा गरिएको छ।



नदीकटानको परिदृश्य

यसको आसपासमा इँटाले बनेका विभिन्न भवनका संरचनाहरू यत्रतत्र छरिएर छोपिएर रहेको अवस्थामा

छन् । पङ्क्तिबद्ध इँटाका लहरहरू अहिलेपनि जंगलभरि यत्रतत्र जो कोहीले अवलोकन गर्नसक्दछौ । तलबाट नदीले दिनप्रतिदिन भत्काई रहेकाले जमिनभित्रका कलावस्तु तथा स्मारक हराइरहेका छन् । नदी कटानको सिलसिलामा उजागर भएका कैयौ कलावस्तुहरू हालको प्राकृतिक चिकित्सालयको नजिकै चौतारीमा खडा छन्। त्यसैगरी बुद्धका प्रतिमाहरूपनि बेलामौकामा उजागर हुँदैआएका छन् । यसै क्रममा पाइएको ध्यानी बुद्धको प्रस्तर प्रतिमा लुम्बिनी सङ्ग्रहालयमा राखिएको छ । यसको वारेमा यथास्थान चर्चा गरिएको छ । यो त एउटा सामान्य दृष्टान्तमात्र हो । यहाँका यस्ता कैयौ सामग्रीहरू अहिले लोप भैसकेका छन्।



योगडाँडा (जोगीडाँडा)को खण्डहर

कालान्तरमा नदीको बहाव परिवर्तन हुँदैजाँदा पुरानापुराना रस्तीबस्तीमाथि बैराखोला बहेको छ। त्यहाँ रहेका विभिन्न स्मारक तथा कलावस्तुको विनाश हुँदैगएको दृश्य अहिलेपनि जीवन्त छ। नदीको मूल प्रवाहमा नै इँटाको चक्के इनारको भौतिक अस्तित्व फेलापारिएको छ। यसको बाहिरी परिधि १५ फिट ६ इञ्च र भित्री परिधि २ फिट १० इञ्च रहेको छ। यसमा प्रयोग गरिएका इँटाको आकार ११ इञ्च लम्बाइ, ८ इञ्च चौडाइ र २ इञ्च मोटाइ रहेको छ।



प्राचीन इनारमाथि बगिरहेको बौराहा खोला

यस दृश्यले बौराहाखोलाले के कति क्षति पुऱ्याउँदै आएको रहेछ भन्ने स्पष्ट हुनेगर्दछ । यहाँको जंगलमा

विभिन्न आकारका प्रस्तरका कलाकृतिहरू छरिएका छन् । यहाँ भूसतलमा देखिएका आकर्षक तथा कलात्मक सामग्रीहरू भने व्यक्तिगत अतिक्रमणमा परिसकेको देखिन्छ । यसको वैज्ञानिक ढंगले विस्तृत अन्वेषण, उत्खनन्, सापेक्ष तथा निरपेक्ष विधिको आधारमा कालक्रम निर्धारण गरेपछि यहाँको सभ्यता र संस्कृतिको यथार्थ झलक देख्नसकिने छ । तत्कालका लागि भने स्थानीय नगरपालिका, पुरातत्व विभाग, लुम्बिनी विकास कोष तथा प्रदेश सरकरको सक्रियतामा संरक्षण तथा संबर्धनको आवश्यकता देखिन्छ।

### ७.७ सानो प्लेट

बौराहा खोलाको उत्तरपूर्व र जोगीडाँडाको निकट अवस्थित समतल भागलाई सानो प्लेट (सानो पठार) को नामले चिनिन्छ। यो स्थल बुटवल उपमहानगरपालिका वडा नं. १२ को चारपाला सामुदायिक वनमा पर्दछ। सालको घना जंगल रहेको यस क्षेत्रको भूसतहमा यत्रतत्र प्रस्तरका अंशहरू छरिएर रहेका छन् । यी ज्यामितीय प्रविधिको आधारमा बनाइएका प्रस्तर आकृतिहरू मनलोभ्याउने कलाशैलीका छन् । इँटाका टुक्राहरू छरपस्ट ढंगले यत्रतत्र छरिएका छन् ।



सानो प्लेटका (सानो सम्मो क्षेत्र) स्मारक खण्डहर अवलोकन अध्ययन गर्दै
Longitude (E) = 83.3863970, Lattitude (N) = 27.6948230, Height = 144.9m

पुरानापुराना भवनका संरचनागत खण्डहरहरू सालका रुखमुनि ओत लागेर यहाँको सभ्यता र संस्कृतिको प्रतिबिम्बित गरिरहेका छन् । लोभी पापीहरूले यहाँ केही गाडधन फेला पार्ने अभिलाषाले विभिन्न ठाउँमा ठूलाठूला खाडलहरू खनेका छन् ।



**७.८ ठूलोप्लेट (ठूलो समथर क्षेत्र)**

बैराहा खोलाको उत्तरपूर्व सानो प्लेटको माथिल्तिर समतल रहेको भौगोलिक संरचनालाई फराकिलो भएकोले ठूलो प्लेटको नामले चिनिने गर्दछ। माथिल्लो भागमा समतल जमिन भएकोले यसलाई पठारको रूपमा संबोधन गरिएको छ । यसको भूसतलमा यत्रतत्र विभिन्न आकारप्रकारका प्रस्तरका आकृतिहरू छरिएर छोपिएर रहेका अवस्थामा छन्। कहीं ढुङ्गाका पङ्तिबद्ध सलहरू रहेका छन् भने कतै इँटाका खण्डहरहरू छरपस्ट रूपमा रहेका छन्। समयको अन्तरालमा यो क्षेत्र सालको घना जंगलको रूपमा परिणत भएको छ। समतल एवम् व्यवस्थित रस्तीबस्ती रहेभएका कैयौ सबुतप्रमाणहरू बेवारिसी अवस्थामा छन्। यहाँ बेलाबखतमा विभिन्न व्यक्तिहरूले अनधिकृत ढंगले गाडधन उत्खनन् गर्दैआएका छन्। यस सिलसिलामा खनिएका खाडलहरू जमिनमा यत्रतत्र सहजै देख्न सकिन्छ।



गाडधन चोरी गर्न खनिएका खाडल

प्रस्तरका बास्तुअंगका रूपमा उपयोग गरिएका कलात्मक भागहरू सालका फेंदमुनि प्रतिक्षाको घडीमा तड्पिएको अवस्थामा देखिन्छन् । यहाँको भूतलमा इँटाका टुक्राहरूपनि छरिएर रहेका छन् । फलाम खार्ने

कार्यशालाको आसपासमा पाइने किट (Iron Slags) पनि प्रशस्तमात्रामा उपलब्ध गर्नसकिन्छ । यसले यहाँ कुनै समयमा फलामको काम हुँदोरहेछ भन्ने स्पष्ट हुनेगर्दछ।



फलामको कार्यशाला क्षेत्र
Longitude (E) = 83.38420, Lattitude (N) = 27.6978960, Height = 136.3m

यो क्षेत्र वर्तमान अवस्थामा घना जंगलभित्रको सङ्ग्रहालयको रूपमा विद्यमान छ । यहाँका पुरावशेषहरू दिनप्रतिदिन हराउँदै गएकाले यिनको संरक्षण गरिनु पर्दछ। यसको विस्तृत अध्ययन तथा अनुसन्धान पश्चात् अझ बढी सत्यतथ्य उजागर हुनेछ। यसको निम्ति आधिकारिक निकायका साथै नागरिक समाज बेलैमा चनाखो बन्नुपर्दछ।

### ७.९ बीचटोलको दक्षिणपट्टिको ढिस्को

सैनामैना नगरपालिका बडा नं. १ बीचटोलको दक्षिणपट्टि अवस्थित ढिस्को पुरातात्विक दृष्टिले महत्त्वपूर्ण छ। यसको चारैतिरबाट अतिक्रमणको चपेटामा परेकोले आकार साँगुरिदै गएको छ । हाल बृत्ताकारको रूपमा रहेको ढिस्को पुरानो खण्डहरको रूपमा रहेको छ। यहाँ घना विरुवाहरू छन्। यसको आसपासमा खेतीवाली लगाइएको छ।



बीचटोलको ढिस्को
Longitude (E) = 83.379580, Lattitude (N) = 27.6898940, Height = 119.9m

स्थानीय बासिन्दाको आस्थाको केन्द्र भएकोले यसको बीचमा सानो मन्दिर बनाइएको छ। मन्दिर सामान्य आकारमा छ।



बीचटोलमा हालै निर्माण गरिएको मन्दिर

यसको आसपासमा विभिन्न आकारका प्रस्तर आकृतिहरू छरिएको र छोपिएको अवस्थामा रहेका छन्। यहाँका पुराना संरचनाका अधिकाश प्रस्तरहरू व्यक्तिगत प्रयोजनको निम्ति लगिसकिएको छ। केही बाँकी रहेका पनि बेवारिसी अवस्थामा छन्।



बीचटोल प्रस्तर खण्डहर, सैनामैना-१

यी प्रस्तरका विभिन्न कलात्मक आकृतिहरूले यस ठाउँमा देवालय वा आवासीय भवनको अस्तिव रहेभएको स्पष्ट गरेका छन्। त्यसैगरी यहाँ इँटाको खण्डहरपनि छ। यहाँका अधिकाश इँटाहरू अनधिकृत ढंगले नष्ट गरिएका

छन्। बाटो बनाउँदा वा जमिन खनजोत गर्दाको अवस्थामा यस्ता सबुत आधारहरू भेटिएका हुन्।



बीचटोलमा अवस्थित प्राचिन भवनको भित्तो

यस संरचनाले यहाँको भौतिक निमार्णकार्य तथा सहरको वारेमा शोधखोज गर्नुपर्ने जिज्ञासा सिर्जना गरिदिएको छ। सर्बप्रथम यस स्थानको संरक्षण गरिनुपर्दछ। योजनाबद्ध ढंगले अन्वेषण, उत्खनन् र अनुसन्धान कार्य परिचालन गरेमा यसको यथार्थ बस्तुस्थिति जानकारी हुने नै छ।

### ७.१० महेरवा

सैनामैना नगरपालिका बडा नं. ११ बीचवापुरमा अवस्थित महेरवास्थान पुरातात्विक दृष्टिले महत्त्वपूर्ण देखिन्छ। यहाँ रहेका विभिन्न सम्पदामध्ये गुफा विशेष आकर्षक छ। समतल तराई क्षेत्रमा घना जंगलको बीचभागमा रहेको यहाँका ससाना गुफा आकृतिहरूको आफ्नै मौलिक विशेषता रहेका छन्। थारू जतिको घना रस्तीबस्ती भएको यस क्षेत्रमा प्राचीन कालदेखि नै यहाँ महेरवा बाबाको पूजाआजा गरिदै आएको तथ्य स्थानीय जानिफकारले बताउने गर्दछन्। यहाँको गुफा पाषाणकालीन मानवको बसोवास हुनसक्ने संभावना देखिन्छ। यसको वारेमा विशेष थप अध्ययन अनुसन्धानको खाँचो पर्दछ।



महेरवा गुफा

यसको आसपासमा ससाना आकारप्रकारका अन्य गूफाहरूपनि रहेका छन्। यहाँको भूभौतिक संरचनापनि पुरातात्विक दृष्टिले आकर्षक रहेको छ। कङ्लोमिरियट स्टोनको संरचना छ। यस्तो संरचना कपिलवस्तुको ढाँडखोला (धानखोला) को आसपासमा फेला पारिएको छ।



गुफा

यसैगरी यहाँ अवस्थित कुवा पनि पुरानो छ। प्राकृतिक संरचनामा रहेको कवा पत्थरको बीचमा छ। अग्लो ढिस्कोको तलपट्टि रहेको कुवाको उपयोगिता तथा पुरातात्विक महत्त्व बारे शोधखोजको आवश्यकता छ नै।



प्राकृतिक महेरवा कुवाको अवलोकन गर्दै
Longitude (E) = 83.3267080, Lattitude (N) = 27.6540750, Height = 97m

यसको माथिल्लो भागमा महेरवा देवको थान छ। यहाँ नित्य तथा नैमित्य पूजाआजा गरिन्छ। घना जंगलको बीचभागमा पर्ने, राजा पानीको सुलभता भएको यो स्थानको पुरातात्विक तथा ऐतिहासिक महत्त्व रहेको छ। संरक्षण गर्दै यसको अध्ययन अनुसन्धान गरी विशेष प्राकृतिक तथा सांस्कृतिक पर्यटन प्रबर्धन गर्नसकिने बलियो संभावना छ।

### ७.११ बक्सडडाँडा

सैनामैना नगरपालिका बडा नं. ५ मा पर्ने बक्सडडाँडा कोटियामाई क्षेत्र ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्त्वपूर्ण छ। करिब २ बिघा ५ रोपनीको क्षेत्रफलमा अवस्थित यस क्षेत्रमा परम्परागत ढंगले देवीको पूजाआजा संचालन गरिन्छ। स्थानीय थारू समुदायले आफ्नो फलोक्षा पुराहने अभिलाषाले यहाँ विभिन्न आकारका मृत्तिकाका हात्तीका प्रतिमाहरू चढाउने प्रचलन छ।



बक्सडडाँडा
Longitude (E) = 83.3569480, Lattitude (N) = 27.674770, Height = 103m

प्रायः पुरानापुराना ढिस्का तथा पुरातात्विक महत्त्वका स्थानहरूमा देवीस्थान बनाउने चलन भएकाले वर्तमान मन्दिरको आसपासमा पुरातात्विक महत्त्व रहेको देखिन्छ। यहाँ प्रत्येक महिनाको पूर्णिमाका दिनमा सत्यनारायणको ब्रतकथा वाचन गर्नेगराउने चलन छ। यसको संरक्षण गरी यथासमयमा उत्खनन् गरिनुपर्दछ।


### ७.१२ लखनपारा कोटिया माईक्षेत्र

सैनामैना नगरपालिका वडा नं. ४ लखनपारामा अवस्थित कोटिया माईथान क्षेत्रपनि पुरानो थलो मानिन्छ। यहाँ प्राचीनकाल देखिनै स्थानीय थारू जातिको अतिरिक्त अन्य जातजातिका मानिसहरूले श्रद्धाभक्तिका साथ पूजाआजा गर्दैआएका छन्। घना जंगलको बीचमा रहेको यस सार्बजनिक स्थलमा दुईवटा मन्दिरहरू छन्। देवीको अतिरिक्त अन्य देवदेवीको पनि पूजाआजा गरिदैआएको छ।



Longitude (E) = 83.3569480, Lattitude (N) = 27.674770, Height = 103m

यसको आसपासका ढिस्काहरूमा पुराना स्मारकखण्ड रहेभएका हुनसक्दछन्।



प्राचिन छरिएर रहेका कलावस्तुहरू

यहाँ विभिन्न कलावस्तुहरू भूसतलमा छरिएको छोपिएको अवस्थामा रहेका छन्। यसको वारेमा थप अध्ययन तथा अनुसन्धान गर्नुपर्ने हुन्छ।

### ७.१३ ब्रह्मडाँडा

सैनामैनामा अवस्थित विभिन्न पुरास्थलहरूमध्ये ब्रह्मडाँडा एउटा धार्मिक तथा ऐतिहासिक स्थल हो । यहाँ गुम्बज आकारको मन्दिर छ। यहाँ मूलतः आदिबासी थारू जातिको बसोवास भएकोले विभिन्न अवसरमा पूजाआजा श्रद्धाभक्ति प्रकट गरिदैआएको छ। यसका परिसरमा विभिन्न कलावस्तुहरू छरिएर छोपिएर रहेका छन्।



ब्रह्मडाँडामा रहेको ब्रह्मबाबाको मन्दिर

Longitude (E) = 83.3637540, Lattitude (N) = 27.6681310, Height = 111.4m

यहाँ मगर पुजारीले नित्य तथा नैमित्य पूजाआजा गर्दैआएका छन्। यो स्थान पुरानो आस्थाको थलो भएकोले ऐतिहासिक बस्तुहरू हुनसक्ने संभावना रहेको छ।

### ७.१४ पर्सवाल सैनामैना-३

सैनामैना बडा नं. ३ मा अवस्थित पर्सवाल एउटा पुरानो रस्तीबस्ती भएको थलो हो। यसको आसपासमा थारू जातिको बस्ती छ। अतिक्रमणको चपेटामा परेको यहाँका अधिकांश पुरास्थल तथा स्मारकहरू बिनाश भैसकेका छन्। केही स्मारक तथा स्थानहरूले यस क्षेत्रको प्राचीनता पुष्टी गर्न सहयोग गर्दैआएका छन्। यस सिलसिलामा स्थानीय लोकबहादुर कार्कीको आवास परिसरमा रहेको इनार (कुवा) विशेष महत्त्वपूर्ण छ। खाली जग्गाजमिन व्यक्तिगत प्रयोजनमा ल्याए पनि इनार, सार्वजनिक र धार्मिक उपयोगितामा आधारित क्षेत्र भने बल्लतल्ल देख्न पाइन्छ। यसलाई काठका मुडाहरूले छोपेर राखिएको छ। यसका वरिपरि विभिन्न स्मारक तथा कलावस्तुहरू बेलामौकामा फेला पारिदैआएको तथ्य स्थानीय जानिफकार व्यक्तिहरू बताउने गर्दछन्।



छोपिएको पर्सवालको पुरानो इनार

यहाँको चौतारीमा विभिन्न कलावस्तुहरू छरिएर रहेका छन् । स्थानीय थारू जातिले यहाँ डिहार स्थापना गरेका छन् । नयाँ बगैचा र यसको आसपासको क्षेत्र विशेष महत्त्वपूर्ण रहेको छ। यहाँका पतैचीका सदावहार रुखहरू आयुर्वेदिक उपचारको निम्ति उपयोगी हुने भएकाले यसको महत्पूर्ण विशेषता रहेको छ। यसलाई व्यवसायीकरण गर्न सकिने संभावना रहेको छ। यो पनि पुर्खाको पुरानो नासो हो।



पर्सवाल

Longitude (E) = 83.3408280, Lattitude (N) = 27.6929790, Height = 110.2m

### ७.१५ कर्सांघाट

धर्मिक तथा सांस्कृतिक दृष्टिले विभिन्न नदीका दोभान, त्रिवेणी र घाटहरू पवित्र आस्थाका धरोहर भएकाले प्राचीन कालदेखि नै यस्ता स्थानहरूमा विभिन्न मठमन्दिर, पाटीपौवा, धर्मशाला तथा मूर्ति निर्माण गर्ने चलन थियो। यसकै परिणामस्वरूप यस्ता पवित्र घाट वा दोभानहरूमा समसामयिक सभ्यता र संस्कृतिका धरोहरहरू छरिएर छोपिएर रहेका छन्। यस सिलसिलामा बौराहाखोला, दानवनदी र राजपुर खोलाको संगमस्थलको रूपम अवस्थित कर्सांघाट महत्त्वपूर्ण स्थलको रूपमा रहिआएको छ।



बौराह खोला, राजपुर खोला र दानो खोलाको त्रिवेणी कर्सांघाट, तीर्थक्षेत्र
Longitude (E) = 83.383860, Lattitude (N) = 27.6807970, Height = 106.9m

हालको त्रिवेणीमा पर्याप्त अवशेष तथा स्मारक नदेखिएपनि यसको उत्तरपश्चिमको ढिस्कोमा पुरानापुराना इँटाको खण्डहर र घाँटीदेखि तलभाग र टाउको रहेको देखिन्छ। ढिस्को र यसको आसपासको क्षेत्रमा विभिन्न माटाका भाँडावर्तनका टुक्राहरूसमेत छरिएर छोपिएर रहेको अस्थामा रहेको देखिन्छ । यसको वैज्ञानिक अन्वेषण तथा अनुसन्धान गरिनु पर्दछ।

### ७.१६ पर्रोहाधाम परिसर

वर्तमान बोलबमधाम धार्मिक, सांस्कृतिक तथा कलात्मक दृष्टिले जति महत्त्वपूर्ण छ त्यत्तिनै यसको दक्षिणपश्चिमको क्षेत्र पुरातात्विक रूपमा महत्त्व राख्दछ । यहाँ गरिएको खेतीयोग्य जमिनको बीचबीचमा पुरानापुराना इँटाका सलहरू देखिन्छन्। त्यसैगरी पुराना रस्तीबस्तीका पिउने पानीका विभिन्न कुवाहरू फेला परेका छन्। यिनको पनि पुरातात्विक अध्ययन तथा अनुसन्धानको खाँचो छ।



पुरानो स्थल
Longitude (E) = 83.3561120
Lattitude (N) = 27.6621720
Height = 106.995m



इँटा
Longitude (E) = 83.3566090
Lattitude (N) = 27.6735880
Height = 108.917m

**निष्कर्षः**

नेपालको पश्चिम तराई र पहाडी भेग, प्राचीनकालीन शाक्य, मध्यकालीन खस र सेन वंश आदिको आधिपत्यमा रहेको स्थान भएकोले यो एउटा खुल्ला सङ्ग्रहालयको रूपमा रहिआएको छ। कपिलवस्तु, रूपन्देही र परासी क्षेत्रमा कैयौ पुरास्थलहरू रहेका छन्। तीमध्ये केही स्थानहरू यस नगरपालिका क्षेत्रमा देखिएकाले यो एउटा गौरवको विषय बनेको छ।

अधिकांश देवालय, मठ, मन्दिर, विहार, स्तूप, पाटी, पौवा, दरवार आवासीय भवन आदिमा स्थानीय भेगमा पाइने काठ, माटो, ढुङ्गा, खर र धातुको उपयोग गरिएका छन्। प्राचीन यस्ता सम्पदाहरू भूगर्भमा छोपिएर रहेका छन्। यसरी छोपिएर रहेका स्थानहरूलाई पुरातात्विक स्थल भनिन्छ। यिनको विनाशमा मौसम, वातावरणीय प्रदूषण, जैविक तथा रासायनिक प्रक्रियाको विशेष भूमिका रहेको हुन्छ। स्मारक क्षेत्रको मानवीय तथा प्राकृतिक ढंगले विनाश हुने गर्दछ। आवासीय भवन, सडक, रेलमार्ग, ढल, नहर, पानीको पाइप लाइन निर्माण गर्दा, खेतीको लागि खनजोत, आगन्तुक यात्री तथा पशुपंक्षीको क्रियाकलाप, इँटा, ढुंगा आदि चोरी निकासी गर्ने सिलसिलामा स्मारकका पुरावशेषहरू विनाश हुँदैगएका छन्। त्यसैगरी प्रतिकूल हावापानी, बोटविरुवा उम्रनु, चर्केको वा फुटेको स्थानबाट पानी पसेर पनि स्मारक तथा पुरास्थलहरू विनाश हुने प्रक्रिया सुरु हुने गर्दछ। यस क्षेत्रका पुरास्थलहरूको यथासमयमा नै नियन्त्रण र संरक्षण हुनुपर्दछ। जीर्ण भएका वा भत्किएका अवस्थाका मूल भवनका इँटाको उपयोग गर्नुपर्दछ।नयाँ इँटा वा अन्य सामग्रीका उपयोग गर्दा बखत पुराना ढाँचा र शैलीका निर्माण सामगीको प्रयोग गरिनु पर्दछ। स्मारकको आकारप्रकार तथा प्रविधिमा कुनै परिवर्तन नगरी पुरानै अवस्थामा हुनु पर्ने तथ्यलाई विशेष ध्यान दिनु आवश्यक छ। वास्तुकला र कलाको अनुपम भण्डार यो क्षत्र संरक्षण र सम्वर्द्धनको प्रतीक्षामा छ।

# परिच्छेद : आठ
# कला (Art)

## ८.१ विषय प्रवेश

कविले कवितामा शब्दसौन्दर्यको शिल्प सजावट गरी रहस्यपूर्ण ढंगले भाव अभिव्यक्त गरे झैं कलाकारले आफ्नो कुची र छिनो जस्ता उपकरणको माध्यमद्वारा भौतिक वस्तुमा सजीवता प्रदान गर्दछन्। कलामा व्यक्त भाव र विचारलाई पारखी तथा अभ्यस्थ नेत्रहरूले पहिचान गर्नसक्दछन् । यसले समसामयिक समाजको सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक, धार्मिक अवस्था एवं सोचको प्रतिनिधित्व गर्दछ । भौतिक वस्तुमा उतारिएको प्रतिभा, लक्षण र संरचनाको आधारमा  सामान्यीकरण गरी समसामयिक अवस्थाको चित्रण गरिने भएकोले कलावस्तुहरू जीवन्त आधार मानिन्छन्। लिखितसबुत प्रमाण नभएको अवस्थाको सभ्यता र संस्कृतिको उजागर गर्ने एकमात्र आधिकारिक स्रोत कलावस्तु र स्मारक भएकाले मानव सभ्यताका पाइलाहरूमा यिनको विशेष महत्त्व रहिआएको छ। यस सिलसिलामा नेपालको साथै पश्चिम तराई क्षेत्रमा अवस्थित विभिन्न प्राचीन बौद्धस्थलहरू जस्तै लुम्बिनी, तिलौराकोट, निग्लिहवा, गोटिहवा, कुदान, सैनामैना, रामग्राम, देवदह आदिको विशेष महत्त्व रहिआएको छ।

यस क्षेत्रमा मौर्यकालदेखि आधुनिककालसम्मका विभिन्न कलावस्तुहरू छरिएको एवम् छोपिएको अवस्थामा फेला परेका छन्। यी विभिन्न स्थानहरूमध्ये सैनामैना क्षेत्र एउटा खुल्ला संग्रहालयको रूपमा अवस्थित छ। यहाँका मूर्धनी, सोरौली, रानीकुवा, पत्थर कुवा, ठूलोकुवा, बीचटोल, जोगीडाँडा, सानो प्लेट, ठूलोप्लेट, भूत कुवा, सेमलार, कर्षघाट, राजापानीको महेरवा आदि क्षेत्रमा विभिन्न समयमा असंख्य मात्रामा प्रस्तर मूर्ति, स्मारक खण्डहरू, मुद्रा, माटाका भाँडावर्तन, माटाका छाप आदि सामग्रीहरू फेला गरेका थिए। तर दुर्भाग्यवश यी सामग्रीहरू सुरक्षित रहेनन्। मूलतः अन्यत्रबाट यहाँ बसाइसराइ गरी आउने सिलसिलामा गास र बासको चाँजोपाँजो गर्दा कैयौं भूगर्भमा छोपिए त कैयौं नष्टभष्ट हुनपुगे। यहाँ बन्दाबन्दैको अवस्थाका कलावस्तुहरू फेला परेका छन्। यिनले यस क्षेत्रमा नै कलाशाला रहेको तथ्यलाई पुष्टि गर्दछन्। कालान्तरमा कहींकतै राखिएका, पूजा गरिएका वा भूगर्भमा छोपिएका केही मूर्तिहरू फेला पारिएकाले यहाँ यिनको संक्षिप्त अध्ययन गरिएको छ।

## ८.२ प्रतिमाहरू (Sculpture)

सैनामैना क्षेत्रमा बौद्ध एवं हिन्दू देवदेवीका प्रतिमाहरू फेला पारिएका छन् । विभिन्न खोलाखोल्सा, डाँडा पाखापखेरा, घर, मन्दिर र यिनको आसपासबाट बुद्धको साथै शिव, विष्णु र शाक्त मतसँग सम्बद्ध प्रतिमाहरू उपलब्ध भएका छन्। यिनले यहाँको धार्मिक परिदृश्यको साथै समकालीन कलात्मक प्रतिमाको परिचयसमेत दिएका छन्। यहाँ फेला परेका मूर्तिहरूमध्ये बुद्ध, बोधिसत्व र बौद्धपरिवारका मूर्तिहरूको विशेष स्थान रहिआएको छ।

## ८.३ बुद्ध (Buddha)

बौद्धकला जगत्मा मानवरूप बनाउनु अघि विभिन्न प्रतिनिधिमूलक चिन्ह वा संकेत बनाइन्थ्यो। स्वयं बुद्धले शिष्य आनन्दलाई विभिन्न स्थानमा प्रतिकात्मक ढङ्गले स्तम्भ बनाउने सल्लाह दिएका थिए। बोधिवृक्ष, बोधिड्रम, स्तूप, धर्मचक्र, मृग, सिंह, साँढे, घोडा, खाली कोही नचढेको घोडा, प्रभामण्डल, पदचिन्ह, बुद्धको जीवनीसँग सम्बद्ध गरी आदि प्रतिकात्मक आकृतिहरूले बुद्धको विभिन्न घटनालाई प्रतिनिधित्व गर्दछन् । बौद्ध परम्पराअनुसार बोधिवृक्षले बोधगया, चक्रले सारनाथ, साल वा अशोक वृक्षले लुम्बिनी र स्तूपले कुशीनगरको प्रतिनिधित्व गरेको मानिन्छ। लुम्बिनीमा धर्मचक्र फेला परेको छ। बुद्धजन्म दृश्य अङ्कित शिला (Nativity Sculpture of Buddha) मा पीपल वा अशोकको वृक्ष बनाई विभिन्न आकृतिहरू अङ्गित छन्। अशोकस्तम्भको माथिल्लोपट्टि घोडाको आकृति र

मायादेवी मन्दिरको दक्षिण(पूर्व र उत्तरपट्टि बनाइएका स्तूपहरू कलाका प्रतिकात्मक सबुत प्रमाण हुन् । मानव आकृतिमा बनाइएका मूर्तिहरू भने सर्वप्रथम कुषाणकाल (Kushana period) मा मथुरामा बनाइएका थिए । कुषाणकलाको प्रभाव उत्तरपट्टि पर्‍यो । यसले अरू कलालाई समेत उत्प्रेरित गरेकोले अन्य कलाका शाखा समेत विकास भए। बुद्धका प्रतिमाहरूलाई भक्तजनहरूले सौगातको रूपमा विभिन्न तीर्थस्थलहरूमा चढाउन लाने क्रममा लुम्बिनी, तिलौराकोट र अन्य स्थानमा पनि चढाए । समयको अन्तरालमा भू-गर्भमा छोपिएर एवं छरिएर रहेका मूर्तिहरू फेला पारिए। यस क्षेत्रमा पाइएका धर्मचक्र, बुद्ध, बोधिसत्व, मैत्रेय, रत्नसंभव, बुद्ध जन्मदृश्य अङ्कित मूर्ति (Nativity Sculpture of Buddha) आदि महत्त्वपूर्ण छन।

प्राचीन कपिलवस्तुको एउटा हिस्साको रूपमा रहेको सैनामैना क्षेत्रमा पनि बुद्धधर्म र संस्कृतिसँग सम्बद्ध विभिन्न प्रतिकात्मक आकृतिहरू उपलब्ध गरिएका छन्। यहाँ विभिन्न शिलामा धर्मचक्र, पद्मपुष्प, बोधिबृक्ष, मृग, वनजंगल आदिका आकृतिहरू पाइएका छन्। यिनले तत्कालीन सांकेतिक कलाको वारेमा जानकारी गराउँदछन्। यसको अतिरिक्त बोधिसत्व, बुद्ध, तारा, तान्त्रिक देवदेवीका आकृतिहरू उपलब्ध भएका छन् । लामो समयको अन्तरालसम्म सरकारी निकायको बेवास्ताको परिणामस्वरूप यहाँका पुरावशेषहरू नासिए। यस क्षेत्रको अन्वेषणको आधारमा फेला पारिएका  प्रतिमाहरूले यहाँको आफ्नै मौलिकता प्रतिबिम्बित गरेका छन् । विशाल प्रस्तरमा बनाइएका प्रतिमा तथा प्रस्तरका वास्तुअंगहरूले यसै क्षेत्रमा मूर्ति बनाउने कार्यशाला रहेभएको प्रतीत हुनेगर्दछ। एकातिर विशाल प्रस्तरका आकृतिहरू फेला पारिएका छन् भने अर्कोतिर बनाउँदैको अवस्थामा छोडिएका कलात्मक तथा अपूर्ण प्रस्तरका भागहरूपनि फेला परेका छन्। यहाँको भौगोलिक अवस्था अनुसार पहाडको तलपट्टि रहेकाले पत्थरको सुलभता र सहजता हुनु कुनै अनौठो भएन। यहाँका अधिकाँश प्रस्तर प्रतिमाहरू बलौटे पत्थरका छन्। केही प्रारम्भिक मूर्तिहरू भने निलोकालो पत्थरले बनेका छन् । आवासीय भवन, मन्दिर, विहार जस्ता निर्माणकार्यको सिलसिलामा निर्दिष्ट आकारका पत्थरहरू उपयोग गरिनेभएकाले यस्ता पत्थरहरू ढिस्काकै आकारमा उपलब्ध हुनेगर्दछन्। यहाँ अधिकाँश बस्तीहरूमा यस्ता कलात्मक प्रस्तरहरू छोपिएको तथ्य जानिफकार व्यक्तिहरू बताउने गर्दछन्। खुल्ला संग्रहालयको रूपमा रहेको यस क्षेत्रमा फेलापारिएका केही प्रस्तर तथा धातु मूर्तिहरूको सङ्क्षिप्त परिचय यस प्रकार प्रस्तुत गर्न सकिन्छ।

**८.४ नामः बुद्धको प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः योगडाँडा (जोगीडाँडा), बुटवल-१२**



विवरण :

खुल्ला सङ्ग्रहालयको रूपमा रहेको जोगीडाँडा, बैराखोला आदि क्षेत्रमा फेला परेका विभिन्न प्रस्तर प्रतिमाहरूमा यो बुद्धको प्रतिमा विशेष आकर्षक एवं कलात्मक रहेको छ। ध्यान मुद्रामा रहेको यो मूर्ति ३ फिट अग्लो तथा २ फिट १ इञ्च चौडा  छ। यसका दुई हातमध्ये दायाँ हात वरद मुद्रामा प्रदर्शित छ। बायाँ हात भने टुटेको छ। यसको शिरोभाग फुटेको छ। शारीरिक अनुपात मिलेको यो मूर्ति स्वभाविक तथा सहज रूपमा प्रदर्शित छ। यसको प्रस्तरको स्तर तथा निर्माण प्रविधिको आधारमा प्राचीन कलासँग निकट देखिन्छ। हाल यो मूर्ति लुम्बिनी संग्रहालयमा सुरक्षित छ।



**८.५ नामः पद्मपाणि अवलोकितेश्वर**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः बौराहाखोला, सैनामैना-१**

विवरण:

सैनामैना क्षेत्रमा रहेका विभिन्न बौद्ध प्रतिमाहरूमध्ये यहाँको बौराहाखोलामा फेला पारिएको पद्मपाणी अवलोकितेश्वरको प्रस्तर प्रतिमा विशेष महत्त्वपूर्ण छ । निलो कालो पत्थरको यो मूर्ति यस क्षेत्रको नमूनाको रूपमा रहेको छ । यो अवलोकितेश्वरको प्रतिमा स्थानक मुद्रामा अवस्थित छ । यसको दायाँ हात वरद मुद्रामा रहेको प्रतीत हुनेगर्दछ, किनकि हाल पूर्ण अवस्थामा देखिन्न । वायाँ बाहुले पद्मपुष्पका डाँठ पक्रेको छ । यसको शिरोभागमा अमिताभको आकृति अंकित छ । पञ्चध्यानी बुद्धमध्ये पश्चिमपट्टि अवस्थित अमिताभको परिवारका भएकाले उनको आकृति अंकित गरिनु प्रतिमा विज्ञानको प्रविधि हो । पद्मपुष्प फक्रिएको अवस्थामा छ। शिरमुकुट लाम्चो आकारको छ। हृष्टपुष्ट छाती, लचकदार शरीर, हृष्टपुष्ट बाहु र तिघ्रा यसका मौलिक विशेषता हुन्। यसमा आकर्षक मुकुट लगाइएको छ। कानमाबोभिmला कुण्डल, घाटीमा कण्ठहार, कम्मरबन्ध, बैजन्ती माला तथा धोती लगाइएका छन् । यसको दायाँपट्टि बुद्ध परिवारका दुईवटा सदस्य स्थानक मुद्राका रहेका छन् । संभवत: यी तारा देवीका मूर्ति हुन्। वायाँपट्टि भने अर्को देवीको आकृति छ। यिनको शारीरिक संरचनाले शक्ति भएका पुष्टि हुनेगर्दछन्। यी कलात्मक आकृतिहरूपनि विभिन्न बस्त्र र गरगहनाले सजिसजाउ अवस्थामा देखिन्छन्। यसको शारीरिक संरचना, सादा प्रभामण्डल, पारदर्शी बस्त्र, आंगिक अनुपात मिलेको जस्ता लक्षणको आधारमा यो मूर्ति प्राचीन कलाप्रविधि र शैलीमा आधारित रहेको देखिन्छ। यसको प्रतिमा लक्षण निष्पन्नयोगावली र धर्मकोशसंग्रहको विवरणसँग मिल्दो छ । अवलोकितेश्वर बोधिसत्वले पद्मपुष्प ग्रहण गरेको अवस्थामा यसलाई पद्मपाणि अवलोकितेश्वर भनिन्छ।



**८.६ नामः पद्मपाणि अवलोकितेश्वर बोधिसत्व**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः बीचटोल**

विवरण:

सैनामैनाको बीचटोलमा एउटा पर्खालमा पद्मपाणि अवलोकितेश्वर बोधिसत्वको प्रस्तर प्रतिमा उपलब्ध गरिएको छ। यसको उचाइ १ फिट र ६ इन्च चौडाइ रहेको छ । मूर्ति बनाइएको फलक २ फिट ६ इन्च अग्लो र १ फिट २ इन्च चौडा रहेको छ। स्थानक मुद्रामा रहेको यस प्रतिमाको बायाँ हातले पद्मपुष्प

लिएको देखाइएको छ। दायाँ हातमा पद्मडाँठ पक्रेको छ। तल्लो भाग भने खण्डित छ। यस प्रतिमामा बोफिला कुण्डल, कम्मरबन्ध, धोती र बाजु लगाएको देखाइएको छ। पुष्ट छाती, छिनेको कम्मर तथा खाली खुट्टा शास्त्रीय अनुपातमा देखिन्छन्।

**८.७ नामः पद्मपाणि अवलोकितेश्वर**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः बौराहाखोला, सैनामैना-१**



विवरणः

पद्मपाणि अवलोकितेश्वरको प्रस्तर प्रतिमा सैनामैनाको वडा नं. १ बौराहाखोलामा फेला पारिएको छ। यसको कम्मर भन्दा माथिल्लो भागमात्र उपलब्ध छ। यसको वायाँ हातले कमलपुष्प लिएको देखाइएको छ। दायाँ हात टुटेको अवस्थामा छ। संभवतः यो वरद मुद्रामा प्रदर्शित थियो। लाम्चो शिरमुकुटमा अमिताभको आकृति अङ्कित गरिएको छ। तर कालान्तरमा खिइएको छ। बृत्ताकारमा प्रभामण्डल सादा र सामान्य प्रविधिमा आधारित छ। लाम्चो मुखाकृति रहेको यस प्रतिमामा नयन, नाक र मुखाकृति अस्पष्ट रहेका छन्। यसको कानमा बोफिला कुण्डल र घाटीमा बुट्टे हार लगाइएको छ। यसको प्रविधि र शिल्पसौन्दर्यता प्राचीन कलाशैलीमा आधारित छ।

हाल यो प्रतिमा सैनामैना न.पा. बडा. नं. १ मा अवस्थित दुर्गा मन्दिरको माथिल्लो तलामा बन्द अवस्थामा रहेकोले अवलोकन गर्नसमेत सानो आँखीझ्यालको सहारा लिनुपर्ने अवस्था छ, जसले कारण यसको नापजाँच गर्न संभव रहेन।

**८.८ नाम: अवलोकितेश्वरको प्रतिमा**
**माध्यम: प्रस्तर**
**प्राप्त स्थान: सैनामैना बौराहाखोला**



विवरण:

स्थानक मुद्रामा रहेको अवलोकितेश्वरको प्रतिमा यस क्षेत्रको एउटा महत्पूर्ण कलाकृति हो । यसका दुईवटा हातहरूमध्ये दायाँ हात छातीमा अडेस् लगाएको देखिन्छ, जसको माथिल्तिर पद्मपुष्पको खण्डित भाग रहेको छ। यसको वायाँ हात शरीरको समानान्तर ढंगले तलतिर छ। यसमा पद्मपुष्पनाल देखिन्छ । शिरमा अमिताभको सानो आकृति अंति छ । शारीरिक संरचनाको आंगिक अनुपात मिलेको अवस्थामा छ। सादा तथा सामान्य प्रभामण्डलयुक्त यस प्रतिमामा विभिन्न गरगहना तथा बस्त्र लगाइएको देखिन्छ । उत्तरी बस्त्र, कम्मरबन्ध र धोतीको फुर्काले गुप्ताङ्ग छोपेको अवस्थामा छ। लामो बैजन्ती माला दानादार छ। यसको कलाशैली र प्रविधिको आधारमा प्राचीन कलाप्रविधिसँग सामीप्यता राख्दछ।

**८.९ नाम: रत्नसंभव**
**माध्यम: प्रस्तर**
**प्राप्त स्थान: सैनामैना १ बीचटोल**



विवरण:

स्थानक मुद्रामा अवस्थित रत्नसंभवको मूर्ति निकै कलात्मक तथा आकर्षक छ । यसका दुई हातमध्ये दायाँ हात वरद मुद्रामा प्रदर्शित छ। वायाँ हातमा भने पुस्तक समातेको देखिन्छ। निलोकालो प्रस्तर फलकमा बनाइएको यसको गोलो मुखाकृति, आँखा, नाक, कान, मुख तथा च्युँडोको आकारप्रकार मिलेको तथा सहज देखिन्छ । वायाँपट्टिको निधार काटिएको छ । मुकुट, कुमसम्म लत्रिएका कुण्डल, दानादार समतल कण्ठहार, तीन तहको माला, तीन तहको बाजु, उत्तरीय बस्त्र तथा धोती लगाइएको छ। शारीरिक संरचना हृष्टपुष्ट देखिन्छ। यसका आंगिक अनुपातमा तालमेल छ । खुट्टाको तल्लो भाग भने फुटेको छ। तर कतै यसलाई चतुरबाहु ब्रह्मा भनी

उल्लेख गरिएको छ (के.सी., २०७४:१५१)। प्रथमत यो मूर्ति द्विभुजयुक्त छ भने अक्षमाला वा कमण्डलुको कुनै संकेत छैन। तसर्थः साधनामाला, गुह्यबज्रसंग्रह तथा अद्वयबज्रसंग्रहमा उल्लिखित रत्नसंभवको प्रतिमा लक्षणमा यो प्रतिमा आधारित रहेको देखिन्छ। गुहयसमाजमा सर्बप्रथम रत्नसंभवको चर्चा ई.पू. तेस्रो शताब्दीमा भएको उल्लेख छ। वेदनास्कन्द यसको स्वभाव भएकोले त्यसलाई यस प्रतिमामा सजीवता प्रदान गरिएको छ।

**८.१० नामः विष्णु**
**माध्यमः प्रस्तर**
**प्राप्तस्थानः नरेश्वर महादेव मन्दिर परिशर**



विवरणः

सादा र सामान्य प्रस्तर फलकमा बनाइएको मूर्ति स्थानक मुद्रामा रहेको छ। यसका दुईवटा हातहरू छन्। दायाँ हातले दण्ड समातेको देखाइएको छ। बायाँ हातमा पद्मपुष्प लिएको छ। खिइएको मुखाकृति, पुष्ट छाती, छिनेको कम्मर, फस्टिएको जाँघ, मोटा तिघ्रा र छिनेका वाहु यसका शारीरिक लक्षण हुन्। यसको प्रभामण्डल सादा र सामान्य छ। कानमा कुमसम्म लत्रिएको कुण्डल, कम्मरबन्ध, धोती तथा उत्तरीय बस्त्र लगाइएको छ। यसको आंगिक अनुपातमा तालमेल मिलेको छ। सादा प्रभामण्डल, कम बस्त्र र गरगहनाको उपयोग, कालो निलो प्रस्तर फलक, आगममूलक कलात्मक प्रबृत्ति जस्ता लक्षणहरूले यो मूर्ति प्राचीनकालीन कलाशैली र प्रविधिमा आधारित रहेको देखिन्छ।

८.११ नामः विष्णुको प्रतिमा
माध्यमः प्रस्तर
प्राप्त स्थानः रानीकुवा



विवरणः

द्विभू मुद्रामा अवस्थित विष्णुको प्रस्तर प्रतिमाको दायाँ हातले शङ्ख लिएको छ। यसको बायाँ हात तिघ्रामा अड्याईरहेको अवस्थामा विद्यमान छ। फराकिलो छाती तथा अण्डाकारको मुखाकृति छ। धोती र कम्मरबन्धको अतिरिक्त विष्णुले मुकुट, कण्ठहार, बाजु तथा बाला लगाएको देखिन्छ। यो प्रतिमा सामान्य सेण्ड स्टोनमा बनेको छ।

८.१२ शाक्यसिंह बुद्धको प्रतिमा
माध्यमः धातु
प्राप्त स्थानः योगीडाँडा क्षेत्र



विवरणः

सैनामैनाको योगीडाँडा क्षेत्रमा एउटा भूस्पर्श मुद्राको धातुको प्रतिमा फेलापारिएको छ । यहाँ फेला परेको धातुकलाको यो मूर्ति नमूनाको रूपमा रहेको छ । दुबै खुट्टालाई खुम्चाई पलेटी कसी बसेका बुद्धको दायाँ हातले पृथ्वीलाई छोएको र वायाँ हात भने काखमा राखिएको अवस्थामा देखिन्छ । कलात्मक प्रविधिमा केशबिन्यास गरिएको यस प्रतिमाको अनुहार लाम्चो छ। लामा कान, उठेको निधार, फराकिलो चेहरा, अर्धउन्मिलन अवस्थाका

नयन, सानो नाक तथा मोटा ओठ यसका शारीरिक लक्षण हुन् । शिरमुकुट, समतल तीन तहको कण्ठहार, शरीरको माथिल्तिर कषाय बस्त्र तथा बायाँ कुमदेखि पछाडि सप्को फालिएको धोती आदि बस्त्राभूषण लगाइएको छ । यसका विभिन्न शारीरिक अङ्गप्रत्यङ्गको अनुपात मिलेको अवस्थामा देखिन्छ । यसको लचकता तथा लक्षणहरू सहज रहेका छन् ।

**८.१३ नामः पुरुष प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः पर्रोहा मन्दिर परिशर**



विवरणः

पर्रोहा महादेव मन्दिर परिशरमा अवस्थित स्थानक मुद्रामा रहेको पुरुष प्रतिमा प्रस्तरमा बनाइएको छ । कालक्रममा यसको मुखाकृति लगायतका भागहरू जीर्ण अवस्थामा छन् । दुईबटा हात भएको यस मूर्तिको दायाँ हात वरद मुद्रामा प्रदर्शित रहेको देखिन्छ । बायाँ हात भने कम्मरमा अड्याइएको छ। छिनेको कम्मर र पुष्ठ जाँघ यसका मौलिक लक्षण हुन् । समयको अन्तरालमा भने यसको आकार जीर्ण बन्दैगएको छ। संभवतः लामो समयसम्म श्रद्धालुभक्तजनले अर्पण गरेको जल, अबिर, पुष्प आदिको रासायनिक प्रतिक्रियाले यसको मौलिकतामा असर पुगेको हुनसक्दछ।

**८.१४ नामः ध्यानी बुद्ध आकृति**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः ठूलोकुवा क्षेत्र**



विवरणः

सानो खोपा (गवाक्ष) मा रहेको बुद्धको प्रतिमा कलात्मक तथा आकर्षक छ। ध्यानासनमा रहेको यस प्रतिमाका दुबै हातहरू स्वभाविक र सहज ढंगले अगाडि राखी ध्यानकेन्द्रबिन्दु निर्धारण गरिएको छ । शारीरिक अनुपात मिलेको छ। शिरमा मुकुट र उत्तरीय बस्त्र लगाएको देखिन्छ । बलौटे पत्थरको भएकोले यसको मुखाकृति कालान्तरमा जीर्ण अवस्थामा रहेको छ । सानो स्थानमा यत्ति कलात्मक तथा आङ्गिक अनुपातसहितको बुद्धको मूर्ति बनाइनु यस क्षेत्रकै कलाकारिताको गौरव मानिन्छ।

**८.१५ नामः बोधिसत्वको प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः बीचटोल, सैनामैना-१**



विवरणः
स्थानक मुद्रमामा रहेको बोधिसत्वको प्रस्तर प्रतिमा १ फिट ६ इञ्च उचाइको छ । निलो(कालो प्रस्तर फलकमा बनाइएको यस प्रतिमाको दायाँ हातले पद्मपूष्प लिइएको देखाइएको छ । यसको बायाँ हातले भने पद्म समातेको अवस्थामा छ । शिरोभागमा बनाइएको स्तूप आकृति जीर्ण अवस्थामा हुँदा प्रारम्भमा यसलाई योगीको रूपमा अर्थ्याइएको थियो । यस प्रतिमामा किरिट मुकुट, कुण्डल, बाजु र धोती लगाएको देखाइएको छ। यससँग समानता राख्ने बोधिसतवको प्रतिमा कपिलवस्तु सङ्ग्रहालयमा सुरक्षित छ । फलक तथा शैलीगत आधारमा यसको कालक्रम पुरानो देखिन्छ।

**८.१६ नामः पुरुष मूर्ति**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः रानीकुवा परिसर**



विवरणः
सैनामैना एउटा खुल्ला सङ्ग्रहालयको रूपमा अवस्थित छ । यहाँ विभिन्न स्थानमा फेला परेका मूर्तिहरू सार्बजनिक मन्दिर, चौतारी, पानीपधेरा, इनार वा कुवाको आसपासमा राख्ने गरेको देखिन्छ । यसरी राख्दा रुखको कापमा परेका मूर्तिहरूको भौतिकस्वरूप कालान्तरमा जीर्णशीर्ण अवस्थामा फेला परेका छन्। यीमध्ये खण्डित मानवको मूर्ति अत्यन्त नाजुक अवस्थामा छ । पीपलको कापमा परेको यस मूर्तिको शरीरको माथिल्तिरको अर्धभाग मात्र देखिन्छ । यसको वायाँ हातमा कुनै वस्तु समातेको देखिन्छ । यसको शरीरभरि झ्याउ उम्रेकोले अन्य लक्षण र भाव वारे अस्पष्ट छ। शिरभागमा भने अग्लो मुकुट देखिन्छ।

**८.१७ नामः पद्मपाणि**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः जोगीडाँडा**



विवरण:

स्थानक मुद्रामा अवस्थित पद्मपाणिको मूर्ति बलौटे प्रस्तरस्तम्भमा बनाइएको छ । दुई हातमध्ये दायाँ हात वरद मुद्रामा देखिन्छ भने बाँया हातले पद्मपुष्पको नाल समातेको देखाइएको छ । यो पद्म फक्रिएको छ । यसको शिरो भाग अस्पष्ट छ । संभवतः शिरमा अमिताभको आकृति बनाइएकोमा जीर्ण भएको हुनसक्दछ। पुष्ठ छाती, छिनेको कम्मर, फुकेको जाँघ आदि यसका शारीरिक लक्षण हुन्। घाँटीमा एक तहको माला, उत्तरीय बस्त्र, कम्मरबन्ध, धोती जस्ता बस्त्राभूषण लगाइएको छ। यसको प्रभामण्डलले यसलाई वास्तुअंगको रूपमा प्रयोग गरिएको हुनसक्ने देखिन्छ।

**८.१८.नामः बुद्धको प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१**



विवरण:

बुद्धको यो प्रतिमा पत्थरमा बनाइएको छ । ध्यानाशनमा रहेको यसका दुवै हातहरू पलेटी मारेका खुट्टामाथि स्वभाविक ढंगले राखिएका छन् । बलौटे ढुङ्गामा बनाइएको यस प्रतिमाको मुखाकृतिहरू गोलाकारको छ। शिरमा सानो मुकुट छ। मुखाकृति खिइएकोले यसका अंगप्रत्यंगहरू स्पष्ट पहिचान गर्न सकिदैन । छोटो र मोटो घाँटी भएको यस प्रतिमाको शारीरिक संरचना ह्ष्टपुष्ट छ। फराकिलो छाती, छिनेको कम्मर, शारीरिक लचकचा आदि यसका मौलिक विशेष हुन्।

**८.१९ नामः युगल प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः बीचटोल सैनामैना**



विवरण:

एउटै प्रस्तर फलकमा बनाइएका युगल प्रतिमाहरू सादा र सामान्य कलाप्रविधिमा आधारित छन्। युगल जोडीमध्ये पुरुषको दायाँ खुट्टा मोडिएको छ। यसको बायाँ खुट्टा भने स्त्री आकृतिप्रति मोडिएको छ। यो मूर्ति फलक २ फिट १० इञ्च अग्लो र २ फिट ५ इञ्च चौडा रहेको छ। यी प्रतिमामा बाजुसमेतका गरगहनाको अस्तित्व रहेको देखिन्छ। सादा र सामान्य प्रभामण्डल रहेको यो मूर्ति प्राचीन कलाशैलीमा आधारित छ। कालान्तरमा असुरक्षित रहेकोले जीर्ण अवस्थामा रहेको यो प्रतिमा हाल दुर्गाबहादुर गोरखालीको प्राङ्गणको कालिका मन्दिर परिसरमा रहेको छ।

**८.२० नामः बोधिसत्वका प्रतिमाहरू**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः राजाकुवा परिसर**



विवरण:

चारवटा मूर्तिहरू समानुपातिक ढङ्गले बनाइएको प्रस्तरको फलक नीलो कालो रंगको छ। यी प्रतिमाहरू स्थानक मुद्रामा छन्। यीमध्ये वायाँपट्टिको मूर्तिको दायाँ हात वरद मुद्रामा रहेको छ। यसको वायाँ हातले कमलपुष्प

नाल पक्रेको देखिन्छ। यसको शिरोभाग खण्डित छ। पुष्ट छाती, छिनेको बारुले कम्मर, फराकिलो जाँङ तथा मोटा तिघ्रा यसका मौलिक विशेषता हुन्। यसले उत्तरीय बस्त्र, कम्मरबन्ध, धोती, माला र बाला लगाएको देखिन्छ। यसको दायाँतिर रहेको प्रतिमापनि स्थानक मुद्रामा अवस्थित छ। यसको दायाँ हात वरद मुद्रामा प्रदर्शित छ। बायाँ हात भने खण्डित देखिन्छ। शिरोभाग खिइएकोले यहाँका अंग वारे पहिचान गर्न असहज छ। यसको शारीरिक संरचना पहिलो मूर्तिकै जस्तो छ। कुमसम्म लत्रिएका कुण्डल, घाटीमा दानादार माला, उत्तरीय बस्त्र, कम्मरबन्ध र धोती लगाइएको छ। त्यसैगरी यस फलकको तेस्रो प्रतिमा पनि स्थानक मुद्रामा रहेको छ। यसको शारीरिक संरचना र शिल्पसौन्दर्यता भने अघिल्ला दुईवटा मूर्तिहरूसँग सामिप्यता राख्दछ। दायाँतिरको चौथो प्रतिमा भने केही फरक ढंगको छ। यसमा माता र शिशुका आकृतिहरू देखिन्छन्।

सादा र सामान्य प्रभामण्डलयुक्त यस फलकमा कलाकारको छिनो अत्यन्त सतर्कताका साथ चलाइएको देखिन्छ। यसका ससाना अंगप्रत्यंगहरू सूक्ष्म ढंगले बनाइएका छन्। यसमा सहजता र सरलता जस्ता गुणहरू अन्तरनिहित छन्। यसले यस क्षेत्रको कलाकारिताको प्रतिनिधित्व गरेको छ। यसको प्रविधि र परम्पराको तादात्म्यता गर्दा प्राचीनकालको देखिन्छ।

**८.२१ नामः देवीको प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१**



विवरणः

यस प्रतिमाको माथिल्लो भागमात्र उपलब्ध भएको छ। सादा र सामान्य कलाशैलीमा आधारित यस प्रतिमाका विभिन्न अंगप्रत्यगंहरू सहज छन्। दायाँ हात कम्मरमा अड्याइएको अवस्थामा छ। बायाँ हातले पुष्पगुच्छा पक्रेको छ। शरीरको माथिल्लो भागमा उत्तरीय बस्त्र लगाइएको छ। यसमा कुण्डल, बाला, बाजु, कण्ठहार जस्ता गरगहनाहरू लगाइएका छन्। हृष्टपुष्ट छाती र यसको शारीरिक अनुपातले शक्तिको स्वभाविक लक्षणहरू पुष्टि गरेको देखिन्छ।

**८.२२ नामः स्थानक पुरुष प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः**



विवरणः

उभिएको अवस्थामा रहेको पुरुष प्रतिमा बलौटे पत्थरमा बनाइएको छ। यसको शारीरिक संरचनाको आंगिक अनुपातमा तालमेल मिलेको छ। यसका दुईवटा हातहरूमा फूल पक्रेको देखिन्छ। शिरोभाग जीर्ण भएकाले यहाँका अंगप्रत्यंगहरूको अवस्था पहिचान गर्न सकिने अवस्था रहेन। छोटो घाटी, फराकिलो

छाती, छिनेको कम्मर र शरीरकै अनुपातमा बनेका हात खुट्टा यसका मौलिक लक्षण हुन्। यसको प्रभामण्डल सादा र सामान्य कलाशैलमिा आधारित छ।

**८.२३ नामः गणेशको प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१**



विवरण:

शिरबिहीन प्रस्तरको प्रतिमामा देखिने शारीरिक संरचनाको आधारमा ठूलो पेटले यो प्रतिमा गणेशको भन्ने बुझाउँदछ। यसको उचाइ १.३ फिट र चौडाइ १.३५ फिट रहेको छ । कालोनिलो पत्थरले बनाइएको यसका खुट्टाहरू मोडिएको देखिंदा संभवतः आशन मुद्रामा रहेको बुझिन्छ। हृष्टपुष्ट शरीर भएको यस प्रतिमाको दायाँ हात कुमदेखि नै भाँचिएको छ। बायाँ हात भने तलतिर झारी तिघ्रामा अडेस लगाएको छ। यसको कला प्रविधि हावादारी ढाँचामा बनाइएको छ । खुट्टाको तल्लो भाग भने टुटेको छ। छाती सहज आकारमा रहेको भएपनि पेट भने केही ठूलो छ। यसले घाटीमा दानादार माला, तलसम्म लत्रिएको जन्ती माला, उत्तरीय बस्त्र तथा धोती लगाएको देखिन्छ। यसको कलाशैलीको आधारमा पूर्वमध्यकालीन पालकला शैलीको निकट देखिन्छ।

**८.२४ नामः देवी प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः रानीकुवा परिशर**



विवरण:

यहाँ फेला परेका विभिन्न मूर्तिहरू असुरक्षित, लापरवाही र हेलचक्राइका कारण नष्टभष्ट भएको अवस्थामा छन् । यीमध्ये यो देवीको प्रतिमा एउटा ज्वलन्त उदाहरण हो। लामो समयसम्म पीपल बृक्षको काखमा रहेको शक्तिको मूर्ति खण्डित अवस्थामा रहेको छ । बायाँ हातमा कुनै वस्तु पक्रेको अवस्थामा छ । यसको दायाँ भाग भने अस्पष्ट छ । छातीको भाग खण्डित छ । शिरमा कलात्मक मुकुट छ । मुकुट र निधारको भाग स्पष्ट विभाजन गर्ने ज्यामितीय रेखाङ्कन गरिएको छ। लाम्चो मुखाकृति भएको यस प्रतिमाको प्रभामण्डल भने सादा र सामान्य प्रविधिमा आधारित छ। यसको कलाशैली र प्रविधि प्राचीन रहेको छ।

**८.२५ नामः युगल आकृतिहरू**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः ठूलोकुवा क्षेत्र**



विवरणः

बलौटे प्रस्तरस्तम्भमा बनाइएको यी प्रतिमाको मुखाकृति गोलो आकारको छ। छाती माथिको भागमात्र रहेको यस आकृतिको लम्बाइ २५ से.मी. र चौडाइ १६ से.मी. रहेको छ। आँखाका नानी स्पष्टसँग देख्नसकिने यसमा दानादार कण्ठहार, बालासमेतका गरगहना लगाइएका छन्। नाक लगायतका मुखाकृति जीर्ण अवस्थामा रहेका छन्। यसका दुबै हातले माथिल्लोपट्टिको बोझिलो भार थामेको देखिन्छ। यसमा सजिवता तथा स्वभाविकता प्रतिबिम्बित छ।

**८.२६ नामः शरीरको तल्लो भाग**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सौनामैना १, बीचटोल**



विवरणः

स्थानक मुद्रामा अवस्थित प्रस्तर प्रतिमाको कम्मरमुनिको भाग फेला पारिएको छ। कालोनीलो पत्थरमा बनाइएको यो मूर्ति मजबुत फलकमा रहेको छ। दुर्भाग्यबस यसको माथिल्लो भाग फेला पार्न सकिएको छैन। समभङ्ग मुद्रामा रहेका दुबै खुट्टाहरू अनुपात मिलेको अवस्थामा छन्। यसको जाँङ कसिएको मजबुत छ। यसका दुबै तिघ्रामा विशेष छाप लगाइएको देखिन्छ। संभवतः कुनै विनाशकारीले आघात पुऱ्याएको हुनसक्दछ। यो थप खोजअनुसन्धानको विषय बनेको छ। यसका पैतल खिइसकेका छन्। स्थानकपीठ भने सामान्य आधारमा छ। बँचेको भागको विश्लेषण गर्दा प्रभामण्डल सादा र सामान्य प्रविधिमा आधारित रहेको देखिन्छ। यो मूर्ति यस क्षेत्रको नमूना प्रतिमाको रूपमा रहेको छ। यो प्राचीन प्रतीत हुनेगर्दछ।

**८.२७ नामः अवलोकितेश्वरको प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१, बीचटोल**



विवरणः

खुल्ला सङ्ग्रहालयको रूपमा अवस्थित सैनामैना क्षेत्रमा विभिन्न समयमा विभिन्न महानुभावहरूले फेला पारेका प्रतिमाहरू प्रतिष्ठापित गर्ने सिलसिलामा सैनामैना सङ्ग्रहालयमा राखिएको छ । यहाँ रहेका विभिन्न पुराना तथा नयाँ मूर्तिहरूमध्ये अवलोकितेश्वर यो प्रतिमापनि एउटा नमूनाको रूपमा रहेको छ । यसका दुईवटा हातहरूमध्ये दायाँ हात वरद मुद्रामा छ । वायाँ हातले पद्मनाल पक्रेको छ । कमलपुष्प माथिल्तिर फक्रेको आकारमा देखिन्छ। यसमा उत्तरीय बस्त्र, धोती, कम्मरबन्ध र वाजु लगाएको देखिन्छ। प्रस्तर स्तम्भमा बनाइएको यस प्रतिमाको मुखाकृति खिइएको छ । जीर्ण शिरोभाग तथा शरीरमा पातला खुट्टा, छिनेको कम्मर, फराकिलो चाक तथा फुटेका हातका आकारहरू मात्र देखिन्छन् । यसको कलाप्रविधि प्राचीन शिल्पशैलीमा आधारित छ।

**८.२८ नामः त्रिमूर्ति**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१**



विवरणः

पत्थरको फलकमा तीनवटा कलात्मक मानव आकृतिहरू बनाइएका छन्। बीचको आकृति दुबै हातहरू कम्मरमा राखी नृत्यमुद्रामा रहेको छ । यसको सामान्य स्वरूपमात्र अंकित छ । दायाँपट्टिको आकृति भने शिर निहुराएको अवस्थामा छ । यसका हात, खुट्टा र शिर स्पष्ट देख्न सकिन्छन्। तर अन्य अंग भने खुट्टाउन सकिनन् । बायाँतिरको आकृति भने बीचमा लचकिएको छ। कालान्तरमा यो जीर्ण अवस्थामा छ।

**८.२९ नामः कलात्मक आकृति**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१, कर्साघाट**



विवरण:

सैनामैनाको कर्साघाट भग्न धर्मशाला पाटी पौवा क्षेत्रमा निजी आवास निर्माणको सिलसिलामा फेला परेको यो कलाकृति बलौटे पत्थरमा बनाइएको छ । यसको आकारप्रकारको परीक्षण गर्दा शिरोभाग र अन्यभाग भग्न अवस्थामा फेला परेको हो।


**८.३० नामः अष्टदल कमल**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१**



विवरण:

कला तथा वास्तुकलाको रूपमा उपयोग गरिने विभिन्न इँटा तथा प्रस्तर खण्डहरमा बुद्धधर्म र संस्कृतिका प्रतीकात्मक आकृतिहरू अङ्कित गरिएका देखिन्छन् । तीमध्ये पद्मपुष्प बुद्धको जीवनीसँग सरोकार राख्ने अङ्ग हो । अष्टदल कमल यसकै प्रतिकको रूपमा प्रस्तरमा बनाइएको छ । पुष्पदलहरूको आङ्गिक अनुपात मिलेको छ। ज्यामितीय ढंगले यिनका कोणात्मक संरचना कलात्मक ढाँचामा बनाइएका छन्। यो कलाको एउटा नमूनाको रूपमा प्रस्तुत गर्नसकिन्छ।

**८.३१ नामः त्रिबृत्त**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१**



विवरण:

तीनवटा कलात्मक आकृतिहरू एउटै प्रस्तर फलकमा बनाइएका छन् । ज्यामितीय बृत्त भित्र मानवीय प्रतिमाले कुनै वस्तु समातेको देखाइएको छ । वायाँपट्टिको

दायाँतिर फर्किएको छ। बीचमा पनि पहिलो जस्तै कलात्मक प्रतिमा बनाइएको छ, जुन वायाँतिर चेहरा फर्काएको अवस्थामा प्रदर्शित छ। यसले पनि कुनै वस्तु समातेको छ। तेस्रो बृत्त आकृति भने फुटेको छ। यसमा पनि अरु दुईवटामा जस्तै प्रतिमा बनाइउको छ। संभवतः यो कतै वास्तुअंगको रूपमा प्रयोग गरिएको हुनसक्दछ। नीलो कालो प्रस्तरमा बनाइएको यस कलाकृतिले यहाँको कलात्मक सम्पन्नता वारे विशेष सूचना प्रदान गरेको छ।

**८.३२ नामः गणेशको शिरोभाग**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः पर्रोहा**



विवरणः

पर्रोहा महादेव मन्दिरको परिशरमा अवस्थित विभिन्न मन्दिरमध्ये गणेश मन्दिर एक हो । यसको गर्भभागमा रहेका प्रतिमामध्ये पुरानो गणेशको शिरोभाग विशेष महत्त्वपूर्ण कलावस्तुको रूपमा रहेको छ। कालान्तरमा यसको मूखाकृति खिइएकोले विभिन्न अङ्गप्रत्यङ्ग अस्पष्ट भएका छन्। मूलतः सेन्ड स्टोनमा बनेको यसको कालक्रम र प्रविधि सैनामैना क्षेत्रमा पाइएका अन्य प्रतिमाहरूसँग मिल्दोजुल्दो रहेका छन्।

**८.३३ नामः गणेश प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः पर्रोहा**



विवरणः

पर्रोहा महादेव मन्दिरको परिशरमा अवस्थित यो गणेशको प्रतिमा सादा र सामान्य कलाशैली र प्रविधिमा आधारित छ। यसको दायाँ हात अभय मुद्रमा अवस्थित छ । बायाँ हातमा भने लड्डु पक्रेको अवस्थामा प्रदर्शित छ। यसको प्रभामण्डल स्वभाविक ढंगले देवत्व झल्काउने गरी बनाइएको छ। यो आधुनिककालीन प्रतिमा हो।

**८.३४ नामः देवी प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः लखनपारा**



विवरणः

सैनामैना नगरपालिका बडा नं. ४ लखनपारा कोटिमाई मन्दिर परिशरमा रहेका विभिन्न कलावस्तुहरूमा यो प्रमिा पुरानो हो । नीलो कालो प्रस्तरमा देवकिो आकृति बनाइएको छ । समयको अन्तरालमा श्रद्धालुजनले जल, अबीर, धूप, दूध आदि पूजा सामग्रीहरू समर्पण गर्ने क्रममा यसको संरचनागत स्वरूप बिग्रदै गएको छ। यसको प्रभामण्डल सादा र सामान्य प्रविधिमा आधारित छ । यसका विभिन्न अंगको भने स्पष्ट पहिचान गर्न भने सकिदैन।

**८.३५ नामः पुष्पाकृति**
**माध्यमः प्रस्तर**
**प्राप्तस्थानः सैनामैना–१**



विवरणः

कला र वास्तुकलाको दृष्टिले सम्पन्न रहेको सैनामैना क्षेत्रमा फेला परेका विभिन्न कलावस्तुहरूमध्ये विभिन्न प्रस्तरमा पुष्प आकृतिहरू बनाउने गरिएको देखिन्छ। यसले यहाँको सांस्कृतिक तथा सौन्दर्यताप्रतिको सूचना प्रदान गर्दछ। ज्यामितीय ढंगले बनाइएको यस फलकमा पुष्प दलको अनुपात र आकार स्वभाविक छ। यसले कलाकारको छिनो परिमार्जित रहेको देखिन्छ। त्यसैगरी तत्कालीन जनजीवनको प्रकृति र सुन्दरताप्रतिको आकर्षण झल्कने गर्दछ।

**८.३६ नामः ऐरेनी देवी**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः बुटबल उ.म.न.पा.–१५, नरेनापुर ऐरेनी थान**



विवरण:

पत्थरमा बनाइएको देवीको प्रतिमा कलात्मक तथा आकर्षक छ। यसमा पालिस लगाइएको हुँदा पत्थरको स्तर र किसिमको पहिचान गर्न सकिएन । यस फलकको बीचमा स्थानक मुद्रामा देवीको आकृति बनाइउको छ । उनको साथमा दायाँ वायाँपट्टि सेविका रहेका छन् । यी प्रतिमाहरूमा बस्त्र तथा गरगहना लगाइएका छन्।

**८.३७ नामः कुकुर**
**माध्यमः माटो**
**प्राप्त स्थानः बुटवल उ.म.न.पा.–१२, योगीडाँडा**

विवरण:

सैनामैना नगरपालिका बडा नं. १ बनकट्टाको दुर्गामन्दिरमा राखिएको यो मृत्तिकाको प्रतिमा योगीडाँडामा फेला पारिएको थियो । यसको मुखाकृति अस्पष्ट छ। आँखाको आकृति बनाइउको छ । पुच्छर भने माथिल्तिर पर्केको हुँदा पहिचानको निम्ति सहज भएको छ। यहाँ अरु माटाका मूर्तिहरू भने फेला पार्न नसकिएको अवस्थामा यसको विशेष महत्त्व छ। आगामी दिनमा थप खोज गर्न यसले उत्प्रेरित गर्दछ।



**८.३८ नामः हात्तीका जोडी**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१**



विवरण
स्थानीय परम्परा र आस्थाको आधारमा पुरातन ढङ्गले विभिन्न शक्तिको निम्ति हात्तीका साना तथा ठूला मूर्तिहरू चढाउने गरिन्छ। आ-आफनो फलेच्छा पुरा भएमा औकात अनुसार विभिन्न आकारका हात्तीका प्रतिमाहरू समर्पण गर्ने गरिन्छ । एकातिर यिनले समसामयिक समाजको धार्मिक आस्थाको प्रतिनिधित्व गरेका छन् भने अर्कोतिर कलात्मक पक्षको उजागर गर्दछन् । यहाँका कोटिया माईका थानको वरिपरि यस्ता कैयौं मूर्तिहरू छन् । यी मूर्तिको कलाकारिता आकर्षक तथा कलात्मक छ। हात्तीको शारीरिक संरचना, यसका विभिन्न अङ्गप्रत्यङ्ग र मुद्रा सजीवतापूर्ण ढङ्गले प्रस्तुत गरिएको छ।

**८.३९ नामः युगल मानव प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः ठूलोकुवा क्षेत्र**



विवरणः
प्रस्तर स्तम्भमा बनाइएका दुईवटा मानव आकृतिहरूमध्ये दायाँपट्टिको द्विभरु मुद्रामा अवस्थित छ। यसको दायाँ हात माथि उठाइएको अवस्थामा देखिन्छ । बायाँ हातले नजिकै जोडिएको अर्को स्त्रीलाई जिस्काइरहेको छ । दोस्रो मूर्तिपनि पहिलोप्रति लचकदार ढङ्गले आकर्षित भएको देखिन्छ। संभवतः यी आकृतिहरू युगल जोडी भएकैले यस्तो भावभूमि प्रदर्शित भएको छ । तर जीर्ण अवस्थामा यिनको शारीरिक संरचना र अवस्था वारे स्पष्ट नभएकोले यकिन गर्न असहज छ।

**८.४० नामः स्त्री आकृति**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१, ठूलोकुवा क्षेत्र**



विवरणः

प्रस्तर स्तम्भाकृतिमा बनाइएको स्त्रीको प्रतिमा समभङ्ग मुद्रामा रहेको छ । हृष्टपुष्ट छातीले स्त्रीत्व बुझाएको छ। छिनेको कम्मर, फुकेको जाङ, अनुपात मिलेका हातयुक्त यस प्रतिमामा स्वभाविकता देखिन्छ । बलौटे पत्थरमा बनेकोले यसको मुखाकृति भने स्पष्ट रहेको छैन।

**८.४१ नामः नृत्य आकृति**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१, ठूलोकुवा क्षेत्र**



विवरणः

प्रस्तर स्तम्भको बीचभागमा दुईवटा नृत्य मुद्राका मूर्तिहरू बनाइएका छन् । यहाँको दायाँपट्टिको प्रतिमा त्रिभू मुद्रामा रहेको छ । यसको दायाँ हात माथिल्तिर उठाइएको र बायाँ हातले अर्को व्यक्तिको पेट छोएको देखाइएको छ। यसको पीठ पछाडितिर फर्काइएको छ । हृष्टपुष्ट शारीरिक संरचना भएको यस प्रतिमामा पारदर्शी बस्त्रको उपयोग गरेको देखिन्छ । टाउकाको भाग भने केही सानो रहेपनि शारीरिक ढङ्गले स्वभाविकता रहेको छ।

**८.४२ नामः मातृशिशु**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१, ठूलोकुवा क्षेत्र**



विवरणः

एउटा प्रस्तर स्तम्भमा मातृशिशुको कलात्मक आकृति बनाइएको छ। शयन मुद्रामा रहेकी माताको टाउको केही लामो आकारको छ।

उनको ह्प्टपुष्ट छातीको लक्षणले मातृत्व बोध गराएको छ। वायाँ हातले बालकलाई समातिएको अवस्थामा छ। यसको आङ्गिक अनुपात सहज र स्वभाविक देखिएपनि कालान्तरमा जीर्णशीर्ण भएकोले सूक्ष्म विश्लेषण गर्न सकिदैन।

**८.४३ नामः पुरुष आकृति**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१, ठूलोकुवा क्षेत्र**



विवरणः

बलौटे ढुङ्गाको स्तम्भमा बनाइएको विभिन्न आकृतिहरूमध्ये पुरुषको आकृति आसन मुद्रामा रहेको छ । यसको शारीरिक अङ्गप्रत्यङ्गहरू स्वभाविक ढङ्गले बनाइएका छन्। यसका दुबै हातले आफ्नै घुडा समातेको देखाइएको छ । मुखाकृति खिइएकोले यहाँका अङ्गहरूको लक्षण अस्पष्ट छन् । पुष्ट छाती, हात र खुट्टाहरूले यसको संरचना स्वभाविक रहेको देआएका छन्।

**८.४४ नामः कमलपुष्पाकृति**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१, बौराहाखोला**



विवरणः

यस भेकमा पाइएका विभिन्न प्रस्तरका खण्डहरूमा कलाकारिता मौजुद रहेका छन् । यीमध्ये बौरा खोलामा फेला पारिएको विशाल प्रस्तरमा कमलका फूलका आकृतिहरू बनाइएका छन्। करिब १ फिट ५ इञ्च अग्लो र १ फिट फराकिलो कडा पत्थरमा विभिन्न कलात्मक ज्यामितीय आकृतिहरू मनमोहकले यहाँको सभ्यता र संस्कृतिको प्रतिनिधित्व गरेका छन्। यहाँ बनाइएका विभिन्न आकृतिमध्ये एउटा अष्टदल कमलको आकृति विशेष आकर्षक छ। यसका पत्र र पुष्प आकृतिहरू स्पष्ट तथा मजबुत अवस्थामा रहेका छन्। यसको स्वरूपले यस क्षेत्रको वास्तुकलाको कुनै भागको रूपमा रहेको प्रतीत हुनेगर्दछ।

**८.४५ नामः देवीको प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–३, भैरवथान मन्दिर**



विवरण:

स्थानक मुद्रामा रहेकी देवीका चतर्बाहुमा शास्त्रीय मान्यता अनुसार खड्ग, परशु, डमरु र गदासमेतका आयुधहरू ग्रहण गरेको देखाइएको छ। गोलो मुखाकृतिमा अनुहारको तुलनामा नाकको आकार केही ठूलो देखिन्छ। घाँटीमा माला र हार, कानमा कर्णफूल, बाजु, बाला, बैजन्ती माला, उत्तरीय बस्त्र, पछ्यौरा र धोती लगाइएको छ। यसको प्रभामण्डलमा देवत्व झल्काउने गरी ज्वालावली बनाइएको छ।

**८.४६ नामः स्त्री प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१, रानीकुवा क्षेत्र**



विवरण:

शरीरको बायाँ भागमात्र बाँकी रहेको स्त्रीप्रतिमाको उचाइ १.४ फिट र चौडाइ १ फीट रहेको छ। टाउकोको बायाँभाग कलात्मक तथा आकर्षक ढङ्गले बनाइएको छ। यहाँ कुण्डल स्पष्ट रूपमा देख्न सकिन्छ। निलो(कालो प्रस्तरको यसको कलाप्रविधि पालकला शैलीसँग सामिप्यता राख्दछ।

**८.४७ नामः दुर्गाको प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः बीचटोल सैनामैना–१**



विवरणः
यहाँको दुर्गाको प्रस्तर प्रतिमा ८ इञ्च अग्लो र ७.५ इञ्च चौडा छ । यसको दायाँ हातमा पद्मपुष्प देखाइएको छ। बायाँ हात भने शिरोभागतिर उठाइएको अवस्थामा रहेको छ। यसका कुनै बस्तु देखिन्छ, जसलाई स्पष्ट खुलाउन सकिन्न । हृष्टपृष्ट छाती लगायतका अंगले यसको शास्त्रीय मान्यतालाई अपनाएको प्रतीत हुनेगर्दछ । हाल यो प्रतिमा डम्बरबहादुर गोरखालीको प्राङ्गण परिसरमा अवस्थित सोना देवीको मन्दिरको गर्भभागमा अवस्थित रहेको छ।

**८.४८ नामः कलात्मक पत्थर**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः सैनामैना–१**



विवरणः
बलौटे पत्थरको यो कलात्मक आकृति निर्माणाधीन अवस्थामा रहेको देखिन्छ। यहाँको पत्थर कार्यशालामा विभिन्न कलाकृतिहरू तयार गर्ने सिलसिलामा छिनो संचालन गरेकै बेलामा अपेक्षित आकारप्रकार बन्न नसक्दा वा टुट्न जाँदा वा काम गर्दैको अवस्थामा छुटेको हुनसक्ने यस कलाकृतिमा विभिन्न आकृतिहरू बनाउन थालिएको छ। तर निर्दिष्ट आकारप्रकारमा भने यसको स्वरूप आइसकेको छैन्। यसले स्थानीयस्तरमा नै कलाशाला संचालित थियो भन्ने स्पष्ट भएको छ।

**८.४९ नामः साँढेको टाउको**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः बीचटोल, सैनामैना–१**



विवरणः
बीचटोलको ढिस्कोमा अवस्थित प्रस्तरको साँढेको शिर नीलो-कालो प्रस्तरमा बनेको छ । यो शिर ठूलो आकारको छ, जसले यसको पूर्ण शारीरिक संरचना वारे अनुमान गर्नसकिन्छ । यसका नाक, मुख, आँखा तथा कान जस्ता अङ्गहरू कालान्तरमा खिइएका देखिन्छन्। यसमा निक होलका संकेतहरू छन्।

**८.५० नामः ढाड**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः बीचटोल, सैनामैना–१**



विवरणः

निलोकालो प्रस्तरको ढाडमात्र बाँकी रहेको प्रतिमा कलात्मक तथा आकर्षक देखिन्छ । यसको दायाँ भागमा शिरो आकृति बनाइएको छ । अण्डाकारको शिरमा अर्धबन्ध आँखा, निधार, नाक छन् । कपाल देखाउन रेखादार आकृतिहरू अंकित गरिएका छन् ।

**८.५१ नामः विष्णुको प्रतिमा**
**माध्यमः प्रस्तर**
**प्राप्त स्थानः पर्रोहा, सैनामैना–१**



विवरणः

कालो प्रस्तर फलकमा बनाइएको विष्णुको प्रतिमा पर्रोहा महादेव मन्दिर परिशरमा प्रतिष्ठापित गरिएको छ । स्थानक मुद्रामा रहेको यस मूर्तिको माथिल्लो दायाँ हातमा चक्र र माथिल्लो बायाँ हातमा गदा पक्रेको अवस्थामा छ । यसको तल्ला दायाँ र बायाँ दुबै हातमा क्रमशः पद्म र शंख पक्रेको देखाइएको छ । यसमा कण्ठहार, बाला, बैजन्ती माला, बाजु तथा उत्तरीय बस्त्र लगाइएको छ । सहज र सरल बैष्णव प्रतिमा विज्ञानमा आधारित यो प्रतिमा कलात्मक तथा आकर्षक छ ।

अर्को विष्णुको प्रतिमा पर्रोहा महादेव मन्दिर परिशरमा प्रतिष्ठापित छ । स्थानक मुद्रामा यसको माथिल्लो दायाँ हातमा चक्र र माथिल्लो बायाँ हातमा गदा समातिएको छ । तल्ला दायाँ र बायाँ दुबै हातमा क्रमशः पद्म र शङ्ख पक्रेको छ । यस प्रतिमामा कण्ठहार, बैजन्ती माला, बाजु तथा उत्तरीय बस्त्र लगाइएको छ । एकै स्थानमा रहेका दुबै मूर्तिमा प्रतिमा लक्षणहरू देखिन्छन् ।

**८.५२ नामः महिषमर्दिनी**
**माध्यमः मृत्तिका**
**प्राप्तस्थानः भैरवथान, कुमालखेत, सैनामैना–३**



विवरणः

माटोमा बनाइएको यो मूर्ति आधुनिक कलाको नमूना हो । यसमा हिन्दु शास्त्रीय मान्यता अनुसार बेतालमाथि विभिन्न आयुध ग्रहण गरेकी देवीको मूर्ति बनाइएको छ। यसमा तान्त्रिक प्रभावका लक्षणहरू अन्तरनिहित रहेकाले अस्वभाविक तथा असहज लक्षणयुक्त देखिन्छ। आयुध तथा बस्त्राभूषणपनि देवीको प्रतिमा विज्ञानको आधारमा प्रदर्शित देखिन्छन्।

**८.५३ नामः भैरव**
**माध्यमः मृत्तिका**
**प्राप्तस्थानः भैरवथान, कुमालखेत, सैनामैना–३**



विवरणः

शिवको रौद्ररूप भैरव भएकाले यसको भावभङ्गी बुझाउने गरी माटोको भैरवको शिरोभाग बनाइएको छ। यसको डरलाग्दो स्वरूप प्रदर्शन गर्न कलाकारले भैरवका दाँत र आँखा अस्वभाविक ढंगले ठूलठूला आकारका बनाएका छन्। यसको केशविन्यास कलात्मक तथा आकर्षक शैलीमा रहेको छ । निधारमा लगाइएको टीका भने अली असहज देखिन्छ । यो मूर्ति आधुनिकालको प्रतिनिधिमूलक कलाकृति हो।

**८.५४ नाम : मुद्रा**
**माध्यम : रजत**
**स्थान : सैनामैना–१, बीचटोल**



विवरणः

सैनामैना क्षेत्रमा किसानहरूले आफ्नो खेतवारी खनजोत गर्दा पर्याप्त मात्रामा बीचमा प्वाल भएका चाँदी, तामा र काष्ठका मुद्राहरू प्राप्त भएको पाइन्छ। तर तिनीहरूले ती मुद्राहरू बाहिर सार्वजनिक गर्न चाहदैनन् । यी सामाग्री देखाएको खण्डमा पुरातात्विक क्षेत्रबाट आफूलाई सरकारले विस्तापित गरिदिएला भन्ने डरले देखाउन चाहदैनन् । यसरी नै उनीहरूले पर्याप्त प्रस्तर मूर्तिहरू र अन्य महत्त्वपूर्ण पुरातात्विक अवशेषहरू आफूले खेतीपाती गरिरहेको खाडल र इनारमा छिपाउने गरेका छन् । त्यसैले गर्दा छोटो समयमा ती सामाग्रीहरूको जानकारी लिन प्राप्त गर्न पनि गाह्रो छ। यस्तो जटिल

परिस्थितिमा तत्कालिन पर्रोहा वडा नं. ६ सैनामैनाका खेम बहादुर थापाले चाँदिको मुद्रा सुरक्षित गरेर राखेका छन्। यी मुद्राको समय मध्य युग हो।

**८.५५ नाम : सुखासन युगल प्रतिमा**
**माध्यम : प्रस्तर**
**स्थान : सैनामैना-१, बीचटोल**



विवरण:

सैनामैनाको ठूलोकुवादेखि दक्षिणमा उपलब्ध भएको शिवपार्वतीको युगल प्रस्तर प्रतिमा यस क्षेत्रको पुरानो तथा आंगिक अनुपात मिलेको कलात्मक कलाकृति हो। एउटै फलकको दायाँपट्टि शिव र बायाँपट्टि पार्वती सुखासनमा छन्। शिवको दायाँ खुट्टा मोडिएको छ। यसको बायाँ खुट्टामाथि पार्वतीलाई अंकमाल गरी राखिएको छ। यसको शिरोभाग खण्डित छ। यसमा उत्तरीय वस्त्र र पारदर्शी धोती लगाइएको छ। पार्वतीको शिर र दुबै बाहुहरू टुटेका छन्। उनको शारीरिक संरचना हृष्टपुष्ट छ। छिनेको कम्मर, फराकिलो जाङ र पुष्ट नितम्बले उनको पहिचान गर्न सजिलो भएको छ। यसको प्रभामण्डल सादा र सामान्य कलाशैलीमा आधारित छ। यसमा आगमूलक प्रवृत्तिको असर देखिदैन। यसको कलाशैली र शिल्पको आधारमा प्राचीनकलासँग सामप्यि राख्दछ।

**८.५६ नाम : मध्यकालीन अभिलेख**
**माध्यम : प्रस्तर**
**स्थान : सैनामैना-१, बौराहा खोला**



विवरण:

सैनामैना बौराहा खोलाको पश्चिमपट्टि फेला परेका मध्यकालीन अभिलेखहरूमध्ये यो शिलालेख चौधौँ शताब्दीको हो। यसका दुबै पाटामा अभिलेख कोरिएका छन्। पहिलो पाटाका देवनागरी लिपि कलात्मक र आकर्षक देखिन्छन्। यस पाटाका अक्षरहरू केही पढ्न सकिने अवस्थामा छन्। यसमा पुण्य मल्लको नाम देखिन्छ। उनलाई महाराजाधिराज उपाधिले सम्बोधन गरिएको छ। संवत् १३५३ देखिने यस शिलालेखले यस क्षेत्रको मध्यकालीन इतिहास अध्ययनमा विशेष सहयोग पुऱ्याउने देखिन्छ।

**निष्कर्षः**

स्थलगत अध्ययन अवलोकन गर्दा यस्ता अन्य प्रतिमाहरूपनि यहाँ फेला पर्दैआएका छन् र पर्नेछन् । यिनको संरक्षण र व्यवस्थापन अहिले चुनौतीको रूपमा रहेको देखिन्छ । प्रस्तरलाई मूति तथा वास्तुअङ्गको रूपमा उपयोग गरिएका छन् । पत्थर अकार्वनिक वस्तु भएको र यसको स्फटिक, बालुवा तथा संगमरमरको रूपमा उपयोग गरिने भएकोले यसको स्तर तथा प्रकृतिको आधारमा संरक्षण तथा सुरक्षाको प्रबन्ध मिलाउनु पर्दछ। रासायनिक, भौतिक तथा जैविक प्रक्रियाद्वारा पत्थरको नाश हुने गर्दछ । बर्षामा नुन र गर्मी मौसममा तातो हुँदा हाइड्रेशन तथा डिहाइड्रेशन प्रक्रियाले क्षारीय र लवण उत्पादन हुने हुँदा यसले असर गर्ने भएकोले रासायनिक विधि अपनाई संरक्षणको व्यवस्था मिलाउनु पर्दछ । सिलिका, सङ्गमरमर, चुनढुङ्गा आदिका सामग्रीहरू प्राकृतिक र जैविक प्रक्रियाद्वारा पनि नष्ट हुन्छन् । घाम, पानी, चीसो, तातो, हुरी-बतास आदि प्रभावले समेत विनाश गर्ने हुँदा सतर्कताका साथ जोगाई राख्नु पर्दछ। स्मारक वा कलावस्तु जुनसुकै माध्यम पनि जमिनमुनि पुरिंदा वा नित्य जल चढाउँदा नुनिलो पदार्थ जम्मा भई विनाश हुने प्रक्रिया सुरु हुन्छ। प्रस्तरका यी विभिन्न सामग्री सफा र संरक्षण गर्दा क्यालेसियम सल्फेट, पलास्टर अफ पेरिस, लिक्विट पेपर पल्प (Calcium Sulphate, Plaster of Paris, Liquid paper pulp) आदि प्रयोग गर्न सकिन्छ। के कति सफा भयो वा भएन भन्ने पत्ता लगाउन सिल्भर नाइट्रेट (Silver Nitrate) को घोलले परीक्षण गरिन्छ। म्युरिटिक एसिट (Muratic Acid) को प्रयोग गरी ब्रुसद्वारा पनि सफा गर्न सकिन्छ। पत्थरका मूर्तिमा कागजको गुँद वा लुदी बनाई २-३ से.मी. बाक्लो लेप लगाउने र सुकेपछि हटाउने तथा पुनः यसमा रहेको लवण तत्व अन्त्य नहुञ्जेलसम्म यो प्रक्रिया दोहोराई रहनुपर्ने हुन्छ। लवण तत्व बाँकी छ वा छैन भनी थाहा पाउन सिल्भर नाइट्रेट परीक्षण गरिनु पर्दछ । माटाका भाँडावर्तनहरू लामो समयसम्म जमिनमुनि रहने भएकोले नरम ब्रसको उपयोग गरी पानीले सफा गर्नु र छायाँ पर्ने स्थानमा सुकाउनु पर्दछ। यसको मौलिक अस्तित्व कायम राख्न विनायल एसिटेटको घोल उपयोग गरिनु पर्दछ। यिनमा रहेको नुनिलोपन हटाउन बेरियम सल्फेटको उपयोग गर्नु पर्दछ। सिल्भर नाइट्रेट परीक्षणद्वारा दूधिलोपन आउन छाडेपछि सफा भएको हुन्छ।

माटाका छापको संरक्षण गर्दा यसको सुरक्षाको निम्ति बालुवामा तताएपछि नरम ब्रसले सफा गरिन्छ । यसबाट सिलमा लेखिएका अभिलेखसमेत सुरक्षित हुने गर्दछन्। माटाका मूर्तिहरूलाई पानी नलगाई नरम तथा हल्का ब्रसले सफा गर्नु पर्दछ । टुटेकोमा स्प्रिटले राम्रोसँग सफा गरी फ्रेन्च चक, लाख, सरेस तथा फेबिकोलले जोडन सकिन्छ । कच्ची माटोको भएमा रैक्टिफाइडस्प्रिट, पेट्रोल वा इथरले सफा गर्नु पर्दछ । काठ छिटो नाशवान हुने सामग्री भएकोले यसको सुरक्षा गर्नु पनि एक चुनौति बनेको छ । काठका सामग्रीहरू घाम र पानीबाट जोगाई किरामिराबाट बँचाउन रङ्गरोगन गर्नु पर्दछ। धुलिया लाग्न थालेमा किरामिरा मार्ने विषादिको प्रयोग गर्नु पर्दछ। धुँवा पर्ने ठाउँमा पनि प्रायः काठ सुरक्षित हुने हुँदा तदनुसार संरक्षण गर्न सकिन्छ। काठको सामग्री उत्खनन्मा फेला परेमा पानीले सफा गर्ने, कागजको घोल (Liquid Paper Pulp) लगाई नुनिलोपन हटाउने, हवा र गर्मीको प्रभाव पर्न नदिने, १० प्रतिशत पोलिविनायल एसिटेट (Polyvinyl Accetate) को उपयोग गर्ने र आवश्यकता अनुसार  रसायनशालामा पठाउन सकिन्छ । त्यसैगरी काठका सामग्रीमा फङगी (Fungi) को असर देखिएमाएसिट म्याग्नेसियम फ्लोराइड (Acid magnecium Floride) र सोडियम फ्लोराइड (Sodium Floride) लाई पानीमा मिलाई सफा गर्न सकिन्छ । धुलिया लागेमाकार्वन डिस्सफाइड, डि.डि.टी., पेन्टाकोलोरोफेनिकल, बिएचसी (Carbon Disulphide, DDT, Pentachlorophenol, BHC) आदि प्रयोग गर्नु पर्दछ । यसरी नै धातु, हड्डी, माटो, सिसा आदिका सामग्रीहरू रासायनिक प्रक्रियाद्वारा सफा गर्न सकिन्छ।

## परिच्छेद : नौ
# वास्तुकला (Architecture)

### ९.१ विषय प्रवेश

प्राचीन शाक्य कपिलवस्तु क्षेत्रमा प्रशस्त आवासीय भवन, हिन्दू मन्दिर, बौद्ध विहार, स्तूप, राजदरवार, पर्खाल, पोखरी, इनार आदि भौतिक निर्माण गरिएकोले विभिन्न स्थानहरूमा यिनको स्मारक, खण्डहर वा ढिस्काहरू (Mounds) अवस्थित छन्। सैनामैनापनि यसै अन्तर्गत पर्दथ्यो र पर्छ। संभवतः प्रारम्भिक अवस्थामा काठ, बाँस, माटो, नपोलिएका इँटा वा नरकट जस्ता नाशवान सामग्रीहरूको उपयोग गरी विभिन्न भौतिक संरचना बनाइएको हुनाले समयको अन्तरालमा नष्ट भइसके। शाक्य र कोलीय राज्यको साझा थलोको रूपमा अवस्थित लुम्बिनीमा सिद्धार्थ गौतम बुद्धको जन्म भएकोले ई.पू. छैटौं शताब्दीदेखि विभिन्न बौद्ध धर्माबलम्वी एवं अन्य श्रद्धालुजनहरूले कलावस्तुहरू (Artaifacts) समर्पण गर्नुको साथै स्तूप, मन्दिर आदि भौतिक संरचनाको निर्माण समेत गरिदिन्थे। बुद्धको जन्मपूर्व लुम्बिनीग्रामको अस्तित्व रहेको देखिन्छ। लुम्बिनीको नजिकै रहेको यसको यथार्थ वस्तुस्थिति भू-गर्भमा छोपिएको छ।

वर्तमान सैनामैना क्षेत्रमा विभिन्न खण्डहरहरू फेला परेका छन्। विभिन्न ठाउँबाट बसाइसराइ गरी आउने मानिसहरूको बसोवासको परिणामस्वरूप स्मारक क्षेत्रहरू विनाश हँदैगएका छन्। यसले यहाँको प्राचीन मानव सभ्यता र संस्कृतिमाथि चुनौती थप गर्दैआएको छ। बल्लतल्ल बँचेका ढिस्काहरूमा व्यक्तिगत स्वमित्व कायम गरी जोतभोग गरिएका छन्। कहींकतैबाट यी ढिस्काहरूमा पुरावशेष तथा स्मारक छन् भन्ने सार्बजनिक निकायले थाहापाएका जग्गा भोगचलनमा अबरोध आउने त्रासले सशङ्कित अवस्थामा रहेको देखिन्छ। यस्तो अवस्थामा यहाँको अन्वेषण तथा अनुसन्धान गर्न खोज्नु स्थानीय बासिन्दाको विरोधमा जानु हो भन्ने सामान्य सोचको विकास भएको छ, जबकि स्थानीय सहयोग र सद्भावबिना कुनै कदम पनि संचालन गर्न संभव हँदैन।

यहाँको पुरातन मानव सभ्यता र संस्कृतिको उजागर गर्नसकेमा भविष्यका हाम्रा सन्तानको जीनवस्तर र आर्थिक उन्नति उच्च हुने कुरामा सचेत हुनुपर्दछ। यसको वारेमा आधिकारिक निकायले पनि सहज र सरल उपाय अबलम्बन गरेमा जनसहभागिता र समन्वय हुने छ। यस्तो अवस्थामा भोलिका दिनहरूमा यसको वारेमा थप संरक्षण, अध्ययन तथा अनुसन्धानमा सहयोग मिल्ने गरी उपलब्ध स्मारक र कलावस्तुको आधारमा यहाँको वास्तुकला वारे सामान्य खाका तयार पारिएको छ। यसको निम्ति सापेक्ष विधि अपनाइएको छ।

सम्राट अशोक, चिनियाँयात्रीहरू सुइ-चिङ-चु, फाहियान, हुएन-साङ्ग र कर्णाली प्रदेशका खस राजा रिपु मल्ल आदि कपिलवस्तु, लुम्बिनी क्षेत्रको भ्रमण गरी यहाँको समसामयिक गतिविधि वारे टिपोट गर्नुको साथै संस्मरणहरू पनि छोडेर गएका थिए। उनीहरूको योगदान र विवरणबाट विभिन्न वास्तुअङ्ग वारे पनि जानकारी गरिएको छ। भारतमा बाह्रौं-तेस्रौं शताब्दीतिर मोहम्मदको प्रभाव पछि त्यहाँबाट राजपुत, व्यापारी, पुजारी, दार्शनिक, कलाकार, भिक्षु-भिक्षुणी आदि व्यक्ति र समूहको प्रवेश नेपालको पश्चिम तराई क्षेत्रमा पनि भयो। यहाँका आदिबासी र बाहिरबाट आएका समूहहरूबीच एक अर्काको पारस्परिक हेलमेल र सम्पर्कबाट नयाँ सांस्कृतिक विधाहरू जस्तै-धर्म, कला, संगीत, रहनसहन आदि क्षेत्रमा नयाँ लक्षणहरू देखा परे। यी आस्था र परम्पराबाट अभिप्रेरित भई कलावस्तुमा पनि नयाँ-नयाँ विशेषताहरू मौलाए। यसरी विकसित वास्तुकलाको शैली, परम्परा, प्रविधि र ढाँचाको आधारमा धार्मिक (Religious) र लौकिक (Secular) वास्तुकलाको रूपमा विभाजन गर्न सकिन्छ।

### ९.२ धार्मिक वास्तुकला (Religious Architecture)

यस क्षेत्रका बासिन्दाहरूको सांस्कृतिक जीवनमा ज्ञात-अज्ञात रूपमा बौद्ध, हिन्दू र मुस्लिम धर्मले प्रभाव पारेको छ । यी धर्मको प्रेरणाले आ-आफ्नो आस्था र परम्परा अनुरूप वास्तु अङ्गहरू (Architectural elements) विकसित भएका छन् । मूलतः बुद्ध धर्मका प्रवर्तक सिद्धार्थ गौतम बुद्धको जन्मथलो लुम्बिनी भएकोले बौद्ध वास्तुअङ्गहरू यहाँका महत्त्वपूर्ण कलावस्तुहरू मानिन्छन्।

### ९.३ बौद्ध वास्तुकला (Buddhist Architecture)

लुम्बिनीमा उत्खनन् गर्दा फेला पारिएका अधिकांश स्मारक एवं कलावस्तुहरू बौद्ध धर्मसँग सम्बद्ध छन्। यहाँ प्रस्तर स्तम्भ, स्तूप, विहार र मन्दिरको अस्तित्व उपलब्ध गरिएको छ । करिब पच्चीस-छब्बीस सय वर्षको अन्तरालमा यहाँका वास्तुअङ्गहरूको स्वरूप ढाँचा र सूक्ष्म कलाकारिता अस्पष्ट भए पनि पर्खालको आधार (Foundation), वारम्वार एक माथि अर्को पर्खाल लगाइएको संरचना, पुनःनिर्माण वा जीर्णोद्वारको अस्तित्वको आधारमा तत्कालीन वास्तुकला वारे अध्ययन गरिएको छ। यही सवाल सैनामैनामा पनि लागुहुने गर्दछ। यहाँका जोगीडाँडा, सानो प्लेट, ठूलो प्लेट, बौराहाखोला, रानी कुवा, पत्थर कुवा, ठूलो कुवा (राजा कुवा), मूर्धनी ब्रह्मडाँडा, महेरवा, राजापानी आदिस्थानहरू विशेष महत्त्वपूर्ण देखिन्छन्। यहाँ भङ्गसतह र भूगर्भमा विभिन्न तहका खण्डहरहरू देखिन्छन्। यिनको विस्तृत अन्वेषण तथा अनुसन्धानको खाँचो त छँदै छ, त्यसमा पनि यहाँ संरचनागत अस्तित्व वारे जानकारीको आवश्यकता गर्दछ।

### ९.४ मनोलिथिक प्रस्तर स्तम्भ (Monolithic Stone Pillar)

प्राचीन प्रस्तरस्तम्भलाई तत्कालीन बौद्ध वास्तुकला, कला, धर्म र संस्कृतिको अभिन्न अ▪को रूपमा लिइन्छ। गौतम बुद्धले आफ्नो जीवनको अन्तिम अवस्थामा कुशीनगरमा आनन्दसमेतका भक्तजनहरूलाई जन्मस्थल लुम्बिनी, बुद्धत्व प्राप्तिस्थान बोधगया, सर्वप्रथम धर्म साधना गरेको सारनाथ र महापरिनिर्वाणस्थल कुशीनगरमा एकपटक श्रद्धाभक्तिसहित भ्रमण गर्नु भन्ने आज्ञा भएको थियो। उनको महापरिनिर्वाण पश्चात् बुद्ध धर्मका भिक्षु, भिक्षुणी एवं श्रद्धालुजनहरू यी विभिन्न स्थानहरूमा तीर्थाटन गर्न थाले। यसै सिलसिलामा विभिन्न स्थानमा आउँदा सम्झना एवं श्रद्धा स्वरूप आ-आफ्नो क्षमता अनुसार स्तम्भ खडा गर्ने, अभिलेख लेखाउने, विभिन्न कलावस्तुहरू समर्पण गर्ने आदि क्रियाकलापहरू निरन्तर सञ्चालन गरिए । सम्राट अशोकले हत्या हिंसालाई त्यागी बुद्ध धर्म अबलम्बन गरे पछि आफ्ना गुरू उपगुप्त समेतलाई साथमा ल्याई विभिन्न बौद्धस्थलहरूमा भ्रमण गरेका थिए । उनले चुनारगढमा प्रस्तरका लाटहरू तयार गरी गराई यिनमा ब्राह्मी लिपि र पाली भाषामा अभिलेख समेत लेखाई तीर्थस्थलहरूमा गाडेका थिए। उनले खडा गरेका स्तम्भहरू भारत, नेपाल र पाकिस्तानमा फेला पारिए। ग्रीक-पर्सियन परम्परामा प्रशिक्षित कलाकारहरूले बनाएका प्रस्तर स्तम्भहरूमा आफ्नै मौलिक विशेषताहरू अन्तरनिहित छन्। अग्लो एउटै प्रस्तरमा कलात्मक ढङ्गले कुँदी पालिस लगाइएका मौर्यकालीन स्तम्भलाई “लाट” भनिन्छ। स्तम्भको शिरोभागमा हात्ती, घोडा, साँढे वा सिंहका प्रतिमाहरू पद्मपुष्पको आधारमा राखिएका हुन्छन्। अशोकले खडा गरेका स्तम्भहरूको सरदर उचाइ १२.१९ मि. रहेको छ। कला समीक्षक एस.के. सरस्वतीले स्तम्भको माथिल्लोपट्टि कलात्मक प्रस्तर प्रतिमाहरू समेत प्रतिष्ठापित गरिएको हुनाले यस्ता स्तम्भहरूलाई कला अन्तर्गत समावेश गर्न सकिने धारणा राखेका छन्। तर अधिकांश विद्वान्हरूले मनोलिथिक प्रस्तर स्तम्भहरूलाई वास्तुकलाको अ▪को रूपमा उल्लेख गरेका छन्।

सैनामैना र यसको आसपासका क्षेत्रमा सहज र सरल ढंगले प्रस्तरका खम्बाहरू पाइने भएकाले यहाँ विभिन्न आकारका स्तम्भ आकृतिहरू बनाउने गरिएको देखिन्छ। केही बर्ष अघि यस्ता स्तम्भका खण्डहरू यत्रतत्र देखिन्थे। तर अहिले यिनको अस्तित्व लोप हुँदैगएको तथ्य स्थानीय जानिफकारहरू बताउने गर्दछन् । यहाँका स्तम्भहरू

चुनारगढमा झैं निलोकालो प्रस्तरका नभई बलौटे ढुङ्गाका छन्। यस्ता भागमा अभिलेखसमेत लेखिएका छन्।



स्तम्भलेख

मौर्यकालीन स्तम्भहरूमा आफ्नै मौलिक विशेषताहरू अन्तरनिहित छन्। कुनै आधार (Base) मा नराखिनु, पर्सिपोलियन ढाँचाको नभई मनोलिथिक आकारको हुनु र काष्ठकालिगढको प्रविधि अबलम्बन गर्नु यिनका विशेषता हुन्। काठका स्तम्भहरू बनाउने कालिगढले खैरो बलौटे चुना र प्रस्तरका गोलाकार स्तम्भ बनाई कुनै आधारविना जमिनमा गाडिएको देखिन्छ। स्तम्भ तलदेखि माथिल्लोपट्टि क्रमशः सानो बनाउँदै लगिएको हुन्छ। यसको माथिल्लोपट्टि अलग क्यापिटल (Capital) जोडिएको हुन्छ। यसमा घण्टाकारको आकृतिमाथि एवकसमा पशुका आकृतिहरू प्रतिष्ठापित गरिएका हुन्छन्। चारैतिर प्रतिष्ठापित पशुहरूको अङ्ग नै दार्शनिक एवं प्रतिकात्मक महत्त्व रहेको छ। हात्तीलाई पूर्व, साँढेलाई पश्चिम, घोडालाई दक्षिण र घोडालाई उत्तरपट्टिको संरक्षक मानिन्छ। त्यसैगरी हात्ती बुद्धको जन्मको प्रतीक, घोडा महाभिनिष्क्रमण, सिंह शाक्य वंश र साँढे अहिंसाको प्रतीक पनि मानिन्छन्। यसरी स्तम्भको शिरोभागमा प्रतिष्ठापित पशु आकृतिहरूलाई बौद्ध वास्तुकलाको अभिन्न अङ्ग मानिन्छ।

सम्राट अशोक आफ्ना आध्यात्मिक गुरू उप-गुप्तको साथमा पटना, बैशाली, रामपुर वा अरराज, लौरियानन्दनगढ, त्रिवेणी, परासी (रामग्राम), भैरहवा, लुम्बिनी, निग्लिहवा, गोटिहवा आदि स्थानहरूमा भ्रमण गरेका थिए। नेपालमा राखिएका स्तम्भहरूमध्ये लुम्बिनी, निग्लिहवा र गोटिहवाको अस्तित्व उपलब्ध छ। लुम्बिनी र निग्लिहवाका स्तम्भहरूमा ब्रह्मीलिपि र पाली भाषामा लेखिएका अभिलेखहरूसमेत उपलब्ध छन्। लुम्बिनीको स्तम्भ डिसेम्बर १८९६ मा फुहरर र खड्ग शम्सेरले उत्खनन् गरी प्रकाशमा ल्याएका थिए।

तर यहाँ पाइएका स्तम्भ र तिनमा अङ्कित अभिलेख भने प्राचीनकालका पाउन सकिएको छैन। मध्यकालीन अभिलेखयुक्त स्तम्भहरू समतल बनाई उत्कीर्ण गरिएका छन्। यिनको उपयोग बौद्ध धर्म र संस्कृतिको प्रचारप्रसार तथा संरक्षणमा नै निहित रहेको छ। यस्ता स्तम्भहरू हाल भने सीमित छन्। कतै घरगोठको निर्माणमा लगाइएका छन् भने कतै इनारको तलपट्टि लुकेको अवस्थामापनि रहेका छन्।



सैनामैना-१, बीचटोलमा स्तम्भको खण्ड
Longitude (E) = 83.3810850, Lattitude (N) = 27.6911870, Height = 115.2m

यी त केवल सामान्य सन्दर्भमात्र हुन् । यिनको विस्तृत अध्ययन अनुसन्धान गरिएमा बढी तथ्य प्रकाशमा आउने देखिन्छ।

**९.५ स्तूप** (Stupa)

थोप वा थुपम् (Thupam) र पाली भाषाको थुपिकट (Thuipikata) शब्दबाट कालान्तरमा स्तूप बन्यो । यसको शाब्दिक अर्थ अस्थु वा अन्य पवित्र वस्तु राखी त्यसको माथिल्लोपट्टि बनाइएको ढिस्को (Relic mound tope) भन्ने हुन्छ। बुद्ध भन्दा अघि नै हिन्दू समाजमा कसैको कुनै घटनाक्रमको स्मरणार्थ नाशवान सामग्रीहरू माटो, बाँस, घाँस, काठ आदिको उपयोग गरी ढिस्को अर्थात् स्तूप बनाउने प्रचलन थियो। सम्मानित व्यक्तिको सम्मान वा संस्मरणको लागि स्तूप बनाइन्थे । बुद्धको महापरिनिर्वाण हुनु अघि नै उनले आनन्द समेतका आफ्ना शिष्यहरूलाई विभिन्न स्थानहरूमा स्तूप बनाउने परामर्श दिएकोले त्यस अघि नै यो परम्परा लोकप्रिय थियो भन्ने स्पष्ट भएको छ। बुद्धका अनुयायीहरूले प्रतिमा निर्माण गर्नु अघि ठोस रूपमा (Concrete form) पूजाआजा गर्नको लागि यस्ता स्तूपहरू बनाइएका थिए।

दीघनिकाय महापरिनिर्वाण सुत्तमा बुद्धको अस्तिुधातुलाई आठ भागमा विभाजन गरी मगध, वैशाली, कपिलवस्तु, अलकप, रामग्राम, वेठादीप, पावा र कुशीनगरलाई बाँडिएको तथ्य उल्लेख छ। अन्तिममा ब्राह्मण द्रोणले राखिएको भाँडो र पिप्लीवनले अस्थुधातुको खरानी पाएका थिए। यी पवित्र अस्थुधातु र यससँग सम्बद्ध बस्तुहरूलाई भू-गर्भमा राखी बुद्धको सम्झनामा पवित्र स्तूपहरू बनाइएका थिए । प्रारम्भमा सादा एवं सामान्य पवित्र स्तूपहरू बनाइएका थिए। प्रारम्भमा सादा एवं सामान्य ढिस्कोको रूपमा बनाइने स्तूपहरूलाई कालान्तरमा विभिन्न कलात्मक भागहरू जोडी आकर्षक बनाउन थालिए । उद्देश्यको आधारमा स्तूपहरूलाई शारीरिक, परिभोगिका, उद्देश्यीका, धर्मिका र भोटिभ समेत पाँच किसिममा विभाजन गरिएको छ। बुद्ध वा उनका शिष्यहरूको अस्थुधातु (Corporal

relics) राखी बनाइएकालागि शारीरिक, बुद्धले उपयोग गरेका वस्तुहरूजस्तैं बस्त्र, भिक्षापात्र आदि राखी बनाइएको लागि परिभोगिका, बुद्धको संस्मरणको लागि बनाइएका उद्देश्यिका, धर्म प्राप्तिको लागि धर्मिका र तीर्थयात्रीहरूले आफ्नो यात्रास्मरणीय बनाउन बनाएका स्तूपलाई भोटिभ स्तूप भनिन्छ।

स्तूपका विभिन्न अङ्गहरू देश, काल र परिस्थिती अनुकूल प्राचीनकालदेखि वर्तमानकालसम्म परिवर्तित अवस्थामा रहेका छन्। प्रारम्भमा अर्धवृत्ताकारको गर्भ (अण्ड) र त्यसको माथिल्लोपट्टि मेधी बनाइन्थ्यो। अण्ड भागको वरिपरि प्रदक्षिणापथ र अण्डको माथिल्तिर हर्मिका र छत्रावली बनाउने प्रचलन थियो । प्रदक्षिणापथ (Circumambulatory path) को वरिपरि काठ, ढुङ्गा वा इँटाको रेलिङ बनाइन्थ्यो। बाहिरपट्टि माटो, चुना वा अन्य मिही वस्तुको प्लस्टर गरिन्थ्यो। पछि मेधीमा बलियो बनाउन समुचित वस्तु राखिन्थ्यो। प्राचीन स्तूपहरूको भौतिक स्वरूप फेला पार्न सकिएको छैन्। मौर्य सम्राट अशोकको पालादेखि बनाइएका स्तूपहरूको भौतिक अस्तित्व फेला पारिएकोले यिनको आधारमा तत्कालीन विशेषताहरू वारे जानकारी पाइन्छ। अण्डाकारको गर्भभाग (Dome), हर्मिका, यष्ठी, वेदिका र छत्रावली जस्ता भागहरू स्तूपमा बनाइएका थिए। मेदी, सोपान र प्रदक्षिणापथलाई पनि छोडी पछि स्तूपहरू बनाउन थालियो। प्रारम्भिक ठोस वस्तु राखी बनाइन्थ्यो भने पछि खोक्रो रूपमा बनाउन थालियो। मौर्यकालमा बक्स-च्याम्बर बनाई माटोले भरिन्थ्यो।

कुषाणकालमा गर्भ भागको माथिल्लोपट्टि बनाइने मेदी भाग अग्लो बनाउन थालियो। यसको चारैतिर बुद्ध वा उनीसँग सम्बद्ध प्रतिमा राख्न सकिने खोपाहरू (Niches) बनाइएका थिए। गुप्तकालमा बुद्धका चार किसिमका प्रतिमाहरू चारैतिर प्रतिष्ठापित गर्ने परम्पराको विकास भयो। गान्धरकला प्रविधि र परम्परामा गर्भभागमा कलात्मक आकृतिहरू थपिए। यिनको आकारप्रकार र निर्माण शैलीमा आमूल परिवर्तन देखापर्‍यो। यिनको समय(समयमा गरिएको मर्मतसम्भार एवं पुननिर्माणको परिणामस्वरूप कालक्रम निर्धारणमा निकै गाह्रे पर्दछ। निर्माणमा उपयोग गरिएका धातु, पत्थर, इँटा आदिमा प्रतिबिम्बित कलाकारिताको आधारमा कालक्रमको डोरेटो कोर्नु पर्ने बाध्यता रहेको छ। एउटै स्तूपले विभिन्न समयको अस्तित्व देखाएको पाइन्छ। यस बखत उत्खनन्कर्ता सचेत भई अभ्यस्त एवं पारखीपूर्ण नेत्रहरूले तथ्यपरक रूपमा मूल्याङ्कन गर्नु पर्दछ।

लुम्बिनी गौतम बुद्धको जन्मथलो भएकोले समय-समयमा यहाँ आएका श्रद्धालुजनहरूले बनाएर छोडेका स्तूपहरूको भौतिक अस्तित्व फेला पारिएको छ। उत्खनन्को सिलसिलामा हालसम्म ३४ वटा विभिन्न आकार प्रकार र कालक्रमका स्तूपहरूको भौतिक अस्तित्व प्रकाशमा ल्याइएको छ। सानो क्षेत्रमा मौर्यकालदेखि मध्यकालसम्म बनाइएका स्तूपहरूको निर्माण प्रविधि, आकार(प्रकार र परम्परा वारे गम्भीर रूपमा अध्ययन गरी कालक्रम नतोकिएकोले सबैको प्रकृति र लक्षण उल्लेख गर्न असजिलो छ। तर प्राप्त तथ्यहरूको आधारमा यिनको किसिम र कालक्रम छुट्टाइएको छ। त्यसैगरी १९ वटा अभिलेखयुक्त शीलहरू राखिएको धम्मस्तूप पनि यहाँ फेला पारियो। यी वाहेक अन्य स्तूपहरू भोटिभ (Votive) अर्थात् तीर्थयात्रीहरूले भ्रमणको सिलसिलामा बनाएको देखिन्छ। यस सिलसिलामा लुम्बिनीदेखि निकट रहेको शाक्यहरूको अधीनमा रहेको यस क्षेत्रमा पनि यस्ता स्तूपहरू बनेका हुनसक्दछन्। पुराना ढिस्काहरू रहेका छन्। मूर्धनी, बीच टोलको उत्तर र दक्षिणका ढिस्काहरू, पत्थरकुवा क्षेत्र, रानी कुवा क्षेत्र, पर्सहवा, सोरौली, जोगीडाँडा (योगडाँडा) आदि पुरास्थलहरूमा यस्ता स्तूपहरू छोपिएको अवस्थामा हुनसक्दछन्, जसको यथार्थ तथ्य भविष्यले बताउने छ। यो संभाव्य इलाका हो।

भारतमा ईशाको चौथो शताब्दीदेखि अस्तित्वमा देखिएको गुप्तवंशी शासकहरू वैष्णव धर्मका अनुयायी थिए। तर उनको पालामा बौद्ध धर्मको पनि अस्तित्व रहेकोले सारनाथ, श्रावस्ती तथा कसियामा स्तूपहरू बनाइएका थिए। यिनमा परम्परागत प्रविधि र ढाँचामा परिवर्तन देखा पर्‍यो। यिनको तलदेखि माथिपट्टि क्रमशः सानो ढिस्को बनाई

त्यसको माथि गर्भभाग (Dome) बनाइन्थ्यो । उत्तर गुप्तकालमा बुद्धका मूर्तिहरू बनाई पूजा गर्न थालिएकोले स्तूपप्रतिको आकर्षणमा कमी आयो। मूलतः महायान सम्प्रदायप्रति आकर्षण बढेकोले प्रतिमा (Image) को अस्तित्व बढ्यो। यस क्रममा लुम्बिनी आउने विभिन्न श्रद्धालुजनहरूले गुप्तकालमा पनि मौर्य, शुङ्ग र कुषाणकालमा बनाइएका प्राचीन जीर्ण स्तूपहरूको मर्मत-सम्भार गर्नुको साथै नयाँ भोटिभ स्तूपहरू पनि बनाउने गर्दथे। मायादेवी मन्दिरको दक्षिण(पूर्वमा अवस्थित ठूलो वर्गाकारको स्तूप विभिन्न कालखण्डमा निर्माण एवं जीर्णेद्वार गर्ने सिलसिलामा गुप्तकालमा पनि केही काम भएको पाइन्छ। यस्ता स्तूपहरूमा कागज, धातु, माटो, काष्ठ वा प्रस्तर आदि माध्यममा धार्मिक ग्रन्थ वा धार्मिक मन्त्र लेखी लेखाई भू-गर्भमा राखी बनाइएका स्तूपहरूलाई धम्म वा धर्मिका स्तूप भनिन्छ।

लुम्बिनीमा मौर्य, शुङ्ग, कुषाण र गुप्तकालमा निर्माण एवं जीर्णोद्वार गरिएका स्तूपहरूको भौतिक अस्तित्व उत्खनन् क्रममा फेला पारियो। एउटै स्तूपमा विभिन्न युगका निर्माण सामग्री, शैली, ढाँचा र परम्पराहरू प्रतिविम्बित भएका छन् । गुप्तकालपछि विभिन्न पुराना स्तूपको सतहमाथि नयाँ एवं स-साना भोटिभ स्तूपहरू श्रद्धालु तीर्थयात्रीहरूले बनाएका थिए। भारतको पालयुगमा पनि एउटा स्तूपलाई बारम्बार मर्मतसम्भार एवम् थप गर्दै जाने परम्परा कायम थियो । पाँच पटकसम्म जीर्णोद्वार एवं बृद्धि गरिएको तथ्य उत्खननबाट पुष्टि भएको छ। पुरानो स्तूपको वरिपरि धर्म खातिर स(साना भोटिभ स्तूपहरू बनाइन्थ्यो। प्रतिमा बनाउने परम्पराले यसप्रति कम आकर्षण लियो।

लुम्बिनीमा गरिएको उत्खनन्मा फेला पारिएका र सामान्य सूचनामात्र प्राप्त कालनिर्धारण नगरिएका स्तूपहरूपनि अवस्थित छन्। आधार (Foundation) मात्र वा केही फिट अग्ला स्तूपहरू पाइएकोले यिनको वास्तुशैली, प्रविधि र परम्परा छुट्टाई कालक्रम यकिन गर्न असजिलो परेका कैयन् स्तूपहरू लुम्बिनीको पुरातात्त्विक क्षेत्रमा देखिन्छन्।

यसरी मौर्यकालमा काठ, बाँस, इँटा आदि सामग्रीहरूले बनाइएका बेदिका र गर्भभागको विकास हुँदै शुङ्गकालमा भारतमा प्रस्तरको बाहुल्यता देखिए पनि लुम्बिनीमा इँटाको अस्तित्व नै भेटिन्छ। प्रारम्भिक अवस्थाका नाशवान सामग्रीहरू संभवतः नष्ट भए पनि मौर्यकालीन इँटाले बनेका स्तूपहरूको भौतिक अस्तित्व उपलब्ध छ। कुषाण, गुप्त र पाल युगमा समेत मर्मत र बृद्धि गर्ने चलन अनवरत चल्यो। अहिले पनि मायादेवी मन्दिरको उत्तर, उत्तर-पूर्व, पश्चिम र दक्षिण-पूर्वपट्टि स्तूपहरू विद्यमान छन्।

### ९.६ विहार

बौद्ध भिक्षु एवं भिक्षुणीहरूको बसोवास एवं साधनास्थलको रूपमा रहेको विहार बौद्ध वास्तुकलाको अभिन्न अङ्ग मानिन्छ। जव भिक्षुहरू एउटा झुपडी वा गुफामा बसे त्यसलाई विहार र तीनतिर समूहको रूपमा झुपडी वा बास बनाई एकापट्टि आवात-जावतको प्रवेशद्वार एवं बीचमा सभा, छलफल वा अन्य प्रयोजनको लागि प्राङ्गण बनाउन थालियो तव यिनलाई संघाराम भनियो । समूह वा संघको आराम वा विश्रामस्थलको रूपमा विहारलाई लिइयो । प्रारम्भमा बाँस, काठ, खर आदि कच्चा सामग्रीको उपयोग गरी ऋषि वा भिक्षुको कुटी बनाइन्थ्यो । उनीहरूको शयनस्थान, अतिथिकक्ष, साधनाकक्ष, खानपिन कक्ष, स्नानगृह, अध्ययन कक्ष आदि भागहरू विहारमा बनाइन्थ्यो। सहरदेखि टाढा एकान्त ठाउँमा बस्नको लागि गुफाहरूमा विहारका विभिन्न अङ्गहरू (Compartments) बनाइन्थ्यो । हीनयानी विहारहरू साधारणतया ग्रामीणस्तरीय आवासीय शैली र परम्परामा बनाइएका थिए । तर महायानी विहारहरू बासस्थान, पूजास्थान, प्रतिमास्थान, सभाहल (उपोस्थागार), इनार, अध्ययनकक्ष आदि भागहरू समेत बनाइएकोले शैलीमा भिन्नता देखियो । महायानीकालमा बीचमा ठूलो कोठा बनाई यसको वरिपरि स(साना कोठाहरू बनाउने र भिक्षुहरू सुत्ने गर्दथे। उपदेशना वा शिक्षा प्रदान गरिने ठूला हल वा उपस्थनाशाला पछिल्लो

महायानी परम्परामा लोकप्रिय बने । ध्यानबस्न र वरिपरिको बस्तीमा भिक्षाटन गरी जीवन निर्वाह गर्नको लागि अनुकूल ठाउँको चयन गर्नु पर्दथ्यो। प्रवेशद्वारको सम्मुख बुद्धका प्रतिमाहरू प्रतिष्ठापित गरिन्थे।

गौतम बुद्धले भिक्षुहरूको लागि विशेष नियम बनाएका थिए । भिक्षुहरूलाई घरमा बस्ने अनुमति थिएन् । उनीहरूले एकान्तमा वा गुफामा रात बिताउनु पर्दथ्यो। वर्षायाममा टाढाटाढा भ्रमण नगरी तोकिएको स्थानमा बस्नु पर्दथ्यो । यसलाई बर्षावास भनिन्थ्यो । बर्षावास बस्ने स्थल बनाउँदा प्रारम्भमा काठ, बाँस वा खरको उपयोग गसिनेमा पछि इँटा तथा प्रस्तरको प्रयोग गर्न थालियो। बस्ती वा गँउँदेखि धेरै टाढा वा धेरै नजिक बस्दैनथे। आवत जावतको लागि सजिलो हुनेगरी दिनमा भीड हुने, रातमा हल्ला हुने, दुर्गन्धित तथा ध्यानको लागि प्रतिकूल हुने स्थानमा बस्दैनथे। विहारमा आध्यात्मिक चिन्तनको अतिरिक्त धार्मिक ग्रन्थको पनि शिक्षा दिइन्थ्यो। त्यहाँ पाली, संस्कृत, न्याय, दर्शन आदि विषयवस्तु पढाउने तथा युवाशक्तिलाई आकर्षित गरी उपासकको सङ्ख्या बढाई धर्मप्रचार गरिन्थ्यो।

मौर्यकालीन गुफाहरू विहारका प्रारम्भिक रूप मानिन्छन् । नागार्जुन पर्वत, गया आदि स्थानहरूमा गुफा बनाइएका थिए । मानव वस्तीदेखि टाढा आवत जावतको लागि सुगम हुने स्थानमा ध्यान गर्न अनुकूल हुने गुफा उपयोग गरिन्थ्यो । मौर्यकालमा गुफा बाहिर घाँस, काठ, नरकट आदि नाशवान कच्चा सामग्रीको उपयोग गरी विहारहरू निर्माण गरिन्थ्यो। समयको अन्तरालमा गुफा बाहेक अन्य विहारको भौतिक संरचना बिनाश भईसकेकोले यसको वास्तु शैली तथा ढाँचा वारे स्पष्ट छैन्। इँटाले बनेको प्राचीन विहारको खण्डहर फेला पारिएकोले सामान्य स्वरूप वारे जानकारी गर्न सकिन्छ। शुङ्गकालमा पनि बौद्ध अनुयायीहरूको सङ्ख्या बढ्दै गएकोले बासस्थान एवं साधनास्थलको रूपमा विहारको संरचना गरिए । यस बखत संभवतः ग्रामीण आवासगृहका ढाँचामा विहार बनाई सुदामा वा लोमश ऋषिको गुफाको आकारमा चैत्यको रूपमा परिवर्तन गरियो। माटो, काठ, बाँस, घाँस वा इँटाको सट्टामा प्रस्तरको उपयोग गर्न थालियो । घरको निवासस्थान, छलफल गोष्ठी वा सेमिनारस्थल, अतिथिहरूको आगमन एवं चर्चा समेत समय(समयमा गरिने भएकोले विहार र चैत्यको रूपमा परिणत गरियो। विहारमा स्तूप राखी पूजा गर्न थाले पछि चैत्य मण्डल वा चैत्यस्थल बन्यो । प्रारम्भमा स्तूपलाई पूजा वस्तुको रूपमा राखिएकोमा कालान्तरमा बुद्धका प्रतिमाहरू प्रतिष्ठापित गरिएका थिए। पुनाको नजिक भाजा गाउँको चैत्य ग्रामीणगृहको ढाँचामा सादा एवं सामान्य ढङ्गले बनाइएको छ। यसमा कुनै कलाकारिता छैन। चैत्यको अगाडि विहारका कोठाहरू बनाइएका छन्। ई.पू. पहिलो शताब्दीतिर विहार बनाइन्थे। चैत्य र विहारको सम्बन्ध थियो। हीनयानी परम्परामा ठूला कोठाहरू बनाइन्थ्यो।

महायानी परम्पराका विहार फराकिला एवं धेरै कोठा भएका बनाउन थालियो। १५ देखि २५ कोठाहरू भएका विहार बनाइएका थिए। सातौं शताब्दीसम्म यो क्रम चलिरह्यो। अजन्ताको विहारमा करिब २०० भिक्षुगण बस्थे। ठूला-ठूला कोठाहरू बनाइने भएकोले भित्रिभागमा चारवटा स्तम्भहरू हुन्थे। ठूलो बोझ धान्नको लागि बीचमा स्तम्भ आकार बनाइन्थ्यो। कुषाणकालीन विहारको वास्तुशैली र प्रविधिमा पनि परिवर्तन देखियो। विहार क्षेत्रको चारैतिर विभिन्न भागहरू बनाइन्थ्यो । एकापट्टि मूल प्रवेशद्वार र तीनतिर विभिन्न आकार प्रकारका कोठाहरू बनाइएका हुन्थे। चतुष्कोणाकार क्षेत्रमा विभिन्न कोठाहरू बनाई बीच भागमा प्राङ्गण हुन्थ्यो। कलात्मक एवं आकर्षक ढङ्गले बनाइएका अङ्गप्रत्यङ्गयुक्त कुषाणकालीन विहारको अस्तित्व नासिक लगायतका स्थानहरूमा फेला पारिएका छन्। कमल पुष्पको आधारमा बनाइएका स्तम्भहरूमा पशु आकृति प्रतिष्ठापित गरिएको छ। महायानी भिक्षुको निवासमा बासस्थानको अतिरिक्त पूजास्थानसमेत थपिए । बीचको कोठामा बुद्धको प्रतिमा राख्न थालिएकोले हीनयानी भिक्षुहरूको बासस्थान भन्दा फरक ढाँचाको विकास भयो। एउटै विहार क्षेत्रमा बासस्थान एवं पूजास्थान, बीचको कोठामा बुद्धको प्रतिमा प्रतिष्ठापन, भष्मपात्रको पूजा अन्त्य र पर्खालमा विभिन्न कलात्मक आकृतिहरू बनाउने परम्पराको विकास भयो।

अजन्ता गुफादेखि करिब २४० कि.मी. उत्तर मालवाको बाघग्रामको गुफामा घोडा वा हात्तीको लस्कर, रङ्गिन बस्त्रधारण गरेका नृत्यमुद्राका स्त्रीहरू, राक्षस, यक्ष आदिका चित्रहरू बनाइएका छन्। ईसाको दोस्रो शताब्दीदेखि नवौं शताब्दीसम्म यसको निर्माण, मर्मतसम्भार र चित्रण भएको पाइन्छ । ईसाको पहिलो शताब्दीमा महायान मत प्रादूर्भाव भएकोले स्तूपको आसपासमा विहार बनाउने प्रचलन थपिएको तथ्य चिनियाँ यात्रीहरू फाहियान एवं हुएन-साङ्गले उल्लेख गरेका छन्। कुषाणकालमा स्तूप र संघारामको निर्माण एकै ठाउँमा गर्न थालियो। विहार आवास र स्तूपहरू पूजास्थल भएकोले दुवैको जमघट हुन पुग्यो । यसरी पूजास्तूपहरू (Votive Stupas) बनाउने परम्परा बढ्यो। अशोकले बनाएका स्तूपमा परिवर्तन गरी गान्धारकलाकारले यिनको आकार ठूलो बनाई आसपासमा विहारहरू खचाखच बनाउन थालियो। संघारामको वास्तुशैली र परम्परा विहारसँग मिल्दो बन्यो।

गुप्तकालमा विहारको वास्तुशैली र प्रविधिमा फरक देखा पर्‍यो । हिन्दू धर्मप्रति आस्थावान भए पनि बुद्धधर्मप्रति पनि विशेष योगदान दिएका थिए। बुद्ध घोष गुप्तकालीन बौद्ध कवि थिए। बौद्ध भिक्षुहरू कडाइका साथ विनयको पालन गर्दथे। गृहस्थीहरूले पनि भिक्षु प्रति श्रद्धाको भावना राख्दथे। राजाहरूले विहारहरूलाई भूमिदान दिएकोले निरन्तर सञ्चालन एवं व्यवस्थापनमा सघाउ मिलेको थियो । हीनयानी र महायानी भिक्षुहरूको सह( अस्तित्व कायम थियो । गुप्त शासकहरूको संरक्षकत्वमा नालन्दा र विक्रमशीला जस्ता बौद्ध केन्द्रहरूमा धर्मको प्रचारप्रसार एवं आत्मोन्तिको लागि आचार्यद्वारा पठनपाठन गरिन्थ्यो। यस बखत विहारलाई शैक्षिक केन्द्रको रूपमा समेत विकास गरिसकिएको थियो।

लुम्बिनी शाक्यमुनि बुद्धको जन्मस्थल भएकोले यहाँ विभिन्न व्यक्तिहरू तीर्थाटन गर्न आएका थिए। उनीहरूले आ-आङ्गनो श्रद्धाभक्ति र संस्मरणको रूपमा विभिन्न कलावस्तुहरू बनाईदिने र समर्पण गर्ने गर्दथे । समयको अन्तरालमा यी भौतिक सामग्रीहरू भू-गर्भमा छोपिन पुगे । सन् १८९६ देखि हालसम्म गरिएका अन्वेषण एवं उत्खनन्बाट प्रकाशमा आएका विभिन्न स्मारक (Monument) तथा कलावस्तुहरू (Artifacts) ले यहाँको विगतलाई पुनः व्यवस्थित एवं क्रमिक रूपमा संगठित गरिएको छ। समय(समयमा गरिएको उत्खनन्बाट विहारका खण्डहरहरू प्रकाशमा आएका छन्। यिनले बौद्ध भिक्षुहरू बासस्थान र पूजास्थानको रूपमा विहार बनाई लुम्बिनीमा बस्ने गर्दथे भन्ने तथ्य स्पष्ट गरेका छन्। यहाँ बाँस, काठ, घाँस, खर आदि शिघ्र नाशवान भौतिक सामग्रीहरूको उपयोग गरी बनाइएका प्राचीन विहारको अस्तित्व पुष्टि हुन सकेन। त्यसैगरी यहाँको भौगोलिक संरचना एवं भू-वनावटले गर्दा गुफाको प्रयोग भएको देखिन्न। प्रस्तरले बनेका विहारको पनि अस्तित्व छैन। माटो र मौर्यकालीन इँटाले बनाइएका विहारहरूको भौतिक अस्तित्व फेला पारिएको छ।

मूलतः त्यस बखत ग्रामीण आवासगृहहरूको अनुकरणमा सादा र सामान्य ढाँचामा यस्ता विहारहरू बनाइन्थे। भिक्षुहरूको आवासगृहमात्र भएकोले नाली, इनार, सभाहल, भान्सा कोठा, स्नानगृह आदि हुन्थे। तर दुर्भाग्यवस यहाँ मौर्यकालीन विहारहरूको संरचनामाथि कुषाण एवं गुप्तकालमा पुनः निर्माण, थप एवं बृद्धि गरिएका पर्खालका दोहोरो खण्डहरहरू पाइएकोले पूर्णरूपमा यिनका विशेषताहरू देख्न असजिलो पर्‍यो । कुषाण र गुप्तकालमा भिक्षुको आवाशको अतिरिक्त पूजास्थलसमेत बनाइने परम्परा विकास भएकोले त्रिशाला एवं चतुशालाको ढाँचामा विहारहरू निर्माण गरिए। विहारमा विश्रामकक्ष, शयनकक्ष, भान्सा, भण्डार, प्रतिमा प्रतिष्ठापित कक्ष (पूजाकक्ष) को साथै शैक्षिक केन्द्रको रूपमा समेत विकास भएकोले बीचमा सभाहल अर्थात् उपस्थानाहल बनाइन्थे। नालना एवं विक्रमशिला जस्तै यहाँ बुद्धका अनुयायीहरूलाई शिक्षादीक्षासमेत दिने गरिन्थ्यो । यसरी विहार कला, धर्म, संस्कृति र शिक्षाको संगमस्थलको रूप विकास गरिएका थिए। यसको प्रभाव सैनामैना क्षेत्रमा पर्नु स्वभाविकै हो। यहाँपनि यस प्रविधि र परमपराको आधारमा विभिन्न विहारहरू बनेका हुनसक्ने प्रवल संभावना छ। यसको वारेमा यहाँका ढिस्काहरूको यथोचित उत्खनन् भएमा स्पष्ट हुने नै छ।

### ९.७ गन्धकुटी

बौद्ध धर्मसँग सम्बन्धित मन्दिरहरूको वास्तुकला र ब्राह्मण वा जैन मन्दिरहरूको वास्तुकलामा समानता छ। केही बौद्ध मन्दिरहरू स्तूप आकारमा बनाइएका पाइए पनि अधिकांश मन्दिरहरू अधिष्ठान, जङ्घा र सुपरस्टक्टर समेतका विभिन्न अ·हरूले सजिसजाउ गरिएका हुन्छन्। मन्दिरको संरचनामा स्तम्भ, पिलास्टर, झ्याल, ढोका, गजुर आदि अङ्गहरू बनाइएका छन्। बौद्ध साहित्य चुल्लबग्ग र महाबग्गमा पाँच किसिमका मन्दिरहरूको उल्लेख गरिएको छ। अश्वघोषको बुद्ध चरितमा शाक्येश्वरालय र बौद्ध मन्दिरहरूमा गन्धकुटी, बोधीघर, गृहचैत्य, चैत्यघर, पटिमाघर र बोधिरूखप्रासाद नामले चिनिन्छ। विनयपिटकमा करेरीकुटी, कोशाम्बीकुटी, गन्धकुटी र सलालघर भनी चार किसिमका पवित्र स्थलहरूको उल्लेख छ। यी मध्ये गन्धकुटी बौद्ध वास्तुकला महत्त्वपूर्ण एवं लोकप्रिय माध्यम मानिन्छ। प्रारम्भमा सामान्य कुटीको रूपमा रहेको गन्धकुटी कालान्तरमा बौद्ध मन्दिरको रूपमा प्रख्यात भए। अशोकको पालामा बोधगया समेतका स्थानहरूमा यस्ता बौद्ध मन्दिरहरू बनाइएका थिए।

बुद्धको जन्मस्थल एवं बौद्ध संसारको रूपमा परिचित लुम्बिनीमा विभिन्न स्मारकहरू (Monuments) फेला पारिए। मन्दिरका पर्खालहरू फेला पारिए पनि तिनको अस्तित्व के कस्तो थियो भन्ने यकिन गर्न सकिएको छैन्। यहाँ अवस्थित मायादेवीको मन्दिर एकमात्र बुद्धसँग सम्बन्धित मन्दिर हो। शिखर शैलीको यो मन्दिर मौर्यकालदेखि ईशाको आठौं शताब्दीसम्म बारम्बार मर्मतसम्भार र पुनःनिर्माण गरिएकोले यसको प्राचीन मौलिक स्वरूपमा परिवर्तन हुँदै आएको पाइन्छ।

### ९.८ इनार (पोखरी)

प्रकृतिका प्रत्येक उपजहरू प्रत्यक्ष एवं परोक्ष ढङ्गले धर्मसँग सम्बद्ध देखिन्छन्। जल अग्नि, वनस्पति, सूर्य, चन्द्र, मृग, हात्ती, बाघ, साँढे आदि उपयोगितावादी सिद्धान्त अनुसार बुद्ध र बुद्ध धर्मसँग पनि सम्बद्ध छन्। यसै सिलसिलामा लुम्बिनीको पुष्करिणी पोखरी, स्मारक क्षेत्रको बीचमा रहेको चक्के इनार, तिलौराकोट दरवार परिशरको चक्के इनार, तौलिहवा समयमाई मन्दिरको पूर्वमा अवस्थित साबिक ज्ञवाली परिवारको आवास परिशरको कलात्मक पत्थरको इनार आदि समकालीन समाजको जीवन र जगतसँग जोडिएका छन्। त्यसैगरी सैनामैना क्षेत्रमा पनि प्राचीन इनार तथा पोखरीहरूको भौतिक अस्तित्व फेलापारिएको छ। यिनले एकातिर यहाँको भौतिक विकास र तत्कालीन समाजको जीवनस्तरको वारेमा प्रतिनिधित्व गरेका छन् भने अर्कोतिर कलाको इतिहास तथा शिल्पसौन्दर्यताको झलक दिएका छन्।

लुम्बिनीको पुष्करिणीलाई सिद्धार्थ कुप पनि भनिन्छ। मायादेवीले सिद्धार्थलाई जन्माउनु अघि र जन्माए पछि यस पोखरीमा स्नान गरेकी थिइन। यसमा तातो र चिसो पानी आउने प्रविधि जडान गरिएको थियो। चिनियाँ यात्री फाहियान पाचौं शताब्दीमा भ्रमणमा आउँदा यो पोखरी देखेका थिए। महारानी (मायादेवी) ले एउटा कुण्डमा जुहाएकी र उत्तरपट्टि २० पाइला हिंडे पछि हातले पूर्व दिशा फर्की रूखको हाँगा पक्रिन भनी उल्लेख छ। त्यहाँ पवित्र पिपलको वृक्ष समेत थियो। सातौं शताब्दीमा हुएन(साङ्गले पनि पोखरीको पानी ऐना जस्तो सफा रहेको, चारैतिर अनेक फूलहरू फुलेका र २४-२५ पाइला उत्तरतिर सुकेको अशोकवृक्ष रहेको वयान गरे। यसरी नै सैनामैना क्षेत्रका पोखरी तथा इनारहरूको सामाजिक उपयोगिता तथा धार्मिक महत्त्व रहिआएको देखिन्छ।

पुराना संरचना कालान्तरमा विनाश भएपछि सुख्खा जमिन र पुरावशेषहरू मानवीय अतिक्रमणको चपेटामा परे। तर पानीको मुहान भएकोले धार्मिक तथा उपयोगिताको आधारमा यिनको अस्तित्व पछिसम्म रह्यो। यसै सिलसिलामा बँचेका यहाँका कुवाहरूमध्ये रानी कुवा ऐतिहासिक दृष्टिले विशेष महत्त्वपूर्ण रहिआएको छ। यसको आसपासमा निर्दिष्ट आकारप्रकारका ढुङ्गाहरू छरिएको छोपिएको अवस्थामा यत्रतत्र छरिएको अवस्थामा छन्। यहाँ

हिउँद वा बर्षा जहिलेपनि यथेष्ट पानी रहेको हुन्छ।



रानीकुवा, सैनामैना-१

हाल यसलाई तारवार गरी संरक्षण गरिएको छ। यसमा पानीको मूल रहेको छ। यति मात्र नभई यसको आसपासमा पुरानापुराना कलात्मक तथा निर्दिष्ट आकारप्रकारका प्रस्तर खण्डहरूसमेत छन्। यसले यस क्षेत्रमा पुरानो बस्ती रहेभएको स्पष्ट हुनेगर्दछ।

सैनामैनाको महेरवास्थानमा प्राकृतिक रूपमा रहेको कुवा पनि महत्त्वपूर्ण रहेको छ। यहाँको भौगोलिक संरचनाको आधारमा यसको उपयोग पाषाणकालदेखि नै हुँदै आएको देखिन्छ।



अध्ययनटोलीले अध्ययन अवलोकन गर्दै

Longitude (E) = 83.3810850, Lattitude (N) = 27.6911870, Height = 115.2m

यस क्षेत्रको पुरातात्विक, ऐतिहासिक तथा धार्मिक महत्त्व ओगटेका कुवामध्ये ठूलो कुवाको अस्तित्व सुरक्षित छ। यसको आसपासमा अहिले यत्रतत्र फेला परेका विभिन्न कलावस्तुहरू पनि सङ्ग्रह गरिएका छन्। यसको संरक्षणको क्रममा मौलिकता भने हराएको छ।



ठूलोकुवा, सैनामैना-१

यस क्षेत्रका लौकिक तथा धार्मिक महत्त्व बोकेका विभिन्न पोखरी र इनारहरूमध्ये भूतकुवा, चम्कीपुरकुवा, ड्रिङनगरकुवा, सुनकुवा (ठूलो प्लेट), कालिकामन्दिर छेउ रहेको कुवा, बौराहाखोलाको कुवा, पत्थरकुवा आदि रहेका छन्। यीमध्ये केहीको विवरण पुरातात्विक स्थल वारे चर्चा गर्दा समावेश गरिएको छ।



चम्किपुरको पुरानो इनार, बुटवल उ.म.न.पा.-१५

Longitude (E) = 83.4066390, Lattitude (N) = 27.678310, Height = 112.1m

यसै क्षेत्रमा रहेका विभिन्न इनार वा कुवाको भौतिक स्वरुप समाप्त भैसकेको अवस्थामा केही इनारहरू उपलब्ध भएका छन्। यसमा निर्दिष्ट आकारप्रकारका प्रस्तर तथा इँटाहरू रहेका छन्। यसको आसपासमा पुराना रस्तीबस्तीको संभावना रहेको छ। यसको अनुसन्धानबाट यहाँको सभ्यता पहिचान हुने छ।



ठूलो प्लेटकुवा, बुटवल उ.म.न.पा.-१२
Longitude (E) = 83.3865140, Lattitude (N) = 27.7002860, Height = 145.2m

यस कुवामा गाडधनको खोजी गर्ने सिलसिलामा अनधिकृत ढंगले उत्खनन् गरिएको देखिन्छ । यसको कुनै संरक्षण तथा नियन्त्रण देखिदैन।

बौराहाखोलाको बीचमा अवस्थित इँटाले बनेको कुवाको आफ्नै मौलिक अस्तित्व रहेको छ। यसको वारेमा यथास्थान चर्चा गरिएको छ। यसको संरचनाले यस क्षेत्रको बसोवास रहेभएको देखिन्छ।



बौराहाखोला बीचको इनार

यी विभिन्न इनार वा कुवाहरूको अस्तित्वले यहाँको बसोवासको वारेमा विशेष सूचना प्रदान गरेको देखिन्छ। यी यहाँका सभ्यता र संस्कृतिका सबुतप्रमाण मानिन्छन्।

## ९.९ लौकिक वास्तुकला (Secular Architecture)

लुम्बिनीग्रामको अस्तित्व प्राचीनकालदेखि नै थियो। कपिलवस्तुको शाक्य र देवदहको कोलीय राज्यको साझा उपवनको रूपमा अवस्थित लुम्बिनीमा ई.पू. छैटौं शताब्दी भन्दा अगाडि नै बसोवास रहेको तथ्य उत्खनन्ले पुष्टि

गरिसकेको छ। शाक्य राज्यको पूर्वी सिमाना रोहिणी नदीसम्म रहेकोले लुम्बिनी उनीहरूको भौगोलिक क्षेत्रमा पर्दथ्यो। कपिलवस्तु गणराज्यमा विभिन्न गणक्षेत्रहरू पर्दथे। एउटा बसोवासबाट अर्कोमा जाँदा बीच बाटोमा घना जङ्गल पार गर्नु पर्दथ्यो। सडकमा पङ्तिबद्ध ढङ्गले आवासगृह निर्माण गरिन्थ्यो। भित्तामा सेतो रङ्ग लगाई चित्रसमेत कोर्ने परम्परा थियो। फोहोरमैला फ्याँक्ने ढलनालीको व्यवस्था गरिएको हुन्थ्यो। सहरको सुरक्षाको लागि पर्खाल, खाइ र वनदुर्गाको समेत व्यवस्था गरिन्थ्यो।

यसरी उन्नत अवस्थामा रहेको कपिलवस्तुको एउटा भाग सैनामैना थियो। ई.पू. तेस्रो शताब्दीमा सम्राट अशोकले लुम्बिनीको अस्तित्व स्पष्ट गरे। यहाँका वासिन्दाहरूले सरकारले तोकेको कर तिर्दै आएकोमा विशेष छुट दिए। यसले यहाँको व्यवस्थित बसोवास र आधिकारिकता पुष्टि गर्दछ। मायादेवी मन्दिरको करिब १५० मि. दक्षिण (हाल प्रहरी कार्यालय रहेको) को ढिस्को (Mound) को प्रारम्भिक उत्खननमा फेला परेका पुरावशेषहरूले ई.पू. छैटौं शताब्दीको अस्तित्व पुष्टि गरेका छन्। यहाँ १० तहको चरणलाई कालक्रममा समावेश गरिएको छ। यो ढिस्कोमा प्राचीन माटाका भाँडावर्तनका टुक्राहरू समेत फेला पारिए। यी सन्दर्भले भवन निर्माण, पर्खाल, इनार, सडक आदि लौकिक वास्तुकलाको विकास भएको सेङ्गत मिल्दछ।

यस क्षेत्रको सतहमा पाइएका पुरावशेषको आधारमा मात्र विगतको आँकलन गर्न नसकिएपनि यिनको संरचनागत आधारहरू उपयोगी हुनेभएकाले केही सन्दर्भहरू यहाँ समावेश गरिएका छन्।



मूर्धनीका वास्तुअङ्गहरू, सैनामैना-२

ढिस्कोमा रहेका यी कलावस्तुहरूले तत्कालीन वास्तुकलाको वारेमा स्पष्ट जानकारी गराएका छन्। त्यसैगरी यहाँको इँटाको ढिस्को यसको सबुत प्रमाण हो। यसका चित्र यथास्थान समाविष्ट गरिएका छन्।

यहाँका प्राचीन रस्तीबस्तीहरू रहेका विभिन्न स्थलहरूमा इँटाका खण्डहरहरू फेला परेका छन्। यिनले यहाँको भवन निर्माण परम्परा, प्रविधि र शैली वारे विशेष जानकारी गराएका छन्।



इँटाका पङ्तिहरू
यहाँको एकान्त वनजंगलमा पनि यस्ता इँटाका खण्डहरहरू फेला परेका छन् ।



जोगीडाँडा (योगडाँडा)

यी इँटाहरूले यहाँको भौतिक निर्माण वारे जानकारी गराउँदै आएका छन् । त्यसैगरी यहाँ ज्यामियीय ढुङ्गाले निर्दिष्ट आकारप्रकारका प्रस्तर खण्डहरू उपयोग गरी विभिन्न भौतिक संरचना तयार गर्ने चलन थियो । समयको अन्तरालमा भवन भत्किएपछि तिनमा लगाइएका ढुगांहरू यत्रतत्र छरिएर छोपिएर रहेको अवस्थामा फेला पारी मन्दिर, कुवा वा अन्य सार्बजनिक स्थलहरूमा थुपारिएको देखिन्छ।



ठूलोकुवा (राजा कुवा) परिशर, सैनामैना-१
यहाँको घना सालको जंगलको बीचबीच भागमा पनि यस्ता खण्डहरहरू रहेका छन् ।



ठूलो प्लेट, बुटवल उ.म.न.पा.-१२

यहाँका घर, गोठ, मठमन्दिर वा अन्य कुनै संरचना तयार पार्दा बखतसमेत पुरानापुराना संरचना तथा कलावस्तुहरू फेला पर्नु कुनै अनौठो नरहेको तथ्य स्थानीय पाका व्यक्तिहरूले बताउने गर्दछन् ।



बीचटोल सैनामैना-१ रुद्रलाल बिकको घरको जग खन्दा फेला परेका प्रस्तर वास्तुकला



वास्तु अङ्ग

Longitude (E) = 83.3834210, Lattitude (N) = 27.6927550, Height = 116.847m

यहाँको भवन निर्माण प्रविधि र परम्परा उत्कृष्ट थियो । देवालय होस् वा व्यक्तिगत आवास निर्माण गर्दा कलाकारितालाई विशेष प्राथमिकता दिनेगर्दथे । ढोका, झ्याल, खम्बा, तोरण, टँङ्डाल, टङ्सल, दलिन, गजूर आदिका भागहरू एकातिर उपयोगितावादी प्रबृत्तिमा आधारित थिए भने अर्कोतिर शिल्पसौन्दर्य निपूण रहेको थियो । प्रस्तर जस्तो कठोर मध्यममा पनि कलाकारले आफ्नो छिनो सहज र सरल ढंगले चलाएको देखिन्छ । कलामा जुन

निख्खरता र परिमार्जित शिल्प सौन्दर्य छ त्यसले यस क्षेत्रको मानव सभ्यता र संस्कृतिको उर्बरताको प्रतिनिधित्व गरेको छ । यसकै ज्वलन्त उदाहरणको रूपमा हाल प्राकृतिक चिकित्सालयको नजिकै चौतारीमा राखिएको यो कलाकृति हो । यस्ता कलाकृतिहरू यहाँ यत्रतत्र छरिएर छोपिएर रहेको अवस्थामा पाइन्छन् । यो कुनै आश्चर्यको कुरा रहेन यहाँको लागि । खालि संरक्षण र संबर्धनको चुनौती हो यो ।



जंगलमा फेला पारी हाल संग्रहालयमा सुरक्षित


यो कलात्मक प्रस्तर कुनै वास्तु अङ्ग हो । नीलोकालो प्रस्तरको ज्यामितीय आकारमा बनाइएको यसमा विभिन्न कलात्मक आकृतिहरू अङ्कित गरिएका छन् । एकातिर यी आकृतिहरूले यहाँको कलाको झलक दिएका छन् भने अर्कोतिर वास्तुकलाको अवस्था वारे स्पष्ट प्रतिनिधित्व गरेका छन् । यसको बीचमा अङ्कित अष्टदल कमलपुष्पले बुद्ध धर्म र संस्कृतिको झलक दिएको छ । संभवतः यो कुनै बौद्ध विहारको प्रवेशद्वारको माथिल्तिर राखिएको भाग हो । जे होस् यहाँ यस्ता अनगिन्ती वास्तु अङ्गहरू रहेका छन् । यहाँ चर्चा गरिएका त केवल नमूनामात्र हुन् ।

सैनामैना नगरपालिका वडा नं. १ को बीचटोलको उत्तरपूर्वको ढिस्कोमा रहेका विभिन्न कलावस्तुहरू मध्ये प्रस्तरको ढोका खण्ड उपलब्ध गरिएको छ । कलात्मक एवम् आकर्षक यस खण्डमा विभिन्न ज्यामितीय आकृतिहरू अङ्कित गरिएका छन् । कालो(निलो प्रस्तरमा बनाइएको यस वास्तु अङ्गले यहाँको भवनको अस्तित्व र यसको वास्तुकलाको प्रवृति र परम्पराबारे जानकारी गराउँदछ । हाल यो सङ्ग्रहालयमा रहेको छ ।



वास्तु अङ्ग

नीलो-कालो प्रस्तरको वृत्ताकारको चक्र रानीकुवा भग्नावशेषको उत्तरपट्टिको स्थानमा फेला परेको थियो। उक्त चक्र हाल लुम्बिनी सङ्ग्रहालयमा रहेको छ। यसको बीचभागमा वृत्ताकारको प्वाल रहेको छ। यसको बाहिरी भागमा आकर्षक रेखात्मक आकृतिहरू अङ्कित गरिएका छन्। लामो समयको अन्तरालमा हावाहुरी वर्षात्‌ले पनि यसको मौलिकतामा कुनै असर पारेको देखिदैन। यसको प्रयोजनबारे खोज खबर गर्दा सम्भवत् विशाल मन्दिर वा विहार शिरो भागमा गजुर राख्दा आधारको रुपमा प्रतिष्ठापित गरिएको देखिन्छ। यसले यस क्षेत्रको वास्तुकलाको विकास र धार्मिक परम्पराको प्रतिनिधित्व गर्दछ।



प्रस्तर चक्र

वास्तुकलाको अङ्गको रूपमा रहेको पवित्र स्थलमा प्रवेश गर्ने द्वारको माथिल्लो पट्टिको सँघारको भाग रानीकुवा भग्नावशेषमा फेला पारिएको थियो। यसमा तिनवटा मानव आकृतिहरू देवत्व झल्काउँने गरी कलात्मक

एवम् आकर्षक ढङ्गले उत्कीर्ण गरिएका छन् । यी मध्ये पहिलो स्थानक मुद्रामा अवस्थित छ । यसको दाहिने हात कम्मरमा अढाईएको छ भने बायाँ हात पनि सोही मुद्रामा रहेको देखिन्छ। बोझिला कुडंल कुमसम्म लद्रिएका छन् भने शिरो भागका अङ्गहरू अस्पष्ट छन् । यसको शारिरीक अनुपात तालमेल मिलेको छ । यसको माथिल्लो भागमा कलात्मक पुष्प आकृति अङ्कित छ।

यसको बायाँ पट्टि चतुर्भुज आकारमा बनाइएको ज्यामितीय अङ्गको बीचमा बज्र अङ्कित गरिएको छ। यसको बायाँ पट्टि रहेको अर्को आकृतिको दायाँ हातले टाउको समातेको छ भने बायाँ हात कम्मरमा अडाइ रहेको देखिन्छ। शिरो भाग खण्डित अवस्थामा छ । त्यसै गरी कम्मरदेखि तल्लो भाग टुटेको देखिन्छ। शारिरीक अनुपात भने मिल्दो अवस्थामा छ। त्यसैगरी त्यसको बायाँपट्टि रहेको आकृति स्थानक मुद्रामा अवस्थित छ। बोझिला कुडंलहरू कुमसम्म लद्रिएका छन् भने केश विन्यास कलात्मक ढङ्गले गरिएको छ। उत्तरीय वस्त्र लगाएको यस आकृति तल्लो खण्ड भने खण्डित छ। यसको शिरो भागमा पहिलो र दोस्रोमा जस्ते कलात्मक पुष्प आकृति अङ्कित गरिएका छन्।

यी लक्षणहरूले यो प्रस्तर खण्ड पवित्र देवालयमा अवस्थित रहेको देखिन्छ। जुन कालन्तरमा खण्डित हुन पुग्यो।



सँघार

सैनामैनामा विशाल सभ्यताको विकास र विस्तार भएको थियो । यहाँ प्रस्तरका देवालय तथा आवासीय भवनहरूका खण्डहरहरू यत्रतत्र छरिएर छोपिएर रहेका छन् । यीमध्ये यो गजुरभाग पनि विशेष महत्त्वपूर्ण वास्तुअङ्गको रूपमा रहिआएको छ। यसका विभिन्न अङ्गमध्ये भूमि, आमलक, कलश र स्पाइरल यसमा रहेका छन्। ज्यामितीय ढङ्गले यसका विभिन्न अङ्गहरू समानुपातिक आधारमा बनाइएका छन्। तलदेखि माथिल्तिर क्रमशः आकार सानो हुँदैगएको छ। यो गजुर कार्यशालामा बनाउँदैको अवस्थामा रहेको प्रतीत हुन्छ। किनकि फलकको अनावश्यक भाग नहटाइएको अवस्थामा छ । संभवतः स्पाइरलको कलाकारिता प्रभावकारी नभएकोले निर्माणमा उपयोग नगरिएको देखिन्छ। यो थप अध्ययनको विषय बनेको छ। जे रहे भएपनि वास्तुकलाको दृष्टिले यसको आफ्नै मौलिक पहिचान र परिचय रहेको छ।



वास्तुकला

**निष्कर्ष:**

यहाँ प्यागोडा तथा शिखर शैलीका मन्दिरहरू रहेका छन्। यी पनि यहाँका वास्तुकलाका महत्त्वपूर्ण अङ्ग हुन्। मन्दिरहरूको यथास्थान उल्लेख गरिएको छ । पर्रोहा बोलबमधाम, भैरव थान, कालिका, दुर्गा, मलमला देवी थान,उचडीहवाको मन्दिर, लखनपाराका कोटियामाई आदि देवालयहरू प्यागोडा शैलीमा बनेका छन् । यसैगरी गुम्बज शैलीमा बनेको ब्रह्मबाबाको मन्दिर, कालमोचन मन्दिर आदि विशेष महत्त्वपूर्ण छन्। यस्तो शैली यहाँ निकै कम प्रयोग गरिएको देखिन्छ।

## परिच्छेद : दश
# सैनामैनाका धार्मिक प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू

### १०.१ विषय प्रवेश

सैनामैना क्षेत्र प्राचीन कालदेखि नै दार्शनिक, धार्मिक र सांस्कृतिक रूपमा सुप्रसिद्ध रहँदै आएको छ। आदिवासी थारु समुदाय बसोवास गर्ने यस क्षेत्रमा यातायात र संचारको विकास र प्रयोगसँगै वर्तमानमा झण्डै सतहत्तरै जिल्लाका विभिन्न जातजातिहरू यस क्षेत्रमा बसाइ सरी आएकाले अहिले यो क्षेत्र नेपालका सबै जातजातिको सुन्दर र साझा फूलवारीका रूपमा अस्तित्वमा आएको छ। शैव सम्प्रदाय, वैष्णव सम्प्रदाय, शाक्त सम्प्रदाय र बौद्ध सम्प्रदायको समिश्रित समाजको रूपमा रहेको यस क्षेत्रमा इस्लाम धर्मावलंवीका साथै केही मात्रामा ईसाइ सम्प्रदाय पनि रहेका छन्। कृषि, व्यापार, उद्यमव्यवसाय र अन्य व्यवसायिक कामका सिलसिलामा यस क्षेत्रमा आ(आफ्नो व्यवसाय संचालित भएको देखिन्छ। प्राचीन शाक्य गणराज्यबाट शासित यस पवित्र भूमिमा मध्यकालमा कर्णालीको खस शासक र सेनकालमा सेन शासकद्वारा शासित यस क्षेत्रमा प्राचीन कालदेखि अर्वाचीन कालसम्मका दर्शन, योग, धर्म संस्कृतिले गहिरो प्रभाव पारेको देखिन्छ। पद्मपाणि बुद्ध/वोधिसत्वको महत्त्वपूर्ण पवित्र आश्रमस्थल रहेको यस क्षेत्रमा अनेक धाम, तीर्थस्थल, मठमन्दिरहरूका पुरावशेषले प्राचीन इतिहासको दिग्दर्शन गरिरहेका छन्। यस परिच्छेदमा केही महत्त्वपूर्ण ऐतिहासिक र हालसालै निर्माण र संचालनमा आएका मठ-मन्दिर, धाम र तीर्थस्थलहरूको सङ्क्षेपमा परिचय दिने जमर्को गरिन्छ।

### १०.२ पर्रोहापरमेश्वर धाम

पर्रोहापरमेश्वर धाम सैनामैना नगरपालिका वडा नं. १ को पूर्व पश्चिम राजमार्गदेखि करिब २ कि.मि. दक्षिणमा प्राचीन पर्रोहापरमेश्वर धाम रहेको छ। १ विगाहा १२ का क्षेत्रफल जमिन ओगटेको यस धाममा तले शैलीको भव्य सुन्दर मन्दिर निर्माण भएको छ। पहिले पर्रोहापरमेश्वर धाम भनेरचिनिने यस धामलाई केही वर्ष यता पर्रोहापरमेश्वर बोलवम धामका रूपमा अगाडि बढाइएको छ। मन्दिरभित्र प्राचीन प्रस्तर शिव ज्योर्तिलिङ्गको मूर्ति रहेको छ। यसमन्दिरको दक्षिणपट्टि गणेश मन्दिर रहेको छ। यस बोलबमको परिसर भित्र यज्ञशाला, सन्तोषीमाताको मूर्ति, हवनकुण्ड, माता पार्वतीको मन्दिर, लक्ष्मीनारायण मन्दिर, राधाकृष्ण मन्दिर, धाम-सरोवर र त्यसमा १०८ शिवलिङ्ग, बसाहा, नागमूर्ति र अन्य पाटी-पौवा र धर्मशाला आदि रहेका छन्। अहिले जमिनको सतहमुनि रहे पनि यस परिसरभित्रै प्राचीन इनार थियो भन्ने स्थानीय वासिन्दा र मन्दिरका पूजारीले दावी गर्दछन्। यी प्राचीन पुरातात्विक महत्त्व बोकेका भग्नावशेषले यो पर्रोहापरमेश्वर धाम क्षेत्र प्राचीन वस्ती हो भन्ने आधार बनेको छ। उत्खनन् र विश्लेषणको प्रतीक्षामा छ। अहिलेको अवस्थामा पर्रोहापरमेश्वर धाम यस क्षेत्रको सबैभन्दा महत्त्वपूर्ण धार्मिक धामको रूपमा रहेको छ। नित्य पूजन-कीर्तन हुने यस धाममा श्रावण महिना र महाशिवरात्रि जस्ता पर्वहरूमा भव्य मेला लाग्ने गर्दछ। लक्ष्मणघाट, देवघाट, त्रिवेणीधाम, रिडी, कालीगण्डकी, मुक्तिनाथ र मानस सरोवरबाट समेतबाट जल ल्याईयहाँ अर्पण गर्ने र यहाँको जल पनि उपर्युक्त स्थानमा अर्पण गर्ने गरिन्छ। श्रीमहादेवको सम्मानमा जल अर्पण गर्ने परम्परा विकास भएकोले बोलवम ध्वनिले पर्रोहापरमेश्वरको प्रचार प्रसारमा व्यापकता पाएको छ। यो पर्रोहापरमेश्वरधाम सैनामैना क्षेत्रको पशुपति मन्दिर जस्तै सर्वमान्य र संपूज्य बनेको छ। धार्मिक, सांस्कृतिक, पर्यटन प्रवर्द्धनको यो भरपर्दो आधार बनेको छ। नेपाल सरकारले हुलाक टिकट समेत प्रकाशन गरी यस धामको महत्त्वलाई उच्च प्राथमिकता दिएको पाइन्छ। पर्रोहापरमेश्वर धामको विधानको प्रस्तावनामा उल्लेखित अंश यस प्रकार रहेको छ - "बोलवम धाम मन्दिरले यस क्षेत्रलाई आशुतोष भगवान्

शिवको निवास क्षेत्रको रूपमा राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्‌मा पर्रोहालाई प्रसिद्ध बनाएको छ। यहाँ ज्योतिर्लिङ्गको साथै पार्वती, श्रीगणेश, स्कन्ध कुमार, हनुमान सहित भगवान शिवको परिवारको निवास भएको जनविश्वास रहेको छ। यस पवित्र तीर्थस्थल वारेमा महिमा उजागर गर्ने कामको थालनी ब्रह्मलीन श्री श्री श्री १०८ नागाबाबा रमेश गिरीजी महाराजले गर्नु भएको हो। त्यसैले वहाँलाई यस धामको पुनर्जागरणकर्ता अर्थात् उत्थानकर्ताको रूपमा सम्मान गरिएको छ। वहाँको प्रेरणाले यस धामको चौतर्फी विकास गर्न राष्ट्रमा अध्यात्मिक जागरण ल्याउन, वैदिक विद्यापीठ संचालन गर्दै नित्य पूजा र स्तुति, बोलवम श्रावणी मेला शिवरात्रि मेला, शिव पुराण महात्म्य जस्ता वैदिक कार्य भैरहेका छन्।"

बोलवम धामको मन्दिर व्यवस्थापन समितिको विधानको प्रस्तावनामा भनिएको उपर्युक्त कुराबाट यो मन्दिर प्राचीन कालदेखिनै प्रतिष्ठापित रहँदै आएको पाइन्छ।






पर्रोहापरमेश्वर मन्दिर
Longitude (E) = 83.3570960, Lattitude = 27.6747350, Height = 106.7m

### १०.३ मलमला धाम

सैनामैना नगरपालिका वडा नं. ६ को पूर्व पश्चिम राजमार्गदेखि उत्तरतर्फ चुरे श्रृङ्खलाको काखमा अवस्थित थुम्कोमा मलमला धाम रहेको छ। थारु जनसमुदायको आराध्य इष्टदेवीका रूपमा मलमला चौर बाबाको थान रहेको छ। यस मन्दिरमा स्थानीय थारु समुदायबाट सम्मानित गुरुबाट पूजा-अर्चना गर्ने गर्दछन्। मलमला चौरा बाबाको नामकरण र प्रतिष्ठापन कसरी भयो भन्ने सम्बन्धमा यसै सैनामैना नगरपालिका वडा ५ का वर्ष ५० का बुद्धि चौधरीको भनाइ यस्तो छ - बाघ, बानर, निलगाई जस्ता जङ्गली हिंस्रक र शाकाहारी जनावरबाट मानव समुदायलाई आक्रमण गर्ने, मार्ने तथा खेतवारीको बालीनाली नष्टभ्रष्ट पारी ठूलो क्षति पुऱ्याउने गर्दथे। यी जङ्गली जनावरबाट आत्मसुरक्षा तथा बालीनालीको संरक्षण गर्नका लागि स्थानीय थारु समुदायले उपायहरूको खोजी गरे। सेतो कपडा देखी जङ्गली जनावर भाग्ने गरेको कुरा थाहा पाए। त्यसैले उनीहरूले श्वेत मलमलको कपडामा चौर (चामल) राखी त्यसै मलमला बाबाधाम क्षेत्रमा छाडिदिने गर्न थाले।

यसबाट जङ्गली जनाबर गाउँबस्तीमा पसेर दु:ख दिन छोडे। यसपछि स्थानीय बासिन्दामा एउटा विश्वास भयो कि हामीले चढाएको श्वेत मलमलको चौर (चामल) ले हामीलाई सुरक्षा गरिरहेको छ। पक्कै हाम्रा इष्टदेवले हाम्रो प्रार्थना सुनेर हामीलाई रक्षा गरेका छन्। यसैले उनीहरूले ती मलमला-बाबालाई इष्टदेवठानी शक्तिका रूपमा पूजा आरधाना गर्न थाले। पूजा विधिमा पनि परिमार्जन गरी दूध र रोट चढाउन थाले। ग्रामरक्षक, जनरक्षक र आफ्नो वस्तुभाउ-रक्षक ठानेर मलमला बाबाको पूजा आराधानालाई यसरी नै निरन्तरता दिइएको हो। यसभित्र धार्मिक विश्वासका साथै श्वेत कपडाभित्र चामल राखेर जङ्गली जनावरलाई चढाउने यो भौतिक विधि एउटा उपायको रूपमा पनि लिन सकिन्छ। श्रावण महिना, दशहरा र दशैं जस्ता पर्वहरूमा गोरवाल तप्पा क्षेत्रका आम थारु-समुदायले आफ्ना आराध्यइष्टदेव मलमला बाबाको गहिरो आस्था विश्वासका साथ पूजा अर्चना गर्दछन्। मानव जातिको वाहनका रूपमा रहेका अत्यन्त उपयोगी जनावर हात्ती घोडहरूका साथै बाघ स्वरूपका माटाका आकृतिहरू अवशेषका रूपमा रहेका छन्। पछिल्ला दिनमा यसै मलमला बाबाको शक्ति स्वरूपलाई ग्रहण गरेर अन्यत्रबाट बसाइ सरी यसै ठाउँमा बसोबास गर्न थालेका जन समुदायले पनि मलमला देवीको मन्दिर निर्माण गरी संचालनमा ल्याएका छन्। चैते दशैं र असौजे दशैं जस्ता चाडपर्वहरूमा पूजा आराधाना गर्ने प्रचलन अघि बढेको देखिन्छ। मलामला चौरबाबाको पूजा गर्ने परम्परासँगै त्यसै क्षेत्रको भडोसामा माघे औंसीको दिन भडोसा मेला लाग्ने परम्परा सुरु भएको हो र यसलाई स्थानीय वासिन्दाले निरन्तरता दिइरहेका छन्।





मलमला चौरबाबा धाम
Longitude (E) = 83.313310, Lattitude = 27.7102240, Height = 299.1m

### १०.४ राजापानी सिमसार क्षेत्र


सैनामैना नगरपालिका वडा नं. ११ को राजापानी सिमसार क्षेत्र सामुदायिक वन भित्र राजापानी सिमसार क्षेत्र रहेको छ। हाम्रो स्थानीय भाषामा सबैभन्दा सुन्दर राम्रो र उच्चलाई राजा वा रानी भन्ने चलन छ। यस सिमसार क्षेत्रमा रहेको पानी अत्यन्त निर्मल, स्वच्छ र स्वास्थ्यबर्द्धक रहेको छ। यसर्थ स्थानीयबासीले राजापानी भनेको पाइन्छ। यही सर्वश्रेष्ठ पानीको नामबाट यस सिमसार क्षेत्रको नाम पनि राजापानी रहेको छ। राजापानीबाट सिंचाई कुलो बनाइ खेत सिंचाइ गर्ने काम गरिएको छ। स्थलगत अवलोकन गर्दा यस क्षेत्रमा सुन्दर राजापानी सरोवर निर्माण गरेर पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना पनि देखिन्छ।



राजापानी सिमसार क्षेत्र
Longitude (E) = 83.2514790, Lattitude (N) = 27.6722240, Height = 107m

### १०.५ लामीरह

सैनामैना नगरपालिका वडा नं. ३ मा लामीरह रहेको छ । राजमार्गको मूर्गियादेखि उत्तरचुरे पर्वत श्रृङ्खलाको फेंदमा रहेको गंगानगरमा प्राकृतिक रह छ । यो रह उत्तर दक्षिण लम्बाइ भई फैलिएको हुँदा लामोरहको सट्टा मिठासपूर्ण भाषामा लामीरह भनिएको पाइन्छ। उपयुक्त योजना बनाएर यो प्राकृतिक रहलाई व्यवस्थित गर्ने हो भने सिंचाइ रमत्स्य पालनका साथै स्वीमिङ पुल (पौडी पोखरी) को रूपमा विकास गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने संभावना छ।



लामीरह
Longitude (E) = 83.3529170, Lattitude (N) = 27.6936320, Height = 141.5m

### १०.६ सैनामैना पर्यावरणीय तथा साँस्कृतिक सङ्ग्रहालय

सैनामैना पर्यावरणीय तथा सांस्कृतिक सङ्ग्रहालय यसै नगरपालिकाको वडा नं. १ मा रहेको छ। राजमार्ग सैनामैना चोकबाट करिब ९०० मिटरको दूरीमा रहेको यो सङ्ग्रहालय पुरातात्विक प्रस्तर मूर्ति शिलापत्र आदि नमुना दर्शनीय क्षेत्र हुनसक्ने प्रवल सम्भावना छ। करिव १२ विगाहा क्षेत्रफलमा नगरपालिकाले बुद्धायन तथा विपश्यना ध्यानकेन्द्र सहितको सङ्ग्रहालय निर्माण गर्ने गुरुयोजना तयार गरिएको नगर प्रमुख चित्र बहादुर कार्कीले बताउँछन्। यथा समयमा यो सङ्ग्रहालय निर्माण हुँदाका बखत यो सङ्ग्रहालय ५ नं. लुम्बिनी प्रदेशकै आकर्षक गन्तव्य स्थल बन्ने कुरामा कुनै शङ्का छैन।



साँस्कृतिक सङ्ग्रहालय निर्माणस्थल
Longitude (E) = 83.3830260, Lattitude (N) = 27.6936320, Height = 113.394m

### १०.७ कोटियामाई थान वक्सडडाँडा

सैनामैना नगरपालिका वडा नं. ५ बक्सडडाँडामा कोटियामाईको थान रहेको छ।आफ्नो भाकल पूरा हुँदाका बखत रोडा सिमेन्टबाट निर्मित हात्ती घोडा त्यहाँ लगेर प्रतिष्ठापित गरी पूजा अर्चना गर्ने थारु सांस्कृतिक परम्परा अनुसार अहिले त्यहाँ झण्डै सय थान कलात्मक हात्तीघोडाहरू राखिएका छन्। साथसाथै प्राचीन कालदेखि राख्ने गरिएका माटाका हात्तीघोडा त झन् हजार भन्दा बढी रहेको देखिन्छ। तारवारभित्र एउटा सानो चिटिक्कको तर सुन्दर कलात्मक माईको थान (मन्दिर) रहेको छ। मन्दिर प्रवेशको द्वारमा भीमकाय सुन्दर आकृतिका जोर हात्तीले प्रवेशद्वारको पूर्व पश्चिम ठिङ्ग उभिएर आगन्तुकहरूलाई स्वागत गरेको दृश्यले अद्वितीय गन्तव्यस्थलको रूपमा पर्यटकीय विकासको आधार खडा गरिसकेको छ। यस माईथान क्षेत्र साँच्चैको थारु पर्यटकीय सङ्ग्रहालय बनिसकेको छ र भविष्यमा थप आकर्षक सङ्ग्रहालय बन्न सक्ने संभावनालाई कसैले नकार्न सक्दैन।



कोटियामाई थान वक्सडडाँडा

### १०.८ किराँतेश्वर महादेव मन्दिर

सैनामैना नगरपालिका वडा नं. ८ मा किराँतेश्वर महादेव मन्दिर अवस्थित छ। पूर्व-पश्चिम राजमार्ग बाँसगढीदेखि करिब १ कि.मि. दक्षिण गजेडी ताल जाने बाटोकै छेउमा यो किराँतेश्वर महादेवको मन्दिर र मूर्ति स्थानीय जनताको आराध्यदेवका रूपमा रहेका छन्। करिव २ विगाहा क्षेत्रफल मन्दिरले ओगटेको छ। यस किराँतेश्वर महादेव परिसरभित्र बुद्धको मूर्ति, राधाकृष्णको मन्दिर र मूर्ति एवम् धर्मशाला, पाटी(पौवा आदि समेत हुनुले धार्मिक समन्वय र सहिष्णुताको अपूर्व मिलनलाई प्रदर्शित गरेको छ।





किराँतेश्वर महादेव मन्दिर    बुद्धको मूर्ति

Longitude (E) = 83.255270, Lattitude (N) = 27.7348070, Height = 192.7m

### १०.९ फूलवारी योगआश्रम क्षेत्र

सैनामैना नगरपालिका वडा नं. १० मा फूलवारी नामले परिचित सुन्दर बगैंचा रहेको छ । सयौं आँपजातको वृक्षले बनेको यो बगैंचालाई फूलवारी भनेको पाइन्छ। पूर्व-पश्चिम राजमार्गदेखि करिब ३ कि.मि. उत्तर ऐतिहासिक बल्ढेङगढी किल्लामा जाने बाटैको छेउ अविरल बहने कञ्चन खोलाको पूर्वी भागमा रहेको यो बगैंचा पर्यटकको आकर्षणको केन्द्र बनेको छ। यसै बगैंचाको परिसरभित्र महादेवको मन्दिर रहेको छ। यस बगैंचा र मन्दिर क्षेत्रलाई योगीकुटी पनि भनिन्छ। जोगी शब्द योगीबाट अपभ्रंस रूप हो। यस क्षेत्रलाई योगीकुटी भनिनुले कुनै जमानामा योग साधना गर्ने ऋषिमहर्षि आश्रम रहेको प्रतीत हुन्छ। फूलवारी पश्चिम पट्टिबाट बग्ने निर्मल र स्वच्छ कञ्चन खोलाबाट प्राकृतिक एवम् ऐतिहासिक सुन्दर बल्ढेङ्गढी स्थल सहज दृश्यावलोकन गर्न सकिन्छ।



Longitude (E) = 83.255270, Lattitude (N) = 27.7348070, Height = 192.7m

### १०.१० कोटियाथान

सैनामैना नगरपालिका वडा नं. १० मा प्राचीन कोटिया थान रहेको छ। राजमार्ग सालझण्डी देखि करिब १ कि.मि. उत्तर प्रसिद्ध पर्यटकीय गन्तव्य स्थल ढोरपाटन जाने सडककै समीपमा कोटियाथान रहेको छ। यस कोटियाथानलाई थारु समुदायले इष्टदेवताको रूपमा पूजा गर्दछन् । मन्दिरभित्र माटाका प्राचीन हात्ती घोडाका मूर्ति आदि राखिनुले थारु समुदाय आफ्ना हितकारी पशुचौपायलाई अत्यन्त श्रद्धा गर्दछन् भन्ने जनाउँछ। यहाँ सतीपुर्खे वरको वृक्ष रहेको छ। विचवापुरको महेरवा माईथानको सुरुङ कोटिया थानसम्म जोडिएको दावी स्थानीय समुदायले गर्दछन् । वर्तमानमा गुफा र सुरुङ देख्न त सकिन्न तर विचवापुरका चट्टान र यहाँको चट्टानको रूपाकृति भने ठ्याक्कै मिल्दछ।



Longitude (E) = 832541610, Lattitude (N) = 27.7128970, Height = 139m

### १०.११ कर्साघाट तीर्थ क्षेत्र

सैनामैना नगरपालिका वडा नं. १ मा कर्साघाट पवित्र तीर्थक्षेत्र रहेको छ । पद्मपाणि वोधिसत्वको आश्रमस्थल प्राकृतिक चिकित्साकेन्द्र हुँदै वहने बौराहा खोला, राजपुर (तुथाराय सेनकालीन राजधानी) बाट बहने राजपुर खोला र तिनाउ नदीकै शाखा नदी दानव नदीको सङ्गम स्थलमा कर्साघाट पवित्र तीर्थ क्षेत्र रहेको छ। प्राचीन सामगाम/सैनामैना अन्तर्गत रहेको कर्साघाटलाई तुथारायसेन र उनका उत्तराधिकारीहरू मुकुन्दसेन (प्रथम) पछि राजा बनेका कुबेरसेनले समेत राजधानी राजपुर कायम गरी यसै कर्साघाटलाई आफ्नो पवित्र तीर्थ क्षेत्रका रूपमा विकास गरेको देखिन्छ। प्राकृतिक प्रकोपमा भूकम्प र बाढी पहिरो आदिबाट भएको उथलपुथलले तीर्थ क्षेत्रको प्राचीन सौन्दर्य लोप भए पनि कुँदिएका बुट्टेदार शिलाहरू त्यहाँ थिए तर संरक्षणको अभावमा ती कतिपय शिलाहरू अन्यत्र लगे भने कतिपय प्रकृतिको गर्त भित्र परे। पूर्व-पश्चिम राजमार्गको भवानी-चोकदेखि दक्षिण करिब १०० मिटर दूरीमा एउटा प्राचीन सत्तलको भग्नावशेष र त्यही स्थलमा गलादेखि मुनिको भाग र एउटा कान, आधा टाउ भएको प्रस्तर मूर्ति फेला परेको कुरा स्थानीय वासिन्दा बुटवल उपमहानगरपालिका वडा नं. १४ का पूर्व वडाअध्यक्ष छविलाल आचार्य र स्थानीयवासी बालकृष्ण पौडेलको भनाइ रहेको छ। सो भग्नमूर्ति बालकृष्ण पौडेलको घरमा संरक्षित छ र अवलोकन कर्ताले जुनसुकै बेला हेर्न सक्ने अवसर प्राप्त छ।

कर्साघाटमा प्रत्येक शनिबार तथा अन्य विशेष चाडपर्व एवं तिथि मितिमा तीर्थालुहरू तीर्थस्थलमा दर्शन गर्न आउने र १०८ पिपलहरूमा जल चढाउने चलन छ। यहाँ दानव नदीदेखि पूर्व नारायणको मन्दिर, शिवालय, धर्मशाला र दानव नदीदेखि पश्चिम दुर्गामन्दिर, धर्मशाला र शवदाहगृह रहेको छ।



Lattitude (N) = 83.3807420, Logitude (E) = 27.680590, Height = 115.244m

### १०.१२ कोटियामाई मन्दिर लखनपारा

सैनामैना नगरपालिका वडा नं. ४ मा कोटियामाई मन्दिर अवस्थित छ । पूर्व-पश्चिम राजमार्ग मूर्गियादेखि करिब ४ कि.मि. दक्षिणतर्फ थारु गाउँवस्तीमा यो मन्दिर रहेको छ । सुन्दर प्राकृतिक धार्मिक वनक्षेत्रभित्र दुईवटा मन्दिरमा हात्ती घोडाका माटाका आकृतिहरू राखिएका छन्। मानव उपयोगी हात्ती घोडालाई देवताका रूपमा पूजा अर्चना गर्ने थारु परम्परालाई यस क्षेत्रले प्रदर्शन गरेको छ । डेढ विगाहा क्षेत्रफलमा फैलिएको यो प्राकृतिक धार्मिक क्षेत्रभित्र एउटा आश्रमघर पनि रहेको छ। सुन्दर छ, यसको सौन्दर्य बचाउने गरी व्यवस्थापन गरे एउटा राम्रो पर्यटकीय पार्कको रूपमा विकास गर्न सकिन्छ।



कोटियामाई मन्दिर लखनपारामा अवलोकन गर्दै

### १०.१३ बालउद्यान पार्क

सैनामैना नगरपालिका वडा नं. ९ पिपलडाँडामा बालउद्यान पार्क रहेको छ। करिब ५ विगाहा क्षेत्रफल ओगटेको यस बाल-उद्यान पार्कलाई स(साना बालबालिकाको मानसिक र शारीरिक विकासका लागि उपयोगी हुने देखिन्छ। बाल-उद्यान पार्क भनिए पनि बालमैत्री व्यवहार कसरी सिर्जना गर्ने यस पार्कले युवा किशोर र प्रौढ समेतलाई बालशिक्षा बारे अनुशिक्षण गर्ने योजन रहेको बताइन्छ। साँच्चै नै बालमैत्री उद्यानका रूपमा आवश्यक पूर्वाधारहरू निर्माण गरिएमा यो पार्क नमुना पार्कका रूपमा गन्तव्य स्थल बन्ने देखिन्छ।




बाल-उद्यान पार्क

Longitude (E) = 83.2758820, Lattitude (N) = 27.7028390, Height = 134.1m

### १०.१४ थारु होमस्टे (घरघरमा बास घरघरमा गास)

सैनामैना नगरपालिका वडा नं. २ उचडिहवा भन्ने स्थानमा थारु होमस्टे (घरघरमा बास घरघरमा गास) संचालन गर्ने काममा थारु समुदाय जुटेका छन्। अतिथि पर्यटक स्वागत-सत्कार एवम् सम्पर्क कार्यालय संचालित छ। यसै होमस्टेसँग जोडिएको उत्तर-दक्षिण फैलिएको उचडिहवा डिउहार र प्राकृतिक ताल रहेका छन्। सम्पर्क कार्यालयको आडैमा थारु समुदायको इष्टदेवताको थानमा हात्ती घोडाका माटाका प्रतिमूर्ति राखिएका छन्। थारु होमस्टेका अध्यक्ष खुसीराम चौधरी वर्ष ५० र सूर्जमान चौधरी वर्ष ५४ होमस्टेका सचिवले यस ताल समेतको प्रवर्द्धन गरी मत्स्यपालन र डुँगा संचालन गर्ने आफ्नो समुदायको योजना रहेको बताउँछन्। एटेच वाथरुम सहितका थारु पहिचान झल्किने घरहरू निर्माण गरेर पर्यटकमैत्री, आवासीय सुविधा उपलब्ध गराउने योजनालाई कार्यान्वयन गर्दै गरेको देखियो। यहाँ गौरपूजाका अवसरमा गौर-देवतालाई महिलाहरूद्वारा सामूहिक पूजा गर्ने परम्परा छ  र सो अवसरमा वरियार जातको वृक्ष १ हात जमिनमा गाडेर उखेल्ने प्रतियोगिता निकै आकर्षक भएको देखियो। होमस्टे डिउहार सहित ताल क्षेत्रको क्षेत्रफल करिब १५ का रहको छ।



थारु होमस्टे सम्पर्क कार्यालय
Longitude (E) = 83.3526350, Lattitude (N) = 27.691880, Height = 122.8m

### १०.१५ भैरवनाथ मन्दिर

सैनामैना नगरपालिका वडा नं. ३ स्थित सुन्दर पर्रोहा सामुदायिक बनको बीच भागमा भैरवनाथ मन्दिर र राधाकृष्ण मन्दिर रहेको छ । सुन्दर चिटिक्कको मनोरम थुम्कामा भैरवनाथको परिसर भित्र करिब १ विघा क्षेत्रफलको प्राङ्गणमा हाल भलिवल खेल्ने मैदानका रूपमा प्रयोग गरिएको छ। मगरपूजारीद्वारा नित्य पूजा गरिने यस भैरवनाथ थुम्का मैदानबाट उत्तरतर्फको हरियाली डाँडाकाँडा र दक्षिणतर्फको अन्न भण्डारको रूपमा रहेको तराईको विशाल भू-भाग दृश्यावलोकन गर्न सकिन्छ। गंगानगरको कालीरह (लामीरह) र भैरवनाथ मन्दिर र परिसरलाई जोडेर आकर्षक पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको छ। भैरवनाथ मन्दिरमा जाने मूलद्वारमा गणेशको मन्दिर रहेको छ। गणेशको मन्दिरबाट माथि भैरवनाथसम्म जान पक्की सिँडीहरू बनाइएकाले पनि तराईको सम्मो भागमा बस्नेहरू सिँडीहरू चढेर भैरवनाथ मन्दिरमा जाने नियमित चर्या नै बन्दै गएको जनलहर देखियो।



भैरवनाथ मन्दिर
Longitude (E) = 83.3510110, Lattitude (N) = 27.7162950, Height = 168.4m

### १०.१६ बोलवम हिलपार्क

सैनामैना नगरपालिका वडा नं. २ को वोलवम सामुदायिक वनमा नै बोलवम पर्यायवरणीय तथा पर्यटकीय पार्क (हिलपार्क) रहेको छ। राजमार्ग कालिका चोकदेखि करिव २ कि.मि. उत्तरतर्फ चुरे श्रृङ्खलाको काखमा रहेको पार्क महत्त्वपूर्ण गन्तव्य स्थलका रूपमा विकास गर्न सकिने प्रवल सम्भावना छ। भ्यूटावर, बुद्धस्तूप, शिव वाग (बगैंचा), सिम्सार क्षेत्रमा पोखरी, मनोकामना मन्दिर, पिकनिक स्पोट (वनभोजस्थल), सभागृह, बालउद्यान, प्राकृतिक तथा जैविक अध्ययन केन्द्र र स्वागत सत्कार सम्पर्क कार्यालयहरूकेही निर्माण भैसकेका छन् भने केही निर्माणका क्रममा अघि बढिरहेका छन्।



बोलवम पर्यटकीय तथा पर्यावरणीय पार्क (हिलपार्क)
Longitude (E) = 83.3549710, Lattitude (N) = 27.6998380, Height = 204.3m

### १०.१७ पर्सवाल चौपारी (चौतारी), डिउहार र कुवा

सैनामैना नगरपालिका वडा नं. ३ मा पर्सवाल भन्ने डिही (गाउँ) रहेको छ। यस गाउँमा एउटा अति प्राचीन पतन्ची (पुत्रंजीवा) नामको वृक्षहरूको सुन्दर चौपारी रहेको छ। यस वृक्षका दानालाई सन्तान नहुने महिललाई औषधिको रूपमा खुवाउने र तिनै दानका माला उनेर घाँटीमा लगाउने प्रचलन रहि आएकोले अतिदुर्लभ यो पतन्ची वृक्षले धेरैलाई आकर्षण गरेको छ। १६०।- रूपैयाँ प्रतिकिलोका दरले यसको विक्री वितरण बुटवल काठमाडौं लगायतका बजारमा हुने गरेको टोल विकास समितिका अध्यक्ष रोहिणी प्रसाद थारु वर्ष ४५ ले बताउँछन्। यस वृक्ष र दानाको वैज्ञानिक परीक्षण गर्न आवश्यक देखिन्छ। यस चौपारीको समीपमै थारु जातिका ग्रामदेवता डिउहारको थानमा माटाबाट निर्मित हात्ती घोडाहरू सजाएर राखिएका छन्। पर्सवाल चौपारीको दक्षिणतर्फ वर्ष ६३ का लोकबहादुर कार्कीको घरको पूर्वउत्तर दिशातर्फ घरको आडैमा एउटा अति प्राचीन कुवा (इनार) पनि रहेको छ। पर्सवालमा प्राचीन ताल रहेको र त्यसमा राता एवम् सेता कमलका फूलहरू फूल्ने गरेको स्थानीय वासी वर्ष ६८ का गोविन्द प्रसाद अर्यालले बताउनु भएको छ। यसलाई गन्तव्यस्थलका रूपमा विकास गर्न सकिने पर्याप्त आधार छन्।



गर्भधारण शक्तिवर्धिनी दुर्लभ महौषधि पतैँची वृक्ष, पर्सावाल चौपारी
Longitude (E) = 83.3841820, Lattitude (N) = 27.6972590, Height = 143m

### १०.१८ सैनामैना समावेशी पार्क

थारु, ब्राह्मण क्षत्री, दलित जाति आदि समेत बसोबास गरी आएको यो स्थल सैनामैना नगरपालिका वडा नं. १ पश्चिम भाटामा पर्छ। थारु भाषमा भाटा भनेको नदी किनारा हो। दानव नदीको पश्चिम भागमा अवस्थित ग्रामवस्ती रहेकाले यस ठाउँलाई पश्चिम भाटा भनेर चिनिन्छ। हाल वहुजातीय बसोबास क्षेत्रमा निर्माण भैरहेको पार्कलाई बहुजातीय पहिचान झल्काउने गरी पार्कको नाम समावेशी पार्क राखिएको छ। करिब १ विगाहा पार्क परिसर र करिब ३ विगाहा पार्क समितिद्वारा संरक्षित वृक्षारोपण क्षेत्र छ। यहाँ पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ स्वागत सत्कार र सम्पर्क कार्यालय संचालित छ। पार्कभित्र दुर्गा मन्दिर र शिव मूर्ति प्रतिष्ठापित छन्।



सैनामैना समावेशी पार्क
Longitude (E) = 83.3719450, Lattitude (N) = 27.6711980, Height = 108m

### १०.१९ गोरवाल कोटियामाईथान

सैनामैना नगरपालिका वडा नं. ७ स्थित ३६ गाउँ (डिही) को केन्द्रमा गोरवाल कोटियामाई थान रहेको छ। कोटियालाई पहाडी भेकमा कोट र तराईमा थारु समुदायले कोटिया भन्ने गर्दछन्। ३६ डिहीको केन्द्रलाई तप्पा वा गोरवाल भनेको पाइन्छ। यहाँ रहेको प्राकृतिक वनक्षेत्र इङगुरिया खोलाको भाटामा एउटा भीमकाय सिमलको वृक्षमुनि कोटियामाईको थान छ। अन्यत्र झैं यहाँ माटाबाट निर्मित हात्ती घोडा सजाएर राखिनुले प्राचीन कालदेखि नै हात्ती घोडा र यहाँका बासिन्दा थारु समुदायको बीच अन्तरङ्ग सम्बन्ध र उपादेयतालाई झल्काउँछ। यस क्षेत्रलाई अहिले शिवशक्ति स्थलको नामले पनि संवोधन गरिन्छ र नौकीमैयाँ यादवले आफ्नो पति सुन्दर यादवको स्मृतिमा प्रदान गरेको जग्गामा नौकीमैयाँ यादवकै आर्थिक सहयोगमा दुर्गा मन्दिर र धर्मशालाहरू निर्माण भैरहेका छन्।




गोरवाल कोटियामाईथान
Longitude (E) = 83.3068120, Lattitude (N) = 27.6808170, Height = 107.8m

### १०.२० दुर्गामन्दिर मूर्गिया

सैनामैना नगरपालिका वडा नं. ३ मा पर्ने मूर्गिया भन्ने ठाउँमा तीब्र बजारीकरण भएको छ। जनसमुदायको भीडभाड हुने यस सङ्गम स्थलमा एउटा दुर्गा मन्दिर छ र यसकै परिसरमा यज्ञमण्डप, धर्मशालाहरू र अन्य मठमन्दिर रहेका छन्। स्थानीय वासिन्दाहरू आजकाल वैवाहिक र ब्रतवन्धजस्ता कार्यक्रम यसै मन्दिरमा गर्ने प्रचलन बढेकाले दान सङ्कलनबाट एउटा कोष पनि निर्माण भएको छ। यो मन्दिरले मन्दिर र समुदायको हितबर्द्धनका लागि दान भेटीबाट एक आर्थिक उपार्जन गर्न थालि सकेको छ यसैले पनि यो मन्दिरलाई स्थानीय बासिन्दाले आत्मनिर्भर मन्दिर र आत्मनिर्भर समुदाय बनाउने अत्यन्त गुणकारी हितकारी आध्यात्मिक मन्दिरकोरूपमा आत्मसाथ गरेको पाइन्छ। स्थानीय पर्यटन प्रवर्द्धनमा यो मन्दिर प्रयोगमा आइसक्नु सुन्दर र समृद्ध भविष्यको सोपान हो भन्न सकिन्छ।



दुर्गामन्दिर मुर्गिया
Longitude (E) = 83.3423010, Lattitude (N) = 27.6878870,  Height = 104.8m

### १०.२१ लुम्बिनी प्रवेशद्वार

सैनामैना नगरपालिका वडा नं. ४ मूर्गिया बजारमा लुम्बिनी जाने सडकको मुखैमा एउटा भव्य लुम्बिनी प्रवेशद्वार/स्वागतद्वार रहेको छ। यो गेटले स्थानीय र बाह्य पर्यटकका लागि दिशा निर्देशकको रूपमा काम गरेको छ।



लुम्बिनी प्रवेशद्वार

### १०.२२ सालभ्रुण्डी पर्यटकीय पार्क

सैनामैना नगरपालिका वडा नं. ११ राजमार्गदेखि उत्तर सैनिक तालिम केन्द्रदेखि पश्चिम र इलाका प्रहरी कार्यालयदेखि पूर्व करिब ३ विगाहा क्षेत्रफलमा सालभ्रुण्डी पर्यटकीय पार्क अवस्थित छ ।सैनिक तालिम केन्द्र, प्रहरीचौकी, स्कुल(कलेजहरू, बैंक र सहकारीहरू जस्ता विभिन्न कार्यालयहरू समेत यस क्षेत्र आसपासमा रहेकाले पनि यो पार्क क्षेत्र आफैमा महत्त्वपूर्ण रहेको छ । यस पार्कको राम्रो व्यवस्थापन गरे पछि यसले पर्यटकहरूलाई अवश्य नै सम्मोहित गर्न सक्ने प्रवल सम्भावना रहेको छ।



नगरप्रमुख चित्र बहादुर कार्की सहित अध्ययन टोली सालभ्रुण्डी पर्यटकीय पार्कमा अध्ययन गर्दै
Longitude (E) = 83.161690, Lattitude (N) = 27.423040, Height = 131m

### १०.२३ रैनादेवी मन्दिर

सैनामैना नगरपालिका वडा नं. ६ को इङगुरिया सामुदायिक वनको सुखौरा शान्तिपुर भन्ने स्थानमा रैनादेवी मन्दिर रहेको छ। रइनी भनेको मगर ढुट बोलीमा रानी हो। यही रइनीबाट रैना बनेको हो। रैनादेवी मन्दिरमा देवीको मूर्ति प्रतिष्ठापित गरिएको छ। रैनादेवी छहरा गाउँपालिका वडा नं. २ को गोखुङ्गामा रहेको रैनादेवी मन्दिरको प्रतीकका रूपमा यो रैनादेवी मन्दिर निर्माण र संचालनमा आएको बताइन्छ।



रैनादेवी मन्दिर
Longitude (E) = 83.3041090, Lattitude (N) = 27.7244750, Height = 181.9m

**१०.२४ कालमोचन मन्दिर**


सैनामैना नगरपालिका वडा नं. ६ मा कालमोचन शिवालय मन्दिर रहेको छ। वि.सं. १९७१ देखि स्थानीय जनताले सानो मन्दिर घरबाट निर्माण सुरु गरिएको यो मन्दिरलाई अहिले भव्य मन्दिरको रूपमा विकास गरिएको छ। करिव ७ कठ्ठा क्षेत्रफल ओगटेको यो मन्दिर र परिसर जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा दर्ता समेत भएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष भागिरथ ढकालले बताउँछन्। कालमोचन शिवालय मन्दिर यो क्षेत्रको एकमात्र छुट्टै मन्दिर भएकोले यसको महत्त्व अलग्गै रहेको देखिन्छ।




कालमोचन मन्दिर
Longitude (E) = 83.3115030, Lattitude (N) = 27.6868580, Height = 115.6m

**१०.२५ सत्‌चिन्तन (सच्चिन्तन) सामुदायिक प्रतिष्ठान**

सैनामैना नगरपालिका वडा नं. ८ रामापुर राजमार्गको दक्षिण भागमा रहेको सच्चिन्तन सामुदायिक प्रतिष्ठान १२.५ कामा फैलिएको छ। ध्यानयोग र अध्ययन मनन् चिन्तन केन्द्रका रूपमा निर्माण गरिएको भव्य भवन रहेको यो प्रतिष्ठानले बहुउद्देश्य राखेको पाइन्छ। अहिलेसम्म सैनामैनामा निर्माण भएको भवनहरूमध्ये यस प्रतिष्ठानको भवन सबैभन्दा सुन्दर र विस्तृत छ। करिब ४०० जना अट्ने सभा भवनले यस क्षेत्र र बाहिरबाट समेत सभा सम्मेलन, गोष्ठी आदि गर्न चाहनेहरूको माग र आवश्यकतालाई पूर्ति गर्न सक्ने देखिन्छ। प्रतिष्ठानको आम्दानीको स्रोतको रूपमा स्वयं यो भवन परिचालित हुनुले यो प्रतिष्ठान यस क्षेत्रकै अद्वितीय संस्थाको रूपमा विकास हुने देखिन्छ।



गुरूयोजनाको तस्विर (भवन निर्माण हुँदै गरेको)

**१०.२६ लुम्बिनी–तिनाउ सामुदायिक पुस्तकालय**

सैनामैना नगरपालिका वडा नं. ८ बाँसगढीमा लुम्बिनी-तिनाउ सामुदायिक पुस्तकालय भव्य भवनमा संचालित छ। वि.सं. २०६८ सालमा स्थापित र संचालित यो पुस्तकालयमा विविध ९ विधाका महत्त्वपूर्ण ग्रन्थहरू राखिएका छन्। यो सामुदायिक पुस्तकालयले कृषकहरूको आय आर्जन बृद्धि गरी आत्मनिर्भर बनाउने उद्देश्यका साथ सेवामूलक संस्थाहरूलाई प्राविधिक तालिम समेत संचालन गरिरहेको छ। स्वरोजगार सिर्जना गर्न सिलाइ बुनाइ, बुट्टा भर्ने र कम्प्युटर तालिम समेत संचालन गरेर उदाहरणीय काम गर्दै आएको छ। पुस्तकालय संचालन नियमित रूपमा हुने हुँदा अनुसन्धान र शोधखोजमा लागेकाहरू यस पुस्तकालयमा आएर अध्ययन मनन् र शोधखोज गर्ने गरेको अनुपम उदाहरण यहाँ पाइन्छ।



लुम्बिनी तिनाउ सामुदायिक पुस्तकालय

**१०.२७ पद्मपाणि आश्रम र प्राकृतिक चिकित्सा पद्धति**

सैनामैना नगरपालिका वडा नं. १ बौराहा खोला वारिपारि वोधिसत्व पद्मपाणि लोकेश्वरको आश्रम रहेको हुनाले नै होला ।यहाँ पद्मपाणि लोकेश्वरसित सम्बन्धित धेरै प्रस्तर प्रतिमाहरू फेला परेका छन् । ध्यान-योग मुद्रामा साधनारत उनका भग्न तथा सग्ला प्रस्तर मूर्तिहरू धेरै प्राप्त हुनुले यो क्षेत्र पद्मपाणि बुद्धको आश्रमस्थल र एउटा सुन्दर मानववस्ती भएको देखिन्छ। बौराहा खोलाको जल प्रस्रवरण क्षेत्रमा प्राचीन इँटाले बनेको इनार समेतले अनुसन्धान र उत्खनन्को लागि प्रेरित गरेको छ। प्राचीन समयमा योग साधना गर्ने अग्लो थुम्कोलाई सङ्केत गर्ने गरी योगडाँडा (जोगीडाँडा) नामकरण गरेको देखिन आउँछ। ठाउँको नाउँ योगडाँडा (जोगीडाँडा) हुनु र ध्यान योग मुद्रामा तपोरत प्रस्तर मूर्ति यसै स्थलमा प्राप्त हुनुले पद्मपाणि लोकेश्वर वा योग साधकको आश्रम स्थल यही वौराहा खोला योगीडाँडा (जोगीडाँडा) हो भन्ने पुष्टयाइँ गर्दछ । जनसाधारणले आफ्नो बोलीचालीको भाषामा योग साधक वा योगीलाई जोगी भन्ने गर्दछन्। वास्तवमा जोगी शब्द योगबाट बनेको हुँदा यस डाँडालाई योगडाँडा भन्नु सान्दर्भिक नै देखिन्छ । यसै सन्दर्भमा प्रेम खत्री लेख्छन् - "बज्रयानको विकास योगचार दर्शनबाट भएको मानिन्छ। बज्रयानमा दृश्य र अदृश्य गरी दुई संसारको कल्पना छ। दृश्य संसार देख्न जो सुकै पनि सक्षम छन् भने अदृश्य संसार देख्न साधना र सिद्धि चाहिन्छ। तर साधकका लागि त्यस्ता पारलौकिक वस्तु पनि डाक्टरले रोगीलाई देखे जस्तै समीपमै देखिन्छन्।"[६०] पद्मपाणि वोधिसत्व बज्रयान समुदायका प्रणेता भएकाले उनले योगसाधनालाई जोड दिए । हठयोगको आविष्कार गरेरआफ्नो चेला गोरखनाथसँग मिलेर हठयोगको विद्यापीठ सञ्चालन गरे । योग साधनले मानवलाई मानसिक र शारीरिक ऊर्जा प्रदान गर्दछ। यसले उत्साहित र प्रेरित पनि गर्दछ। पद्मपाणि लोकेश्वरले यसै आश्रममा बसेर मानव समाजको हित-कल्याणका लागि योगसाधना कलाले सुसज्जित पार्ने प्रत्यन्न गरे। त्यसैले उनको ऐतिहासिक योगदानलाई कदर समेत गर्ने हेतुले यस सैनामैना क्षेत्रका जनसमुदायले पद्मपाणिको आश्रम रहेको थलोमै योग तथा प्राकृतिक चिकित्सा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएका छन्। यो सैनामैनाकै महत्त्वपूर्ण गहनाको रूपमा स्थापित हुनेछ।

६०. प्रेम कुमार खत्री, पूर्ववत्, पृ. ९८



योग तथा प्राकृतिक चिकित्सा केन्द्र, सैनामैना चारपाला
Longitude (E) = 83.3856090, Lattitude (N) = 27.6940640, Height = 140.2m

**१०.२८ नमूना पर्यावरणीय सामुदायिक वन**

सैनामैना नगरपालिका वडा नं. ७ स्थित पूर्व पश्चिम राजमार्गदेखि करिव ५ कि.मि. दूरीमा रहेको लुम्बिनी सडकमा जोडिएर पश्चिमतर्फ फैलिएको उत्तरमा सैनामैना नगरपालिका दक्षिणमा कञ्चन गाउँपालिकासँग जोडिएको यो वनवस्तीको वीचमा रहेको सुन्दर सम्पदाको रूपमा रहेकोछ।



नमूना पर्यावरणीय सामुदायिक वन
Longitude (E) = 83.2979860, Lattitude (N) = 27.6708890, Height = 112m

एक सय हेक्टरको क्षेत्रफलमा लाम्चो आकारमा रहेको यो वनमा ३ वटा पोखरी रहेका छन् । सैनामैना नगरपालिका वडा नं. ७ र कञ्चन गाउँपालिका १ को संयुक्त गुरुयोजना बनाई पर्यावरणीय मनोञ्जनस्थल पार्कको रूपमा विस्तार गर्न थालिएको ८१३ कि.मि. को वस्ती क्षेत्रबाट चक्र आधारमा व्यायाम पथ बनाउने सैनामैना वडा नं. ७ का वडा अध्यक्ष डिलाराम वेलवासेले बताउँछन् ।

**१०.२९ डिउहार मुडहाबाबा**

सैनामैना नगरपालिका वडा नं. ११ विचवापुरमा पर्ने डिउहार मुडहाबाबा थारु समुदायको आस्थाको केन्द्र हो । किसानहरूले खेतीपाती भण्डारण गर्ने बेलामा यहाँ मुडहाबाबालाई चढाएर मात्र भण्डारण गर्ने चलन रहेको स्थानीय गुज्राती थारु वर्ष ७२ ले बताउँछन् । मुडहाबाबा थानमा सालका मुढा गाडिएका हुन्छन् । यसैले थारु भाषामा मुडहाबाबा भनिएको हो । कञ्चन नदीको किनारमा रहेको यो स्थानको संरक्षणको खाँचो छ ।

थारु जनसमुदायको विचवापुर कञ्चनखोला पश्चिम भाटामा इष्टदेवता वा आराध्य देवताका रूपमा पूजिने यस मुडाबाबा थानमा करिव ३ हात लम्बाइ भएका मुडाहरू जमिनमा गाडेर मुडाबाबा देवताको रूपमा पूजा आराधाना गर्ने प्रचलन प्राचीनकालदेखि रहँदै आएको छ । मुडाहरूमा नयाँ धान पाकेपछि सर्वप्रथम त्यसै मुडालाई मुडाबाबा शक्तिस्वरूप मानेर धानका बाला नै चढाउने गर्दछन् । यस खाले गरिने आरधाना विधिलाई हेर्दा मुडाबाबा भनेका अन्नका देवता वा अन्नेश्वर हुन् भनेर बुझ्न सकिन्छ । अन्नबाली अर्को वर्ष पनि धेरै उत्पादन होस्, हाम्रो अन्नबालीलाई पशुचौपाय र चराचुरुङ्गीहरूले नाश गर्न नसकून्, हामी अन्न सम्पदाले भरिपूर्ण हौं भन्ने मनोकामनाका साथ मुडाबाबाको पूजन गरेको पाइन्छ ।




नगर उपप्रमुख बीना राना मगर सहित मुडहाबाबा (मुढाबाबा) बीचवापुरको अवलोकन गर्दै

**१०.३० मेघाताल**

सैनामैना नगरपालिका वडा नं. ६ रामापुर कलौनीमा पर्ने यो ताल पूर्व पश्चिम राजमार्गदेखि उत्तर करिब ८०० मिटर दूरीमा पर्दछ । मलमला धाम जाने पूर्वी सडकमा रहेको यो तालको प्राकृतिक महत्त्व रहेको छ । इतिहासमा गोरावल तपाक्षेत्रलाई सिंचित गर्ने यो ताल वर्तमानमा भने सांगुरिँदै गएको छ । यसलाई सुन्दर पोखरीको रूपमा विकास गरि डुँगा सञ्चालन गरे पर्यटकीय गन्तव्यलाई टेवा पुग्ने देखिन्छ ।



मेघाताल
Longitude (E) = 83.3117940, Lattitude (N) = 27.6942340, Height = 106.8m

### १०.३१ दुर्गा मन्दिर

सैनामैना नगरपालिका वडा नं. ७ मा पर्ने दुर्गा मन्दिर रामापुर-लुम्बिनी सडकको किनारमा रहेको छ। यहाँको दृश्य निकै आकर्षक र मनोरम छ। नमूना सामुदायिक वनको नजिकमा रहेको यो मन्दिरको आफ्नै महत्त्व रहेको छ।



दुर्गामन्दिर, सैनामैना-७

### १०.३२ बुद्ध विहार

सैनामैना नगरपालिका वडा नं. १० सालझण्डी बजारदेखि उत्तर ढोरपाटन सडकको किनारमा रहेको यो विहार निकै आकर्षक र मनोरम छ। ढोरपाटन सडक निर्माण विस्तार भइरहेको छ। सडक क्षेत्रभित्र देखिने यो बिहार अस्तित्वको सङ्कटमा छ।



बुद्धविहार, सालझण्डी

### १०.३३. बुद्ध–सालिक

सैनामैना नगरपालिका वडा नं. ४ मूर्गिया बुद्धचोकमा पर्ने यो सालिक निकै आकर्षक रूपमा बनाइएको छ। मूर्गिया-लुम्बिनी सडक किनारमा पर्ने यो सालिकले मूर्गियाको दुर्गा मन्दिर र लुम्बिनी प्रवेशद्वारले जस्तै मूर्गिया बजारको सुन्दरता थपेको छ।



बुद्ध सालिक, मूर्गिया

### १०.३४ बुद्धनगर (पकलभेडा वा पखरभेडवा) को डिउहार र कुवा

सैनामैना नगरपालिका वडा नं. ५ को पूर्व-पश्चिम राजमार्गको चोकदेखि उत्तरतर्फ करिब १०० मिटर दूरीमा र सैनामैना नगर कार्यपालिका कार्यालयको समीपमा रहेको यो स्थानको ऐतिहासिक महत्त्व रहेको छ। पखरभेडवा जसको पर्यावाची माटाका ढिस्का नामले चिनिने यो ठाउँलाई बुद्ध र बुद्ध दर्शनको महत्त्वलाई जागृत गराउने उद्देश्यले यसको नाम बुद्धनगर राखिएको स्थानीयबासी वर्ष ५८ का ध्रुब कुमार घिमिरेले बताएका छन्। यहाँ पुरानो कुवा रहेको र पुरिएको कुवालाई सफा गरी खानेपानीको व्यवस्था नहुँदासम्म खानेपानी स्रोतको रूपमा प्रयोग गरिएको स्थानीयवासी धनराज चौधरीले बताएका छन्। यहाँ थारुहरूका आराध्यदेव डिउहारको समेत पूजा-आजा गरिन्छ।





ऐतिहासिक कुवा र डिउहार

Longitude (E) = 83.197090, Lattitude (N) = 27.414230, Height = 108m

### १०.३५ दुर्गाभवानी मन्दिर बनकट्टा

सैनामैना नगरपालिका वडा नं. १ भवानी चोकदेखि करिब १५० मिटर उत्तरतर्फको थुम्कोमा दुर्गाभवानी मन्दिर रहेको छ। वडादशैं र चैते दशैंमा पूजा-आजा गरिने यो मन्दिर यस मन्दिर क्षेत्रमा मानवबस्ती विकास भएपछि निर्माण भएको हो। करिब ५ विगाहा क्षेत्रफल रहेको यो मन्दिर क्षेत्रमा सैनामैना नगरपालिकाको सक्रियतामा ज्येष्ठ नागरिक आश्रम निर्माणको प्रक्रिया अगाडि बढिरहेको वडा अध्यक्ष केहर सिंह गलामीले बताएका छन्। सैनामैना बौराहा खोलाको खण्डहरमा प्राप्त भएका पद्मपाणि अवलोकेश्वरका दुईवटा प्रस्तर मूर्ति यसै दुर्गा भवानी मन्दिर निर्माण गर्ने क्रममा मन्दिरको माथिल्लो तलामा सुरक्षित गरी राखिएको झ्यालबाट अवलोकन गर्दा अहिले पनि देख्न सकिन्छ। मन्दिरको भूमि सतहमा दुर्गा भवानीको मूर्ति र प्राचीन माटोबाट बनेको कुकुर जस्तो देखिने जनावरको मूर्ति रहेको छ।



दुर्गाभवानी मन्दिर बनकट्टा

**१०.३६ सोरौली कूटी**

सैनामैना नगरपालिका वडा नं. २ को सोरौलीमा पूर्व पश्चिम राजमार्गको छेउमै एउटा पिरामिड आकारको माटोको ढिस्को रहेको छ । यो ढिस्कोको टुप्पामा स्थानीय थारु समुदायले आफ्नो इष्टदेवको पूजा आरधना गर्दछन्। वि.सं. २०६२ सालभन्दा अगाडि यो ढिस्कोमा पुराना निमका बोटहरू थिए। अहिले यो वस्तीमा रूपान्तरण भएको छ। यस कुटीको नाम रहनमा दुईवटा भनाइ रहेका छन्। कसैले यसलाई थारु समुदायको पूजा गर्ने कोटिया थानलाई नै कालन्तरमा कुटी भनिएको भन्ने गर्छन्। कसैले यसलाई बुद्ध स्तूप भएको र बुद्ध स्तूपलाई कुटी भनिएको भन्ने गर्छन् । सँस्कृत भाषामा कूट भनेको चुली हो । बुद्धको स्तूप चुली वा चुचुरोमा हुने हुँदा विद्वान्हरूले यसलाई बुद्ध स्तूप भएको अनुमान गरेका छन्। कुटी जोडेर आनन्दकुटी विहार, गन्धकुटी, गृद्धकूट वा गृद्धकुटी भनेर उल्लेख गरिएका प्रशस्त स्थलहरू पाइनुले यो सोरौली कुटी बुद्ध कुटी वा बुद्ध स्तूप हुन सक्ने तथ्यहरूले देखाउँछन्।



सोरौली कुटी
Longitude (E) = 83.3519660, Lattitude (N) = 27.6885240, Height = 113.2m

### १०.३७ सैनामैनाका चर्चहरू

यशुखिष्टमा विश्वास गर्नेहरूले यशुलाई मुक्तिदाताको रूपमा मान्दछन्। उहाँले दस आज्ञा दिनु भएको छ। त्यसमध्ये प्रमुख हो पापबाट बँच्नु। आस्था र भक्तिकासाथ मान्नेहरू नै सही यशुभक्त हुन्। यशुको नाउँबाट प्रचलनमा आएको धर्मलाई इसाई धर्म भनिन्छ। इसाई धर्मको कुनै सम्प्रदाय छैन अर्थात हाँगाबिँगा छैनन् तर नाम यशुको लिने काम अर्कै गर्ने मान्छेको पनि कमी छैन। उनीहरूले चर्च बनाएका छन् र भ्रुट्टोमार्ग अर्थात् पाप मार्ग हिँडिरहेका छन्। यी भनाइ पाश्चर (प्रवचन दिने व्यक्ति) सुरज थापाको हो। उनी सैनामैना नगरपालिका वडा नं. ५ को अस्नैया डाँडामा रहेको आशीष चर्चका पाश्चर हुन् र बुटवल उपमहानगरपालिका बेलबास निवासी हुन्। त्यसका एल्डर बाबुराम परियार हुन्। उनीहरू चर्च सञ्चालनका कार्यसमितिका अध्यक्ष र उपाध्यक्ष समेत हुन। उनीहरूको भनाइ अनुसार सैनामैनामा यो चर्च बाहेक वेथानी चर्च सैनामैना-४ मूर्गिया, ज्योति चर्च सैनामैना-५ बुद्धनगर, प्रशस्त जीवन आरधना चर्च कलौनी रामापुर, वेथानी व्याप्तिस चर्च सैनामैना-४ कुस्मा, आशिष चर्च सैनामैना देवपार, वेथानी व्याप्तिस रिभाइल चर्च सैनामैना बाँसगढी, विश्वासी मण्डली सालभ्रुण्डी, आशिष चर्च सैनामैना-१ वर्मडाडा समेत गणना गर्दा ९ वटा चर्चहरू रहेका छन्। चर्चहरूमा प्रत्येक शनिबार देशको समृद्धि सुरक्षा शान्ति र आनन्दको लागि प्रार्थना गरिन्छ। साथै रोगी बिरामीको रोग निदान र विभिन्न ठाउँबाट प्राप्त भएको सन्देशको आधारमा पनि प्रार्थना गरिन्छ। सारमा विश्वशान्तिको कामना गरिन्छ।



आशीष चर्च अस्नैयाडाँडा



वेथानी चर्च मूर्गिया

परिच्छेद : एघार

# सैनामैना नगरपालिकासँग निकट सम्बन्ध गाँसिएका महत्त्वपूर्ण स्थलहरू

## ११.१ विषय प्रवेश

सैनामैना नगरपालिका रुपन्देहीको एउटा सानो क्षेत्रमा अवस्थित रहेपनि यसका ऐतिहासिक र पुरातात्विक भग्नावशेष आदि समेतले यसको सम्बन्ध शाक्यहरूको राजधानी तिलौराकोट, बुद्ध जन्मस्थल लुम्बिनी, मुक्तिनाथ मुस्ताङदेखि मच्छिन्द्रनाथ काठमाडौं र देश बाहिर समेत प्राचीन कपिलवस्तु देश र सैनामैनाको सम्बन्ध रहेको देखिन्छ। यसैले यस परिच्छेदमा यिनै विषयमा केन्द्रित भई सङ्क्षेपमा प्रकाशन पार्ने जमर्को गरिएको छ।

## ११.२ रिब्दीकोट स्थित सेनकालीन दरवार

रिब्दीकोट गाउँपालिका वडा नं. ६ मा स्थित रिब्दीकोट प्राकृतिक वन क्षेत्रको चुलीमा रिब्दीकोट दरबारको भग्नावशेष रहेका छन्। यो दरबार तुथाराय सेनको वर्खे राजधानी मानिन्छ। वि.सं. १३६३ मा प्रयागबाट आफ्नो धर्म, जाति र सम्मानको रक्षार्थ उत्तरतर्फ प्रस्थान गरेका तुथाराय सेन र उनका दलवल एवम् आश्रित समुदायले हिँउदे राजधानी राजपुर (सैनामैना) र वर्खे राजधानी यही रिब्दीकोटलाई कायम गरी दुवै ठाउँमा दरवार र भवनहरू बनाएका थिए। वि.सं. १३६३ देखि वि.सं. १५४९ सम्म रुद्रसेन कालसम्म यसै रिब्दीकोट चुलीबाट सेन राज्य संचालन गरेको पाइन्छ। राज्यको नाम रिब्दीकोट भनेर इतिहासकारहरूले लेखेका हुँदा पनि यो ऐतिहासिक शासकीय केन्द्र रहेको ज्ञात हुन्छ। यहाँ दरवार, आवासीय भवनहरू, सैनिक टुडिखेल आदि आकृतिका पर्खाल, प्रस्तर गारो, आदिको लक्षण प्रष्टै देख्न सकिन्छ। रिब्दीकोट वन क्षेत्र र रिब्दीकोटका चुलीहरू पर्यटकीय गतव्यस्थलको रुपमा महत्त्वर प्रसिद्धि पाएको नगरकोटभन्दाकम छैन।जैविक विविधता र जलस्रोतको धनी यो रिब्दीकोट वन क्षेत्र र गढीबाट अनगिन्ती हिमदृश्य र तराईका फाँट पनि सहजै देखिन्छन्।



रिब्दीकोट, सेनकालिन दरबार क्षेत्र, पाल्पा

Longitude (E) = 83.4349570, Latitude (N) = 278308770, Height = 1877.8m

### ११.३ रिब्दीकोट जलेश्वर मन्दिर क्षेत्र

यही रिब्दीकोट जङ्गलका उत्तरी पाखाको फँदीमा कुसुमखोला क्षेत्रमा जलेश्वर नामको मन्दिर छ। रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायण जी.सी.ले यो जलेश्वर मन्दिर बालापुरीले निर्माण र सञ्चालन गरेको कुरा आफूले पुर्खाहरूबाट थाहा पाएको बताउँछन्। बालापुरी को हुन प्रमाणित भएको छैन। यो अध्ययन अनुसन्धानको विषय हो। अहोरात्र धुनी जागिरहने यस जलेश्वर मन्दिरभित्र प्रस्तर मूर्ति रहेको छ। प्रस्तर मूर्तिमा एउटा मूषिक/मूषक आकारको प्राणीलाई ऋषिले आशीर्वाद दिन हात उठाएको देखिन्छ। जलेश्वर महादेव मन्दिर र मूर्ति भनिए पनि महादेवको मन्दिर र महादेव जस्तो आकृति पाइँदैन। गुम्ज शैली रहेको यो मन्दिरभित्र रहेको मूषिक/मूषक आलिङ्गन गरिएको मूर्तिलाई सिद्धार्थ बुद्ध वा पद्मपाणि वोधिसत्वका मूर्ति हो भनेर अध्ययन अवलोकनकर्ताहरूले अनुमान लगाएका छन्। हिन्दू र बौद्धमार्गी दुबैको साझा आराध्य देवता पदमपाणि वोधिसत्वलाई मानिएकोले यो प्रस्तर मूर्ति पदमपाणी बुद्ध/वोधिसत्वको हो भन्न सकिन्छ।



जलेश्वर मन्दिरको मूर्ति

### ११.४ बल्ढेङगढी पाल्पा

रैनादेवी छहरा गाउँपालिका वडा नं. ७ मा ऐतिहासिक बल्ढेङ्गढी रहेको छ। यस गढी किल्लालाई मगर राजाहरूको प्राचीन राजधानी मानिन्छ। राजा वलिहाङद्वारा निर्माण गरेको हुँदा यस गढीको नाम वलिहाङ गढी उच्चारण गर्दै जाँदा जनजिब्रोले बल्ढेङगढी उच्चारण गर्न थाले पछि यसको प्रचलित नाम बल्ढेङ्गढी रहेको बताइन्छ। यस गढीमा प्राचीन प्रस्तरबाट निर्मित दरवारको भग्नावशेष र इनार (कुवा) को आकृति समेत देख्न सकिन्छ। गढीको मुख्य भाग शिरमा देवीको मन्दिर निर्माण भएको छ। सैनामैनासँग निकट सीमा जोडिएको यो गढीलाई पर्यटकीय क्षेत्रका रुपमा सैनामैना र रैनादेवी छहरा गाउँपालिकाले संयुक्त रुपमा विकास गर्न सके दुवै नगरपालिका र गाउँपालिका लाभान्वित हुने देखिन्छ। अत्यन्त मनोरम स्थलमा रहेको यो गढीबाट हिमालका दृश्यहरू र तराईका फाँटहरू छर्लङ्ग देख्न सकिने हुँदा लुम्बिनी सर्किट भित्र राखेर यसको उत्थानमा लाग्न सके आकर्षक गन्तव्य स्थल हुने सम्भावना रहेको छ। मगरजातिको बाहुल्य रहेको यो क्षेत्र ग्रामीण होमस्टे टुरिज्म प्रवर्द्धनका लागि पनि सम्भाव्य क्षेत्र हो।



बल्ढेङ्गढी पाल्पा
Longitude (E) = 83.3103820, Lattitude (N) = 27.80710, Height = 1730.9m

### ११.५ झिंगामारा (झिंगेमाछा), बौद्ध गुम्वा र रेशममार्गको सम्बन्ध

सैनामैना नगरपालिकासँग सीमा जोडिएको झिंगामारा, ठूलीउदाङ र झण्डेटापु तिनाउ गाउँपालिका वडा नं. १ कचल पाल्पामा पर्दछन्। झिंगामाराको रामपाटा टापु (थुम्को) मा बौद्ध धर्म सँस्कृतिप्रति आस्था राख्ने जनसमुदायले २०५६ सालतिर एउटा बौद्ध गुम्बा समेत निर्माण गरेकोले यसको सम्बन्ध सैनामैना र लुम्बिनीसँग जोड्नलाई मद्दत पुऱ्याउने देखिन्छ। प्राकृतिक मनोरम दृश्यले भरिपूर्ण यो क्षेत्र सैनामैना नगरपालिकाको सबैभन्दा नजिकको उत्तरी क्षेत्रको आकर्षकक्षेत्र पनि हो । सेनराजाहरू रिब्दीकोट र सैनामैना राजपुर बुटवल अर्थात् लेकवेसी गर्ने प्रमुख बाटो पनि यही भएकोले यसको ऐतिहासिक महत्त्व पनि छ। साथसाथै तिब्बत मुक्तिनाथ रिडी भैरवस्थान-रिब्दीकोट सैनामैना राजपुर-तिलौराकोट लुम्बिनी हुँदै भारततर्फ चिनियाँ तिब्बती यात्रीहरू ह्वेनसाङ फाइयान समेत आइजाइ गर्ने यो पनि एउटा मार्ग रहेकोले प्राचीन इतिहाससँग जोडिन पुग्छ । नुवाकोटदेखि पश्चिम झिंगामारादेखि पूर्व अवस्थित झण्डेटापु (थुम्को) सेनकालीन राजदरबारको निशानको रुपमा रहेको छ । सेनराजाहरू सैनामैनाबाट रिब्दीकोट जान लावालस्कर सहित अगाडि बढेपछि यहाँ अग्लो झण्डा फहराइन्थ्यो र सो झण्डा देखेर रिब्दीकोटमा स्वागतको लागि तयारी गरिन्थ्यो। त्यसै गरी रिब्दीकोटबाट राजा फर्किदा पनि यसैप्रकार यहाँ झण्डा फहराइने हुनाले यस चुलीलाई झण्डे टापु भनिएको कुरा कचल गा.वि.स. पूर्व उपाध्यक्ष होम बहादुर राहदी मगरले बुढापाकाबाट आफूले सुनेको कुरा बताउनुभयो । त्यस्तै झिंगामारादेखि पश्चिममा रहेको ठूलीउदाङबाट भ्यू टावरको रुपमा धवल हिमश्रृङ्खला सैनामैना र लुम्बिनी अत्यन्त निकट रुपमा रहेको देखिन्छ। झिंगामारा भनेको झिंगे माछा हो। यहाँ दक्षिणतर्फ फर्केको पर्रोहा खोल्सा र

उत्तरतर्फ फर्केका लङ्का खोल्सामा झिंगेमाछा पर्याप्त मात्रामा पाइने भएकोले यस ठाउँको नाम झिंगेमाछा भनेर जनजिब्रोले संवोधन गरेको पाइन्छ। पर्यटकहरूलाई झिंगेमाछाको स्वाद लिन र अवलोकनका लागि यस क्षेत्रलाई विकास गर्न सकिने प्रवल संभावना रहेको छ। मगर गाउँवस्तीको बहुलता रहेको झिँगेमाछा गाउँले होमस्टे प्रवर्द्धनको माग गरिरहेको अनुभूत हुन्छ। साथै ह्वेनसाङ, फाइयान जस्ता बौद्ध चिनियाँ यात्रुहरू मुस्ताङ, मुक्तिनाथ, रिडी हुँदै बुद्ध जन्म स्थल लुम्बिनी र बोधगया जस्ता बौद्ध तीर्थस्थलमा आइजाइ गर्दा र प्राचीन चिनियाँ रेशम ब्यापारीहरू समेतले यसै सैनामैना, बुटवल र तानसेन रिब्दीकोट रिडी भेगको बाटोलाई प्रयोग गरेको बताइन्छ। प्रस्तावित केरूङ, काठमाडौं, पोखरा र लुम्बिनी रेलमार्ग पनि यस अर्थमा आकर्षित हुने देखिन्छ।



झण्डे टापु, तिनाउ गा.पा. पाल्पा
(सैनामैना सांस्कृतिक सङ्ग्रहालयबाट नियाल्दा)



झिँगामारामा अवस्थित बौद्ध गुम्वा

### ११.६ नुवाकोट गढी र जितगढी किल्ला

पाल्पा तिनाउ गाउँपालिका वडा नं. २ मा नुवाकोट किल्ला रहेको छ। राज्यको सुरक्षार्थ मुकुन्द सेन प्रथमले यो नुवाकोट किल्ला निर्माण गरेका हुन्। पाल्पामा उनले स्थापना गरेका ४ प्रसिद्ध भैरवहरू- भैरवस्थानको भैरवनाथ, तानसेन अमरगञ्जको बटुकभैरव, प्रभास भैरमटारीको भैरव र नुवाकोट भैरव हुन्। यी मध्ये नुवाकोट भैरवको आफ्नो छुट्टै महत्त्व रहेको छ। पहाड र तराईलाई जोड्ने मूलबाटो यही नुवाकोट किल्ला भएर उत्तर दक्षिण गएको छ। आफ्नो पाल्पा राज्यको सुरक्षार्थ यस्ता गढी किल्लाहरू सेनराजाहरू धेरै निर्माण भएका छन्। तीमध्ये नुवाकोट गढीको फेंदी बटौलीमा पनि एउटा गढी बनाइएको थियो र त्यस गढीलाई पहिले बटौली गढी भनिन्थ्यो। सन् १८१४-१८१६ मा नेपाल अङ्ग्रेज युद्धका बेला नुवाकोट गढीमा रहेको नेपाली सेनाको नेतृत्व गरेका विजय नायक कर्णेल उजिर सिंह थापाले नुवाकोटगढी र बटौली गढीलाई प्रयोग गरेका थिए। बटौली गढीमा अत्याधुनिक अस्त्रशस्त्रले सुसज्जित अङ्ग्रेज सैन्यवललाई सदासदाका लागि परास्त गरी नेपाल राज्यलाई बचाउने काम गरेका थिए। यसरी बटौली गढीमा नेपाल पक्षले विजय हासिल गरे पछि वा जिते पछि बटौली गढीको नाम जितगढी बनेको इतिहास छ। यस युद्धमा जीत हासिल गर्ने वर देऊ, जिते पछि तिम्रो राजकीय सम्मानका साथ रथमा चढाइ सिंधुर यात्रा गरौँला भन्ने भाकल गरे बमोजिम विजय पश्चात् वि.सं. १८७६ मा निर्णय गरी १८७७ देखि पाल्पामा रणउजिरेश्वरी भगवती रथायात्रा र अरु जात्राहरूको समेत सुरुआत भएको गौरवपूर्ण इतिहास छ। यस गढीमा सेनराजाहरूले दशैं पर्वमा धुमधामसँग मनाउने गर्दथे। हाल यस नुवाकोट

गढी क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले होटेल रिसोर्टहरू संचालन हुन थालेका छन्। जितगढी र नुवाकोटगढी जोड्ने केवुलकार संचालन गर्ने योजना पनि अघि बढेको छ। साथसाथै बेलबास नुवाकोट र झुम्सा राजमार्गमा जोड्ने सडक पनि निर्माण अन्तिम चरणमा पुगेकोले आइजाइ गर्न सजिलो भएको छ। भैरव मन्दिर पुनर्निर्माण गरी भव्य त्रिशुल समेत राखिएको छ। तराईको गर्मी छल्न र पहाडिया सुशीतल हावापानीमा बसेर जीवनलाई सार्थक बनाउन सकिने पर्यटकीय आधार पनि बनेको छ। हिमाल पहाड तराई प्रष्ट देख्न सकिने नुवाकोट किल्ला क्षेत्र प्राकृतिक भ्यू टावरको रुपमा अवस्थित छ। जितगढी र नुवाकोटगढीको महिमा नेपाली राष्ट्रियता पक्षपोषण गर्दै गीत कविता रचना गर्ने परम्परा पनि अघि बढेको छ। कवि झपेन्द्र जी.सी. ले आजका कोपिला भोलिका फूलमा लेख्छन् -

*जाम जाम साथी हो जितगढी जाम।*
*अङ्ग्रेजलाई हराएको किल्ला हेर्न जाम।*
*उजिर सिंह भगवती जितगढी नाम।*
*भगवती जात्रा हेर्न तानसेन जाम।*[६१]



जितगढी किल्ला, बुटवल फूलवारी

**११.७ पाल्पा माडी रुद्रेश्वर महादेव मन्दिर**

रिब्दीकोट राजपुरको राज्य विस्तार गर्ने पाल्पाली राजा रुद्रसेनले नवलपरासीको रुद्रपुरमा रुद्रेश्वर वस्ती रुद्रपुर र पाल्पा माडीमा रुद्रेश्वर महादेवको स्थापना र मन्दिर निर्माण गरेको कुरा डा. विष्णुप्रसाद घिमिरेले लेखेका छन्। माथागढी गाउँपालिका वडा नं. ३ को सराइटार भन्दा माथि करिब डेढ कि.मि. को दूरीमा मन्दिरको भग्नावशेषहरू पाइएका छन्। यस आधारमा रुद्रेश्वर महादेव यही भएको अनुमान गरिएको छ। यहाँ स्थापित शिव मूर्तिहरू यही सैनामैनाबाट लगेर प्रतिष्ठापित गरेको बुझिन्छ।[६२]

६१. झपेन्द्र जी.सी. आजका कोपिल भोलिका फुल, प्रका. भाइल स्टोन प्रकाशन प्रा.लि., २०६९, पृ. २
६२. डा. विष्णु प्रसाद घिमिरे, पाल्पाराज्यको इतिहास भाग २, पूर्ववत्, पृ. ३

### ११.८ गजेडीताल

कञ्जन गाउँपालिका वडा १ मा रहेको यो प्राकृतिक ताल उत्तर दक्षिण र पश्चिम दिशातर्फ फैलिएको छ। यस तालमा विविध जातका चराचुरुङ्गहरू विराना देशबाट आएर निश्चित अवधि बसोवास गर्ने र बच्चा कोरल्ने काम समेत गर्ने हुँदा यसताललाई टुरिस्ट चराचुरुङ्गीको तालका रुपमा पनि चिनिने गरेको छ। समयमाई यस सामुदायिक वनको संरक्षणमा रहेको यो ताल यस क्षेत्रको अत्यन्त आकर्षक ताल हो। यो ताललाई आकर्षक गन्तव्य स्थलका रुपमा विकास गर्न सके पर्यटन व्यवसाय राम्ररी फस्टाउने देखिन्छ। सैनामैना नगरपालिका बासगढीबाट करिब ६ कि.मि. दूरीमा रहेको यो ताल पनि सैनामैनाको पर्यापर्यटनको महत्त्वपूर्ण आधार बन्ने देखिन्छ।




गजेडीताल

### ११.९ तानसेनका मठमन्दिर, दरवार र बौद्धविहार

यस ५ नम्बर प्रदेशमा पाल्पा तानसेन लुम्बिनी, तिलौराकोट र सैनामैना पछिको दोस्रोश्रेणीमा पर्ने बौद्ध दर्शन सम्प्रदायको महत्त्वपूर्ण क्षेत्र हो। यो क्षेत्र भिक्षुहरूको निवासस्थल र चिन्तनस्थल भएको कुरा पनि यहाँ स्थित विविध नामका गुम्बा र विहारहरूले देखाउछन्। आनन्द विहार टुँडिखेल, महाचैत्य विहार टकसार, महावोधि विहार लहरेपिपल, चक्रविहार असनटोल, होलङ्ग्दी विहार, शान्ति स्तूप, शान्तोक विहार चिर्तुङधारा, बौद्धगुम्वा विहार बौघागुम्हा रहेका छन्। तानसेनमा विभिन्न समयमा प्रसिद्ध भीक्षुहरू अमृतानन्द (तानसेन टक्सारमा जन्म), कुमार कश्यप (तानसेनमा जन्म), शाक्यानन्द (भोजपुरमा जन्म), विमलानन्द (तानसेन भिमसेन टोलमा जन्म), ज्ञानपुण्य (तानसेन टक्सारटोलमा जन्म) ले तानसेन लगायत विश्वभरमै बोधिसत्व र विपश्यनाको अभ्यास तथा प्रचार-प्रसार गरेको गौरवपूर्ण इतिहास छ। यसैको प्रभाव स्वरुप हाल तानसेन नगरपालिका-८ मदनपोखराको शिखरडाँडामा विपश्यना ध्यानयोग केन्द्र स्थापित र सञ्चालित भएको छ। यसरी नै यसै नगरपालिका वडा नं. १४ को समीप गुल्मी रिडीमा पनि एउटा प्राचीन बौद्ध विहार रहेको छ। यसरी प्राचीनकाल, सेनकाल र नेपाल एकीकरण पछि पनि सैनामैना र तानसेन पाल्पासितको सोझो सम्बन्ध रहिरहेको देखिन्छ।



चैत्य विहार, तानसेन

### ११.१० सैनामैना, हृषीकेश क्षेत्र रिडी र मुक्तिनाथको सम्बन्ध

प्राचीन कपिलवस्तु राज्य कोशलदेखि मुक्तिनाथ हिमशृङ्खलासम्म फैलिएको बौद्ध वाङमयमा उल्लेख भएको पाइन्छ। तुथाराय सेन र उनका उत्तराधिकारीहरू प्रातापी राजा मणिमुकुन्द सेन समेत वि.सं. १३६३ देखि रिब्दीकोट राजपुर राज्य पाल्पा राज्यको नामले शासन गर्दै आउने क्रममा पाल्पा राज्य १८६१ जेठ २० पछि नेपाल राज्यमा विलयन भए पछि पनि यसको प्राचीन इतिहासले निरन्तरता पाएको देखिन्छ । मुकुन्दसेन प्रथमले सैनामैनाको मूर्तिकला सँस्कृतिलाई रिडी हुँदै मुक्तिनाथसम्म विस्तारित गरेको देखिन्छ । तुथाराय सेनहरूले सैनामैनाको कर्साघाटलाई आफ्नो नजिकको तीर्थ धामको रुपमा विकास गरे झैं मुकुन्दसेन प्रथमले रिडीलाई आफ्नो पवित्र तीर्थ धाम/क्षेत्रको रुपमा विकास गर्न हृषीकेश मन्दिर निर्माण गरेका थिए । हृषीकेश मन्दिर परिसरमा राखिएका प्रस्तर मूर्तिहरूको प्राचीनताले फेरि पनि राजपुर/सैनामैनालाई स्मरण गराउँछ। हृषीकेशको प्रस्तर मूर्तिको रुप र शैली सैनामैनामा प्राप्त हुने देवदेवीका प्रस्तर मूर्तिहरूको रुप र शैलीसँग ठीकदुरुस्त मिलेको पाइन्छ। यसले इतिहास अनुसन्धाताहरूलाई के कुरा सघाउँछ भने मुकुन्द सेनका बाजे बराजुद्वारा सैनामैनामा स्थापना गरिएका र निर्माण गरिएका प्रस्तर मूर्तिकलालाई रिडी क्षेत्रमा लागु गर्न अवश्य नै प्रेरित गरेको थियो। त्यसैले कर्साघाट तीर्थस्थलको नमूना तीर्थ धाम रिडीलाई बनाउन हृषीकेष, गायत्री, सरस्वती गणेश र गङ्गाका प्रस्तर मूर्ति रिडीमा प्रतिष्ठापित गरे। स्मरण रहोस् सैनामैना क्षेत्र प्रस्तरकलाको सङ्ग्रहालय त हो नै, यसका साथै प्रस्तरकला निर्माण गर्ने कारखाना (फ्याक्ट्री) पनि हो भन्ने अनुमान गर्दा तथ्यको नजिक पुग्न सघाउँछ। पाल्पा हृषीकेशका प्रस्तर मूर्तिहरू र पाल्पा भैरवस्थानका कालभैरव प्रस्तर मूर्ति रिब्दीकोट जलेश्वरको प्रस्तर मूर्ति र

प्रभास शिवालयको प्रस्तर मूर्ति पनि आफ्ना बाउवराजुको प्रारम्भिक थलो सैनामैनाबाट लगेर राखेका हुन् भन्दा अन्यथा हुनेछैन । यसो भए पछि आफ्नो राज्यक्षेत्र मुक्तिनाथ क्षेत्रलाई बौद्ध र हिन्दूको साझा एवम् पवित्र तीर्थस्थलका रुपमा विकास गर्न सेन राजाहरूले महत्त्वपूर्ण योगदान गरेका थिए भनेर निचोडमा पुग्न सकिन्छ। कालीगण्डकीको शिरदेखि पाउसम्म घाट तीर्थस्थल बनाउने क्रममै राज्य विस्तारको काम सम्पन्न गरे पछि मुकुन्दसेन (प्रथम) मुनि भेष धारण गरेर जीवनको शेषकालमा देवघाटमा गई तपध्यान गरेको प्रमाणिक इतिहास छ।



रिडी तीर्थक्षेत्र धाम



हृषीकेश मन्दिर, रिडी



मुक्तिनाथ, मुस्ताङ



मुक्तिनाथ मन्दिर



मुक्तिनाथ सहस्रधारा

**११.११ देवदह रामग्रामः**

सिद्धार्थ बुद्धको महापरिनिर्वाण पश्चात् अस्थिधातु राखेर १० वटा स्तूप निर्माण गरिएको बौद्ध इतिहास पाइन्छ । यी मध्ये शुद्धोदनको ससुराल बुद्धको मावली र फेरि बुद्धको ससुराल हुन गएको हाल नवलपरासी जिल्लामा पर्ने रामग्राममा बुद्धको अस्थिर धातुबाट निर्मित स्तूप रहेको बताइन्छ । अन्य स्तूपहरू उत्खनन् गरी विभिन्न ठाउँमा ८४ हजार स्तूप निर्माण गरिए पनि देवदह क्षेत्र तत्कालीन कोलिय राज्यमा अवस्थित स्तूप उत्खनन् नगरिनुबाट सम्राट अशोकले यो स्तूपलाई उच्च महत्त्व दिएको देखिइन्छ। देवदह क्षेत्रमा प्राचीन दरबार, महल, प्रस्तर कला, प्रतिमा, इँटाबाट निर्मित इनारहरू प्राप्त छन्। सन् ४०६ मा थाइयान र सन् ६३६ मा नेपालको भ्रमणमा आएका ती बौद्धयात्रीहरूले यस क्षेत्रको स्थलगत अध्ययन गरी लुम्बिनीदेखि २०० लि. (३३.५ माइल) मा बुद्धको स्तूप रहेको उल्लेख गरेका छन्। हाल रामग्राम स्तूप भनेर चिनिने स्तूपको अध्ययन अनुसन्धान विभिन्न विद्वान्हरूले गरेका छन्। यूनेस्को र पुरातत्त्व विभाग नेपालले सामान्य उत्खनन् गरेर संरक्षण गरेको छ। यसरी नै हाल रूपन्देही जिल्लाको देवदहमा प्राचीन देवदहपोखरी रहेकोछ। स्थानीयवासीले देवदहमा भव्य र आकर्षक धातु प्रतिमा राखेर प्राचीनताको परिचय दिएका छन्।



**प्राचीन बुद्धकालीन पोखरी, देवदह**



**रामग्राम स्तूप, नवलपरासी**

परिच्छेद : बाह्र

# सैनामैनाको सभ्यता र संस्कृति

## १२.१ विषय प्रवेश

संस्कृति र सभ्यता यी दुई शब्दावली एक अर्कासँग अत्यन्त घनिष्ट रुपमा सम्बन्धित रहेका छन्। यावत् संस्कृति र सभ्यताका निर्माता मानव जाति नै हुन्। मानव जाति नै संस्कृति र सभ्यताका द्रष्टास्रष्टा र भर्ता हुन्। सभ्यता, कला र संस्कृति निर्माणमा बौद्धिक श्रम, शक्ति र श्रमिक गालिगढ समुदायको विशेष भूमिका रहेको स्वयं सिद्ध छ। मानव जाति र मानव समाजको आवाद नभएको स्थानमा कुनै सभ्यता, कला र संस्कृतिको छनकसम्म पाइँदैन। त्यो स्थल त निर्जन, शून्य र केवल प्रकृतिमय मात्र हुन्छ भन्ने कुरा दोहोऱ्याउन पर्दैन। हामीले इतिहासमा पढेका छौं वा सुनेका छौं प्राचीन मिश्र र क्रेटको सभ्यता, मेसोपोटामियाको सभ्यता, प्राचीन ग्रिक र एथेन्सको सभ्यता, सिन्धु घाटीको सभ्यता, मोहन्जोदडो र हरप्पाको सभ्यता, भारतीय सभ्यता, चिनियाँ सभ्यता आदि। तर माथि उल्लेखित क्रेटको सभ्यता अहिले देख्न सकिँदैन। किनकि क्रेटको मानव सभ्यता त समुद्रको पिँधमा पुगेको छ, कारण ज्वालामुखी भूकम्प आदिका कारण त्यो क्रेट सभ्यता अहिले देख्न सकिँदैन। यसरी नै हाम्रै देशभित्र पनि इतिहासकार र सांस्कृतिक अध्येताहरूले कोशी सभ्यता, वागमती सभ्यता, गण्डकी सभ्यता, कर्णाली सभ्यता आदि नदी प्रवाह क्षेत्रका आधारमा नामकरण गरेर अध्ययन गर्ने प्रचलनलाई अगाडि बढाएका छन्। यसरी नै नेपालको प्राचीन महत्त्वपूर्ण सभ्यताहरू मध्ये मिथिला सभ्यता र कपिलवस्तु सभ्यता हो। मिथिला सभ्यताले जनक र तत्कालीन ब्रह्मवादी सभ्यता अर्थात् आत्मवादी सभ्यताको बोध गराउँछ भने कपिलवस्तु सभ्यताले बौद्ध अभियान अन्तर्गत महर्षि कपिलको साङ्ख्य दर्शन, क्रकुच्छन्द बुद्ध, कनकमुनि बुद्ध र बुद्धहरूमध्ये सबैभन्दा प्रमुख सिद्धार्थ बुद्ध र तत्कालीन मानव सभ्यताको बोध गराउँछ। यसरी नै बुद्धद्वारा ऋषिपत्तन (सारनाथ) मा बुद्ध शिक्षाले दीक्षित गरिएका वडप्प, मद्दीप, महानाम, अश्वजित जस्ता भिक्षुहरू र पद्मपाणि अवलोकितेश्वर वोधिसत्वको ध्यान योग आश्रम र तत्कालीन मानव सभ्यतालाई जनाउँछ। यसरी नै सैनामैना/सामगाम पनि कपिलवस्तुको हिमाल पहाड तराईमा आइजाइ गर्ने नाकामा नै रहेकोले यसको महत्त्व पनि उत्तिकै छ। तर शाक्यकालीन मानव सभ्यता वा बुद्धकालीन मानव सभ्यताको त्यो उच्चकोटिको सभ्यता अहिले सग्लो रुपमा देख्नबाट हामी वंचित हुन परेको छ। कारण हो, ती सबै सभ्यताका चिन्हहरू दरवार महल सडक, खेलमैदान, रङ्गशाला आज हामीसँग जस्ताको तस्तै अवस्थामा छैनन्। तर खोलो हिंडेको ठाउँमा चिसो हुन्छ वा कुनै डाम हुन्छ भने झैं अहिले पनि यस क्षेत्रमा ठूलाठूला दरवार महलका भग्न भित्ताहरू इँटा र झिंगटीहरू, प्रस्तर मूर्तिहरूर इनारहरू समग्र कपिलवस्तु र रूपन्देही भरि अथवा यस सैनामैना क्षेत्रमा यत्रतत्र देख्न पाइन्छन्। साक्षी प्रमाण रानीकुवा ठूलोकुवाको सङ्ग्रहालय, वौराहा खोला प्राकृतिक चिकित्सा केन्द्रमा प्राप्त पद्मपाणि अवलोकितेश्वर प्रस्तर मूर्तिहरू र इनारहरू नै हुन्। यी सबै भग्नावशेषहरू नै प्राचीन र मध्यकालीन मानव सभ्यतालाई चिन्ने बुझ्ने आधार हुन्। यो सभ्यता निर्माताहरू अहिले छैनन् तर अहिंसा परमोधर्म, चार आर्य सत्य र ८ अष्टाङ्गिक मार्ग र बुद्धको पञ्चशील र सप्तशील शिक्षा पद्धति विश्व मानव जगत्का लागि अपूर्व मार्ग दर्शन बनेका छन्। कपिलवस्तु र सैनासैनाको प्राचीन र मध्य कालीन सभ्यताको माथि चर्चा परिचर्चा भैसकेको हुँदा यस अध्ययमा सैनामैना क्षेत्रको कला र सांस्कृतिक पाटोको सङ्क्षेपमा परिचय दिने प्रयत्न रहने छ।

## १२.२ संस्कृतिको परिभाषा

ल्याटिन भाषामा Cultura (कल्तुरा) भनेको पशुपालन तथा कृषिकर्म (Animal Farming and Agriculture System) हो। यही कल्तुरा (Cultura) शब्द अङग्रेजीमा कल्चर (Culture) बनेको छ। नेपाली भाषामा यही

कल्चरलाई संस्कृति भनेर प्रयोग गरिदै आएको पाइन्छ। संस्कृत भाषामा परिष्कृतको अर्थमा संस्कृति शब्द प्रयोग हुँदै आएको छ। सारतः संस्कृति शब्दलाई मानव जातिले आदिम कालदेखि नै उत्पादन पद्धतिसँग जोडेर आएको छ। उत्पादन पद्धतिले युगको निर्धारण गरेको हुन्छ। संस्कृति र सभ्यताको जग उत्पादन र निर्माण पद्धति भएको कुरामा दुईमत नहोला। के कुरा गर्ने र के कुरा नगर्ने यस खाले नियमहरू सभा वा गोष्ठीद्वारा निर्धारण गरिन्छ। सभ्य वा गोष्ठीद्वारा निर्धारण गरिएका विधि अनुसार निर्माण गरिएका भौतिक संरचना र सामाजिक प्रचलनहरू (Usages) नै सभ्यताका चिन्ह हुन्। मानव समाजको उषाकालमा त्यस खालका सभा वा गोष्ठी अथवा संसद सदन अस्तित्वमा नभए पनि खाना, छाना नाना र आत्म सुरक्षाका विभिन्न नीति विधिहरू निर्माण गरे। शिकारी युग, पशुपालन युग, कृषि युग, औद्योगिक युग आदिमा युग सापेक्षित नीतिविधिहरू बने बनाइए। जन्म संस्कारदेखि मृत्यु संस्कारसम्म नीतिविधि विश्वका हरेक महादेश, देश र स्थलहरूमा बने बनाए। जसले गर्दा आ-आफ्नो भाषा कला, रीतिरिवाज, गायन कला नृत्य कला, वाद्य कला, धर्मकर्म, अनुष्ठानहरू प्रचलनमा आए। जे होस् सारा सभ्यता र संस्कृतिका निर्माता मानव समाज नै हो। यस कपिलवस्तु देश (मुक्ति क्षेत्रदेखि कोशलसम्म) र सैनामैनामा पनि प्राचीनकालदेखि अर्वाचीन कालसम्म विविध सभ्यता र संस्कृतिको विकास भएको छ। सभ्यता र संस्कृतिले उत्पादन पद्धतिको फेरवदलसँगै नयाँ सभ्यता र संस्कृतिको निर्माण गरेको छ। वाउबाजेको पुरानो संस्कृतिको हितकारी पक्षलाई ग्रहण गर्दै नयाँ संस्कृतिको निर्माण गरेको छ। शालवृक्षले आच्छादित कपिलमुनिको आश्रम क्षेत्र कपिलवस्तुलाई शाक्यहरूले आवाद गरेर शाक्य सभ्यताको विकास गरे। घरमहल, दरवार, सडक निर्माण गरे। त्यही सभ्यताको जगमा समाजलाई मार्गदर्शन गरी अग्र दिशामा लैजान बुद्धवाद र बुद्धसंस्कृतिको पनि यहीँ जन्म र विकास भयो। उत्थान र पतनको व्यथा इतिहासमा वेहोर्न परे पनि पछिल्लो चरण उत्थान र समुन्नतिकै हो भन्ने कुरा वर्तमान सैनामैनाको मानव वस्ती र सभ्यताले देखाउँछ।

### १२.३ संस्कृतिका सम्वन्धमा केही मननीय परिभाषाहरू

सी.वी.टेलर (CB Tylor) भन्छन् "संस्कृति त्यो जटिल कुरा हो जसभित्र ज्ञान, विश्वास कला, नैतिकता, कानुन, चालचलन र मानिसले समाजको सदस्यको हैसियतले जानेको कुनै पनि क्षमता तथा बानीहरू सम्मिलित हुन्छन्।" (Culture is the complex whole which includes knowledge, belief, art, morales, law, custom and any other capabilities as a member of society.)

यसरी नै रेड फिल्ड (Red Field) भन्छन् - "संस्कृति भनेको कलाकौशल भएको ज्ञान हो जसले मानिसलाई सङ्गठित, रुपमा राखेको हुन्छ। एउटा मानवीय समूहको चरित्र देखाउँछ।" (Culture is an orgnised body cunventional under standing manifesto in art, artifact which perssiting through tradition, charactersies a human group)

मेलिन्वस्की (Malinowski) पनि संस्कृति बारे भन्छन्- "संस्कृति मानिसको हस्त व्यवसाय (Hand Work) हो र उसको उद्देश्य प्राप्त गर्ने माध्यम पनि हो।"(Culture is the handwork of man and the medium through which he achieves his endso)

सी.सी. नर्थ (C.C. North) भन्छन् - "मानिसद्वारा आफ्ना आकाङ्क्षाहरू पूरा गर्न सहयोग गर्नका लागि बनाइएका औजारहरूमा नै संस्कृति रहेको हुन्छ।" (Culture consists in the instruments consituted by men to assisthim in satisfying his wants)[६३]

६३. विष्णु प्रसाद दाहाल, डा. विश्वकल्याण पराजुली, समाजशास्त्र तथा मानवशास्त्र : एक सामान्य परिचय वेन्चमार्क एजुकेसन सपोर्ट प्रा.लि., नयाँबानेश्वर-१०, काठमाडौं, पृ. ५२-५३, २०६५

यी सबै विद्वान्हरूको भनाइबाट पनि संस्कृति भनेको मानवीय इच्छा आकाक्षा र उद्देश्यहरू प्राप्तिका लागि बनाइएका हातहतियार, नियम कानुन, रीतिरिवाज, कला शैली, देवदेवी, संस्कार, पूजाविधि हुन् भन्ने कुरा प्रष्ट हुन्छ। उत्पादन पद्धतिको जगमा आ-आफ्नो युग सापेक्ष चेतना र संस्कृति निर्माण हुन्छ, पछिल्लो युगको संस्कृतिले पुरानो युगको केही विशेषताहरूलाई अङ्गीकार गर्दै नयाँ युगमा नयाँ संस्कृतिको निर्माण गर्न प्रवृत्त रहेको हुन्छ।

## १२.४ संस्कृति र सभ्यता निर्माणमा मानव मात्रको भूमिका

संस्कृति र सभ्यताका निर्माता, बाहक/संचालक र संरक्षक मानव जाति मात्रको भूमिका रहेकोछ। संस्कृति र सभ्यता निर्माणमा कुनै दोस्रो शक्तिको भूमिका छैन। मानव जाति प्रमुख रुपमा दुई प्रकारको संस्कृति निर्माणमा शक्तिशाली देखिएको छ। जसलाई देहाय बमोजिम प्रस्तुत गरिन्छ।

### १२.४.१ वंशज बृद्धि वा सन्तान उत्पादन संस्कृति

वनस्पति जगत र पशुजगतले आफू जस्तै सन्तान उत्पादन गरेर आफ्नो वंशलाई निरन्तरता दिएका हुन्छन्। तर मानव जातिले वंशको निरन्तरता मात्र दिदैन उसले त आफ्नो सन्ततिलाई सभ्यता र संस्कृतिले ओतप्रोत गरेर अत्याधुनिक सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने कला पनि सिकाउँछ। मानव जातिको यही गुण र विशेषताकै कारण पशु जगत्बाट मानव जाति भिन्न छ। यस सैनामैना क्षेत्रको प्राचीन र अर्वाचीन सभ्यता र संस्कृतिले यही कुरालाई औल्याउँदछ। यहाँ प्राचीन सभ्यता र संस्कृति अतीतको धरातलमा परे पनि वा भग्नावशेषमा परिणत भए पनि प्राचीन सभ्यता र संस्कृतिको खोजविन गरेर अहिलेको युग अनुरुपको सामाजिक संस्कृति निर्माणमा कपिलवस्तुको वंशज वा सैनामैनाको वंशज लागेको छ।

### १२.४.२ भौतिक संस्कृति

गुफा घरमा बस्ने मानव जातिले क्रमश गुफा जस्तै कुँडुले घरहरू भोपडी र कुटीहरू निर्माण गरे। हातलाई हतियारको रुपमा प्रयोग गर्ने मानव पुर्खाले क्रमशः लौरो र ढुङ्गालाई हतियारका रुपमा प्रयोगमा ल्याए पछि गर्दै जाँदा, सिक्दै जाँदा धातुहरूको उत्खनन् र प्रयोग गरेर नयाँ नयाँ औजार मात्र होइन भव्य घर, महल, दरवार, पानीजहाज, हवाइजहाजदेखि कम्प्युटर र मोवाइल समेतको निर्माण र प्रयोग गरे। यसै सैनामैना क्षेत्रमा प्राप्त इनार, घर महलका भग्नावशेष प्रस्तरमूर्ति र मन्दिरहरू मानव जातिको उच्चतम चेतना र श्रम सीपले निर्माण भएका हुन्। त्यसैले यिनीहरूलाई सांस्कृतिक सम्पदा भनिएको हो। यसखाले भौतिक संस्कृतिलाई प्रत्यक्ष देख्न र मापन गर्न सकिन्छ। योदेखि बाहेक मानव जातिले अभौतिक संस्कृतिको पनि निर्माण गरेको छ। त्यसलाई पुनः दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ।

### १२.४.३ काल्पनिक अभौतिक संस्कृति

काल्पनिक अभौतिक संस्कृति अगोचर र भौतिक संसारदेखि बाहिर रहेको हुन्छ। स्वर्ग, नर्क, पुनर्जन्म, पूर्वजन्म, भाग्य, परमेश्वर परमात्मा आदि पनि मानवद्वारा निर्मित संस्कृति हो। यो अध्यात्मवादसँग सम्बन्धित छ। समाजमा दार्शनिक रुपमै यस खाले संस्कृतिलाई मान्यता प्राप्त छ। पुराण, कुरान, वाइवल आदि यसका प्रमुख ग्रन्थ हुन् र धर्मभीरु मानव समाजमा यसको सत्ता प्रवल छ। ईश्वरीय सिर्जना मानिने यी ग्रन्थहरू धार्मिक संस्कृतिका आधार हुन् र जन्मदेखि मृत्यु पर्यन्त गरिने यावत् नीति नियम र संस्कारहरू उल्लेख गरिएका छन्। अलौकिक संसार र अलौकिक शक्तिको कल्पना र व्यवहार यस अन्तर्गत पर्दछन्।

### १२.४.४ श्रम र चेतनाबाट निर्मित संस्कृति

मानव जातिले बाटो, पुल, भवन, मठ मन्दिर मस्जिद र चर्च, पानीजहाज हवाइजहाज, रकेट, कम्प्युटर, संचारका विविध साधनको उत्पादन र प्रयोग मात्र गरेन, मानव जातिले त आफ्नो उत्पादन पद्धतिको जगमा उभिएर प्रकृतिबाट सिक्दै र आफ्नो बुद्धि जुक्ति र उपलब्ध साधन स्रोतलाई प्रयोग र परिचालन गरेर मानव जीवनलाई रसिलो, पोषिलो, हँसिलो बनाउने कलाको आविष्कार र विकास पनि गर्‍यो । विभिन्न भाष, विभिन्न कला (मूर्तिकला, वास्तुकला, चित्रकला) का साथ गीत-सङ्गीत र नृत्यको पनि त विकास गर्‍यो । जन्मदेखि मृत्युसम्म जीवनलाई कसरी सार्थक र सजीव बनाउने यस विषयतर्फ पनि विभिन्न देश प्रदेशर स्थानमा रहने मानव जातिले सिङ्गो आफ्नो जीवनको कार्यक्रम (Chart) नै बनायो । शिकार प्राप्त हुँदा शिकारको वरिपरि घुमेर हाउभाउ गर्ने आदिममानव जातिले पछिल्ला दिनमा धान रोपाइँ गर्दा असारे गीत/वाली गीत गाउँने, धान स्याहार्दा दाइँ गीत गाउँने र नाच्ने, आफन्त जनको मृत्यु हुँदा शोक मनाउँ गर्ने आफ्नै विधि विधान रीतिथिति बमोजिम दाहसंस्कार र अन्त्य संस्कार गर्ने संस्कृति पनि विकास गर्‍यो। धान रोपाइँ गर्दा शुद्धोदनले सुनको हलोले जोतेको, धान रोपाइँलाई उत्सवका रुपमा धुमधामका साथ मनाएको बौद्ध वाङमयमा पाइन्छ।

प्रकृति पूजक आदिम मानव समुदाय क्रमशः मूर्तिक पूजक र अलौकिक शक्तिको पूजनतर्फ प्रवृत्त भए झैं यस कपिलवस्तु सैनामैना क्षेत्रमा पनि पर्याप्त मात्रामा विभिन्न देवदेवीको प्रस्तर मूर्तिहरू प्राप्त हुनुले यही कुराको पुष्ट्याइँ गर्छ। सारतः संस्कृति भनेको सिङ्गो मानव समाज र समुदायको जीवन पद्धति (Way of Life) को द्योतक हो । संस्कृति मानव निर्मित हुन्छ, संस्कृति एउटा व्यक्तिको नभई सिङ्गो समाज वा समुदायबाट मान्यता प्राप्त हुन्छ। संस्कृति एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छ, संस्कृतिमा पुराना अव्यवहारिक चालचलनलाई निषेध गर्दै, केही विशेषताहरू थप्दै जान्छ। संस्कृति ग्रहणशील हुन्छ, संस्कृति मनोरञ्जन प्रदायक र अग्रगामी हुन्छ। संस्कृतिले समुदाय समुदायलाई एक आपसमा एकीकृत र सङ्गठित पनि गर्दछ। संस्कृति प्रविधि विज्ञान पनि हो। प्राचीनकालमा चिनियाँहरूले बालबालिकालाई अङ्कगणित सिकाउन प्रयोग गरिएको अवाकसलाई हजारौं वैज्ञानिकहरूले आफ्नो मस्तिष्क र सीपलाई प्रयोग गरेर कम्प्युटर विज्ञान र कम्प्युटरको विकास गरे । सामान्य काठको मुढामा चढेर नदी तर्न प्रयोग गरिने प्रविधिलाई डुँगामा र डुँगाबाट स्वचालित पानीजहाज विकास गर्नु पनि मानव संस्कृतिको प्रशंसनीय उदाहरण हो।

यसरी नै लुम्बिनीमा उत्पत्ति भएको बौद्ध दर्शन र साङ्ख्य दर्शनले विश्व मानव समाजलाई प्रभावित पार्न सफल हुनु कपिलवस्तु संस्कृतिको नमूना उदाहरण हो । रिब्दीकोट राजपुरका राजा तुथाराय सेन र उनका उत्तराधिकारीहरूले माथि सूर्य र तल चन्द्र अङ्कित झण्डालाई नेपाल राष्ट्रको झण्डा (माथि अर्द्ध चन्द्र र तल सूर्य आङ्कित झण्डा बनाएर) विश्वलाई नेपालको परिचय दिन सफल भएको नमूना संस्कृति पनि यतै कपिलवस्तु सैनामैना र पाल्पाकै योगदान हो। यसबाट पनि संस्कृति ग्रहणशील र हस्तान्तरणशील हुन्छ भन्ने बुझ्न सकिन्छ। यिनै पृष्ठभूमिमा उभिएर सैनामैनाको सांस्कृतिक पाटोमा सङ्क्षेपमा प्रकाश पार्ने प्रयत्न गरिएको छ।

बहुजातीय संस्कृतिमा ठडिएको सैनामैनाको संस्कृति : उतिबेला अर्थात् शाक्य शासनकालमा विभिन्न जातिको अलग विशेषता र पहिचान सहितको छुट्टाछुट्टै संस्कृतिलाई समाविष्ट गरेर यस कपिलवस्तु क्षेत्र र सैनामैनामा अवश्य नै साझा संस्कृतिको रुपमा शाक्य संस्कृति अस्तित्ववान थियो होला। त्यसरी नै हाल पनि यस सैनामैना क्षेत्रमा क्षत्री, ब्रहामण, थारु, मगर, तामाङ, नेवार, गुरुङ, पहाडी दलित र तराइएन दलितका साथसाथै ३९ बहुजातीय संस्कृतिको साझा फूलवारीका रुपमा अवस्थित छ । विविधता र बहुसंस्कृतिको अस्तित्वलाई स्वीकार्दै सैनामैना संस्कृति मूल प्रवाहका साथ निरन्तर अगाडि बढ्दै छ। यहाँ केही जातिको उत्पादन पद्धति,

घरआवस, खानपान, रीतिरिवाज, चलनचल्ती, आस्थाका प्रतीक देवीदेवता दिउहार र देउराली, जन्म संस्कारदेखि मृत्यु संस्कारमा गरिने क्रियाकल्प, गीतसङ्गीत, नाचगान आदिको बारेमा चर्चा गरिन्छ।

## १२.५ थारु जातिको भाषा, कला र संस्कृति

### १२.५.१ विषय प्रवेश

थारु जातिलाई नेपालको आदिवासी मानिएको छ। नेपालका तराई भावर भूभागमा अज्ञातकालदेखि बसोबास गर्दै आएका थारु जातिको इतिहास भाषा, कला, साहित्य, सँस्कृतिले नेपाल र नेपालीको विशिष्ट पहिचान स्थापना गरेको छ। यहाँ थारु जातिका यिनै विशेषतालाई संक्षेपमा चर्चा गरिन्छ।

### १२.५.२ सैनामैनामा थारु जाति

थारु जातिका मानिसहरू नेपाल तराईको पूर्व मेची नदीदेखि पश्चिम महाकाली नदीसम्म समतल, खोँच, बँसी, भावर, दून,तथा विभिन्न उपत्यका लगायत करिब २५ जिल्लामा बसोबास गर्दछन्। अन्तर्राष्ट्रिय रूपमा हेर्ने हो भने छिमेकी देश भारतको उत्तरप्रदेश, बिहार, पश्चिम बङ्गाल तथा मिजोरमका विभिन्न जिल्लामा समेत थारुका बस्ती पाइन्छन्। नेपाल सरकारको वि.सं.२०५८ सालको जनगणना अनुसार थारुजातिको कुल जनसङ्ख्या लगभग १५ लाख ३३ हजार भन्दा बढी देखिन्छ। यसरीनै वि.सं.२०६८ सालको जनगणना अनुसार १३ लाख ३१ हजार ५४६ देखाइएको छ। यो नेपालको कुल जनसङ्ख्याको क्रमशः ६.७ प्रतिशत र ५.८ प्रतिशत देखिन्छ। यस सैनामैनामा थारु जातिको जनसङ्ख्या १० हजार ५७९ रहेको छ। नेपालको अनकंटार जङ्गलमा अज्ञात कालदेखि विषालु सर्प, हिंस्रक जीवजन्तु तथा प्राकृतिक अनेकौं विपत्तिका साथै हैजा, मलेरिया, बिफर, सिकलसेल अनिमिया जस्ता महामारी रोगहरूको सामना गर्दै यो तराई भूमिलाई उर्वर बनाउनमा आफूलाई समर्पित गर्दै आइरहेकाछन्।अत्यन्त परिश्रमी र धर्तीमाताका पूजारी थारु जाति मलेरिया उन्मूलनभन्दा अगाडि यस थलोमा थारु जाति मात्र थिए र अन्य जातिको बसोबास नगण्य थियो।

### १२.५.३ थारु जातिबारे विद्वान्हरूको भनाइ

थारु जातिको उत्पत्ति र नामकरणको संबन्धमा विद्वानैपिच्छे मतमतान्तर भएको पाइन्छ। यस संबन्धमा कसैले संस्कृतका ‘स्थाणु’ वा ‘स्थास्नु’ शब्दबाट, कसैले बुद्ध धर्मको एक शखा ‘स्थेरवाद’ शब्दबाट, कलैले ‘स्थुर’ शब्दबाट, कसैले थारुहरू ‘थारो’ (तला नपरेको) घरमा बस्ने हुनाले, कसैले तराईका आदिवासी भएकाले ‘तराई’ शब्दबाट, कसैले रैथाने अर्थमा ‘ठालु’ शब्दबाट थारु जातिको उत्पत्ति भएको अभिमत राख्दछन् भने कसैले भारतको सिन्ध वा राजस्थान बीचको ‘थार’ मरुभूमिबाट नेपाल आएको हुनाले थारु भएको बताउने गर्दछन्। शेखरसिंह गौतम र जयगोपाल चौधरीले मुगल आक्रमणको समयमा भारतबाट भागेर नेपाल आएका हुन् भनी लेखेका छन्। तर शरदचन्द्र शर्मा, केशवराज रेग्मी, बाबुराम आचार्य आदि स्वदेशी विद्वान्हरूले थारु जातिको आगमन थार मरुभूमिबाट भएको कुरा स्वीकार्दैनन्। डा. मजुम्दारले थारुहरूको शारीरिक नाप एन्थ्रोपोमेटिक र रगतको अध्ययनको आधारमा क्रुक र नेस्फिल्डको द्रविडियन र भारतीय प्रदेशका जाति भन्ने तर्कलाई काटेर थारुलाई मंगोल भनी स्वीकारेका छन्। लुम्बिनी विकासकोषका तत्कालीन उपाध्यक्ष डा. केशवमान शाक्यका शब्दमा थारु जाति बारे लेखिएको छ - “काठमाडौंमा बसोबास गर्ने हामी शाक्यहरू कपिलवस्तुमा बसोबास गर्ने थारुहरूकै उत्तराधिकारी हौं। कोशलनरेश विरुद्धकको भयानक हमला कपिलवस्तुमा भएपछि शाक्य र कोलीयहरू त्यसक्षेत्रबाट भागेर बाहिर बसोबास गर्न थाले। शाक्य र कोलीयहरू कपिलवस्तु र नवलपरासीबाट उपत्यकामा आएर बस्ती बसालेका थिए। लिच्छिवी सिलालेखमा रामग्रामको कोलीयहरूले काठमाडौंमा माथिल्लो अथवा उत्तरी कोलीग्राम (किलटोल/किलागल अर्थात् असन र थापाथली) मा र दक्षिणी कोलीग्राम (लगनखेल ललितपुर

दक्षिणकाली) मा बस्ती बसालेको कुरा उल्लेख गरिएको छ । शाक्यहरूले पनि उपत्यकाको यसै क्षेत्रमा बस्ती बसालेका थिए । शाक्यहरूले अझसम्म शाक्य लेख्दैछन् तर तराईका शाक्य थारुहरू भने सम्राट अशोकको शासनकाल पछि त्यसक्षेत्रमा बसोबास गर्ने बुद्ध धर्मावलम्बी थारुहरू शाक्यहरू माथि हिन्दू अतिवादी शासकहरूबाट अत्यधिक दमन र प्रहार हुन थालेपछि उनीहरूले बुद्ध धर्म र शाक्य लेख्न छाडे थारुहरू प्रकृति पूजक भएरै रहे । केहीले हिन्दू धर्म र इस्लाम धर्म अपनाए । मायादेवी जसले सिद्धार्थ गौतमलाई जन्म दिएकी थिइन् । उनी थरुनी थिइन् । यहाँ उपस्थित आदरणीय थरुनी महिला हो । तपाईहरू नै गौतम बुद्धलाई जन्म दिने जन्मदाता हुनुहुन्छ, आमा हुनुहुन्छ ।"[६४]

सन् १९७० मा प्रकाशित विलियम क्रुक्सको History of Northorn U.P. पुस्तकमावर्णन गरेअनुसार थारु जाति गंगा-जमुनादेखि लिएर हिमालको काखसम्म आफ्नो राज्य गरेका थिए र थारु जाति सभ्यताको अग्रदूत हो (Tharu are pioneers of Society) । त्यस्तै इतिहासकार पार्टिजरले Historical tradition of India मा वर्णन गरअनुसार "भगवान गौतम बुद्धको परिवारमा वा जातमा कोही बाँकी छ भने त्यो थारु जाति हो ।" त्यस्तै महापण्डित राहुल सांसकृत्यायनले पनि "भगवान गौतम बुद्ध थारु जातिका थिए"भनी लेखेका छन् ।

यसैगरी थारु जातिको संबन्धमा डा.जगदीशचन्द्र माथुरले थारुहरू राजपुत, डा.व्रजकिशोर वर्माले हुण, बाबुराम आचार्यले पुरानो किराँती, प्रो.इमानसिंह चेमजोंग र श्री प्रेम बहादुर लिम्बूले कोचवंशी किराँत, रिशाल, नौजी आदिले मंगोल जाति, तेजनारायण पंजियारले थारु, जयगोपाल चौधरी, लक्ष्मीनारायण चौधरी आदिले राजपुत क्षत्री, सुवसेनले मगर जाति, टेकनाथ गौतमले असुर जाति, रमानन्द प्रसाद सिंह थारु, जनकलाल शर्मा आदिले फ्यूरर र पार्टिजरले थारुलाई बुद्धका परिवार अर्थात शाक्यवंशी क्षत्री मानेका छन् । ब्रिटिस नागरिक हडसन र विलियम क्रुक्सको वैज्ञानिक अनुसन्धानले थारु जातिलाई मलेरियाबाट उन्मुक्त (Immune) सावित गरेको आधारमा-बुद्धको जन्मभन्दा अगावै पनि थारु जाति रहेको र शंकराचार्यले हिन्दूस्थानबाट बौद्धधर्म ग्रन्थलाई नष्टभ्रष्ट पारी बौद्धमार्गीलाई लखेट्दा र मुसलमानको आक्रमण हुँदा बुद्धधर्मावलम्बीहरू काठमाडौं उपत्यका लगायत विभिन्न ठाउँमा गई बसोबास गर्न थाले र त्यसरी लखेट्याइमा परेका थारुहरूलाई शाक्य भन्न थालिएको बताइन्छ र जुन थारुहरू यसै थलोमा अडिग रहेर बसोबास गरे उनीहरूहिन्दू धर्मको कर्मकाण्डीय प्रभाव परेको पारिएको हुनाले थारुहरूले हिन्दूहरूको जस्तै होम-जाप नगरेपनि उपवास र व्रतमा विश्वास गर्छन् । थारुहरूको प्रकृतिजन्य मौलिक लोकसंस्कृतिमा परेको हिन्दूधर्मको प्रभाव लोकसाहित्यमा समेत मुखरित भएको पाइन्छ । तथापि थारु लोक साहित्यको मूल आधार प्रकृति र आफ्नै खालको मौलिक लोकव्यवहार र परम्परा रहेको कुरामा शंका गर्ने ठाउँ देखिँदैन । थारु जाति र नेपाली समाजको विशिष्ट अध्येता विद्वान् महेश चौधरी लेख्छन् - यसरी तराईका थारु लगायत अन्य जनजाति नेपालको तराई र भित्री मधेसमा मात्र होइन् चुरेडाडाका पनि भूमिपुत्र हुन् । उनी अगाडि लेख्छन् थारुहरू नेपालीमूलका पहाडी जाति हुन् । नेपाल छोडेर उनीहरू कहीँकतै जान चाहेनन् । यसरीनैस्थविर शब्दले परिपक्वता, ज्येष्ठता, वरिष्ठता र आफ्नो मत र स्थानमा अडिग रहने विषयवस्तुलाई जनाउँछ । स्थविरबाट बौद्ध सम्प्रदायमा थेरवाद र थेरवादी सम्प्रदाय भनिएको देखिन्छ । थारु शब्द पनि त्यही स्थविरबाट बनेको देखिन्छ । आठौं शताब्दीमा कुमारिल भट्ट, शङ्कराचार्य र रामानुज जस्ता हिन्दू धर्मगुरुहरूले बौद्ध दर्शन, धर्म र सँस्कृति माथि निर्मम आक्रमण गरे पछि बौद्धमार्गीहरू र भिक्षु भन्तेहरू यहाँबाट धर्म सँस्कृति र जिउज्यानको रक्षार्थ पहाडतिर, हिमालतिर, काठमाडौंतिर, विदेशतिर नामथर गोत्र फेरेर पलायन भए । तर आफ्नो स्थानमा थारुहरू अडिग रहेकाले यिनीहरू स्थविर वा थारु भएको कुरा सत्यताको नजिक देखिन्छ ।

---

६४. महेश चौधरी, राष्ट्रिय चिन्तन धारामा थारु जीवनदर्शन, कार्यपत्र प्रस्तुत प्रथम बुद्धिष्ट सम्मेलन लुम्बिनी विश्वविद्यालय, रुपन्देही, २०७२, पृ. ६

### १२.५.४ सैनामैना र यस क्षेत्रका प्रमुख थारु थरहरू

(१) दङ्गोरिया (२) कठरिया (३) पुर्विया (४) पछिउँहा (५) खड्डा (६) रौतार (७) ढकहेर (८) खौसिया (९) बाँतर (१०) कवँरजोगी (११) थरकुम्हार (१२) मर्चहा (१३) सिंह (१४) नवलपुरिया (१५) ठढजोगी (१६) डँडहा (१७) मृदहा। केही उपाधि (टाइटल) :( (१) चौधरी (२) माहुर (३) ददुवा (४) लक्की (५) सरगम आदि।

### १२.५.५ पारिवारिक बनोट

करिब ०२०/०२२ सालताकासम्म थारु जातिको अन्य जातिसंग सामाजिक रूपमा त्यति संपर्क भइसकेको थिएन । तबसम्म यिनीहरू आफ्नो पुरानै परंपरागत संयुक्त परिवार ढाँचामै बस्न रुचाउँदै आएका देखिन्थे । त्यसबेलाका परिवारमा कसै-कसैको त ५०/६० जनाको जम्बो समूह नै हुने गर्दथ्यो । त्यसबखतको पारिवारिक बनोटको मान्यता अनुरूप घरको लागि बाहिरी लेन-देन गर्ने मूलीमान्छे एकजना हुन्थे तिनलाई 'दरबारी' र अर्का एकजना जो घरको आन्तरिक कामकाज वा हेरदेख गर्ने गराउने व्यक्ति हुन्थे तिनीलाई 'घरबारी' भन्ने चलन थियो र यद्यापि ती भनिने प्रचलन अझसम्म पनि हटिसकेको छैन। त्यस बाहेकका अन्य परिवारजन आ-आफूलाई लगाइएको जिम्मेवारी जस्तै- गाई हेर्ने- 'गैवरवा', भैँसी हेर्ने- 'भैँसोरवा', बाखा हेर्ने- 'छेगर्हरवा', भात पकाउने- 'भनसरिया' गोबर फाल्ने- 'गोबरकड्ढिन', बर्द चराउने- 'बर्दिउवा', डुँडमा भुस पानी गर्ने- 'डोङ्हा' आदिको काम समालेका हुन्थे । यस बावजुद पनि हलो जोत्ने- 'हरवाह', हलो-जुवा ताँछ्ने बनाउने- 'अगवाह', कामको समिक्षा गर्ने- 'पछवाह', जुठा भाँडाकुडा माझ्ने- 'ओर्गाइन' समेत हुन्थे। यसरी ठूलो परिवार भएपनि थारु परिवार इमान्दारीपूर्वक काम गरिएको कारणले निरन्तर सुचारु रूपमा परिचालित भइरहेको देखिन्छ। आम्दानीको स्रोत भनेको धान र तोरी नै प्रमुख हुन् यस अतिरिक्त सुर्ती खेती, पशु-पक्षी पालन, माछा मारी सुकाउने तथा शारीरिक श्रम नै थिए। केही व्यक्तिहरू गुरवा, ढकहेर, कोही सुँडिनी अर्थात सोरहिनियाको रूपमा केही 'जिउका धान वा लत्ता कपडा' आर्जन पनि गर्नेगर्थे।

पहिले थारु जातिको संयुक्त परिवार हुन्थ्यो भने नयाँ परिवेश र परिस्थितिमा संयुक्त परिवारको सट्टा सरल परिवारतर्फ उन्मुख हुन्मुख हुँदै गरेको पाइन्छ।

### १२.५.६ पुरुष र महिलामा कामको बाँडफाँड

अन्य समुदायको देखासिकी गर्दागर्दै पनि व्याप्त पछौटेपन र अशिक्षा र आर्थिक रूपले सन्तोषजनक नरहेकोले यो समुदाय आफ्नो परंपरालाई त्याग्न नसकिरहेको अवस्था छ। तसर्थ कामको हिसाबले महिला र पुरुषमा उही पुरानै परंपरा कायम छ। पुरुषको काम :- घर बाहिरको काम अर्थात हलो, कोदालो, घाँस, दाउरा, हाटबजार, खेती स्यहार्ने बन पाखा धाउने, गाई, बाखा, जतन गर्ने, मेहनत मजदुरी वा नोकरी-चाकरी आदि हुन्।

महिलाको काम :- घरभित्रको सबै कामको व्यवस्था मिलाउनु, भातभान्सा, गोबर पानी, सरसफाइ, लिपपोत, कपडा धुनु, केटाकेटीको हेरविचार, हाँस, कुखुरा, परेवा, बाखा आदिलाई दाना पानी, ओढ्ने ओछ्याने मिलाउनु, माछा, सागपात, मरमसला, नुनतेल, चामल, दाल, तिहुन तरकारीको चाँजोपाँजो मिलाउनु, अतिथि सत्कार गर्नु, सबै परिवारलाई समयमा खाना टक्राउनु आदि रहेका छन् । यो प्रक्रिया निरन्तर चलिरहन्छ, पुरुषलाई खासै चासो हुँदैन। तसर्थ पुरुषभन्दा महिलाको काम भित्री भएपनि बढी र कठिन पनि छ। आजभोलि केही महिलाहरू विद्यार्थी वा नोकरीवाल हने क्रम सुरुवाती अवस्थामा छ तसर्थ उपरोक्त कार्यतालिकामा फेरबदल आउन आवश्यक भैसकेको छ।

महिलाको अवस्था :- पुरुषसंग तुलना गरी हेर्ने हो भने थारु महिलाहरूको अवस्था नाजुक मात्र नभई चिन्ताजनक रहेको भन्न सकिन्छ। मूलतः शिक्षा-दीक्षाको अभावले नारीहरूको सभ्यताको रेखाङ्कनलाई सयौं वर्ष पछाडि धकेलिएको देखिन्छ। थारुपुरुष व्यवहारमा मानमर्यादाको दृष्टिले सामान्यतः केही लचकता देखिए तापनि

पुरुषप्रधान सामाजिक बनोटले गर्दा सामाजिक, राजनीतिक र आर्थिक क्रियाकलापमा आफ्नो अगुवाइ नभएकै कारण सँधै लोग्नेको मुख ताक्ने र केवल घरायसी काममै जीवन उत्सर्ग गर्नुपर्ने अवस्था छ। शिक्षा(दीक्षाकै मुख्य अभावले गर्दा आफ्ना मौलिक अधिकार लगायत स्वास्थ्य र सभ्यताको बाटोमा समेत अग्रसरता देखिँदैन। जसले गर्दा भविष्यका ज्योति बालबच्चाका स्याहारसुसार र पढाइलेखाइमा समेत नकारात्मक असर पुगिरहेको देखिन्छ। घरको गृहलक्ष्मी मानिने महिलाहरूको दुरावस्थाले अवश्य पनि घरायसी वा पारिवारिक जीवनमा ठूलो असर पर्नु स्वाभाविक छ। महिलाहरू शिक्षित र सचेत नभईसकेपछि बालबच्चाहरू पनि शिक्षित हुन गाह्रो हुन्छ। यसैले परिवारको समग्र र सन्तुलित विकासका लागिमहिला पुरुष दुवैका निमित्त समान शिक्षा र अवसरको खाँचो छ।

### १२.५.७ थारुमहिलाको अवस्था बुझाउने शब्दावली

- **लवन्डी वा छौकी :-** साना उमेरका (किशोरी अवस्था सम्मका) बालिकालाई बुझाउने शब्द।
- **पतहेरिया र बाठिन :-** वयस्क भैसकेकी केटीहरूलाई क्रमशः भनिने शब्द।
- **महिनवारी :-** रजस्वलालाई बुझाउने शब्द, तर नछुने बार्ने वा छुट्टै बस्ने प्रचलन छैन।
- **कोकन/घुघुट :-** साडीको फेरोले अनुहार ढाक्नुलाई कोकन वा घुघुट नेपालीमा घुम्टो भनिन्छ, यो बेहुलीले विवाहमा वा नेनहरमा ओढ्ने चलन छ, अन्यथा ससुरा, जेठाजु, जुवाइँ वा मामाससुराको सामु शिरमाथि ओढ्नी हाल्ने मात्र गरिन्छ। जेठाजु, बैनीज्वाइँ र मामाससुरालाई छुन बन्देज छ, कथंकदाचित छोइहालिए छोइछिटो हाल्नुपर्छ।
- **फुफुनी :-** साडीको वा धोतीको अघिल्तिर भुण्डिएको मुज्जालाई फुफुनी भनिन्छ।
- **अघरान/ओढनी :-** यो महिलाहरूले शिर, छाती वा पेट ढाक्नेगरी प्रयोग गर्ने हल्का, छोटो कपडाको ओढ्नेलाई भनिन्छ। यसमा अक्सर विवाहितले पहेँलो र विधवाले सेतो रङ्गको प्रयोग गरेको देखिन्छ।
- **ठँरिया :-** बच्चाबच्ची नजन्माएको तर विवाहित महिलालाई यो शब्दले इङ्गित गरिने गरिन्छ। रुअहिबाती :- श्रीमान ज्युँदो रहेकी शौभाग्यवती महिलालाई यो शब्दले जनाइन्छ।
- **राँड :-** यो शब्द श्रीमान दिवङ्गत महिलालाई जनाउँछ। यिनी हातमा चुरा र सिउँदोमा सिन्दुर प्रयोग गर्दैनन्, भड्किलो कपडा पनि लगाउने चलन छैन, तर सेतै लुगा लगाउनु पर्छ भन्नेकुरा हिन्दु नारीको देखासिकी हो जस्तो लाग्छ।
- **ढिँढा/ढिँढार :-** गर्भवती मलिाको पेटलाई ढिँढा र गर्भधारण गर्ने महिलालाई ढिँढार भनी इङ्गित गरिन्छ तर यो शब्दले संबोधन चाहीँ गरिँदैन, हेय ठानिन्छ।
- **छाती/चुँची/दुध :-** स्त्री जातिको स्तनलाई सामन्यतः छाती र दुध भनिन्छ तर चुँची चाहीँ हेय शब्द मानिन्छ।
- **सोरहिनिया :-** सुत्केरीको सेवा सुसार गर्ने मलमूत्र सरसफाई गर्ने महिलालाई यो शब्दले जनाइन्छ। विगतमा यो काम गर्ने तल्लो पद भएको थारुले मात्र गर्दथे तर अहिले त्यो अवस्था छैन।
- **लैका भत्ताइ :-** बच्चा जन्मिँदाको भोलीपल्ट सुत्केरीवालाकहाँ गाउँटोलका प्रत्येक घरबाट एक-एकजना महिलाहरू एक-एक कटौरा तेल लिई मासु भातको भोज खान आउँछन्। तेल चाहीँ बच्चाको आङमा दल्न काम लाग्छ भनेर हो, भोज भने नयाँ शिशुलाई आफ्नो परिवार तथा समाजमा समावेश गराइएको भनी मान्यता छ। यस कार्यमा गुरवा बाहेक अन्य पुरुषको खासै काम हुँदैन।
- **बाउ र बैनी :-** नेपालीमा नानी भनिने शब्दलाई थारुमा केटा भए बाउ र केटी भए बैनी भनी संबोधन गरिन्छ। दाङदेखि पश्चिममा भने केटीलाई बाबु र केटालाई भैया भन्ने गरिन्छ।
- **बुइ/नानी/माउँ/दाइ :-** बाबाको आमालाई बुइ, आमाकी आमालाई नानी, स्वास्नीको आमालाई माउँ र आफ्नी वा आफ्नो श्रीमानको आमालाई दाइ भनिन्छ।
- **अपने/रौरे :-** सासु जेठानी, ससुरा, जेठाजु, मामासासु मामाससुरा श्रीमानका दिदी र तिनीका श्रीामन र

बैनीज्वाइँ, यिनीहरूलाई बोलाउँदा सामान्यतः आइँ, खाइँ जाइँ जस्ता क्रिया र तपाई भन्ने स्थानमा अपनेक, रौरेक जस्ता शब्द प्रयोग गरिन्छ।

➡ **ओकर बाबा/हम्मनके/बहिरा :-** आफ्नो श्रीमानको नाम तोकेर संबोधन गर्ने चलन छैन । छोरा-छोरीको नाम अगाडि राखेर जस्तै- (गोपलक बाबा),(ठगनिक दादा) आदि भनेर बोलाइन्छ वा कसैसंग सोध्नु परेमा (हम्मनके) वा (बहिरा) आदि भनेर संबोधन गरेको देखिन्छ। तपाई वा हजुर जस्ता आदरार्थी शब्द र आउनुस् खानुस् जस्ता क्रियाको रूप पनि चल्दैन।

➡ **ओकर दाइ/अरे, रे/ रमपुरहिया :-** श्रीमतीलाई पनि नाम तोकी संबोधन गर्ने प्रचलन छैन। पुरुषलाई जस्तै तँ, तिमी, अरे,रे वा बच्चाको (नामको) दाइ अर्थात आमा वा माइतीगाउँको नामसित जोरेर जस्तो माइती रामापुर हो भने 'रमपुरहिया' भनेर संबोधन गरिन्छ। स्मरण रहोस् यो नियम लोग्ने मानिस वा घरको नाम संबोधन गर्दा पनि लागु हुन्छ-जस्तै- बकसड गाउँबाट आएको पुरुष- बकसडहवा, महिला-बकसडहिया, घरकोनाम- बकसडाने वा बकसडहाने। यसरी नै सबैको गाउँको पछाडि - (हवा-हिया-हाने) प्रत्यय लाग्छ।

➡ **पहुनी/चोहनी :-** अतिथिको रूपमा आएको महिलालाई पहुनी र बेहुलीसित आउने लोकन्तेलाई चोहनी भनिन्छ। पुरुष अतिथिलाई भने पहुना भन्ने प्रचलन छ।

### १२.५.८ अतिथि सत्कार

अतिथि सत्कार थारु जातिको पहिचान वा निशानी नै हो। अतिथिलाई परापूर्वकालदेखि नै विशेष प्रकारले आवभगत गर्ने पुर्खौली आनीबानीले गर्दा अहिलेसम्म पनि यस मानेमा थारु समुदाय अग्रपङ्क्तिमा रहेको सर्वविदित नै छ। सोझो, सरल, इमान्दार, लप्पन-छपपन नजान्ने, श्रमलाई प्रधान ठान्ने स्वाभावको कारणले यो जाति देश विदेशमा पनि साँस्कृतिक रुपमा सुपरिचित छ।

**पुरुष पाहुनाको हकमा :-** घरमा पुरुष समान स्तरका छन् भने हात(हातमा देब्रेहातले आफ्नो दाहिने हातको कुहिनाको जोर्नी छुँदै दाहिने हातको पञ्जाले आगन्तुकको पञ्जामा र आगन्तुकले पनि उस्तै बान्की मिलाउँदै मन-मन (सेवा) भन्नु पर्छ। यदि आगन्तुक ज्येष्ठ छन् भने कनिष्ठले सोही मुताबिकको बान्कीले आगन्तुकको घुँडामा र ज्येष्ठले हातको नाडीमा स्पर्श गरे पुग्छ तर कनिष्ठको मुखबाट 'सेवा' र वरिष्ठको मुखबाट 'जिओ' शब्द उच्चारण हुनु आवश्यक हुन्छ। तत्पश्चात् खटियामाथि दरी, तकिया, पंखा र मौनीमा भेलीका टुक्रा र लोटामा चिसो सफा पानी टक्राउने पारंपरिक प्रचलन हो। त्यस पछि मात्र कुशलक्षेम आउनुको कारण आदि सोधिने गरिन्छ। खानामा अक्सर भात, दाल, माछा वा मासु र रक्सी टकार्ने चलन हुन्छ, खाना पछि ल्वाङ-सुकमेल-धुम्रपान टक्राउने चलन पनि पुरानै छ।

**महिला पाहुना अर्थात पहुनीको हकमा :-** घरपट्टिको महिलाले आगन्तुक महिलाको यदि आफ्नै स्तरको होभने छातीमा छाती जोरी २/३ पटक अंकमाल गर्नुपर्छ। यदि सासु, मामासासु, जेठानी, जेठानीदिदी जस्ता नातो परेमा पाइतालमा दुबै हातको पञ्जाले ४/५ पटका हल्का स्पर्स गरेर आफ्नो निधारमा छुनुपर्दछ। यदि आगन्तुक पनि सोही अनुसारको नातो परेमा यावतै किसिमले ढोगभेट चल्छ। तर पुरुष महिलाको बीचमा ढोगभेटमा खासै औपचारिकता देखिँदैन, हातजाडी नमस्ते गरिदिए पुग्छ, तर पुरुष नाता नछोइने अर्थात जेठाजु मामाससुरा जस्ता हुन् भने भुइँमा हातका पञ्जा ३/४ पटक स्पर्स गरी आफ्नो निधारमा छुनुपर्छ। यदि बैनीज्वाइँ जस्ता कनिष्ठ नाता हुन् भने यावत ढंगले भुइँमा स्पर्स गर्नुपर्छ। अन्य कुरा समान छन्। बस्ने आसनको हकमा भने महिला पाहुनालाई खटिया नदिई मचिया टकार्ने प्रचलन छ। पुरुषलाई चिलिममा तमाखु र महिलालाई हुक्कामा दिने प्रचलन थियो अहिले कताकतै छनक मात्र देख्न सकिन्छ।

**१२.५.९ केही मुख्य-मुख्य नाता संबन्ध**

बाबाका बाबा र आमा = बुहु ओ बुही। अमाका बाबा र आमा = नाना ओ नानी। बाबा र आमा = बाबा ओ दाइ। काका र काकी = काका ओ काकी। बाबाका दाई र भाउजु = बडका बाबा ओ बडकी दाइ। आमाका भिनाजु र दिदी = बाडा ओ बाडी। आमाका बैनीज्वाइँ र बैनी = मौसा  ओ मौसी। दाजु र भाउजु = दादा ओ भौजी। भाइ र भाइबुहारी = भयवा ओ छोटकी। जेठाजु र जेठानी = जेठवा ओ जेठिनिया। देवर र देउरानी = देवरा ओ देवरिनिया। नन्द र नन्दज्वाइँ = नन्दिया ओ नन्दोइया। श्रीमानको दिदी र भिनाजु = दिदी ओ भाटु। बैनी र बैनीज्वाइँ = बहिन ओ बहनोइया। महिलाको हकमा- बहिनिया ओ बहज्वाइँ। दिदी र भिनाजु = दिदी ओ भाटु। फुपु पुसाइँ = फुवा ओ फुप्फा। छोर र बुहारी = पुतवा ओ पतोहिया। नाती र नातिनी बुहारी = नतिया ओ नतिनपतोहिया। छोरी र ज्वाइँ = बेटी ओ दमदा , नातिनी र नातिनी ज्वाइँ = नतिनिया ओ नातिनदमाद। श्रीमतीका बाबा र आमा = राउत र माउँ। श्रीमतीको दिदी र भिनाजु = जे (ठ) सास ओ साढु। श्रीमतीको बैनी र बैनीज्वाइँ = साली ओ साढुभाइ। श्रीमतीको दाजु र भाउजु = जेठान ओ जेठिनिया। श्रीमतीको मामा र माइजु = मामाराउत ओ मामीसास। श्रीमतीको फुपु र पुसाइँ = फुवासास ओ फुप्फाराउत। श्रीमतीको बाबाको बाबा र आमा = बुढाराउत ओ बुढीमाउँ। श्रीमतीको आमाको बाबा र आमा = नानाराउत ओ नानीसास। श्रीमानका बाबा र आमा = बाबा(ससुरा) ओ दाइ (ससुइया)। श्रीमानको दिदी र भिनाजु = दिदी ओ भाटु। श्रीमानको बैनी र बैनीज्वाइँ = नन्दिया ओ बहनोइया। श्रीमानको फुपु र पुसाइँ = फुवासास ओ फुप्फाससुरा। श्रमिानको मामा र माइजु = मामाससुरा ओ मामीसास। भिनाजुको दिदी वा बैनी = बन्दिदी वा बनढिकरी। भान्जा र भान्जाबुहारी = भैने ओ भैनपतोह। भान्जी र भान्जीज्वाइँ = भैने ओ भैनदमाद। भिनाजुको बाबा र आमा (महिलाको हकमा) सम्बाबा ओ सम्दाइ। (पुरुषको हकमा) राउत ओ माउँ। भिनाजुको दिदी बैनी र तिनका श्रीमान = दुलही ओ भाटु। भतिजा र भतिजबुहारी = भतिजवा ओ भतिजपतोहिया। दाई, भाई, जेठान, सालाका छोरा वा छोरी = भतिजवा ओ भतिजिया। मितको बाबा र आमा = मितबाबा ओ मितदाइ। सखीको बाबा र आमा = सखाबाबा ओ सखीदाइ। पहाडबाट व्यापार गर्नआउने मित = इष्टा। मदेशतिरबाट व्यापार गर्नआउने मित = मितउ।

**१२.५.१० केही स्थान विशेषका नामहरू**

कोल्ह राख्ने घर = कोल्हुवार। खाल्टो खनी माछा बल्झाइने ठाउँ = छटका। खोलाको पानी तर्काइ माछा मार्ने ठाउँ = चौना। गाउँघरको छेउछाउको जग्गा = गँवतरिया। गाई भैंसी अडचाउने खुल्ला ठाउा = गौढी। घर भित्र वा घरछेउको खुल्ला ठाउँ = अङना। घर अगाडिको खुल्ला ठाउँ = डगरा। घोलाले खाँदै गरेको जग्गा =चेटिया। नदी, पहाड वा जंगलको घेरोले कुना परेको जग्गा = कौंभी।  ढिकी गाडिएको घर = ढेंकारी घर। दुई घर बीचको साँगुरो ठाउँ = गलिया। दुई डेहरी बीचको साँघुरो गल्ली = दोसान्ह। दुई खोला वा बाटो एक ठाउँमा मिसिएको स्थान = दुइमोहान। देवीदेवता राख्ने भित्री स्थान = मिन्भारी। देवीदेवता राख्ने बाहिरी स्थान = डिउहार, यसमा विशेष स्थानमा सम्मे र कोट पनि आउँछन्। दिसा बस्न जाने बगर = गुहथरिया। नदीको बगर = भँठवा। पिसाब गर्नजाने ठाउँ = मुत्नौरी। पाहुना आदि बस्ने ठाउँ = चौखडिया वा दुवरवा। मुर्दा गाड्ने पोल्ने ठाउँ = मुर्दहनी। माटो खन्न जाने ठाउँ = मटगोडौरा। मरेको सिनो फाल्ने ठाउँ = डङरहनी। लोहारको आरन बस्ने ठाउँ = लोहसाँडी। सबभन्दा पुछारको खेत = पुछाटी। सबै भन्दा अघिल्लो वा शिरको खेत = शिरला।

**१२.५.११ थारु संस्कृति बारे**

छोटकरीमा भन्नुपर्दा थारु जातिको कला, हस्तकला, साहित्य, इतिहास, भाषा, धर्म, संस्कार, चाडपर्व, लवाइ, खवाइ, विधिव्यवहार, नाच-गान, वाद्यवादन, पुर्खौली पेसा, प्रकृतिपूजन आदि थारु संस्कृति हो।

### *१२.५.११.१ थारु लोकसंस्कृतिको वर्तमान अवस्था*

थारु संस्कृति नै थारु लोकसंस्कृति हो । विभिन्न पुस्तक तथा पत्र-पत्रिकामा लेखे अनुसार थारुजातिको सबै पुराना लिखत कागजातहरूराणाकालमा राज्यद्वारा नै झिकाई जलाई नष्ट गरिने काम भएकोले मौखिक धरोहर बाहेक कुनै ठोस प्रमाणहरू भेटाउन सकिँदैन । तसर्थ थारु संस्कृति भनेको नै लोकसंस्कृति हो भनेर बुझ्नु आवश्यक छ।

### *१२.५.११.२ थारु लोकसंस्कृतिको विधागत चर्चा*

**लोकसाहित्य :-** थारु लोकसाहित्य भन्नाले थारु जातिले युगौंदेखि एक पुस्ताबाट अर्को पुस्तासम्म मौखिक रूपमा लोकगीत, लोकगाथा, लोककथा, लोकहकुत, लोकतुक्का, लोकबुझौलिया आदिका माध्यमले लोकव्यवहार हस्तान्तरण हुँदै आइरहेको लौकिक साहित्य वा परंपरालाई बुझाउँछ । पूर्व मेची नदीदेखि पश्चिम महाकालीनदीसम्म नेपालका तराई, दून, भावर, उपत्यका (भित्री तराई) लगायत करीब २५ जिल्लाहरूका अतिरिक्त भारतका यू.पी.,बिहार, पश्चिम बंगाल तथा मिजोरममा समेत थारु आवादी छ र यी यावत भूभागमा बसोबास गर्ने थारुहरूको भेष, भाषा, संस्कृति, रति, परंपरा तथा रहनसहनमा समेत एकरूपता पाइँदैन । समग्रमा भन्नुपर्दा सबै थारु जातिको स्थलगत लोकसाहित्य समेट्न निक्कै समय लाग्ने र गाह्रो पनि छ, तसर्थ यो छोटो लेखमा सबै ठाउँको सम्भव नभएकोले र बुझ्न पनि सहज होस् भनेर रुपन्देहीको सैनामैना नै अध्ययनको थलो मानी थारु लोकसाहित्य प्रस्तुत गर्ने प्रयास गरिएको छ-

**लोकगीतः-** अलिखित रूपमा कण्ठकै आधारमा गाइने गीतलाई लोकगीत भनिन्छ। यो भाव र संगीतको माधुर्यमा छचल्किँदै लोकमानसको हृदयको प्रष्फुटित राग हुन्छ। लोकगीत मानव जीवनको उषाकालदेखि नै अनुभूतिजन्य विभिन्न मानसिक इतिवृत्ति, हर्ष, विषाद, आनन्द, क्षोभ, स्तुति, निन्दा, रोमांस, हाँसो, क्रोध, आकर्षण, विकर्षण आदि मानवजीवनका भाव सहज, स्वाभाविक, गेय, धार्मिकतायुक्त अर्थात सङ्गीतमय उद्गारको रूपमा जनगलाबाट रसाउँदै आएको छ। लोकगीतलाई अंग्रेजीमा ँयपि कयलनभनिन्छ। लोकगतिमा कसैको दबाव, धन( बक्सिस र लोभ समेतमा नपरी स्वयं दुखित, उत्पीडित, आक्रान्त, उद्विग्न, संभ्रान्त, त्रस्त, जाग्रत, प्रफुल्लित, हर्षित, संयुक्त र विमुक्त भएको हुन्छ।

### *१२.५.११.३ वर्ष-दिनभित्र गाइने लोकगीत विवरण*

उसो त समग्र थरुहटमा प्रचलित लोकगीतलाई वर्गीकरण गर्ने हो भने त्यो अत्यन्तै व्यापक हुनसक्ने डर छ, किनभने थरुहटमा जन्मदेखि मृत्युपर्यन्तका असंख्य लोकगीतहरू उपलब्ध छन्। अझ थारु लोकगीतमा गीत, संगीत र नृत्यको त्रिधाभिव्यक्ति भएको हुनाले अनेक मनोभावहरू अभिव्यक्त भएका हुन्छन् । त्यसैले यी गीतहरूको अजस्र-भावधारालाई खण्डित गर्ने तागत कसैसँग छैन । यो छोटो लेखमा समग्र थरुहटको नभइ रुपन्देहीको स्थानीय थारु लोकगीतलाई मात्र अगाडि सारिएको छ। स्मरण रहोस् थारु जाति स्वाभावैले प्रकृतिपूजक भएकोले लोकगीतको मुख्य आधार वा प्रेरणाका स्रोत पनि प्रकृतिपरक अवयवहरू नै मूलरूपमा रहेका हुन्छन । सजिलो गरी बुझ्नका लागि ऋतुगत रुपमा १२ महिनामा गाइने गीतहरूलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ-

वैशाख - वियाहगीत, बिरहनीगीत, झमटा, तितला।
जेठ - बिरहनी, खेलनी, झिझिया, झमटा, तितला।
असाढ - बिरहनी, खेलनी, झिझिया, झमटा, बेठौनी, गोरुबेढाइ।
सावन - खेतवाही, धर्तीक जलमौती, बिरहनी, खेलनी, बैठौनी, कजरी, बलहागीत, गुडियागीत, बरहमासा, रमझुमडी, खेतझुमडी, उदासी, किर्तन।

भादौं - खेतवाही, धर्तिक जलमौती, कजरी, निरौनी, बलहागीत, बरहमासा,भादा, झुमडा, पटेवा, रमायण, सोरठी, अष्टिमकी, पटिदारी, क.शलीला,जागरन।

कुवाँर - झुमडा, बरहमासा, उदासी, पटेवा, रामलीला, कृष्णलीला, राधना, पचरा, सखियाझुमर, झिझिया, झमटा, महाभारत।

कातिक - झुमडा, देबीगीत, महाभारत, रामलीला, बरहमासा, भारहरी, बिहग्रा।

अगहन - धनकटनीगीत, लवाङीपूजागीत, बनगितवा।

पुस - पराती, फुलवार, गोबिना गीत।

माघ - मघौटागीत, मैनागीत, लगनी, सोहर, बियाहगीत, झुमडा, बनगितवा, फाग, कबीर।

फगुन - फगुवा, कबीर, बियाहगीत, झुमडा, बनगितवा।

चैत - चैती, चैता, चैतीकुसुम, तितला, निर्गुन आदि।

*१२.५.११.४ **प्रमुख लोकगीतहरू***

चाँचर, भादा, उदासी, बिरहनी, भोरहरी, बारहमासा, बैठक्की, बियाहगीत, सोहर, बैठौनीगीत, पचरा, फुलवर, धर्तिक जलमौती, सितलाफूलमती, खेतवाही, चैता, चैती, बनगितवा, खेतझुमडी, रमझुमडी, हिँडोलवा, झूमर, खेलनी, रतौली, तितला, झिझिया, पटेवा, झुमडा, सोरठी, लहचारी, सुमरौती, दोहा, मरसिया, झर्रा, झमटा, बिहग्रा, चौपाई, देशवन्ती, गारी, गुडिया, कजरी, असटिमकी, फगुवा, कबीर, उलारा, भजन, रौरा, खेम्टा, पुर्बी, दादरा, डोल, दोतल्ली, जती बैसवाडा आदि।

**लोकगाथा :-** छोटकरीमा भन्नुपर्दा कुनै कथालाई लोकगीतको माध्यमले सुनाउनु नै लोकगाथा हो । थारु समुदायमा यस्ता गाथाको भण्डार नै छ। साँझ खाना खाई अगेनाको बरीपरी बस्दा फुर्सदको बेलामा वा समूहमा बसी-बसी काम गर्दा यस्ता रोचक कथाकुथुंग्री भन्ने चलन हुन्छ। जस्तै - घोडी बकुलनी, हित्तुकुवँर, चारुयार, सत्तलसेन रजवा, सोरठीवृजाभार, रानीसारंगा सदावृक्ष, मामी बिसहेरिया, सतीबिहुला, धर्तिक जलमौती, फुवार, आल्हा, सिँकाढोलन, लोरिकायन आदि।

**लोकनाच :-** मानिस आफ्ना सुखान्त आवेगलाई नाच-गान गरेर प्रकट गर्दछन्। विभिन्न अवसरमा प्राप्त सुखान्त अनुभूतिले आनन्दातिरेक भई आफ्नो आन्तरिक उत्साहलाई सहज र स्वाभाविक रूपमा प्रकट गर्न गीत गाउँदै नाच्नथाल्दछन्। पुरुषका साथै महिलाहरू पनि आफ्ना सहेलीहरूसंग मनोरञ्जनात्मक किसिमले आफ्ना हार्दिक अनुभूतिहरूलाई प्रदर्शन गर्दछन्। यिनैलाई लोकनृत्य वा लोकनाच भनिन्छ। लोकनाचलाई मुख्यतया चार भागमा विभाजन गर्न सकिन्छ -

**धार्मिक लोकनाच :-** यसमा देवी(देवता, अवतारी पुरुषहरू वा लोकनायकहरूको अराधना, स्तुति, अर्चना, अभ्यर्थना, चरित्रगान वा लीलाको नृत्यद्वारा प्रदर्शन गरिन्छ। जस्तै- महाभारत (बडका नाच), रमझुमडी (रामायण), रामलीला, कंशलीला, रासधारी आदि।

**सामाजिक लोकनाच :-** यसमा सामानयतया पारिवारिक सामाजिक वा यहलौकिक जीवनसंग संबन्धित कथावस्तुहरू हुन्छन्। जस्तै - पटिदारी, दिलचस्की, झुमडा, त्रियाचरित्र, बिदेशिया, नागरसभा, राजा-रानी, जोगीरा, सागरसोहानी चंगेरा, चनवाउढार, चारुयार, सीतवसंत, सफेडा, आदि।

**पौराणिक लोकनाच :-** दन्त्यकथामा आधारित नृत्यहरू यस अन्तर्गत पर्दछन् । जस्तै(राजा विकरमा, राजा भरतहरी, सोरठी-वृजाभार, वाणसुर, पटेवा, सतीबिहुला, हरिश्चन्द्र आदि ।

**विविध लोकनाच :-** यस अर्न्गात ऋतु, मौसम, वा विभिन्न अवसर अनुसार प्रदर्शित हुने नृत्यहरू नै पर्दछन् । जस्तै( झिझिया, झमटा, गोरु वेढाई, लाठीनाच, मजोर नाच, कालकलौती, झर्रा आदि ।

**लोककथा :-** यसलाई थारु समुदायमा लोकखिसा भनिन्छ । थरुहटमा यसको अक्षय भण्डार नै उपलब्ध छ । यसमा जिज्ञासा र कौतुहलताको अद्भुत शक्ति सम्मिलित रहन्छ । यसमा सहज मनोरञ्जन देखि लिएर दार्शनिक तत्व समेत समाहित हुन्छन् । थारुहरू मुख्यतः कृषि कार्यमा संलग्न हुन्छन् । कृषि कार्य सकी घर फर्किंदा थकाइले जिउ थिलो-थिलो भएको बेलामा लोकखिसाको श्रवण र वाचनले आफ्ना थकाई मेटाउने प्रयत्न गरिन्छ । लोकखिसाको आलोकमा संपूर्ण शारीरिक दुखाई भुलेर मनोरञ्जन प्राप्त गर्दछन् । केटाकेटीहरूलाई तिनका बाजे बजैले वा बा आमाले लोकखिसा सुनाएर सुताउँछन् । लोकखिसामा प्रयुक्त अनौठा पात्र र घटना क्रमले खिसालाई चाखिला र अद्भुत बनाई श्रोतालाई आनन्दमा लीन गराउँछन् । थरुहटमा प्रायः खिसा राती सुन्ने प्रचलन छ । दिउँसो खिसा सुन्दा दोष लाग्छ भन्ने लोकविश्वास पनि रहिआएको छ । खिसा सुरु हुनु पूर्व कथावाचकले एकजना श्रोता सङ्ग हुँकारी भर्ने अर्थात हाँमा हाँ मिलाउने सर्तमा खिसा आरम्भ हुन्छ । लोकखिसालाई निम्न वर्गमा विभाजन गर्न सकिन्छ-

**प्रकृति संबन्धी लोकखिसा :-** रूख, बोट(बिरुवा, नदी(नाला, जमुहानिक पोखरी, केदलिक बनवा, हावा ओ सुरुज आदि यसका उदाहरण हुन् ।

**पशुपक्षी संबन्धी लोकखिसा :-** तोतामैना, उँटवासियरा, गोहवा बनरा, सियरा खरहा, खेचुहिया खरहा, सँपराजा, बुढिया बनरवे, फुरगुदिया भँटवा, नैनी मछरिया, टिपटिपवा, बघवा लोहखडिया, बकुलवा भगत, बनरा सियरा, सार्दुल चिरैयाँ, मेघियारानी, बेलउतीरानी, बनरा बनरिनिया (सारंगा सदावृक्ष), सियरा मुर्गिया, जमुनी सियारिन ओ बडवा सियरा, पुँछउखार, मजोरवा धनरजवा, बघवा बिलरिया, गोडैरामामा ओ चिडैरा भैने, मामीबिसहरिया, संखी पिलिनिया आदि यसका उदाहरण हुन् ।

**धर्म तथा पौराणिक लोकखिसा :-** महाभारत, रामायण, राजा हरिश्चन्द्र, भक्त प्रह्लाद, श्रवणकुमार, शिव पार्वती, वली राजा, सती अनसुया, सती बिहुला, हित्तुकुवँर आदि यसका उदाहरण हुन् ।

**किम्बदन्तीमा आधारित लोकखिसा :-** दङ्वा राजा दंगीशरण, आल्हा ऊदल, जीतगढी लडाई, सेमलारके पतुरिया पोखरी वो गोर्रहिया बगिया, मेजरहिया सडक, महतिनिया बान्ह, गोरावलके गोरा वीर आदि यसका उदाहरण हुन् ।

**सामाजिक लोकखिसा :-** चारुयार, सीतवसन्त, सदियाबदिया, तोतामैना, तीसमार खाँ, रडपुतवा, हंसजवाहिर, रानी सारंगा आदि यसका उदाहरण हुन् ।

**नीति एवं उपदेशात्मक लोकखिसा :-** अपने चलत राज गँडिया कटैला, सीता ना मीता मोर पेटवेक चिन्ता, फुटहाडेङ लैके निकरो हो बुढवा, नेउरा मारके पछतो आदि यसका उदाहरण हुन् ।

**प्रेम लोकखिसा :-** सारङ्गा सदावृक्ष, हंसजवाहिर, लैलामजनु, गोपीकृष्ण, माधोनल आदि यसका उदाहरण हुन्यसका उदाहरण हुन्।

**देवी-देवताका लोकखिसाः-** लुम्बिनीमाई-लुम्बिनी, शनिचरीमाई-देवदह, महेरवामाई-बिचौवापुर, मलमलचौरा-भडछा, कोल्हुवा जमकातर-कोल्हुवा, सतियामाई-सिलौटिया, मर्चवारीमाई-मर्चवार, कुमारवर्ती, अहिरिनियामाई-डहरगाउँ, कोटियामाई-बकसड, पर्रोहापरमेश्वर-पर्रोहा आदि यसका उदाहरण हुन्।

**धामीझाँक्रीका लोकखिसा :-** सितला फूलमती, कोढनीभवानी, अकाकालगुरबाबा, रहसुगुरो, दलसिंह धामी, किचरीगुरिनिया, महादेव पार्वती, धरतिक जलमौती, सातो बहिनवार, सिहाभार आदि यसका उदाहरण हुन्।

**पराक्रम र साहसका लोकखिसा :-** झाँसिक रानी, आल्हाऊदल, घोडी बकुलनी, हातिमताई, भिम्हवा, दैन्तरवा, डा.क्याइसिंह आदि यसका उदाहरण हुन्।

**चमत्कारिक लोकखिसा :-** नरसिंह अवतार, इन्द्रासनके परी, रडपुतवा, चारपालाबाबा आदि यसका उदाहरण हुन्।

**हास्यविनोद लोकखिसा :-** शिवपार्वतिक बचनिया खट्ट, सदियाबदिया, शुकवा शनिचरा, भुडुकपदनी, अहिरदमाद, यिहीँ हमार हेरागैल, तीन त्रिलोक चौदह भुवन, मरिगैल ते मरिगैल चारदिनके पठादेव, भैल संधी भैल कानेओनेम ना बराइँ आदि यसका उदाहरण हुन्।

**विविध लोकखिसा :-** भुतवा, बनपलिया, खटमुतना गुरौवा, घरैल-घरैल मसैल-मसैल बनैल-बनैल हडैल-हडैल आदि यसका उदाहरण हुन्।

**लोकोक्ति :-** कुराकानीका दौरान आफ्ना भनाईलाई थप कलात्मक, सारगर्भित र विश्वस्नीय बनाउन केही विशेष शब्दावलीहरूको प्रयोग गरिन्छ जसलाई लोकोक्ति भनिन्छ । लोकोक्ति सहितको वाक्यमा विचित्रको चमत्कारिकता, ओज र पुष्टी गर्ने प्रामाणिकता समेत भएको हुँदा श्रोताहरूको दिल र दिमागमा यसले सहजै प्रभाव जमाउँछ । तसर्थ लोकलाई रिझाउन सक्ने खुबिकै कारण यसको नाम लोकोक्ति भएको हो । थारु समुदायमा लोकोक्तिलाई मुख्यतया निम्न अनुसारको तीन भागमा वर्गीकरण गरिएको छ-

**कहकुत :-** कहकुतलाई पूर्वमा कहवी, केहवी, कहावत, र पशिचममा कहकुट भन्ने गरिन्छ। नेपालीमा भने उखान र अंग्रेजीमा प्रोभर्व भनिन्छ। केही उदाहरण -

- ➡ कानी घोडी लंकक चढाइ। = कानो घोडी लंकाको धावा।
- ➡ झाँट उखरले मुर्दा हल्लुक। = काछीको रौँ उखेल्दा लास हलुङ्गो।
- ➡ बसिया भातेम खुदाके का लागे ? = बासीभातमा ईश्वरको के दाउ ?
- ➡ मार-मार बुढिया बेटवा बिया। = लौ न लौ बुढीमान्छे छोरो पा।
- ➡ रोटी मोट नीक, जनी छोट नीक। = रोटी मोटो निको, स्वास्नी छोटी निको।
- ➡ पाव भरके देवी, नौ पावके पुवा। = एक पाउको देवी, नौ पाउको दीयो।
- ➡ इच्की-बिच्की सबकेउ देइ, एक बित्ता लुगरी केनाइँ देइ। = मुस्कान-ठुस्कान सबैले दिन्छन्, एक बित्ता कपडा कसैले दिन्न।

- ➡ देवपुरी गैले दुगुना दुःख। = देउपुरी गए दुगुना दुःख।
- ➡ भैल बियाह मोर करबे का ? = भयो बिहे मेरो गर्छस् के ?
- ➡ मरगैल ते मरगैल, चारदिनके पठादेव। = मोरी त मोरी, दुइचार दिनकोलागि पठाइदेउ।

**तुक्का :-** लोकसाहित्यको लोकोक्तिको रूपमा प्रचलित श्रव्यविधा अन्तर्गतको एक विधा तुक्का हो। तुक्कालाई नेपालमिा टुक्का, हिन्दमिा मुहाबरा र अंग्रेजीमा इडियम्स भनिन्छ। लोकोक्तिमा भनिँदा उखान(टुक्का एकैसाथ भन्ने गरिए तापनि उखान र टुक्कामा प्रसस्त अन्तर देखिन्छ। उदाहरण-

| | | |
|---|---|---|
| ➡ आँख फुटेक। | = आँखा फुट्नु | = डाहा गर्नु। |
| ➡ गोल होएक। | = गोल हुनु। | = लापत्ता हुनु। |
| ➡ टाङी मारेक। | = बन्चरो हान्नु। | = धोका दिनु। |
| ➡ तेल लगाएक। | = तेल घस्नु। | = विनती खुशामद गर्नु। |
| ➡ दाल गलेक। | = दाल गल्नु। | = उपाय लाग्नु। |
| ➡ नाक दरेक। | = नाक दल्नु। | = अथक प्रयास गर्नु। |
| ➡ पानी पीटेक। | = पानी पिट्नु। | = हल्ला मच्याउनु। |
| ➡ बभनेक मुह करेक। | = बाहुनको मुख बनाउनु। | = बिना अम्मलपानी चुप बस्नु। |
| ➡ सती होएक। | = सती हुनु। | = कडा पश्रिम गर्नु। |
| ➡ हगके पछताएक। | = हगेर पछुताउनु। | = मक्खीचुस हुनु। |

**बुझौलिया :-** लोकोक्तिमध्ये बुझौलियाको ठूलो महत्त्व छ। वृहत् हिन्दीकोश अनुसार कुनै बुद्धि वा ज्ञानलाई परीक्षा लिने एकप्रकारको प्रश्न, वाक्य वा वर्णन जसको कुनै वस्तुलाई भ्रामक वा बाङ्गोटिङ्गो लक्षण दिएर त्यसलाई बुझ्न वा अभिष्ट वस्तुको नाम बताउन श्रोतालाई भनिन्छ। सहीउत्तर दिनेले स्वतः जित्ने तर सही उत्तर दिन नसकेमा सोध्नेलाई मागेको कुनै गाउँ दिनुपर्ने अनि श्रोतालाइ सही उत्तर भनिदिने भएको हुँदा नेपालीमा यसलाई गाउँखाने कथा भनिन्छ भने हिन्दीमा पहेली र अंग्रेजीमा राइडल भनिन्छ। थारु समुदायमा पनि पूर्वमा फोकडा, फकडा, बुझौवली, पिहानी र पशि्चममा बुझौलिया खिसा भनिन्छ। बुझौलिया बुझाउँदा सकेसम्म जटिल शब्द नभइ सरल र हास्यासपद वा मनोरञ्जनात्मक वाक्यमा सोधिने गरिन्छ जसलेगर्दा उत्तर दिने व्यक्ति झर्को नमानी सहजरूपमा भाग लिइरहन्छ। उदाहरण -

➡ आन्ही आय पानी आय, बैठल घेघरी भैंभा बाय। (का हो ?) (मेघा)।
= हुरी आयो पानी पर्‍यो बसेर गाँडे आइमाइ भ्याँ(भ्याँ गरी। केहो ?(भ्यागुता)

➡ उँपरे आगी तरे कुवाँ, गुडगुड बोले निकरे धुवाँ। (का हो?) (हुँक्का)।
= माथि आगो तल इनार, गुडुगुडु बोल्छ निस्किन्छ धुवाँ। केहो? ( हुक्का )।

➡ एक मुठ्ठा राइ दुनियम छितराइ, बापो पूत गने तब्बो ना ओराइ। (का हो?) (तरङ्इन )।
= एक मुठी तोरी संसाभरी छरियो, बाउ छोराले गने पनि गन्नसकेनन् केहो ? (आकाशका तारा)।

➡ एक साँप दुई बिल्ला झारे। (का हो ? ) (गोरुक जीभ)।
= एउटा सर्पले दुइटा दुला सफा गर्छ। के हो ? (गोरुको जिभ्रो)।

➡ छोटकी-बडकिक छौ बिल्ला। (का हो ?) (हवाइ चप्पल)।
= कान्छी(जेठीका छ दुला। (के हो ?) ( हवाइ चप्पल)।

➡ जे बुढ उहे कुलसे थुल्ह। ( का हो ?) (डेहरी)।
= जो सबभन्दा बुढी उही सबभन्दा मोटी। (के हो ?) (धान रख्ने डेहरी )।

➡ थुत्थुन-थुत्थुन एक होइल, बभना धुतुवा फेँकाहोइल। (का हो ?) (घोङ्हीतिउना)
= थुतुनो-थुतुनो एक भए, बाहुनले शंख फालिसक्यो। केहो ?(घोँगीको तिहुन )॥

➡ दाइक कान बाबक कनवे नै। का हो ? ( कराही बटुला )।
= आमाको कान बाबाको कानै नाइँ। के हो ? (कराही र कसौंडी )

➡ मुह तोर तुम्मा रोज लेवाँ चुम्मा। का हो ? ( लोटा )।
= मुख तेरो तुम्मो भैँ रोजै खान्छन् म्वाइ। केहो ? ( लोटा )।

➡ सोना मिलल चानिम, गैल भैँस पानिम। का हो ? ( पानेक बिरा )।
= सुन मिस्यो चाँदीमा, पस्यो भैँसी पानीमा। के हो ? ( पानको बिडा )।

**विविध :-** यस विविध विधा अनर्गत केही पारंपरिक शब्दावलीहरू प्रस्तुत छन्, जो थारु समुदायमा परापूर्वकालदेखि थेगो वा उखान वा उदाहरणको रूपमा बातचितको दौरान अक्सर प्रयोग हुँदै आएको देखिन्छ। यसबाट स्थान र संबन्धित वस्तुको ऐतिहासिकता उजागर हुन्छ र कुराकानीलाई थप ओजपूर्णका साथै प्रामाणिक बनाउनमा मद्दत गर्दछ।

### १२.५.१२ गाउँ-ठाउँबाट बनेका केही शब्दावली

मुर्गिहवा (वन कुखुरा पाइने ठाउँ)। भैरहवा (भैरवनाथ रहेको स्थान)। नेपालगञ्ज (नेपालीहरू बस्ने ठाउँ)। पत्थरगञ्ज (ढुङ्गै ढुङ्गा भएको ठाउँ)। गोरावल (गोरे वीर मसान रहने ठाउँ)। कोटिहवा (देवताको कोट भएको ठाउँ)। रानीवगिया (रानीको बगैचा भएको ठाउँ)। बनकटवा (बन फडानी गरेर बसेको ठाउँ)। वैरिया (वयर हुने ठाउँ)। भारवैरा (सानो बयर पाइने ठाउँ)। वर्दघाट (गोरुहरूको चरन क्षेत्र)। गैंडहवा (गैंडा पाइने ठाउँ)। बनगाई (जंगली गाई पाइने ठाउँ)। कुम्हारगड्डी (कुमाल जाति बस्ने थलो)। अमुवा (आँपको बगैचा भएको ठाउँ)

### १२.५.१३ जातपात वा जीवजनावर जनाउने शब्दावली

कोहारेक पजावा = घेरावाल थुप्रो। ऊँटेक पाद = न आकाश न पातालको। लोहारेक भाथी = कहिल्यै सफासुग्घर नदेखिने फोहोरी ठाउँ। घोडक लात = बेठेगानको असह्य चोट। थारुक देवँता = सोभ्रो लाटो। गोहटिक छाला = छयाके र दरखरो। बभनेक नाक = अग्लो र चुच्चो। भालुक गुह = बिना कामको। नेवारेक चलाकी = नेवार जस्तो बाठोपन। मुसेक करेजा = स्वादिला तर अति थोरै। मुसलमानेक दाह्री = भाडभखाड। साहिक थोथी = मुस्किलले पाइने दुम्सीको थोथी। नाउँक चमोटी = हेर्दा फोहोरी तर नभै नहुने वस्तु। मजोरेक टिकिया = अति सुन्दर देखिने मयूर प्वाँखको गोलो टाटो। ठठेरेक भाडा = भाँडाकुँडाको थुप्रो। भैँडियक चुत्तर = रौं भुत्ला बिनाको सफाचट भैँडीको चाक। आहरेक चुरकी = माभरी अहिर जातिको टुप्पी। गदहक ठेपर =

गदहाको जस्तो उँचो चाकको हाड। मुराउक मोछ = मुराउ जातिको मुठे जुँगा। गैंडक सीङ्ह = गैंडाको सिङ जस्तो दऱ्हो र तीखा। कुरमिक गुरची = कुर्मी जातमा रहेको अठार थरीको गाँठा (जालझेल)। घोङ्हिक चटौर = चुच्चो-चाम्रो-घुसघुसे। कङ्कालिक डेरा = झैंझगडा र हल्लीखल्ली। गेङटक टाँक = कम्जोर तर खतरनाक हतियार।

बिच्छिक बिल्ला = चेप्टो दुला। पथर्कट्टिक राऱ्ह = पथर्कट्टा जातको झगडिया निहुँ। कौवक चलाँकी = कौवाको जस्तो चलाकी। जोगियक गुदरी = जोगीको जस्तो ह्वार्लांगे थैला। सुग्गक दाल = पुरा नपकेको दाल। सधुवक चिम्चा = ठूलो चिम्टो। बिलारेक गुह = हगेर जतन गर्नु पर्ने। गडेरियक लाठी = चौबिसै घण्टा भिर्नुपर्ने मोटो लौरो। टिटहिरके टाङ = अति सुइखुट्टे तर लामो खुट्टा। धोबिक पाटा = धोबीको लम्बा चौडा कपडा पछार्ने पिर्का। उँडवक खाँख = उल्लु चराको बडेमानको आँखा। बनरेक घुर्की = बाँदरको देखावटी घुर्की। बनरेक गाल = धनसार भने पनि गाला भने पनि बाँदरको गाला। डहरौटक अण्डा = बिना गुँड भुइँमा पारिने छ्याके कलर भएको अण्डा। कुकुरेक पुँछी = जति जे गर्दा पनि बाङ्गोको बाङ्गै रहने एकलकाटे बानी। साँपेक केँचुल = अकार्थमा डराउन दिने वस्तु। हाथिक दाँत = प्रत्यक्ष देखिने वस्तु।

### १२.५.१४ लोककला

यस प्रवृत्ति अन्तर्गत निम्न विधाहरू राख्न सकिन्छ- (१) हस्तकला (२) खानपान (३) वस्त्र तथा गरगहना (४) संस्कार

#### *१२.५.१४.१ हस्तकला*

विशेष गरी दैनिक व्यवहारमा प्रयोग हुने कृषि संग सम्बन्धित घरायसी प्रयोजन र शिकार संग सम्बन्धित काठ, बाँस, रेसा वा माटाका अधिकांस सामग्रीहरू थारु जातिले आफ्नै हातले बनाउन ज्यादै सिपालु देखिन्छन्। यी सीप र प्रयोगको गहिरिएर मनन गर्दा यो जाति अति प्राचीन अरण्य ढुङ्गे शिकारी र प्रारम्भिक कृषि युगका अवशेषको रूपमा रहेको सहजै छनक पाइन्छ। केही उदाहरण-

**(क) काठका हस्तकला**

**केही भाँडाकुडा :-** जस्तै- आढिया, डोकनी, डोकवा, डोकिया, चटुवा, दबिला, ओँखरी, पहरूवा, ठेकारी, खैलर, सेइ, डोङवा, डोङिया, हाथा आदि।

**केही वाद्यवादनका वस्तुहरू :-** जस्तै- धौसा ढोल, ढोलक, ढोलकी, पखौज, मानर, मिरदङ, सराङ, तबला, कस्तार, तमूरा, खँझडी, ढाक आदि।

**केही घरायसी प्रयोजनका वस्तुहरू :-** जस्तै- कोल्ह, ढेँकी, केवाँरी, दरवाजा, पल्ला, जङला, कठओदरा, बुटकी, लढिया, पिढका, सतास, हर, हेङा, सुइला, पौवा, खराव, खटिया, मचिया, घाँटी, ठेकुर, घुरला, बेधौंडी, लाठी, डण्डा, पैना, भा, भण्डा, परगेहनी, टेँढवा, टेँढिया, अखइन, बौँखा, बेँट, टैरी, टैरा, कोरो, बार्ता, खुँटा, खम्हा, बल्ला, ओरवाँती, मुन्हा, टेवा, टेउकी, ठेहा, डटहा, तरहा, तरौँची, डिउरठ, जुवा, जोठा, सइल, गताऱ्ह, कठबेढा, ढोङरा, ढोङरी, धुरवा, साङो, कोइँचिरिया बेढा, ढाठर आदि।

**(ख) बाँसका हस्तकला**

जस्तै- कोरो, बत्ता, लाठी, बहिङा, गुडता, पताका, धमिर, टाँडा, भा, बेनौथी, डेला, डेलपुतरी, बेना, घुग्घी, बाँसुरी, चपुनी, टिकठी, भुजनाठी, बखारी, डेलिया, खेन्हरा, तेलबाासा, ढरका, ढोङरी, दोगला, बेना, सेको, छतरी, मुहजाबा, गेदली, मेडरा, डिग्गिन आदि।

**(ग) सींक-खर तथा मूज-खरबाट बनेका हस्तकला**

जस्तै- डेलिया,बढनी, बेना, बेवाँ, दँतखोदनी, खञ्ह, मौनी, भुजनाठी, खेलौना, भौकी, बेनिया, ढकिया, ढकुली, डेलवा, चपुरी, सुपली, मौनी, नुइँया, पनतोपनी, पैन, बीँरा, डोली, टेँढवा, फुललोढनी, खेन्हरा, बेना, बोथ, झिरखी आदि।

**(घ) रेशाबाट बनेका केही हस्तकला**

जस्तै- जाल, जलखरी, उक्छा, पखई, जुइना, अरदवन, झोरा, पगहा, बगला, रसरी, रसरा, फुलरा, सिँकहर, झिङुरी, दौँडी, तोरन, हरझोँकी, गरदनी, बटाय, गेराँव, झलुहा, बलहा, झीँरा, नाथ, जलरी, डोर, मुहजाबा, खारा, बीँरा, छिरकी, उबहन, घरछौनी, बगनी, हेलुका, ढुइना आदि।

**(ङ) माटाका केही हस्तकला**

(अ) **काँचो माटोबाट बनेका हस्तकला :-** जस्तै- डेहरी, डेहरी, कुठला, कुठली, जबरा, धुनकी, खोभरा, आडा, चुल्हा, थौना, बोरसी, ओञ्हण्डा, अँथरा, घेरौना, लखवा, अरवा, आन भरकन, कोसिया, दीया, हाथी, घोडा, गैया, बघेशवर, चिरई, खेलौना, मेदी परके मनैया, खम्हिया, पिसनी, मेदी आदि।

(आ) **पाकेको माटोबाट बनेका केही हस्तकला :-** जस्तै- कुँडवा, हौदी, बान्हा, गोलरा, करवा, करई, कर्लहाहाँडी, हाँडी, हँडकोली, गगरी, खोन्हा, खपरी, भुर्की, टुइँया, कोसिया, परई, दीया, सनहकी, हुँक्का, चिलम, ढेबरी, चुस्की, हाथी, घोा, बघेसर, खेलौना, ठेकारी, डोकिया, धुतुवा, सुराही, गमला, कलसा, मेटिया, मेटहा, डमरु, तासा, हुँडका आदि।

*१२.५.१४.२ खान-पान कला*

केही अपवाद बाहेक थारु जाति मांसाहार नै गरेको देखिन्छ। प्राचीन काल देखि नै यो जाति जातिको बस्ती घना जंगल तथा जलासय नजिक रहेको हुँदा माछा जंगली शिकारको लागि सहज रहेको सहजै अनुमान गर्नसकिन्छ। अहिले पनि समय-समयमा हूल बाँधेर खोला वा पोखरीमा जाल र डेली बोकी माछा मारेको दृश्यले यदाकदा अन्य समुदायलाई चकित समेत पारेको सर्वविदितै छ । त्यसैगरी हूल बाँधेर घनघोर जंगलमा छत्री छचाप्ने भोर्ला पात वा जंगली सागपात वा भुट्की च्याउ आदि टिप्न गएको दृश्यले पनि थार जातिलाई छुट्टै प्राचीनतम जमातको अवशेषको झझल्को दिने गर्दछ। त्यस उपरान्त थारु जातिले आआफ्नो घरैमा पकाएको खानेकुरा पनि अन्य समुदायभन्दा केही फरक शैलीको देखिन्छ। तल केही संक्षिप्त उदाहरण प्रस्तुत छन्-

**चामलबाट बनेका खानेकुराहरूको नेपाली शब्दार्थ :-** ➡ **भात** = भात। ➡ **माड** = जाउलो। ➡ **गोलहत** = बाक्लो जाउलो। ➡ **भूजा** = भुजा। ➡ **भाका** = बाफमा उसिनेको भातको डल्ला। ➡ **भौरी** = उब्रेको बासी भातलाई ठूलो रोटी जस्तो बनाएर पातभित्र छोपी भुम्रोभित्र पकाएको। ➡ **चैँची** = अन्दी चामलको बाफमा पकाएको भात। ➡ **जाउर** = दूधमा पकाएको खिर। ➡ **भतढिकोर** = पीठोमा बासी भात मिसाएर उसिनेको

ढिकरी, ➡ **खौंतर** = कसौँडीको पिँधमा डढेको भातको माम्री । ➡ **भतभूजा** = उब्रेको भात घाममा सुकई भुटेको भुजा । ➡ **भतिया** = रक्सी पार्नको लागि बाफमा उसिनेको भात, ➡ **जाँड** = मर्चा भातमा मिसाई गुम्साइएको मताउने गुलियो भात। ➡ **धनमदिया दारु** = चामल कनिका कुहाएर बनेको रक्सी।

**गहुँ-चामलको पीठोबाट बनेका खानेकुराहरूको नेपाली शब्दार्थ :-** ➡ **रोटी** = रोटी । ➡ **ढिकरी** = बाफमा उसिनेको चामलका साना-साना डल्ला विशेष। ➡ **लिटी** = गोलो डल्लो चेप्टो गहुँको पीठोको आकार बनाई भुम्रोमा पकाएको। ➡ **बरिया** = गोलो छोटो अन्दी चामलको पठिोको गुलियो पुरी रोटी।
➡ **सेल्हो** = सेलरोटी। ➡ **खुरमा** = मैदाको डल्ला पकाई चिनीको चास्नीमा डुबाएको मिठाई, ➡ **खाभ्रा** = भित्र पत्र-पत्र परेको चिनीको चास्नीमा डुबाएको रोटी।
➡ **लपटा** = तातो पानीमा फिट्दै पकाएको दाल र गहुँको पीठोको बाक्लो भ्रmोल।

**दालबाट बनेका खानेकुराहरूको नेपाली शब्दार्थ :-** ➡ **फुलौरी** = फुरौला। ➡ **पकौडी** = पकौडा। ➡ **पकसुन** = ठूला पातमा लपेटेर भुम्रोभित्र घुसाई पकाइएको तरकारी वा चटनी। ➡ **पतुसनी** = कर्कलोको पातमा बेसन दलेर बेरी उसिनेर चाना-चाना काटी तेलमा तारेको तिहुन । ➡ **गँडदगली** = हल्का तेलमा पकौडा सेकाई पकाइएको भ्रmोल तिहुन। ➡ **पन्डुभकी** = तातो पानीमा बेसनको डल्ला-डल्ला हाली पकाइएको भ्रmोल तिहुन।

**दूधबाट बनेका खानेकुराहरूको नेपाली शब्दार्थ :-** ➡ **दही** = दही । ➡ **मही** = मही । ➡ **मसका** = तर । ➡ **घिउ** = घिउ । ➡ **छाछ** = बढी पानी मिसिएको मही जस्तो । ➡ **किचकोर्नी** = दही तताइएको हाँडीभित्र जमेको वा डढेको सान्हो भाग वा माम्री । ➡ **दुधढिकरी** = दूधमा पकाइएको ढिकरी । ➡ **इन्डर** = गाई भैँसीले बच्चा पाउँदा सुरुमा निस्केको बाक्लो दूधको खुवा, ➡ **खेभ्रुरी** = कुरौनी।

**आँपबाट बनेका खानेकुराहरूको नेपाली शब्दार्थ :-** ➡ **चटनी** = चटनी। ➡ **अँचार** = अचार। ➡ **खटाइ** = आँपका टुक्रा सुकाई नून र हिङ मिसाई हाँडीमा खाँदी-खाँदी सजाइएको खट्टो। ➡ **अमावट** = पाकेका आँपका रस निचारी जम्मा गर्दै कुनै चाक्लो भाँडोमा सफा कपडामाथि सुकाइएको बाक्लो रसको पाप्रो।

**सुकाएर राखिने केही खानेकुराहरू :-** ➡ **चोक्टी** = सागसब्जी, मुला, गोभी आदि ठूलामाछा । ➡ **पकली** :- ठूलामाछा। ➡ **सिधरा** = साना माछा। ➡ पकठा = ठूला मासु।
➡ **सुकठी** = साना मासु। ➡ **भुजिया** = उसिनेको धान वा चामल।
➡ **गब्दौरी** = दालको पीठो र जलुका मिसाई कुटी सुकाइएको मस्यौरा।
➡ **मेथौरी** = दालको पीठो र कुभिण्डो एउटैमा मुछेर डल्ला-डल्ला पारी सुकाइएको मस्यौरा।
➡ **पोपहरा** = चामलको पीठोको पापड जस्तो सुकाएर फुराइएको रोटी।
➡ **भ्रुरकुन** = कुभिण्डो, लौका आदिको चाना काटी सुकाइएको।
➡ **सिनकी** = मुलाको पात आदि थिची खाल्डो खनी कुहाई सुकाइएको वस्तु।

**विशेष प्रकारका केही अन्य परिकारहरू :-** ➡ **चटनी** = अमिलो र नुन खुर्सानीको मात्रा अलि बढी र राखी सिलौटामा पिँधेको गिलो र स्वादिलो वस्तु। ➡ **चुक्क** = निबुको रस अबेलासम्म पकाई बनेको बाक्लो काढा। ➡ **चिखना** = रकसीसित खाने माछा मासु आदिका सित्तन वा तिहुन । ➡ **काढा** = कुनै वस्तु अबेलासम्म पानीमा पकाइएको बाक्लो भ्रmोल।

➡ **अँचार** = आँप, अमला, मुला, काँक्रा आदि हल्का सुकाई खाने तेलमा डुबाइएको खाद्य पदार्थ। ➡ **चोखा** = आलु, भण्टा, माछा, गँगटा, मासु आदि भुम्रो वा आगोमा पोली नुन तेल मसला हाली मुछी तयार पारिएको खानेकुरा। ➡ **पकवा** = बढी हाड नभएको मासु कसौँडी वा कुकरमा हावा ननिस्कने पाराले पकाइएको मासु। ➡ **भरुवा** = मोटे खुर्सानी, करैला, भण्टा आदिमा मसलाको ढुटो भरेर तारेको वा तेलमा डुबाइएको चीज। ➡ खरनपानी = सौँठी, भेली, मरीच, ज्वानो आदि मिसाई पानीमा पकाइएको काढा। ➡ **सौँठौरा** = सौँठी, भेली, मरीच,आदि पिसी पीठोमा भुटी पकाई डल्लो-डल्लो बनाइएको खानेकुरा।
➡ **ढुट्टा** =पीठोमा चिनी मरीच, गडी, छ्वाडा आदि मिसाई भुटी तयार पारिएको ढुटे खानेकुरा। ➡ **ककडौर**= चिनीको झोल मिसाई बनेको ढुटे खानेकुरा, ➡ **चुकनोन** = नुनमा चुक मिसाई पिसिएको चटनी नुन। ➡ **दालेक चोखा** = बासी दाल कडाहीमा सुकाई सुक्खा भए पछि नुन, मसला, तेल, लसुन मिसाई मुछी बनाइएको स्वादिष्ट परिकार। ➡ **मलीदा** = सुक्खा रोटी टुक्रा-टुक्रा पारी दूध चिनीमा मिसाई बनेको झोलदार खानेकुरा। ➡ **तिलचौरी** = भिजेको काँचो चामलमा तिल र भेली मुछी बनेको खानेकुरा, **गुरुम** = पीठोमा चिनी मिसाई हौँडल्दै पकाइएको ल्यापल्यापे खानेकुरा। ➡ **गोझिया** = सानो रोटीभित्र भेली, सौँठी, गडी, छ्वाडा आदिको डल्लो घुसाई तारिएको रोटी। ➡ **बोरलभात** = राती पकाएको भात सफा हाँडीको पानीमा डुबाइराख्ने भोलीपल्ट अपरान्ह तीन बजेतिर मसलादार नुन र प्याज टोक्दै खाने नहारी वा मिझनी।

यस अतिरिक्त थारु समुदायमा मांसाहार अन्तर्गत मुसा, घोङ्ही, अन्हवा माछा, सुतही(सिपी), कछुवा, गङ्गटा, कुखुरा-परेवाका परिकारहरू लाजवाब मानिन्छन् र सागमा लर्चा, पोइते, बेथुवा, कँटेरवा, चौँरैया, केरमुवा, दाखी, बघनोचवा, चिरैँयक गोडा, मोरवा, कोयलरा, गबदा, कोँचिया, लाही, भाँजी, लोनिया आदि प्रसिद्ध छन्।

पेय पदार्थमा भेलीपानी, जाँड, निङ्हार, र धनमदिया दारु प्रमुख हुन्। डोकवाको नुन-पोलेको खुर्सानी खानाको समयमा टक्राउने चलन छ। खाना पछि पाहुनालाई ल्वाङ्ग सुपारी र धुम्रपान दिने पुरानो चलन हो, समय अनुसार यसमा सुधार आउन जरुरी देखिन्छ।

**खाना खाने समय**
**कलवा** = बिहान नौ बजेको खाना।
**मिझनी** = अपरान्ह तीन बजेतिरको खाना।
**बेरी** = साँझको खाना।

**खाने-पिउने गास बुझाउने केही शब्दहरू :-** भात - कौरा, प्याज - हबक्का, तरल पदार्थ - घुटुक्का, नीद - झुटुक, आलुको तरकारी आदि - गोट्टी, रोटी - टुक्का, सुर्ती - बीरा, आमाको दूध - चुटुक्का, चून, नुन - चिकुटी, मासु - खुदरी, काँक्रा - फाँकी, भुजा - फाँका, तमाखु - सुरुक्का, मिठाइ - टुक्का, नुहाउँदा - टुभुक्का/डुभुक्की, माछा - खँडिया, निबु-सुन्तला - चुघली।

**केही स्वाद तथा गंध जनाउने शब्दहरू**
➡ **गुरी** = गुलियो, चिनी, भेली, उखु, मेवा मिठाईको स्वाद। ➡ **टोकटोक/आमिल** = अमिलो, इमली, निबु, चुक, अचार, सिन्की आदिको स्वाद। ➡ **बाकस** = काँचो केरा, सुपारी, अमला आदिको स्वाद। ➡ **कोरु** = खुर्सानी, मरिच, अदुवा आदिको स्वाद। ➡ **तित्त** = तीतो, करेला, नीमपत्ता, पित्त आदिको स्वाद। ➡ **झरगर** = फरही पिपर, ल्वाङ, सोठी, पोलेको खुर्सानी आदिको स्वाद। ➡ **गोदामिल** = गोलकाँक्री (गोयम्हा, पैँहटुल),

टमाटर, कदम आदिको स्वाद। ➡ **खटलुस** = बनमुसरी, करौना, दाखी, बाँसको तामा, लोनियाको साग आदि। ➡ **ऐताइल** = करलुवा, काँचो गोलकाँक्री आदि। ➡ **उसि** = बिना नुन चिनी वा बेस्वादको। ➡ **जिलबिल** = लरचाको साग, मासको दाल, तेल आदिको लेसाइलो पन। ➡ **रुकखर** = अमिलो हालेर पकाइएको माछा वा सुक्खा केराको तरकारी आदिको साऱ्हो पन। ➡ **गुजगुज** = बोसो, हलुवा, आदिको नरम पना। ➡ **लुजलुज** = चाउमिन, अण्डाफ्राइ, परौठा आदिको लचिलोपन। ➡ **डण्डन** = छिप्पिएको सेमी, सेकाएको रोटी, गोइँती माछा आदिको साऱ्होपन। ➡ **फिक्कल** = नुन वा चिनी कम भएको स्वाद। ➡ **पनसोटरार** = स्वादभन्दा बढी पानीको मात्रा भएको स्वाद। ➡ **तेलचिरैंन्ह** = अङ्गारमाथि तेल डढेको गन्ध। ➡ **चिम्मर** = चाम्रो, दाँतले टोक्दा सजिलै नटुक्रिने अधकल्चो पाकेको छाला आदिको चाम्रोपन। ➡ **उद्धिस** = रङको नाम मात्रको फुस्रोपन। ➡ **कच्चैन्ह** = काँचो मटर, सेमी, बोँडी आदिको गन्ध। ➡ **खरैंन्ह** = पिसाबको गन्ध। ➡ **गुहैन्ह** = गुहु वा दिसाको गन्ध। ➡ **गेङ्टैन्ह** = आगोमा गँगटो पोल्दाको जस्तो गन्ध। ➡ **चिच्चियैन्ह** = चेङाठ, बासी दाल, बासी दही आदिको गन्ध। ➡ **लत्तैन्ह** = कपडा आदि जल्दाको जस्तो गन्ध। ➡ **जरलैन्ह** = डढेको कडाही वा तवाको जस्तो गन्ध। ➡ **झरसैन्ह** = होरहा, परालको आगोमा पोलेको आलु आदिको जस्तो गन्ध। ➡ **डङरैन्ह** = सडेको मासु वा सिनो आदिको गन्ध। ➡ **बिस्सैन्ह** = माछा, कछुवा, अन्हवा आदि पोल्दाको जस्तो गन्ध। ➡ **चिरैंन्ह** = भुत्ला, प्वाँख, हाड आदि जल्दाको जस्तो गन्ध। ➡ **कुच्चियैन्ह** = रबर, प्लास्टिक आदि जल्दाको जस्तो गन्ध। ➡ **बोकबोक्कैन्ह** = छिप्पिएको बाख्रा वा बोकाको जस्तो गन्ध। ➡ **भुस्कुट्टैन्ह** = पेटमा हावा गुमिसएर पाद्दाको जस्तो गन्ध। ➡ **मद्दैन्ह** =रक्सी पार्ने भाँडाकुँडाबाट आउने जस्तो गन्ध। ➡ **पदरैन्ह** = साङ्ले कीरा, पतेरा आदिको जस्तो गन्ध। ➡ **सोन्ह** = अङ्गारमाथि पोलेको भात, ढिकरी, मासु आदिको जस्तो बास्ना। ➡ **पिलकुट्टैन्ह** = हाँस-कुखुराको सुली वा दिसाको जस्तो गन्ध। ➡ **खौंटरैन्ह** = नाकभित्र कक्रिएको सिगान, सुकेको दिसा वा ननुहाइ मालो समयसम्म बस्दा पसिना वा लुगा गनाएको जस्तो गन्ध। ➡ **धुवैन्ह** = अपच हुँदा मुखबाट आउने डकारको जस्तो गन्ध। ➡ **दरकच्चैन्ह** = अधपक्का पोलेको आलु-पेडालु वा खुल्ला पादको जस्तो गन्ध। ➡ **मटियैन्ह** = धमिरा वा दुम्सीको वा च्याउ कुहिँदाको जस्तो गन्ध। ➡ **भोक्टैन्ह** = कुहेको अण्डा, कुहेको घोंगी आदिको जस्तो गन्ध। ➡ **पोइन्ह** = कुहेको मासु, माछा, पाद आदिको जस्तो गन्ध। ➡ **गोप्फैन्ह** = दूध, दही, घिउ आदि राखेको भाँडोको जस्तो गन्ध। ➡ **गुजियैन्ह** = पुरानो घिउ, तेल आदिको जस्तो गन्ध। ➡ **लोहटैन्ह** = फलाम वा आर्सेनिकयुक्त पानीको जस्तो गन्ध। ➡ **उडसैन्ह** = उडुस आदिको जस्तो गन्ध।

*१२.५.१४.३ वस्त्र तथा गरगहना*

भेषभूषा र गरगहना कुनै पनि जातजतिलाई सजिलै छुटचाउन सकिन्छ। जातजातिका भेषभूषा र गरगहना स्थान, वातावरण र हावापानी अनुसार फरक फरक प्रकारका देखिन्छन्। जहाँसम्म रुपन्देही र सैनामैनाको थारु लवाइ र गरगहनाका कुरामा पहिलेको र अहिलेको समय अन्तरालमा निक्कै परिवर्तन आएको देखिन्छ। तर अझ पनि पुराना पारंपरिक पोशाक तथा गरगहनाहरू कतिपयले जोगाएर राखेको अवस्था छ, जुन विभिन्न अवसरहरूमा लगाउने प्रचलन छँदैछ।

**महिलाहरूले लगाउने पारंपरिक भेषभूषा र गरगहनाहरू**

**वस्त्र :-** लेहडा, जम्फर, अडिया, गँतिया, ओढनी, अघरान, लुग्गा, चोलिया, चादर।

**गहना (शिरमा) :-** किलिफ काँटा, फुलरा, चौंटी, मडिया, धरी, सेनुर, टिकुली, टिक्का।

**गहना (नाकमा) :-** फोँफी, फुलिया, नथिया, नथुनी, नास्ता, खिल।

**गहना (कानमा) :-** तर्की,झुम्मक, सिकडी, लरी, टप्प, लाहेक तर्की, ऐरन, बिचकानी, कनपासा।

**गहना (घाँटीमा) :-** सुतिया, माला, मुङ्ङा, रुपियक माला, चौकी माला, असरफीमाला, ठुमरी, हार, सीताहार,

चन्द्रहार, सिकडी, गुरिया, पथरैची, मुड्यिामाला।
**गहना (हातमा) :-** चुरिया, अगेला, पछेला, छनिया, सलोनी, बढुल्ला, बाजु, बहोट्टा, जोसन, पहुँची, अङ्ठी, टँडिया, तौंक, रुपियक अङ्ठी।
**गहना (कम्मरमा) :-** कर्धन, लरीदार फुलरा।
**गहना (खुट्टामा) :-** काडा, छडा, छैकल, पायल, घुघरु, पोरिया, मेहावर।
**अन्य सिंगार :-** आँखामा गाजल, सुरमा, अजना, ओठमा लाली, शिरमा तेल, अत्तर, सिंदुर, पाउमा मेहावर, हात( खुट्टा-छाती-चिउँडोमा गोदना, हातको हत्केलामा मेहन्दी।

**थारु पुरुषले लगाउने पारंपरिक वस्त्र तथा गरगहनाहरू :-**
**वस्त्र :-** शिरमा - टोपी, फेटा, पगिया। आङमा - बँहकट्टी, अधबाँही, झुलिया, कमीच, गँतिया, चादर। काँधमा - अङोछा, कम्मरमा-लँगाटी, भेगई, कछाड, जोडाजामा, धोती, करधुन।
**गहना :-** कानमा - ढोलना, बिचकानी, कुण्डिल, कनौसी, फूलको थुंगा।
**घाँटीमा -** सिकडीमाला, असरफीमाला, कपरसैंठिकमाला, कलगेट्टकमाला।
**पाखुरामा -** टाँडर, ताबीज, अनन्ता। **नाडीमा** - कङना। **औंलामा** - औंठी।
**अन्य :-** पाइतालामा - काठका पौवा, खडाउँ।
**धान काट्दा -** नाडीमा काठका बौंखा लगाउने गरिन्छ। बर्सातमा पानी पर्दा- बाँस भोर्लापातबाट बुनेको छतरी र पिठ्युपट्टि भोर्लापात सिउरेर बुनेको पिस्तुर लगाउने चलन पनि छ।

**बच्चाहरूको पोसाक तथा गरगहनाहरू :- कपडा :-** फेलकुट, गँतिया, चिरकुट, करधुन, लङोटी, भेगई, कट्टु, जामा, टोपी, झुलिया, पुल्टुङ।
**गहना :-** बाला, कङना, तबीज, चनरमा, लोहेक कोलह, टूली, गुरिया, घुङ्हरू, सुवरके दाँत(मजोरेक सैंकसैंकिया( अगियारीखन्हेक माला।

### *१२.५.१४.४ संस्कार*

थारु जातिको जन्म, मुण्डन, विवाह र मृत्यु पश्चात हुने काजक्रिया अन्य समुदायकोभन्दा केही भिन्न प्रकारको देखिन्छ। तेज नारायण पञ्जियार र रमानन्द सिंह थारु अनुसार - थारुहरू पहिले बौद्ध धर्मावलम्बी थिए। कालान्तरमा बौद्धहरूलाई हिन्दुकरण गर्नलाग्दा केही जो व्यक्तिहरू भागेर काठमाण्डौ उपत्यकामा गए र पछि शाक्य भए तर यहीँ बस्न बाध्य भएका अन्य थारहरू हिन्दुकरण गरिए। त्यसकारण थारुहरू हिन्दु भएपनि होम जाप नगरी अधिकांश बौद्ध संस्कारलाई मान्दै आइरहेका छन्। तर पछिल्लो समय यता थारु जाति अति सोझा र इमान्दार भएकै कारणले गर्दा अन्य चलाख समुदायको सजिलै दास बनिरहेका थुप्रै उदाहरणहरू देख्न पाइन्छ। साथै आमोद प्रमोद वा चाडपर्व, परंपरा वा रहन-सहन आधुनिक शैलीको सम्बन्धमा आफ्नो परंपरागत रियासतलाई बेवास्ता गर्दै नयाँ पुस्ताले अन्य समुदायको रीति परंपरालाई अँगाल्दै गएको दखिन्छ, थारु जातिको वास्तविक पहिचानको लागि घातक सिद्ध हुनुमा कुनै दुई मत नहोला। तैपनि संस्कारका केही मौलिक नियम विधानहरू यथावत छन् जुन अति संक्षिप्तरूपमा प्रस्तुत छन्-

**जन्म**

**सौरी सजाई** :- सुत्केरी कोठमा अस्थायी रूपमा पराल आदि डच्छाइ, आगो ताप्ने व्यवस्था सहितको कसैसंग छोइछिटो नहुने गरी परंपरागत तरीकाले सुत्केरीलाई छुट्टै बस्ने व्यवस्था गरिएको हुन्छ, जहाँ सुडिनी बाहेक अन्य

सदस्यहरू नजाने चाँजो मिलाइएको हुन्छ। सुत्केरीलाई सोँठी, चिनी, नुन, ज्वानो आदि मिसाई पकाइएको झोल पदार्थ पिउन दिइन्छ। सुत्केरीले सौरी नहटाउञ्जेल हातमा हँसिया जस्ता कुनै हतियार समाइरहनु पर्छ। जस्को अर्थ हुन्छ भूतपिसाच र जनावरबाट सुरक्षित हुनु। यस क्रियाकलापले झण्डै जंगली युगको झझल्को दिलाउँछ।

**धुर्रा बन्हाई :-** बच्चालाई कुनै रोगदोख भविष्य समेतमा पनि नलागोस् भन्नका लागि गुरवाले तन्त्र-मन्त्रद्वारा कपडाको टालोमा केही मन्छाइएका वस्तुहरू बाँधी सुत्केरी आमालाई सुरक्षितसाथ राख्नेगरी दिइन्छ।

**लैका भत्ताई :-** बच्चा जन्मेकै दिनको भोलीपल्ट गाउँटोलका आइमाइहरू सुत्केरीकहाँ जम्मा भई तेल दिने, मासु भातको भोज खाने, सोँठौरा घर(घर बाँड्ने, जस्तो रमाइलो मनाइन्छ। यो भोज नव आगन्तुक सन्तालाई औपचारिक रूपमा घर-परिवार तथा गाउँटोलमा समेत सामाजिक रूपमा समावेस गरिएको भनी मान्यता छ।

**सोरहिनियक नेवता :-** यसै लैका भत्ताइको औसरमा सुडिनीलाई छुट्टै प्रकारले निम्तो गरिएको हुन्छ, जस्तै- लत्ता कपडा दक्षिणा धान पूसा दिने, कुखुराको सिंगो फिलाको तिहुन आनदिने आदि।

**सौरी सैँताई :-** खुशियालीमा सुत्केरी कोठा लिपपोत गरिदिए बापत बच्चाका फुपु आदिलाई दक्षिणा वा उपहार दिने चलन पनि छ, यसलाई सौरी सैँताई भनिन्छ।

**छी वा घटवा टिकना :-** बच्चा जन्मेको ६ दिनका दिन छी हुन्छ। बच्चाको नाइटो खसिसकेको भए, त्यसै दिन सुत्केरीलाई परालबाट सारी खाटमा राख्ने र सौरीका सबै सामग्रीहरू हटाउने काम हुन्छ। सुत्केरीलाई नुहाइधुवाइ गरी खाटमा राख्नु अघि सिन्दुर आदिले इनार धारा आदि पानी घाटमा गई टिका लगाइआउने चलन छ, जसले गर्दा आइन्दा सुत्केरी मान्छेले धाराबाट पानी भरेर लयाउनसक्छन्। त्यसभन्दा अघिसम्म सुत्केरीले कसैसंग छोइछिटो कार्य गर्न मिल्दैन। केवल सुडिनीले मात्र छुन पाउँछन् तैपनि सुनपानी छर्किनु पर्छ। यस दिन पुनः मासु भातको भोज हुन्छ। कतिपयले यसैदिन बच्चाको नाक कान छेडाउने काम पनि गर्छन्।

**बरही :-** बच्चा जन्मेको बाह्रौं दिनका दिनलाई बरही भनिन्छ। यस दिन पनि मासु र भातको भोज हुन्छ। यसैदिनको मध्यरातमा ब्रह्माले बच्चाको ललाटमा भाग्यरेखा कोर्न आउँछन् भन्ने मान्यता अनुसार कतिपय सुत्केरी आमाहरू ब्रह्मदर्शनकोलागि रातभरी नै नसुती जाग्राम बस्ने पनि गर्दछन्।

**मुडन :-** बच्चा पाँच वर्षको भएपछि अधिकांश थारुहरू लुम्बिनीमा गई जन्मँदै देखिको कपालको रौँ नाउँलाई विधिवत दक्षिणा दिई खौर्न लगाउँछन्, यसलाई मुडन भनिन्छ।

**भोज विवाह :-** केही दशक अघीसम्म थारु समुदायमा विवाह होइन भोज हुन्थ्यो। भोजमा पण्डिको कुनै आवश्यक थिएन। आफ्नै रीति परंपरा अनुसार च्याटचुट विवाह सकिन्थ्यो गरिबगुरुवाको लागि पनि सहज थियो। तर कालान्तरमा पण्डितको निर्देशनमा हिन्दु परंपरा अनुसार हुनथालेपछि थारुको विवाहमा ठूलो खर्चको मार परेको देखिन्छ। झन ठूलाबडाहरूले विवाहलाई हप्तौंको कार्यक्रम राखेर रमाइलो मनाउन थाले, र पछि सर्वत्र यही रीति नै कायम भयो। पछि हिन्दु परंपरा अनुसार विवाह गरे तापनि थारु जातिले अनेक थप मान्यताको संस्कार अपनाउँदै आइरहेका छन्। जो अन्य समुदायभन्दा एकदम पृथक छ। यो छोटो लेखमा विवाहको पूरा विवरण संभव नभएको हुँदा संक्षिप्त केही वुँदाहरू मात्र प्रस्तुत छन-

➡ चुल्हा-बोरसी पथाइ। ➡ नेवता बँटाइ। ➡ मेदी पटाई। ➡ मडवान। ➡ भत्तवान। ➡ सगरा खनाइ। ➡ बरात। ➡ लगन लिखाइ। ➡ बरात पैंठाइ। ➡ कलशा देखाइ। ➡ वियाह सेनुरदान। ➡ राक्ष घुमाइ। ➡ कोहबर। ➡ नेगजोग। ➡ बरात विदा। ➡ गुरवाको भूमिका। ➡ बधाय। ➡ मौर छोडाइ। ➡ अवनगवन। ➡ चौथिहार तथा नेवता। ➡ सुवरिहा भनसहरके नेवता। दुवरलङ्ही बैसाखी नेनहर। ➡ माघी नेनहर।

उपरोक्त बुँदाहरू विवाहभन्दा एकहप्ता अघिदेखि सुरु भई एकवर्षको बीचमा सम्पन्न हुन्छन् र त्यसपछि नै बेहुली बेहुलासँग निरन्तर बस्न पाउने प्रावधान छ। स्मरण रहोस् यो विवाह प्रथा नाबालिक अवस्थाको व्यवस्था हो अहिले त्यो अवस्था छैन र विवाहका संपूर्ण कार्यक्रम वर्षदिन नलगाई एकदुई दिनभित्रै सम्पन्न गरिन्छन्। तसर्थ विवाहमा पनि निक्कै परिवर्तन आइसकेको छ।

**अन्य समुदायका विवाहभन्दा फरक देखाउने केही पारम्परिक सामग्रीहरू**

➡ केटापक्षको विवाहको निम्तो- सिंगो वा टेक्रा सुपारी। ➡ केटीपक्षको विवाहको निम्तो- बेसारको टुक्रा। ➡ सालको रूखलाई निम्तो दिएर रक्सी तुर्काएर मात्र काठ दाउरा पात वा माडोका लागि लाप्राहरू काट्ने। ➡ धरतीलाई विधिपूर्वक पूजाआजा गरेर मात्र माटो खनेर विभिन्न सामग्रीहरू बनाउने। ➡ दुलहा र दुलहीलाई नुहाइदिनका लागि सालकै चिरुवा दाउरा र जोठा चाहिने सगरामाथि बिछ्याउनु पर्ने। ➡ एउटा सालकै सानो खाँबो मेदीको एक छेउमा जेठ महीना सम्म ठड्याउनु पर्ने। ➡ पहेँलो रङ्ग हुने कर्मा काठको लाामो पिर्का चाहिने। ➡ कुश्मीको पहेँलो फूलको रङ्गले बुहुला र बेहुलीका लुगाको छुउ रङ्गाउने। ➡ गनियारीको काठ जसको गाँठको आँख्लाबाट घर्षण गरेर निकालेको आगो विवाह कार्यमा काम लगाइन्छ। ➡ एउटा मानव-स्वरूप मूर्ति जो मेदीको एउटा कुनामा उभ्याइन्छ। ➡ बाँसको चोयाबाट बुनिएको कोप्रो जस्तो डेलपुतरी। ➡ जनवाँसमा ससुराले नयाँ हुनेवाला ज्वाइँलाई दही, केरा, फलफुल, मिठाईको लाप्कौर पाँच गाँस आफ्नै हातले खुवाउनु पर्छ। ➡ सिन्दुर राख्ने सिङ्होरा, मौर, कटार, साङ र धागपाट। ➡ ओखल, पहरूवा, सेई, मदानी, सिलौटा, लोहरो, पानस, दीयो, कलश, आँपको पल्लव। ➡ साइतको लागि दही, माछा, खाजा, भेली, चुटपुटगुडहा, रक्सी र पान सुपारी। ➡ दुलहाको पोसाक जोडाजामा र पगिया र जुत्ता। ➡ सातफेरा राक्ष घुम्दा देलहीका भाइले भुजा छर्ने, बाटोमा तिर्खा लाग्छ कि भनेर लोटामा पानी बोकेर बेहुलीसंग जाने। ➡ विवाहकार्य सक्किनासाथ बेहुला गजुवालाई कोहबर यानी ससुरालीको भित्री देवीदेउता राख्ने स्थानमा बस्ने व्यवस्था मिलाइएको हुन्छ, बेहुलाले त्यहाँ कुनामा फलामको लामो भाला साङ गाड्नु यानी ठड्याउनु पर्छ र त्यहीँ खाना खुवाउने व्यवस्था पनि गरिएको हुन्छ। बेहुलाले उक्त अवसरमा विभिन्न माग राखी केही बेरसम्म अनसन बस्ने प्रचलन पनि छ र बेहुलालाई आफुले सकेको चीजवस्तु उपहार दिई अनसन तोडाउने र खाना खुलाउने गरिन्छ। चौथिहार आउँदा बेहुलाले हातमा कलशा बोकेर ज्युनार गर्नुकोलागि आज्ञा माग्ने। ➡ विवाहमा गुरवा अनिवार्य बोलाउनै पर्ने। ➡ चौथिहारको दिनै अवनगवन गर्ने। ➡ केटी वा केटा दुबै निम्तोमा भोज खाए बापत दाम दिनुपर्ने। ➡ दुवरलङ्ही वा बैसाखी नेनहरमा बेहुलीले पहेँलो लिवास लगाउने। ➡ माघी नेनहरमा बेहुला पक्षबाट कलात्मक मचिया र गुन्द्रीहरू उपहार पठाउने र बेहुली तर्फबाट ढकिया, डेलवा र हातेपंखाहरू उपहारहरू पठाउने आदि।

**मरनी (मृत्यु संस्कार)**

केही दशक अघिसम्म थारु जातिले मृतशवलाई जलाउने होइन जमीनमुनि गाड्ने चलन थियो। लासलाई सेतो कोरा कपडाले ढाकेर उत्तानो खटियामाथि राखी छातीमाथि दीयो बाली मसानघाटतर्फ लग्थे। लासलाई सकेसम्म आफूले रोपेको आँपको बुटामुनि गाडिन्थ्यो। त्यसैले प्रत्येक जनाले एउटा न एउटा आापको

बिरुवा रोप्न अनिवार्य थियो। तर अहिले त्यो अवस्था छैन अरु समुदायको देखासिकी गर्दै लासलाई नदीको बगरमा दाह संस्कार भइरहेको अवस्था छ। पहिले बाऱ्ह तेऱ्ह दिन भित्रै काजक्रिया गरी सिध्याउने प्रचलन पनि थिएन। वर्षौं पछि गरे पनि हुन्थ्यो। तर अहिले तत्कालै गर्ने गर्दछन्। तापनि केही पृथक संस्कार भने यथावत नै देखिन्छन्-

- दसौँ दिनको कपाल खुर्काउने छौराही भन्दा पहिल कसैले पनि रौँ फाल्नु नपर्ने।
- एक घरमा एकजना मात्र किरिया बसे पुग्ने।
- विवाहको निम्तो झैँ घर(घरमा मौखिक कहावत भन्न पठाउने।
- सेजिया दान संगै ढकियामा चामल, दाल, कपडा आदि संकल्प गराउने।
- काजक्रिया सकिए पछि एकछाके वा दुईछाके आदि श्राद्ध नगर्नु पर्ने।
- विधवा वा परिवारलाई सेतो कपडा लगाउन अनिवार्य नहुने।
- काजकक्रियाको बेला मृतककी विधवालाई आफन्तले लगाउने लत्ताकपडा रडसारी दिन सकिने।
- काज-किरिया खान जाँदा अनिवार्य केही चामलको नीकड दिनु पर्ने।
- विधवालाई केही आर्थिक सहयोग पनि दिन सकिने।
- सेज्जा दान दिँदा दानमा आएका सामग्रीमध्ये केही अंश निजका भान्जाभान्जीलाई पनि दिन मिल्ने आदि।

### १२.५.१५ थारुहरूको चाडपर्व

थारु चाडपर्वमा संस्कारगत, धार्मिक तथा सामाजिक महत्त्वका थुप्रै क्रियाकलापहरू मुखरित भएका पाइन्छन्। चाडपर्वले व्यक्ति-व्यक्तिलाई एकाकीपनबाट माथि उठाई समाजको परिधिभित्र समाहित हुन उत्प्रेरणा जगाई जीवनलाई थप खुशी र सहज बनाउने अवसर प्रदान गर्दछ। यिनको अभावमा मानिसको दैनिक जीवन तनावपूर्ण हुनुका साथै जातिगत पहिचान समेत सङ्कटमा फँस्दछन्। त्यसैले बँचेखुचेका चाडपर्वहरूलाई पनि बेलैमा सचेत भई संस्करण र संवर्द्धन गर्नसके लोप हुनबाट बचाउन सकिन्छ। यहाँ प्रमुख चाडपर्वहरूको छोटो चर्चा प्रस्तुत छ।

**गुडिया (नागपञ्चमी) :-** यो पर्व साउन महीनाको नागपञ्चमीकै दिन पर्दछ। थारु समुदायमा यस अवसरलाई बासुदेव नागको पूजाआजाको रूपमा नभई छुट्टै मान्यताको रूपमा हेर्ने गरिन्छ। फागु पर्व समाप्ति पछिको यो पहिलो चाड भएको नाताले यसलाई सबभन्दा जेठी चाडपर्वको रूपमा लिने गरिन्छ। यसमा कन्या केटीहरूले कपडाका सासाना गुडिया बनाई फूल र बत्ती सहितको सासाना डोलीमा सजाई साँझपख नदी वा पोखरीमा सामूहिक रूपमा नाच-बाजा-गाजा सहित गई सेलाउने केटाहरूद्वारा लीले पिट्ने अनि चनामटरको घुघुरी परिकार प्रसाद खाई घर फर्किने प्रचलन छ।

यसको गुह्य कुरा बुझ्दा गाउँघरभित्रका सबै रोग व्याधि भूत पिशाच बोक्सी जस्ता अनिष्टकारी दुर्गुणहरू समाप्त भएर जान्छन् भन्ने जनविश्वास रहिआएको छ।

**अष्टिमकी (श्रीकृष्णजन्माष्टमी) :-** यो पर्व भदौ महीनामा श्रीकृष्ण जन्माष्टमीकै दिन पर्दछ। यसदिन व्रतालु नरनारीहरू फलाहार गर्दछन् र श्रीकष्ण संबन्धी भक्तिभजन गर्दछन्। यस पर्वको खास खासियत के भने व्रतालु महिलाहरूले डेहरीको चाक्लो पाटोमा अथवा भित्ताको सफा भुइँमा विचित्र-विचित्रका रङ्ग-ढङ्गका कृष्णलीला संबन्धी कलाकृति कोर्ने गर्दछन्। यसै कलाकृलिाई नै अष्टिमकी भनिने गरिन्छ। पश्चिममा कतिपय गाउँमा यसको प्रतियोगिता समेत हुने र्छन्। यो अष्टिमकी चित्रको फ्लेसचित्र पनि बजारमा राम्रो दाममा बिक्न सक्छन्।

**बडका अत्तवार (अटवारी) :-** यो पर्व भदौं कुशे औँसीको अठदिन पछिको आइतबारको दिन मनाइने गरिन्छ।

सुरु-सुरुमा सूर्यदेवताको व्रतबाट सुरु भई कालान्तरमा यो पर्वले चाडको रूप लिएको जस्तो देखिन्छ । यसमा व्रतालुहरू दिनभरी उपवास बसी करीब अपरान्ह ४/५ बजे तिर घिउमा पकाएको रोटी र चिनीको भोग लगाउँछन् । यसमा चेलीबेटीहरूलाई बोलाएर ल्याइने नयाँ विवाहित ज्वाइँ छन् भने तिनीलाई पनि बोलाएर ल्याइने र जाँदा लत्ताकपडा जडौरी उपहार दिने चलन पनि छ । पश्चिम तर्फ चेलीबेटीलाई निस्राउ खर्च वा अटवारी सामग्री पुऱ्याउने प्रचलन पनि छ। यस पर्वमा आजभोली व्रत बस्नेहरूको सङ्ख्या अति न्यून हुँदैगइरहेको छ तर रोटी र चिनी खानेको सङ्ख्यामा कुनै कमी आएको छैन अर्थात आजभोलीका थारुहरूले यसपवृलाई रोटी-चिनी खाने चाडको रूपमा मात्र लिइरहेका छन् । अत्तवारको भोलीपल्ट व्रतालुले बिहान स्नान गरी सूर्यदेवतालाई जल अर्पण गरी आगोमा धूपदीप गरी अन्न ग्रहण गरिन्छ । अन्न ग्रहणलाई पारन भन्ने चलन छ अक्सर पारनमा माछा र भात नै जुराएको देखिन्छ।

**दसैं (विजयादशमी) :-** पितृऔंसीको दशदिनपछि पर्ने भएकोले थारुहरूले यसलाई दसैं भनेका हुन् । यसमा हिन्दु धर्मग्रन्थमा वर्णित महिषासुर र दुर्गा अनि रामचन्द्रद्वारा लंकाका राजा रावणमाथि विजय आदि(इत्यादि जस्ता कुनै कुराको कतैपनि संदर्भ नरहेको यो दसैं निकै पृथक ढंगले मनाएको देखिन्छ। वास्तवमा भन्ने हो भने थारुको दसैं नौदिनमै सकिन्छ। यसको आफ्नै मूल्य र मान्यता छ। पहाडी समाजमा दीपावली अर्थात तिहारलाई अनेक अवसर निर्माण गरी मनाएजस्तै थारुजातिमा यसै दसैंका विभिन्न तिथिहरूलाई कामको आधारमा विभिन्न नाम दिएको पाइन्छ। मूख्यतया भन्ने हो भने यस पर्वमा टिकाको महत्त्वभन्दा सामान्य पितृ, देवीदेवताका पूजाआजा, खानपिन तथा नचगानमा बढी जोड दिइएको देखिन्छ। यसमा आफ्ना चेलीबेटी घरै बोलाएर ल्याइने चलन पनि छ। कुखुरा र रक्सी बोकी माइतमा टिका लगाउने चलन देखासिकीको प्रतिफल हो मौलिक होइन । हेरौं दसैंको चहलपहल कसरी सुरु हुन्छ ?

**जैंवराही :-** द्वित्तियाको जोन्हुवा अर्थात चन्द्रमा देखेपछि साँझपख जमरा राखिन्छ यसर्थ आजको दिनलाई जैंवराही भनिन्छ। देवीदेवताका पाटा लिपपोत गरी बत्ती जलाउने र त्यहीँ छेउमा जमराको बोर्सी राखिन्छ। जमरा मकै वा जौका गेडा छरेर उमारिन्छ।

**झोलझराइ :-** पञ्चमीको दिन महिलाहरूले घर-गोठका छानाभित्ता वा कुना काप्चामा रहेका माकुराका जाला कुचाले झारझुर पारी बढार्ने काम हुन्छ।

**घरलिपाइ :-** षष्टीको दिन घरका भित्ता-भुइँ लगायत सबै ठाउँ लिपपोत गरेर चिल्लो बनाउने काम हुन्छ।

**मछरमराइ :-** सप्तमीका दिन दसैं खर्चको लागि माछा जुटाउने उद्देश्यले खोला नाला घोला पोखरीमा हूल बाँधेर माछा मार्ने काम हुन्छ। कतिपयले माछाको सुकुटी बनाएर राख्ने गर्छन्।

**ढिकराही :-** अष्टमीको साँझपख पितृदेवतालाई जमरा, अच्छेता, ढिक्री, माछाको परिकार, पोइतेको साग र रक्सीटकार्नु पर्छ। त्यहीँ छेउमा कुभिण्डाको भैँडो बनाइ उभ्याइन्छ। त्यसलाई बली दिनको लागि लामो तरवार धोइपखाली सामुन्ने राखिन्छ। टकार्ने व्यक्ति दिनभरी उपासै बस्नुपर्ने नियम छ, पितृलाई टकारिसकेपछि प्रसादको रूपमा सुरु हुन्छ खानपिन। त्यस राती अबेलासम्म घर(घरबाट आफन्ती बोलाउँदै ढिक्री, माछा र रक्सी खुवाउँदै र झुडाको नाच नाच्दानाच्दै ठिक्क हुन्छ।

**बलचढाइ :-** नवमीको एकाबिहानै कुखुरा बास्ने बेलामै कुभिण्डाको भेडालाई तरवारले एकै चोटमा छिनल्ने गरी काटिन्छ र रक्सी समेत तुर्काइन्छ। त्यसपछि गोठमा कुखुराको भाले काटिन्छ। नुहाइधुवाइ गरी नयाँ खरको नयाँ कुचो देउताको पाटा छेउमा राखिन्छ।

**डिउहार पूजा :-** नवमीकोदिन डिउहारमा गुरवाद्वारा सबै देवीदेवताहरूको नाममा जमरा अच्छेता र रक्सी टकारिन्छ। अनि सबैलाई गुरवाले नै सेतो चमलको टिका र कानमा जमरा सिउरिदिने चलन छ। झुमडा नाच्ने। यस अवसरमा हर्षबढाइ भनेर बन्दुक पनि पड्काउने प्रचलन थियो। थारुको दसैँको टिका यसैदिन समाप्त हुन्छ।

**पित्तर सेरुवैना ओ भैंडवापरके दारु :-** नवमीको अपरान्ह करिब पाँच बजेतिर घर-घरबाट पाका उमेरका महिलाहरू देउताका सबै पूजा सामग्रीहरू र काटिएको भैंडाको टुक्रा ढक्कीमा राखी साथै केही रक्सी चटनी पनि साथै लिई गाजाबाजा सहित जलासयतर्फ सेलाउनको लागि जान्छन्। झुमडाको नाच खरो रूपमा देखाइन्छ, जसको सट्टामा भैंडवा परके दारु प्रसाद खान पाइन्छ। सामग्री पानीमा बगाइन्छ। नुहाइधुवाइ गरी फर्किन्छ। नवमीमै दसैँ सकिन्छ।

नवमीमै दसैँ कसरी हुनगयो भन्ने संदर्भमा मानकडीका वयोवृद्ध पूर्व प्रधानपंच रामनारायण थारुले यसरी किम्वदन्ती सुनाएका थिए-राणा प्रधानमन्त्री जंगबहादुर भारतीय अंग्रेज कम्पनीसँग पश्चिमका चार जिल्ला बाँके, बर्दिया, कैलाली, कञ्चनपुर प्राप्त भएपछि जग्गाको अवलोकन र अधिग्रहण गर्न भनेर लावालस्कर सहित आए। त्यहाँ कुन ठाउँमा हो थाहा भएन एकजना दङ्गाली थारु रजौटाको हालीमुहाली थियो। जंग बहादुरले उनलाई आफ्नो मिसनको बारेमा लिखित कागजात समेत देखाएपछि ती रजौटा बिलखबन्दमा परे तर सबै थोक दिन उनी बाध्य थिए। अन्तिममा उनी जंगबहादुरसँग एउटा विन्ती चढाए। यदि हजुरले मेरो राजाको हैसियत हरण गर्नुहुन्छ भने मेरो संज्ञान छोरीको वैवाहिक हालत के हुन्छ? मैलेकसरी र कोसँगछोरीको विवाह गर्न सक्छु? बरु हजुरले नै रानी बनाएर लैजानुस् भनेछन्। जंगबहादुरले नाइँ भन्न सकेनन् र सकारे। तर तपाइँ त यत्रो हिम्मत गर्ने मान्छे हुँदोरहेछ, माग्नुस् तपाईलाई के बक्सिस दिउँ? भन्ने प्रश्नको उत्तरमा नयाँ ससुरा-रजौटाले 'तपाईभन्दा एकदिन अगाडि नै मेरो टिका हुनु पर्छ' भन्ने वाचा कबुल गराएको र उनलाई सपरिवार काठमाण्डौमै बसोबासको व्यवस्था पनि मिलाइएको भन्ने भनाइ छ।

तर अहिलेका नयाँ पुस्ताले अरुको नक्कल गर्दै दसैंमै टिका लगाउन थालेका छन्। लगाए पनि यसमा आफ्नो मौलिकता छैन। हरिनको शिरमा सिङदेखेर आफ्नो टाउकोमा भैंक्रो ठड्याए जस्तै भएको छ।

**अमौसा (तिहार) :-** यो पर्व कार्तिक महिनाको अमावश्या तिथिमा पर्ने हुँदा यसको नामै अमौसा राखिएको हो। यसमा घरआँगन दसैँमाभन्दा चहकिलो देखाउने प्रयास हुन्छ। पहिलोदिन बिहानै देखि लक्ष्मीको स्वागतको लागि घर-द्वार सजाउने साँझपख झिलीमिली बत्ती बाल्ने काम हुन्छ। घरायसी औजारहरू वा महत्त्वपूर्ण चीजबीज सामु दियो बालिन्छ जसबाट लक्ष्मी खुशी भई बास गर्लिन् भन्ने जनविश्वास रहेको छ। तन्त्रमंत्र वा गुनविद्यावालाले पनि यस रात पुनः अभ्यास दोहोऱ्याउने गर्छन्। दोस्रोदिन बिहानै गोरुको शरीरमा फूलबुट्टाको छाप लगाएर मीठो खाना दिइन्छ। साँझ पुनः बत्ती बाल्ने काम हुन्छ। दीपावली भरि झुमडा नाच र ढिकरी मासुको व्यवस्था हुन्छ। स्मरण रहोस् थारु जातिमा भाइटिकाको पहिले कुनै प्रावधान थिएन तर अहिले नयाँ पुस्ताले अरुको देखासिकी गर्दै टिका लगाउन थालेकाछन्।

**चौथीचन्ना :-** भाद्र शुकलपक्षको चौथी तिथिको चन्द्रमालाई चौथीचन्ना भनिन्छ। यसदिन साँझपख देखिने चन्द्रमाको दर्शन भएमा वर्षभरीको लागि अनिष्ट मानिने हुँदा कसैले पनि यसलाई हेर्न हुँदैन। कथंकदाचित

देखिइन गएको खण्डमा मासका गेडा भुम्रोमा भुटेर खान दिइन्छ र खनेसंग सोधिन्छ- 'के खाएको ?' अनि उसले भन्नुपर्छ- 'चौथी चन्नानको हाड-खोड' अनि लागेको दोष काटिन्छ भन्ने जनविश्वास छ।

**अकादसी (एकादशी) :-** यो मंसिर महीनामा पर्दछ। यसमा पनि फलाहार व्रत बस्ने नियम हो तर थारु समुदायमा व्रतालुहरूको सङ्ख्या दिनानुदिन ओरालो लाग्दै गएको अवस्था छ। व्रत बसेपनि नबसेपनि यसदिन थारुहरूको घर-घरमा फलाहार सिंगाडा, पेडालु, सखरखण्ड, तरुल, खन्ती भेली आदिको व्यवस्था अविार्य हुन्छ। यानी कि थारु जातिले यसलाई पनि बडका अत्तवार जस्तै व्रत नभनेर चाडपर्वकै रूपमा मनाइएको देखिन्छ, त्यसैले होला यसलाई कतिपयले बण्डहवा तिउहार पनि भन्ने गर्दछन् । स्मरण रहोस् व्रत बस्दा व्रतालुहरू कुनै न कुनै मनोकामना पूर्ण होस् वा गति-मुक्ति होस् भन्ने उद्देश्यले व्रत लिने गर्दछन्।

**रखौनी (रक्षाबन्धन) :-** यसलाई थारु समुदायले कुनै पर्वको रूपमा नभएर एउटा हिन्दु धर्म अर्न्गतको एउटा सामान्य घटनाको रूपमा मात्र लिने गरेको पाइन्छ। यससदिन ब्राह्मण आएर रक्षाबन्धनको डोरा बाँध्छन् र तिनीलाई सिदा दिनुपर्छ यसबाट वर्षदिनलाई कल्याण हुनेछ भन्ने कुरामा मात्र यो पर्व सकिन्छ। वास्तवमा भन्ने हो भने यसदिन कुनै चहलपहल वा खानपिनको विशेष व्यवस्था हुँदैन। तर अहिले नयाँ पुस्तामा नयाँ नौटंकीको लहर चलेको देखिन्छ। भारतीय फिल्मको गीत- 'रखिय बधाइले भैया सावन आई, जिया तुँ लाख बरीस हो...' को हङ्गामा र बजारभरी रक्षाबन्धनका राखी धागा देखेपछि दिदी बहिनीहरूमा ठूलो कौतुहलता चलेको देखिन्छ। माइत पनि जान पाइने दाजु भाइसंग पनि सौहार्द्रता गाँस्न पाइने अवसरको रूपमा विकसित भएको देखिन्छ। यो थारुको मौलिक चाड नभएर नौलो संस्कार भित्रिएको मात्र हो।

**खिचडी (माघे सङ्क्रान्ति) :-** पश्चिम तराईमा माघी पर्वले प्रचलित रुपनदेहीमा यसलाई खिचडी भन्ने चलन छ। व्यवहारिक रूपमा परंपरादेखि मान्दै आए पनि देशमा बहुदलीय व्यवस्था आए पछि मात्र थारु समाजले औपचारिक रूपमै लवावर्ष अर्थात नयाँवर्षको रूपमा चाडको साथसाथै विविध कार्यक्रम राखी मनाउने गरेको पाइन्छ। यस पर्वमा चेलीबेटी बोलाउन अनिवार्य जस्तै छ। मूख्य आकर्षण सङ्क्रान्तिको एकाबिहानै नुहाउनु र नुहाउनासाथ चामल दाल आदि सुपोमा राखी विधिपूर्वक छोएर दान गर्ने चलन छ। छोइएको चामल वा सिदा चेलीबेटी वा ब्राह्मणलाई दिने चलन छ। चामलमा मासको दाल र बेसार हाली पकाइन्छ जसलाई खिचडी भनिन्छ। 'पहेँलो भात खाइल, थारु बौराइल' भन्ने उखानै छ। यसदिन देखि थारु कमैयाहरू केहीदिन सम्मको लागि नयाँ जमिन्दारको खोजीमा पाउँथे र वर्षदिनको लागि काममा लाग्थे। खिचडी(पहेँलो भात) का साथै थारु जातिमा सुँगुर वा हाँस कुखुराका साथै माछाको समेत परिकार बनाइने चलन छ। ढिक्री पनि पाक्छ। भुमडाको नाच र अन्य प्रतियोगितात्मक कार्यक्रम पनि आजभोलिआयोजना गर्ने गरिन्छ। पहिला यसलाई आर्थिक वर्षको रूपमा मान्ने चलन थियो। तर आजभोलि नयाँवर्षको रूपमा समेत मान्ने गर्दछन्। खिचडीमा मासको दाल मिसाउनुको कारण- आजदेखि घनाघोर जाडोबाट त्राण पाई निद वा सूर्यदेवता एक-एक मासको गेडा बराबर बढ्दै जाऊन् भन्ने अर्थमा लिइन्छ।

**फगुवा (फगु वा होली) :-** यो थारु जातिको सबभन्दा अन्तिम चाडपर्व हो। पारम्परिक रूपमा यसपछि कुनै पनि चाडपर्व नपर्ने भएको हुँदा यसलाई लहुरी अर्थात कान्छी चाड भन्ने गरिन्छ। रङ्ग र अबीर छेपाछेप गर्दा सामान्य हातपात र हाँसोठट्टा सम्मका प्रयोग हुने हुँदा यसलाई फोहोरी चाड पनि भन्ने प्रचलन छ। 'कुलसे लहुरी, कुलसे फुहरी' सबैभन्दा फुच्ची, सबैभन्दा लुच्ची र 'जुन दिन नाग, उही दिन फाग' अर्थात जे बार नागपञ्चमी पर्छ, त्यसवर्षको फागु पनि उसै बारमा पर्छ भन्ने उखान प्रवृति रहेको छ। थारु जातिको पर्वहरू मध्ये पहिलो नाग

पञ्चमी चाड र फाग (फागु) अन्तिम चाड हुन्छ। फागु चाडको सुरुवात र अन्त्यका सम्बन्धमा केही कुरा देहाय बमोजिम छन् -

**सम्मत धराइ :-** फाल्गुन महिनाको शुक्ल द्वितीयाको चन्द्रमा देख्ने बित्तिकै सम्मत गाड्ने चलन छ। यसको लागि एकजना कुमार केटाले एउटा रेँड अथार्थ अरण्डीको बिरुवा रोपी (पहाडतिर म्यालको रुख रोपी) त्यसैमाथि खर परालको अग्लो थुप्रो लगाइन्छ। यो थुपार्ने काम साँझ(साँझपख लगातार पन्द्रदिनसम्म गरिन्छ। सम्मतको स्थानमा अन्य समुदायमा चीर ठडयाउने चलन हुन्छ।

**सम्मत फुँकाइ :-** उसै पूर्णिमाको दिन साँझपख सबै घरका केटाकेटीहरू जम्मा भएर प्रत्येक घर(घरबाट पाँच( पाँच ओटा गोबरको गुइँठा जम्मा गरेर त्यही सम्मतमा घुसाउने काम हुन्छ। गुइँठा सङ्कलन गर्न जाँदा 'पाँच रे पँचगोइँठी दे, आज खदेरुवा खेदले बा...।' भनेर यो गीत भट्याइन्छ। अनि प्रत्येक घरबाट पँ-पाँच ओटा गुइँठा, केही चामल, तिल र एक डल्ला भेली दिने गर्दछन्। केटाकेटीहरू त्यस सम्मतलाई पाँच पटक परिक्रमा गरेर जलाइने साइत अनुसार सम्मतमा आगो झोस्छन्, त्यही उज्यालोमा फागुको गीत गाउँदै नाच्दै उठाएको चामल, तिल र भेली मुछेर तिलचौरीको प्रसाद बाँडिचुँडी खाने गर्छन्। तर, यसै वर्ष नयाँ विवाह भएकाहरूले सम्मत जलेको दृश्य देखेमा दोष हुने जनधारणा रहिआएको छ। तसर्थ नवदम्पतिहरू त्यसबखत घरभित्र लुकेर बस्ने चलन छ।

**फगुवा खेलाइ :-** सम्मत जलेको भोलिपल्ट सम्मतको खरानी रङ्ग र अबीर मिसाई सर्वप्रथम सबै देवीदेवतालाई अर्पण गरी त्यसपछि मात्र अन्य व्यक्तिहरूलाई अबीर दल्ने रङ छेप्ने काम सुरु हन्छ। पुरुषका अलग र महिलाका अलग टोली निर्माण गरी घर(मा गई फागुको विविध गीत गाउँदै ढोलक र मुजुराको तालमा झुम्दै र रङ्ग अबिर खेल्दै दुईदिनसम्म बिताइन्छ। फागुका प्रत्येक टोलीले दक्षिणा बापत केही चामल र पैसा समेत उठाउने चलन छ। उठेको रकम भोजभतेर वा केही रचनात्मक काममा खर्च गर्ने गर्दछन्। साना केटाकेटी झुण्डहरूले पनि भेलभेलक्का भन्ने गीत गाउँदै दक्षिणा माग्ने चलन पनि छ। भाका- 'भेल-भेलक्का भेली-चाउर, भेलिया हाँडिम कुद त...।' भटचाउँदै घर-घरमा जान्छन्। यिनीहरूलाई पनि फागुकै पूर्वतयारीको रूपमा लिइन्छ र भेली तथा चामल दक्षिणा दिइन्छ। स्मरण रहोस् फागु थारु जातिको अन्तिम र सबैभन्दा कान्छी चाड मानिन्छ। यसपछि साउनको गुडिया अर्थात नागपञ्चमी भित्र कुनै पनि परंपरागत चाडपर्व पर्दैनन्।

यस अतिरिक्त सैनामैनामा केही मेला वा तीर्थधामहरूको रौनकले पनि समाजलाई केही धार्मिक तथा मनोरञ्जनात्मक खुराक प्रदन गर्नेगर्दछन्। छोटो चर्चा गर्नु सान्दर्भिक छ -

**भडछ्रा माघे औँसी नहान र मेला :-** यो स्थान नगरपलिकाको मध्यखण्डमा रहेको छ। पूर्व-पश्चिम राजमार्गको रामापुर चोकदेखि उत्तर करीब तीन कि.मी.को दूरीमा अवस्थित यहाँ सयौं वर्षदेखि माघे औँसीमा इडुरिया नदी र सुखौरा खोलाको दोभानमा स्नान गरी दान-दक्षिणा गर्ने धार्मिक मान्यता तथा मेला निरन्तर रूपमा लाग्दै आएको छ। यहाँ अनन्तकालदेखि मलमलचौरा बाबा वा मलमलादेवीको महिमा पनि विशेष रूपले हेरिन्छ। पहाडको डाँडामा अवस्थित यो देवस्थल दृश्यावलोकन वा पर्यटनको हिसाबले अत्यन्त महत्त्वपूर्ण छ। पछिल्ला समयमा भडछाको मेला एकबाट उन्नति गरी सातदिने गराइएको छ, मेलाको पहिलोदिन बाजा-गाजा नृत्यसहितको थारु कलशयात्रा साह्रै सभ्य र भव्य हुने गर्दछ। मेलामा विभिन्न प्रतियोगितात्मक कार्यक्रम पनि देखाइन्छन्।

**बकसडको कोटियामाई माघी मेला :-** यो स्थान नगरपालिकाको दक्षिणपूर्वी खण्डमा पर्दछ। पूर्व-पश्चिम राजमार्ग बुद्धनगर चोकदेखि करीब तीन कि.मी.दक्षिण बकसड भन्ने गाउँ पर्दछ। यहाँ परंपरादेखि पूजित कोटिया माईको भव्य स्थल रहेको छ। माटा र सिमेन्टबाट निर्मित सयौँको सङ्ख्यामा बाघ, घोडा वा हात्तीका कलात्मक मूर्तिहरू समर्पित गरिएका छन्। यहाँ ठूलो चौर पनि छ जहाँ बर्सेनी थारु नाच गान तथा संस्कृतीले सजिएको भव्य मेला लाग्ने गर्दछ। मेलामा विभिन्न प्रतियोगितात्मक कार्यक्रम पनि गरिन्छन्। यसै स्थानमा थारु ऐतिहासिक, पुरातात्विक तथा संस्कृतिक सङ्ग्रहालय निर्माणको लागि नगरपालिकाले योजना अगाडि सारेको छ। रिङ्गरोडमा परेको कारणले भविष्यमा यो स्थान पर्यटनकेन्द्रको रूपमा विकसित हुने व्यापक सम्भावना भित्र राख्नसकिन्छ।

### १२.५.१६. निचोड

- थारु जातिमा जनजातीय विशेषता भएकोले यिनीहरू आफ्नो रैथाने थलोलाई अत्यन्त माया गरी बस्ने गर्दछन्।
- थारुहरू आफ्नो घरआवास टाढाटाढा नबनाई एउटै ड्यूहमा झुरुप्प बनाएर मिलेर बस्दै आएका छन्।
- थारुहरूलाई आफ्नो संस्कार संस्कृति अत्यन्त प्यारो लाग्छ।
- कृषि कर्ममा श्रम लगाउनु उनीहरूको प्रमुख जीविकोपार्जनको आधार हो।
- थारु जाति प्रकृतिक पूजक भएकाले प्रकृति र माटोको पूजन गर्ने उनीहरूको संस्कार बनेको छ।
- थारु जातिको भाषा परिवार भारोपेली खलकको देखिन्छ। तर कतिपय शब्दहरू वर्द, गोनिया जस्ता शब्दहरू मङ्गोल सम्प्रदाय वा किराँत सम्प्रदाय (भोट वर्मेली/भाषा खलक) सँग मिलेको पाइन्छ। यसका आधारमा पनि महेश चौधरीले थारु जाति पहाडका पनि भूमि पुत्र भनेर आफ्नो पुस्तकमा लेखेको हुनुपर्छ।
- पहाडी मगर सम्प्रदायले माघे सङ्क्रान्तिलाई प्रमुख चाड मानेझै थारुजातिले पनि माघी मनाउछन्।
- थारु परिकार भित्र ढिकरी तरुल र खिचडी भए झै मगर परिकार भित्र पनि तरुल, सकरखन्द, वारा (वटुक), खिचडी(खित्रो) हुने गर्दछ।
- आतिथ्य सत्कारमा थारु जाति अत्यन्त कुशल छन्। अतिथि देवो भवः उनीहरूको सँस्कृति हो। त्यसरी नै हिमाल पहाडका जनजातिहरू मगर गुरुङहरूले पनि अतिथि देवो भवः को संस्कृतिलाई जीवित राखेका छन्।
- घान्द्रुक, घले गाउँ, सिरुवारीमा गुरुङ मगरले सञ्चालन गरेको होमस्टेले पर्यटकहरूलाई आकर्षण गरे झैं थारु होमस्टे नवलपरासीले पनि सफलता प्राप्त गरि सकेको पाइन्छ। त्यसैले अतिथि देवो भवः सँस्कृतिका धनी सैनामैनामा पनि थारु होमस्टे प्रवर्द्धन गरी आत्मनिर्भर र सैनामैनाको गौरब बढाउने देखिन्छ।
- थारु गीत, गाथा, कथा, खिसा, भजन(कीर्तन र सोरठी लगायतका सँस्कृतिका धनी थारुहरूले साँस्कृतिक पर्यटनको माध्यमबाट आत्मनिर्भर बन्ने देखिन्छ।
- उत्पादनका साधन र हितकारी प्राणीहरूलाई पूजन गर्ने उनीहरूको संस्कार अनुरुप हात्ती घोडा जस्ता प्राणीको माटाका मूर्ति बनाएर पूजन गर्ने परम्परा रहि आएको देखिन्छ। आदिम मानव सभ्यतासँग मिल्ने वास्तुकला, मूर्तिकला आदिको अध्ययन अवलोकन र अनुसन्धानशालाको रुपमा थारु डिह र डिव्हारको माध्यमबाट पनि पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ।
- पर्यटन प्रवर्द्धन व्यक्ति र समुदायको निजी विजिनेस व्यापार भएकाले समुदायमा मिलीजुली बस्ने थारु समाज वा मगर समाजमा मात्र होमस्टे पर्यटन व्यवसाय संभव र सफल हुने देखिन्छ।
- इमान्दारिता सर्वत्र पूज्य हुन्छ। अरु जातिमा भन्दा थारु र मगर जातिमा इमान्दारिता र विनयशीलता हुने हुँदा सैनामैना होमस्टे पर्यटन प्रवर्द्धनको आधार बन्ने देखिन्छ।
- स्थविर शब्दले परिपक्वता, ज्येष्ठता, वरिष्ठता र आफ्नो मत र स्थानमा अडिग रहने विषयवस्तुलाई जनाउँछ। स्थविरबाट बौद्ध सम्प्रदायमा थेरवाद र थेरवादी सम्प्रदाय भनिएको देखिन्छ। थारु शब्द पनि त्यही स्थविरबाट बनेको देखिन्छ। आठौं शताब्दीमा कुमारिल भट्ट, शङ्कराचार्य र रामानुज जस्ता हिन्दू धर्मगुरुहरूले बौद्ध

दर्शन, बौद्ध धर्म र सँस्कृति माथि निर्मम आक्रमण गरे पछि बौद्धमार्गीहरू र भिक्षु भन्तेहरू यहाँबाट धर्म सँस्कृति र जिउज्यानको रक्षार्थ पहाडतिर, हिमालतिर, काठमाडौंतिर, विदेशतिर नामथर गोत्र फेरेर पलायन भए। तर आफ्नो स्थानमा थारुहरू अडिग रहेकाले यिनीहरू स्थविर वा थारु भएको कुरा सत्यताको नजिक देखिन्छ। यसले पनि थारुहरू पहिले प्रकृति पूजक हुँदाहुँदै पनि बौद्धमार्गी थिए तर कट्टर हिन्दू ब्राह्मणवादको आक्रमणले बौद्ध धर्म दर्शनमा अडिग रहन नसके पनि आफ्नो स्थानमा भने कस्तै विषम परिस्थितिमा पनि अडिग वा स्थिर रहन सफल भए र आफूलाई प्रकृतिको अनुकूल बनाए। यी सबै कुराले प्राचीन बुद्धकालीन सामग्राम (सैनामैना) क्षेत्रमा बौद्धदर्शनले अगाडि सारेका योग ध्यान, विपश्यना आदिको माध्यमबाट गन्तव्य स्थलका रुपमा विकास गर्न सकिने देखिन्छ।

## १२.६ मगर जातिको संस्कार-संस्कृति

### १२.६.१ विषय प्रवेश

सन् २०११ को जनगणना अनुसार नेपालको कुल जनसङ्ख्या मध्ये १८ लाख ३४ हजार जन सङ्ख्या रहेको मगर जाति नेपालको महत्त्व जाति हो। यो जाति नेपालमा बसोवास गर्ने जातिहरू मध्ये प्राचीन जाति हो भन्ने कुरा मर्स्याङदी (सानो नदी), हुग्दी (बाँसपानी), निस्दी (दुई खोला), भुटुकदी (भुटुके पानी), फोक्सिङ (सालधारी) आदिबाट गाउँठाउँको नाम राखिनुले पनि सिद्ध गर्दछ। मग्यार भनेर पूर्वी युरोपको हङगेरिया देशलाई र त्यहाँको बासिन्दालाई बुझाउँछ भनेर इतिहासकारहरूले लेखेका छन्। मगर जातिलाई मध्यएसियाबाट नेपाल प्रवेश गरेको भन्ने एउटा मत छ भने मगर जाति चीनको खाम प्रदेशबाट र तिब्बतबाट नेपालमा प्रवेश गरी बसोबास गरेको बताउने अर्को मत पनि छ। यिनीहरू हुण अर्थात् घुमन्ते शिकारी जातिका साथमा नेपाल प्रवेश गरेको कुनै इतिहासकारले लेखेका छन् भने कुनै इतिहासकारहरूले त्यो बेला हुण भनेकै अहिलेका मगर हुन् भनेर बताउदै आएका छन् । यसमा विवाद गर्न जरुरी छैन । किनकि मानव जीवनको प्रारम्भिक कालमा अहिले आफूलाई सभ्य जातिका रुपमा प्रस्तुत गर्ने जुनसुकै जाति पनि यायावर/घुमन्ते (Nomade) नै थिए। होँचोकद, गोलो मुखाकृति, साना आँखा, थेप्चो नाक, थोरै दाह्रीजुँगा (पुरुषको) गहुँगोरो वर्ण, ठूलो अँठिलो छाती मगर जातिलाई झ्वाट्ट चिन्न सकिने आधार हुन्। मगरजातिलाई नेपालमा जनजाति मानिएको छ।

### १२.६.२ मूलथलो

सिङ्गो गण्डकी क्षेत्र र कर्णाली नदीको पूर्वी क्षेत्र मगर जातिको मूल थातथलो रहेको पाइन्छ। धवलागिरि हिमालको तल्लो भाग, महाभारत पर्वत श्रृङ्खला र चुरे पर्वत श्रृङ्खलामा मगर जातिको मुख्य बसोबासस्थल हो। गण्डकी प्रस्रवरण क्षेत्रकालाई बाह्र मगरात र गण्डकी पश्चिम कर्णाली पूर्वकालाई अठार मगरात भनेर पहिले चिनिन्थ्यो। तर नेपाल एकीकरण पछि भने मगर जाति उदयपुर, इलाम र वारातिर मात्र होइन आफ्नो भाग्यको खोजीमा सिक्किम, भुटान र वर्मासम्म पनि बसोबास गर्न थालेको पाइन्छ। यसरी नै पश्चिमतिर पनि विस्तारित भएको छ। पछिल्ला दिनमा यातायात र संचारको विकास र तराईमा समेत औलो उन्मुलन भएपछि अरु जाति सरह नै मगर जातिहरू तराईका जुनकुनै भागमा पनि बसाइसराइ गरी बसोबास गर्न थालेकोले मगरजातिको मूलथलो इतिहासको पानामा मात्र सजिन थालेको देखिन्छ।

### १२.६.३ भाषा

मगर भाषा बोलीको रुपमा मात्रै सीमित रह्यो। मगर भाषामा केही विद्वान्हरूमगर भाषाका आदिकवि जीतबहादुर सिंजाली, डा. केशरजङ्ग वराल, लोकबहादुर थापा मगर जस्ता विद्वानहरूले मगर भाषा संस्कृतिको अध्ययन अनुसन्धान गरेर व्याकरण र साहित्य लेखन प्रक्रियालाई अगाडि बढाएका छन्। तर पनि खास मगर

लिपिमा नभई देवनागरी लिपिमा नै लेखन कार्य गरेका छन्। मगर भाषाको लिपि/अक्षर पनि तयार गरिँदै छ भन्ने सुनिन्छ। मगर जातीय संस्कृतिका अध्येता लोकबहादुर थापामगर लेख्छन् - भाषा समूहको आधारमा भाषालाई मुख्यतया दुई समुहमा विभाजन गर्न सकिन्छ।[६५]

(१) अठार मगराती भाषा : (क) खाम वा पाङ (ख) काइके :- "खास गरेर रोल्या र रुकुम जिल्लामा बोल्ने मगर भाषालाई खाम वा पाङ भनिन्छ। डोल्पा जिल्लाको ताराकोटका मगरहरूले बोल्ने भाषालाई काइके भाषा भन्ने गरिन्छ।"

(२) बाह्र मगराती भाषा : ढुट वा धुक :- स्याङजा, पाल्पा, तनहुँ, धनकुटा, उदयपुर आदि जिल्लाहरूमा बसोबास गर्ने मगरहरूले मगर ढुट वा मगर धुक बोल्ने गर्दछन।"

### १२.६.४ सैनामैनामा मगर समुदायको जनसङ्ख्या

औलो उन्मूलन, यातायात र संचारको विकास तथा थप सुविधा सम्पन्न जिन्दगी व्यतीत गर्ने उद्देश्यले अहिले गाउँबाट सहरतिर, हिमालपहाडबाट तराईतिर, वल्लो सहर बजारबाट पल्लो सहरबजारतिर बसाइसराइ गर्ने मानव प्रवृत्ति रहेको छ। सोही बमोजिम ५५२८२ जनसङ्ख्या रहेको सैनामैना नगरपालिकामा १०,१२६ जनसङ्ख्या मगर समुदायको देखिन्छ। प्रायः सबै वडामा मगर समुदायको बसोबास रहे पनि पर्रोहामा ४६२१, दुधराक्षमा २७७० र सालझण्डीमा २८२५ जनसङ्ख्याको उपस्थितिले यस सैनामैना नगर क्षेत्रलाई मगर संस्कृतिले राम्रै योगदान गर्न सक्ने देखिन्छ। यस सैनामैना नगरपालिकामा यी विभिन्न थरगोत्रका मगरहरू पाल्पा, गुल्मी, अर्घाखाँची, पर्वत, स्याङ्जा, प्युठान, गोरखा आदि जिल्लाबाट बसाइसराइ गरी आएको पाइन्छ। मूल संस्कार संस्कृतिमा समानता भए पनि विविधता र भिन्नता पनि पाइन्छ। यहाँ अब मगर संस्कार संस्कृति बारे सङ्क्षेपमा प्रस्तुत गरिन्छ।

### १२.६.५ जन्म संस्कार

जन्म संस्कारलाई महत्त्वपूर्ण महोत्सवको रुपमा मनाइन्छ। गर्भवती महिलालाई आंशिक रुपमा अशुद्ध मानिए पनि उनको स्वास्थ्यमा राम्रो ख्याल गरिन्छ। पौष्टिक आहार खुवाइन्छ। शिशुको स्वास्थ्य लाभको कामना गरिन्छ। हेल्थपोष्ट वा अस्पतालमा प्रसूतिका लागि भर्णा गरिन्छ। सोंढेनी सुसारेको पुरानो चलन हटेको छ।

### १२.६.६ छैंटी

ब्राह्मण क्षत्री समुदायमा जन्मेको छैटौं दिनमा छोराको मात्रै छैंटी गर्ने प्रचलन रहेको छ भने यहाँका कतिपय मगर समुदायमा छोराछोरी दुवैको छैंटी मनाएर नवजात शिशुलाई शुभाशीर्वाद दिने राम्रो प्रचलन रहेको छ। यस अवसरमा नृत्यगायन पनि गरिन्छ।

### १२.६.७ न्वारन

बौद्धधर्म संस्कारबाट अनुप्राणित मगर समुदायले ४ दिन वा ६ दिनमा न्वारन गर्दछन्। न्वारनमा शिशुको नाम राखिन्छ। न्वारन गर्ने मगर पुरोहित नै हुन्छन्। भान्जा वा जुवाइँ वा छोरीचेलीबाट सुनपानी छर्केर शुद्ध बनाउनुका साथै नामकरण गरिन्छ। हिन्दू धर्म संस्कारसँगको घुलमिलका कारण ब्राह्मण पुरोहितबाट वैदिक विधि अनुसार न्वारन संस्कार गर्ने प्रचलन पनि छ। आजकाल बौद्ध मगर पुरोहितले पाली भाषामा लेखिएको संस्कार विधि पुस्तक अनुसार न्वारन गर्ने प्रचलन पनि बढ्दै गएको उपप्रमुख विना रानाले बताउँछिन्। क्षत्री ब्राह्मणहरूले छैंटी न्वारनमा बालन (बालापन) संस्कृति प्रस्तुति गरे झैं कतिपय मगर समुदायले कृष्णलीलामा आधारित एकखालको सोरठी नृत्यगायन प्रस्तुत गरेर शिशुको दीर्घजीवन, सुस्वास्थ्य र धनधान्यको कामना

६५. लोकबहादुर थापामगर, मगरभाषा (ढुट) व्याकरण, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, २०६८, पृ. २

गर्दछन् । संस्कार संस्कृति स्मरणमा रहे पनि बसाइ सरेर आएका मगर समुदायले सैनामैनामा व्यवस्थित ढङ्गले प्रस्तुत गर्न भने सकिरहेका छैनन् ।

### १२.६.८ अन्नप्राशन

अन्नप्राशनलाई पास्नी वा भात खुवाइ भन्ने चलन छ । शिशु ५/७ महिनाको भए पछि विशेष खाद्यान्न वा परिकारहरू तयार गरी परिवारको ज्येष्ठ सदस्य, हजुरबा हजुरआमा, बाबाआमा आदिले सुनको असर्फी वा चाँदीको ढ्याकले बालकलाई अन्न खुवाउने प्रचलन अन्य जातीय समूहमा झैं मगर समुदायमा पनि रहिआएको छ । यस अवसरमा बाल वा बालिकालाई विशेष प्रकारको तास नामक नूतनवस्त्र वा अन्य जातका नूतनवस्त्र पहिऱ्याइन्छ । आजकाल अन्नप्राशन/पास्नी विशेष धुमधामका साथ मनाउने प्रचलन बढेको छ । यस अवसरमा आफ्ना नजिकका नातागोता र छरछिमेकीहरूलाई निमन्त्रणा गरिन्छ । निम्तालुहरूले नूतन वस्त्र, द्रव्य र सुन चाँदीका बाला समेत शिशुलाई उपहार दिने गर्दछन् ।

### १२.६.९ छेवर (बालकटाइ)

शिशु (छोरा) ५ वर्ष पुगे पछि केश मुण्डन कार्यक्रम विशेष धुमधामका साथ गरिन्छ । शिशु (छोरी) लाई ५ वर्ष पुगे पछि गुन्यु चोली पहिऱ्याउने गरिन्छ । केश मुण्डन कार्यक्रममा मामाको र मामा नभए मावली नाता पर्नेको विशेष भूमिका हुन्छ ।

### १२.६.१० विवाह

विवाह जीवनको महत्त्वपूर्ण अवसर हो । मगर समुदायले पनि विवाहलाई महोत्सवका रुपमा लिन्छन् । मामाचेली फुपू चेली विवाह गर्नु जनजातीय  विशेषता हो । मगर जातिमा फुपूचेली विवाह सम्बन्ध कायम गर्ने प्रचलनमा छैन । तर मामाकी छोरीलाई साली भनेर संवोधन गर्ने प्रचलन रहि आएकोले "सिन्कीलाई पकाउनै पर्दैन, सालीलाई फकाउँनै पर्दैन" भन्ने लोकगीत नै बनेको छ । यसको अर्थ हो विवाहका लागि भेनाको सालीमा हक लाग्छ । त्यसैले विवाह योग्य उमेर पुगे पछि भान्जाको तर्फबाट मामाकी छोरी सालीलाई विवाह गर्नका लागि प्रस्ताव गर्नु पहिलो कर्तव्य रहन्छ । यसखाले विवाह मागी विवाह हो । मगर समुदायमा मेला पर्व जाँदा गाउँमा झाम्रे बस्दाबस्दै माया प्रीति बसे.पछि केटाकेटी विवाह बन्धनमा बाँधिने प्रचलन पनि छ । यसलाई भागी विवाह भनिन्छ । भागी विवाह गर्ने केटाले केटीको बाबुआमाको घरमा ३ दिन भित्र गएर विवाह भएको जानकारी गराउन दहीको ठेकी सहित केटाका तर्फबाट जाने प्रचलन छ । केटाको तर्फबाट र केटीको तर्फबाट समझदारी गरेर निश्चित दिन तोकिन्छ र सो दिनमा जन्ती लावालस्कर साथ ढोगभेट फुकाउन जाने प्रचलन छ । पहिले पहिले केटीका तर्फबाट यति पाथीको वटुक (वारा), यति धार्नी सुंगुरको मासु, यति पाथी रक्सी आदिको दर तोक्ने प्रचलन थियो । तर सैनामैनाका मगर समुदायले विवाहमा दर तोक्न छोडेका छन् । साथसाथै बालविवाह रोक्नका लागि केटा र केटीको विवाह योग्य उमेर २० वर्ष कानुनमै व्यवस्था भएकोले आजभोलि कानुन बमोजिम विवाह गर्न थालेको पाइन्छ । विवाहमा रक्सी, मासु, दाल, भात तरकारी मज्जासँग खाने चलन छ । रातभरि मादल बजाएर विभिन्न प्रकारका झाम्रे नाच गाइन्छ,, बजाइन्छ । गच्छे अनुसार नौमती बाजा बजाएर विवाहमा जन्ती जाने प्रचलन पनि छ । दाजु मरेर भाउजु विधवा भएमा देवरको हक हुने प्रचलन अनुसार विधवा भाउजु विहे गर्ने प्रचलन पनि थियो तर सैनामैनामा यो प्रचलन कमै देखिन्छ । विवाह वैदिक विधि संस्कार अनुसार ब्राह्मण पुरोहित राखेर गर्ने वा विना ब्राह्मण पुरोहित मगर पुरोहितबाट गर्ने प्रचलन पनि छ ।

### १२.६.११ धर्म

मगर समुदाय विशेष गरी हिन्दू धर्मलाई आफ्नो धर्म मान्छन्। तर पनि बौद्धधर्म संस्कारलाई मान्ने मगर समुदायको सङ्ख्या पनि राम्रै छ।

### १२.६.१२ पहिरन र गरगहना

मगर पुरुषहरू मोटो कछाड, लगौटी, इस्टकोट र टोपी मुख्यरुपमा लगाउँथे। त्यसरी नै महिलाहरू गुन्यु चोलो मजेत्रो, घलेक, पटुका भाङ्ग्रा लगाउँथे। तर आजभोलि बजारको उपलब्धता सामाजिक अन्तरघुलनता र आधुनिकताका कारण पुरानै वस्त्रहरू लगाउने गरेको पाइँदैन। आजकाल त अरु जातिले लगाउने, पहिरन, पायन्ट, कमिज, टोपी जुत्ता, मोजा आदि लगाउँछन्। साथसाथै महिलाहरूले त कुर्ता सुर्वाल लगाउने प्रचलन बढेको छ। तैपनि चाडपर्व र जात्रा उत्सवहरूमा भने ढुङ्ग्री, फुली, सिर्फुल, नौगेडी, हवेली, रैयाँ, कल्ली, औंठी, गुन्यु, चोली, घलेकी आदि लगाएर आफ्नो पुरानो संस्कृति प्रस्तुत गर्ने गर्दछन्। यसरी नै पुरुषहरू टोपी, कमिज, कछाड, इस्टकोट आदि लगाएर मगर संस्कृतिलाई प्रस्तुत गर्दछन्।

### १२.६.१३ चाड पर्व

हिन्दू, बौद्ध र वोन धर्मानुरागी मगर समुदाय सारमा प्रकृति पूजक हुन्। नदी, पहाड, भूमि, रुखवृक्ष थपना आदिलाई देवदेवीको पवित्रस्थल मानेर पूजन गर्छन्। लामा धामी गर्ने, फुकफाक गर्ने कुरामा पनि उनीहरूको विश्वास पाइन्छ। यति हुँदाहुँदै पनि उनीहरूले दसैं, तिहार, तिज चण्डी, माघेसङ्क्रान्ति फागुपूर्णिमा आदि पर्वलाई अन्यत्र जस्तै सैनामैनामा पनि मनाउने गर्दछन्।

### १२.६.१४ नाचगान र नृत्य

मगर समुदाय सांस्कृतिक रुपमा अत्यन्त धनी छन्। सोरठी/मारुनी नाच जसलाई राष्ट्रिय नाच वा ठूलो नाच भनिन्छ त्यो नाच उनीहरूको प्रमुख नाच हो। योदेखि बाहेक विभिन्न खाले झाम्रे गीत र नृत्य उनीहरूको नियमित सांस्कृतिक अभिव्यक्ति हुन्। सोरठी, कडुवा, रोइला, सालैजो, घाटु, जीमामै, झोरा (तिज) देउसी भैलो, फागु पनि उनीहरूको प्रमुख नाचगान हुन्। तर यस सैनामैनामा सोरठी, सालैजो र विविध खाले झाम्रे गीत र नृत्य मात्र प्रचलनमा रहेका छन्। मादल, डम्फु, खैँजडी, मजुरा, मुरली/बाँसुरी, मोहली बाजा उनीहरूका प्रमुख बाद्यवादन हुन्। यस सैनामैना आसपासमा नौमती बाजा बजाउने टोली मगर समुदायबाट तयार गरी प्रचलनमा ल्याएको समेत देखिन्छ। सांस्कृतिक पर्यापर्यटन प्रवर्द्धनका लागि उनीहरूको सांस्कृतिक पक्ष अत्यन्त सवल र सफल हुने देखिन्छ। बाह्रै महिना नाचगान गर्न मन पराउने मगर समुदाय लोकसंस्कृतिको क्षेत्रमा अत्यन्त धनी मानिन्छन्।

### १२.६.१५ खानपान

दालभात, तरकारी, चटनी अचार उनीहरूको नियमित खाना हो। माछा मासु खुबै खाने र मन पराउने मगर समुदायले विशेष गरी सुँगुर र कुखुराको मासु खान्छन्। जाँड रक्सी पनि मगर समुदायको रुचिकर पेय पदार्थ हो र देवदेवीलाई समेत जाँड रक्सी अर्पण गर्ने प्रचलन अद्यावधि छ।

### १२.६.१६ अन्त्येष्ठि संस्कार

मृत्यु अत्यन्त पीडादायक हुन्छ। मृतकलाई मगर समुदायले विशेष सम्मान गर्छन्। लासलाई दफन र दहन गर्ने प्रचलन छ। मगर पुरोहित वा ब्राहमण पुरोहितद्वारा ४ दिनमा ६ दिनमा वा १३ दिनमा किरिया सम्पन्न

गर्ने गरिन्छ। काज-किरिया संस्कार सम्पन्न गर्दा पहिले पहिले मासु खाने खुवाउने प्रचलन भए पनि अहिले मासुलाई अनिवार्य गरिएको पाइँदैन।

## १२.७ मुसहर–समुदायको जीवन पद्धति

### १२.७.१ विषय प्रवेश

यद्यपि मुसहर जातिले आफूलाई नेपाल तराईको रैथाने आदिबासी बाहेक कतैबाट आफ्ना पुर्खाहरू आएको कुनै जानकारी नरहेको बताइरहँदा उनीहरूको पूस्तौँपुस्ताको रगत(पसिना र स्थानीत्व प्रमाण बाहेक कुनै लेखकीय चर्चा-परिचर्चा भेटिँदैन। समाजले पुस्तौँ-पुस्ता देखि अछूतको नाममा विभेद गर्दै आएको प्रमुख कारणले आफूहरू दबिएर अरु समुदायको दाँजोमा निक्कै नै पछि पर्दै आएको गुनासो यिनीहरूकै विभिन्न व्यक्तिहरूको भनाइ रहिआएको छ। मुसहर जातिको बसोबास सरसर्ती हर्दा थारु जातिको बस्तीमा वा बस्ती नजिकै रहेको हुँदा कतिपयले थारुकै कुनै वर्ग हुनसक्छ भन्ने अनुमान समेत गर्ने गर्दछन् तर यो कुरा स्वयं मुसहर जातिले नै स्वीकार्दैनन् र आफूहरूलाई छुट्टै जाति वा गोत्रको भन्न रुचाउँछन्। थारुहरूको संगतकै कारण देखाइ रुपन्देहीबाट २०४२ मा प्रकाशित थारुसाहित्य त्रैमासिक पत्रिकामा भीमनारायण थारु (प्रदेशी)ले मुसहरलाई थरचमार अर्थात् थारु जातिको चमार भनी थारुहरूको थरभित्र पारेका थिए तर पछि सच्याइएको थियो। मुसहर जातिको आफ्नो छुट्टै अस्तित्व र संस्कार भए पनि बस्ती र व्यवहार वा खनापान थारु जातिकै देख्न सकिन्छ तर मुसहर जातिको कालो(वर्ण भने थारु समुदाय भन्दा हदै फरक देखिन्छ।

### १२.७.२ मुसहर जातिको उत्पत्तिबारे केही कुरा

पाका प्रौढ मुसहरहरू आफ्नो इतिहास र संस्कृति बारे ठोस जानकारी नभएको बताउँछन्। यहाँका मुसहरहरू भुइया-धाँगड हौँ भनी दाबी गर्दछन्। गैँडहवा गाउँपालिकावडा नं.८ हसनापुर निवासी बर्ष ६० का रोहिन मुसहर अनुसार पडरौना बिहार भारतमा मुसहरहरूको राज्य रहेको राजदरबारको अवशेष अझैं पनि अस्तित्वमा रहेको आफूले सुनेको बताउँछन्।

तर डोर बहादुर बिष्टका अनुसार ‘धाँगडहरू आफूलाई नेपालका साँच्चिकै आदिबासी ठान्छौं। हामी हजारौँ बर्षदेखि नेपालको पूर्व-तराईको पर्सादेखि मोरङसम्म ठाउँ-ठाउँमा छरिएर सानो-सानो सङ्ख्यामा बसिआएका छौँ। कति थरीका मानिसहरू हाम्रा वरिपरि थपिँदै गए, आआफ्ना उन्नति र तरक्की गरे तर हामीले जंगलका खोँच र मुख्य बस्तीको छेउछाउमा बसेर अरुको आस र त्रासमा नै युग बितायौँ। वरिपरिका धेरै मानिसहरूको भन्दा हाम्रो उत्पत्ति अलगै छ रे! हाम्रो भाषा द्राबिडभाषाभित्रको हुनाले हामी जातमा समेत अलग मानियो। आर्यभाषा बोल्ने माथिल्ला जातका मानिसले हामीलाई अछूतकै थान्कोमा राखेको जानकारी हुन्छ।’ यसबाट के बुझिन्छ भने मुसहरहरू भारतमा पनि छन् र नेपालमा पनि लामो समयदेखि रही आएका उत्पीडित जाति भित्र पर्दछन्। गरिबी र अशिक्षाको चपेटामा पनि परेका छन्। धाँगड र मुसहर एउटै वर्ग भित्र रहेको देखिन्छ।

### १२.७.३ मुसहर बाहुल्य स्थानहरू

धाँगडहरूको सबभन्दा ठूलो बस्ती नौं सय बिगाहा जनकपुरमा छ। त्यहाँका ५० वटा धाँगड परिवार भएको गाउँ बडो सफा सुग्घर र चिट्ट परेको छ। त्यहाँको सबभन्दा धनी धाँगडको पाँच बिघा आफ्नै जमिन, गाई, भैंसी, बाखा, कुखुरा र दुई हल बयल समेत छन्। त्यसैले आफ्नो जातभित्र उसको मर्यादा र प्रतिष्ठा छ। त्यस उप्रान्त धाँगडहरू नवलपरासी, रुपन्देही लगायत कपिलवस्तुमा समेत छिटफुट रूपमा बसोबास गरेको पाइन्छ तर यताका धाँगडलाई धाँगड नभनी मुसहर भन्ने गरिन्छ। भुइँया धाँगड नै मुसहर हुन भन्ने कुरा माथि नै उल्लेख

भैसकेको छ। सैनामैना नगरपालिका अन्तर्गत मुसहर समुदायको उपस्थिति अल्प सङ्ख्यामा रहेको छ। दुधराक्ष, गञ्हवा, बालापुर, बैरकट्टी आदि गाउँमा मुसहर बस्ती देख्न सकिन्छ।

### १२.७.४ मुसहर जातिको विशेषता

अहिलेको खुला र समावेशी प्रतिनिधित्व हुने व्यवस्थामा मुसहरहरूपरिवेसमा ठाउँ(ठाउँमा जनप्रतिनिधिमा निर्वाचित भए पनि मुसहरहरूलाई परम्परागत रुपमा पानी नचल्ने जातिको रुपमा व्यवहार गरिनु नराम्रो चलन हो। यसले उनीहरूलाई हीनताबोध गराएको देखिन्छ।बहुसङ्ख्यक मुसहर जाति सोझा इमान्दार तथा कृषि मजदूरी पेसामा रहेका देखिन्छन्। कालो वर्ण मुसहर जातिको प्रमुख पहिचान हो भन्दा फरक नपर्ला। थारु जातिको संगसंगैको बसोबासले गर्दा खानपान आदि थारु समुदायसंग मिल्दोजुल्दो देखिन्छ।

### १२.७.५ लैङ्गिक स्थिति

लोग्ने मानिस र स्वास्नी मानिसको औगात र मर्यादामा ठूलो-सानो गर्ने चलन छैन। दुबै थरी बराबर छन्। घरका ढुकुटी, राखन-धरन र बाखा कुखुराबाट हुने आम्दानीको खटनपटन महिलाको हुन्छ। महिलाले गहना-पेवा त्यसैबाट जम्मा गर्छन्।

### १२.७.६ मुसहर जातिको भाषा, खानपान र पहिरन

मुसहर जातिको आफ्नै परम्परागत भाषा पनि छ, जुन सरसर्ती हेर्दा मैथिली प्रकृतिको देखिन्छ तर हाल अरु जनजातिको भाषाभाषी जस्तै यिनीहरूको भाषा पनि लोप हुनै लागेको अवस्थामा छ। एउटा मुसहर बस्ती हसनापुरमा लिइएको केही मुसहर भाषाका पारम्परिक शब्दावली-

(आपसी बोलीचालीमा आधारित)

| | |
|---|---|
| कहाँ जाबी गे ? | = कहाँ जान्छौ र ? |
| कहाँ गेल लहीं गे ? | = कहाँ जानुभएको र ? |
| लिखके लेगेलै। | = लेखेर लग्यो। |
| तु चल बजरिया गे। | = तिमी बजार हिँड न त। |
| हमहुँ जाबै। | = म पनि जान्छु। |
| तुन कौन चिज ललियन गे ? | = तिमीले के चीज ल्याउने हो र ? |
| तुँ मटर खबही गे ? | = तिमी मटर खाने हो र ? |
| तुँ दारु पिबही गे ? | = तिमीले रक्सी खाने हो र ? |
| बैठ गे तनी सुन्थालेइ। | = बस् न यसो थकाइ मारौँ। |
| जो गे मासु लेवे। | = जा त मासु लिन। |
| मासु लगही गे। | = मासु लाने हो र ? |
| मेला जबही सखी ? | = मेला जाने हैन र सैना ? |
| हाँ जबही सखी। | = हो सैना जाने हो। |
| ए सखी कथी लबही ? | = सैना केही लाने हो र ? |
| ले लिहे सखी हम नाइँ लबही। | = लि लिनु सैना म त लिन्न। |
| तुँ किलिफ देखबही गे ? | = तिमीले क्लिप देख्यौ र ? |
| बँढिया लागल गे। | = राम्रो लाग्यो है। |
| तब हमहुँ जाबै देखे। | = उसोभए म पनि हेर्न जाने हो। |

### १२.७.७ मुसहर जातिको निर्माण कला

तराईको भित्रीभागका घरहरू जस्तै यिनीहरूको घर पनि वरिपरि चित्राले बेरेर त्यसमाथि गोबर माटोले लिपेको, खरको वा खपडाको छाना लगाएको हुन्छ । जमिनको चीसो नजाओस भनेर जमीनमा एक फुट जति बाक्लो धुस्नो, पराल आदि ओछ्याएर त्यसमाथि केही माटो हाली त्योभन्दा माथि गोबरमाटोले लिपेर सफा राखिएको हुन्छ। त्यस्ले भुइँ ओभानो, लचकदार र नरम हुन्छ। घरको अगाडि घाम र हावा प्रसस्त पस्ने गरी खुला राखिएको दलान हुन्छ । लोग्ने मानिस जति त्यही खुला दलानमा सुत्ने गर्दछन् । सानो भएपनि घरको भित्ता चिटिक्क पारेर माटोले लिपिएको छ भने त्यो घर मुसहरकै हो भनी अड्कल काट्न सकिन्छ। यसबाट के बुझिन्छ भने उनीहरूको घर चित्रे झोपडीको रुपमा रहे पनि सरसफाइमा ध्यान दिने एउटा राम्रो सभ्याता र संस्कृतिको विकास भएको थाहा हुन्छ।

### १२.७.८ मुसहर जातिको संस्कार

मुसहर जातिको जन्म संस्कार हालसम्म आइपुग्दा थारुहरूको जस्तै रहेको पाइन्छ तर विवाहको हकमा छुट्टै परम्परा रहेको देखिन्छ । बिहे गर्दा सधैं लमी लगाउनुपर्छ । लमीले ठीक पारेको ठाउँमा केटाको बाबुलाई निम्तो गरी देखाउनुपर्छ। चित्त बुझेमा केटाको बाबुले पैसा तिरेर कामकुरो छिन्छन्। केटी हेरी रुपैयाँ २००।- सम्म पनि दिनुपर्छ। जन्ती जाने दिन दुलहाले दुलहीको घर पुग्नु केही अघि अर्के एउटा घरमा केही छिन कुरेर बसेपछि दुलही भागेर बेपत्ता हुन्छे। अनि उसका सहेलीहरूले खोजेर पत्ता लगाई डोऱ्याएर घरमा ल्याएपछि मात्र दुलहालाई डाक्न आउँछन्। त्यसपछि जन्ती सहित दुलहीको घरमा दुलहा जान्छ। बिहेको विधिमा दुलहा र दुलहीले सिन्दुर साटासाट गर्नुपर्छ। त्यसपछि भोजभतेर, नाचगान आदि गरेर बिहे सकिन्छ। यहाँका मुसहरहरूको कथन अनुसार यिनीहरूको बिहे साऱ्है खर्चिलो हुन्छ। भात-भान्सा लत्ता कपडा बाहेक सुँगुर, बोका कुखुरा आदिको साथै रक्सीको पनि अधिक प्रयोग हुन्छ। केही दशक अघिसम्म कि सात पानिक सुवर कि एक बनकुवँर अर्थात् बिहेमा कि सात बर्षे सुँगुर हुनु पऱ्यो कि जंगलमा पाइने खैरो जातको एउटो गोहोरो भन्ने उखान आजसम्म पनि समाजमा प्रचलित छ। तर आजभोलि थारु जातिको देखासिकी गर्दा बिस्तारै रुढिबादी संस्कृति हट्दै गएको देखिन्छ।

धाँगड/मुसहरहरूलाशलाई पोल्ने गर्दैनन् गाड्छन्। तर जुठो बार्ने, कपाल खौर्ने चलन चाहिँ अरु जातकै जस्तो हुन्छ।

### १२.७.९ मुख्य चाडपर्वहरू

फागुनमा दुर्गाको पूजा धूमधामसंग गर्छन् । बाऱ्ह बर्षमा एकपल्ट राँगा, बोका, बलि दिएर विशेष उत्सवका साथ दुर्गा पूजा गर्छन्। भदौको पूर्णिमामा कर्मधर्म भन्ने अर्को पूजा हुन्छ। असोजमा नयाँ चामल चढाएर कालीको पूजा गरिन्छ । अरु पूजाहरूमा दशैं(पर्वहरूमा पुरोहित्याइँ गर्ने आफ्नै जातका धामी हुन्छन् । मृत परिवारजनलाई काशी नबसाएसम्म घरायसी पितृ भनेर पितरपखमा पूजाआजा गर्ने गरिन्छ। यस उप्रान्त दानु बाबा, देशन्तरी, तुलसीबीर अगुवान, सातो बहिनवार, ओबा, सीतलाफूलमती, बघेसर, टीकाधारी, कारणीमाई, कमला माता, कारण, दुद्धीबीर, बरमबाबा, रकतपुतरिया, धरमधियरिया, बहमत बहिनी आदि देवता तथा देबीहरूको नाममा विभिन्न समयमा पूजा आराधना गर्ने चलन छ। **देवी-देवताका पूजामा मुसा, सुँगुर बोका, राँगा, कुखुरा परेवा आदि बलि चढाइने प्रचलन रहेको देखिन्छ।** खास पहिचानको प्रमाण मुसहर बस्तीमा गाउँ बाहिर सामूहिक पितृ देवताका रूपमा प्रतिवर्ष लहरै काठका मुढा गाड्ने गरिन्छ तर आजभोलि यो प्रथा पनि लोप हुने क्रममा देखिन्छ। स्थलगत अवलोकनमा जाँदा सैनामैनामा कतै भेटिएन। छिमेकी गाउँपालिका गैंडहवाको हसनापुर ५ र लखनौयिमा ४ मा मुढा जीर्ण अवस्थामा भेटिए। आगामी दिनमा संरक्षण नगर्ने हो भने निकट भविष्यमै उक्त देवस्थलको अस्तित्व समेत निमिटचान्न हुने देखिन्छ।

१२.७.१० **लोकसंस्कृति, लोकनृत्य र लोकसाहित्य**

मुसहर जातिको आफ्नै लोक संस्कृति, लोकनृत्य तथा लोकसाहित्य परम्पराको रूपमा रहिआएको छ। तर थारुको जस्तो नयाँ पुस्ताको उदासिनताको मुख्य कारणले लोप-प्रायः भैसकेको अवस्था छ। अझपनि वृद्धवृद्धाले ती परम्परागत लोकनृत्यमा गाइने लोकगीत यसरी सुनाउँछन्-

**पितरपखके गीत**

बहत आवै नदिया पुहत आवै काठ
तर भलो गगरी उपर पनिहारिन, जियला ह नाम।
रुनुझुनु बाजल गोरीके पयलिया
कैसे निकरि नैहर जाब, चल गोरी राधे।
दुवरे हीँ बैठल संखी पिलिनिया
खिरकी बेठल पहरूदार,
कैसे निकरी नैहर जाब, चल गोइया राधे।
कुकुराके देहल दुधभात खोरवा
पहरूके मतिए मदान, चल गोइया राधे।
गोडेके पयलिया खोँइछामे धैला
मरदाके भेस धैलेजाय, चल गोइया राधे।
असी कोस गैली पचासी कोस बाँकी
नगरासे छुटला गोहार, चल गोइया राधे।

***



इमिरती मुसहर वर्ष-७०,बासमती मुसहर वर्ष-६०, शनिचरिया मुसहर वर्ष-५५
हसनापुर, गैँडहवा गा.पा.८, रुपन्देही

**झमटा गीत**

दखिन टोला मानर बाजे उत्तर टोला बाँसी
चल गे सुनरी मैना चल...।
आपन हीँ खलियइ अपने हीँ पिलियइ
काहे जरो हो गौवाँ लोग ?
ममवा भयेनवा एकमत भेलउ
चल मामा बनके एरिया हो, राजा हो श्री राम।
अपने ते लेलै मामा नगनी बन्दुकिया
हमनीसे पिला डोरियैला हो, राजा हो श्री राम।
अपने ते झारे मामा उडियासे झुडिया
हमके बैठावे टिकुर घटवा हो, राजा हो श्री राम।
अपने ते मारै मामा हरनी सउजवा
हमहुँ मारब बानरोइया(बनकूवँर) हो, राजा हो श्री राम।
अपने ते भुजे मामा हरनी सउजवा
हमहुँ भुजब बानरोइया हो, राजा हो श्री राम।
अपने ते ख्यावै मामा चेलियासे बेटिया
हमहुँ खियैबै चेलीबेटिया हो, राजा हो श्री राम।

### १२.७.११ जातीय समूहहरू र राष्ट्रिय व्यक्तित्वहरू

यहाँका स्थानीय मुसहरहरूको सम्बन्धमा बुझ्दा निम्न प्रजातिका देखिन्छन्-

१.भुइयाँ २.लहडवा ३.बगौछिया ४.हर्दिहा ५.परिकहवा। जुनै समूका भए पनि यिनीमा खासै भिन्नता आजभोलि देखिँदैन। आन्तरिक संस्कार बाहेक सबै कामकुरामा यिनीहरू समान देखिन्छन्। यो समुदाय पछाडि परेको समुदाय भएको कारणले एकाध जना शिक्षक आदि पेसामा रहे पनि कुनै राष्ट्रिय स्तरको उच्च ओहदामा नाम सुनिँदैन। यसर्थ मुसहर जाति अति विपन्न र उत्पीडित जातिका रुपमा जीवनयापन गर्न बाध्य छन्।

### १२.७.१२ उपसंहार

उपर्युक्त कथनबाट यहाँका मुसहरहरू भुइयाँधाँगडका शाखा हुन्। धाँगड जातिको प्रमुख बाहुल्य जनकपुरको सेरोफेरोमा रहेको छ। हुनसक्छ यहाँका मुसहरहरूको मूल थलो जनकपुर नै होला। यस कुरामा अनुसन्धान बिना त्यसै भन्नु हतार होला। जे होस् थारुको बस्ती नजिक प्रायः मुसहरहरूको बसोबास रहेको कारणले मुसहरहरू सायद थारु बिना बाँच्न गाह्रो मान्छन् कि ? मांस मदिराका साथै जलचरमा जस्तै घुँगी, सिपी, माछा, गँगटा, कछुवा, अन्धामाछाका साथै मुसा वा चराचुरुङ्गीको सिकार गरी खाने मुसहरहरू थारुसँगै युगौँदेखि सहयात्रा गर्दै आएकाछन्। कृषि कार्य दुबैको पुर्खौली पेसा भएको हुँदा र स्वाभाव पनि दुबैको सोझो र इमान्दार भएकोले एकै थातथलोमा बस्न मन पराएका होलान्। थारु लोकगाथा वा लोकगीतमा प्रायः बच्चा जन्मिँदा धँगरिनको प्रसङ्ग आउने हुँदा यिनीहरू पौराणिक कालमा पनि सुडिनीको काम गर्ने भएकोले समाजले यिनीलाई कुनै न कुनै रूपमा स्वीकार्दै आएको देखिन्छ। झट्ट हेर्दा कालो वर्णले मुसहर जातिलाई थारु वा अन्य जातिसंग छुट्याउने काम गरेको हुन्छ। मुसहर जातिमा गोरो वर्ण बिरलै होला। पछिल्लो समयमा यिनीहरूले सालको पातबाट बनेको पतरी (भात खाने टपरी) र विशेष प्रकारको कुचो बुनी स्थानीय बजारमा बिक्री गरी जीविकोपार्जन गर्दै आएका थिए तर हाल सामुदायिक बनको निषेध कार्य र प्लास्टिक प्लेटको आगमनले आफ्नो

पेसा धरापमा परेको गुनासो सुनाउँछन् । अन्तमा मुसहर जाति नेपाली हुन् यिनीहरूलाई सरकारले विशेष सहुलियत दिई विकासको राष्ट्रिय मूलधारमा ल्याउन आजको मुख्य आवश्यकता हो।



श्रीराम मुसहर वर्ष-७५, चिनकी मुसहर
वर्ष-७२ गऱ्हवा, सैनामैना न.पा.५, रुपन्देही



रोहिन मुसहर वर्ष-६ हसनापुर, गैंडहवा गा.पा.८, रुपन्देही
आफ्नै घर अगाडि मुढे देउताको हबिगत देखाउँदै



मटेरिया, कञ्चन गा.पा. २ रुपन्देही
ठगनी मुसहर बर्ष-६५



लखनौतिया, गैंडहवा गा.पा. ८ रुपन्देही
नयाँ पुस्ताले बेवास्ता गर्दा मुसहरका देवीदेवता लोप हुने संघारमा ।

### १२.८ खसब्राह्मण संस्कृति

यस सैनामैना न.पा. क्षेत्र अतीतको गौरवपूर्ण ऐतिहासिक सभ्यता र संस्कृतिलाई विस्मृतिमा राखेर रैथाने थारु समुदायको पातलो बस्ती मात्र रहयो । तर पूर्व पश्चिम राजमार्गको निर्माण र औलो उन्मूलन भएपछि हिमाल पहाड र पूर्व पश्चिमबाट ब्राहमण, क्षत्री, ठकुरी, राई, लिम्बू, मगर, नेवार, सार्की, कामी, दमै लगायत

विभिन्न थर-गोत्र भएका मानव जातिको बसाइसराइले सैनामैना क्षेत्रमा नयाँ मानव सभ्यताको विकास प्रारम्भ भएको छ । वि.सं. २०६८ को जनगणनाअनुसार ब्राह्मण १७२७२, क्षत्री ५९२६, ठकुरी ७८४, कामी ४२६२, दमाई/ढोली १६४६, सार्की ७९६, सन्यासी ३५० आदि जातजातिको बसोबास हुन थाले पछि नयाँ सभ्यता र संस्कृतिको विकास भएको छ । परम्परागत रुपमा आफूले मान्दै र धान्दै आएका संस्कार संस्कृतिलाई यहाँ पनि स्थापित गरेका छन् । जस अनुरुप पर्रोहापरमेश्वर बोलबम धाम, मूर्गिया दुर्गामन्दिर, कालमोचन शिवालय मन्दिर रामापुर, किराँतेश्वर महादेव मन्दिर बाँसगढी, शिवालय मन्दिर सालझण्डी, दुर्गा मन्दिर वनकट्टा जस्ता सयौं मठ मन्दिरको जीर्णोद्धार, पुनर्निर्माण र निर्माण गरेर धाम तीर्थको रुपमा विकास गर्दै आएको छन् । यी मठ-मन्दिरहरू धार्मिक सांस्कृतिक पर्यापर्यटनका आधार समेत बन्दै गएका छन् । हिन्दू धर्म संस्कृतिमा आस्था राख्ने मानिसहरू टाढा-टाढाबाट समेत यहाँ दर्शनार्थ आउने गरेको पाइन्छ । ब्रतवन्ध, विवाह जस्ता कार्यक्रम सम्पन्न गर्न यी मठ( मन्दिरहरूलाई प्रयोगमा ल्याएको देखिन्छ । यी मठ-मन्दिरहरूमा वैदिक विधि-विधान अनुसार नित्यपूजा आरधना हुनुको साथै बैशाखे सङ्क्रान्ति, वैशाखे पूर्णिमा, श्रावणमा श्रावणी मेला, जनै पूर्णिमा, कुशे औंशी, शिवरात्रि, वडादशैं, चैते दशैं जस्ता पर्वहरूमा जन समुदायको विशेष घुइँचो देखिन्छ । यी अवसरहरूमा विशेष भजन-कीर्तन हुने गर्दछन् । वैदिक परम्परा अनुसार घर-घरमा पंचायन देवताको नित्य पूजन पनि हुने गर्दछ । हरेक ब्राह्मण क्षत्री लगायत हिन्दूहरूको घर(घरमा तुलसीको मोठ (मैरो) निर्माण गरी नित्य पूजा आरधाना गर्ने परम्परा रहि आएको छ । वैदिक परम्परा अनुसार जन्म संस्कार, छैंटी, न्वारन, पास्नी, छेवर, ब्रतवन्ध, विवाह र मृत्यु संस्कार विशेष ढङ्गले मनाउने प्रचल रहि आएको छ ।

## १२.९ विविध धर्म संस्कार

### १२.९.१ हिन्दू

हिन्दू समुदायभित्र शैव, वैष्णवका साथै ब्रह्मकुमारी राजयोग (ओम शान्ति), कृष्ण-प्रणामी, साईबाबा, ओसो, राधास्वामी आदि धार्मिक सम्प्रदायहरू रहेका छन् ।

### १२.९.२ इस्लामधर्म

१४८ जनसङ्ख्या रहेको मुस्लिम समुदायले इस्लाम धर्म मान्दछन् । तर पनि मस्जिद आदि मौजुदा रहेको पाइँदैन ।

### १२.९.३ बौद्धधर्म

सैनामैनाका सबै बासिन्दाले बुद्ध र बौद्ध धर्म संस्कृतिलाई अत्यन्त आदरभावले हेर्ने र व्यवहार गर्ने गर्दछन् । नेपाल पुत्र बुद्ध र बौद्ध धर्म दर्शन नेपाल र नेपालीको पहिचान र गौरव भएकोमा अत्यन्त गौरव गर्दछन् । यति हुँदाहुँदै पनि साङ्खिक रुपमा बौद्ध धर्मावलम्वीको रुपमा आफूलाई दर्ज गराउने क्रममा भनी परम्परागत प्रचलनमा टाँसिएको देखिन्छ ।

### १२.९.४ इसाई धर्म

इसाई धर्मावलम्वीको सङ्ख्या उल्लेख्य छैन । तर केही मानिसहरू ईसाई धर्मप्रति आस्था राख्दछन् र यहाँका चर्चहरूमा हरेक शनिबार प्रार्थना सभामा सम्मिलित भएको देखिन्छ ।

**निष्कर्ष:** अन्त्यमा के भन्न सकिन्छ भने बहुजाति, बहुभाषा, बहुधर्म र बहुरीतिरिवाजले युक्त यस सैनामैना क्षेत्रमा सदभाव र सहिसुष्णताको बेजोड नमूना सभ्यता र संस्कृति निर्माण भएको देखिन्छ । यो सैनामैनाको समृद्धभविष्यको लागि अत्यन्त सुन्दर र उज्ज्वल पक्ष हो ।

## परिच्छेद : तेह
# सैनामैनाको पर्यटकीय संभावना

### १३.१ परिचय (Introduction)

एक ठाउँबाट अर्को ठाउँमा मनोरञ्जनपूर्ण ढङ्गले घुमफिर गर्ने, पैसा खर्च गर्ने र आतिथ्य मुलुकलाई आर्थिक फाइदा हुने क्रियाकलापहरूलाई पर्यटन उद्योग र यसरी सहभागी हुने व्यक्तिलाई पर्यटक भनिन्छ। स्वदेशी वा विदेशी जोसुकै व्यक्ति भए पनि त्यसलाई पर्यटक भनिन्छ। भौतिक साधन तथा स्रोतलाई दक्ष जनशक्तिद्वारा परिचालन गरी विकासको परिणाममा रूपान्तरण गर्ने परिपाटी चलेको छ। यस क्रममा विश्वका विकसित एवं सम्पन्न मुलुकहरूबाट विकासोन्मुख मुलुकतिर मौद्रिक प्रवाह ल्याउने धुवाँरहित पर्यटन उद्योग आज सांस्कृतिक एवं प्राकृतिक सम्पदायुक्त राष्ट्रहरूको चर्चित एवं बहुआयामिक स्रोतको रूपमा स्थापित भएको छ। राष्ट्रहरूले वैदेशिक मुद्रा आर्जन मात्र नगरी यसको पूर्वाधारको निम्ति तयार गरिएका साधन र स्रोतको जस्तैः हवाई सेवा, सडक, पिउने पानी, विद्युतीकरण, संचार सेवा, होटेल, संग्रहालय, पार्क आदिले सम्बन्धित क्षेत्रको जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने हुँदा समाजका आर्थिक, शैक्षिक, सामाजिक, भौतिक, सांस्कृतिक आदि स्तर नै समुन्नत एवं परिमार्जित हुन पुग्दछ। जुन क्षेत्र र गाउँको प्राकृतिक र सांस्कृतिक सम्पदामा अतिथि रमाउँछन, त्यहाँका बासिन्दाहरूले होटेल, पथ प्रदर्शक, नृत्य, गायन, घरेलु उत्पादनका सामग्री बिक्री, पर्यटकीय सूचनामूलक सामग्री आदि बिक्री वितरण जस्ता सरल र सहज माध्यमद्वारा पैसा कमाउँछन्। क्षेत्रीय विकासको निम्ति यसको जे जति महत्त्व छ, त्यत्ति नै रोजगारका अवसरहरू सिंजना गर्नमा अहम् भूमिका रहेको हुन्छ। यस उद्योगमा दक्ष, अर्धदक्ष एवं अदक्ष जनशक्तिको आवश्यकता पर्दछ। स्थानीय कच्चा सामग्रीहरूमा आधारित हस्तनिर्मित वस्तुहरू जस्तैः गुन्द्री, टोकरी, मूर्ति, वस्त्र, पटचित्र, हातहतियार आदि वस्तुहरूको उत्पादन एवं बिक्री वितरणबाट आय आर्जन गर्न सकिन्छ। यस परिवेशमा रूपन्देही जिल्लामा प्राकृतिक, सांस्कृतिक तथा पुरातात्त्विक दृष्टिले विशेष महत्त्वपूर्ण स्थान र सम्पदाहरू रहेको हुँदा स्थानीय साधन र स्रोतको परिचालन गरी पर्यटन उद्योग मार्फत रोजगारको अवसर सिर्जना गर्न सकिन्छ। यस मार्फत आय आर्जन गरी गरिबी निवारण तथा क्षेत्रीय विकास सन्तुलन गर्न सकिने प्रबल पूर्वाधारहरू छन्।

पर्यटनलाई विषयवस्तु, क्रियाकलाप, प्रकृति तथा भ्रमणको स्वरूपको आधारमा सांस्कृतिक, धार्मिक, तीर्थाटन, प्रकृति, पहाडी, व्यापारिक, पर्यावरणीय, ग्रामीण, दीगो, सदाबहार, समूह आदि नामले परिभाषित गरिन्छ। यातायातको सुलभता, सञ्चार, आवासको व्यवस्था, अतिथिको सम्मान, प्रचारप्रसार आदिको विकासको साथसाथै पर्यटन व्यवसाय विकास र विस्तार हुँदै गएको छ। प्राचीनकालमा पनि विभिन्न महानुभावहरू एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्दथे। तर त्यस बखत यसलाई पर्यटन व्यवसायको रूपमा परिभाषित गरिएको थिएन। रोममा डिसेम्बर महिनालाई मनोरञ्जनपूर्ण महिनाको रूपमा लिने गरिन्थ्यो। मनोरञ्जनको क्रममा साटुनालिया पर्व मनाउने गरिन्थ्यो। तेह्रौं शताब्दीमा मार्कोपोल आफ्ना पिता र काकाको साथमा भेनिस हुँदै पर्सिया, अफगानस्तान, सुमात्रा, जावा, श्रीलंका आदि स्थानको भ्रमण गरेका थिए। सन् १८४० देखि सन् १९१४ को अवधिमा कोइला र वाष्पजहाजको आविष्कारले रेल यातायात, औद्योगिक विकास जस्ता सुबिधाले रोजगारको लागि विभिन्न ठाउँमा जाने, फूर्सदको समयलाई मनोरञ्जनपूर्ण ढङ्गले बिताउने गर्दा यसले व्यवसायिक रूप धारणा गर्न थाल्यो। सन् १८३० मा बेलायतको लिभरपुलदेखि मेनचेष्टरसम्म रेलसेवा सुरु गरे पछि यसको प्रभावकारिता बढ्यो। आधुनिक पर्यटकका पिता मानिने थोमस कुक (Thomos Cook) ले भाडाको रेलमा ५७० जनालाई लेसिस्टरदेखि लबरोसम्म समूहगत रूपमा भ्रमण गराउँदा सस्तो एवं सुलभ हुने सूचना प्रवाह गरे पछि यसले बढी लोकप्रियता कमायो।

सन् १९३६ मा आइ.एल.ओ.ले मजदुरलाई विदा दिने व्यवस्था प्रभावकारी बनाउन सफल भएपछि फूर्सदको समय व्यतीत गर्न भ्रमण गर्ने जुन क्रम बढ्यो यसले पर्यटन उद्योग फस्टाउने अवसर प्रदान मिल्यो। तलवी विदाले यसलाई अझ विस्तार गर्‍यो। सन् १९७५ मा विश्व पर्यटन संगठन गठन भए पछि त विकसित मुलुकबाट विकासोन्मुख मुलुकतिर आर्थिक प्रवाह हुने गति बढ्न पुग्यो। सन् १९७० को दसकसम्म आर्थिक दृष्टिले हेरिने पर्यटन व्यवसायलाई त्यसपछि सामाजिक दृष्टिले हेर्न थालियो। सन् १९८० को मध्यदेखि त यसलाई वातावरणीय दृष्टिले मूल्याङ्कक गर्न थालिएको छ। नेपालमा पनि विदेशी पाहुनाहरू आउने प्रचलन पुरानो भएपनि सन् १९५० मा हवाई सेवा सुरु भएपछि बढी प्रभावकारी बन्यो। सन् १९६३ मा प्राचीन स्मारक संरक्षण ऐन लागु भए पछि पुराना बस्तुहरू बाहिर चोरी निकासी र निर्यात गर्ने प्रबृत्ति हतोत्साहित बन्यो। सन् १९६४ मा नेपालमा टुरिष्ट विकास नियमावली लागु गरियो। पहिलो पञ्च वर्षिय योजनाकाल देखि नै पर्यटन विकासका पूर्वाधारहरू समावेश गरिएका थिए। सन् १९९८ लाई नेपाल भ्रमण वर्षको रूपमा मनाइएको थियो। यसले पर्यटकलाई आकर्षित गर्न केही भूमिका निर्वाह गर्‍यो। प्रदेश सरकारले सन् २०७६ लाई लुम्बिनी भ्रमण बर्ष र संघीय सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउने व्यवस्था गर्दैछ।

मूलतः नेपालको सांस्कृतिक तथा प्राकृतिक सम्पदाबाट आकर्षित भएर आन्तरिक तथा बाह्य पर्यटकहरू भ्रमणका सहभागि हुने गर्दछन्। यसले आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय प्रभाव पारेको छ। राजस्व सङ्कलनमा बृद्धि ल्याएको छ। रोजगारका अवसरहरू सिर्जना गरेको छ। हस्तकला लगायतका सामग्रीहरू बिक्री वितरणबाट स्थानीय उत्पादकहरू लाभान्वित भएका छन्। यसले सामाजिक सद्भाव, मेलमिलाप, मित्रता तथा अन्तरक्रियामा सहयोग पुर्‍याएको छ। आर्थिक फाइदा मात्र लिने नभई वातावरणको संरक्षण गर्दै सांस्कृतिक अन्तरक्रिया गर्न गराउन समेत सहयोग लिएको छ। पर्यटनको विकासको लागि आकर्षक दृश्यको जति महत्त्व छ त्यत्ति नै यातायात, सञ्चार, आवास जस्ता पूर्वाधारको आवश्यकता पर्दछ। रूपन्देही जिल्लामा पनि यी आधारभूत पक्षको विकास भएकोले पर्यटन विकास र विस्तारको लागि सहयोग मिल्दछ। तसर्थः यस अध्ययनमा सैनामैना क्षेत्रका केही पर्यटकीय पूर्वाधारहरूको परिचय समावेश गरिएको छ। यो उद्योग संचालनको निम्ति संजालको आवश्यकता पर्ने भएकोले बौद्ध धर्म, संस्कृति, कला र स्थानसँग जोड्नु आवश्यक छ। यसैले यसको परिचयलाई केही फराकिलो बनाइनु पर्दछ।

यहाँको सांस्कृतिक तथा प्राकृतिक सम्पदाबाट आकर्षित भएर नै यहाँ विदेशी तथा स्वदेशी पर्यटक आउने गर्दछन्। यहाँ बसोबास गर्ने विभिन्न जाति र समूहका खानपिन, वस्त्राभूषण, चाडपर्व, जात्रा, दरबार, आवासीय भवन, मठ, धर्मशाला, नदी, घाट, तालतलैया, वन आदि सम्पदाको अवलोकन गर्न आउदाँ एकातिर आर्थिक उपलब्धी हुन्छ भने अर्को तिर यसको पहिचान वाह्य क्षेत्रमा पुग्ने अवसर प्राप्त हुने गर्दछ। धार्मिक एवं लौकिक जीवनसँग  आकर्षित क्षेत्र काठमाडौं, पोखरा, मुस्ताङ, जनकपुर, वराह क्षेत्र, चितवन, सोलुखुम्बु आदिमा स्वदेशी एवं विदेशी पर्यटकहरू जसरी घुइँचो लागेका हुन्छन् त्यसरी नै बुद्धको जन्मस्थल लुम्बिनीमा बौद्ध एवं अन्य धर्मसँग सरोकार राख्ने पर्यटकहरू पनि आउने गर्दछन्। यहाँ आउने पर्यटकहरूलाई समूहगत रूपमा भित्राउँदा प्रायः भारतका विभिन्न ट्रावल एजेन्सीहरूले बुकिङ गरी केही घण्टाको यात्रामा लुम्बिनीको दर्शन गराई फर्काउने प्रचलन भएको हुनाले यसको आसपासमा पर्ने सयौं ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा प्राकृतिक स्थलहरू ओझेलमा परेका छन्। यसलाई योजनाबद्ध ढंगले सैनामैनासँग जोड्नु पर्दछ।

मूलतः प्राचीन शाक्य एवं कोलिय संस्कृति विस्तारित तराई खण्डमा ढुङ्गेउपकरण, मूर्ति, चक्का, माटोका मानव एवं पशुपंक्षीका मौर्यकालदेखिका मूर्तिहरू, माटाका छाप, माला, बाला, धातुका मुद्रा, हड्डीका वस्तु र

माटाका भाडाँवर्तनमा टुक्राहरूले यहाँको जीवन शैली र पद्धतीबारे जानकारी गराएका छन् । पाल-सेनकालीन हवादारी ढाँचाका प्रस्तर मूर्तिहरू समेत सैनामैना आदि स्थानमा उपलब्ध भएका छन्।

त्यसै गरी धार्मिक एवं लौकिक वास्तुकलाको क्षेत्रमा पनि उत्कृष्ट नमूनाहरू यहाँ अवस्थित छन् । बाह्र मगराँत क्षेत्रबाट बसाइसराइमा ओर्लेको मगर सँस्कृति यस क्षेत्रमा फले-फुलेको अवस्थामा छ । गुरूङ, कुमाल, बोटे, गाइने, थारु, ब्राहमण, क्षत्री, नेवार आदि जाति र समूहका मानिसहरू बस्ने हुनाले आ-आफ्नो परम्पराका रीति रिवाज एवं चालचलनहरू प्रचलित छन् । यहाँ आगन्तुकहरूलाई आकर्षित गर्न सक्ने साधन एवं श्रोत सम्पन्न देखिन्छन् । लामा, झाँक्री, गुर्बा, भर्रा, तन्त्रमन्त्र झारफुक, बाई, बोक्सी, भूतप्रेत आदि परम्परामा आस्था राख्ने बासिन्दाहरूको प्रयोग र प्रचलन पनि उत्तिकै मनमोहक एवं आकर्षिक देखिन्छ । धार्मिक तथा लौकिक परम्पराबाट निर्दिष्ट चाडपर्व, जात्रा, पर्वोत्सवादि पनि रोचक एवं चित्ताकर्षक छन् । जसमध्ये एकादशी, माघे संक्रान्ति, बुद्धजयन्ति, दसै, तिहार, छट, इद, लुम्बिनीको चैत्र शुक्ल पूर्णिमाको मेला आदिलाई लिन सकिन्छ । थारूका बडकी आइतवार, माघी  र मगरहरूको करुवा नृत्य  समेत विशेष स्मरणीय छन्।

यहाँका वासिन्दाहरूले चाडपर्व, जात्रा, विभिन्न उत्सव, खेतीबाली, उकाली, ओराली, विवाह, ब्रतबन्धादि अवसरमा व्यक्त गरेका लोक लहरीमा उनीहरूको आन्तरिक कथा र जीवनको व्यथा प्रतिबिम्बित भएको हुन्छ। लोक दोहोरीको विशेष प्रचलन रहेको यस भेगमा युवायुवतीहरूले मायाप्रिति बसाउने माध्यमको रूपमा समेत लोकलय रहेको छ। त्यसै गरी मुर्चुङ्गा, मुरली, बाँसुरी, मादल आदि बाजाको तालमा नाँच्ने र मनोरञ्जन गर्ने परम्परा आधुनिक क्लब भन्दा कम महत्त्वको छैन्। यस क्षेत्रमा पर्यटन विकास गर्न सकिने यस्ता पूर्वाधारहरू यथेष्ट रूपमा विद्यमान छन्।

खुल्ला संग्रहालयको रूपमा रहेकोलेयहाँ पुरातात्त्विक भग्नावशेषहरू उपलब्ध भएका छन् । दानव, तिनाउ, बैराखोला, राजखोल, रोहिणी, झरही, दण्डा आदि नदीको छेउँ छाउँमा विकसित प्राचीन संस्कृति र सभ्यताका केन्द्रहरू अहिले प्रायः बेवारिस अवस्थामा देखिन्छन् । प्राचीन समयमा ठूला बस्तीहरू नदीदेखि केही टाढा र स-साना बस्तीहरू नदीको नजिकै बिस्तार गरिएको पाइन्छ । त्यसैगरी स्तूप, मठ र मन्दिरका कैयन् भागहरू नदीले काट्दै छन्। हिन्दु, बौद्ध र मुस्लिम धर्मावलम्बीहरूरहेको यस क्षेत्रमा विभिन्न धार्मिक अनुष्ठान एवं उत्सवहरू समेत सम्पन्न गरिन्छन् । शैव भक्तमा महादेव, रूद्र, पशुपति, गणेश, वैष्णवभक्तमा विष्णु, नारायण, श्रीधर, बराह, नरसिंह, राम, कृष्ण र शाक्तमा महाकाली, सरस्वती, पार्वती, राधा, समयमाई, कारणीमाई आदि देवदेवी प्रति आस्था राख्ने गरिन्छ । बौद्ध धर्म अर्न्तगत हीनयानीको संख्या सीमित छ भने महायानमा बज्रयान, तन्त्रयान र मन्त्रयानको प्रभाव केही बढी छ। यहाँ मुस्लिम धर्मको समेत अस्तित्व छ। धार्मिक स्थलहरूको समेत सामूहिक रूपमा विकास एवं विस्तार गरिएको देखिन्छ । यहाँ हिन्दूहरूका रामेश्वर, केदारनाथ, बद्रिनाथ र जगन्नाथ सरहका चारधाम गर्न सकिने महत्त्वपूर्ण स्थलहरू छन् । पवित्र नदीको तटमा अवस्थित घाटहरू जन्मदेखि मृत्यु पर्यन्तसम्म विशेष महत्त्वपूर्ण स्थल मानिदै आएका छन् । लौकिक एवं पारलौकिक शान्ति एवं सन्तुष्टिको निम्ति सम्पन्न गरिने विभिन्न क्रियाकलापले एकातिर मनोवैज्ञानिक प्रभाव परेको देखिन्छ भने अर्कोतिर आन्तरिक रूपमा पर्यटकहरू आउने गर्दछन् । यसरी नै लुम्बिनी, देवदह र बुटवल समेत बौद्ध धर्माबलम्बीहरू विभिन्न बौद्धमुलुकहरू जस्तै- जापान, थाइलैण्ड, भियतनाम, वर्मा, चीन, कोरिया, मङ्गोलिया आदिबाट आउनेको संख्या बृद्धि गराई उनीहरूको बसाइको अवधी लम्याउन सकिने छ। उनीहरूलाई आसपासका अन्य स्थलहरूमा समेत भ्रमण गराउन सके बढी उपलब्धि मूलक हुनेछ। यसरी यस क्षेत्रमा अवस्थित विभिन्न धार्मिक स्थलहरूको प्रचारप्रसार एवं अन्य पूर्वाधार खडा गरेमा तीर्थयात्रीय पर्यटन (Pilgrimage Tourism) को समेत व्यापक रूपमा विकास एवं विस्तार गर्न सकिन्छ।

यहाँ पाइएका केही कलावस्तुहरू लुम्बिनी र सैनामैना संग्रहालयहरूमा सुरक्षित छन् । यसरी यस क्षेत्रमा पाइएका कलावस्तुहरूलाई संगठित गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिने बलियो अवस्था विद्यमान छ ।य स क्षेत्रको धार्मिक एवं लौंकिक वास्तुकलामा आफ्नै मौलिकता एवं विशिष्टता विद्यमान छ । यिनका विभिन्न भागहरूमा निर्माणात्मक एवं उद्देश्यात्मक लक्षणहरू विद्यमान छन् । जगतिदेखि गजुरभागसम्म आंगिक अनुपात मिलेका यी देवालयहरूले पर्यटकहरूलाई लोभ्याउन सक्दछन् । बौद्ध वास्तुकलामा प्रस्तर स्तम्भ (Monolithic Stone pillar), स्तूप, बिहार एवं गन्धकुटी छन् । लुम्बिनीका अशोक स्तम्भ पाकिस्तान र भारतमा झैं एउटै ढुङ्गाले बनाइएका छ । लुम्बिनीको ब्राम्ही लिपिको अभिलेखले त यस क्षेत्रको आधिकारिकता पुष्टि गरेको छ । शिरोभागमा प्रतिष्ठापित घोडाको आकृति उपलब्ध नभए पनि स्थान र अवशेष भने उपलब्ध छ । बौद्ध स्तूपहरू मध्ये लुम्बिनीका प्राचीन स्तूपहरू महत्त्वपूर्ण छन् । मध्यकालीन गर्भ, हर्मिका, त्रेहभुवन र छत्रावली समेतका अङ्गले युक्त स्तूपहरू पनि बौद्ध धर्म र दर्शनको केन्द्रको रूपमा रहेका छन् । प्राचीन विहारका खण्डहरहरू लुम्बिनी उत्खनन् गरिएका छन् भने कैयन् ढिस्काहरूमा यिनको अस्तित्व पुरिएको अवस्थामा छ । भिक्षु र भिक्षुणीहरूको विश्रामस्थल समेत भएको हुनाले ध्यान गर्ने स(साना कोठाहरूको साथै आवासीय भागहरू समेत बनाइएका छन् । बुटवलको पद्म विहार, सिद्धार्थनगरको जेतवन विश्व शान्ति विहार, शान्ति बिहार, लुम्बिनीका विभिन्न विहारहरू आदि पनि बौद्ध अनुयायीका केन्द्र भएको हुनाले स्वदेशी एवं विदेशी पर्यटकहरूको आकर्षक क्षेत्र बनेका छन् । मायादेवीको प्राचीन मन्दिर अहिले नयाँ ढाँचामा निर्माण गरिएको गन्धकुटी हो । यसको गर्भमा बुद्ध जन्मेको दृश्य अङ्कित (Nativity Sculpture) र त्यसको प्रतिकृति (Replica) समेत प्रतिष्ठापित छन् । यो मूर्ति नेपाल र भारतमा उपलब्ध भएका अन्य बुद्ध जन्मेका दृश्य अङ्कित झलक भन्दा महत्त्पूर्ण छ ।

लौकिक वास्तुकलामा राजदरवार, पर्खाल, खाई, पहाडको टाकुरोमा सामरिक दृष्टिले महत्त्वपूर्ण मानिने मध्यकालीन राजदरबार, पाटी, पौंवा, धर्मशाला, ढुङ्गेधारा आदि पनि यस क्षेत्रका आकर्षक माध्यम हुन् । प्राकृतिक सम्पदाको अवलोकन गराउनुको साथै सांस्कृतिक क्षेत्रहरूको भ्रमण गराएमा उनीहरूको बसाइ लम्भ्याउन सकिन्छ ।

यस क्षेत्रमा धार्मिक एवं सामाजिक परम्पराबाट निर्देशित विभिन्न चाडपर्व, जात्रा र उत्सवहरू प्रत्येक वर्ष मनाउने गरिन्छन् । बैशाख शुक्ल पूर्णिमामा लुम्बिनी लगायतका स्थानहरूमा बुद्ध जयन्ति मनाउने गरिन्छ । यस अवसरमा हिन्दू एवं बौद्ध धर्मावलम्बीहरू रथ जात्रा तथा धारिणी स्तोत्रपाठमा सहभागी हुने गर्दछन् । काठमाडौं उपत्यका भित्र नेवार समूहमा प्रचलित आफन्तहरूको मृत्युको सम्झनामा मनाउने गाईजात्रा भैरहवा, बुटवल आदि सहरहरूमा भाद्र कृष्ण पक्षमा गाई र नक्कली गाईको साथमा बाजागाजा सहित भोज भतेर गरी मनाउने गरिन्छ । भाद्रकृष्ण अष्टमी र नवमीमा बुटवल बजारमा नारायणको रथयात्रा सहित सम्पन्न गरिने नारायण जात्रा, भाद्र कृष्णाष्टमी जात्रा, कार्तिक शुक्ल एकादशीमा मनाइने एकादशी, माघे संक्रान्ति वा माघी, फगुवा, चैते पूर्णिमा, छट, इद आदि मेलाहरू विशेष उल्लेखनीय छन् । आश्विन शुक्ल अष्टमी, नवमी र दशमीको दसै भव्य रूपमा सम्पन्न गरिन्छन् । कार्तिक शुक्ल द्वादशीको दिनमा तिहार पर्व मनाइन्छ । मार्ग महिनामा बिभिन्न समूहले आ-आफ्नो कुलपूजा वा देवाली पूजा सम्पन्न गर्ने प्रचलन छ । विभिन्न शिवालयहरूमा फागुन कृष्ण चतुर्दशीको रातमा महादेवको जीवन चर्याको अनुकरण गरी शिवरात्रि पर्व मनाइन्छ । चैत्र कृष्णाष्टमी र रामनवमी पर्व पनि स्थानीय परम्परा अनुसार मनाउने प्रचलन छ भने चैत्र शुक्ल पूर्णिमाको अवसरमा लुम्बिनीमा करिब १ हप्तासम्म मेला सम्पन्न गरिन्छ । यहाँ नेपाल र भारतका विभिन्न ठाउँबाट दर्शकहरू आउने गर्दछन् । यी विभिन्न चाड, पर्व, जात्रा र नृत्यलाई व्यवस्थित गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ ।

यस क्षेत्रमा विभिन्न जाति र समूहहरूको सामाजिक रहनसहन, खानपिन, बस्त्राभूषण, संस्कार, चाडपर्वोत्सव आदि परम्परामा आफ्नै मौलिकता जीवन्त रहेको छ। ब्राह्मण र क्षत्रीहरूको बसोबास छ। मगर, गुरूङ्ग आदिको जीवन शैलीमा दोहोरी गीत, भ्याउरे गीत, करुवा नृत्य, सोरठी एवं मारुनी नृत्यहरू विशेष आकर्षक छन्। यसक्रममा रिसोट तथा रेष्टुरेष्टमा दोहरी साँझ कार्यक्रमहरू व्यवसायिक रूपमा विस्तार गर्ने जमर्को गरिएको छ। यहाँका आदिबासी थारूको पनि मौलिक परम्परा जीवन्त छ। उनीहरूलाई विशेष राहत दिई मौलिकता जगेर्ना गर्दै प्रचार प्रसार गरेमा ग्रामीण पर्यटनको साथै सांस्कृतिक पर्यटन समेत प्रभावकारी हुने देखिन्छ। मुसलमानहरूको जीवन चर्याबाट पनि पश्चिम एसियाका पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ। यसरी विभिन्न जातिहरूको संरक्षण गरी सांस्कृतिक क्रियाकलापहरू संगठित गरेमा स्वदेशी एवं विदेशी पर्यटकहरूलाई लोभ्याउन सकिने प्रशस्त पूर्वाधारहरू यस क्षेत्रमा विद्यमान छन्।

तराईमा समेत धामी, झाँक्री, गुरूबा, भर्रा, लामा, तन्त्रमन्त्र, भुतप्रेत आदि परम्पराहरू लोक जीवनमा प्रचलित छन्। यस्ता परम्पराहरूलाई आधुनिक वैज्ञानिक ढाँचाबाट परिमार्जन गर्नु परेको छ भने यिनको प्रभाव बारे आगन्तुकहरूलाई सूचना दिएमा रोचक एवं आकर्षक माध्यम बन्न सक्दछन्। विभिन्न समूह र जातको कुलपूजा गर्ने पुजारी र धामी आफ्नै मौलिक परम्पराबाट निर्दिष्ट हुन्छन्। विभिन्न मठ, मन्दिर, विहार, घाट आदिमा पूजा गर्ने, धार्मिक ग्रन्थ वाचन गर्ने पण्डित एवं पुरोहितहरू समेत कुलगत रूपमा कायम गरिएका हुन्छन्। आफ्नो घरदैलोमा आएका पाहुनालाई देवतुल्य मान्ने आदर्शता कायम भएको हुनाले स्वदेशी एवं विदेशी पर्यटकहरूलाई ती गाउँ ठाउँहरूमा पुऱ्याउनु पर्दछ। यहाँको सामाजिक संरचना, महिलाहरूको प्रतिष्ठा र अवस्था, शिक्षा, पारिवारिक बनावट, परम्परागत उत्पादन र वितरण पद्धती, मनोरञ्जनका साधन, समतल तथा चुरे भू-भाग, ताल, वन, वन्यजन्तु आदि पर्यटकहरूलाई आकर्षित गर्ने माध्यम हुन्।

यो क्षेत्र जति सांस्कृतिक सम्पदाले परिपूर्ण छ। त्यति कै प्राकृतिक सम्पदायुक्त भएको हुनाले यहाँ पर्यावरणीय, पहाडी, प्राकृतिक, साहसिक आदि पर्यटन उद्योग समेत सञ्चालन गर्न सकिन्छ। जति वाह्य पर्यटकहरूलाई आकर्षित गरी फाइदा लिन सकिन्छ, त्यति नै आन्तरिक पर्यटनबाट पनि उपलब्धि हासिल गर्न सक्ने ढङ्गबाट सदाबहार, दिगो, समूहगत एवं गुणस्तरीय पर्यटन संचालनमा यहाँको प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, प्रथा एवं परम्पराको अनुपम संगमस्थल भएको हुँदा अवलोकन एवं तीर्थाटन गरे गराएमा भौतिक जीवनमा समेत विशेष उपलब्धि हुनेछ। युगानुकूल सम्पदाको दोहन गरी सामाजिक तथा आर्थिक रूपान्तरणमा सहयोग मिल्ने छ।

प्राचीन शाक्य वंशी गणतन्त्रात्मक राज्यको क्षेत्राधिकारमा पर्ने सैनामैना एउटा प्राकृतिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक तथा धार्मिक दृष्टिले सुसम्पन्न पवित्रस्थल हो। गौतम बुद्धको पवित्रभूमिमा पर्ने यो क्षेत्र वर्तमान अवस्थामा पनि शान्ति र संमृद्धिको थलोको रूपमा काँचुली फेर्ने तरखरमा लागेको छ।

बढदो बसाइसराइको कारणले यस क्षेत्रको जनघनत्व तिब्रतर ढङ्गले बढ्दैगएको छ। यहाँ मुर्गिया, सालझण्डी, रानीबगीया जस्ता बस्तीहरू घना रूपमा रहेका छन्। यसको भौतिक पूर्वाधार विकास, समृद्धि तथा सुखी जनजीवनको निम्ति नगरपालिकाले विभिन्न अभियानहरू प्रस्तावित गर्दैआएको छ। खासगरी यहाँको उर्बरा भूबनावट, कृषि योग्य जग्गाजमिन, सिंचाइको सरलता, स्थानीय बासिन्दाको जोश र जाँगरलाई सम्मान गर्दै कृषि व्यवसायलाई पहिलो प्राथमिकता प्रदान गरिदैआएको छ। त्यसैगरी नेपाल सरकारको लक्ष्य बमोजिम नै यस क्षेत्रको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अत्यधिक सदुपयोग गर्दै पर्यटन उद्योगलाई दोस्रो प्राथमिकतामा

राखिएको छ। यसको निम्ति यहाँका पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक धरोहरहरूको जे जति महत्व छ त्यत्ति नै प्राकृतिक सम्पदाहरूको औचित्यता र सान्दर्भिकता रहिआएको छ। बलियो पर्यटकीय पूर्वाधार रहेकोले यस नगरपालिकाले सैनामैना पर्यटकीय क्षेत्र विकार गर्ने जमर्को गरेको छ, जसको पहुँच तथा संक्षिप्त विशलेषात्मक स्परूप वारे प्रकाश गारिन्छ।

## १३.२ पर्यटकीय पहुँच (Approach of Tourism)

विश्वका विकसित एवं सम्पन्न मुलुकहरूबाट विकासोन्मुख मुलुकतिर मौद्रिक प्रवाह ल्याउने धुवाँरहित पर्यटन उद्योग आज सांस्कृतिक एवं प्राकृतिक सम्पदायुक्त राष्ट्रहरूको चर्चित एवं बहुआयामिक स्रोतको रूपमा स्थापित भएको छ। राष्ट्रहरूले वैदेशिक मुद्रा आर्जनमात्र नगरी यसको पूर्वाधारको निम्ति तयार गरिएका साधन र स्रोतले समाजको आर्थिक, शैक्षिक, सामाजिक, भौतिक, सांस्कृतिक आदि स्तर नै समुन्नत एवं परिमार्जित हुन पुग्दछ। जुन क्षेत्र र गाउँको प्राकृतिक र सांस्कृतिक सम्पदामा अतिथि रमाउँछन, त्यहाँका बासिन्दाहरूले होटेल, पथप्रदर्शक, नृत्य, गायन, घरेलु उत्पादनका सामग्री बिक्री वितरण जस्ता सरल र सहज माध्यमद्वारा पैसा कमाउँछन्। क्षेत्रीय विकासको निम्ति यस्को जे जति महत्व छ, त्यति नै रोजगारका अवसरहरू सृजना गर्नमा अह्म भूमिका रहेको हुन्छ। यस उद्योगमा दक्ष, अर्धदक्ष एवं अदक्ष जनशक्तिको खपत हुने गर्दछ। पर्यटन विकासको लागि आवश्यक पर्ने पूर्वाधारमध्ये यातायात, आवास, स्थानीय आकर्षण, सत्कार, मनोरञ्जन यस क्रममा गौतम बुद्धको जन्मस्थल रहेको लुम्बिनी क्षेत्र पर्यटन उद्योगको निम्ति अत्यन्त उर्बरा भूमि हो।

विश्वको दोस्रो मानव समूह र एसियाको पहिलो प्राचीन मानव रामापिथेकसको अस्तित्व फेला परेको बुटवल, देवगणको संगमस्थल भनिने देवघाट, जोसमनी सम्प्रदाय केन्द्र रेसुङ्गा आदि स्थानहरू यहाँ रहेकाछन्। रुरु, श्रृंगा, रेसुङा, देवघाट, त्रिवेणी, बुद्धको क्रिडास्थल कपिलवस्तु, मावली देवदह-रामग्राम, राम्दीघाट, रम्भापानी, माण्डव्य तपोभूमि आदि पुरातात्विक एवं सांस्कृतिकस्थलहरू रहेका छन्। पवित्र यो भूमि प्रकृतिका महत्वपूर्ण उपजहरूले पनि भरिपूर्ण छ। पवित्र नदी तिलोत्तमा, रोहिणी, नारायणी, तेलार, वाणगङ्गा, नवलपुरका नन्दन ताल, नन्दभाउजू ताल, महलपोखरी, देवगाउँ ठूलोपोखरी, हरपुर देवीस्थान पोखरी, रूपन्देहीका गैडहवा ताल, गजेडी दानापुर ताल, चिल्हिया नन्दभाउजू ताल, पाल्पाको सत्यवती ताल, पर्वासको कमलपोखरी, खाँची ठाडाको कमलपोखरी आदि प्राकृतिक दृष्टिले आकर्षक सम्पदाको रूपमा रहेका छन्। धार्मिक सहिष्णुता र उदारताको अनुपम संगमस्थल रहेको लुम्बिनी क्षेत्र नेपालको लागि मात्र महत्वपूर्ण नभई विश्वमानवको दृष्टिमा पनि विशेष पवित्र थलोको रूपमा रहेको छ। यस परिवेशमा यस क्षेत्रमा स्थानीय साधन र स्रोत परिचालन गरी पर्यटन उद्योग मार्फत क्षेत्रीय विकास सन्तुलन गर्न सकिने प्रबल पूर्वाधारहरू रहेकोले लुम्बिनीको सेरोफेरोमा रहेका पर्यटकीय उत्पादनमूलक सम्पदामा सीमित भई यो रचना तयार पारिएको छ ।

## १३.३ विद्यमान अवस्था (Present Position)

पर्यटकलाई आकर्षित गर्ने सम्पदाहरूमा प्राकृतिक तथा सांस्कृतिक पक्षनै नेपालमा प्रभावकारी रहिआएका छन्। यस क्रममा यहाँ एक करोड दस लाख बर्ष पुरानो रामापिथेकस मानवको दन्तावशेष वि. सं. २०३७ सालमा बुटवल नजिकै तिनाउ नदी किनारमा डा. मुन्थे समेतका व्यक्तिहरूले फेला पारे। त्रिवेणीघाटसमेत नारायणी नदीको छेउँमा पुरापाषणकालीन उपकरण र नवलपरासी जिल्लाको डण्डा कोटट्टाडीमा नवपाषणकालीन प्रस्तरउपकरण फेला पारिए। यसलाई नेपालकै नवपाषण उपकरणको नमूनाको रूपमा लिइएको छ। यसरी नै नारायणी नदीको आसपासमा पाषापणकालीन औजारहरू प्राप्त भएका छन्। ढुङ्गेयुगका मानिसहरू बसोबास गर्न सक्ने महाभारत श्रृंखला एवं चुरे पहाड, राप्ती नदीदेखि नारायणीसम्म

रहेकोले यस क्षेत्रमा पाषणयुगीन मानवहरू बसोबास गरेको देखिन्छ। मानव उत्पत्ति देखि ई. पू. आठ हजार बर्षको आसपाससम्म लुम्बिनी अंचलको भौगोलिक क्षेत्रमा प्राचीन संस्कृति विकास भएको देखिन्छ।

कपिलवस्तुमा कपिलमुनिको अस्तित्व, करिब ई.पू.तेह्रौ शताब्दीको प्राचीनता फेला पर्नु, भारतको हस्तिनापुरको सभ्यतासँग मिल्ने ई. पू. नवौं शताब्दीदेखि पुरावशेष उपलब्ध हुनु, बञ्जराहीमा झुपडीको अस्तित्व भेटिनु, वेदमौंमा प्राचीन माटाका भाँडावर्तनका टुक्रा पाइनु, यस क्षेत्रका नदीतटमा साना-ठूला बस्तीको अस्तित्व भेटिनु, लुम्बिनीमा ई. पू. तेह्रौ शताब्दीको अस्तित्व देखिनु, देवदह र रामग्राममा कोलीयहरूको शासन व्यवस्था देखा पर्नु आदि विशेष महत्वपूर्ण सन्दर्भ हुन्। कपिलवस्तु क्षेत्रमा ई. पू. तेस्रो शताब्दीमा सम्राट अशोकले लेखाएका दुईवटा शिलालेखहरू लेखाउनु अघिको सभ्यता र संस्कृति प्राक-इतिहास र इतिहासको दोसाँधमा खडा छ। अतः यी सन्दर्भहरूले यस क्षेत्रमा प्राक-ऐतिहासिक सभ्यता विकास भएको पुष्टि गर्दछन्। कपिलवस्तु र लुम्बिनीमा उपलब्ध अशोक स्तम्भले यस क्षेत्रको प्रमाणिकता अझ बलियो बनाएका छन्। बौद्ध धर्म र संस्कृतिको महत्वपूर्ण केन्द्र हुँदा सम्राट अशोक गुरु उपगुप्तको साथमा विभिन्न बौद्ध तीर्थस्थलहरू भ्रमण गर्ने क्रममा यहाँ आइपुगेका थिए। उनले ब्राह्मी लिपि पाली भाषामा लेखाएका दुईवटा अभिलेखहरूले बुद्धको पैंतृकराज्य तथा जन्मस्थल किटान गर्न मद्दत पुऱ्याएका छन्। उनी पछि स्वदेशी एवं विदेशी व्यक्तिहरू यहाँ आउनेक्रममा ईशाको पाँचौ र सातौं शताब्दीमा क्रमशः फाहियान तथा हुएन-साँग आउँदा स्मारक, पुरावशेष र केही भिक्षुहरूमात्र रहेको उल्लेख गरेका छन्। यहाँको घनाबस्ती ई. पू. पाँचौ शताब्दीतिर नै विडुद्धकले तहस-नहस पारेकोले धर्मभीरु व्यक्तिहरूमात्र रहेको देखिन्छ। यहाँ मौर्य, शुङ्ग, कुषाण, गुप्तादि प्रविधि र परम्पराका माटाका मूर्तिहरू, छाप, माला, मुद्रा, भाँडावर्तन आदि कलावशेष समेत पाइएका छन्। बुटवल जितगढी लगायतका क्षेत्रहरू पुरातात्विक साक्षी रोहवरमा खडा छन्।

यहाँ आउने पर्यटकहरूलाई समूहगत रूपमा भित्राउँदा प्रायः भारतका विभिन्न ट्राबल एजेन्सीहरूले बुकिङ गरी केही घण्टाको यात्रामा लुम्बिनीको दर्शन गराई फर्काउने प्रचलन भएको हुनाले यसको आसपासमा पर्ने सयौं ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक एवं प्राकृतिकस्थलहरू ओझेलमा परेका छन्। त्यसैगरी धार्मिक एवं लौकिक वास्तुकलाको क्षेत्रमा पनि उत्कृष्ट नमूनाहरू यहाँ अवस्थित छन्। बौद्ध स्तूप, विहार, गन्धकुटी, हिन्दू प्यागोडा र शिखर मन्दिरहरू, प्राचीन प्रविधि र शैलीमा आधारित तिलौराकोट राजदरबार क्षेत्र, चौबीसी राज्यका सामरिक दृष्टिले समेत सम्पन्न अर्घाकोट, खाँचीकोट, इश्माकोट, गुल्मी चारपाला, पाल्पा पुरानोकोट, बुटवल रंगमहल आदि दरबारका भग्नावशेषहरूले जीउँदो इतिहास समेटेका छन्। त्यसैगरी वास्तुकला र कलाको दृष्टिले अनुपम पाटी, पौवा र धर्मशालाहरूसमेत यहाँ अवस्थित छन्। खासगरी पैदलयात्राको समयमा विश्रामस्थलको रूपमा उपयोग गरिएका पौवाहरू अहिले प्रायः त्याज्य एवं भग्न अवस्थामा छन्। यसक्रममा मथुरा पाटी, चिसापानी पाटी, बल्कोट, गैडीखुट्टा, रिडी सत्येश्वर पौंवा आदिलाई लिन सकिन्छ। विभिन्न सडक सञ्जाल, विमानस्थल, हवाइ सेवा, होटेल व्यवसाय, सडकको स्तर बृद्धि, पर्यटन सूचना केन्द्र, क्षेत्रीय पर्यटन विकास समितिको गठन, स्थानीय उत्पादनमा केही प्रोत्साहन, लुम्बिनी गुरु योजनाको कार्यान्वयन आदि केही सकरात्मक क्रियाकलापहरू संचालित छन्। तर यसको गति मन्द रहेको अवस्था छ। यो सञ्जाललाई सैनामैनासँग जोड्नु पर्दछ।

### १३.४ नगर क्षेत्रका संभाव्यताहरू (Possibilities in the Municipality Area)

पर्यटन उद्योगको निम्ति विभिन्न पूर्वाधारको विकास र विस्तार हुनुपर्दछ। सर्वप्रथम मनै लोभ्याउने खालका पर्यटकीय उत्पादन (Attractive Products), यातायात, आवास, संचार, सूचना, सञ्जाल, मनोरञ्जनका साधन र स्रोतको व्यवस्थापन जस्ता पक्षहरू सबल र सक्षम हुनुपर्ने तथ्य यसको विश्वव्यापी इतिहासले देखाएको

छ। चुरेपहाड र समतल तराईको संगमस्थलको रूपमा रहेको सैनामैनाको पर्यटकीय उत्पादनमा प्राकृतिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक दृष्टिले जति सम्पन्न अवस्थामा छ त्यत्तिनै ऐतिहासिक धरोहरहरूले सुसम्पन्न अवस्थामा रहिआएको छ, जसको यथार्थ विवरण यथास्थान प्रस्तुत गरिएको छ।

### १३.५ यातायात (Transportation)

यातायातको हकमा नेपालको पूर्वपश्चिम राजमार्गले यसलाई सहज र सरल पहुँचमा पुऱ्याएको छ। करिब १८ कि.मी यस नगरपालिका क्षेत्रमा पर्दछ। गौतम बुद्धको पवित्र जन्मस्थल तथा शान्तिभूमि लुम्बिनी पुग्ने सिधा तीनवटा पक्की सडकहरू संचालित अवस्थामा रहिआएका छन् भने निकटमा रहेको पश्चिम नेपालकै व्यापारिक तथा औद्योगिक नगर बुटवलसम्मको पहँच सहज छ। हवाइ सेवाको हकमा यसको करिब २२ कि.मी.को दूरीमा गौतम बुद्ध क्षेत्रीय विमानस्थल संचालित छ। यहाँबाट स्वदेशी तथा विदेशी पाहुनाहरू समयमा नै यस नगरपालिकाका रमणीय क्षेत्रहरूको अवलोकन गर्नसक्ने अवस्था रहिआएको छ। पैदल आउने तेस्रो मुलुक तथा भारतीय पाहुनाहरूको निम्तिपनि सुनौली(बेलहिया नाका सहज रहिआएको छ। यस नाकाबाट..... भित्र यस नगर क्षेत्रमा प्रवेश गर्न सकिन्छ। लुम्बिनी आउने पर्यटकहरूलाई आन्तरिक बौद्ध तथा हिन्दु सर्किट मार्फत यहाँ पुऱ्याउन सकिन्छ। यस अर्थमा यो नगरपालिका र यसका आसपासका क्षेत्रहरू यातायातका दृष्टिले सुगम र सहज रहेका छन्। यसले पाहुनाको आगमनलाई कुनै असहज हुने अवस्था रहँदैन। उत्तरतर्फ पाल्पाको प्राकृतिकस्थल बल्डेङगढी र सांस्कृतिकस्थल रिब्दीकोट रिडिसम्म सिधा यातायात मार्ग जोड्ने योजना रहेको छ।

### १३.६ आवास (Accommodation)

यहा भ्रमणमा आउने पाहुनाको लागि बासको व्यवस्था गर्न होटेलहरू संचालित छन्। हाल... होटेलहरू रहेकोमा यसको स्तरीकरण गरी तारे होटेलहरूसमेत संचालन गर्नगराउन निजी क्षेत्रको सक्रियता रहिआएको छ। यसको निम्ति नगरपालिकाले सरल र सहज कानुनी आधार बनाई आवश्यक सहुलियतसमेत उपलब्ध गराउने नीति लिएको छ। हाइवेयको आसमासमा मोटेलको सामान्य प्रबन्ध हुँदैआएकोमा यिनलाई स्तरीकरण गरिदैलाने लक्ष्य रहेको छ। रिसोट, रेष्टुरेष्ट तथा होमस्टेसमेतको पूर्वाधार निजी, सामुदायिक तथा स्थानीय सरकारको संयोजनमा विकास र विस्तार गरिदैंआएको छ। यसको निम्ति आवश्यक नीतिनियमको तर्जुमा गरिदै छ। नगर क्षेत्रको अतिरिक्त बढी भीड भएको अवस्थामा नजिकै रहेको बुटवल तथा लुम्बिनीमा पनि उच्चस्तरीय सेवा पुऱ्याउन सकिने अवस्था छ।

### १३.७ संचार र सूचना (Communication and Information)

यस नगर क्षेत्रमा नेपाल टेलिकमले संचार सुबिधा उपलब्ध गराएको छ। यहाँका गाउँगाउँमा मोवायलसुबिधा रहेकोले स्वदेशी तथा विदेशी पाहुनाको लागि नेट, इन्टरनेट, वाइ-फाइ, टेलिफोन सेवा लगायतका विद्युतीय पूर्वाधारहरू रहेका छन्। संचारले विश्वव्यापी सञ्जाल (Global Networking) बनाउने भएकाले यसको निम्ति सैनामैना नगरपालिका क्षेत्र सरल रहेको छ। शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा आउने तीर्थालुहरू समक्ष यस क्षेत्रको महत्त्व र महिमा पुऱ्याउन सकेमा यहाँको पर्यटकीय पहँच बलियो बन्ने संभावना रहिआएको छ।

### १३.८ सञ्जाल (Connectivity)

यातायात र संचारको सुलभता रहेकोले यस क्षेत्रको सम्बन्ध र सम्पर्क अन्य क्षेत्रसँग जोडन सजिलो छ। बौद्धधर्म र संस्कृतिको केन्द्रको रूपमा अवस्थित लुम्बिनी, बुद्धले २९ बर्ष व्यतीत गरेको पैतृक थलो

कपिलववस्तुको तिलौराकोट, मानुषी बुद्ध क्रकुछन्दको पवित्रस्थल गोटिहवा र कनकमुनीको निग्लिहवा, बुद्धले शाक्यपरिवारका सदस्यहरूलाई पहिलो पटक भेटेको र दीक्षा दिएको भूमि कुदानसमेत यहाँ अवस्थित छन्। यी पवित्रस्थानहरूमा हजारौंको संख्यामा स्वदेशी तथा विदेशी पाहुनाहरू प्रतयेक बर्ष आउने गर्दछन्। उनीहरूलाई सैनामैना क्षेत्रको वारेमा यथाचित सूचना प्रवाह गरी यहाँका विभिन्न स्थलहरूप्रति आकर्षित गर्न सकिने प्रबल संभावना रहेको छ। जस्तैः प्रकृति र संस्कृतिको अनुपमस्थल मलमला देवीस्थान र रमणीय दृश्य, भैरवथान र लामी रहसमेतको प्राकृतिक दृश्य आदि चित्ताकर्ष र मनोरम रहिकाछन्।

## १३.९ पर्यटकीय उत्पादनहरू (Touristic Products)

पुरातात्त्विकस्थलहरू मानवीय कला, आस्था, विश्वास, परम्परा, आदर्शता, भाषा, साहित्य, धर्म, दर्शन आदिको साधना केन्द्र, आध्यात्मिक र भौतिक जीवनको सङ्गमस्थल भएकाले यस्ता सांस्कृतिक धरोहरहरू अभ्यस्त एवं पारखीपूर्ण नेत्रको निम्ति खुला पुस्तकको रूपमा रहेका हुन्छन् । साहित्यिक विश्लेषण तथा स्थलगत अन्वेषणद्वारा यस्ता स्थलहरूको वैज्ञानिक ढङ्गले पहिचान गरिन्छ । उत्खनन्, स्तरीकरण, कालनिर्धारण तथा सामान्यीकरण जस्ता प्रक्रिया मार्फत यथार्थ तथ्य प्रकाशमा ल्याइन्छ। प्रत्येक कलावस्तु र स्मारकमा सम्बन्धित मानवीय सभ्यता र संस्कृति प्रतिविम्बित हुन्छ। भू-सतहमा छरिएर वा छोपिएर रहेका पुरावशेषहरूमा मानवीय विकास, अस्तित्व एवं आस्था रहने हुनाले यस्ता पुरास्थलहरूमा जीवन्त स्मारकहरू सबुत प्रमाणको रूपमा खडा रहेका हुन्छन्। एक्काईसौं शताब्दीको फूर्सदिलो एवं मनोरञ्जनमा रमाउन चाहने मानवले विश्वको कुनाकाप्चामा पुगी प्राकृतिक एवं सांस्कृतिक सम्पदाको रसस्वादन गर्ने क्रममा यस्ता पुरानास्थलहरू अत्यन्त आकर्षक एवं मनमोहक भएको तथ्य विशेष स्मरणीय छ। आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आकर्षित गर्ने क्रममा यी स्थलहरूलाई ऐतिहासिक तथा सांस्कृतिक धरोहरको रूपमा उपयोग गर्न सकेमा पर्यटन उद्योग मार्फत नागरिकको आर्थिक तथा सामाजिक जीवनस्तरमा रूपान्तरण गर्नुका साथै राष्ट्रिय आयमा समेत प्रत्यक्ष सघाउ पुग्ने गर्दछ। पुर्खाको पौरख सांस्कृतिक गौरब इतिहासको गर्भमा रहने हुनाले यसको यथार्थ चित्रणको लागि प्राचीन स्थलहरूको अध्ययन एक अनिवार्य शर्त हो । यसै सिलसिलामा यस ग्रन्थमा पुरातात्विक तथा प्राकृतिकसम्पदाहरूको विशेष अध्ययन गरिएको छ, जसलाई यथास्थान प्रस्तुत गरिएको छ।

## १३.१० समस्याहरू

गैतम बुद्धको जन्मस्थल लुम्बिनी, उनको पैतृक राज्यको राजधानी तिलौराकोट, कनकमुनी बुद्धको जन्मस्थल अरौराकोट-निग्लिहवा, क्रकुछन्द बुद्धको जन्मस्थल गोटिहवा, सामगाम, रामापिथेकस मानव समप्राणिको दन्तावशेष फेला परेको तिनाउ आदि ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक सम्पदाहरू यसको सेरोफेरोमा रहेभएपनि यस क्षेत्रमा पर्यटकीय विकास प्रभावकारी रूपमा संचालन हुनसकेको छैन। यी सम्पदास्थलमा आउने आन्तरिक तथा बाह्य अतिथि सैनामैना क्षेत्रमा आकर्षित नहुनु, बल्लतल्ल पुगिहालेपनि एक दुई घण्टामै फर्किहाल्नु, नगर क्षेत्रकै पर्यटकीय गन्तव्य स्थलहरूको पहिचान नहुनु, पर्यटकीय पूर्वाधार तयार नहुनु, पर्यटकमैत्री सेवा नहुनु जस्ता समस्याहरू विद्यमान रहिआएका देखिन्छन् । यसको परिणामस्वरूप नगरबासीको गार्हस्थ उत्पादन, रोजगारी सिर्जना तथा नगरपालिको राजस्व बृद्धिमा अपेक्षित योगदान पुग्न सकेको छैन।

## १३.११ चुनौती

आवश्यक भौतिक पूर्वाधार विकास गर्नु, पर्यटकीय गन्तव्य स्थलहरूको पहिचान गर्नु, सूचना, संचार र सुरक्षाको प्रभावकारी व्यवस्था गर्नु, छिमेक गाउँपालिका तथा नगरपालिकासँग स्वच्छ प्रतिस्पर्धाको सामना गर्नु

जस्ता चुनौतीहरू रहेकाछन्। नेपाल सरकारले नेपालको विकास योजनालाई व्यवस्थित गर्ने सिलसिलामा वि.सं. २०१३ साल देखिनै पर्यटन उद्योगलाई विशेष जोड दिएपनि कानुनीरूपमा २०२१ सालमा पर्यटन ऐन लागु गरेको थियो। सम्पदा संरक्षण तथा पर्यटन विकासको लागि विभिन्न ऐन नियमहरू प्रभावकारी रहँदै आएका छन्। प्राचीन स्मारक संरक्षण ऐन २०१३, अध्यागमन ऐन २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९, अध्यागमन नियमावली २०५१, पर्यटन नीति २०५२, पर्यटन ऐन २०५३, नेपाल पर्यटन बोर्ड ऐन २०५३, औद्योगिक व्यवसाय ऐन २०५४, स्थानीय स्वायत्त शासन ऐन २०५५ आदि लागु गरिएका छन्। पर्यटन नीतिमा स्थानीय उत्पादन र आयआर्जन, विदेशी मुद्रा आर्जन, रोजगारका अवसर सिर्जना, आयलाई समानुपातिक ढङ्गले ग्रामीणस्तरसम्म पुऱ्याउने गरी क्षेत्रीय सन्तुलन कायम राख्ने र राष्ट्रको छबि विस्तार गर्ने लक्ष्य निर्धारण गरिएको छ। तर यसको कार्यान्वयन पक्ष भने खासै प्रभावकारी हुन नसकेकोले निजी क्षेत्रसमेत बेलैमा चनाखो हुनु आवश्यक छ। यसै सिलसिलामा यस अध्ययन क्षेत्रमा विद्यमान रहेका प्रमुख चुनौतीहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ।

१. प्रचारप्रसारको कमी
२. यातायातको स्तरीय समुचित व्यवस्थाको अभाव
३. आवास, होटेल तथा अतिथिगृहको समुचित व्यवस्थापनको कमी
४. आकर्षण सौन्दर्यको कमी
५. शौचालयको सीमितता
६. दक्ष पथ प्रदर्शकको अभाव
७. जनचेतनाको कमी
८. पर्यटकीय हस्पिटलको अभाव
९. स्थानीय घरेलु सामग्रीको उत्पादन तथा बिक्री वितरणको कमी
१०. पर्यटक सूचना केन्द्रको कमी
११. स्तरीय पर्यटकीय सामग्रीको अभाव
१२. पर्यावरणीय सन्तुलन कायम राख्ने योजनाको अभाव
१३. सरकारी तथा गैरसरकारी निकायबीच समन्वय संयन्त्रको कमी
१४. अस्थिर व्यवस्थापन पक्ष
१५. सूचना तथा संचारको कमी
१६. सरकारी तथा गैरसरकारी क्षेत्रको समायोजनको अपारदर्शिता
१७. शान्ति सुव्यवस्था आदि।

यसको आसपासका क्षेत्रमा पर्यटन विकासको माध्यमद्वारा यहाँका बासिन्दाको जीवनस्तरमा सामाजिक तथा आर्थिक रूपान्तरण ल्याउने नीति अनुरूप विभिन्न कार्ययोजनाहरू सञ्चालन गरिनु पर्दछ। गरिबी निवारण, सामुदायिक सशक्तिकरण, सहभागिताका साथमा जनशक्तिको विकास मोडेलको रूपमा विश्वशान्ति नगरको अभियानलाई साकार बनाउन सकिन्छ। करूणा, स्वतन्त्रता, मैत्री, समानता र सहिष्णुताको आधारमा शान्ति सहर बन्न सक्दछ। रोम सहर, भ्याटिकन सिटी, जेरूसलम वा मक्कामदिना एक दिनमा बनेका होइनन्, यी त लामो समयको प्रयत्न र लगानीको उपज भएझैं सैनामैनाको पर्यटकीय कार्ययोजनालाई जिल्लास्तरीय सञ्जालमा राखी चक्रपथको आधारमा सबै क्षेत्रको विकास गर्नु पर्दछ। राजनैतिक दलहरूले सत्तासीन वा सत्ताविहीन हुँदा समेत योजनालाई अविच्छिन्न रूपमा सञ्चालन गर्ने प्रतिबद्धता जाहेर गर्नु पर्दछ। विरोधको निम्ति बिरोध गर्ने संस्कार सदाको लागि अन्त्य गरिनु पर्दछ।

### १३.१२ अवसर

नेपालको पूर्वपश्चिम मेरुदण्डको रूपमा अवस्थित महेन्द्र राजमार्ग नगरपालिका क्षेत्रमा पर्नु, यसको दक्षिणमा पर्ने भैरहवामा अन्तर्राष्ट्रियस्तरको गौतम बुद्ध बिमानस्थल संचालनको लागि अन्तिम अवस्थामा पुग्नु, मनो रेल र रेल निर्माणसेवाको प्रारम्भिक कार्य थालनी हुनु, उत्तर-दक्षिणपट्टिपनि सडक सञ्जालले जोडिनु, नगरपालिका क्षेत्रभित्र र आसपासका गन्तव्यस्थलहरूको पहिचान र बजारीकरणको निम्ति स्थानीय सरकार, सार्बजनिक निकाय र निजी क्षेत्रको क्रियाशीलताले लगानी मैत्री वातावरण बन्नु, संचार र सूचनाको पहुँचमा हुनु, लुम्बिनी आएका स्वदेशी तथा विदेशी पाहुनालाई कञ्चन हुँदै सैनामैना क्षेत्रमा भित्राउन सहज हुनु र भारतीय पाहुनालाई बेलहिया तथा कक्रहवा नाकाबाट भित्राउन सकिने अनुकूल भौगोलिक सुगमता हुनु जस्ता अवसर सैनामैनामा रहेकाछन्।

### १३.१३ दीर्घकालीन सोच

पर्यटन उद्योगको विकास र विस्तार गरी समृद्ध नगरपालिका र सुखी नगरबासी बनाउने।

### १३.१४ लक्ष्य

धुवाँरहित पर्यटन उद्योगको विकास तथा प्रबर्धन गरी नगर र नगरबासीको आय बृद्धि तथा रोजगार सिर्जना गरीगराई यसको लाभ घरघरमा पुऱ्याउने।

### १३.१५ उद्देश्य

(क) नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय अवसरहरूको पहिचान, बजारीकरण र प्रबर्धन गर्नु।
(ख) आय र रोजगारीको सिर्जना गरी समानुपातिक समावेशी वितरण गर्नु।

### १३.१६ रणनीति

१. यस नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय सम्पदाको संरक्षण तथा प्रबर्धनसहित भौतिक पूर्वाधार निर्माण गर्ने।
२. नयाँ गन्तव्यस्थल तथा परम्परागत मूल्य मान्यताको पहिचान र प्रबर्धन गर्ने।
३. पर्यटकीय उत्पादन (Tourist Product) को बजारीकरण गर्ने।
४. सूचना, संचार, सुरक्षा र व्यवसायिकमूलक पर्यटकीय सञ्जाल (Connectivity) तयार गर्ने।
५. आय र रोजगार सिर्जना गरी जीवनस्तरमा परिवर्तन ल्याउने।

### १३.१७ कार्यनीति

१. नगर क्षेत्रका ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको लगत खडा गरी तारवार सहित संरक्षण तथा प्रबर्धन गरिने छ।....१
२. धार्मिक तथा सामुदायिक वनजंगल, ताल, पोखरी आदिको संरक्षण गरी प्रकृति तथा पर्यावरणीय पर्यटन विकास गरिने छ।....१
३. पर्यावरणीय अनूकुलताको आधारमा वनभोजस्थल निर्माण गरिने छन्।.....१
४. पर्यटकीय स्थलसम्म पुग्ने आधारभूत सडक, पिउने पानी, विद्युत्को व्यवस्था गरिने छ।....१
५. एघारबटै वडा कार्यालय मार्फत आ-आफ्ना वडामा रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाको सूची तयार गरिने छ।.....२

६. नगरपालिका क्षेत्रमा बसोवास गर्ने विभिन्न जातजाति, धर्म, पेशा आदिमा आबद्ध समुदायको चाडपर्व, जात्रा, कुलपूजा, संस्कार आदि अमूर्त संस्कृतिको लगत बनाई प्रबर्धन गरिने छ।...२
७. परम्परागत मान्यताको आधारमा विद्यमान धामी, झाँक्री, सोका, भर्रा, गुरुवा आदिको पहिचान गरिने छ।.... २
८. यहाँका आकर्षक सम्पदाको प्रचारप्रसारमा स्थानीय, क्षेत्रीय तथा राष्ट्रियस्तरका रेडियो, टेलिभिजन र पत्रपत्रिका मार्फत विज्ञापन गरिने छ।... ३
९. पर्यटकीय उत्पादनका वारेमा पुस्तक, पुस्तिका, नक्सा, ब्रोसर, लिफ्लेट, टिकट, स्टिकर आदि सामग्री तयार गरिने छ।.... ३
१०. स्थानीय उत्पादित सामग्रीहरू सहज र सर्बसुलभ ढंगले पाहुनाले उपलब्ध गर्नसक्ने गरी सहकारी मार्फत कोसेली घर संचालन गरिने छन्।....३
११. नगरपालिकाका विभिन्न स्थानमा पर्यटकीय सूचनाकेन्द्र स्थापना गरी स्थानीय समुदायलाई हस्तान्तरण गरिने छन्।... ४
१२. टेलिफोन, इन्टरनेट, टेलिफ्याक्स आदि माध्यमको विस्तार गरी होटेल, लज, सूचनाकेन्द्र, रिसोर्ट आदि क्षेत्र संचारमैत्री बनाइने छ।......४
१३. पर्यटकको सुरक्षाको निम्ति नगरपालिकाले पर्यटक प्रहरी परिचालन गरिने छ।... ४
१४. स्वच्छ प्रतिस्पर्धामा आधारित रही छिमेकी नगरपालिका, गाउँपालिका, लुम्बिनी विकास कोष आदिसँग मिली व्यवसायिक धारणाले सञ्जाल तयार गरिने छ।.....४
१५. पर्यटकीय सञ्जालमा जोड्नको लागि नगरका पर्यटकीय दूतहरू मनोनयन गरिने छ।....४
१६. पर्यटकीय लाभ स्थानीय जनतामा पुप्याउन व्यक्तिगत सीप र दक्षताको आधारमा स्थानीयलाई सहभागी गराइने छ।...५
१७. स्थानीय कच्चा पदार्थमा आधारित घरेलुउद्योग संचालनमा विशेष सहुलियत दिइने छ।....५
१८. होटेल, मोटेल, रेष्टुरेन्ट, सिनेमा आदि संचालनमा विशेष प्राथमिकता प्रदान गरिने छ। ....५

### १३.१८ संभावना

यहाँ अवस्थित विभिन्न सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा र सुविधाको दोहन गरी तीर्थाटन, सांस्कृतिक, पहाडी, व्यापारिक, प्रकृति, पर्यापर्यटन, खेल, क्यासिनो, साहसिक, कृषी, शैक्षिक, मेडिकल आदि पर्यटनको विकास गर्न सकिने प्रवल संभावनाहरू विद्यमान रहेका छन्। यहाँका सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाहरूको यथास्थान चर्चापरिचर्चा गरिएको छ। तिनको आधारमा यहाँका संभावित पर्यटन उद्योगको वारेमा उल्लेख गरिएको छ।

#### १३.१८.१ तीर्थयात्रीय पर्यटन (Pilgrimage Tourism)

हिन्दू, बौद्ध, मुस्लिम आदि धर्मावलम्बीहरूको बाहुल्य रहेको यस क्षेत्रमा विभिन्न धार्मिक अनुष्ठान एवं उत्सवहरू समेत सम्पन्न गरिन्छन्। शैव भक्तमा महादेव, रुद्र, पशुपति, गणेश, वैष्णवभक्तमा विष्णु, नारायण, श्रीधर बराह, नरसिंह, राम, कृष्ण, शाक्तमा महाकाली, सरस्वती, पार्वती, राधा, समयमाई, कारणीमाई, क्रिश्चियन तथा मुस्लियमले क्रमशः जेसिष्ट क्राइष्ट, मोहमद पैगमबर आदिलाई दैवीशक्ति मानी आस्था राख्ने गरिन्छ। बौद्ध धर्म अर्न्तगत थेरवादीको संख्या सीमित छ भने महायानमा बज्रयान, तन्त्रयान र मन्त्रयानको प्रभाव केही बढी छ। यसको दक्षिणपट्टि मुस्लिम धर्मको समेत प्रभाव छ। सहिष्णुताको आधारमा धार्मिक स्थलहरूको समेत सामूहिक रूपमा विकास एवं विस्तार गरिएका छन्। यहाँ हिन्दूहरूको रामेश्वर, केदारनाथ, बद्रिनाथ र जगन्नाथ सरहका

चारधाम गर्न सकिने महत्वपूर्ण स्थलहरू जस्तै- पर्रोहा बोलबमधाम, सेमलार बोलबमधाम, कर्साघाट, भैरवनाथ, नारायणथान, भगवती थान, लखनपारा आदि अवस्थित छन्।



लखनपारा

त्यसैगरी थारू जातजातिका देवदेवीका थानहरू प्रत्येक गाउँटोलमा रहेका छन्। पवित्र नदीको तटमा अवस्थित घाटहरू जन्मदेखि मृत्युपर्यन्तसम्म विशेष महत्वपूर्णस्थल मानिदै आएका छन्। लौकिक एवं पारलौकिक शान्ति एवं सन्तुष्टिको निम्ति सम्पन्न गरिने विभिन्न क्रियाकलापले एकातिर मनोवैज्ञानिक प्रभाव परेको देखिन्छ भने अर्कोतिर आन्तरिक रूपमा पर्यटकहरू आउने गर्दछन्। यसरी नै कपिलवस्तुको तिलौराकोट, निग्लिहवा, गोटिहवा, लुम्बिनी, देवदह र रामग्राम समेत बौद्ध धर्माबलम्बीहरू विभिन्न बौद्ध मुलुकहरू जस्तै- जापान, थाइलैण्ड, भियतनाम, वर्मा, चीन, कोरिया, मङ्गोलिया आदिबाट आउनेको पर्यटकहरूलाई समेत यहाँ आकर्षित गरी उनीहरूको बसाइको अवधी लम्ब्याउन सकिने छ।



उनीहरूलाई आसपासका लुम्बिनीदेखि कञ्चन हुँदै सैनामैनामा भित्राई भ्रमण गराउन सके बढी उपलब्धिमूलक हुनेछ। यसरी यस क्षेत्रमा अवस्थित विभिन्न धार्मिक स्थलहरूको प्रचारप्रसार एवं अन्य पूर्वाधार खडा गरेमा तीर्थयात्रीय पर्यटन (Pilgrimage Tourism) को समेत व्यापक रूपमा विकास एवं विस्तार गर्न सकिन्छ।

**१३.१८.२ सांस्कृतिक पर्यटन** (Cultural Tourism)

यस क्षेत्रमा थारू, मगर, बाहुन, क्षत्री, नेवार आदि जातजातिको बसोवास छ । विभिन्न जातजातिका आआफ्ना मौलिक संस्कार र संस्कृतिहरू रहेका छन्। जातिगत रूपमा मगरहरूले मारुनी र पुरुसुंगे सहितको सोरडी नृत्य दसैंदेखि माघसम्म गाउँमा नाँच्ने प्रचलन छ। त्यसैगरी गुरूङ्ग बस्तीहरूमा बाह्रमासे एवं सतीघाट नृत्य सम्पन्न गरिन्छन् । मगरहरूले सोरठी र कृष्णचरित्र नृत्य थन्काएपछि फागुनदेखि असारसम्म नामकरण, अन्नप्राशन, विवाह आदि अवसरमा आफ्नो भेषभूषामा खैंजडी, डम्फु, मादल आदि बाजासहित करुवा नृत्य नाँच्ने प्रचलन  छ। तराईमा माघी, फागु, छट आदि पर्वहरूपनि हर्षोल्लासका साथ मनाइन्छन्। यी विभिन्न चाड, पर्व, जात्रा, र नृत्यलाई व्यवस्थित गरी पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । गुल्मी, अर्घाखाँची र पाल्पामा रहेको मगरहरूको मौलिक संस्कृति यहाँ जीवन्त छ। उनीहरूको जीवन शैलीमा दोहोरी गीत, झ्याउरे गीत, करुवा नृत्य, सोरठी एवं मारुनी नृत्यहरूविशेष आकर्षक छन्। यसक्रममा पहाडको तल्लो भाग र यसको आसपासको क्षेत्रमा मगर रिसोटहरू विस्तार गर्न सकिन्छ । बाह्र मगराँतको प्रभावमा पर्ने हुँदा यहाँ पनि उनीहरूको मौलिक संस्कृति जीवन्त छ। गाइनेहरू सारङगीको तानमा नाँच्दै गाउँदै गाउँ गाउँमा घुम्ने प्रचलन छ । प्रायः यस पेशाबाट जीवन निर्वाह गर्दै आएका गाइनेहरूको संस्कृति र कला प्रदर्शनी गरी लोकजीवन झल्काउन सकिन्छ। उनीहरूको जीवन शैली र पद्धति पनि स्वदेशी एवं विदेशीहरूको निम्ति विशेष रोचक छन्। परम्परागतरूपमा माटाका भाँडावर्तन बनाउने, माछा मार्ने, जाल बुन्ने आदि काम गरी जीवनचर्या व्यतीत गर्दै आएका कुमालहरूको संस्कृतिलाई प्रबर्ध गर्न सकिन्छ । उनीहरूलाई विशेष राहत दिई मौलिकता जगेर्ना गर्दै प्रचारप्रसार गरेमा पहाडी पर्यटनको साथै सांस्कृतिक पर्यटन समेत प्रभावकारी हुने देखिन्छ । यहाँ थारुहरूको बसोबास छ । उनीहरूको आफ्नै मौलिकता छ भने मुसलमानहरूको जीवन चर्याबाट पनि पश्चिम एसियाका पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । यसरी विभिन्न जातिहरूको संरक्षण गरी सांस्कृतिक क्रियाकलापहरू संगठित गरेमा स्वदेशी एवं विदेशी पर्यटकहरूलाई लोभ्याउन सकिने प्रशस्त पूर्वाधारहरू यस नगरपालिका र आसपासका क्षेत्रमा विद्यमान छन्।

**१३.१८.३ प्राकृतिक पर्यटन (Nature tourism)**

रूपन्देहीको लुम्बिनी सामुदायिक वन क्षेत्र (रुद्रपुर, सालझण्डीसमेतको क्षेत्र), पर्रोहा सामुदायिक वन क्षेत्र, लामी रह, गैडहवा ताल, दानापुर ताल आदि मनोरम प्रकृतिका उपजको रूपमा रहेका छन् । यसको सिरानमा झिंगामारा लेकहरूको साथै आदि रमणीय स्थानहरू पनि यहाँ रहेका छन्। यी स्थानमा प्रकृति तथा पहाडी पर्यटनको प्रवल संभावना रहेको छ।



### १३.१८.४ साहसिक पर्यटन (Adventure Tourism)

साहसिक पर्यटनमा पहाडमा घोडाचढी उक्लने जस्तैः फेदीबाट मलमल बाबाधाम, ... , घोडा चढी पहाडतिर उक्लने, बन्जी जम्पीङ्ग, मौरीपालन, मौरी काड्ने, ब्यालुन उडाउने आदि व्यवसायसमेत सञ्चालनमा यसले सघाउने छ।

### १३.१८.५ व्यापार पर्यटन (Business Tourism)

नेपालको पश्चिमाञ्चलको प्रवेशद्वार भएकोले यस क्षेत्रमा जसरी विभिन्न इलाकाका व्यापारीहरूलाई आकर्षित गर्न खोजिएको छ त्यसलाई बढी प्रभावकारी बनाइनु पर्दछ। यसको लागि पर्यटन, व्यापार, कृषि तथा औद्योगिक प्रदर्शनीहरू निकै प्रभावकारी रहेका छन्।

### १३.१८.६ ग्रामीण पर्यटन

गाउँगाउँमा भएका विशिष्ट प्रकृतिका उत्पादन, अनौठा घटना अवलोकन, रहनसहन, खानपिन आदि अवलोकन गराउन सकिन्छ । यसको निम्ति पहाडी तथा तराईका गाउँहरू बढी उपयोगी छन् । गरिबी निवारणसँग आबद्ध गरी ग्रामीण तथा पर्यापर्यटन सञ्चालन गर्न सकिने पूर्वाधारहरू यस क्षेत्रमा विद्यमान रहेको छ। स्वदेशी उत्पादनमा बृद्धि, आयआर्जन, स्वरोजगार सिर्जना, विदेशी मुद्रा आर्जन तथा नेपालको छबी बृद्धिको लागि समेत यसले विशेष मद्दत गर्दछ। यसबाट हुने आयलाई समेत समानुपातिक ढङ्गले तल्लो तहसम्म पुऱ्याउन यसले सहयोग गर्दछ । यसलाई प्रबर्धन गर्न सकेमा दीगो पर्यटन विकास समेत गर्न सकिन्छ । यसको लागि ......आदि गाउँहरू बढी अनुकूल रहेका छन्। “एक गाउँ एक पहिचान” को नीतिलाई प्रभावकारी गराएमा सबै गाउँमा सुनका अण्डा बर्षने वातावरण तयार हुने छ। थारू होम स्टे प्रभावकारी गराएका उपलब्धि हुने छ। होम स्टेले सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा विशेष टेवा पुऱ्याउने देखिन्छ।

### १३.१८.७ खेल पर्यटन

यस क्षेत्रमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका खेल तथा खेलाडीहरूको अस्तित्व रहेकोले क्रिकेट, बुद्धिचाल, फुटवल आदिको आयोजना गरी अतिथीहरूलाई आमन्त्रण गर्न सकिन्छ। यस अभियानले आन्तरिक तथा वाह्य पर्यटनलाई प्रभावकारी गराउन सकिन्छ।

### १३.१८.८ औषधि पर्यटन

प्राकृतिक चिकित्सालय, आयुर्वेदिक चिकित्सालय, ध्यानकेन्द, हाइ वे सामुदायिक अस्पताल आदिको स्थापना तथा संचालनबाट आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्नसकिने छ । यसले उपचारमा आउने गति र आकर्षक बढाउन सकिन्छ।

### १३.१८.९ कृषि पर्यटन

माछापालनको पकेट एरियाको विकास, अन्नबाली अनुसन्धान केन्द्र, केरा उत्पादन क्षेत्र, तरकारी उत्पादन क्षेत्र, मौरीपालन क्षेत्रहरू, दुग्ध उत्पादन, डेरी सञ्चालन तथा परिकार उत्पादन, कफी उत्पादन तथा वितरण, पहाडी तथा तराईका विभिन्न क्षेत्रमा अतिथिलाई भ्रमण गराएर पर्यटन प्रबर्धन गर्नसकिने छ।

### १३.१८.१० शिक्षा पर्यटन

यस क्षेत्रमा कृषि, कम्प्युटर, विज्ञान प्रविधि, चिकित्सा, इञ्जिनियरिङ, बौद्ध अध्ययन, व्यवस्थापन, मानविकी, शिक्षा आदि विषयको पठनपाठनलाई प्रभावकारी बनाई अत्यधिक छात्रछात्रालाई अध्ययन अनुसन्धानमा लोभ्याउन सकिने अवस्था छ। कलेज आदिमा आउने गति र आकर्षण बढाउन सकिन्छ। त्यसैगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सेमिनार, गोष्ठी, सिम्पोजियम आदि पनि संचानल गर्नसकिन्छ । यसको लागि सार्बजनिक, निजी तथा सरकारी निकायको साझेदारी अभियान परिचालन गरिनु पर्दछ।

### १३.१८.११ पहाडी पर्यटन

सैनामैना पहाड र तराईको अनुपम संगमस्थलको रूपमा रहेको रमणीय क्षेत्र हो। यहाँ प्राकृतिक रूपमा अनेकतामा एकता छ । यसको समतल भागबाट माथिल्लो पहाडमा घमाउन, दृश्यावलोकन तथा त्यहाँको जनजीवन वारे जानकारी दिलाउन पैदल ट्रेकिङ गराउन सकिने प्रवल संभावना रहेको छ। माउन्टेन व्याक, घोडा, साइकल, पोनी, भरिया वा अन्य माध्यमद्वारा पहाडको रमाइलो स्वाद लिनसकिने छ।

यहाँ अवस्थित विभिन्न साधन र स्रोतहरूको उपयोग गरेमा थप अन्य रोचक पर्यटन व्यवसाय संचालन गर्न सक्ने पूर्वाधार रहेका छन्।

### १३.१९ क्रियाकलापहरू (Activities)

निर्दिष्ट रणनीति र कार्यनीतिको कार्यान्वयन पक्ष चुनौतीपूर्ण छ। यसलाई सीमित भौतिक तथा मानवीय साधन स्रोतको आधारमा परिचालन गर्न निकै सजग तथा सहज हुनुपर्दछ। छानिएका विभिन्न कार्ययोजनाहरूलाई आवधिक योजनाको खाकामा राखी प्राथमिकता निर्धारण गर्नुपर्दछ । यसको निम्ति सर्बप्रथम कार्ययोजनाको वारेमा जानकार हुनुपर्दछ। तसर्थः यस अध्ययनमा यहाँका संभावित सम्पदाहरूको संक्षिप्त परिचय दिइएको छ, जसले पर्यटन क्षेत्रको योजनाबद्ध विकासमा सहयोग पुग्ने छ।

### पर्यटन दूरदृष्टि-२०२० (Tourism Vision- 2020) का उद्देश्यहरू

- पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि आवश्यक पूर्वाधारको विकास गरी पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा रोजगारी सिर्जना र जनताको जीवनस्तरमा सुधार गर्ने कार्यमा योगदान दिन सक्ने गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख अङ्गको रूपमा विकास गर्ने।
- सामाजिक तथा आर्थिक विकासको मूलधारमा पर्यटन क्षेत्रलाई समाहित गर्दै संस्थागत सुधार गर्ने तथा पर्यटनबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने।

- स्थानीय समुदायको क्षमता विकास गर्दै पर्यटकीय क्रियाकलापमा संलग्न गराउन सम्भाव्य क्षेत्रहरूका पर्यटन सम्पदाको विकास तथा सेवा विस्तार गर्ने।
- हवाई सेवालाई सुरक्षित, व्यवस्थित, भरपर्दो एवम् गुणस्तरीय बनाउने र आन्तरिक एवम् अन्तर्राष्ट्रिय हवाई सेवाको पहुँच विस्तार गर्ने तथा पूर्वाधार विकास गर्ने।
- अन्तर्राष्ट्रिय पर्यटन स्रोत बजारहरूमा नेपालको छविलाई अझ वलियो बनाउन प्रभावकारी पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसारमा जोड दिने।
- थप गर्ने सुविधाको विस्तारका निम्ति लगानी आकर्षित गर्ने।

**निष्कर्ष (Conclusion) :**

यसको व्यवस्थित तथा योजनाबद्ध विकासको सपना पुरा गर्न सर्बप्रथम बन्द, हडताल जस्ता गैरजिम्मेवार क्रियाकलाप सदाको लागि अन्त्य हुनु पर्दछ। योजना तथा कार्यक्रमहरू दीर्घकालीन सोंचको आधारमा अनवरत संचालन गरिनु पर्दछ। पर्यटन उद्योगको अवस्था पहिचान गरी परिवेश तथा संकटको अवस्थामा स्थानीय, प्रदेश तथा संघीय सरकारले विशेष सहुलियत तथा छुटको व्यवस्था गर्नुपर्दछ। सडक यातायात तथा होटेल व्यवसायलाई आधुनिकीकरण गरी सहज र सर्बसुलभ बनाउनु पर्दछ। गौतम बुद्ध विमानस्थल तथा बेलहियादेखि बुटवलबीच निर्माणाधिन सडकको निमार्ण कार्य यथाशिघ्र हुनुपर्दछ। लुम्बिनीको गुरु योजनाको अतिरिक्त सैनामैनाको योजना बनाई कार्य संचालन गरिनु पर्दछ। बढ्दो जनसंख्या र बसाइसराइको क्रमले मूल बासिन्दाहरूको संस्कृति नै लोप हुने अवस्थामा छ। यस क्षेत्रको लोक संस्कृतिको साथै विभिन्न सांस्कृतिक स्थलहरूको संरक्षण तथा संबर्द्धनसहित स्वदेशी तथा विदेशीहरूलाई आकर्षित गरी प्राकृतिक सम्पदाको साथै सांस्कृतिक सम्पदाको उपयोग गर्दै पर्यटन व्यवसायलाई सम्बृद्धि तथा बिस्तार गरी क्षेत्रीय सन्तुलन विकास गर्न सकिने छ। कृषि उत्पादन, बजार व्यवस्था, बिक्री वितरण, शिक्षा, स्वास्थ्य, पिउनेपानी, विद्युतीकरण, सञ्चार आदि क्षेत्रमा पनि यसले प्रत्यक्ष प्रभाव पार्ने छ। काठ, वेतबाँस, माटो, खर, धातु, कपडा, कागज आदि स्थानीय माध्यमबाट तयार पारिएका हस्तनिर्मित सामग्रीहरू विक्री वितरणबाट समेत यथेष्ट आम्दानी गर्न सकिने भएकोले यिनको परम्परागत प्रविधिमा वैज्ञानिकीकरण गरी बढी व्यवसायिक बनाइनु पर्दछ। बौद्ध धर्म र संस्कृतिको केन्द्रको रूपमा रहेको कपिलवस्तु, रूपन्देही र नवलपरासीका विभिन्न पुरातात्विक तथा सांस्कृतिकस्थलहरूलाई जोड्ने चक्रपथ परिचालन गरिएमा ग्रामीण कृषि उत्पादन र बिक्री वितरणमा समेत हौसला वृद्धि भई स्थानीय बासिन्दाहरूको जीवनस्तरमा समेत बिशेष परिवर्तन देखा पर्ने छ। यसले सहजै सैनामैनालाई पनि सञ्जालमा जोड्ने छ। अहिले प्रारम्भ गरिएको गाउँ-नगर माइक्रो बस सेवालाई बिस्तार गर्दै संचालित सडकहरूलाई परिचालन गर्दै बीचबीचमा आवश्यक खण्डहरू तयार गरेमा सहज र सरल ढङ्गले आन्तरिक पर्यटकलाई परिचालन गर्न सकिने छ।

विद्यालय, महाविद्यालय, विभिन्न संघसंस्था तथा सरकारी निकायद्वारा परिचालन गरिने कार्यक्रममा भ्रमण गराउँदा आन्तरिक पर्यटन सुदृढीकरण गर्न सकिन्छ। गरिबी निवारणमा समेत विशेष सघाउ पुऱ्याउने हुनाले योजनाबद्ध ढङ्गले संचालनमा सरकारी तथा गैरसरकारी निकायबीच सहकार्य हुनु आवश्यक छ। यहाँ अवस्थित विभिन्न सांस्कृतिक एवं प्राकृतिक साधन र स्रोतहरूको उपयोग गरेमा पहाडी, साहसिक, पर्यावरणीय, व्यापारिक, खेल, शिक्षा, सदावहार, प्राकृतिक, ग्रामीण, तीर्थयात्रीय, सांस्कृतिक, सामूहिक, कृषि, औषधी आदि पर्यटन उद्योग संचालन गर्न सक्ने पूर्वाधार रहेको हुनाले यसलाई परिचालन गर्नु आवश्यक छ। नेपाल सरकारले सिद्धार्थनगरमा अवस्थित गौतम बुद्ध बिमानस्थलको स्तरोन्नती गरी अन्तर्राष्ट्रिय उडानको व्यवस्था गर्दैछ। यस अवसरमा दक्षिण एसियाली पर्यटन प्रबर्धन पूर्बाधार परियोजना तयार पारेको छ। यसमा लुम्बिनी र यसका

आसपासमा जोडिएका पर्यटकीयस्थलहरूको अध्ययन भएको छ । यसको निर्दिष्ट दस बर्षे समयमा तोकिएका कार्यहरू सम्पन्न गर्न सबैले आ-आफ्नो क्षेत्रबाट प्रतिबद्धता जनाउनु पर्दछ। यसमा प्रदेश सरकार, उद्योग वाणीज्य संघ, व्यापार संघ, उद्योग संघ, राष्ट्रिय व्यापार संगठन, नगरपालिका, गाउपालिका, पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, विभिन्न प्रदेश तथा संघीय मन्त्रालय आदिले एकीकृत ढङ्गले विकास निर्माण कार्य सञ्चालन गर्नुपर्दछ । यसबाट सैनामैनाका बासिन्दाको समेत जीवनस्तरमा परिवर्तन हुने छ । यसको निम्ति शान्ति, सुव्यवस्था, मेलमिलाप एवं समन्वय भने अनिवार्य शर्तको रूपमा रहेको छ। अहिलेसम्म तयार भएका पर्यटनका पूर्वाधारबारे सम्बन्धित निकायहरूले समीक्षा, विश्लेषण, सूचना प्रवाह, प्रर्दशन गर्नु-गराउनु एवं जनचेतना अभिवृद्धि गराई नागरिक समाजलाई त्यस क्षेत्रमा सहभागी गराउन सकेमा आय आर्जनको माध्यम मात्र नभई पुर्खौली सम्पदाहरूको संरक्षण तथा हस्तान्तरणमा समेत विशेष सघाउ मिल्ने छ । यसले सांस्कृतिक सम्पदा परम्परागत संरचनामात्र नभई आय आर्जनको माध्यम पनि हो भन्ने सूचना जनमानसमा पुप्याई संरक्षण र संवर्द्धनमा जनसहभागिता बढाउनेछ । यहाँका बौद्ध तथा हिन्दु मन्दिर तथा मूर्तिहरूसमेत नष्टभष्ट भएकोले यसको प्रारम्भिक स्वरूपबारे जानकारी गर्नुछ। चित्रकला, नृत्यकला, संगीत, गायन, वास्तुकला र मूर्तिकला बारे बढी सूक्ष्म ढङ्गले अध्ययन गरी मगर र थारू संस्कृति र सभ्यताको स्वरूप जनसमक्ष ल्याउनु छ। यसले धुवाँरहीत पर्यटन उद्योग विकास र विस्तारको लागि सहयोग पुप्याउने छ। साहसपूर्ण अनुकूल वातावरण तयार गरेमा यहाँ सुन कुखुरी ओथ्रा बस्ने छन्, सुनका अण्डा खस्ने छन्, युवाले स्वदेशमा नै गीत गाउने छन्, मातृभूमिमा रोजगार पाउने छन्, विश्व समक्ष मितेरी लाउने छन्। यसको लागि सबैको हातेमालो अत्यावश्यक छ। नेपालको नविन राजनैतिक संरचनाको आधारमा ५ नं. प्रदेशमा अवस्थित यस सैनामैनालाई आर्थिक रूपमा सुसम्पन्नगर्न पर्यटन उद्योग कोसे ढुङ्गा साबित हुने छ। तसर्थः नगर र नगरबासीको स्वाभिमान कायम राख्न, राष्ट्रिय तथा स्थानीय स्रोतको पहिचान गरी अर्थतन्त्रको विकास गर्न, आत्मनिर्भर रहन तथा दीर्घकालीन विकासको लागि पर्यटन उद्योगलाई कार्यमूलक ढंगले परिचालन गर्न सबै क्षेत्रले अठोट गर्नु आजको यथार्थ हो । सैनामैना पर्यटन क्षेत्र विकासको निम्ति संचालित परियोजना यसको महत्त्वपूर्ण अंग बनेकोछ। यसको निम्ति व्यक्तिगत, दलीय तथा अन्य कुनै पनि स्वार्थको जञ्जिरमा नपरी निःस्वार्थ तथा विष्पक्ष ढंगले कार्य संचालन गरिनु बर्तमान चुनौती हो।

## परिच्छेद : चौध
# उपसंहार

### ११.१ विषय प्रवेश

सैनामैना नगरपालिकाको अध्ययन प्रारम्भ गर्दा यसको सम्बन्ध प्राक्इतिहास, प्राचीन इतिहास, मध्यकालीन इतिहास र वर्तमान अवस्थासँग जोडिन जान्छ। त्यसैले वैदिककाल, उत्तर वैदिककाल, पौराणिककाल, प्राचीनकाल, मध्यकाल समेत सङ्क्षेपमा अध्ययनका पाना बनेका छन् । ५५,२८२ जनसङ्ख्या रहेको सैनामैना नगरपालिकाको पूर्वमा बुटवल उपमहानगरपालिका, पश्चिममा कोठी नदी र वाणगङ्गा नगरपालिका र कपिलवस्तु जिल्ला, उत्तरतर्फ चुरे श्रृङ्खला (तिनाउ गाउँपालिका पाल्पा) र रैनादेवी छहरा गाउँपालिका (पाल्पा), दक्षिणतर्फ गैडहवा गाउँपालिका, शुद्धोदन गाउँपालिका र कञ्चन गाउँपालिका रहेका छन् । यस सैनामैनामा ऐतिहासिकता र पुरातात्विक अवशेषहरूको प्राप्तिले यसको सम्बन्ध र विस्तार भने लुम्बिनी, तिलौराकोट, पाल्पा, गुल्मी, म्याग्दी, मुक्तिनाथ मुस्ताङ रकाठमाडौंसम्म भएको पाइन्छ। मंजुश्री वोधिसत्वले काठमाडौं उपत्यकाको चोभारको डाँडोलाई काटी पानी निकास गरेर धर्माकर क्षत्रीयलाई राजा बनाएको बौद्ध इतिहासामा काठमाडौं उपत्यकाको सभ्यताको विकासमा बुद्ध र वोधिसत्वहरूकै अहम् भूमिका रहेको तथ्यले देखाउँछ । यसरी कपिलवस्तु, बुद्ध र बोधिसत्वको सम्बन्ध राजधानी काठमाडौंसम्म व्याप्त भएको पाइन्छ। पद्मपाणि अवलोकेश्वर वोधिसत्वको सङ्केत गर्ने मूर्तिहरू योगमुद्रामा रहेको अवस्थामा प्राकृतिक चिकित्सा केन्द्र वौराहा खोला आसपासमा पर्याप्त मात्रामा प्राप्त हुनुले यो क्षेत्रपद्मपाणि वोधिसत्वको महत्त्वपूर्ण आश्रमस्थल रहेको कुरालाई पनि देखाउँछ । साथै हिन्दूहरूले मच्छिन्द्रनाथको नामबाट र बौद्धहरूले पद्मपाणि अवलोकेश्वरको नामबाट उनलाई देवताको रुपमा पूजन गर्नुले यसको सीमाक्षेत्र पाल्पाको रिब्दीकोट जलेश्वर, रिडी मुस्ताङ र काठमाडौं उपत्यकाको बुङ्मती र पाटन दरबारका मत्स्येन्द्रनाथ परिसरसम्म विस्तारित भएको देखिन्छ । महाचीनबाट आएका वोधिसत्वको नाम मञ्जुश्री भनेर जुन लेखिएको छ, यसले त संस्कृत, नेपाली वा हिन्दी संज्ञालाई जनाउँछ। महाचीनबाट आउनेहरूको नाम त तिब्बती वा चिनियाँ भाषामा हुनु पर्ने थियो। बुद्धको जीवनकालमै कोशलका राजकुमार विरुद्धकले आफ्नो बाबु प्रसेनजित समेतलाई गद्दीच्यूत गरी आफै राजा बनेर ७७ हजार शाक्यहरूको हत्या गरे पछि ज्यूज्यान र बौद्ध धर्म, दर्शन र संस्कृति सुरक्षाका लागि बोधिसत्वहरू र भिक्षुहरू पलायन भएको इतिहास छ। मञ्जुश्री नामका ती भिक्षु यतै कपिलवस्तु देशबाट नाम थर गोत्र बदलेर काठमाडौं उपत्यकामा गई उपत्यकामा नयाँ सभ्यताको विकास गर्न धर्माकर क्षत्रीलाई राजा बनाएको तर्फ विभिन्न घटनाक्रमले सङ्केत गर्छन् । यो स्वाभाविक पनि देखिन्छ। इतिहासका पानाहरू सर्सर्ती पल्टाउँदा कपिलवस्तुको उत्खनन्बाट प्राप्त र पहिचान भएका पुरातात्विक वस्तुहरूः- दरवार, मृतिकामूर्तिहरू, प्रस्तर मूर्तिहरू, स्तम्भहरू र स्तूपहरू (स्तूप जस्ता देखिने ढिस्काहरू) आदिले र वोधिसत्वले काठमाडौं उपत्यकाको पानी निकास र मानव वस्ती विकास गरेको वंशावली, किम्वन्ती, विद्वान् इतिहासकार र विश्लेषकहरूको आख्यान अनुसार प्राचीन किराँतकालीन उपत्यकाको मानव सभ्यतालाई अरु थप व्यवस्थित र समृद्ध बनाउन महत्त्वपूर्ण योगदान गरेको अड्कल लगाउन सकिँन्छ । यस मानेमा प्राचीनकालमा उपत्यकाको सभ्यताभन्दा उन्नत र समृद्ध सभ्यता कपिलवस्तु देशको थियो भन्दा अत्युक्ति हुनेछैन । तर इतिहासकारहरू पनि यहाँनेर कता कता रे रे का भरमा अल्मलिएको देखिन्छ । कपिलवस्तुको यथार्थपरक इतिहास कागजमा लेखिएको छैन । कागजमा नलेखिए पनि कपिलवस्तु र यसकै अभिन्न अङ्ग सैनामैनामा प्राप्त भग्नावशेषहरूले आफ्नो ज्येष्ठता र प्राचीन सभ्यताको परिचय विना अक्षर र लिपिमा मानव जगतलाई पढाइ रहेका छन्।

हामीले कपिलवस्तुको प्राचीन इतिहासका सन्दर्भमा उत्तरवैदिककाल (इ.पू. छैटौं शताब्दीदेखि) झाँगिदै गरेको औतारवाद, वर्णभेदवाद, यज्ञमहायज्ञमा हुने अश्वमेध, गोमेध, नरमेध जस्ता कर्मकाण्डवाद, स्वर्ग, मर्त्य र परलोक जस्ता काल्पनिक संसारको उत्पत्ति र त्यसले समाजमा पारेका नकारात्मक प्रवृत्तिको थोरवहुत अध्ययन गर्‍यौं। साथसाथै समाजमा त्यस खाले विचार प्रवृत्तिको शासन युग (दास युग) र त्यस प्रवृत्तिका विरुद्ध हुने गरेका दार्शनिक बहस छलफलका क्रममा उत्पत्ति र विकास भएको कपिलमुनिको साङ्ख्य दर्शन र कपिलवस्तुको नामकरणका वारेमा छलफलमा सहभागी भयौं। शाक्यहरूको कपिलवस्तुमा आगमन, शाक्य राज्यको उत्पत्ति, कनकमुनि बुद्ध, ऋकुच्छन्द बुद्धहरूको बौद्ध अभियानका साथै सिद्धार्थ गौतमको जन्म र उनले संवुद्धत्व/अर्हत प्राप्तिका लागि गरेको सङ्घर्षर महात्याग,बुद्धको अनीश्वरवादी धारणा, वेद नै सबै ज्ञानको प्रमाण होइन, शरीर रहेसम्म मात्र आत्म रहन्छ, शरीरको भौतिक परिवर्तनसँगै आत्मको पनि स्वतः अन्त्य हुन्छ भन्ने अनात्मवादी विचार, चार आर्य सत्य र दुःखबाट परिनिर्वाण गर्न अष्टाङ्गिक मार्गको अनुशीलनको महत्त्व बारे पनि अवगत हुने प्रयास गर्‍यौं। रोहिणी नदीको पानीको बाँडफाँडका विषयमा कोशल राज्य र शाक्य गणराज्यका वीचमा उत्पन्न भएको पुरानो विवाद र आफूलाई मावली शाक्यहरूले स्वागत् सत्कारको सट्टा गरेको अपमान र त्यसकै बदलास्वरुप झण्डै ७७००० शाक्यहरूको आमहत्या गरेको सगरहवा र वचेखुचेका शाक्यहरू जिउज्यान र बौद्ध धर्म, दर्शन र सँस्कृतिको रक्षार्थ, नाम थर गोत्र फेरेर कपिलवस्तुबाट पलायन भई अन्यत्र गएको सम्बन्धमा पनि अवगत हुने कोशिश गरियो। इतिहासकार बालचन्द्र शर्माले समेत मञ्जुश्री-मूलकल्प त्रिवेन्द्रम संस्करण १९२ ई. को हवला दिंदै काठमाडौ उपत्यका चोभारको पानी निकाश गरी धर्माकर क्षत्रीलाई राजा बनाएको सन्दर्भमा मञ्जुश्री महाचीनबाट आएको नभई भारत तर्फबाट आएको कुरा लेखेका छन्। हिन्दी, नेपाली अथवा सँस्कृत मूलको भाषाबाट मञ्जुश्री नाम लेखिनु र मञ्जुश्रीमूलकल्पमा सिद्धर्थ बुद्धसँग मञ्जुश्रीले शिष्यको हैसियतले कुराकानी भएको उल्लेख गर्नुले मञ्जुश्री तत्कालीन भारत अथवा यही कपिलवस्तु देशकै भएको कुरा सत्यको नजिक देखिन्छ। यसरी नै काठमाडौं प्रवेश गरेका अन्य वुद्ध र बोधिसत्वहरू (विपश्वी वुद्ध, शिखी वुद्ध, विश्वभू वुद्ध, पद्मपाणि लोकेश्वर वुद्ध/मत्सेन्द्रनाथ पनि पौराणिक बुद्ध र वोधिसत्व नभई बुद्धका समकालीन वा वुद्ध भन्दा पछिका थिए भन्दा संवुद्ध सिद्धार्थ र कपिलवस्तु देशप्रति न्याय हुने देखिन्छ। यही कुरा प्रा. केदारनाथ प्रधानले समेत आफ्नो अध्ययनबाट पुष्टि गरेको कुरा माथि नै बुद्ध अभियानको शीर्षक अन्तर्गत उल्लेख गरिएको छ। बुद्धकै जीवन अवधिमा शाक्य गणराज्य कपिलवस्तु पतनोन्मुख भएको पनि छलफल भयो। मौर्य सम्राट अशोकले कलिङको मानव संहारकारी युद्धपछि बौद्ध दर्शन र बौद्ध धर्मलाई ग्रहण गरेर बुद्धका अस्थिधातुबाट चौरासी हजार स्तूपहरू निर्माण गर्नुका साथै बुद्ध जन्मस्थल लुम्बिनी, निग्लिहवा र गोटिहवामा अशोक स्तम्भहरू ठड्याउन लगाएर शाक्यराज्य कपिलवस्तुको पहिचान र महत्त्वलाई अमरता प्रदान गर्नुका साथै बुद्ध दर्शन, धर्म र संस्कृतिको प्रचार अभियानलाई अगाडि बढाएको बारेमा पनि संवोध भयो। प्राचीन ऐश्वर्य, चिन्तन मनन र साधनाले ओतप्रोत भएको सभ्यताको केन्द्र कपिलवस्तु खण्डहर र जङ्गलीकरण किन र कसरी भयो यसबारे पनि चर्चा गर्‍यौं। चिनियाँ बौद्ध यात्री फाइयान र ह्वेन साङ् लगायतले कपिलवस्तु राज्य, तिलौराकोट दरवार बुद्ध जन्मस्थल लुम्बिनी र यसैसित सम्बद्ध क्षेत्रको दरवार, महल, सभ्यता र संस्कृतिका सम्बन्धमा गरेका वर्णन र सूचना प्रवाहबाट परिचित भयौं। लम्बिनी, तिलौराकोट, रामग्रामको उत्खनन् र विश्लेषणले बुद्धको जन्मस्थल लुम्बिनी र शुद्धोदनको राजधानी तिलौराकोट आदि सबै हाम्रो देश नेपाल भित्रको कपिलवस्तुमा पर्छन् भनेर विद्वान्हरूले, खोज विश्लेषकहरू र पुरातत्वविद्हरूले सप्रमाण उद्घाटन गरेको विषयतर्फ पनि साक्षात् भयौं। लुम्बिनी तिलौराकोट, निग्लिहवा, गोटिहवा मात्र नभई प्राचीन कपिलवस्तु भनेको सैनामैना पनि हो, शुद्धोदन गाउँपालिका, कन्चन गाउँपालिका, गैडहवा गाउँपालिका लगायतका क्षेत्र पनि कपिलवस्तु राज्य भित्रै हुनुले तिलौराकोट र लुम्बिनीको अध्ययन गर्दा सैनामैना क्षेत्रलाई समाविष्ट गरेर लुम्बिनी गुरुयोजना भित्र समेट्नु पर्ने देखिन्छ। पूर्व अध्यायहरूमा जति पनि विषयवस्तु माथि छलफल गरियो र बुद्ध र बुद्धकालीन अवस्थाको बारेमा जानकारी भयो, यी सबै कुराले देहायको विषयवस्तुमा अध्ययन अनुसन्धान गर्न पुरातत्वविद् र इतिहासविद्लाई थप घच्घच्याएको अनुभूत भएको छ।

### १४.२ कपिलवस्तु दर्शनको महत्त्व

कपिलवस्तु दर्शन (कपिलमुनिको साङ्ख्य दर्शन र सिद्धार्थको बुद्ध दर्शनलाई बुझाउँछ) ले अलौकिक संसारलाई भन्दा लौकिक संसारलाई, काल्पनिक संसारलाई भन्दा भौतिक संसारलाई, अदृश्य शक्तिलाई भन्दा दृश्य शक्तिलाई, विदेहलाई भन्दा देहलाई अध्ययन र अभ्यासको प्रमुख विषयवस्तु बनाएर चिन्तन मनन, साधना र अभ्यासको प्रक्रियालाई श्रृङ्खलाबद्ध रुपमा अगाडि बढाएको दर्शन हो । स्वयं बुद्धले जीवनको गतिलाई शरीरसम्म मात्र सीमित राख्नु, ईश्वर वा परमात्मालाई मान्नु पर्दैन, मानिस स्वयं आफ्नो मालिक हो, आत्म (शरीर) लाई अविनाशी नमान्नु र  कुनै पनि ग्रन्थलाई स्वतः प्रमाण नमान्नु जस्ता चार कुरा आफ्नो मूल सिद्धान्तमा बताउनु भएको छ। कपिलवस्तु दर्शन इहलोकवादी दर्शन हो। कपिलवस्तु दर्शनको सर्वोच्च स्वरुप बुद्धवाद, बौद्ध दर्शन र बौद्ध संस्कृति हो। तत्कालीन समाजमा रहेको रुढीग्रस्त र हिंसामूलक विचार र व्यवहारका विरुद्धमा समाजलाई अग्रगति दिनका लागि जन्मीहुर्की विकसित भएको तत्कालीन समाजको उच्चतम, दर्शन दृष्टिकोण, सिद्धान्त र व्यवहार हो जसले सारा विभेदको अन्त्य, हिंसाको अन्त्य, जातीय समानताको पक्षपोषण,सामाजिक एकता र शान्ति स्थापनामा जोड दिएको पाइन्छ । चार आर्यसत्य र अष्टाङ्गिक मार्ग, पञ्चशील, सप्तशील र त्रिशरण नै यसका मूलभूत आधार र अन्तर्य हुन्।

### १४.३ कपिलवस्तु क्षेत्रका चिन्तक, साधक र दार्शनिकहरू

प्राचीन कपिलवस्तु देश चिन्तक, साधक र दार्शनिकहरूको जन्मथलो र कर्मथलो हो।  यो साधना भूमि हो। आज कपिलवस्तु शब्दलाई सङकुचन गरेर नेपालका ७७ जिल्ला मध्ये तराईमा सीमित एउटा जिल्लाको रुपमा बुझ्ने प्रवृत्ति बनेको छ। प्राचीन कपिलवस्तुलाई व्यापक रुपमा हेर्न बुझ्न जरुरी छ। दक्षिणमा कोसलदेखि उत्तरमा मुक्तिनाथ हिमालयन क्षेत्रसम्म प्राचीन कपिलवस्तु व्यापक रहेको हुँदा मुक्तिनाथ, गलेश्वर, रिडी हृषीकेशेश्वर, रेसुङ्गा, पाल्पा, गुल्मी अर्घाखाँची आदि समेतलाई कपिलवस्तुको रुपमा बुझ्न जरुरी हुन्छ। त्यसैले लुम्बिनी र तिलौराकोट, निग्लिहवा र गोटिहवा, अरौराकोट र कुदानको प्रसङ्ग उठाउँदा बुद्धकै आँगन प्राचीन सामगाम सहरका रुपमा रहेको सैनामैना, पाल्पाको जलेश्वर, बल्ढेङगढी जोगदमार (योगदमार) आदिलाई सँगसँगै अध्ययन गर्नुपर्ने देखिन्छ । यस कपिलवस्तु साधना भूमिमा ज्ञात अज्ञात धेरै चिन्तक साधक र दार्शनिकहरूले तत्कालीन समाजको हितकल्याणका खातिर अमूल्य योगदान गरेका छन्। ती मध्ये निम्न दार्शनिक र चिन्तकहरू अग्रपङ्तिमा रहेका छन्।

#### १४.३.१ महामुनि कपिल

वाणगङ्गा अर्थात् प्राचीन भागीरथी नदीको समीपमा उनको आश्रम रहेको थियो भन्ने सूचना मिलेको छ। त्यो आश्रम कहाँ नेर थियो पहिचान गर्न जरुरी छ। सृष्टि सिर्जनामा क्रममा र ईश्वरको कुनै भूमिका छैन भनेर वकालत गर्ने महामुनि कपिलले उपनिषद्काल इ.पू. छैटौं शताब्दीदेखि इ.पू. एक सय शताब्दी पूर्वका मानिएका छन्। उपनिषद्कालमा चिन्तन मनन हुँदै अगाडि बढेको प्रकृति र पुरुषको समागमबाट सृष्टि सिर्जना हुन्छ भन्ने छरपस्ट रहेको चिन्तन धारालाई महामुनि कपिलले निर्जीव प्रकृति र विवेकशील र सचेत पुरुष तत्वको समागमबाट सृष्टि सिर्जना हुन्छ भन्ने आफ्नो मान्यतालाई पुष्टि गर्न २४ तत्वहरूको उल्लेख गरेका छन्। यही गणना विधिको सार सङ्ग्रहलाई कपिलको साङ्ख्य दर्शन भनिएको छ। २४ तत्वमा ५ ज्ञानेन्द्रीय (आँखा, कान, नाक, जिब्रो र छाला), ५ कर्मेन्द्रीय - (हात, खुट्टा, मुख, गुद्द्वार र लिङ्ग/योनि), ५ महाभूत (पृथ्वी, आकाश, अग्नि, तेज र वायु), ५ तन मात्रा (शब्द, स्पर्श, रुप, रस, गन्ध), मन १, प्रकृति १, अहङ्कार १, गतिहीनता १, यसरी जम्मा २४ तत्वलाई प्रकृति र पुरुषको रुपमा चित्रण गर्दै कपिलले कारणविना कार्य हुँदैन भन्ने दार्शनिक सिद्धान्तको प्रतिपादन गरेका छन्। तर पछिल्ला दिनमा कपिलको साङ्ख्य दर्शनको पुरुषलाई छुट्टै अलौकिक शक्तिको रुपमा

उपस्थित गराउँदै एक तत्व बढाएर साङ्ख्य दर्शनमा २५ तत्व भनी टीकाकारहरूले ईश्वरको स्वरुपमा वर्णन गरेका छन्। व्रहमा र ईश्वरको अस्तित्वलाई ठाडै अस्वीकार गर्ने कपिलको साङ्ख्य दर्शनमा पुरुष भनेको ईश्वर हो भन्नु र मरेको मान्छेले कसैलाई हत्या गऱ्यो भनेर आरोप लगाउनु एउटै कुरो जस्तो देखिन्छ। वास्तवमा महामुनि कपिल लौकिक र भौतिकवादी दार्शनिक थिए र कपिलवस्तुमा उनको जन्मथलो र कर्मथलो हुनु यस क्षेत्रवासीको अवश्यनै गौरवको विषय हो। सम्बुद्धत्व प्राप्त सिद्धार्थले दुःखका चार कारणहरूलाई चार आर्य सत्य बताएका छन् भने शाक्य कुल वंशका कुल गुरु कपिलमुनिले बुद्धले भन्दा अगावै दुःखका तीन कारणहरू बताएका थिए। वास्तवमा यस क्षेत्रमा बौद्ध अभियानका सूत्राधार महामुनि कपिल नै हुन् भन्दा उनीप्रति न्याय हुने देखिन्छ।

### १४.३.२ बौद्ध अभियान

निग्लिहवामा कनकमणि बुद्ध र गोटिहवामा ऋकुच्छन्द बुद्धको आश्रम रहेको उत्खनन्‌बाट प्रमाणित भएको छ। सम्राट अशोकले आफ्नो राज्याभिषेक भएको २० औं वर्ष गाँठको अवसरमा इ.पू. २७९ मा यी स्थलहरूमा भ्रमण गरी स्थापित गरेका अशोक पिलर (प्रस्तर स्तम्भ) प्राप्त भएका छन्। ऋकुच्छन्द बुद्ध र कनकमणि बुद्धको ठोस योगदान के रहेको थियो थाहा हुन सकेको छैन। तर पनि परम्परागत कर्मकाण्डीय रुढीग्रस्त मान्यताको अन्त्य र सामाजिक सुधारका लागि अभियान चलाउनेहरूलाई यस कपिलवस्तु क्षेत्रमा बुद्ध जस्तो सर्वोच्च सम्मान सूचक शब्दले संवोधन गर्ने प्रचलन रहेकोले सामाजिक सुधारमै उनीहरूको योगदान रहेको हुनु पर्दछ भनेर अनुमान लगाउन सकिन्छ। ऋकुच्छन्द बुद्ध र कनकमणि बुद्धको चर्चा हुनु र प्राचीन काठमाडौं उपत्यकाको सभ्यताको विकाससँग नाम जोडिनुले कपिलवस्तुको बौद्ध अभियानले पक्कै पनि सकारात्म योगदान गरेको देखिन्छ।

### १४.३.३ सिद्धार्थ गौतम बुद्ध

राजकुमार सिद्धार्थ गौतम शाक्य गणराज्यका राजा शुद्धोदन र मायादेवीको कोखबाट इ.पू. ५६३ मा लुम्बिनीमा जन्मेका हुन्। तत्कालीन सामाजिक मान्यता अनुसार प्रसूति हुन राजदरवार तिलौराकोटबाट आमा मायादेवी माइतीघर देवदह जाने क्रममा लुम्बिनीमा उनको जन्म भएको हो। आमा मायादेवीको पुत्र जन्माएको ७ दिन भित्रै मृत्यु हुन गएकोले उनको पालनपोषण र मातृवात्सल्य सानीआमा वा सौतेनी आमा प्रजावतीबाट भएको बताइन्छ। सानै उमेरदेखि अति संवेदनशील, भावुक र चिन्तनशील एकान्तप्रिय सिद्धार्थ गौतमलाई सांसरिक भोग विलाशपूर्ण जिन्दगीतर्फ निवृत्त गराउन बाबु शुद्धोदनले आफ्नै मावली देवदहकी अति सौन्दर्य सम्पन्न कन्या यशोधरासँग विवाह सम्पन्न भई २९ वर्षको उमेरमा राहुल नामक सुपुत्रको जन्म समेत भएको थियो। तर सन्तानसुख, स्त्रीसुख र दरवारिया सुखले सिद्धार्थको चिन्तनशील मनलाई शान्ति दिन सकेन। यसैले २९ वर्षको उमेरमा रातको समयमा सिद्धार्थ गौतम तिलौराकोट दरवारको पूर्वद्वारबाट बाहिर निस्किए। यसलाई महाअभिनिष्क्रमण भनिन्छ। सारथि छन्दकले उनलाई अनुमा नदी सम्म पुऱ्याए पछि उनले छन्दकलाई विदा गरे र आफू प्रव्रज्या गरेर समस्त मानव जातिको निर्वाणका निम्ति सत्यज्ञानको खोजीमा चकमन्न रातमा एक्लै यात्रा प्रारम्भ गरे। धेरै साधुसन्त, महन्त र शास्त्रज्ञाता विद्वान्‌हरूको सङ्गत गरे। मगधमा गएर कपिलको साङ्ख्य दर्शनको तत्वज्ञान भृङ्ख्य ऋषिबाट प्राप्त गर्नुका साथै अभ्यास गरे। यसबाट पनि उनको जिज्ञासा पूरा भएन। ज्ञानकै खोजीमा सिद्धार्थ साङ्ख्य दर्शनका महाज्ञाता भृगु ऋषि आश्रम र आलारकालमको आश्रममा बसेर साङ्ख्य दर्शनको थप अभ्यास गरे। योग साधना पनि गरे। त्यतिले मात्र पूर्ण सन्तुष्टि नमिले पछि उद्दक रामपुत्र आश्रममा वसेर वैशेषिक दर्शनको ज्ञान प्राप्त गरे। तर पनि सन्तुष्टि नमिले पछि उरुवेला (वोधगया) मा गएर ६ वर्षसम्म कडा तपस्या गरे। तर दुब्लाएर अस्थिपञ्जरमा परिणत भए पछि तप मार्ग गलत रहेछ भन्ने ठहर गरे। अनि स्थूल आहार ग्रहण गरेर शरीर तन्दुस्त भएपछि अनुलोम विलोमको माध्यमबाट सारा शरीरको अङ्गप्रत्यङ्गको एक्सरे र

अपरेशन गरेर शरीर के हो, दुःखको कारण के हो र निर्वाण कसरी हुन्छ भन्ने पत्ता लगाए। यसलाई विपश्यना ध्यान योग भनिन्छ। विपश्यना विधिबाट बुद्धले ज्ञान प्राप्त गरे पछि बुद्धले भने - "मलाई यो शीतलता प्राप्त भयो मैले निर्वाण प्राप्त गरेँ। अव मैले यस दुनियाँको अन्धकारमा शान्तिको एउटा सत्य र अहिंसाको नगरा बजाउने छु।" यसरी स्पष्ट हुन्छ बुद्ध कुनै औतारी र चमत्कारिक व्यक्ति नभई बुद्ध व्यवहारिक अभ्यासकर्ता थिए। चार आर्यसत्य अष्टाङ्गिक मार्ग र पञ्चलशीलका आविष्कारक बुद्धको दर्शनले साँच्चै नै शान्तिका लागि नगरा बजाएको छ। बुद्ध दर्शन मज्झिम दर्शन सिद्धान्त हो। बौद्ध दर्शन वा बौद्ध सिद्धान्तलाई आज हामी ३ अवस्थामा पाउँछौ - (१) दर्शनका क्षेत्रमा चार आर्य सत्य, अष्टाङ्गिक मार्ग र पंचशील सिद्धान्त (२) धर्मका क्षेत्रमा मध्यम मार्गीय संस्कार पद्धति (३) योगका क्षेत्रमा विपश्यना ध्यान योग विधि, मूर्ति पूजा नगर म मान्छे हुँ र केवल बुद्ध हुँ भन्ने बुद्धको शिक्षा मननीय छ। बौद्ध सम्प्रदाय क्रमशः हिनयान, महायान, बज्रयान, तन्त्रयान, मन्त्रयान, कालचक्रयान र सहजयानका रुपमा देखापरे पनि मूलतत्व अहिंसा परमो धर्मः मा नै परिलक्षित रहेको पाइन्छ। त्यसैले एसियाका चीन, जापान, दक्षिण कोरिया, उत्तर कोरिया, थाइल्याण्ड, वर्मा, मङगोलिया, भियतनाम, लाओस, कम्बोडिया, वर्मा, श्रीलङ्का सबैतिर बुद्ध धर्म, दर्शन र संस्कृतिको राम्रो पकड जमेको देखिन्छ। बुद्ध जन्मेको देश नेपाल र बुद्धले ज्ञान प्राप्त गरेको देश भारतमा कुनै जमानामा बौद्ध धर्म मुख्य धर्म भए पनि पछिल्ला दिनमा कमजोर हुनु विडम्बना नै हो।

कोशल नरेश विरुद्धकले ७७०० कपिलवस्तुका शाक्यहरूको वध गर्नु, कट्टर हिन्दूवादी गुरु शङकराचार्य, रामानुज र कुमारिल भट्टहरूले नेपाल र भारतका सबै बौद्ध ग्रन्थहरू जलाएर नष्ट भ्रष्ट पार्नु र मुगल आक्रमण हुनु आदि विषम परिस्थितिका कारण कपिलवस्तुका शाक्यहरू बौद्ध, धर्म संस्कृति र ज्यूज्यानको रक्षार्थ यहाँबाट पलायन भए पनि नेपालमाकरिब १०% बौद्धमार्गीहरू र विहारहरू हुनु तथा बहुसङ्ख्यक नेपालीहरूको बुद्ध दर्शन र बुद्धधर्मप्रति आस्था बढ्नु सकारात्मक पक्ष हुन्। बौद्धमार्गी आफू नभैसकेको भए पनि नेपालका अधिकांश जनता बौद्ध धर्म दर्शनका पक्षपाती भैसकेको अवस्था छ। लुम्बिनी, तिलौराकोट रामग्राम जस्ता बौद्धस्थलहरूको शोध( अनुसन्धान र पुनरुत्थान गर्न दातृराष्ट्रहरूको सहयोग समेत प्राप्त भैरहनु खुसीकै कुरा हो। यसरी नै कपिलवस्तुको अभिन्न अङ्ग सैनामैना क्षेत्र (सामगाम) लगायत क्षेत्रको अध्ययन अनुसन्धान र पुनरुत्थान हुनु पनि त्यत्तिकै जरुरी देखिन्छ।

### १४.३.४ पद्मपाणि अवलोकेश्वर

शाक्य गणराज्य लामो समयसम्म विस्मृतिमा परेर जङ्गलमा परिणत भए पनि बुद्ध अभियान भने यहाँ रोकिएन। सैनामैना वौराह खोलाको आसपासमा चौथो बुद्धको रुपमा सम्मानित पद्मपाणि अवलोकेश्वर बुद्धका पर्याप्त प्रस्तर मूर्तिहरू फेला परेपछि उक्त स्थानमै स्थानीय समुदायले पद्मपाणिको इतिहास र जीवनवृत्तिलाई स्मरण र सम्मान गर्ने उद्देश्यले प्राकृतिक चिकित्सा केन्द्रको स्थापना गरेका छन्। योगमुद्रामा प्राप्त मूर्तिहरूले शाक्य गणराज्यको पतन पछि पनि बुद्ध र वोधिसत्व अभियानले यस क्षेत्रमा निरन्तरता पाएको देखिन्छ। काठमाडौं मत्स्येन्द्रनाथ मन्दिरको भित्तामा पद्मपाणि वोधिसत्वको नामोल्लेख हुनुले यस सैनामैना क्षेत्रले महत्त्वपूर्ण योगदान गरेको स्मरण गर्दा मात्रै पनि काफी हुन्छ। सैनामैनाको धरातलमा अङ्कित पद्मपाणि वोधिसत्व इतिहासको पानामा पर्याप्त नलेखिनु विडम्बना नै मान्नु पर्छ।

### १४.४ सारनाथमा बुद्धले प्रथम पटक दीक्षित गरेका वोधिसत्व बारे

बुद्धले विपश्यना ध्यान योगबाट सम्यक् ज्ञान प्राप्त गरे पछि दीक्षित भएका पञ्चवर्गीय विद्वान्हरू कौडिण्य, वप्प, मद्दीप, महानाम र अश्वजित यही कपिलवस्तु देशका निवासी भएको इतिहासमा लेखिएको छ। तर कपिलवस्तु देशका कुन स्थानका हुन् त्यसको खोज अनुसन्धान हुन बाँकी छ।

### १४.५ खस मल्ल राजा रिपुबर्द्धन र अशोक स्तम्भ

लुम्बिनीको अशोक स्तम्भमा तत्कालीन कर्णाली देशका खस मल्लराजा रिपुवर्द्धनको अभिलेखले के देखाउँछ भने १३ औं शताब्दी अर्थात् राजपुर रिब्दीकोटका सेनराज्यको स्थापना हुनु र अघि यो क्षेत्र पनि खस मल्लराज्य अन्तर्गत रहेको हुनसक्ने र खस मल्लराजाहरू बौद्ध धर्म संस्कृतिप्रति अगाध प्रेम रहेको स्पष्ट हुन आउँछ।

### १४.६ शुद्धोदनले निर्माण गरेको मौसम अनुकूलको दरवारहरू

बुद्धको जिज्ञासु मनलाई शान्त बनाउनका लागि मौसम अनुकूलका ३ दरवार निर्माण गरिदिएको भनेर इतिहासकारहरूले लेखेका छन्। मौसम अनुकूलका दरवार भन्ने कुराले ग्रीष्मकालीन बुद्ध दरवार यतै भावर प्रदेश सैनामैना क्षेत्रतिर हुन सक्ने संभावनालाई औंल्याएको छ।

### १४.७ सैनामैना क्षेत्र एक विशाल पुरातात्विक सङग्रहालय

यस क्षेत्रमा दरवारका भग्नावशेषहरू, इनारहरूका भग्नावशेषहरू, मठ-मन्दिरका भग्नावशेषहरू, प्रस्तरमूर्तिहरू र धातुमूर्तिहरू यत्रतत्र भेटिन्छन्। रानीबगियाको नजिकमा पर्ने मूर्धनीमा दरवारको भग्नावशेष, रानीकुवामा कुवा र दरवारको भग्नावशेषहरू, बिचटोलको सडकमै मन्दिरको भग्नावशेष र कुवा जहाँ पद्मपाणि लोकेश्वरको प्रतिमा राखिएको छ। बिचटोलकै सडकदेखि उत्तर दरवारको भग्नावशेष र इनारको भग्नावशेष, सडकदेखि दक्षिण दरवारको भग्नावशेष र इनार, ठूलोकुवाको पश्चिमपट्टि स्तम्भको भग्नावशेष, ठूलो (कुवादेखि प्राकृतिक चिकित्सा केन्द्रसम्म यत्रतत्र घरका र मन्दिरका भग्नावशेषहरू र बौराहा खोलाको पूर्वपट्टि योगडाँडा (जोगीडाँडा) मा फलाम कारखानाका कीटहरू, दरवार, मन्दिर, घर र इनारका भग्नावशेषहरू प्रशस्त भेटिन्छन्। पर्रोहापरमेश्वर मन्दिर क्षेत्र र ब्रह्मबाबा मन्दिर क्षेत्रमा पनि भग्नावशेषहरू भेटिन्छन्। कर्साघाटको आसपासमा पनि मन्दिरका भग्नावशेषहरू प्राप्त भएका छन्। प्रस्तर मूर्तिहरू, चक्काहरू पर्याप्त मात्रामा फेला परेका छन्। सिङ्गो सैनामैना स्वभावैले ऐतिहासिक पुरातात्विक सङ्ग्रालय हो भन्ने कुरा स्थलगत अध्ययन गरे मात्र पनि सहजै ज्ञात हुन्छ।

### १४.८ सेनकालीन योगदान

प्राचीन बुद्धकालीन सभ्यता माथि नयाँ सभ्यता र संस्कृतिलाई समृद्ध बनाउने काम कर्णालीका खस राजाहरूले र सेनराजाहरूले गरे। वि.सं. १३६३ (सन् १३०६) मा हिउँदे राजधानी राजपुर र वर्खे राजधानी रिब्दीकोट कायम गरी तुथाराय सेनले रिव्दीकोट राज्य स्थापना र संचालन गरेका थिए। सैनामैना नजिक राजपुरमा सेनकालीन दरवारको भग्नावशेष कायमै छ। वौराहा खोला, राजपुर खोला र दानव नदीको सङ्गम स्थल (त्रिवेणी) मा सेनहरूले तीर्थघाट बनाएको देखिन्छ। त्यहाँ प्राप्त प्रस्तर मूर्तिहरूले यही सङ्केत गर्दछन्।

माथि चन्द्र तल सूर्यअङ्कित झण्डा नेपालको राष्ट्रिय गौरवको झण्डा हो। सेनराजाहरूले माथि सूर्य तल चन्द्रअङ्कित झण्डालाई आफ्नो राष्ट्रिय झण्डाको रुपमा प्रयोगमा ल्याएका थिए। त्यही झण्डामा माथि चन्द्र तल सूर्यअङ्कित गरेर नेपालको गौरवमयी झण्डा निर्माण गरिनुले राष्ट्रिय झण्डा निर्माणमा सेनराज्यको योगदान रहेको देखिन्छ।

### १४.९ रिडी हृषीकेश र पाल्पाली भैरवहरू

वि.सं. १५४९ मा सेनहरूको राजधानी पुरानोकोट (पुर्नाकोट) भैरवस्थान सरेपछि सेनराजा मणि मुकुन्दसेनले हृषीकेश मन्दिर र हृषीकेश मूर्ति, गणेश, सरस्वती, गङ्गा गायत्रीको मूर्ति प्रतिष्ठापन गरेको इतिहास छ। यसरी नै भैरवनाथको प्रस्तर कालभैरव मूर्ति, अमरगञ्ज तानसेनको प्रस्तरमूर्ति, पाल्पा प्रभासको प्रस्तर शिव मूर्ति, वंशगोपाल मूर्ति, नुवाकोटको भैरव मूर्ति र अन्य मूर्तिहरू यही सैनामैना क्षेत्रबाट लगेर प्रतिष्ठापित गरेको देखिन्छ। तर इतिहासका पानाहरूमा काठमाडौंबाट वा अन्यत्र कतैबाट ल्याएको भनेर जुन लेखिएका छन्, यो कुरामा सत्यता देखिँदैन। आफ्ना बाउबाजेको राजधानी यही राजपुर सैनामैनामा निर्माण भएका प्रस्तर मूर्तिहरू यहाँ छँदाछँदै सेनराजा मणिमुकुन्द सेनले किन अन्यत्रबाट ल्याउँथे र ? यी सबै कुराले पनि के देखाउँछ भने प्राचीन होस् वा मध्यकालीन कपिलवस्तु देश र सैनामैना क्षेत्र प्रस्तर मूर्ति निर्माण गर्ने प्रमुख केन्द्र थियो भनेर सहजै अनुमान गर्दा सत्यको नजिक पुग्न सक्नेदेखिन्छ। साथैसाथै यहाँनेर कर्साघाट र सैनामैनाको अन्तरसम्बन्ध, रिडी हृषिकेश, पाल्पा भैरव, पाल्पा केलादीका मन्दिर र मूर्तिहरू, प्रभास शिवालय, नुवाकोटगढीका भैरवमन्दिर र मूर्तिहरू, पाल्पा माडीको भग्नरुद्रेश्वर महादेव मन्दिर र मूर्तिहरू, देवघाटका चक्र शिला र मूर्तिहरू, नवलपरासीको रुद्रपुरका मन्दिर र मूर्तिहरूसमेतको सम्बन्धलाई संयोजन गरेको देखिन्छ।

### १४.१० भृङ्य (भृगु) ऋषि, विपश्यना र भृगुतुम्ङ्गेश्वर

ऋषि भृगु वा भृङ्य ऋषिबाट राजकुमार सिद्धार्थले कपिलमुनिको साङ्ख्य दर्शनको ज्ञान प्राप्त गरेको कुरा महाअस्थविर भन्ते भवदन्त रेवत वोधि(नागरपुर) ले पनि बताएका छन्। रिडीक्षेत्र कालीगण्डकीको पूर्वी पाखा स्याङ्जामा भृगु ऋषिको आश्रम र गुफा रहेकोछ। त्यसलाई स्थानीय भाषामा भृगुतुम्ङ्गेश्वर वा भृगुतुम्ङ्वेश्वर भन्दछन्। भृगु ऋषि कपिलमुनिको साङ्ख्य दर्शनसित सम्बन्धित रहेका र बुद्धलाई भृगु ऋषिले सर्व प्रथम साङ्ख्य दर्शनको अभ्यास गराएको बौद्ध इतिहास छ। यसले पनि कपिलवस्तुको महत्त्वलाई वृद्धि गरेको छ।

### १४.११ बुद्धको सहजयान र रेसुङ्गाका सन्त शशिधर स्वामी

रेसुङ्गाका महाप्रभु शशिधर स्वामी (वि.सं. १८०२-१९०६) जोसमनी सन्त सम्प्रदायका छैटौं एवम् यस सम्प्रदायका प्रवर्तक मानिन्छन्। बुद्धको सहजयान र हठयोगका महासाधक एवम् प्रवर्तक पद्मपाणि बुद्धको हठयोग साधनाको माध्यमबाट तन र मनलाई एकाग्र र सम्यमित गर्ने तथा समाज सुधारका लागि सन्त साहित्यधारा सिर्जना र गायन अभियान सञ्चालन रेसुङ्गाका सन्त शशिधर स्वामीले गरेका थिए। सैनामैना पद्मपाणि आश्रम र बुद्धको सहजयानले जोसमनी सन्तहरूलाई अत्यन्तै प्रभावित गरेको थियो भन्ने कुरा यसले देखाउँछ।

### १४.१२ सैनामैना र रिब्दीकोट जलेश्वर

पाल्पा रिब्दीकोट जलेश्वरमा मूषिक जस्ता प्राणी हातमा आलिङ्गन गरेको प्रस्तर मूर्ति रहेको छ। सो मूर्तिमा अङ्कित मुद्राले पद्मपाणि बुद्धलाई सङ्केत गर्दछ।

### १४.१३ शाक्यपुरहरू

शाक्य गणराज्यमा १० वटा पुरहरूको उल्लेख छ। ती पुरहरूको यथार्थ ज्ञान र पहिचान भएको छैन। हाल सैनामैना क्षेत्रमा २९ वटा पुरहरू छन्। शाक्य गण राज्यकालीनपुर कुन-कुन हुन् र पछिल्ला दिनका पुरहरू कुन-कुन हुन अध्ययन अनुसन्धान र पहिचानको खाँचो रहेको छ।

**१४.१४ मन्दिरै–मन्दिरको सहर सैनामैना**

सैनामैना मन्दिरै-मन्दिर र मूर्ति मूर्तिहरूको सहर थियो भन्ने कुरा यहाँ प्राप्त प्रस्तर मूर्तिहरूप्रतिस्थापन र संचालनमा रहेका मठ-मन्दिरले देखाउँछन् । साथसाथै काठमाडौंको किराँतकालीन मानव सभ्यतालाई थप विकसित, समृद्ध र कलापूर्ण मन्दिरै-मन्दिरको सहर बनाउनमा यतै कपिलवस्तुबाट गएका शाक्यहरू, बुद्धहरू, बोधिसत्वहरू, भिक्षुहरू र भन्तेहरूको अह्म भूमिका रहेको प्रष्टै देखिन्छ।

**१४.१५ बहुसंस्कृतिको अपूर्व मिलन क्षेत्र सैनामैना**

विभिन्न ३९ जातजातिका सम्मिलनले बहुसांस्कृतिक केन्द्रका रुपमा सैनामैनाले आफूलाई परिचित गराएको छ। रैथाने थारु समुदायको १०,५७९ जनसङ्ख्या र मगर समुदायको १०,२२६ उपस्थिति हुनुले होम स्टे सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने आधार तयार भएका छन् । साथसाथै अन्य रैथाने जाति र बसाइसराइ भै आएका जातिहरूको उपस्थितिले विभिन्न जिल्ला र क्षेत्रको अनुभव, अनुभूति र सीपज्ञानको पनि संगम हुनु आफैमा सम्पन्नताको सङ्केत हो।

**१४.१६ सैनामैना, संबुद्ध, पद्मपाणि र मुक्तिनाथ**

बौद्धमार्गी र हिन्दूमार्गीहरूको साझा र समानरुपमा संपूजित हुँदै आएको मुक्तिनाथ मन्दिर र मुक्तिनाथ क्षेत्र स्वभावैले बौद्ध धर्म दर्शन र पद्मपाणि वोधिसत्वसँग नजिकको सम्बन्ध देखिन्छ। यसले के देखाउँछ भने मुक्तिनाथ तीर्थधामलाई जसरी पवित्र तीर्थ धाम/पुण्य क्षेत्र वा मुक्ति क्षेत्रको रुपमा मानिएको छ, त्यसको मूल स्रोत र उद्गम स्थल यही कपिलवस्तु, लुम्बिनी, तिलौराकोट र सैनामैनाको बौद्ध सँस्कृति भएकोले पनि यी दुवै क्षेत्रको प्रगाढ सम्बन्धलाई उद्घाटित गर्दछ। उत्तरी क्षेत्रका जनसमुदाय बौद्धमार्गी हुनुका पछाडि मुक्तिनाथ क्षेत्र र यस कपिलवस्तु, लुम्बिनी, तिलौराकोट, बुद्ध र  पद्मपाणि वोधिसत्व/चौथो बुद्धको प्रभाव र अन्तरसम्बन्धलाई जनाउँछ।

**१४.१७ सैनामैना, संबुद्ध, पद्मपाणि र राजधानी काठमाडौं**

लिच्छवी शासनकालभन्दा पहिले किराँत सभ्यता रहेको काठमाडौ उपत्यकामा महाचीनबाट आएका मञ्जुश्री वोधिसत्वले चोभारको डाँडा काटेर उपत्यकाको पानी निकास भएपछि धर्मकर क्षत्रीयलाई राजा बनाएको वंशावलीमा लेखिएको छ । महाचीनबाट आउने वोधिसत्वको नाम मञ्जुश्री हुन नसक्ने तर्क इतिहासकार बालचन्द्र शर्मा लगायतले प्रस्तुत गरेको कुरा माथि नै लेखिएको छ। यसैले मञ्जुश्री वोधिसत्व यतै कपिलवस्तु देशतिरबाट र कपिलवस्तुको आसपासतत्कालीन भारततिरबाट आफ्नो नाम र थर बदलेर उपत्यका छिर्नुका साथै स्वयं संबुद्ध सिद्धार्थको चेला मञ्जुश्री भएको बेहोरा पनि माथि उल्लिखित छ। किराँतकालकै अवस्थामा बुद्धहरूको जन्मस्थल यसै कपिलवस्तुबाट बुद्ध र वोधिसत्वहरूले काठमाडौं उपत्यकाको सभ्यताको श्रीगणेश गरेको यसले देखाउँछ। तर इतिहासकारहरू मध्ये कुनैले पाटन बुङ्मतीमा पद्मपाणि वोधिसत्वको जन्म भएका भनेर उल्लेख गरको छन् भने कुनैले आसाम (भारत) सँग पनि जोडन पुगेका छन्। मत्स्येन्द्रनाथलाई पद्मपाणि वोधिसत्वका रुपमा ग्रहण गरिएको पाइन्छ । पद्मपाणि वोधिसत्वलाई मत्स्येन्द्रनाथको पर्यायवाचीको रुपमा हेरिएको र पद्मपाणि नै मत्स्यन्द्रनाथको रुपमा सहकाल र वर्षाका देवताका रुपमा उपस्थित गराइएका छन् जसलाई हिन्दू र बौद्धमार्गीहरूले समान रुपमा पुज्दै आएको पाइन्छ। ८४ सिद्धहरू समेतका गुरु तथा हठयोगका प्रवर्तक मानिएका पद्मपाणि वोधिसत्वको मूर्तिको प्रतिष्ठापन नेपाल, भारत आदिमा समेत हुनुले उनको व्यक्तित्व र प्रभाव व्यापक रहेको यसले देखाउँछ। स्वयं गुरु गोरखनाथ बाबा समेत पद्मपाणिकै चेला हुनु र यस सैनामैना क्षेत्रमा पद्मपाणि

बुद्धका मूर्ति र आश्रमहरू समेत फेला पर्नुले सैनामैनाको ऐतिहासिक ज्येष्ठता र वरिष्ठता प्रमाणित गरेको छ। यसरी नै काठमाडौं उपत्यकाका धेरै देवदेवीहरूको नामको अगाडि जोडिएर बज्रबाराही बज्रेश्वरी आदि लेखिनुले महायान सम्प्रदाय, बज्रयान सम्प्रदाय र तन्त्रयानको प्रभाव परेको देखिन्छ।

**१४.१८ प्राचीन मूर्तिकला र वास्तुकलाको भण्डार सैनामैना**

सैनामैना दरबार, महल, प्रस्तरमूर्ति र कलाको कोरा खण्डहर मात्र होइन। यहाँ प्राप्त प्रस्तर मूर्तिहरू र धातुमूर्तिहरूले अनुपम कला र कालीगढीको नमूना प्रस्तुत गरिरहेका छन्। यसरी नै दरबार महल निर्माणको कला त झन् अद्वितीय नै रहेका छन्। बीचटोल दक्षिण पट्टिको ढिस्कोमा प्राप्त प्रस्तर सँघारपाटी मात्रले पनि सैनामैनाको प्राचीन वास्तुकला अनुपम रहेको प्रमाणित गर्दछ।

**१४.१९ पर्यटन प्रवर्द्धनको महत्त्वपूर्ण गन्तव्य स्थल सैनामैना**

सुन्दर हरियाली चुरे पर्वत श्रृङ्खलाको दक्षिणी काख र फेंदीमा अवस्थित सैनामैना स्वभावैले पर्यटकीय क्षेत्र हो। अनुपम प्राचीन मूर्तिकला र वास्तुकलाको उपस्थितिले ऐतिहासिक तथा सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन, प्राकृतिक पर्यटन आदिको पर्यटकीय गन्तव्य बन्नसक्ने बलियो सम्भावना सैनामैनामा रहेको छ।

**१४.२० प्रकृतिको वरदान सैनामैनाको पहिचान**

सैनामैनाको सामुदायिक वनमा पर्ने झिंगामारा डाँडामा झिँगे माछा पाइन्छ। बोलबम सामुदायिक वनमा पर्ने हिलपार्क, इंगुरिया सामुदायिक वनमा पर्ने मलमला, रैनादेवी मन्दिर, राजापानी सामुदायिक वनमा पर्ने राजापानी सिम्सार क्षेत्र, महेरहवा मन्दिर एवम् नमुना सामुदायिक वन अन्तर्गत पर्ने ताल तलैया, पर्रोहा सामुदायिक वन अन्तर्गत पर्ने भैरव मन्दिर र कालिरह तथा सैनामैना न.पा. सँग जोडिएको बुटवल उपमहानगरपालिका १२ मा पर्ने चारपाला सामुदायिक वन अन्तर्गतकाजैविक विविधताहरू प्रकृतिका वरदान र पहिचान हुन्।

**१४.२१ सल्लाह–सुझाव**

ऐतिहासिक सैनामैना क्षेत्रको सम्बन्ध लुम्बिनी, तिलौराकोटदेखि जलेश्वर मन्दिर (रिब्दीकोट पाल्पा), बल्ढेङगढी जोगदमार (योगदमार) पाल्पा, हृषीकेश मन्दिर रुरु क्षेत्र पाल्पा,गुल्मी रेसुङ्गाका सहजयान अभ्यासकर्ता जोसमनी सन्त शशिधर र बौद्ध तथा हिन्दूहरूको साझा आराध्य नारायण मन्दिर, गुह्येश्वरी, पशुपति क्षेत्र, पाटन दरवार क्षेत्र र मुक्तिनाथ क्षेत्र (मुस्ताङ), काठमाडौ उपत्यकाको पद्मगिरीदेखि बुङ्मती, स्वयम्भू क्षेत्र र मत्स्येन्द्रनाथसम्म फैलिएको लिखित इतिहास, जनश्रुति र किम्वदन्तीहरूमा पाइन्छ। यसरी नै पद्मपाणि बुद्ध (चौथो बुद्ध) को प्रभाव वाराणसीसम्म व्याप्त रहेकोले भारतका विभिन्न बौद्ध विहारहरूसँग पनि सम्बन्ध विस्तार गर्नुपर्ने देखिन्छ।

१. उपर्युक्त स्थानहरू, मठ-मन्दिरहरू, गुम्बा र विहारहरू, कोट, गढी र किल्लाहरूसँग व्यापक र अन्तरङ्ग सम्बन्ध रहेको सैनामैना नगरपालिका र सैनामैनाका जनसमुदायले आफ्नो क्षेत्रको श्रीवृद्धि तथा धार्मिक सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्नका लागि चौतर्फी सम्पर्क, सम्बन्ध विस्तार र समन्वयन गर्नुपर्ने पहिलो दायित्व हुनेछ।

२. प्राचीन सैनामैनाको महत्त्व व्यापक र विस्तृत भएकोले यसको अन्तरसम्बन्ध वर्तमानमा पनि स्वभावैले बुटवल उपमहानगरपालिका, कञ्चन गाउँपालिका, शुद्धोदन नगरपालिका, गैडहवा गाउँपालिका, सिद्धार्थ नगरपालिका, तिलोत्तमा नगरपालिका लगायत रैनादेवी छहरा गाउँपालिका, तिनाउ गाउँपालिका, वारागुङ

मुक्तिक्षेत्र गाउँपालिका मुस्ताङ, रामग्राम, देवदह, गृद्धकूट/गिद्धेचुली (माथागढी पाल्पा), रिब्दीकोट गाउँपालिका, तानसेन नगरपालिका, रुरु गाउँपालिका र रेसुङ्गा नगरपालिका, काठमाडौ उपत्यका लगायतका क्षेत्रहरूसँग हुनु अनिवार्य र अपरिहार्य विषय बनेको छ।

३. ऐतिहासिक सैनामैना नरैनापुर शिवालय गुम्बज/शिखरशैलीमा बनेकोले प्राचीन र मध्यकालसँग सु-सम्बन्ध रहेको, प्राचीनता र ऐतिहासिकतालाई निरन्तरता दिदै आएकोलेसैनामैना नगरपालिका सरकार र यहाँका निवासीले सम्बन्ध विस्तार गर्दा यसको महत्त्वलाई थप अभिव्यक्त गर्न सकिनेछ।

४. पुरातात्विक तथा ऐतिहासिक क्षेत्रहरूमूर्धनी, रानीकुवा, ठूलोकुवा, योगडाँडा (जोगीडाँडा), राजपुर, कर्साघाट, पर्रोहापरमेश्वर क्षेत्र लगायत अन्य क्षेत्रको अतिक्रमण रोकथाम गरी संरक्षण गर्न अविलम्व उपयुक्त कदम चाल्न पर्ने देखिन्छ।

५. पुरातात्विक स्थलहरू र पुराऐतिहासिक क्षेत्रहरूलाई लुम्बिनी विकासकोष अन्तर्गत राख्न पहल गर्नुपर्ने र पुरातात्विक उत्खनन्, अध्ययन अनुसन्धान गर्न नेपाल सरकार, पुरातत्व विभाग र सरकोकारवालहरूको ध्यानाकृष्ट गर्नुपर्ने देखिन्छ।

६. इतिहास पनि लेखे लेखिन्छ। तथ्यका आधारमा इतिहास लेख्नु लेखाउनु कर्त्तव्य हो। नलेखिकनै इतिहासको प्रचार पनि हुँदैन। विना अक्षर र लिपिमा वेवारिस अवस्थामा रहेका इतिहासलाई थप अध्ययन अनुसन्धान गर्ने यो प्रारम्भ मात्र भएको छ, प्रारम्भ गरेर मात्र हुँदैन यो लेखन अनुसन्धानलाई थप अगाडि बढाउन निरन्तरको प्रयासको जरुरी छ।

७. सिद्धार्थले सम्वुद्धत्व/अर्हत प्राप्त गर्न साधना गरेको साङ्ख्य दर्शन र विपश्यना ध्यानयोग दर्शनलाई अविलम्व अभ्यासमा ल्याउन भव्य संरचना र पार्क निर्माण गर्नुपर्ने देखिन्छ। साथसाथै विपश्यना ध्यानयोगले तन र मनलाई स्वस्थ तन्दुरुस्त बनाउन खेलिरहेको भूमिकालाई अभ्यास र प्रयोगमा ल्याउन अभिमुखीकरणको जरुरी देखिन्छ।

८. अत्याधुनिक र अद्वितीय विपश्यना केन्द्रको रुपमा सैनामैनालाई स्थापित गर्न त्यत्तिकै प्रयासको खाँचो छ।

९. पद्मपाणि बुद्ध/बोधिसत्वको योगदान, साधना र उनको प्रभावबारे प्रभावकारी ढङ्गले वकालत/वहस पैरवी (Discource) अभियानका रुपमा सञ्चालन गर्न वान्छनीय छ। साथसाथै पद्मपाणि बुद्ध/बोधिसत्व र मच्छिन्द्रनाथ एउटै व्यक्ति र दुई व्यक्तित्व भएको प्रचारित गर्न जरुरी छ।

१०. बुद्धभुमि नेपाल हो। यसमा नेपालीको गौरव लुकेको छ। बुद्धभूमि नेपालराष्ट्र भनेर संविधानमा लेखिएको छैन। किन नलेख्ने ? सबैप्रति उदार, सहिष्णु र मज्झिममार्गी बौद्ध दर्शन चीन, जापान, थाइल्याण्ड, श्रीलङ्का, युरोप र अमेरिका लगायत दर्जन भन्दा धेरै देशहरू र सबैजसो महादेशहरूमा मान्य हुने तर नेपालमा किन मान्य नहुने ? यसबारे वहस छलफल चलाउनु पर्ने देखिन्छ।

११. ऐतिहासिक बुद्धकालीन दरबार, धातुमूर्ति, प्रस्तर मूर्ति आदिका खण्डहर सैनामैना क्षेत्रमा पर्याप्त प्राप्त भएकाले साङ्ख्य दर्शन, बौद्ध दर्शन र धर्म संस्कृतिको र यसै सैनामैना क्षेत्रको पुनरुत्थानका लागि पनि यस सैनामैना क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको भव्य बौद्ध सङ्गीति (बौद्ध सम्मेलन) को आयोजना सैनामैना नगरसरकारले गर्दा उपयुक्त हुने देखिन्छ।

निष्कर्षः सैनामैना प्राचीनकालदेखि वर्तमानसम्मको एउटा सिङ्गो सभ्यता र सँस्कृतिको संसार हो, जसलाई पुरावशेषको आधारमा हेर्न बुझ्न सकिन्छ। सुन्दर भविष्यको सोपान एतिहासिक पुरावशेषले निर्माण गरेको छ।

## सन्दर्भ सामग्री सूची


शर्मा, बालचन्द्र, २०३३, *नेपालको ऐतिहासिक रुपरेखा,* तृतीय संस्क., वाराणसी दूधविनायक : कृष्ण देवी २३।११९।

लूणिया, बी.एन, सन् १९७९, *प्राचीन भारतीय संस्कृति,* द्वितीय संस्क., आगरा ३ : लक्ष्मीनारायण अग्रवाल पुस्तक प्रकाशन।

गोयल, श्रीराम, सन् १९८३, *विश्वकी प्राचीन सभ्यताए,* वाराणसी : विश्वविद्यालय प्रकाशन।

उपाध्याय, आचार्य वलदेव, सन् १९७९, *भारतीय दर्शनकी रूपरेखा,* द्वितीय संस्क., वाराणसी-२२१००१ (भारत) : चौखम्मा ओरियन्टलिया ।

उपाध्याय, गोपीरमण, २०७०, *प्राकृतिक भौतिकवाद,* काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान कमलादी।

गिरी, गितु, २०१२, *वृहत् लुम्बिनी क्षेत्रका पर्यटकीय सम्पदा,* लुम्बिनी : लुम्विनी विकास कोष ।

क्षत्री, दिलबहादुर, २०६२, *प्राचीन तथा पूर्व मध्यकालिक नेपाल,* काठमाडौं : निरन्तर प्रकाशन।

खत्री, प्रेमकुमार, २०६०, *नेपालको धार्मिक मत र सामाजिक संरचना,* काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स।

दाहाल, पेशल, २०६०, खतिवडा, सोम प्रसाद, पुरातत्वको परिचय, काठमाडौंः एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स।

घिमिरे, विष्णु प्रसाद, २०६९, *पाल्पा राज्यको इतिहास* भाग १, भरतपुर : श्रीमती पद्मा घिमिरे।

घिमिरे, विष्णुप्रसाद, २०५६, *पाल्पा राज्यको इतिहास* भाग २, चितवन : अध्ययन केन्द्र ।

जी.सी., झपेन्द्र, २०६९, *आजको कोपिला भोलिका फूल,* काठमाडौं : माइल स्टोन प्रकाशन तथा प्रसारण प्रा.लि. ।

चौधरी, महेश, २०६४, *नेपालका तराई तथा यसका भूमि पुत्र,* काठमाडौं : शान्ति चौधरी,

गोयन्का, सत्यनारायण, सन् २०१३, *आत्म कथन* भाग १, महाराष्ट्र : विपश्यना विशोधन, विन्यास, धम्म गिरि इगत पुरी, ४२२-४०३ ।

शर्मा, जनकलाल, २०५२, *जोसभनी सन्त परम्परा र साहित्य,* द्वितीय संस्क., काठमाडौं : साझा प्रकाशन।

जी.सी. झपेन्द्र, २०६९, *हिँड्दाहिँड्दै,* भगवती जी.सी., पाल्पा।

बानिया, कर्ण बहादुर, सन् २०१३, *पाल्पाको इतिहास तथा संस्कृति,* गुल्मी : पुरकोट सेनसमाज, ।

पाण्डेय, मधुसूदन, २०५९, *बौद्धदर्शनको इतिहास,* काठमाडौं : अनुस्का प्रकाशन।

जी.सी., झपेन्द्र, २०७०, *हात्तीलेक सेरोफेरो,* पाल्पा : हात्तीलेक बहुउद्देश्य विकास सहकारी संस्था लि.।

शर्मा, अभय, गुरागाई रविप्रसाद, २०६१, *नेपालका दार्शनिकहरू,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, वि.सं.।

जी.सी. झपेन्द्र, २०७२, *तीजपर्वको साँस्कृति अध्ययन,* नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं।

साङ्कृत्यायन, राहुल, सन् १९८३, *दर्शन दिग्दर्शन,* दिल्ली : किताबमहल इलाहवाद, पटनानगर, ।

अधिकारी, हेमाङ्गराज, भट्टराई वद्री विशाल, २०६३, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., कमलपोखरी।

लार्सन, जेराल्डजेम्स, अनु. रामशङ्कर भट्टराचार्य (२००८ अङ्ग्रेजी) Yoga India's Philosophy Medition योग ध्यानका भारतीय दर्शन।

प्रधान, केदारनाथ, २०५४, *नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास,* काठमाडौ : पसिना प्रकाशन काठमाडौ।

चटोपाध्याय, देवीप्रसाद, सन् १९६५, *भारतीय दर्शनको सरल परिचय,* अनु. गोपीरमण उपाध्याय, दिल्ली : राजकमल प्रकाशन लोकायत म्याकमिलन ।

दाहाल, विष्णुप्रसाद, पराजुली विश्वकल्याण, २०६५, *समाजशास्त्र तथा मानवशास्त्रः एक सामान्य परिचय,* काठमाडौंः वेन्चमार्क एजुकेशन सपोर्ट प्रा.लि.।

दीक्षित, महेशमणि, २०४९, *विदुषी गार्गी,* काठमाडौ : समीक्षा प्रकाशन, कालिकास्थान।

काफ्ले, मायाप्रसाद, *विश्वको इतिहास,* काठमाडौं : भुवन प्रकाशन।

बुचानन, हेमिल्टन, सन् १९७१, *एन एकाउन्ट अफ दि किङ्डम अफ नेपाल,* दिल्ली : मञ्जुश्री पश्लिकेशन एडिन वर्ग।

श्रीवात्सव, विजय, सन् १९५४, *कपिलवस्तु-लुम्बिनी-दिग्दर्शन,* वनारस - १ : कल्पना-प्रदीप कला-मन्दिर, भेलुपुर ।

थारु, बमबहादुर, २०६७, *रुपन्देहीको थारु समाज र संस्कृति,* रुपन्देही : थारु भाषा कला तथा संस्कृति उत्थान मञ्च, रुपन्देही ।

थापामगर, लोकबहादुर, २०६८, *मगरभाषा (ढुट) व्याकरण,* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी।

अधिकारी, सूर्यमणि, २०४२, *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण:* काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द, त्रि.वि.।

प्रधान, भुवनलाल, २०४१, *बुद्ध धर्म र शाक्यहरू,* काठामाडौंः युवा बौद्ध समूह गणविहार।

पुरातत्व विभाग, २०४१-४६, *सांस्कृतिक सम्पदाको प्रारम्भिक प्रतिवेदनरु* (१,३,८ भाग), काठामाडौंः नेपाल सरकार।

तरामी मगर, पूर्ण बहादुर, २०६९, *नेपाल मगर बौद्ध सेवा समाज,* रूपन्देही।

ए फुहरर, १९७२, *एन्टिक्विटिज अफ द बुद्धज् वर्थ प्लेस इन् द नेपालीज तराई पुर्नमद्रित,* दिल्ली इन्डोलोजिकल बुक हाहस, , पृ. २४ अध्याय २, पृ. २३।

मुखर्जी, पि.सी., १९६९, *ए रिपोर्ट अन ए टुर अफ एक्सप्लेरेशन अफ द एष्टिक्विटीज अफ कपिलवस्तु तराइ अफ नेपाल,* दिल्ली इण्डोलोजिकल वुक हाउस, पृ.३९-४० प्लेट एक्स भी।

देवला मित्र, १९७२, *एक्सक्याभेसन एट तिलौराकोट एण्ड कोदान एण्ड एक्सप्लोरेसन्स इन द नेपलीज दराई,* काठमाडौं डी.ओ.ए. एच एम जी. नेपाल, पृ. २२१-२२२।

नवाङ् ख्येतरयाव लेग्शे ग्याट्सो, १९६८, *फरचुनेट टु बीहोल्ड,* धर्मस्वामी महाराज बुद्ध विहार, लुम्बिनी, पृ. ६६।

मानन्धर पूर्णदास, भदौं २०४३, *सैनामैनाका केही पुरातात्विक सामग्री,* मधुपर्क, गो.प. संस्थान, वर्ष १९, अङ्क ४, पृ. २०७, पृ.५५।

गिरी, गितु, २०५२, *लुम्बिनी अञ्चलका धार्मिकस्थलहरू,* काठमाडौ अप्रकाशित अनुसन्धान प्रतिवेदन त्रि.वि. अनुसन्धान महाशाखा

गिरी, गितु, २०५९, *लुम्बिनी अञ्चलका सांस्कृतिक पर्यटकीय स्थलहरू,* सिद्धार्थनगर लुम्बिनी युवा ग्रामीण समाज

गिरी, गितु, २०६७, *लुम्बिनीको इतिहास,* लुम्बिनीः लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान संस्था

गिरी, गितु, २०६७.क, *पश्चिम तराईका अमूर्त सांस्कृतिक सम्पदाहरू,* (काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठानमा प्रस्तुत अप्रकाशित अनुसन्धान प्रतिवेदन)।

गिरी, गितु, २०६७.ख, *रूपन्देहीका पर्यटकीय सम्पदाहरू,* (सिद्धार्थनगरः जिल्ला विकास समितिको कार्यालयमा प्रस्तुत अप्रकाशित अनुसन्धान प्रतिवेदन)।

गिरी, गितु, २०७५, *प्राचीन कपिलवस्तुको इतिहास र संस्कृति,* लुम्बिनीः लुम्बिनी विकास कोषसमेत।

गुरुङ, जगमान, २०६७, *गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा,* काठमाडौंः पश्चिमाञ्चल विकास मञ्च।

घिमिरे, विष्णु प्रसाद, २०४५, *पाल्पा राज्यको इतिहास,* (भाग १), चितवनःघिमिरे प्रकाशन।

जिल्ला वन कार्यालय रूपन्देही, २०६६.क, *संक्षिप्त परिचय र प्रगति प्रतिवेदन,* सिद्धार्थनगरः।

जिल्ला वन कार्यालय रूपन्देही,२०६६.ख, *सामुदायिक वन विकास कार्यक्रम,* सिद्धार्थनगरः।

पन्थी, टीकाराम, २०४२, *केही जनश्रुतिहरू,* गुल्मीः किरण पुस्तकालय।

प्रधान, भुवनलाल, २०४१, *बुद्ध धर्म र शाक्यहरू,* काठामाडौंः युवा बौद्ध समुह गणविहार।

पुरातत्व विभाग, २०४१-४६, *सांस्कृतिक सम्पदाको प्रारम्भिक प्रतिवेदन,* (१,३,८ भाग), काठामाडौंः नेपाल सरकार।

वैद्य किरण, मोहन, २०७६, *हिमाली दर्शन,* शमी साहित्य प्रतिष्ठान, काठमाडौं।

बानियाँ, कर्णबहादुर, २०५३, *पाल्पाको भगवती जात्रा,* तानसेनः श्रेष्ठ पुस्तक भण्डार।

भिक्षु, सुदर्शन, २०४०, *बुद्ध र उहाँको सन्देश,* काठमाडौंः शुभरत्न शाक्य।

सूचना विभाग, २०३१, *मेची देखि महाकाली,* भाग ३, श्री ५ को सरकार, सञ्चार मन्त्रालय

योगी, नरहरीनाथ, २०२२, *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह,* (भाग १) दाङ्ग आध्यात्मिक सम्मेलन।

............., २०३२, *हाम्रो देश दर्शन,* काठमाडौंः , स्वयं।

.............., २०३२, *देव भूमि भारत एवं आध्यात्मिक नेपाल,* (पहला भाग), लेखक स्वय।

राजवंशी, शंकरमान (सम्पा), २०२०, *सेन वंशावली,* काठमाडौंः श्री ५को सरकार पुरातत्व विभाग।

राणा, निर्मल शमशेर, २०३५, *गुठीप्रति आर्थिक, सामाजिक, धार्मिक, पुरातात्त्विक तथा ऐतिहासिक सर्वेक्षण,* काठमाडौंः गुठी संस्थान।

वज्राचार्य, २०२९, बजानन्द, *कपिलवस्तुको रूपरेखा,* कपिलवस्तुः कपिलवस्तु जिल्ला पञ्चायत।

वज्राचार्य, धनवज्र, २०३०, *लिच्छवि कालका अभिलेख,* काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान त्रि.वि.।

शर्मा, डिल्लीराज, २०६०, गण्डकीप्रस्रवण क्षेत्रको संस्कृतिक सम्पदाः कला र वास्तुकला, काठमाडौंः नेपाल र एसियाली अनुसन्धान केन्द्र।

श्रीवास्तव, विजय, २०२९, *कपिलवस्तु-लुम्बिनी दिग्दर्शन,* वाराणसीः श्रीवास्तव स्टुडियो।

श्रेष्ठ, विनोद प्रसाद, २०३९, *पाल्पा (आर्थिक तथा भोगोलिक अध्ययन),* पाल्पाः पाल्पा अनुसन्धान केन्द्र।

सिंह, कवीन्द्रमान, *पाल्पाको सेरोफेरोतिर,* तानसेनः महेशमान सिंह।

सुवेदी, राजाराम,२०५५, *गुल्मीको ऐतिहासिक झलक,* गुल्मीः किरण पुस्तकालय।

**English**

Banerjea, J.N., 1985, *The Development of Hindu Iconography*; New Delhi: Munshiram Manoharlal Publishers Pvt. Ltd.

Beal, Samuel (Ed ), 1958, *Travels of Hiuan -Tsiang* ; Calcutta , Susil Gupta Ltd

Bhatia, A.K., 1997, *International Tourism; Reprinted*, New Delhi: Sterling Publishers Pvt. Ltd.

Bhatia, A.K., 2000, *Tourism Development Pricipal and Practices*; Reprinted, New Delhi: Sterling Publishers Pvt. Ltd.

Bhikkhu, Nanamoli & Bhikkhu, Bodhi, (Trans.), 2009, *Majjhima Nikaya*; (Third Ed.), Boston Wisdom Publications.

Bidari, Basanta, 2002, *Lumbini: A Heaven of Sacred Refuse*; Lumbini: The Author.

Bidari, Basanta, 2004, Kapilvastu: The World of Siddhartha; Lumbini: The Author.

Coomorswamy, Ananda, 1972, *The Origin of Buddha Images*; New Delhi: Munshiram Manoharlal.

Cunningham, A., 1990, *The Ancient Geography of India*; Delhi: Low Price Publications.

Deo, S.B., 1968, *Archaeological Excavation in Nepalese Terai*, 1965 Nepal; Department of Archaeology .

Falk, Harry, 1998 , The Discovery of Lumbin?; Lumbini: Lumbini International Research Institute.

F?hrer, A., 1972, Antiquites of the Buddha's Birth Place;(Rp.) Delhi: Varanasi: Indological Book House.

Giles, M.A.(Ed) , , 1972, *Travels of Fahien*; Delhi: Indological Book House

Giri,Gitu, 1998, *Welcome to Lumbini*; Bhairahawa: Lumbini Youth Rural Development Society.

................ , 2003, *Art and Architecture Remains in the Western Terai Region of Nepal*; New Delhi: Adroit Publishers.

......................., 2005, *Lumbini Darshan; Siddharthanagar*: Lumbini Academy and District Development Committee Rupandehi.

...................., 2007, *Bibliography of Lumbini; Lumbini*: Lumbini International Research Institute

....................., 2008, *Lumbini: The Buddhist World*; Lumbini: Lumbini Academy

......................., 2008, *Sacred Complex of Lumbini*; New Delhi: Adroit Publishers.

............., 2016, *Museums in the Area of Lumbini and Kapilavastu, Lumbini*: International Research Institute.

......................, 2017, *Lumbini: The Buddhist World*; Siddharthanagar: Lumbini Consultancy Centre.

...................... , 2017, *Nepal-China Relation*: Lumbini, Lumbini: Nepal-China Friendship Society.

Japan Buddhist Federation, 2001, *Archaeological Research at Mayadevi Temple Lumbini*; Vol. I, Japan: JBF.

Kramrich, Stella, 1964, *The Art of Nepal*; London: Asia Society.

Mitra, Debala, 1972, *Excavation at Tilaurakot and Kodan*, Exploration in the Nepalese Terai; Kathmandu: Department of Archaeology, H.M.G.

Mukherjee, P.C., 1969, *Antiquities of Kapilvastu Terai of Nepal*; Delhi:Indological Book House.

Pal., P., 1985, *Art of Nepal; Leiden*: E.J. Brill.

Pandey, R.N., 1997, *Making of Modern Nepal* ; New Delhi: Nirala Publication .

Pradhan, B.L, 1979, *Lumbini, Kapilvastu and Devadaha*; Kathmandu: Research Center for Nepal and Asian Studies , T.U.

Rao, T.A.G., 1916, *Elements of Hindu Iconography*; (Part 2), Madras:

Ray, Amita, 1973, *Art of Nepal* ; New Delhi: Indian Council of Cultural Relations.

Rizal,B.K., 1779, *Archaeological Remains of Lumbini* ; Kapilvastu and Devadaha; Kathmandu : Educational Enterprises.

Satyal, Y.R., 2000, *Tourism of Nepal - A profile* ; Delhi: Adroit Publishers.

Srivastav ,K.M., 1978, *Kapilvastu in Basti District*, U.P. Nagpur; Budhhist Centre.

..................., 1986, *Discovery of Kapilvastu* ; New Delhi : Books and Books.

...................., 1988, *New Horizons of Indian Archaeology*; New Delhi: Books and Books Publishers and Distributors.

Tange, Kenge and Urtec, 1978, *Master Plan for the Development of Lumbini Phase II Final*: Kathmandu : The Lumbini Development Committee.

Vaidya,P.L. (Ed ), 1956, *Lalitavistara, Darbhanga* ; Buddhist Sankrit Text Service Mithila Institute .

Verardi, Giovanni, 2002, *Excavations at Gotihawa and a Territorial Survey in Kapilvastu District of Nepal*; Lumbini: Lumbini International Research Institute.

**पत्र पत्रिका**

आचार्य, बाबुराम, २०२१,*"पाल्पा राजवंश उपर अत्याचार"*, रूपरेखा, वर्ष ५, अङ्क २

कपिलवस्तु जि.पं., २०४३, *"कपिलवस्तु"* (त्रै), वर्ष ४५, अङ्क४-१

कुंवर,हरिबहादुर, २०३४, *"पाल्पाका केही प्रसिद्ध तीर्थस्थलहरू"*, राजमुकुट, काठमाडौः

कुंवर, चेत बहादुर, ०३८-३९ *"पाल्पाको भैरवस्थान"* ,मधुपर्क, वर्ष १४, अङ्क ११ चैत्र (बैशाक)

के.सी., उषाकिरण, २०७४, *"मूर्तिकलाको जीवन्त संग्रहालयः सैनामैना"*, अभिलेख, बर्ष ३५, पूर्णाङ्क ३५ (२०७४), पृ. १५०-१५५

घिमिरे, विष्णु प्रसाद, २०३४,*"सैना मैनाको प्राचीन सभ्यता"* श्रीनगर, पूर्णाङ्क १९,

................,२०३५, *"पुरानो कोट पाल्पा भैरवथान"*, पाल्पाली, वर्ष १, अङ्क २

................,२०३८, *"तानसेनको ऐतिहासिक झलक"*, तानसेनः वर्ष ४अङ्क७

ढुंगेल, रमेश, २०४१, *"विनायकपुर क्षेत्रको ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व"*, मधुपर्क, वर्ष १७ अङ्क १०

दर्नाल, प्रकाश, २०४८, *"बुटवल स्थित प्रसिद्ध नारायण मन्दिर"*, गरिमा, वर्ष ९ अङ्क ५

धर्मोदय सभा , २०५०, *धर्मोदय स्मारिका स च.रा. बौ.*, कपिलवस्तु,

निराकार, वनमाली, २०५१,*"सत्यवती ताल"* गरिमा, वर्ष४ अङ्क ११- (कार्तिक)

न्यौपाने, नेत्रप्रसाद, २०५१,"तानसेन अतीतदेखि वर्तमानसम्म" मधुपर्क, वर्ष २७ अङ्क ८,(पुष)

पन्त, हेमराज, २०२६, *"नेपाल सँग बजीर अलीको सम्बन्ध"*, पूर्णिमा, वर्ष ६ अङ्क ४

पन्त, हेमराज,२०२८, *"पाल्पा राज्यको नेपाल अधिराज्य र अवधसंग सम्बन्ध"*,पूर्णिमा, वर्ष ५, अङ्क १

प्रधान, भुवनलाल, २०५२, *"बुद्ध अस्थिको इतिहास"*, मधुपर्क, वर्ष २७ अङ्क ३२ (बैशाक)

पाण्डेय, रामनिवास, २०३५,*"पश्चिम नेपालको शैव, शाक्त परम्परा"* नेपालको लोक संस्कृति संगोष्ठी, ने.रा. प्र. प्रतिष्ठान

मानन्धर, पूर्णदास, *"सैना-मैनाका केही पुरातात्त्विक सामग्री"*, गरिमा, १९:४

मिश्र,तारानन्द, *"लुम्बिनी अञ्चलका महत्त्वपूर्ण भगनावशेषहरू"* , गरिमा, १२:१०

रिजाल, बाबुकृण्ण, *"लुम्बिनी अञ्चलका पुरातात्त्विक निधिहरू"*, स्वतन्त्र विश्व, वर्ष १६, अङ्क १

रेग्मी, दिनेशचन्द्र,२०५२, *"केही पुराना स्थल र अवशेषहरू"*,गोरखापत्र, वर्ष १९, अङ्क ५६, (१७ असार)

शाक्य,विमल, २०५१,*"पद्यचैत्य विहार एक चर्चा"*, स्मारिका, बुटवल बौद्ध ज्ञानमाला

श्रेष्ठ, नारायण प्रसाद, २०४१, *"पाल्पाको सम्झना गर्दा"* मधुपर्क, वर्ष १७, अङ्क २

श्रेष्ठ, नारायण प्रसाद, २०४१, *"पाल्पाकी कि वाल्पा ? काल्पनिक कि वास्तविक"*, मधुपर्क, वर्ष १७, अङ्क ४


सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, सैनामैना